# देवघाट दर्पण

## कालीगण्डकी विशेषाङ्क

५







## देवघाट क्षेत्र विकास समिति

# देवघाट गाउँपालिकाको अनुरोध

१. अनिवार्य रूपमा नक्सापास गरी घर निर्माण गरौँ, सम्भावित विपदबाट बचौँ।

२. सडक मापदण्ड पालना गरी भौतिक संरचना निर्माण गरौँ।

३. हरियाली प्रवर्द्धनका लागि बाटोको दायाबायाँ र खाली जग्गामा वृक्षारोपण गरौँ।

४. फोहोरको उचित व्यवस्थापन गरौँ, रोग लाग्नबाट बचौँ।

५. जाडोमा जेष्ठनागरिक तथा बालबालिकाहरूलाई रुघाखोकी, भाइरल ज्वरो, निमोनिया जस्ता स्वास्थ्य समस्या हुन नदिन विशेष सतर्कता अपनाऔँ।

६. महिला हिंसा निरुत्साहित गरौँ।

७. जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराऔँ।

८. व्यवसाय दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौँ।

९. अर्गानिक कृषि खेती गरौँ।

१०. घर, गाउँ, टोल सफा राखौँ।

११.कोभिड–१९ बाट बच्न साबुन पानीले हात धोऔँ।


## देवघाट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ, गण्डकी प्रदेश, नेपाल

फोन: ०५६–५०००६८, ५०००७२

E-mail : devghat.ruralmun@gmail.com | info@devghatmun.gov.np

Website : devghatmun.gov.np

देवघाट क्षेत्र विकास समितिको **वाङ्मयमूलक** मुखपत्र

# देवघाट दर्पण

## कालीगण्डकी विशेषाङ्क

वर्ष - १५ | २०७७ मार्गशीर्ष | अङ्क ५

संरक्षक :

**शिवराज पौडेल**

अध्यक्ष

देवघाट क्षेत्र विकास समिति

प्रधान सम्पादक :

**लकाश पौडेल**

सम्पादक :

**अर्जुन पाण्डेय**

सम्पादन सहयोगी :

**नवराज ढकाल**

**किरण सुवेदी**

व्यवस्थापन :

**धिरणबाबु घिमिरे** (कार्यकारी निर्देशक)

**पुष्पराज पौडेल**

**ढकराज कोइराला**

**किरणराज पौडेल**

**भरतराज चालिसे**

प्रकाशक :

**देवघाट क्षेत्र विकास समिति**

**देवघाट, तनहुँ**

देवघाट क्षेत्र विकास समितिको **वाङ्मयमूलक** मुखपत्र

# देवघाट दर्पण

## कालीगण्डकी विशेषाङ्क

**वर्ष - १५ | २०७७ मार्गशीर्ष | अङ्क ५**

प्रकाशक : **देवघाट क्षेत्र विकास समिति**

**देवघाट, तनहुँ, फोनः ०५६-५०००१, ५०००२**

**Email: dadcommittee@gmail.com**

प्रकाशन मिति : **२०७७ मङ्सिर**

अङ्क : **पञ्चम**

प्रति : **५०१**

सर्वाधिकार : **प्रकाशकमा**

संस्थागत मूल्य : **८००।-**

व्यक्तिगत मूल्य : **४००।-**

आवरण तस्वीर (उत्तरवाहिनी कालीगण्डकी, स्याङ्जा) : **श्याम बस्याल**

टङ्कण : **महेश पौडेल**, ९८४५३२५८३३

मुद्रण : **क्वालिटी प्रेस**

भरतपुर-९, बसपार्क


फोनः ०५६-५९४२०१

द्रष्टव्य : यसमा प्रकाशित लेख रचनाहरूको जवाफदेहिता लेखक स्वयम्मा रहनेछ ।

- प्रधान सम्पादक

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

देवघाट क्षेत्र विकास समिति, देवघाट, तनहुँले आफ्नो मुख-पत्रको पाँचौ अङ्क **"देवघाट दर्पण-५"** प्रकाशन गर्न लागेको खबरले मलाई खुशी लागेको छ । यस प्रकाशनमा जुट्नु भएका सबैलाई धन्यवाद दिंदै प्रकाशन सफलताको कामना गर्दछु ।

धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्वको देवघाट धाम पर्यटकीय सम्भावनाको क्षेत्र हो । गलेश्वर आश्रम, चक्रेश्वर शिला, सीता गुफा, वशिष्ठ गुफा, हरिहर मन्दिर, महेश सन्यास-आश्रम, राम मन्दिर यज्ञशाला लगायत यस क्षेत्रमा विभिन्न पवित्र स्थल समेत रहेका छन् । देश विदेशबाट पशुपतिनाथको दर्शन गर्न आउने हिन्दु धर्मावलम्बीहरुसमक्ष यस क्षेत्रका सम्पदा र संस्कृति बारे सन्देश पुग्नु जरुरी छ । यहाँका ऐतिहासिक सम्पदा र धामहरु बारे यस मुखपत्रले उजागर गर्ने छ भन्ने मेरो विश्वास छ । यस पवित्र तीर्थस्थलको आन्तरिक र बाह्य पर्यटन प्रबर्द्धनमा देवघाट विकास समिति विशेष रुपले क्रियाशील रहने छ भन्ने मैले विश्वास लिएको छु । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यस्तो क्रियाशीलताले मद्दत पुऱ्याउने छ ।

अन्त्यमा, प्रकाशोन्मुख देवघाट दर्पणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा यस क्षेत्रको बहुपक्षीय महिमा उजागर गर्न सफल रहोस् भन्ने शुभकामना सहित उत्तरोत्तर प्रगतिको शुभेच्छा व्यक्त गर्दछु ।

**१० मंसिर २०७७** **केपी शर्मा ओली**


नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः

च. नं.:



**योगेश भट्टराई**

मन्त्री

**शुभकामना**

देवघाट क्षेत्र विकास समितिले आफ्नो मुखपत्र देवघाट दर्पण-५ प्रकाशन गर्न लागेको खबरले मलाई धेरै खुसी लागेको छ । यस कार्यका लागि देवघाट क्षेत्र विकास समिति परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

त्रिशुली र कालिगण्डकीको पवित्र संगमस्थल देवघाटधाम ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाले भरिपूर्ण छ । पुथ्वीमा भएका तीर्थस्थल मध्ये सबैभन्दा फलदिने पवित्रस्थल देवघाट संगम हो भनेर स्कन्ध पुराण हिमवत्सखण्डको अध्याय ४४ मा समेत यस स्थानको चर्चा गरिएको पाइन्छ ।

नवलपरासी, तनहुँ र चितवन तीनवटा जिल्लामा झण्डै साढे पाँच हजार हेक्टर क्षेत्रमा फैलिएको देवघाट क्षेत्रमा गलेश्वर आश्रम, चक्रेश्वरशिला, सीता गुफा, वशिष्ट गुफा, हरिहर मन्दिर, महेश सन्यास-आश्रम, राम मन्दिर यज्ञशाला, कठस्तुप, सिद्धि गणेश, गोपिधाम, सुर्यकण्ड जस्ता पवित्रस्थल रहेको हुनाले यो क्षेत्र धार्मिक पर्यटनको आकर्षणको केन्द्र बन्दै गएको छ ।

मुलक समृद्धिको मूल आधार पर्यटन हो । हाम्रो जस्तो धार्मिक/सांस्कृतिक रुपले विविधतायुक्त देशका लागि धार्मिक पर्यटनको स्थान अझ बढी छ । धार्मिक आस्थाको एउटा महत्वपूर्ण केन्द्र देवघाट क्षेत्रमा पर्यटक लोभ्याउने, उनीहरुको बसाई अवधि लम्ब्याउनेजस्ता अरु पक्षहरु पनि छन् । यहाँको मनोरम प्राकृतिक छटा साच्चिकै मनमोह छ । सुरम्य छ । अतुलनीय छ । जलविहार, जंगल सफारीजस्ता पर्यटकीय गतिविधि बढाउन सकिने सम्भावनाहरु प्रशस्त छन् ।

कोभिड-१९ को महामारीले सबैभन्दा बढी थिलोथिलो बनाएको क्षेत्र भनेको पर्यटन क्षेत्र नै हो । महामारीकै बिच पनि अब बिस्तारै आवश्यक स्वास्थ्य सर्तकताका मापदण्ड पालना गर्दै यो क्षेत्र पुरानै लयमा फर्कन शुरु गरेको छ । धार्मिक/सांस्कृतिक आस्थाका केन्द्रहरु पनि खुल्न थालेका छन् । मूलत आन्तरिक पर्यटनलाई केन्द्रमा राखेर अब हामीले प्रर्वद्धनका गतिविधिहरु अघि बढाउनु पर्ने छ । त्यसका लागि पूर्वाधारहरुको निर्माण एउटा पक्ष हो, अर्को महत्वपूर्ण पक्ष यस्ता स्थानहरुको प्रचारप्रसार हो । मलाई विश्वास छ, यो स्मारिकाले पर्यटन प्रवर्द्धनको प्रचारात्मक अभियानमा विशेष भूमिका खेल्नेछ । हार्दिक शुभकामना ।

१८ मंसिर २०७७

योगेश भट्टराई

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल : yogesh.bhattarai@nepal.gov.np, वेबसाइट : www.tourism.gov.np

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना



देवघाट क्षेत्र विकास समितिको मुखपत्रका रुपमा वार्षिक प्रकाशन हुँदै आइरहेको देवघाट दर्पणको पाँचौं अङ्क **"देवघाट दर्पण-५"** कालीगण्डकी विशेषाङ्कका रुपमा प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।

धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको रुपमा रहेको देवघाट क्षेत्रले विश्वभर रहेका हिन्दु धर्मालम्बी तथा गैरहिन्दु धर्मालम्बीहरुलाई समेत आकर्षण गर्न सफल भएको छ। गण्डकी प्रदेशको एक महत्वपूर्ण धार्मिक तिर्थस्थलका रुपमा समेत परिचित यस देवघाटधामको विकासका लागि यस देवघाट क्षेत्र विकास समितिले महत्वपूर्ण भुमिका खेल्नेछ भन्ने विश्वास लिएको छु।

यस समितिले प्रकाशन गर्न लागेको **"देवघाट दर्पण-५"** देवघाट क्षेत्रको ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय महत्वको बारेमा जानकारी राख्न चाहाने हरुका लागि एउटा पठनीय एवं सग्रहणीय पुस्तक बनोस् भन्ने शुभकामना व्यक्त गर्दै यस वर्षका महत्वपूर्ण चाडपर्वहरु विजया दशमी, दिपावली, छठ,ईद, नेपाल सम्बत्, उधौली-उभौली, क्रिसमस,ल्होछार लगायतको उपलक्ष्यमा सम्पूर्ण आमाबुबा दाजुभाइ दिदीवहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

२०७७ कार्तिक

पृथ्वी सुब्बा गुरुङ
मुख्यमन्त्री

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



# शुभकामना

देवघाट धामको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय महत्त्व उजागर गर्ने उद्देश्यका साथ देवघाट क्षेत्र विकास समितिको मुखपत्र "देवघाट दर्पण– ५" कालीगण्डकी विशेषाङ्कको रूपमा प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्दछु ।

नेपाल धार्मिक तथा सांस्कृतिक रूपमा समृद्ध छ । पौराणिक ग्रन्थमा समेत विभिन्न सन्दर्भमा यसको महिमा पाइन्छन् । ऋषिमुनिहरूले तपस्या गरेको, शान्त एवम् मनमोहक प्राकृतिक छटाहरूले भरिपूर्ण यस देशका धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका स्थलहरूको पर्याप्त खोज अनुसन्धान तथा प्रचार प्रसार हुन सकेको छैन । देवघाट लगायत अन्य महत्त्वपूर्ण क्षेत्रहरूको बारेमा खोज अनुसन्धान गरी प्रचार प्रसार गर्न सक्दा यसले धार्मिक पर्यटनमा समेत योगदान पुऱ्याउने छ । यसै क्रममा देवघाट क्षेत्र विकास समितिले नियमित मुखपत्र प्रकाशन सँगै त्यस क्षेत्रको उन्नयनको लागि निर्वाह गरेको भूमिका प्रशंसनीय छ ।

अन्त्यमा, समितिले प्रकाशन गर्न लागेको मुखपत्र "देवघाट दर्पण– ५" मा समितिले गरेको हाल सम्म गरेका कार्यहरू, आगामी कार्ययोजना, देवघाट धामसम्बन्धी महत्त्वपूर्ण तथ्य, लेख, रचना लगायतका सामाग्रीहरू समेटिने अपेक्षा सहित प्रकाशन सफलताको शुभकामना व्यक्त गर्दछु ।

१७ मंसीर, २०७७

डोरमणि पौडेल

# कृष्णभक्त पोखेल

## सभापति

## कानून, न्याय तथा मानव अधिकार समिति, प्रतिनिधिसभा

सदस्य, प्रतिनिधि सभा – चितवन क्षेत्र नं. २



## शुभकामना सन्देश

देवघाट क्षेत्र विकास समितिले आफ्नो मुख-पत्रको रुपमा “देवघाट-दर्पण-५” प्रकाशन गर्ने खबरले निकै हर्षित बनाएको छ । यस पुस्तकले देवघाटधामको धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं धार्मिक पर्यटकीय महत्व अझ उजागर गरी देवघाटधामलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समेत थप परिचित गराई नेपालको मुख्य धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहयोग पुगोस् भनी शुभकामना दिन चाहन्छु ।


नेपालकै प्रमुख धार्मिक क्षेत्रमध्ये देवघाट एक पवित्र तीर्थस्थलको रुपमा रहेको छ । यसलाई शान्ति र आध्यात्मिक उन्नयनको उत्कृष्ट क्षेत्र मानिन्छ । दुई ठूला नदी कालीगण्डकी र त्रिशुलीको तथा तनहुँ, चितवन र नवलपुर जिल्लाको संगम स्थलमा रहेको यस क्षेत्रमा वार्षिक लाखौं भक्तजनहरु दर्शन तथा अवलोकनका लागि आउने गर्दछन् । हरिहर क्षेत्र, शालग्राम क्षेत्र, चक्रतीर्थ, गजेन्द्रतीर्थ, तपोवन, यज्ञभूमि आदि नामले पनि यस क्षेत्रलाई चिनिन्छ ।

ऐतिहासिक, धार्मिक तीर्थस्थल देवघाट धामलाई धार्मिक पर्यटनको केन्द्रबिन्दुको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा व्यापक प्रचार प्रसार गरी यसको विकासका लागि नेपाल सरकार, प्रदेश तथा स्थानीय तह लगायत सम्पूर्ण सरोकारवालाहरु एकजुट भई यस अभियानमा लाग्नुपर्दछ । यसको लागि देवघाट क्षेत्र विकास समितिको मुख-पत्रको रुपमा प्रकाशित हुने आगामी अंक “देवघाट दर्पण-५” ले देवघाट क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं धार्मिक पर्यटकीय सम्पदको राष्ट्रिय रुपमा मात्र नभई अन्तर्राष्ट्रिय जगतमा समेत प्रचार प्रसार गर्नको लागि विगतको अंकहरु जस्तै महत्वपूर्ण पुस्तक बन्नेछ भन्ने विश्वासका साथ सफलताको शुभकामना दिन चाहन्छु ।

कृष्णभक्त पोखेल
सभापति,
कानून न्याय तथा मानव अधिकार समिति
प्रतिनिधि सभा सदस्य
चितवन क्षेत्र नं. २

**Prof. Dr. Shashank Koirala**
General Secretary
Nepali Congress
Member of Federal Parliament
Nawalparasi-1 (Bardaghat Sustapurwa)
(House of Representatives)
Mob: 977-9851089833

**प्रा. डा. शशांक कोइराला**
महामन्त्री
नेपाली कांग्रेस
संघिय संसद सदस्य
नवलपरासी-१ (बर्दघाट सुस्तापूर्व)
(प्रतिनिधी सभा)
मो. ९७७-९८५१०८९८३३



देवघाट क्षेत्र विकास समितिले मुखपत्रको रुपमा प्रकाशित गर्दै आएको "देवघाट दर्पण-५" प्रकाशित गर्ने कुराले मलाई हर्षित तुल्याएको छ ।

देवघाटको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय महत्वलाई राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा परिचय गराउन विगतका प्रकाशनहरुले झैं यसले पनि विशिष्टता हासिल गर्नेछ भन्ने विश्वासका साथै सो प्रकाशनको सफलताको कामना गर्दछु ।

जय नेपाल !

शशांक कोइराला

डा. शशांक कोइराला
महामन्त्री

कात्तिक २०, २०७७

Email: koirala.shashank@gmail.com

मा. कृष्णकुमार श्रेष्ठ (किसान)
सदस्य, प्रतिनिधि सभा
संघीय संसद, नेपाल
क्षेत्र नं.-१, तनहुँ

Hon. Krishna Kumar Shrestha (Kishan)
Member, House of Representative
Federal Parliament, Nepal
Constituency No.-1, Tanahu



## शुभकामना सन्देश

देवघाट क्षेत्र विकास समितिले आफ्नो मुख-पत्र **"देवघाट दर्पण-५"** प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशि लागेको छ ।

स्कन्ध पुराण हिमवत्स खण्डको अध्याय ४४ मा उल्लेख भए अनुसार पृथ्वीमा भएका तिर्थस्थल मध्ये सबैभन्दा फलदिने पवित्रस्थल देवघाट हो । प्राचिनकालमा देवताहरूले भ्रमण गर्न आउने धार्मिक सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय महत्व बोकेको यस **'देवाटन'** विश्वभरीका हिन्दुहरूको आस्थाको केन्द्रविन्दु हो । दुई ठुला पवित्र नदी कालीगण्डकी र त्रिशूलीको तथा तनहुं, चितवन र नवलपुरको संगमस्थल देवघाट क्षेत्रमा लाखौ संख्यामा देश विदेशबाट भक्तजनहरू आउँछन् । यस क्षेत्रलाई हरिहर क्षेत्र, शालिग्राम क्षेत्र चक्रतीर्थ, गजेन्द्रतीर्थ, तपोवन यज्ञभूमि आदि नामले पनि चिनिन्छ ।

विश्व सम्पदाको सुचिमा रहेको यस ऐतिहासिकं धार्मिक देवघाट धामलाई १ अरव हिन्दुहरूको आस्था एवं धार्मिक पर्यटन केन्द्र मात्र हैन अनिवार्य गन्तव्यको रूपमा रूपान्तरण गरि यो क्षेत्रमात्र नभई राष्ट्रकै समृद्धिको मुख्य आधार वन्न सक्ने सम्भावना बोकेको हुनाले यस क्षेत्रको प्रवर्द्धनका खातिर नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह लगायत सम्पुर्ण सरोकारवाला निकाय एकजुट भई अभियानमा लाग्नु जरुरी छ । सम्वद्ध सवै निकायहरूलाई जागरुक गराउन मेरो तर्फबाट कुनै कसर बाँकि नराख्ने व्यहोरा पनि यसै क्षणमा वाचा गर्न चाहन्छु । यस क्षेत्रको प्रवर्द्धनका खातिर सम्वद्ध सवै निकायहरूलाई जागरुक गराउन मेरो तर्फबाट कुनै कसर बाँकि नराख्ने व्यहोरा पनि यसै प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्तमा यस पवित्र भुमि देवघाटको विकासका लागि गरिने सत्प्रयासमा सधैं मेरो साथ रहनेछ भन्दै यस देवघाट क्षेत्र विकास समितिको मुख-पत्र "देवघाट दर्पण-५" प्रकाशित सामाग्रिहरूले देवघाट क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं धार्मिक पर्यटकिय सम्पदाको रूपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार गर्न योगदान पुग्ने अपेक्षा का साथ शुभकामना व्यक्त गर्दछु ।

**मा. कृष्ण कुमार श्रेष्ठ**
संयोजक एवं
सदस्य, प्रतिनिधि सभा, क्षेत्र नं १, तनहुँ


फोन: ०९७७-१-४३६३०८१
मोबाईल: ९८५६०४८५३५
ई-मेल: kkshrestha22@gmail.com

Phone: 0977-1-4363081
Mobile: 9856048535
E-mail: kkshrestha22@gmail.com

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.



## शुभकामना

देवघाट क्षेत्र विकास समितिले देवघाट क्षेत्रभित्र रहेका ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका स्थलहरुको बारे सूचनामूलक तथा अनुसन्धानात्मक लेखहरु समेटेर आगामी अङ्क "देवघाट दर्पण-५" प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

नेपालमा भएका महत्वपूर्ण वैष्णव तीर्थस्थलहरूमध्ये देवघाट पनि एक हो । यसलाई देवतीर्थको रूपमा चिनिन्छ । स्कन्दपुराण र वराहपुराण जस्ता पौराणिक साहित्यहरूमा यस क्षेत्रको महिमाको व्यापक वर्णन गरिएको पाइन्छ । वाल्मिकी र वेदव्यासले पनि यस क्षेत्रको महत्वको बारेमा मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

पौराणिककालदेखि नै लोकप्रिय रहेको यो क्षेत्र लिच्छविकालदेखि तत्कालिन नेपालको सिमानाभित्रको महत्वपूर्ण तीर्थस्थल रहेको अनुमान गर्न सकिन्छ । मध्यकालदेखिका भौतिक संरचनाहरू पाइने यस तीर्थस्थललाई पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेनले अझ बढी लोकप्रिय बनाएका थिए । उनले देवघाटमा पञ्चदेवलहरू निर्माण गराएका र त्यसै ठाउँमा तपस्या गरी ब्रम्हलीन भएको विषय श्रुति परम्पराबाट जानकारी हुन आउँछ । हालसम्म पनि उनले निर्माण गराएका पञ्चदेवलका भग्नावशेषहरू यस क्षेत्रमा अस्तित्वमा रहेका छन् ।

धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण देवघाट क्षेत्रमा हिन्दु धर्मसँग सम्बन्धित विभिन्न मठ र मन्दिरहरू छरिएर रहेका छन् । यस्ता सम्पदाहरूको आफ्नै किसिमको धार्मिक महत्व रहेको छ । यहाँ भएका मूर्त-अमूर्त धार्मिक सम्पदाहरूलाई व्यवस्थित गर्दै महत्वपूर्ण तीर्थस्थलको रूपमा विकास गर्न सकिएमा धार्मिक पर्यटनको माध्यमबाट समग्र देशको आर्थिक विकासलाई समेत टेवा पुग्नेछ । यस कार्यबाट हिन्दु धर्म तथा संस्कृतिको प्रचार-प्रसार तथा संरक्षणमा पनि मद्दत पुग्नेछ । समितिले प्रकाशन गर्ने उल्लिखित "देवघाट दर्पण" पुस्तकमा यस क्षेत्रका प्रतिष्ठित एवं क्रियाशिल लेखकहरूका मूर्त र अमूर्त सम्पदा सम्बन्धी उत्कृष्ट लेख-रचनाहरू समावेश हुने भएकोले यसबाट देवघाट क्षेत्रको महत्व, महिमा तथा सो सँग सम्बन्धित अन्य महत्वपूर्ण पक्षहरु पनि उजागर हुनेछन् । यसबाट देवघाट क्षेत्रको महत्व अझ बढ्न गई धार्मिक पर्यटन प्रवर्द्धन हुन जाने देखिन्छ । यसका लागि उहाँहरू धन्यवादको पात्र हुनुहुन्छ ।

अन्तमा, यस प्रकाशनबाट देवघाटधामको महिमा उजागर हुने तथा यस क्षेत्रमा अवस्थित धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पुरातात्विक स्थलहरुको संरक्षण एवं व्यवस्थापन समेत प्रभावकारी हुन गई सो क्षेत्र तीर्थयात्री तथा पर्यटकहरूको एक आकर्षक गन्तव्यस्थलको रूपमा विकास हुने अपेक्षा राख्दै यस मुखपत्र प्रकाशनको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यादव प्रसाद कोइराला
सचिव

# प्रकाशकीय

देवघाटधाम मूलतः धार्मिक तीर्थस्थल हो । वैदिक दर्शनमा नदीहरूको सङ्गम स्नानका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । मुक्तिनाथबाट आएकी कालीगण्डकी र गोसाइँकुण्डबाट प्रवाहित त्रिशूलीको सङ्गमस्थल सनातन हिन्दूधर्म संस्कृतिका अनुयायीहरूको आस्था र श्रद्धाकेन्द्रका रूपमा रहिआएकोले देवघाटधाम धार्मिक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकसित हुँदै गएको छ ।

देवघाट एक महत्त्वपूर्ण धार्मिक केन्द्र भएकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा यसको चर्चा हुने गरेको पाइन्छ । देवघाटधामलाई भूखण्डभित्रको एउटा भूस्वर्गका रूपमा चित्रण गर्ने गरिन्छ । यसको धार्मिक, सांस्कृतिक आकर्षण र मनोरम प्राकृतिक वातावरणले यस धामको विशेष चर्चा हुने गरेको छ । साहित्य, इतिहास, पुराण, पुष्पिका र केही अनुश्रुतिहरूमा देवघाटको महत्त्वबारेमा उल्लेख गरेको पाइन्छ । प्राथमिकतामा नपरे पनि विद्यमान सरकारका तीनवटै तहले नीतिगत रूपमा देवघाटधामका बारे सम्बोधन गर्ने गरेका छन् । यी विविध सन्दर्भहरूले यस तपोभूमिको महिमा र महत्त्वलाई थप उजागर गरेका छन् । पुण्यभूमि देवघाटधामको संरक्षण र यस क्षेत्रको योजनाबद्ध विकासका लागि तत्कालीन नेपाल सरकारले २०५० सालमा देवघाट क्षेत्र विकास समिति गठन गऱ्यो । विकासका लागि समितिले बनाएका धारणा, त्यस आधारमा बनेका योजना, प्रयास र प्रगतिसँगै यस धामको गरिमालाई प्रचार-प्रसार गर्न आफ्नो एउटा नियमित प्रकाशन अनिवार्य आवश्यकताका रूपमा बोध गरी **देवघाट दर्पण** प्रकाशनको थालनी भएको देखिन्छ । देवघाट क्षेत्र विकास समितिको मुखपत्रका रूपमा **देवघाट दर्पण**को प्रकाशन २०६३ सालबाट प्रारम्भ भएको हो । समयक्रममा यसको नियमित प्रकाशन हुन सकेन । २०७० सालमा देवघाट दर्पण-४ को प्रकाशनपछि पाँचौं अङ्कले आकार लिन झन्डै ७ वर्ष लाग्यो । दुनियाँमा धेरै तह र क्षेत्रका प्रकाशनहरू छन् । ती प्रकाशनका विभिन्न विधा र विविधताहरू भए पनि सूचना, सञ्चार (प्रचार-प्रसार), ज्ञान र अनुभवको वितरण हरेक प्रकाशनका समान उद्देश्यहरू हुन् । **देवघाट दर्पण**को प्रकाशन यसै उद्देश्य परिपूर्तिका लागि प्रारम्भ भएको हो । शाब्दिक रूपमा दर्पणको अर्थ ऐना हो, जहाँ आफ्नो अनुहार (चेहरा) देख्न सकिन्छ । पुस्तकाकारका रूपमा देवघाटलाई हेर्न, देख्न, बुझ्न र जान्न सकियोस् भन्नका लागि साबिक देवघाट गाउँ विकास समितिले २०५८ सालमा **देवघाट दर्पण** प्रकाशन गर्ने औपचारिक निर्णय गरेको थियो । तत्कालीन द्वन्द्वग्रस्त परिवेशले प्रकाशन हुन सकेन । एउटा निकायबाट निर्णय भई खास अवधिसम्म कार्यान्वयनमा आउन नसकेको प्रस्तावित योजनालाई अन्ततः २०६३ सालमा देवघाट क्षेत्र विकास समितिले **देवघाट दर्पण** प्रकाशनको स्वामित्व ग्रहण गऱ्यो ।

देवघाट क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पौराणिक पक्षमा प्रकाश पार्ने, ती विचार-धारणाहरू जनसमुदायमा पुऱ्याई प्रचार-प्रसार गर्ने, विकास निर्माणका विषयमा छलफल चलाउने, प्राप्त निष्कर्षहरूका आधारमा नीति र योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने र धार्मिक पर्यटनको विकासबाट जीवनस्तरलाई माथि उठाउने **देवघाट दर्पण** प्रकाशनका निहित अपेक्षाहरू हुन् । यिनै प्राप्तिको निरन्तरताका क्रममा **देवघाट दर्पण-५**, कालीगण्डकी विशेषाङ्क जिज्ञासुहरूको बिचमा आएको छ ।

विश्वमै दुर्लभ मानिने शालग्रामवाहिनी कालीगण्डकीको महत्त्व सर्वश्रेष्ठ छ । यद्यपि सनातन वैदिक संस्कृतिले सबै नदनदीहरूलाई तीर्थका रूपमा चित्रण गरेका छन् । यसै पनि नदीहरू जीवनका आधार र सभ्यताका स्रोतहरू हुन् । यिनको संरक्षण र सन्तुलित उपयोग हाम्रो समृद्धिका आधार हुन् । झन्डै २ वर्षदेखि नेपाल सरकारले कालीगण्डकी-तिनाउ डाइभर्सन गर्ने योजना ल्याएपछि सिङ्गो गण्डकी प्रदेश, तल्लो तटीय क्षेत्रका स्थानीय सरकारहरू सनातन संस्कृतिका पक्षधरहरू यस परियोजनाको विपक्षमा रहे । कालीगण्डकी जलमात्र होइन, यो सभ्यता, संस्कृति र पहिचान पनि हो । तटीय क्षेत्रका नागरिकहरूको जीवनको आधारसमेत हो । कालीगण्डकीलाई स्याङ्जाको राम्दी आसपासबाट ९ मिटर व्यासको सुरुङबाट तिनाउ डाइभर्सन गर्ने संघीय सरकारको योजनाले रूपन्देही, नवलपरासी र कपिलवस्तुका क्षेत्रहरू सिंचाइ गर्ने र विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । यस योजनाले तल्लो तटीय क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा गम्भीर आघात पुग्ने तथ्य र तर्कहरू प्रस्तुत भएका छन् । कालीगण्डकी डाइभर्सनले प्राप्त गर्ने लाभभन्दा बेहोर्नुपर्ने नोक्सानीहरू धेरै गुणा बढी देखिन्छ । यसले तल्लो तटीय क्षेत्र सुख्खा र जर्जर भई खण्डहरमा परिणत हुने, जलवायुमा परिवर्तन आई प्राकृतिक वातावरण र पारिस्थितिक प्रणालीमा प्रतिकूलता आउने तथ्यहरू विज्ञहरूले प्रस्तुत गरेका छन् । यस अतिरिक्त कालीगण्डकीकै तटमा रहेका केलादीघाट र देवघाटधामको अस्तित्वसमेत समाप्त हुन सक्ने तर्फ सङ्केत गरिएको छ । कालीगण्डकीको प्राकृतिक वहावलाई अन्यत्र मोड्नु हुँदैन । तटीय क्षेत्रको विकास र समृद्धिमा यसको पूर्ण उपयोग हुनुपर्छ । देवघाटधाम जस्तो प्रसिद्ध धार्मिक तीर्थस्थल कालीगण्डकीको स्वाभाविक वहावसँग अविच्छिन्न (अविभाज्य) सम्बन्ध राख्दछ । गण्डकीकै तटमा जलविद्युत् परियोजना निर्माण गर्न सकिन्छ । तटीय क्षेत्रकै खेतबारीहरूमा पानी पट्याएर उर्वर बनाउन सकिन्छ । गण्डकीमा जलासयहरू निर्माण गरी जल पर्यटनको विकास गर्न सकिन्छ । जल यातायातको विकासका सम्भावनाहरू खोज्न सकिन्छ । मुक्तिनाथदेखि त्रिवेणीसम्मका तीर्थस्थलहरूको उपयुक्त पूर्वाधारहरू निर्माण गरी धार्मिक पर्यटन प्रवर्द्धनका माध्यमबाट राष्ट्रिय विकासमा नै योगदान गर्न सकिने पर्याप्त आधारहरू भएकोले कालीगण्डकीलाई तिनाउ डाइभर्सन नगरी यसको विकल्प खोजिनुपर्छ भनी विभिन्न विचारगोष्ठी र अन्तरक्रियाहरू सम्पन्न भएका छन् । कालीगण्डकी के हो ? यसको धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पौराणिक महत्त्वहरू के छन् ? तटीय क्षेत्रका विकास र समृद्धिका आधार के हुन सक्छन् ? डाइभर्सनबाट हुने लाभ र अर्कोतिर पर्ने नोक्सानीको मात्रात्मक र गुणात्मक अन्तर के छ ? यसको अविच्छिन्नता किन ? भन्ने विषयमा राष्ट्रका विधि, नीति र योजना निर्माणका तहमा रहेका सङ्गठन र त्यसका पदाधिकारीहरूसम्म जानकारी पुऱ्याउने र कालीगण्डकीको महिमालाई जनस्तरमा प्रवाह गर्ने उद्देश्यले **देवघाट दर्पण-५** लाई **कालीगण्डकी विशेषाङ्क**को रूपमा प्रकाशन गर्ने निर्णय भएको छ । यसका लागि हाम्रो प्रकाशनलाई शुभकामना व्यक्त गर्नुहुने सम्माननीय प्रधानमन्त्रीज्यू, मुख्यमन्त्रीज्यूहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, माननीयज्यूहरू, सचिवज्यू र आफ्ना अमूल्य लेख-रचना उपलब्ध गराउनुहुने सन्त-महात्माज्यूहरू, लेखक, विद्वान् विचारक, सम्पादक मण्डलप्रति देवघाट क्षेत्र विकास समिति हार्दिक आभार व्यक्त गर्दछ ।

२०७७ मङ्सिर २१ **देवघाट क्षेत्र विकास समिति**

# सम्पादकीय

● प्रकृति र आध्यात्मको समष्टि रूप देवघाट अतिपावन धार्मिक क्षेत्र मानिन्छ । आदिप्रयाग हरिहरक्षेत्र नामले परिचित यस धामको आफ्नै विशिष्ट महत्त्व रहेको छ । नेपालका गण्डकी र वाग्मती प्रदेशको सङ्गमभूमि देवघाटधामको विशेष धार्मिक, ऐतिहासिक र सांस्कृतिक विशिष्टता रहेको छ । यसको प्राकृतिक स्वरूपलाई बचाई धार्मिक पर्यटन अभिवृद्धि गर्नु हामी सबैको कर्तव्य पनि हो । राज्य स्तरबाट पनि यसको पर्यावरणीय संरक्षण र पर्यटकीय विकासका लागि केही प्रयत्न भई आएका छन् । देवघाट क्षेत्र विकास समितिको गठन २०५१' यसै सन्दर्भको एक पाइला हो ।

● देवघाट क्षेत्र विकास समितिले सामयिक रूपमा देवघाट दर्पण नामक स्मारिका प्रकाशन गर्दै आइरहेको छ । त्यसैको पाचौं सोपान 'कालीगण्डकी विशेषाङ्क'का रूपमा यो अङ्क प्रकाशन भएको छ। यसलाई क्षेत्र विकास समितिको मुख-पत्रका रूपमा वार्षिक प्रकाशन गर्ने उद्देश्य भए पनि अहिले सामयिक प्रकाशन मात्र हुन सकेको छ । यसमा देवघाट क्षेत्रको आध्यात्मिकता, ऐतिहासिकता र पर्यटकीय सम्भावनाका विविध पक्षलाई उजागर गर्ने र यिनको विशद खोज अनुसन्धान गर्ने उद्देश्य पनि रहेको छ ।

● देवघाट दर्पणको यस अङ्कमा कालीगण्डकी सभ्यता, संस्कृति र यस क्षेत्रका प्रसिद्ध पौराणिक, ऐतिहासिक र प्राचीन मानवबस्तीका विषयमा विशिष्ट विद्वान्हरूका खोज-अनुसन्धानमूलक लेख-सामग्री प्रकाशन गर्ने प्रयास गरेका छौं । यसअन्तर्गत कालीगण्डकीको उद्भवस्थल दामोदरकुण्ड - मुक्तिनाथदेखि गलेश्वर, रिडी हुँदै देवघाट र त्रिवेणीसम्म प्रवाहित हुँदा यसको प्रस्रवण क्षेत्र प्राचीन ल्होमान्थाङ् राज्यक्षेत्र, पर्वत राज्य क्षेत्र र पाल्पा राज्यक्षेत्र र नदी किनारका उल्लेख्य स्थलहरूको समेत परिचयात्मक प्रस्तुति दिने हाम्रो प्रयास रहेको छ। नेपालका पूर्वमा कौशिकी सभ्यता, पश्चिममा कर्णाली सभ्यता र बिचभागमा गण्डकी सभ्यता आदिम कालदेखि नै फस्टाएको यथार्थ विद्वान्हरूले आत्मसात् गरेको विषय हो । यी मध्ये कालीगण्डकी एक विशिष्ट नदी भएका कारण यसका विषयमा प्रकाश पार्ने यो प्रथम प्रयास पनि हो । यसमा आफ्ना खोजपूर्ण गहन विचारयुक्त आलेख पठाएर यसको प्रकाशनमा सहयोग गर्नुहुने विद्वान् विचारक व्यक्तित्वप्रति आभारी छौं ।

● यसको प्रकाशनका लागि देवघाट क्षेत्र विकास समितिले केही पहिले मलाई प्रधान सम्पादकमा मनोनयन गरेको जानकारी गराए पनि मेरो अस्वस्थताका कारण समयमा काम थाल्न सम्भव भएन। अहिले वर्तमान समितिको कार्यकालमा नै प्रकाशन गर्ने प्रयास गर्दा मेरो सहकार्य र भाषा-व्याकरण पक्षलाई हेर्नका लागि विज्ञ शिक्षक श्री अर्जुन पाण्डेयज्यूलाई अनुरोध गरी कार्यारम्भ गरियो । प्रकाशनमा जति समय भए पनि अन्तिम अवस्थामा तात्ने नेपाली प्रवृत्ति, यथासमयमा लेख-रचना पठाउन नसक्ने लेखक विद्वान्हरूको व्यस्त, जिम्मेवारी दिइएका व्यक्तिहरूबाट समयमा नै तत्परता नदेखाइनु आदि कारणबाट यथासमयमा प्रकाशन गर्न असमर्थ भयौं । हामी अच्युत हुन नसके पनि अल्पच्युत बन्न खोज्दाखोज्दै यसभित्र धेरै कमजोरीहरू हुन सक्छन् । त्यसका लागि क्षमा माग्नुबाहेक अरू के नै गर्न सक्दछु र ? सम्पादनका क्रममा कतिपय विशिष्ट व्यक्ति व्यक्तित्वहरूको मार्यादाक्रम तलमाथि पर्न गएको होला । शुद्धाशुद्धिमा असावधानी भएको होला । कतिपय रचनामा कम्प्युटरका कारण पनि केही तलमाथि पर्न गएका विषयमा हामी क्षमा प्रार्थी छौं ।

● अन्तमा यस विशेषाङ्कमा प्रकाशनार्थ आफ्ना अमूल्य लेख-रचनाहरू पठाएर सहयोग गर्नुहुने समादरणीय स्वामीजीहरू, नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङज्यूलगायत विद्वान् विचारक व्यक्तित्वहरू, वरिष्ठ साहित्यकारज्यूहरू, महनीय शुभकामना प्रदान गर्नुहुने विशिष्ट व्यक्तित्वहरू सबैमा यथोचित सादर धन्यवाद व्यक्त गर्दछु । यसको प्रकाशनमा आफ्नो स्थानबाट सहयोग गर्नुहुने क्षेत्र विकास समितिका अध्यक्ष, कार्यकारी निर्देशक र सदस्यहरू लगायत सबै कर्मचारीहरू, कम्प्युटर टाइप र सेटिङको काम गर्ने महेश पौडेल तथा छपाइको काम सम्पन्न गर्ने क्वालिटी प्रेससमेत सबैलाई हार्दिक धन्यवाद ।

२१ मार्ग २०७७ | लकाश (लक्ष्मीकान्त शर्मा) पौडेल
प्रधान सम्पादक


# विषयसूची


| लेखक | शीर्षक | पृष्ठ |
|---|---|---|
| | क) कालीगण्डकी विशेष खण्ड : | |
| स्वामी ज्ञानानन्द सरस्वती | कालीगण्डकी र देवघाटधाम | २ |
| स्वामी रमणानन्द गिरि | कृष्णागण्डकी : अनन्त सम्भावना | ६ |
| डा.गुरुप्रसाद सुवेदी | काली गण्डकीको महत्त्व र डाइभर्सनको दुष्प्रभाव | १६ |
| प्रा.डा. नारायणप्रसाद खनाल | गण्डकी महिमा | २३ |
| चैतन्यकृष्ण | कालीगण्डकी : पृथ्वीको सर्वश्रेष्ठ तीर्थ | २९ |
| लकाश पौडेल | कालीगण्डकी प्रस्रवण क्षेत्र र यहाँको सभ्यता | ३४ |
| कुलराज चालिसे | श्रीकृष्णागण्डकी प्रस्रवणः नेपाली जलसस्कृतिको .... | ४७ |
| नलराज शास्त्री | काली गण्डकी महिमा | ५७ |
| डी.आर. पोखरेल | कालीगण्डकी प्रस्रवण क्षेत्रका सम्पदा | ६२ |
| रमाकान्त सापकोटा | कालीगण्डकीको शिरदेखि नारायणीको तीरसम्म | ६७ |
| केदारनाथ खनाल | देवघाट महिमा र कालीगण्डकी प्राकृतिक बहावको ... | ७६ |
| टंकनाथ पौडेल | देवघाटधाम एवं कृष्णागण्डकीको महत्त्व | ८० |
| डा. नारायणप्रसाद तिम्सिना 'देवबाबा' | आदिगङ्गा कृष्णागण्डकीको वैशिष्ट्य | ८३ |
| पदमप्रसाद पाण्डेय | शालग्राम, कालीगण्डकी, हिमालय नेपाल महिमा | ९६ |
| रामचन्द्र बराल | कालीगण्डकी मुहानका लुप्ततीर्थ र त्रिकोणात्मक ... | १०० |
| श्यामजी अतिथि सेढाईं | मुक्तिनाथदेखि गजेन्द्रमोक्षधामसम्म | ११० |
| लक्ष्मण सुवेदी | कालीगण्डकी नदीको किनार र "कल्पवास" परम्परा | ११५ |
| | ख) देवघाटधाम विशेष खण्ड : | |
| स्वामी आत्मानन्द गिरि | त्रिचक्षुः (चर्मचक्षु, धर्मचक्षु र ज्ञानचक्षु) | १२३ |
| डा. जगमान गुरुङ | सर्वदेवसङ्घटनतीर्थ : देवघाट | १३६ |
| स्वामी कृष्णानन्द सरस्वती | देवघाटधामको आध्यात्मिक दिव्यता | १३३ |
| डा. स्वामी अमृतानन्द गिरि | देवघाट - धार्मिक तथा सांस्कृतिक दृष्टिमा | १३७ |
| डा. हेमराज कोइराला | देवघाटधामको सानः योगी नरहरिनाथ योग तथा ... | १४८ |
| इन्द्र रेग्मी | थोरै देवघाटकै बारेमा | १५५ |
| कृष्णहरि देवकोटा | देवघाट क्षेत्रको बहुपक्षीय संरक्षण | १५९ |
| रेशम विरही | देवघाट : एक प्राकृतिक शिल्प | १६४ |
| महेश्वर पौडेल | हरिहर क्षेत्रको मुटु पावन तीर्थस्थल देवघाटधाम | १६६ |
| विश्व के.सी. (पोखरेल) | आदिप्रयाग तीर्थस्थल, देवघाटधाम र योगी नरहरिनाथः | १७१ |
| झलक खनाल | देवघाट एक - महत्त्व अनेक | १७७ |
| आचार्य लक्ष्मण भण्डारी | देवघाटलाई बचाऔँ | १८१ |
| नवराज ढकाल | देवघाटधाम र तीर्थका न्यूनतम पूर्वाधार | १८५ |
| फणीन्द्रप्रसाद पौडेल | बुझेको, भोगेको र खोजेको देवघाट | १८७ |
| जयन्त आचार्य | देवघाटधाम छोटो चिनारी | १९३ |

| | | |
|---|---|---|
| नवराज पाण्डेय | देवघाटको महिमा | १९५ |
| **ग) कविता खण्ड :** | | |
| गोविन्दराज विनोदी | काली रिसाइन् भने | १९८ |
| केशवराज आमोदी | यही धर्ती बनेको छ शिव, सत्य र सुन्दर | १९९ |
| कृष्णशरण उपाध्याय | देवघाट | २०० |
| अर्जुन पाण्डेय | ए कालीगण्डकी | २०० |
| सुदेश सत्याल | देवघाट | २०१ |
| गोविन्दगोपाल खतिवडा | म कालीगण्डकी | २०१ |
| आनन्दप्रसाद नेपाल | काली र त्रिशूलीको आह्वान | २०२ |
| ताराबहादुर कार्की | कृष्णागण्डकी स्तुति | २०२ |
| भवानी खतिवडा | देवघाट | २०३ |
| लकाश पौडेल | मेरो शरीरमा काली .... | २०३ |
| सुनिता बटाला | सन्देश नौलो छरौं | २०४ |
| श्रीधर पाण्डेय | कालीगण्डकी | २०४ |
| **घ) देवघाट क्षेत्र विविध खण्ड :** | | |
| स्वामी अद्वैतानन्द गिरि | यज्ञ | २०६ |
| प्रा. कपिल अज्ञात | रामको जन्मभूमि नेपालकै अयोध्यापुरी : एक विमर्श | २०८ |
| शिवराज पौडेल | देवघाट क्षेत्रको गुरुयोजना र अबको बाटो | २१५ |
| धिरण बाबु घिमिरे | धार्मिक पर्यटकीय क्षेत्र देवघाट | २२४ |
| भोजराज भट्टराई | वैकल्पिक जीवनशैली समाज र देवघाट क्षेत्रको उर्वरता | २२७ |
| ऋषिराम भट्टराई | ज्येष्ठ नागरिक र वृद्धाश्रम | २३० |
| पोषणराज सुवेदी | देवघाटधाममा दाहसंस्कारको महत्त्व | २२४ |
| यदुनाथ पोखरेल | योगी नरहरिनाथ र इतिहास संकलन अभियान | २२६ |
| गोदा सुवेदी | देवघाटधाममा कन्या गुरुकुल र यसको औचित्य | २४५ |
| देवु अधिकारी | देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम)को ... | २४९ |
| सुश्री यमुना सोती | धर्म र धार्मिकस्थलको वैज्ञानिकता | २५३ |
| निरञ्जन | तीर आफैंतिर | २५७ |
| सोमबहादुर बोटे | गलेश्वर बाबाको चमत्कार एवं बोटे जातिहरूको परिचय | २६२ |
| किरणराज पौडेल | केही समसामयिक हाइकुहरू | २६५ |
| यज्ञप्रसाद रेग्मी | ज्येष्ठ नागरिकहरूको आश्रयस्थल पवित्र तीर्थस्थल ... | २६६ |
| सुनील उपाध्याय | "कालीगण्डकी" महाकाव्य : एक अध्ययन | २६९ |
| देवघाटक्षेत्र विकास समितिबाट सञ्चालित देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) को आजीवन सदस्यहरू | | २७१ |
| देवघाट क्षेत्र विकास समितिका वर्तमान पदाधिकारीहरू | | २७४ |
| विभिन्न समिति/उप-समितिहरू | | २७५ |
| देवघाट क्षेत्र विकास समितिको कर्मचारी विवरण | | २७६ |

# क) कालीगण्डकी विशेष खण्ड

# कालीगण्डकी र देवघाटधाम



**स्वामी ज्ञानानन्द सरस्वती**
पीठाधीश, श्रीहरिहर संन्यास आश्रम देवघाटधाम, तनहुँ

संसारमै अद्वितीय महिमाशालिनी कालीगण्डकी जसको गर्भमा भगवान् विष्णु स्वयं शालग्राम शिलाको रूपमा रहनुभएको कारणले शास्त्रमा यिनको महिमा सर्वोच्च रहेको छ।

**मत्सान्निध्यान्नदीनां त्वं सर्वमान्या भविष्यसि।**

(वराह पु.अ.१४४/५६)

नेपालको उच्च हिमाल दामोदरकुण्डमा गौरीका पसिनाबाट उत्पन्न भएकी काली र मुक्तिनाथीय एकसय आठ धाराको रूपमा विष्णुभगवान्का गण्डस्थलबाट प्रकट भएकी गण्डकी दुवै प्रवाहित हुँदै कागवेणीमा आएर एकीकरण भई कालीगण्डकी वा कृष्णागण्डकीको नामबाट बग्छिन्। यिनको महिमा भागीरथी गङ्गाको भन्दा उच्च रहेको छ, किनभने पौराणिक विवेचनअनुसार भागीरथी गङ्गा विष्णु भगवान्की पत्नी हुन् भने गण्डकी आमा हुन्।

**लक्ष्मीः सरस्वती गङ्गा तिस्रो भार्या हरेरपि।**

(देवी.भा. ९/६/१७)

**शालग्रामशिलारूपी तवगर्भगतः सदा**
**स्थास्यामि तव पुत्रत्वे भक्तानुग्रहकारणात् ॥**

(वराह पु.१४४/५५)

त्यसैले व्यासले भागवतमा **"चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति'** अर्थात् चक्रयुक्त शालग्राम भगवान्लाई गर्भमा धारण गर्ने चक्रनदी नामक सर्वश्रेष्ठ गण्डकी नदीले यस भूमण्डललाई पवित्र गर्दछिन्। स्मरण रहोस् विश्वमा चक्राकाराकरित शालग्राम शिला प्राप्त हुने एकमात्र नदी कृष्णागण्डकी नै हुन् यो नेपालको लागि गौरवको विषय हो। वेदादि ग्रन्थले वर्णन गरेअनुसार विविध आकारका शिला यिनै नदीमा प्राप्त हुनुले विज्ञ-अविज्ञ सबै समूहको लागि यो भन्दा प्रत्यक्ष प्रमाण के हुन सक्ला ? म्याग्दीको गलेश्वरमा रहेको गलेश्वर महादेव शिवलिङ्गले यो पनि संकेत गर्दछ कि गण्डकीमा प्राप्त हुने शिला हरिहरात्मक हुन् अर्थात् शिव र विष्णुरूप हुन् त्यहाँ चक्रैचक्रले युक्त विशाल शालग्राम शिलाको बिचमा गलेश्वर महादेव विराजमान छन्। त्यसै गरी देवघाटमा स्थित चक्रवर्तीशिला पनि शिव रूपमा पूजित भइरहेका छन्। त्यसो त गण्डकीबाट प्राप्त हुने शालग्राममा पाँचवटै देवताको कल्पना गरी पञ्चाङ्गदेवको पूजा गर्ने हाम्रो आर्ष परम्परा छँदै छ। व्यक्तिगत वा सार्वजनिक रूपमा निर्माण गरिएका शिवालयमा कृष्णगण्डकीकै शिलालाई शिवलिङ्ग प्रतिष्ठापन गर्दा अशास्त्रीय हुँदैन। यसमा भगवान् शंकराचार्यले भन्नुभएको छ -

**सुवृत्तां सुचक्रां शिलामञ्जनाभां।**
**जना भाग्यवन्तः कदाचिल्लभन्ते ॥**
**हरं वा हरिं वा मृडानीं हि तस्यां।**
**धिया भाग्यवन्तः कृतार्थाः हि ते स्युः ॥**

(गण्डकीस्तोत्र-६)

पवित्र कालीगण्डकी, कागवेणी, म्याग्दीवेणी, सेतिवेणी, रुद्रवेणी, रुरुक्षेत्र, राम्दी आदि पवित्र तीर्थस्थल निर्माण गर्दै देवघाटमा आई विभिन्न हिमनदी मिलेर आएकी त्रिशूलीसँग सङ्गम भई नारायणी नामले अगाडि प्रवाहित हुन्छिन् । निर्मल नारायणी हुनको लागि कृष्णागण्डकी र त्रिशूलीले आ-आफ्नो नाम र रूपलाई त्याग्नुपर्दछ । **"यस्तं गच्छन्ति नामरूपे विहाय"** त्रिशूली र कृष्णा जीव र ईश्वरका प्रतीक हुन् भने नारायणी **"एकं ब्रह्म"** ब्रह्मको प्रतीक हो, समस्त शास्त्र, उपदेश, अन्यान्य साधनको पर्यवसान अर्थात् अन्त्य ब्रह्ममा नै हुन्छ । जीवमा रहेको अहङ्कर्ता अहं भोक्ता र ईश्वरमा रहेको सर्वेश्वरता सर्वज्ञता भावलाई मूलतः त्याग्नुपर्दछ, त्यसपछि मात्र सत्य, ज्ञान, आनन्द र अद्वितीय आत्माको अनुभूति हुन्छ जसलाई परमानन्द पनि भनिन्छ । त्यस्तो सुखप्राप्तिको लागि नानापन्था, भिन्न-भिन्न मति, सम्प्रदायको अहम्, काम्यकर्मादिको त्याग अनिवार्य छ । ब्रह्मस्थानीय नारायणी जीव र ईशस्थानीय त्रिशूली र कृष्णा यसरी बुझ्दा वेदान्तदर्शनको लक्ष्य पनि सिद्ध हुन्छ र देवघाट अद्वैतभूमिको रूपमा सिद्ध हुन्छ ।

कालीगण्डकी र त्रिशूलीको सङ्गम देवघाटको उच्च महिमा वेद र विभिन्न पुराणमा समेत उल्लेख गरिएको छ -

**"सितासिते सरिते यत्र सङ्गते तत्राप्लुतासो दिवमुत्पतन्ति।**
**ये वै तन्वं विसृजन्ति धीरास्ते वै जना अमृत्त्वं भजन्ते ॥"**

(ऋग्वेद परिषिष्ट-१)

सिता=सेती मिलेर आएकी त्रिशूली र असिता=कालीगण्डकीनदीको जहाँ (देवघाटमा) सङ्गम भएको छ, त्यस पवित्र तीर्थस्थलमा जसले स्नान गर्दछन् ती प्राणी स्वर्गमा जान्छन् । जो बुद्धिमान् ज्ञानी पुरूषले त्यस पुण्यभूमिमा वासना त्याग गरी पाञ्चभौतिक शरीर विसर्जन गर्दछन्, ती पुण्यात्माले अमृत्त्वपद (अपुनर्भवपद) प्राप्त गर्दछन् ।

**सितासिते सरित् श्रेष्ठे देवानामपि दुर्लभे**
**यत्र प्लुता नरा यान्ति तद् विष्णोः परमं पदम् ॥**
**तयोश्च सङ्गमे देवि प्रयागमिति कथ्यते ।**

(हिमवत्खण्डः)

कृष्णा=कालीगण्डकीका तटमा परापूर्वकालदेखि पुलत्स्य, पुलह, देवदत्त, रुरुकन्या, और्व, भृगु, कपिल, जैमिनी, वाल्मीकि, पाणिनि आदि ऋषिमुनिका साथै राजर्षि भरत पश्चाद्वर्ती राजा मणिमुकुन्दसेन गलेश्वरबाबा ईश्वरानन्द, स्वामी परमानन्द सरस्वती आदिले तपस्या गरेको प्रसङ्ग पुराण र इतिहासहरूमा पाइन्छ ।

रुरुकन्यालाई प्रत्यक्ष दर्शन दिन त्रेतायुगमा भगवान् हृषीकेश चतुर्बाहु रूपमा यिनै गण्डकीका तटमा प्रकट भई भव्य शालग्राममूर्ति स्वरूपमा अद्यापि रुरुक्षेत्रमा विद्यमान हुनुहुन्छ । यिनै कालीगण्डकीका कारण नेपालमा दामोदरकुण्ड, मुक्तिनाथदेखि लिएर त्रिवेणीसम्म सयौं तीर्थस्थल बनेका छन् । विज्ञान र प्रविधिको प्रयोग गरी राष्ट्रको विकास गर्नु अति महत्त्वपूर्ण कुरा हो । तर विकासले विकृति ल्याउनु हुँदैन र आफ्ना परापूर्वकालदेखि चलिआएका धार्मिक, सांस्कृतिक, प्राकृतिक महत्त्वका धरोहरहरू यथावत् सुरक्षित राखी विकास गर्नुपर्दछ । गहनचिन्तन नगरी विकासको नाममा प्राकृतिक रूपमा प्रवाहित कालीगण्डकीको मूलप्रवाहलाई परिवर्तन गर्ने दुष्प्रयास कतैकसैबाट नहोओस् । विधिको विधानअनुसार बनेका तीर्थक्षेत्र एवं धार्मिक आस्थाका केन्द्रहरूलाई आघात नपुर्‍याई विकास गर्नु बुद्धिमानीपूर्ण कार्य हो ।

परापूर्वकालदेखि यज्ञयाग र ऋषिमुनिबाट तपश्चर्याको लागि चुनिएको पवित्र देवघाटधाम पौराणिक, ऐतिहासिक, आध्यात्मिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय दृष्टिले नेपालको मात्र नभएर विश्वकै अत्यन्त महत्त्वपूर्ण स्थल हुन गएको छ।

वैदिक कालदेखि नै कालीगण्डकी र त्रिशूली सङ्गमस्थलको उच्च महत्त्वलाई बुझेर वशिष्ठादि ऋषिमुनिले यहाँ तपश्चर्या गरी योगवाशिष्ठ आदि ग्रन्थको रचना गरे। यसै सेरोफेरो मादी र सेतीनदीको सङ्गम दमौलीमा महर्षि पराशरबाट वेदव्यासको जन्म भयो। जसले वेदको विभाजन, पुराणहरू, ब्रह्मसूत्र लेखन आदि महनीय कृत्य गर्नुभयो। त्रिवेणीमा वाल्मीकिद्वारा रामायण रचियो। यी महापुरुषहरूबाट आज पूर्वीय वाङ्मयजगत् समृद्ध र गौरवशाली बनेको छ।

**"यत्र कृष्णश्वेतनद्योः सङ्गमस्तदेव पावनं स्थलं प्रयागतीर्थमिति।"** (हिन्दुधर्मकोश, पृ.४२३)

**वेदैश्च परिपठ्यन्ते सितासिते सरिद्वरे।**
**सितासिते सरिच्छ्रेष्ठे देवानामपि दुर्लभे।**

(गण्डकीमाहात्म्य-१/१४)

**यत्रायजत भूतात्मा प्रथमन्तु पितामहः।**
**प्रयागमिति विख्यातं तस्माद् भरतसत्तम।**

(महाभारत, वनपर्व-८७)

कृष्णागण्डकी र श्वेतगण्डकीको सङ्गमस्थल देवघाट देवतीर्थको रूपमा अतिपवित्र छ जो देवतालाई पनि दुर्लभ बताइएको छ। यहीँ प्रजापति ब्रह्माले प्रथमपटक यज्ञ गरेकोले आदिप्रयाग नाम रह्यो।

**देवानामटनाच्चैव देवाटमिति संज्ञितम्।**

(वाराह पु. अ.१४४/१४५)

देवताहरू यहाँ भ्रमण गर्ने भएको कारणले देवाट, देवताहरू संघटित=एकत्रित हुने भएकाले देवघट्ट र देवताहरूले ब्रह्ममुहूर्तमा स्नान गर्ने घाट भएकोले यस पवित्र तीर्थको देवघाट नाम रहन गएको तथ्य पौराणिक विवेचनबाट स्पष्ट हुन्छ।

यहाँ सत्ययुगमा प्रजापति ब्रह्माले महान् यज्ञ गर्नुभयो त्यसैले आदिप्रयागको रूपमा पुराणहरूमा प्रसिद्धि भयो। त्रेतायुगमा भगवान् रामले यहीँ अश्वमेध यज्ञ गर्नुभयो। द्वापरयुगमा विभिन्न ऋषिमुनिले तपस्या र यज्ञयागादि गरे भने कलियुगमा पनि यहाँ ऋषिमुनि राजर्षिहरूबाट तपश्चर्या यज्ञयागादि हुँदै आएको तथ्य ऐतिहासिक ग्रन्थहरूबाट अवगत हुन्छ। संभवतः कपिलमुनिकी माता मनुपुत्री देवहूती श्रीमद्भागवतमा -

**तस्यास्तद्योगविधुतमार्त्यं मर्त्यमभूत् सरित्।**

(भा.३/३३/३२)

निर्देश गरेअनुरूप पाञ्चभौतिक शरीर त्यागेर नदी बनेको प्रमाणअनुसार देवहूतीनदी कालक्रमिक उच्चारणले परिवर्तित देउती खोलो देवघाटमै कृष्णगण्डकीमा समाहित हुन्छ।

आध्यात्मिक दृष्टिले यस पवित्र तीर्थस्थलमा स्नान, तपश्चर्यादिद्वारा शरीर र मन पवित्र भई अध्यात्मविद्याको चिन्तनले जीवात्माको सांसारिक वासना क्षय भई सायुज्य मुक्ति मिल्ने कुरा शास्त्रमा स्पष्ट भनिएको छ-

**इत्थमादि प्रयागाख्यमादिभूतं मम प्रियम्।**
**भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम्।**

(गण्डकी महात्म्य-७/६७)

यस पुण्यक्षेत्रमा निरन्तर अध्यात्मका धारा सन्तमहात्माका मुखारविन्दबाट प्रवाहित भइरहन्छन्, जिज्ञासु र मुमुक्षुले त्यसबाट फाइदा लिइरहेका छन्।

हाम्रा धार्मिक ग्रन्थहरूमा हिमनदीको सङ्गम तीर्थको रूपमा मानिएको छ । यसमा पनि विश्वका सबै हिन्दूले पूजा गर्ने शालग्राम शिला गर्भमा धारण गर्ने पवित्रतम कृष्णागण्डकी र भगवान् शङ्करका त्रिशूल एवं गौरीका स्वेदबाट विभिन्न हिमालयमा प्रकट भएका त्रिशूली, सेती, मादी, बुढीगण्डकी, मर्स्याङ्दी आदि पवित्र हिमनदी मिलेर आएकी शुक्लाको पवित्र सङ्गम जसलाई वेदले पनि **"सितासिते यत्र सङ्गते"** आदि शब्दले अतिश्रेष्ठ रूपमा प्रतिपादन गरेको छ ।

महत्त्वपूर्ण देवतीर्थ देवघाटमा स्नान, यज्ञ, तपस्या आदि सत्कर्म गर्ने मानवको जीवन सफल बन्दछ । कतिपय अन्य तीर्थक्षेत्र प्राकृतिक भन्दा पनि भौतिक विकासको आधारमा प्रचारप्रसारको कारणबाट प्रसिद्ध भएका छन् तर देवघाटधाम प्राकृतिक र शास्त्रीय दृष्टिले अत्युत्तम मानिएको छ ।

नेपालको मध्यभागमा दुई महानदीको सङ्गम प्राकृतिक दृष्टिले सुमनोहर र यातायातको समेत कठिनाइ नभएको कारणले यो क्षेत्र पर्यटकीय दृष्टिले पनि अतिआकर्षक र महत्त्वपूर्ण रहेको छ ।

पाँचसय वर्षपुरानो मणिमुकुन्देश्वरको शिवालय र त्यस परिसरका ऐतिहासिक अवशेष एवं पछि बनेका मठमन्दिर पाटीपौवा गुरुकुल, विद्यालय आदिले गर्दा देवघाटधाम धार्मिक ऐतिहासिक प्राकृतिक आध्यात्मिक र शैक्षिक दृष्टिले दर्शनीय बन्न पुगेको छ ।

पवित्र पुण्यस्थल देवघाट
झिल्का झरेको सुखस्वर्गबाट
खोली अँध्यारो मनको कपाट
गराउने झल्ल महा विराट

हिमालको शीतल काख छोडी
ढुङ्गा र चट्टान अनेक फोडी
काली त्रिशूली यही एक ज्यान
नारायणी भैकन थप्छ ज्ञान

- युगकवि सिद्धिचरण श्रेष्ठ

# कृष्णागण्डकी : अनन्त सम्भावना



**स्वामी रमणानन्द गिरि**
पीठाधीश - महेश संन्यास आश्रम, देवघाटधाम

## १. पृष्ठभूमि

वैदिक सनातन धर्ममा नदीहरूलाई देवीको रूपमा पूज्ने गरिन्छ । आमाले स्तनपान गराएर सन्तानहरूलाई हुर्काएझैँ नदीहरूले पनि आफ्नो जलधाराले सम्पूर्ण प्राणीहरूलाई पोषित गरेकाले तिनलाई माताको रूपमा सम्मान गर्दै वैदिक महर्षिहरू भन्छन् - **आपो अस्मान् मातरः शुन्धयन्तु** (ऋग्वेद १०/१७/१०) । हिन्दूहरूले हरेक नदी-नालालाई पवित्र मान्ने गरे पनि केही विशेष नदीहरूलाई अत्यन्त आदर र सम्मानको दृष्टिले हेरिन्छ । यस्ता पवित्र नदीहरूमध्ये सरित्प्रवरा (श्रीमद्भा.५/७/१०), महानदी (श्रीमद्भा.५/८/१),(पद्मपु.उत्तरखं. ७५/४), चक्रनदी (श्रीमद्भा.५/७/१०), देवनदी (वराहपु.१४५/७९) जस्ता नामहरूले पुराणमा प्रशंसा गरिएकी गण्डकी प्रमुख नदी हुन् । यस आलेखमा सनातन हिन्दू धर्ममा शालग्रामवाहिनी कृष्णा गण्डकीको महत्त्वका सम्बन्धमा चर्चा गर्नुका साथै गण्डकीका अनन्त सम्भावनाहरूमध्ये काली गण्डकी परिक्रमाको अभियान र त्यसबाट नेपालको आध्यात्मिक पर्यटन क्षेत्रलाई प्राप्त हुने सांस्कृतिक, सामाजिक र आर्थिक लाभको चर्चा गरिन्छ ।

## २. वैदिक वाङ्ग्यमा गण्डकी

वैदिक वाङ्ग्यमा गण्डकी शब्दको स्पष्ट उल्लेख नभए पनि गण्डकी नदीको महत्ताको सङ्केत भने अवश्य पाइन्छ । वेदले भन्छ- **सितासिते सरिते यत्र सङ्गते । तत्राप्लुतासो दिवमुत्पतन्ति** ।। (ऋग्वेद मं.१०/७५ खिलसूक्त परिशिष्ट) अर्थात् जहाँ सेता र काला नदीहरू मिल्छन् त्यहाँ स्नान गर्ने व्यक्तिहरू दिव्यलोकमा जान्छन् । कृष्णागण्डकी र शुक्लागण्डकी(सेती)को सङ्गम देवघाटधाममा आएर हुन्छ । कृष्णा र शुक्ला नाम भएका दुई नदीहरूको सङ्गम संसारमा यही एउटामात्र छ । त्यसैले वेदले गण्डकीको तटवर्ती यही पवित्र तीर्थको महिमा गाएको हो भनी ठम्याउन कुनै गाह्रो पर्दैन । त्यसै गरी ऋग्वेदमा सात दिदीबहिनी भएका तीनओटा नदीहरूको वर्णन छ- **त्रिः सप्त सस्रा नद्यो महीरपो वनस्पतीन् पर्वताँऽअग्निमूतये । कृषनुमस्त्रीन् तिख्यं सधस्थ आ रुद्रेषु रुद्रियं हवामहे ।।**

(ऋग्वेद १०/५/६४/८) । वैदिक यज्ञको रक्षाका लागि बोलाइएका यी एक्काईस नदीहरू सप्तगण्डकी, सप्तकोशी र सप्तकर्णाली नै हुन् भनेर अध्येताहरूको आकलन रहेको छ ।

## ३. पौराणिक वाङ्मयमा गण्डकी

भगवान् विष्णुले मुक्तिक्षेत्रमा रही भगवान् शिवको तपस्या गर्दा तपस्याको तेजबाट शरीर तातो भई गण्डस्थल(गाला)बाट पसिना बग्दा गण्डकी नदी बनेको पौराणिक कथा पाइन्छ । त्यस्तै भगवती पार्वतीले पञ्चाग्निव्रत एवं तपस्या गर्दा उद्यापनको समयमा पसिना बग्दा कृष्णागण्डकी नदी बनेको पनि प्रमाण छ ।

पुराणहरूमध्ये स्कन्दपुराण, वराहपुराण, श्रीमद्भागवत, पद्मपुराण, देवीभागवत, गणेशपुराण, वाल्मीकीयरामायण, अध्यात्मरामायण, आनन्दरामायण आदिमा गण्डकीको विशेष महिमा बताइएको छ । महाभारतमा पनि गण्डकीको विशेष महत्त्व बताइएको छ । यी विभिन्न पुराणहरूमा गण्डकीको उत्पत्ति र महत्त्वका विषयमा विभिन्न पुराकथा र आध्यात्मिक सन्दर्भहरू बताइएका छन् । भगवान् विष्णुले शिवको तपस्या गर्दा गण्डकीको उत्पत्ति भएको प्रसङ्ग र भगवती पार्वतीको शरीरबाट उत्पत्ति भएको दुवै प्रसङ्गलाई नियाल्दा गण्डकी नदीको सनातन साधनाका तीन प्रमुख धार- शिव, विष्णु र शक्ति यी तीनै तत्त्वसँग सम्बन्ध रहेको पाइन्छ । पौराणिक वाङ्मयमा गण्डकीको मात्र नभई त्यसका तटवर्ती पवित्र क्षेत्रहरूको समेत विशेष महिमागान गरिएकाले यी विभिन्न पक्षहरूको समेत चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### ३.१. उत्पत्ति

गण्डकी नदीको उत्पत्ति कसरी र कहाँबाट भयो ? भन्ने निर्क्योल गर्नु आवश्यक छ । गण्डकीलाई चेतन तत्त्व या देवताको रूपमा मानी दिव्यलोकका विभिन्न घटनाहरूको आधारमा यिनको उत्पत्ति भएको कथा पुराणहरूमा पाइन्छ । त्यसैगरी गण्डकीको मूल भौगोलिक स्रोत कुन हो ? भन्ने निर्णय गर्न पनि पुराणहरूको आधार लिनुपर्ने हुन्छ ।

#### ३.१.१. पौराणिक सन्दर्भ

पुराणहरूमा गण्डकी उत्पत्तिका सन्दर्भहरूलाई केलाउँदा चारवटा धार देखिन्छन् -

क) विष्णुको गण्डस्थलबाट निस्किएको पसिना ।

ख) शङ्खचूडकी पत्नी तुलसीको शरीर नै गण्डकी बन्नु ।

ग) ब्रह्मपुत्री गण्डकी नदी ।

घ) पार्वतीको पसिनाबाट सप्तगण्डकीको उत्पत्ति ।

वराहपुराण गण्डकीको महत्त्व बताउने पुराणहरूमध्ये सबैभन्दा अग्रपङ्क्तिमा आउँछ । जसअनुसार भगवान् विष्णुले लोकहितका लागि हिमालयमा शिवको दर्शन पाउन तपस्या गर्दा तपस्याको तेजबाट शरीर तातेर गण्डस्थलबाट पसिना खस्दा गण्डकीको उत्पत्ति भएको हो[1] । शिवले विष्णुलाई वर दिँदै गर्दा तिनै गण्डकीको गर्भमा भगवान् विष्णुको वास हुने वर प्रदान गर्नुभएको छ [2]। उक्त वरदानअनुसार शालग्राम शिलाको रूपमा भगवान् विष्णु गण्डकीको गर्भमा रहनुहुन्छ ।

शिवपुराण र देवीभागवत महापुराणमा शङ्खचूड र तुलसीको उपाख्यानसँग गण्डकी उत्पत्तिको सन्दर्भ जोडिएको छ । भगवान्को लीलाबाट सुदामा नामका सखा दानवराज शङ्खचूडको रूपमा जन्मिएका छन् र ब्रह्माजीले गोलोकबाट झरेकी तुलसीसँग शङ्खचूडको वैवाहिक सम्बन्ध गाँसिदिनुभएको छ । विष्णुले दानवराज शङ्खचूडलाई मार्न तुलसीको तपोभङ्ग गराउँदा तुलसीले विष्णुलाई शिला बन्नुपर्ने सराप दिन्छिन्[3] र भगवान् विष्णुले तिम्रो शरीर सर्वश्रेष्ठ नदी गण्डकी बन्नेछ र म शिलाको रूपमा त्यसभित्र रहनेछु भनी वर दिनुभएको छ[4] । शिवपुराणमा भने तुलसी र विष्णुको कलहको बीचमा आई भगवान् शिवले यही व्यवस्था गर्नुभएको पाइन्छ[5] ।

स्कन्दपुराणको नागरखण्डमा परम पुण्यदायी नदीको रूपमा गण्डकीको उल्लेख गर्दा तिनलाई ब्रह्मपुत्री[6] भनी बताइएको छ । शिव र पार्वतीको प्रणयलीलालाई देवताहरूले बिथोलेपछि पार्वतीले सम्पूर्ण देवताहरूलाई शिला बन्नुपर्ने सराप दिनुभएको छ । देवताहरूले प्रार्थना एवम् अनुनय-विनय गरेपछि पार्वतीले मर्त्यलोकमा सबै देवताहरू पूजनीय शिलाको रूपमा रहने र भगवान् विष्णु गण्डकीको गर्भमा रहने वर दिनुभएको छ [7]।

---

[1] तस्योष्मणः समुद्भूतः स्वेदपूरस्तु गण्डयोः। तेन जाता धुनी दिव्या लोकानामघहारिणी ॥(वराहपु. १४४/९४)

[2] गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा । भविष्यति न सन्देहो यस्या गर्भे भविष्यसि ॥(वराहपु. १४४/१०६)

[3] पाषाणहृदयस्त्वं हि दयाहीनो यतः प्रभो ॥ तस्मात्पाषाणरूपस्त्वं भवे देव भवाधुना ॥ (देवीभागवतमहापु. ९/२४/२४-२५)

[4] इयं तनूर्नदीरूपा गण्डकीति च विश्रुता । सुपुण्यदा नृणां पुण्ये वर्षे भवतु भारते ॥ (देवीभागवतमहापु. ९/२४/३१)
अहञ्च शैलरूपेण गण्डकीतीरसन्निधौ । अधिष्ठानं करिष्यामि भारते तव शापतः ॥(देवीभागवतमहापु. ९/२४/५६)

[5] हरिर्वै शैलरूपी च गण्डकीतीरसन्निधौ । सङ्करिष्यत्यधिष्ठानं भारते तव शापतः ॥(शिवमहापु., रुद्रसंहिता, ५/४१/४९)

[6] निम्नगा गण्डकी नाम ब्रह्मणो दयिता सुता। (स्कन्दमहापु.,नागरखं, २५१/२५)

[7] मर्त्यलोकञ्च सम्प्राप्य प्रतिमासु च सर्वशः । सर्वे देवाश्च वरदा लोकानां प्रभविष्यथ ॥ (स्कन्दमहापु.,नागरखं, २५१/११)
पाषाणसारसम्भूता पुण्यदात्री महाजला । तस्याः सुविमले नीरे तव वासो भविष्यति ॥(स्कन्दमहापु.,नागरखं, २५१/२६)

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा पञ्चाग्नि व्रत गरिरहेकी पार्वतीले व्रतको समापनमा सप्तर्षिहरूको दर्शन गरी उद्यापनको रूपमा विभिन्न दानहरू गर्ने क्रममा भिन्न-भिन्न स्थानमा शरीरका भिन्न-भिन्न अङ्गहरूबाट पसिना खस्दा सप्तगण्डकीको उत्पत्ति भएको बताइएको छ[8] । धर्मधारा, यशोधारा, विश्वधारा, सितप्रभा, रत्नधारा, सुवर्णाभा र कृष्णाभा नामका सात गण्डकीहरू क्रमशः माहेश्वरी, ब्राह्मी, नारसिंही, वैष्णवी, कौमारी, कालिका र गङ्गाका स्वरूप हुन् भनी बताइएको छ[9] । यसरी गण्डकी उत्पत्तिको सन्दर्भ सनातन धर्मका सबै प्रमुख देवताहरूसँग जोडिएको छ।

### ३.१.२. कृष्णागण्डकीको मूल स्रोत

कृष्णा गण्डकीको मूल स्रोत मुक्तिनाथ मन्दिरपरिसरको १०८ गोमुखको जलधारा हो कि दामोदरकुण्डको क्षेत्र हो ? भन्ने निर्णय गर्नु आवश्यक छ। यद्यपि मुक्तिक्षेत्रका विभिन्न हिमनदीहरू मिलेर गण्डकी नदी बनेको छ तर यसको प्रमुख स्रोत के हो ? भन्ने कुराको भौगोलिक निर्धारण हुनु अत्यन्त जरुरी छ । सामान्यतया मुक्तिनाथ मन्दिरसम्म दर्शनार्थीहरूको सहज पहुँच भएकाले जनमानसले त्यही क्षेत्रलाई कृष्णा गण्डकीको मूल मानेको छ तर पुराणहरूको प्रमाणअनुसार भने दामोदर कुण्डलाई गण्डकीको मूल मान्नुपर्ने देखिन्छ। स्कन्दपुराणको हिमवत्खण्डमा भनिएको छ -

**मुक्तिधारा च कृष्णाभा तयोः साङ्गमिकं जलम् । सर्वतीर्थोत्तमं विद्धि देवलोकैश्च वाञ्छितम् ।।**
(हिमवत्खण्ड, ५५/८२)

यस श्लोकमा कागवेणी तीर्थको वर्णन गर्दै त्यहाँ मुक्तिधारा र कृष्णाभाको सङ्गम हुने बताइएको छ । दामोदरकुण्डदेखि बग्दै आएकी कृष्णाभा अर्थात् कृष्णागण्डकी र मुक्तिनाथबाट आएको मुक्तिधाराको अलग-अलग उल्लेख भएबाट पूर्वोक्त गण्डकीको मूल स्रोतसम्बन्धी प्रश्नको निवारण भएको छ । कृष्णा गण्डकीमा भगवान् विष्णु शालग्रामको रूपमा रहने, गण्डकीको तीरमा शालग्राम पर्वतको रूपमा विष्णु रहने भन्नेजस्ता सबै पौराणिक सन्दर्भहरू शालग्राम पर्वतको कोखमा रहेको दामोदरकुण्डसँग नै मिल्ने देखिन्छ।

यहाँ शङ्का हुन सक्छ - भगवान् विष्णुले मुक्तिक्षेत्रमा तपस्या गर्नुभएको कथाप्रसङ्ग देखिएकाले र हाल मुक्तिनाथ मन्दिर त्यही परिसरमा रहेकाले यही क्षेत्रलाई गण्डकीको मूल स्रोत मान्न किन मिल्दैन ? दामोदरकुण्ड मुक्तिनाथबाट तीन दिनको बाटो पर भएकाले पनि त्योभन्दा मुक्तिनाथ मन्दिरको परिसरलाई नै प्रमुख स्रोत मान्नु उचित छ... आदि । यसको उत्तरमा मुक्तिक्षेत्रको पौराणिक

---

[8] (स्कन्दमहापु., हिमवत्खं, अध्याय ४४)

[9] माहेश्वरी ततो ब्राह्मी नारसिंही च वैष्णवी । कौमारी कालिका गङ्गा गण्डक्यः क्रमशो मम ।।(स्कन्दमहापु., हिमवत्खं, ४४/७८)

परिधि खोज्नुपर्ने हुन्छ । वराहपुराणमा मुक्तिक्षेत्रको परिधि बाह्र योजन भनिएको छ । जसमा साक्षात् शालग्रामको रूपमा आफ्नो निवास हुने विष्णुको भनाइ देखिन्छ-

**आरभ्य मुक्तिक्षेत्रं तत् क्षेत्रं द्वादशयोजनम् ।**
**शालग्रामस्वरूपेण मया यत्र स्थितं स्वयम् ।।** (वराहपु. १४४/१५९)

हाल मुक्तिनाथ मन्दिर र ज्वालाजी भएको क्षेत्रलाई स्कन्दपुराण हिमवत्खण्डले मुक्तिपर्वतको मध्यभाग भनी परिभाषित गरेको छ –

**मुक्तिभूभृन्मध्यभागे धात्रा तप्तं पुरा मुने ।**
**समावाह्य जले वह्निं हुतवाँस्तत्र हव्यकम् ।।** (५६/३-४)

मुक्तिक्षेत्रमा अन्यत्र कतै पनि जलधारामाथि अग्निज्वाला नदेखिएकाले हाल विद्यमान ज्वालाजीको क्षेत्र नै मुक्तिपर्वतको मध्यभाग हो भन्ने स्पष्ट हुन्छ । यसरी मुक्तिनाथ मन्दिरलाई मुक्तिक्षेत्रको मध्यबिन्दु मान्दा त्यसका शिर र फेद भने दूरीका हिसाबले मुक्तिनाथबाट लगभग समान दूरीमा रहेका दामोदरकुण्ड र पुलहाश्रम हुन् [10]। यस अतिरिक्त दामोदर कुण्डलाई गण्डकीको शिर मान्नुमा अन्य प्रमाणहरू पनि रहेका छन् । वराहपुराणमा गण्डकीतटका पन्ध्रवटा गोपनीय तीर्थहरू बताउने क्रममा चक्रस्वामी भन्ने तीर्थको सुरुमै उल्लेख भएको छ[11] । चक्रस्वामी तीर्थको वरिपरि चक्राङ्कित शालग्राम शिलाहरू छरिएको देखिन्छ[12] भन्ने भनाइबाट यो चक्रस्वामी तीर्थ दामोदरकुण्ड नै हो भन्ने स्पष्ट हुन्छ । जताततै शालग्राम छरिएको यो तीर्थको क्षेत्र तीन योजन फैलिएको छ[13] भनिएबाट सम्पूर्ण शालग्राम पर्वतको क्षेत्रलाई समेटिएको छ । गण्डकीतटको सुरुवाती चरणको तीर्थको रूपमा बताइएकाले दामोदरकुण्डबाट नै गण्डकीको आरम्भ मान्नु युक्तियुक्त छ ।

स्कन्दपुराणको हिमवत्खण्डमा पनि मुक्तिक्षेत्रका तीन कुण्डहरूको उल्लेख गरिएको छ- ब्रह्मकुण्ड, रुद्रकुण्ड र अनन्तकुण्ड[14] । हाल दामोदरकुण्ड क्षेत्रमा साना-साना तीन कुण्डहरू नै देखिन्छन् । जसमध्ये अनन्तकुण्ड भनिएको कुण्ड नै हाल दामोदरकुण्डको नाममा प्रसिद्ध भएको ठम्याउन सकिन्छ ।

---

[10] दहाल, शारदाप्रसाद(२०४५) *मुक्तिक्षेत्र*, मुस्ताङ् : 'मुक्तिक्षेत्र' शोधकृति प्रकाशन समिति, पृ.१३ ।

[11] (वराहपु., अध्याय १४५)

[12] चक्रस्वामीति विख्यातं तस्मिन् क्षेत्रे परं मम । चक्राङ्कितशिलास्तत्र दृश्यन्ते च इतस्ततः ।।(वराहपु. १४५/३८)

[13] चक्राङ्कितशिला यत्र दृश्यते वरवर्णिनि । तदेतद् विद्धि वसुधे समन्ताद्योजनत्रयम् ।।(वराहपु. १४५/३९)

[14] ब्रह्मकुण्डे नरः स्नात्वा ब्रह्मलोकं प्रगच्छति । रुद्रकुण्डे तथा स्नात्वा रुद्रलोकं प्रगच्छति ।। अनन्ताख्यह्रदे स्नात्वा दिवं यान्ति नरोत्तमाः । (स्कन्दमहापु., हिमवत्खं, ५६/२३-२४)

## ३.२. महत्त्व

जगत्पिता भगवान् विष्णुलाई पनि आफ्नो गर्भभित्र शालग्राम शिलाको रूपमा पुत्र बनाई धारण गर्ने गण्डकीको महिमा अवर्णनीय छ । संसारमा सबैभन्दा पवित्र नदी मानिने गङ्गा नदी भगवान् विष्णुको पाउले स्पर्श गरेको जलधारा हो । तर गण्डकी नदी त साक्षात् भगवान्कै श्रीविग्रहको अंश हो । संसारमा सर्वेश्वर भगवान्लाई पुत्रको रूपमा धारण गर्ने सौभाग्य जम्मा दुई नदीले प्राप्त गरेका छन् । भगवान् शिवलाई नर्मदेश्वर शिलाको रूपमा गर्भमा धारण गर्ने नर्मदा नदी र भगवान् विष्णुलाई गर्भमा धारण गर्ने शालग्रामवाहिनी कृष्णागण्डकी । फेरि शालग्राम शिला सर्वदेवमय मानिएकाले शालग्रामवाहिनी गण्डकी पनि सर्वदेवमय छिन् । महाभारतमा शालग्रामक्षेत्रमा एउटा कुवा रहेको र त्यसमा चारै समुद्र समाविष्ट भएको वर्णन पाइन्छ[15] । त्यसै गरी देवह्रद(देवघाटधाम) तीर्थमा स्नान गर्नाले अश्वमेध यज्ञ एवं हजार गोदान गरेसमानको पुण्य प्राप्त हुने कुरा बताइएको छ[16]। पद्मपुराणअनुसार शालग्राम शिलामा सम्पूर्ण चराचर जगत् नै समाविष्ट भएको हुन्छ[17] । शालग्राम क्षेत्रमा आफूसहित हृषीकेश भगवान्को नित्य निवास भएको कुरा शिवले पार्वतीलाई बताउनुभएको छ[18] । त्यहाँ ब्रह्माजीको वचनले तीर्थहरूमध्ये श्रेष्ठ तीर्थराजको रूपमा गण्डकीक्षेत्रको वर्णन गरिएको छ[19] । वराहपुराणमा पनि हिमालयमा तपस्या गरिरहेका चन्द्रमालाई शिवले वर दिंदा त्यहाँ शालग्राम पर्वतको रूपमा भगवान् विष्णु र सोमेश्वर पर्वतको रूपमा स्वयम् आफू रहने बताउनुभएको छ । यी दुई पर्वतको बीचमा रहेका शिलाहरू शिव र विष्णुका स्वरूप हुन् भनिएको छ[20] । वराहपुराणमा नै गण्डकीले भगवान् विष्णुको तपस्या गरी आफ्नो पुत्र बन्न प्रार्थना गरेको प्रसङ्ग आउँछ[21] । विष्णुले वर दिंदै आफ्नो सान्निध्यले गण्डकी नदी सर्वश्रेष्ठ हुने र दर्शन एवं स्पर्शमात्रले महापापहरूलाई समेत नाश गर्ने वर प्रदान गर्नुभएको छ -

---

[15] शालग्राम इति ख्यातो विष्णोरद्भुतकर्मकः ॥
अभिगम्य त्रिलोकेशं वरदं विष्णुमव्ययम् । अश्वमेधमवाप्नोति परां सिद्धिञ्च गच्छति ॥
तत्रोदपानं धर्मज्ञ सर्वपापप्रमोचनम् । समुद्रास्तत्र चत्वारः कूपे सन्निहिताः सदा ॥ (महाभारत, वनपर्व, तीर्थयात्रापर्व ८५/२०-२१)
सर्वदेवह्रदे स्नात्वा गोसहस्रफलं लभेत् ॥ (महाभारत, वनपर्व, ८५/३९)

[16] तत्र देवह्रदे स्नात्वा शुचिः प्रयतमानसः । अश्वमेधमवाप्नोति परां सिद्धिञ्च गच्छति ॥(महाभारत, वनपर्व, ८८/१२४-१२६)

[17] शालग्रामशिलायान्तु त्रैलोक्यं सचराचरम् । महाशय महेशान नित्यं तिष्ठति संहितम् ॥(पद्ममहापु., उत्तरखं, १२०/४)

[18] तस्यां भूमौ हृषीकेशो नियमेन समन्वितः। वर्ततेऽद्यापि तत्रैव मया सह न संशयः॥ (पद्ममहापु., उत्तरखं, ७५/१२)

[19] सर्वदा सर्वकाले तु अहं गच्छामि पार्वति । तीर्थानां तीर्थराजोऽयं ब्रह्मणा भाषितः किल ॥(पद्ममहापु., उत्तरखं, ७५/१६)

[20] शालग्रामगिरिर्विष्णुरहं सोमेश्वराभिधः। तयोः पर्वतयोर्या वै शिला विष्णुशिवाभिधाः ॥(वराहपु. १४४/२९)

[21] यदि देव प्रसन्नोऽसि देयो मे वाञ्छितो वरः। मम गर्भगतो भूत्वा विष्णो मत्पुत्रतां व्रज ॥(वराहपु. १४४/५३)

**मत्सान्निध्यान्नदीनां त्वमतिश्रेष्ठा भविष्यसि ।**

**दर्शनात्स्पर्शनात् स्नानात् पानाच्चैवावगाहनात् ।**

**हरिष्यसि महापापं वाङ्मनःकायसम्भवम् ।।** (वराह. १४४/५६)

मुक्तिक्षेत्रमा विष्णुले शिवको तपस्या गरिरहँदा उहाँलाई वर प्रदान गर्दै शिवले **सरितां वरा** अर्थात् नदीहरूमध्ये श्रेष्ठ गण्डकीको गर्भमा शालग्रामको रूपमा रहने वर दिनुभएको छ । गण्डकीलाई देवनदीको संज्ञा दिइएको छ । गण्डकी र त्रिशूली यी दुई देवनदीको सङ्गम भएको क्षेत्रमा देवताहरू स्वर्गबाट ओर्लिएर विचरण गर्ने देवघाट क्षेत्रको समेत उल्लेख वराहपुराणमा पाइन्छ[22] । त्यहाँ दुई देवनदीको सङ्गमलाई सर्वतीर्थकदम्बक अर्थात् सबै तीर्थहरूको समूह भनिएको छ[23] । देवह्रदको निर्माण कसरी भयो भन्ने कुरा पनि त्यहाँ बताइएको छ । बलिको यज्ञस्थलमा भगवान् वामनले त्रिविक्रम रूप लिँदा पाउ धसिएर बनेको खाल्टो नै देवह्रद हो-

**तत्र देवह्रदं नाम मम क्षेत्रं वसुन्धरे ।**

**यत्र क्रान्तासि मे भूमे बलेर्यज्ञविनाशनात् ।।**(वराह. १४५/७१)

स्कन्दपुराणको हिमवत्खण्डमा सप्तगण्डकीको उत्पत्तिसम्बन्धी लामो चर्चा गरिएको छ[24] । त्यहाँ नीलकण्ठह्रद (गोसाइँकुण्ड) क्षेत्रमा गौरीले पञ्चाग्नि तापेर विशेष साधना र व्रत सम्पन्न गरेपछि त्यसको उद्यापनको रूपमा विभिन्न स्थानमा तपस्यारत ऋषिहरूकहाँ पुगी अन्न, वस्त्र, आभूषण आदि दान गर्नुभएको छ । त्यही क्रममा नीलकूट पर्वतमा बाँया पाउबाट पसिना खस्दा धर्मधारा (त्रिशूली), रौप्यशृङ्ग (लार्के हिमाल) पर्वतमा चिउँडोबाट पसिना खस्दा यशोधारा (तादी), महाकूट पर्वतमा ओठको बायाँ चेपबाट पसिना खस्दा विश्वधारा (बुढीगण्डकी), मणिकूट पर्वत (माछापुच्छ्रे) मा गालाबाट पसिना खस्दा सितप्रभा (सेती), रत्नकूट पर्वत (अन्नपूर्ण हिमाल) मा कपालबाट पसिना खस्दा रत्नप्रभा (मादी), त्यहाँभन्दा आठकोश परको एकशृङ्ग नामक पर्वतमा निधारबाट पसिना खस्दा सुवर्णाभा (मर्स्याङ्गदी) र द्विकूट पर्वत (शालग्राम पर्वत) मा आँखाको कुनाबाट पसिना खस्दा कृष्णाभा (काली गण्डकी) गरी सात गण्डकीहरूको जन्म भएको छ[25] । गौरीका भिन्न-भिन्न अङ्गबाट निस्किएका यी नदीहरूलाई गण्डकी भनिनुको कारण पनि त्यहाँ बताइएको छ । गौरीको पसिनाबाट निस्किएका ती पवित्र नदीहरूमा सर्वप्रथम गण्ड नाम गरेका ऋषिले स्नान गरेका थिए । तीर्थदेवीको आशीर्वादले तिनै ऋषिको नामबाट सबै

[22] सम्भेदो देवनद्योस्तु समस्तसुखवल्लभः। दिवोऽवतीर्य तिष्ठन्ति यत्र देवाः सहानुगाः ॥ (वराहपु. १४५/७९-८०)

[23] एवं नदीसमुद्भेदः सर्वतीर्थकदम्बकम् । मम क्षेत्रे समाख्यातं पुण्यं परमपावनम् ॥ (वराहपु. १४५/८५)

[24] (स्कन्दमहापु., हिमवत्खं, अ. ४४)

[25] नेपाल, नलराज शास्त्री(२०७०) *चार तीर्थराज प्रयाग*, देवघाटधाम : मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम, पृ.१७६-१८१ ।

नदीहरूलाई गण्डकी भनिएको हो[26] । गण्डकीसङ्गमका तीर्थहरू सर्वतीर्थोत्तम र देवताहरूले समेत प्रार्थना गर्ने तीर्थ भएको बताइएको छ[27] । स्कन्दपुराणको नागरखण्डमा गण्डकीलाई ब्रह्मपुत्री नदीको रूपमा उल्लेख गर्दै तिनलाई पुण्यदात्री र महाजला भनिएको छ ।

देवीभागवत महापुराणमा पुलहाश्रममा सांख्याचार्य कपिल महर्षिको आश्रम रहेको र त्यहाँ अहिलेसम्म कपिल विद्यमान भएको बताइएको छ[28] । यसैगरी गण्डकीलाई अत्यन्त पुण्यदायक र प्रसिद्ध नदीको रूपमा उल्लेख गरिएको छ ।

श्रीमद्भागवत महापुराणमा भरतोपाख्यानको सन्दर्भमा गण्डकीलाई सरित्प्रवरा, चक्रनदी र महानदीजस्ता उत्कृष्ट शब्दहरूले सम्बोधन गरिएको छ । बलरामको तीर्थयात्राको क्रममा पनि गण्डकीस्नानको प्रसङ्ग देखिन्छ[29] ।

गणेशपुराणमा दानवराज सिन्धुका पिता चक्रपाणिको भक्तिले खुशी भई भगवान् गणेश सुरम्य गण्डकीनगरमा प्रवेश गर्नुभएको प्रसङ्ग देखिन्छ[30] ।

विष्णुपुराणमा महापुण्यमय शालग्राम क्षेत्रमा राजा आग्नीध्रले तपस्या गरेको[31], आग्नीध्रका छोरा ऋषभदेवले आफ्ना छोरा भरतलाई राज्य दिई पुलहाश्रम गएको[32] र भरतले पनि सुमतिलाई राज्य दिई शालग्राम क्षेत्रमा नै तपस्या गरेको[33] तीनपुस्ते तपस्थलीको रूपमा गण्डकीतटको पुलहाश्रमको वर्णन पाइन्छ । त्यस क्षेत्रमा पुलस्त्य ऋषिले समृद्ध र रमणीय एउटा वीरनगर नामको सहर बसाएको चर्चा पनि विष्णुपुराणमा पाइन्छ[34] । हाल रहेको वेनीबजार क्षेत्रलाई नै वीरनगर भन्न सकिने देखिन्छ । **इक्षुमती** अर्थात् रहूगङ्गाको तीरमा कपिल ऋषिको श्रेष्ठ आश्रमको चर्चा पनि विष्णुपुराणमा पाइन्छ[35] । यसरी राजर्षि भरतले मात्र नभई उनका पुस्तौँ पुस्ताले पवित्र तपस्थलीको रूपमा गण्डकीतटको तीर्थलाई रोजेको देखिन्छ ।

---

[26] गण्डेनादौ हि संस्नातं गण्डकीति वदिष्यति । लोका वै सप्त गण्डक्य इति वक्ष्यन्ति सन्ततम् ॥ (स्कन्दमहापु., हिमवत्खं, ४४/३३)

[27] (स्कन्दमहापु., हिमवत्खं, अ. ४४)

[28] उपदिश्य महायोगी स ययौ पुलहाश्रमम् । अद्यापि वर्तते देवः साङ्ख्याचार्यो महाशयः ॥ (देवीभागवतमहापु., ८/३/१९)

[29] गोमतीं गण्डकीं स्नात्वा विपाशां शोण आप्लुतः। ( श्रीमद्भागवतमहापु., १०/७९/११)

[30] वाद्यत्सु सर्ववाद्येषु ययुस्ते गण्डकीं पुरीम् । नानाध्वजपताकाभिर्युक्तां संसिक्तपद्धतिम् ॥ (गणेशपु., क्रीडाखं, १२४/५४)

[31] वर्षेष्वेतेषु तत्पुत्रानभिषिच्य स भूमिपः। शालग्रामं महापुण्यं मैत्रेय तपसे ययौ ॥ (विष्णुपमहापु., द्वितीय अं., १/२४)

[32] अभिषिच्य सुतं वीरं भरतं पृथिवीपतिः। तपसे स महाभागः पुलहस्याश्रमं ययौ ॥ (विष्णुपमहापु., द्वितीय अं., १/२९)

[33] पुत्रसङ्क्रामितश्रीस्तु भरतः स महीपतिः। योगाभ्यासरतः प्राणाञ्शालग्रामेऽत्यजन्मुने ॥ (विष्णुपमहापु., द्वितीय अं., १/३४)

[34] देविकायास्तटे वीरनगरं नाम वै पुरम् । समृद्धमतिरम्यञ्च पुलस्त्येन विनिर्मितम् ॥ (विष्णुपमहापु., द्वितीय अं., १५/६)

[35] बभूवेक्षुमतीतीरे कपिलर्षेर्वराश्रमम् । (विष्णुपमहापु., द्वितीय अं., १३/५३)

कूर्मपुराणमा गण्डकीतटको कालञ्जर पर्वतलाई महातीर्थ र शिवक्षेत्रको रूपमा बताइएको छ[36]। श्वेत महर्षिले कालञ्जर क्षेत्रमा शिवको तपस्या गर्ने क्रममा कालले विघ्न गर्न खोज्दा ऋषिको आर्त पुकारबाट प्रकट भएका शिवले काललाई नै मारिदिएकाले त्यो पर्वत कालञ्जर नामले प्रसिद्ध भएको बताइएको छ।

मस्त्यपुराणमा देवीका १०८ शक्तिपीठहरूमध्ये कालञ्जर गिरिमा र शालग्राम क्षेत्रमा दुई पीठहरूको उल्लेख गरिएको छ। कालञ्जर गिरिमा काली र शालग्राम क्षेत्रमा महादेवीको पीठको चर्चा गरिएको छ[37]।

योगवासिष्ठको वैराग्य प्रकरणमा रामले तीर्थयात्रा गर्ने क्रममा शालग्राम क्षेत्रको पनि दर्शन गरेको उल्लेख गरिएको छ[38]। त्यसैगरी आनन्द रामायणमा रामले तीर्थयात्राको क्रममा नेपालको गण्डकीसङ्गममा स्नान गर्नुभएको भनी उल्लेख गरिएको छ[39]। पछि दिग्विजयको क्रममा भगवान् श्रीरामले गण्डकीको खोचमा तपस्या गरिरहेका १६ हजार कन्याहरूलाई दर्शन दिनुभएको र अर्को जन्ममा श्रीकृष्णको रूपमा यी सबैलाई स्वीकार गर्ने वर दिनुभएको पाइन्छ[40]। यसरी सबै पुराणहरूमा गण्डकीको विशेष महत्त्व उल्लेख गरिएको छ।

सामान्यतया पौराणिक कथानकहरूलाई नियाल्दा शालग्राम शिलाको कारणले गण्डकीको महत्त्व भएको हो भन्ने बुझिन्छ तर शिवपुराणमा गण्डकीको सम्बन्धले नै शालग्राम शिलाको महत्त्व हुने चर्चा गरिएको छ। विष्णुद्वारा तपोभङ्ग भएपछि विलाप गरिरहेकी तुलसीलाई सम्झाउँदै शिव भन्नुहुन्छ–

**जले पतन्ति यास्तत्र शिलास्तास्त्वतिपुण्यदाः। स्थलस्था पिङ्गला ज्ञेयाश्चोपतापाय चैव हि ॥** (रुद्रसंहिता, ५/४१/६२) अर्थात् शालग्राम पर्वतभरि अनन्त शालग्राम शिलाहरू रहन्छन् तर ती सबै शिलाहरू पूजनीय एवम् फलदायी छैनन्। गण्डकीको गर्भमा नपरुञ्जेल ती कैलो वर्णका रहन्छन् र त्यस्ता शिलाको सेवा गर्नाले उपताप अर्थात् मानसिक सन्ताप बढ्दछ। गण्डकीको गर्भमा परी काला र चिल्ला भएका शालग्राम शिलाको सेवा गरियो भने ती अत्यन्त पुण्यदायक हुन्छन्। शिवपुराणको यो भनाइले गण्डकीको महत्त्वलाई अझ उचाइ दिएको छ। शालग्रामको आधारमा गण्डकीको महत्त्व नभई गण्डकीको अधीनमा नै शालग्रामको महत्त्व रहने यस्तो रहस्यको सङ्केत देवीभागवतमा पनि पाइन्छ[41]।

---

[36] कालञ्जरं महातीर्थं रुद्रलोके महेश्वरः। कालञ्जरं भजन्देवं तत्र भक्तप्रियो हरः ॥ (कूर्ममहापु., उत्तरार्ध, ३५/११)

[37] रुद्रकोट्याञ्च रुद्राणी काली कालञ्जरे गिरौ। शालग्रामे महादेवी शिवलिङ्गे जलप्रिया ॥ (मत्स्यमहापु.,१३/३२-३३)

[38] स्वामिनं कार्तिकेयञ्च शालग्रामं हरिं तथा। स्थानानि च चतुःषष्टिं हरेरथ हरस्य च ॥ (योगवाशिष्ठ, वैराग्यप्र.,३/३८)

[39] गण्डकीसङ्गमे स्नात्वा नेपाले जगदीश्वरम्। दृष्ट्वा हरिहरक्षेत्रं ययौ रघुकुलोद्वहः ॥ (आनन्दरामायण, राज्यकाण्ड, पूर्वार्ध, ६/७१-७२)

[40] योजनोपरि ताः सर्वाः सहस्रं षोडशाः शुभाः। ददर्श गण्डकीतीरे वृक्षखण्डे रघूद्वहः ॥ (आनन्दरामायण, राज्यकाण्ड, पूर्वार्ध, ११/७२-७३)

[41] (देवीभागवतमहापु., ९/२४/१००-१०१)

## ३.३. गण्डकीतटका क्षेत्रहरू

गण्डकीतटका पन्ध्र गोपनीय क्षेत्रहरूको चर्चा वराहपुराणमा यसप्रकार पाइन्छ –

**गुह्यानि तत्र वसुधे तीर्थानि दश पञ्च च ।**
**नाद्यापि किञ्चिज्जानन्ति मुच्यन्ते यैरिह स्थिताः ॥** (१४५/३४)

ती पन्ध्र तीर्थहरू यसप्रकार छन्- बिल्वप्रभ, चक्रस्वामी, विष्णुपद, कालीह्रद, शङ्खप्रभ, गदाकुण्ड, अग्निप्रभ, सर्वायुध, देवप्रभ, विद्याधर, पुण्यनदी, गन्धर्वतीर्थ, देवह्रद, नदीसम्भेद र सिद्धाश्रम । यी सबै तीर्थहरूको विशेष महत्त्व बताइएको छ । गण्डकीतटका सबै क्षेत्रहरू पवित्र तीर्थ भए पनि वराहपुराणमा पाँच तीर्थलाई महाक्षेत्र भनिएको छ - मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवनदीसम्भेद अर्थात् देवघाटक्षेत्र, त्रिवेणीक्षेत्र र गङ्गा-गण्डकीको सङ्गम[42] । यी पाँच तीर्थलाई विशेष महत्त्वपूर्ण मानिएको छ । दामोदरकुण्डको क्षेत्रलाई तीन योजन विस्तारित परम श्रेष्ठ क्षेत्रको रूपमा बताइएको छ[43] । त्यसैगरी पुलहाश्रम क्षेत्रलाई पनि अत्यन्त महत्त्वका साथ उल्लेख गरिएको छ । कालञ्जर क्षेत्रलाई पवित्र शिवक्षेत्रको मान्यता प्राप्त छ भने देवघाटधामलाई हरि र हरको नित्य सान्निध्य हुने सर्वतीर्थमय क्षेत्रको रूपमा बताइएको छ[44] । यसरी गण्डकीतटका विभिन्न क्षेत्रहरूको वर्णन पाइन्छ ।

## ४. गण्डकी परिक्रमाको औचित्य

श्रीमद्भागवतअनुसार पवित्र तीर्थहरूको दर्शन गर्न अग्रसर हुँदा पाइलैपिच्छै कयौँ अश्वमेध यज्ञसमानको फल प्राप्त हुन्छ । यही विश्वासले सनातन धर्मावलम्बीहरू तीर्थहरूको यात्रा र परिक्रमा गरिरहन्छन् । काली गण्डकी नदी सर्वदेवमय भएकाले र शालग्राम शिलामा चराचर जगत् समाविष्ट भएकाले काली गण्डकीको परिक्रमा गर्दा सम्पूर्ण चराचर जगत् र समस्त देवताहरूको पनि एकै पटक परिक्रमा हुने देखिन्छ । छिमेकी राज्य भारतमा सयौँ वर्ष अघिदेखि नर्मदा परिक्रमाको व्यवस्थित अभियान सुचारु चलिरहेको छ । तीन वर्षभन्दा बढी समय लगाएर गरिने पैदल परिक्रमाको मार्गदेखि हाल पक्की सवारी मार्गसमेत बनेकाले सबैथरी श्रद्धालुहरूले नर्मदा परिक्रमा गर्न सक्ने व्यवस्था मिलाइएको छ । नेपालको काली गण्डकी पदमार्ग त्योभन्दा धेरै छोटो भएकाले अझ व्यवस्थित बन्न सक्छ । उच्च हिमाली खोचहरूको बीचबाट गुज्रिने यो परिक्रमामार्ग विश्वकै उत्कृष्ट आध्यात्मिक पदमार्ग बन्न सक्छ ।

---

[42] मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डं ततः परम् । सम्भेदो देवनद्योश्च त्रिवेणी च ततः परम् । क्षेत्रं प्रमाणं विज्ञेयं गण्डकीसङ्गतं परम् ॥ (वराहपु. १४५/१०५)
गङ्गया मिलिता यत्र भागीरथ्या महाफला । अपरं तन्महत्क्षेत्रं हरिक्षेत्रमिति स्मृतम् ॥ (वराहपु. १४५/१०६)

[43] (वराहपु. १४५/३९)

[44] एवं नदीसमुद्भेदः सर्वतीर्थकदम्बकम् । मम क्षेत्रे समाख्यातं पुण्यं परमपावनम् । (वराहपु. १४५/८५)
शिवो मे दक्षिणस्थानं तिष्ठते विगतज्वरः । लोकानां प्रवरः श्रेष्ठः सर्वलोकवरो हरः ॥ (वराहपु. १४५/१००)

**काली गण्डकीलाई राष्ट्रिय नदीको रूपमा घोषणा** गरी विश्वभरिका हिन्दूहरूमाझ प्रचार गरेमा नेपाललाई शालग्रामको देशको रूपमा समेत वैश्विक पहिचान दिलाउन सकिन्छ । **काली गण्डकी परिक्रमामार्गलाई मोक्षपरिपथ (salvation circuit)** को रूपमा विकास गरी विश्वभरिका आध्यात्मिक साधकहरूको मोक्षसाधनाको अन्तिम गन्तव्य बनाउन सकिन्छ ।

## ५. गण्डकी परिक्रमाको उद्देश्य र महत्त्व

* गण्डकीको पावन धारा र तटवर्ती अनेकौँ दिव्य तीर्थ एवं मठमन्दिरहरूको दर्शन ।
* गण्डकीको प्रवाहभित्र र तीरमा रहेका करोडौँ-करोड शालग्रामहरूको एकैसाथ परिक्रमा ।
* नेपालको प्राकृतिक आध्यात्मिक सम्पदाहरूमध्ये सबैभन्दा प्रमुख गण्डकीको महिमाको प्रचार-प्रसारद्वारा विश्वमाझ नेपालको गरिमा बढाउनु ।
* गण्डकीको तटमा बसेको प्राचीन सभ्यता र अन्य विभिन्न गाउँ-बस्तीहरूको अध्ययन एवं अवलोकन ।
* ग्रामवासीहरूमा गण्डकी नदीको विश्वव्यापी महत्त्वको मूल्यबोध हुनुका साथै सनातन धर्मको संरक्षणमा टेवा ।
* नेपालमा आध्यात्मिक पर्यटन प्रवर्धनका लागि उत्कृष्ट पदमार्गको व्यवस्थामा सघाउ ।
* गण्डकी नदीको अटुट प्रवाह र स्वच्छतालाई कायम राखी जलसभ्यताको संरक्षण गर्न जनचेतनावृद्धि ।
* ठाउँ-ठाउँमा जलपर्यटनको विकास गर्दै स्थानीय नागरिकहरूको आयआर्जनमा समेत सघाउ ।

## ६. गण्डकी परिक्रमाको दूरगामी प्रभाव

* पहिलो यात्राको क्रममा सरकार र स्थानीय जनताहरूको सहयोगले गण्डकीको दुवै किनारतर्फ सुगम पैदलमार्गको निर्माण गर्न बल पुग्छ ।
* पैदलमार्गको सुगम व्यवस्था गरी प्रचार गरेमा विश्वभरिका सनातन धर्मका साधक, तपस्वी र साधुसन्तहरूले गण्डकी परिक्रमा गर्ने वातावरण बनाउन सकिन्छ ।

* विभिन्न सन्त एवं धर्माचार्यहरूको आगमन बढेसँगै शालग्रामप्रति आस्था गर्ने सबै हिन्दूहरूले जीवनमा एक पटक अवश्य गण्डकी परिक्रमा गर्ने उत्साहमय वातावरण निर्माण गर्न सकिन्छ ।
* धार्मिक पर्यटनको प्रचुर सम्भावना बोकेका अन्य अभियान, जस्तै- **लुम्बिनी-परिक्रमा**, **जनकपुर-परिक्रमा**, **चौँसठ्ठी ज्योतिर्लिङ्ग-परिक्रमा**, एवं अन्य पवित्र तीर्थहरूको परिक्रमा गर्ने क्रम बढी आध्यात्मिक पर्यटनको सर्वोत्कृष्ट गन्तव्यको रूपमा नेपाललाई स्थापित गर्न सकिन्छ ।

## ७. व्यवस्थाको चरण

यो पैदल परिक्रमा भएकाले गण्डकी नदीलाई न नाघी किनारै-किनार पैदल हिँड्न सक्ने गरी बाटो/गोरेटो बनाउनेदेखि लिएर यात्राको अवधिमा सयौँ श्रद्धालुहरूको स्वास्थ्य, सुरक्षा, आवास र भोजनको समेत उचित व्यवस्था मिलाउनुपर्ने हुन्छ । लगभग ६० दिनको यो परिक्रमा अवधिलाई निर्विघ्न र उद्देश्यअनुसार सफल बनाउन विभिन्न चरणमा गृहकार्य गर्नुपर्ने देखिन्छ ।

* केन्द्र, प्रदेश र स्थानीय सरकारको समायोजनमा पैदल परिक्रमा पथको ट्र्याक निर्माण गर्नु सबैभन्दा महत्त्वपूर्ण चरण हो ।
* सरकार र सुरक्षा निकायको समायोजनमा सुरक्षा र आपत्कालीन उद्धारको संयन्त्र व्यवस्था गर्नु अर्को चरण हो ।
* यस ऐतिहासिक यात्रालाई संसारका सबै हिन्दूहरूले थाहा पाउने गरी प्रचारप्रसार गर्न र यात्रा अवधिमा प्रतिदिन यात्रावृत्तान्त निर्माण गरी विभिन्न सञ्चारमाध्यमहरूमा दिनका लागि सञ्चारसंयन्त्रको व्यवस्था गर्नु अर्को चरण हो ।
* तयारी सकिएपछि सनातन धर्मका कुनै विश्वविख्यात सन्त एवं नेपाल सरकारको संयुक्त उपस्थितिमा पर्यटनक्षेत्रको गौरवमय अभियानका रूपमा कार्यक्रमको उद्घाटन गर्नु अर्को चरण हो ।
* यात्राको अवधिमा स्थानीय श्रद्धालु र धर्मप्रेमी दानवीरहरूको सहयोगमा भोजन विश्राम आदिको व्यवस्थापन गरी यात्रालाई पूर्णता दिनु अन्तिम चरण हो ।

पदयात्राका विश्रामस्थलहरू तोकिएपछि त्यस परिसरमा पिउने पानी र शौचालय आदिको व्यवस्थामा सरकारले ध्यान दिनुपर्ने हुन्छ । यात्राको अवधिमा हरेक स्थानीय तहका प्रमुखहरूले यस ऐतिहासिक पदयात्रालाई आफ्नो सीमाबाट स्वागत गरी अर्को सीमासम्म पुऱ्याउने व्यवस्था भयो भने पदयात्रीमा उत्साह थपिने र सकारात्मक सन्देशसमेत प्रवाहित हुने देखिन्छ ।

## ८. सहयोगको क्षेत्र र कार्यविभाजन

यस ऐतिहासिक यात्रालाई सफल बनाउन सुगम पदमार्गको अध्ययन र मार्गदर्शन गर्ने **प्राविधिक**, गण्डकीप्रति श्रद्धा र सम्मान भएका **पदयात्री**, पदमार्गको निर्माण एवं विविध व्यवस्थापनको जिम्मा लिने **सरकारी निकाय**, स्वास्थ्य, सुरक्षा र आपत्कालीन उद्धारको जिम्मा लिने **सुरक्षासंयन्त्र**, ऐतिहासिक काली गण्डकी परिक्रमाको विश्वव्यापी प्रचार गर्ने **सञ्चारसंयन्त्र** र आवास भोजन आदिको व्यवस्थामा सघाउने धर्मप्रेमी **श्रद्धालु**हरूसम्म गरी जम्मा **छ वटा अङ्ग**हरूको सहभागिता र सहयोगको टट्कारो आवश्यकता पर्ने देखिन्छ । पदयात्राको मार्गनिर्माण, स्वास्थ्य, सुरक्षा र विपद् उद्धारको व्यवस्था सरकारको तर्फबाट भएमा यात्रा व्यवस्थापनका अरु खर्चहरू पदयात्री एवं अन्य सनातन धर्मानुरागीहरूको सहयोगबाट सम्पन्न हुन सक्छ ।

## ९. देवघाटमा मध्यम एवं लघु परिक्रमापथको निर्माण

समग्र काली गण्डकीको परिक्रमा गर्न न सक्ने श्रद्धालुहरूका लागि मध्यम परिक्रमा मार्गको रूपमा देवघाटक्षेत्रको परिक्रमा गर्ने र अझ लघु विकल्पको रूपमा वेनी सङ्गमको परिक्रमा गर्ने व्यवस्था मिलाउनु पर्दछ । देवघाटधाममा त्रिशूली र कृष्णा गण्डकीको रूपमा शिव र विष्णु एकाकार भई हरिहरमूर्ति बनेकाले एवं वामनको खुट्टा धसिई बनेको खाल्टोमा दुई देवनदी मिसिई सर्वतीर्थमय देवह्रद बनेकाले वेनी सङ्गमको परिक्रमा गर्दा सम्पूर्ण तीर्थहरूको परिक्रमा गरेको फल प्राप्त हुने शास्त्रीय प्रमाण छ । त्यसको व्यवस्थाका लागि हाल प्रस्तावित त्रिकोणात्मक पुलको ढाँचालाई थोरै परिवर्तन गरी सङ्गम परिक्रमा गर्न मिल्ने पदमार्गको स्वरूप दिनु उचित हुन्छ । देवघाट सङ्गममा आकाशबाट देवताहरू झरी विचरण गर्दछन् भन्ने शास्त्रीय मान्यताको पनि सानो झलक प्रस्तुत गर्न सक्ने गरी त्रिकोणात्मक पुल बनाउनु पर्दछ । त्यसका लागि चितवनको आयुर्वेद औषधालयको पाखोबाट देवघाट कल्पवासको पाखो जोड्ने एउटा, मारवाडी धर्मशालातिरको ढिस्कोदेखि नवलपुरको ढिस्को(सङ्गमभन्दा तल) जोड्ने अर्को र नवलपुरको ढिस्को(सङ्गमभन्दा माथि)बाट मणिमुकुन्देश्वर

पार्कको पाखो जोड्ने अर्को गरी तीनवटा झोलुङ्गे पुलहरू बनाउनु उपयुक्त हुन्छ । यो त्रिकोणात्मक पुलले जीर्ण भइरहेको हालको झोलुङ्गे पुलको भार कम गर्न सघाउँछ र माघे सङ्क्रान्तिजस्ता पर्वहरूमा सङ्गम स्नानका लागि एउटा पुलबाट झरी अर्कोबाट निस्कने व्यवस्थामा पनि सघाउ पुग्दछ ।

## १०. निष्कर्ष

प्रस्तुत आलेखको निष्कर्ष तालिकाबद्ध रूपमा यसप्रकार रहेको छ –

१. काली गण्डकी नेपाल र विश्वभरिका हिन्दूहरूको आस्थाकेन्द्र हो ।

२. काली गण्डकीको मूल स्रोत दामोदर हिमाल र त्यहाँको हिमताल हो ।

३. काली गण्डकी परिक्रमाको अभियान थालनी गर्न प्रशस्त धार्मिक-आध्यात्मिक आधारहरू उपलब्ध छन् ।

४. नेपालले गण्डकीलाई राष्ट्रिय नदीको रूपमा घोषणा गरी यसको आध्यात्मिक सम्पदा र प्राकृतिक बनावटको सुरक्षा गर्नु आवश्यक छ ।

५. गण्डकी परिक्रमा अभियानले नेपालको आध्यात्मिक पर्यटनक्षेत्रलाई विश्वभरि प्रवर्धन गर्न सक्छ ।

६. छ वटा क्षेत्रको सहयोगबाट यो अभियान पूरा हुन सक्छ ।

७. गण्डकी परिक्रमाको मध्यम एवं लघु विकल्पको रूपमा देवघाटक्षेत्र परिक्रमा र वेनी सङ्गम परिक्रमाको व्यवस्था गर्नु पर्दछ ।

## ११. सुझाव

प्रस्तुत आलेखको एउटै वाक्यको सुझाव यसप्रकार रहेको छ-

*विश्वकै एकमात्र शालग्रामवाहिनी कृष्णा गण्डकीको परिक्रमा अभियान नेपालको आध्यात्मिक पर्यटनक्षेत्रको प्रवर्धनका लागि कोशेढुङ्गो सावित हुने भएकाले गण्डकीलाई राष्ट्रिय नदीको रूपमा घोषणा, नदीको दुवै किनारामा पैदल परिक्रमाको ट्र्याक निर्माण, परिक्रमा अभियानको प्रचार-प्रसार, जल पर्यटनको प्रवर्धन तथा मध्यम एवं लघु परिक्रमापथको व्यवस्थापनमा समेत सरोकारवाला सबै निकायहरू तत्काल क्रियाशील हुनुपर्दछ ।*

# कालीगण्डकीको महत्त्व र डाइभर्सनको दुष्प्रभाव

प्रस्तोता डा. गुरुप्रसाद सुवेदी
महासचिव, नेपाल सन्त समाज



कालीगण्डकी डाइभर्सन र प्रभाव विषयक

## बृहद् अन्तरक्रिया कार्यक्रम

२०७६ भदौ ३० गते, सोमवार

संयुक्त आयोजना :–

देवघाट क्षेत्र विकास समिति नेपाल सन्त समाज देवघाट गाउँपालिका

**उपक्रम -**

कालीगण्डकी नदीको पानीलाई सुरुङमार्फत् तिनाउ नदीमा खसालेर रूपन्देही र कपिलवस्तुमा सिँचाइ सेवा उपलब्ध गराउन सर्वप्रथम २०७३ सालमा कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको घोषणा गरिएको थियो । विभिन्न सञ्चार माध्यमबाट हालै प्रकाशित समाचारहरूलाई आधार मान्दा डाइभर्सनका लागि पाल्पा र स्याङ्जाको सीमामा पर्ने राम्दी पुलदेखि करिब १५ सय मि. तल स्याङ्जाको मालुङ्गा र पाल्पाको पिपलडाँडाको बिचमा बाँध बाँधी ९ मि. व्यास भएको करिब ३० किलोमिटर सुरुङबाट कालीगण्डकी नदीलाई पाल्पाको दोभान आसपासमा करिब १८२ मि. उचाईबाट तिनाउ नदीमा खसालिने भनिएको छ। उच्च तहबाट तिनाउँमा कालीगण्डकी मिसाउँदा पानीको बहाव ८१र९६ क्यूबिक मि. प्रति सेकेन्ड ९८१ हजार ९ सय ६० लिटर प्रतिसेकेन्ड हुनेछ । त्यसरी पानी खसाउँदा करिब एक सय चार मेगावाट विद्युत् उत्पादन हुने प्रक्षेपण गरिएको छ । त्यस्तै त्यहाँबाट निष्कासन भएको पानीलाई दुईवटा नहरमा बाँडिनेछ । जलविद्युत् उत्पादन गर्नेदेखि सिँचाइ गर्नेसम्मका उद्देश्य समेटेर यसलाई 'कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना' नाम दिइएको हो । झन्डै ४० अर्ब लागतको आयोजनालाई राष्ट्रिय गौरवमा राखेको छ र डीपीआर अन्तिम चरणमा छ ।

त्यसको केही तल पाल्पाको रम्भा र स्याङ्जाको मालुङ्गाको सीमा कालीगण्डकी तीरमा बस्नेहरूलाई भने काली डाइभर्सन बने चितवनसम्मका स्थानीयको अस्त्वि समाप्त हुने चिन्ताले सताएको छ । सरोकारवाला मानिसहरू भन्छन् -'कालीगण्डकी डाइभर्सन भयो भने त्यस आसपासका पाल्पा, स्याङ्जा, तनहुँ, नवलपुर र नवलपरासीसम्मका जनताको दैनिकी सकिन्छ, सम्भावना सकिन्छ, मूल्य र मान्यता सकिन्छ । कालीगण्डकी डाइभर्सन तिनाउँ हुँदै भारत लैजाने

योजना हो । उताको भूमि सुख्खा हुँदै गइरहेको छ, त्यसैले भारतले पानी लैजान चाहन्छ तर, हामीले हाम्रो हरेक हिसाबले जीवनसँग जोडिएको आस्थाको नदीलाई डाइभर्सन हुन दिँदैनौं । मुक्तिनाथदेखि देवघाटसम्म कालीगण्डकी उस्तै हिसाबले बग्न दिनुपर्छ। कालीगण्डकी डाइभर्सन गर्नु भनेको कसैको स्वार्थमा एकातर्फका सन्तानलाई मारेर अर्कोतर्फको सन्तानलाई काखी च्याप्नेमात्रै नभए छिमेकीलाई नै सुम्पिनु हो । कालीगण्डकी डाइभर्सनले राम्दी, केलादीधामदेखि देवघाटधामसम्मका थुप्रै धार्मिक आस्था र सम्भावनाको केन्द्रलाई समाप्त गर्छ । कालीगण्डकी एक नदीमात्र नभएर सभ्यता पनि भएकाले कालीगण्डकी डाइभर्सन हुन नदिन हामी के गर्नुपर्छ तयार छौं' ।

हुन पनि कालीगण्डकीसँग जोडिएको देवघाट, मुक्तिनाथधाम, ऋषिकेश जस्ता पवित्र धार्मिक तीर्थस्थलको कालीगण्डकीको बहाव परिवर्तन गरेर अस्त्वि मेट्नेबारे सोच्न पनि हुँदैन । कालीगण्डकी नहुँदा त्यस आसपासका मानिसका जीवन र आस्थाको केन्द्र सकिन्छ। कालीगण्डकी नदीको बहाव परिवर्तन भए कालीगण्डकीसँग जोडिएका क्षेत्रमात्रै होइन, देशकै धर्म र आस्थामाथिको प्रहार हुने छ । धार्मिक महत्त्व तथा सभ्यता र ऐतिहासिक महत्त्व बोकेको कालीगण्डकी सधैं यसरी बगिरहने छ, कोही कसैले चाहँदैमा कालीगण्डकीको डाइभर्सन हुँदैन भन्ने त्यहाँका मानिसहरूको मान्यता छ । कतिपय आधिकारिक व्यक्तिहरूले आफ्नो अस्त्विलाई दाउमा राखेर पनि कुनै पनि हालतमा कालीगण्डकीको प्रवाह परिवर्तन गर्न चाहन्छन् भन्ने सुनिन्छ । यस सन्दर्भमा धार्मिक दृष्टिले कालीगण्डकीको वहाव परिवर्तन गर्दा के कस्तो प्रभाव पर्छ भन्ने सम्बन्धमा संक्षिप्त चर्चा गरिन्छ ।

**विषयप्रवेश-**

कालीगण्डकी नेपालीहरूको मात्र नभएर विश्वभरकै सम्पूर्ण हिन्दूहरूको धार्मिक आस्थाको केन्द्र हो । पूर्वमा सप्तकोशी, पश्चिममा सप्तकर्णाली र मध्यभागमा सप्तगण्डकी नेपालको धार्मिक र सांस्कृतिक जीवनका प्रमुख संवाहक नदीहरू हुन् । त्यसमा पनि गण्डकीलाई नेपालको सबैभन्दा गहिरो नदीको रूपमा चिनिन्छ । कालीगण्डकी, बुढी, सेती, मादी, दरौंदी, मर्स्याङ्दी र त्रिशूली यी सात नदीहरूलाई गण्डकीको मान्यता प्राप्त छ । यी सबैको उद्गम र महत्त्वका सम्बन्धमा हिमवत्खण्डमा विस्तृत चर्चा गरिएको छ। त्रिशूली, वृद्धा, धर्मावती, चम्पावती, माहेन्द्री, मत्स्येन्द्री, शुक्ला, कृष्णाजस्ता नामले पुराणमा चर्चित यी नदीहरू पानी बग्ने नदी मात्र नभएर दैवी शक्तिको आराधना गर्ने आधारको रूपमा पनि चित्रित छन्। यी सात नदी भेट भएपछि सप्तगण्डकी भनिन्छ । सप्तमातृका र सप्तशतीका सप्तशक्तिको रूपमा पनि यिनलाई पुजिने गरिन्छ ।

चितवनमा प्रवेश गरेपछि गण्डकी नदीलाई नारायणी भनिन्छ । यसको लम्बाई ३३८ कि.मि. र जलप्रवाह क्षेत्रफल २६,००० वर्ग कि.मि. भूमि छ । यसलाई भारतमा गण्डक नामले चिनिन्छ। गण्डक नामले पनि गण्डकीकै महत्त्वलाई दर्शाउँछ । हाल प्रस्ताव गरिएजस्तो कालीगण्डकीको प्रवाह परिवर्तन गर्ने हो भने शास्त्रीय मान्यतामा आधारित धार्मिक आस्थामा ठूलो चोट पर्न जान्छ र जसको परिणाममा धार्मिक पर्यटनका सबै सम्भावनाहरू पूर्ण रूपमा समाप्त हुन्छन् । त्यसैले गण्डकीको प्राकृतिक प्रवाहलाई सुरक्षित राख्नु आवश्यक छ ।

**गण्डकीको वैदिक महत्त्व**

शालग्रामवाहिनी कृष्णा गण्डकी र

त्रिशूलीको सङ्गम देवघाटको महिमा वेदमा समेत वर्णन गरिएको छ -

**सितासिते सरिते यत्र सङ्गते तत्राप्लुतासो दिवमाव्रजन्ति।**
**ये वै तन्वं विसृजन्ति धीरास्ते जनासऽअमृत्वं भजन्ति**

(ऋग्वेद)

यसरी देवघाटको काली र त्रिशूलीको सङ्गमको महत्त्व देखाइएको छ ।

**उपह्वरे गिरीणां सङ्गमे च नदीनाम्। धिया विप्रोऽअजायत॥**

(यजुर्वेद)

भनेर नदीको सङ्गममा र पर्वतको टाकुरामा बौद्धिक, प्राज्ञिक ऊर्जा उत्पन्न हुने कुरा गरिएको छ । त्यस्तै तद्देवयजनं नाम इत्यादि वैदिक मन्त्रले समेत काली, त्रिशूली सङ्गममा देवताले समेत यजन गरेको हुनाले प्रयाग वा आदिप्रयाग भन्न मिल्ने सङ्केत पाइन्छ । कम्तीमा ८/१० हजार वर्ष पुरानो वैदिक मान्यता र आस्थामा जोगिँदै आएको देवघाटलाई आघात पुग्ने गरी कालीगण्डकीको प्रवाह परिवर्तन गर्नु आफ्नै सांस्कृतिक सम्पदामाथि कुठाराघात गर्नुजस्तो हो ।

**गण्डकीको पौराणिक महत्त्व**

यस्तै पुराणमा विभिन्न ठाउँमा गण्डकीको प्रसङ्ग पाइन्छ । पौराणिक मान्यताअनुसार विष्णुले लोकहितका लागि हिमालयमा गई तपस्या गर्दा ज्वाला प्रकट भयो र ज्वालाको सन्तापका कारणले भगवान्को गण्डस्थलबाट पसिनाको रूपमा नदी प्रकट भइन् । यी नदी कहाँबाट कसरी आइन् भनी देवताहरूले जिज्ञासा राख्दा भगवान् शिवसमेत नदीको खोजीमा जानुभयो र विष्णुले तपस्या गरेको ठाउँमा पुग्नुभयो । भगवान् शिवलाई अनुरोध गरेअनुसार त्यस क्षेत्रको नाम मुक्तिक्षेत्र रह्यो र नदीको नाम गण्डकी हुनगयो । त्यो नदीमा अमृतमय जल प्रवाहित भएको देखेर सम्पूर्ण देवताले र स्वयं विष्णुले पनि शिलाको रूपमा गण्डकीभित्र रहने इच्छा गरे । त्यसैले गण्डकीको गर्भमा शालग्राम शिलाको रूपमा स्वयं भगवान् विष्णु र देवताहरू रहन्छन् भन्ने शास्त्रीय मान्यता छ । एक अर्को प्रसङ्गअनुसार गण्डकीले भगवान्लाई खुशी बनाएर पुत्रको रूपमा प्राप्त गर्न चाहनुभयो भनिएको छ (वराहपुराण अध्याय १४४/१४५) । यस्तै शालङ्कायन मुनिले पुत्र प्राप्त गर्ने इच्छाले तपस्या गरेको हुनाले वैशाख शुक्ल द्वादशीका दिन भगवान् शालग्रामको रूपमा प्रकट भई वरदान दिनुभएको प्रसङ्ग पनि पाइन्छ ।

त्रेता युगमा श्रीरामले वनवासको क्रममा गण्डकी स्नान गर्नुभएको कुरा वाल्मीकिरामायणमा लेखिएको छ । गण्डकीञ्चैव ययौ रघुकुलोद्वहः ।

श्रीमद्भागवतमा बलराम तीर्थयात्रा गर्दै गण्डकीतट देवघाटधाम आएको पाइन्छ -

**गोमतीं गण्डकीं स्नात्वा विपाशां शोणऽआप्लुतः ।**
**गयां गत्वा पितककनिष्ट्वा गङ्गासागरसङ्गमे ॥**

वर्तमान भारतको नामकरण जसका कारण भयो ती राजा भरतले जीवनको उत्तरार्ध यिनै गण्डकीको किनारमा बिताएका थिए भन्ने कुरा भागवतमा लेखिएको छ । चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति । दक्षिणभारतका प्रसिद्ध विद्वान् हेमाद्रिले बनाएको विस्तृत हेमाद्रिसङ्कल्पमा पनि गण्डकीको उल्लेख सम्मानपूर्वक गरिएको छ ।

**मुक्तिनाथ र दामोदर कुण्डको महत्त्व**

नेपालको मध्यभागमा प्रवाहित हुने गण्डकीको शिर हो मुक्तिनाथ । मुक्तिनाथमा भगवान् ब्रह्माले विस्तृत यज्ञ गर्नु भएको र त्यस यज्ञमा भगवान् विष्णु जलको रूपमा र भगवान

शिव अग्निको रूपमा प्रकट हुनु भएको हुँदा विश्वभरका हिन्दुहरूका लागि मुक्तिनाथलाई परम तीर्थ मानिएको छ । जसले जीवनमा एकपटक मात्र भएपनि मुक्तिनाथको दर्शन गरेको छ भने त्यसले अवश्य मुक्ति प्राप्त गर्छ भन्ने विश्वास विश्वभरका हिन्दूहरूमा रहिआएको छ ।

यस्तै नेपालका तीर्थस्थलहरूमा अति विकट मानिने दामोदरकुण्ड पनि निकै महत्त्वपूर्ण मानिने कुण्ड हो । समुद्री सतहबाट ४ हजार ८ सय मिटर उचाइमा अवस्थित अति विकट स्थलमा रहेको दामोदरकुण्ड यात्रा गर्न केही कठिन भएपनि निकै आनन्ददायी छ । दामोदरकुण्डमा विशेष गरी जनैपूर्णिमा र चैते दशैंको दिन विशेष मेला लाग्ने गर्छ । यो मेला भर्नका लागि नेपालका विभिन्न जिल्लाबाट मात्र नभएर भारतबाट समेत दर्शनार्थी आउँछन् । हिन्दुहरूको प्रमुख तिर्थस्थल मध्य एक मानिने मानसरोबरबाट आएको पानी भएको भन्ने जनविश्वासका कारण पनि हिन्दुधर्मावलम्बीहरूका लागि निकै महत्त्वपूर्ण मानिन्छ ।

धार्मिक ग्रन्थमा उल्लेख भएबमोजिम मुक्तिनाथ, शालीग्राम, गण्डकी नदी र दामोदरकुण्ड सबै भगवान् विष्णुका अति प्रिय क्षेत्र हुन् । जगत्को हित गर्न विष्णुले मुक्तिक्षेत्र (शालिग्राम, दामोदर क्षेत्र) मा कठोर तपस्या गरेको कुरा शिवले ब्रह्मालगायत सबै देवतालाई भने । त्यसवेलादेखि त्यो क्षेत्रमा शिव, ब्रह्मा, विष्णु, देवता, ऋषि, यक्ष वास बस्न थालेको कुरा वराहपुराणमा छ । कैलाश र मानसरोवरलाई हिन्दू धर्मावलम्बीले भगवान् शिव र हिमालयकी पुत्री पार्वतीको बासस्थान मानेझैं दामोदर हिमाल, मुक्तिनाथ हिमाल, दामोदरकुण्ड, कालीगण्डकी, मुक्तिक्षेत्र, कागबेनी र शालीग्रामलाई भगवान् विष्णुको वासस्थानको रूपमा लिइन्छ । कथामा, गण्डकी देवी नदीको तपस्याअनुसार विष्णुगण्डकीको पुत्र शालीग्राम भएर बसेका हुन् । त्यसैले ती क्षेत्रमा पाइने विभिन्न आकार र रंगका शालीग्राम विष्णुका रूप हुन् ।

दामोदरकुण्ड, मुक्तिनाथ र कालिगण्डकीको शिरदेखि अन्त देवघाटसम्मलाई विष्णुको क्षेत्र मानिन्छ । त्यसमध्ये दामोदरकुण्ड, गण्डकी नदीको शिर, शालीग्राम पहाडको खानी भएकाले भगवान् विष्णु विचरण गर्ने मूल थलो हो । दामोदरकुण्ड जान नसकेपनि गया काशीजस्ता तीर्थहरूको यात्रा गर्नुभन्दा पहिले मुक्तिनाथको दर्शनबाट तीर्थयात्रा सुरू गर्ने र अरू तीर्थ गइसकेपछि देवघाटमा आई तीर्थहोम गरेर मात्र तीर्थयात्राको क्रम पूर्ण हुने अटल मान्यता रहिआएको छ ।



दामोदरकुण्ड



मुक्तिनाथ


## शालग्रामको थप सन्दर्भ

पौराणिक यी प्रसङ्गहरू त छँदै छन् यसबाहेक पृथिवीको उत्पत्तिका सम्बन्धमा अध्ययन गर्ने भूगर्भविद्हरूले अनुसन्धानको बिन्दु शालग्रामलाई बनाउँछन् । कतिपय विद्वान्हरू शालग्रामलाई आदिजीव वा आदिनारायण पनि भन्दछन् । आदिजीवको इतिहास मात्र होइन आज पनि मरेका मानिसको हाड गण्डकीमा पऱ्यो भने त्यो हाड शालग्राम बन्ने र आत्माको मुक्ति हुने कुरा शास्त्रमा उल्लिखित छ । त्यस्तो विश्वमा अन्यत्र कहीँ नपाइने शालग्राम शिला कालीगण्डकीमा मात्र पाइन्छन् । विभिन्न रूपमा पाइन्छन् । जसको विस्तृत विवरण शालग्राम रहस्य नामक पुस्तकमा गरिएको छ ।

मुक्तिनाथको नजिकमा रहेको काला पहाडलाई शास्त्रमा कालञ्जर पर्वत भनिन्छ । पितृहरूको उद्धारका प्रसङ्गमा कालञ्जरको कुरा आउँछ । मृगाः कालञ्जरे गिरौ । त्यताको बाटो हुँदै उड्ने कौञ्चपक्षीको यात्रा पनि अनौठो हुन्छ । गण्डकीको कारणले नै तिनीहरू यो बाटो आउनेजाने गर्छन् । देवघाटको बाटो आवतजावत गर्दै पक्षीहरूले परिक्रमा गरिने त्यो पहाड शालग्रामको पहाड हो । त्यहाँबाट गण्डकीको प्रवाहसँगै शालग्राम बग्दै आएका हुन्छन् । शालग्राम पाइने हुनाले नै देवघाटलगायतका गण्डकीका तटवर्ती सम्पूर्ण क्षेत्रहरू तीर्थस्थलको रूपमा सम्मानित छन् । गण्डकीको प्रवाह परिवर्तन गर्दा यो मान्यता र शालग्रामको स्वतन्त्र अस्तित्वमाथि ठूलो सङ्कट पर्न जान्छ ।









## यौगिक महत्त्व

शरीरका प्राणवायुलाई चलाउने दुई नाडीहरू इडा र पिङ्गला हुन् भन्ने कुरा योगीहरू

बताउँछन् । इडा र पिङ्गला चन्द्र र सूर्य स्वर हुन् । यिनीहरूको छुट्टै महत्त्व छ । दुवैको मिलनबिन्दु सुषुम्णा मानिन्छ । योगीहरू सुषुम्णा नाडीलाई क्रियाशील बनाउँछन् र कुण्डलिनी जागरण गरी सिद्धि प्राप्त गर्दछन् । यो रहस्य विद्या हो । साधकहरूले योगसाधना गर्दा कृष्णागण्डकी र त्रिशूलीलाई इडा र पिङ्गलाको रूपमा उपासना गर्दछन् । देवघाटदेखि मुक्तिनाथसम्मका ७ वटा तीर्थस्थललाई षड्चक्र र सहस्रारको रूपमा उपासना गरिन्छ । योगसाधना गर्ने व्यक्तिहरूले यसैगरी योगसिद्धि प्राप्त गर्न देवघाटदेखि मुक्तिनाथसम्म आउने गर्दछन् । विद्युत् तरङ्ग प्रवाहित हुन ऋणात्मक र धनात्मक दुईवटा तारको आवश्यकता पर्ने र यिनीहरूको युक्तियुक्त सम्मिश्रणबाट अपेक्षित ऊर्जा प्रवाहित हुने वैज्ञानिक प्रयोगजस्तै कृष्णा, त्रिशूली र दुईको सङ्गम देवघाटको यौगिक प्रयोग हुने गरेको छ । त्यसैले यो प्रत्यक्ष उपासनाको परम्परालाई भत्काउने गरी प्रवाह परिवर्तन गर्दा विद्युत् शक्तिको प्रयोग नजान्नेले बिजुलीको जथाभावी दुरूपयोग गर्दा हुने दुर्घटनाजस्तै अकल्पनीय दुर्घटना हुन सक्छ ।

**आजको देवघाट र भविष्य**

वि.सं. १५७५ मा पाल्पाका राजा मणिमुकुन्द सेनले देवघाटमा आई तपस्या गरेको र वि.सं. १६१० मा यहीँ समाधि प्राप्त गरेको मानिन्छ । उनले स्थापना गरेको भनिएको चक्रेश्वर शिलाको प्राकृतिक र भूगर्भीय महत्त्व छ । यस्ता अनेकौँ शिलाहरू गण्डकीको स्वतन्त्र प्रवाह भएमा मात्र प्राप्त हुन सक्छन् । अष्टाङ्गयोगसिद्ध गलेश्वर बाबा, योगी नरहरिनाथ, अघोरी बाबा, डिल्लीराम बाबा, स्वामी परमानन्द, स्वामी रामानन्द लगायतका साधुले कालीगण्डकी र शालग्राम पाइएको कारण देवघाट रोजेका हुन् र आजको देवघाटको चित्र उनीहरूले नै तयार गरेका हुन् । आज यहाँ राष्ट्रको धरोहरका रूपमा रहेका दर्जनौँ मठ मन्दिर र गुरुकुलले हजारौँलाई शिक्षादीक्षा र आश्रय दिइरहेका छन् । यो कुरा भोलिको इतिहासले अवश्य विर्सने छैन ।




आज देवघाटले राष्ट्रप्रमुखलाई पाएको छ । विकासका कुरा भएका छन् । धार्मिक पर्यटनका कुरा पनि भएका छन् । विश्वका हिन्दूहरूले देवघाटलाई चिनेका छन् र एकपटक मात्रै भए पनि देवघाट जानै पर्छ भन्ने दृढ संकल्प गरेका हुन्छन् । गण्डकीलाई यथास्थितिमा जोगाउन सकिएन र प्रवाह परिवर्तन गरियो भने न गण्डकी रहने छन्, न श्रद्धालुहरूको आस्था रहने छ, न देवघाट रहने छ, नत हामी र हाम्रो अस्त्विव नै रहनेछ ।

**उपसंहार**

माघे सङ्क्रान्तिमा काली र त्रिशूलीको संगममा अमृत प्रवाहित हुने मान्यताका कारण देवघाटमा मेला लाग्छ । कसैको निमन्त्रणा नभएपनि, कुनै सुविधा नभएपनि, केवल आस्थाको भरमा लाखौँ मानिस देवघाटमा नुहाउन आउँछन् । यौटायौटा गण्डकी त अन्यत्र पनि पाइन्छन् तर सबै गण्डकी एकैचोटि देवघाटमा मात्र पाइन्छन् । मानिसहरू पानी नपाएर यहाँ आएका होइनन् । काम नभएर

आएका पनि होइनन् । शास्त्रीय प्रमाणका आधारमा अमृत्त्वको लालसाले आएका हुन् । कालीको प्रवाह परिवर्तन भएपछि काली र त्रिशूलीको संगम हुँदैन र अमृत प्रवाहित हुने मान्यता पनि समाप्त हुँने छ । त्यसपछि केको मेला ? केको यात्रा र केको धार्मिक पर्यटन ?

वास्तवमा शालग्राम र गण्डकीकै कारण देवघाटलाई देवघाट भनिएको हो । देवानामटनाच्चैव देवाट इति संज्ञितम् (वराहपुराण १४४/१६५) ती पूर्वोक्त इतिहास र मान्यतालाई निमोठ्ने गरी कालीगण्डकीको प्रवाह परिवर्तन गर्ने हो भने सर्वप्रथम देवघाट लगायत तीर्थहरूको नाम परिवर्तन गर्नुपर्ने छ । गण्डकी नभए शालग्राम हुँदैन, शालग्राम नभए देवता हुँदैन, देवता (दैवी भावना वा आध्यात्मिक गुण) नभएपछि देवघाट नै कसरी रहन्छ र ? यस्तै अरू पनि तीर्थस्थलहरू बदलिने छन् । उत्तरवाहिनी, रामपुर, केलादीघाट, देवघाट आदि सबै धर्मक्षेत्रले पूरै स्वरूप बदल्ने छन् । यिनलाई अधर्मक्षेत्र भन्नुपर्ने अवस्था आउने छ । त्यस्तो नहोस् । प्रकृति बचाइयोस्, संस्कृति नछोडियोस् । विकृति पन्छाइयोस्, संस्कारयुक्त, सभ्य र सुसंस्कृत समाजको सिर्जना गरियोस् । धार्मिक आस्था भनेको कुनै ख्यालठट्टा होइन । धार्मिक आस्थामाथि चोट पुग्नु वा पुऱ्याउनु ज्यादै संवेदनशील कुरा हो । कालीगण्डकीको धार परिवर्तन भएर देवघाटलगायतका धार्मिक धरोहरलाई समाप्त गर्न खोजिए त्यो हाम्रै सन्ततिको भविष्यका लागि अक्षम्य अपराध गरेको ठहरिने छ । अस्तु ।

**(२०७६ भदौ ३० गते जिल्ला समन्वय समिति भरतपुर चितवनको सभाकक्षमा आयोजित कालीगण्डकी डाइभर्सन र प्रभाव विषयक बृहद् अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत विचारपत्र)**

छोडी यतै खोर शरीर चट्ट
पक्रूँ भनी निर्मल आत्मतत्त्व
अध्यास यो खुर्कन एक एक
छन् वानप्रस्थी यसमा अनेक

- युगकवि सिद्धिचरण श्रेष्ठ

# गण्डकी महिमा र संरक्षणको चुनौती



**प्रा.डा. नारायणप्रसाद खनाल**
त्रिवेणी साहित्य परिषद्, नवलपरासी

**गण्डकीमहिमानं को लोके लोपयितुं क्षमः ?**
**भूधरस्य यथा भानोर्विष्णोर्विश्वसृजो द्विज !**
- गण्डकी माहात्म्य १।२१

प्रस्तुत पद्यको तात्पर्य हो - जसरी पृथ्वीलाई (र पृथ्वीमा रहेका समस्त प्राणी वर्गलाई) पालनपोषण गर्ने भानु अर्थात् सूर्य, विष्णु, विश्व वा संसारको सृष्टि गर्ने ब्रह्माको महिमालाई कसैले लोप वा समाप्त गर्न सक्दैन त्यसरी नै सदानीरा गण्डकी-गङ्गाको महिमा, महत्ता वा अस्तित्वलाई कसैले पनि सखाप पार्न सक्दैन । हुन पनि गण्डकी, गोमती (पिलीभीतको तालबाट निस्कने), गोदा (गोदावरी), गङ्गा (भागीरथी, भगीरथले पृथ्वीमा ल्याएको तीर्थ), गौतमी (गौतमले पृथ्वीमा ल्याएको तीर्थ) यी पाँचवटै गकारादि नाम भएका नदी-तीर्थहरूले भौतिक रूपमा सिंचाइ, सरसफाइ, धोइपखाली, पवित्रता, शुद्धता, जलपान, जलस्नान, वातावरण-पर्यावरण सन्तुलन, विद्युत् उत्पादनजस्ता क्रियाकलाप गरेर-गराएर मानव लगायतका प्राणीहरूको जीवनमा भुक्ति अर्थात् भोग उपलब्ध गराउँछन् भने आध्यात्मिक रूपमा मरणोपरान्त मुक्ति अर्थात् मोक्ष प्रदान गर्दछन्, अतः यी कुरा प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण, उपमान प्रमाण, शब्द प्रमाण र अर्थापत्ति प्रमाणबाट स्पष्ट हुन्छन्, जसले यी कुरा बुझ्दैन, हुन सक्छ त्यस्तो व्यक्ति वा व्यक्तिवर्ग गण्डकी संस्कृति, गण्डकी नदी, गण्डकी जलमार्ग, तीर्थक्षेत्रको विध्वंसतिर लाग्दछ (ग.मा. १-२४-२५)। कुनै कालखण्डमा गण्डकीमाथि अत्याचार हुन सक्ने सम्भावित विपदाप्रति सङ्केत गरिएको प्रस्तुत सूक्तिले तथाकथित गण्डकी डाइभर्सनको सुदीर्घ दृष्टिक्षेप गण्डकी महात्म्यले वर्षौंअघि कसरी गर्न सकेको ?

गण्डकी शब्दको मूल गण्ड हो । 'गण्ड' शब्दको सर्वाधिक लोकप्रिय अर्थ गालो वा कपोल हो भने दोस्रो प्रसिद्ध अर्थ गैंडा हो तर यसको स्थानविशेष र प्रयोगविशेषले हुने अन्य अर्थहरूमा आँख्लो, कनपट्टीसहित गालाको भाग, कनपारो, खटिरो, गाँठो, गण्ड नामका एक ऋषिको नामबाट नदीको नाम नै गण्डकी रह्यो, गलामा परिहने गण्डा, गठरी, गलफुलो, गाँडको बिरामी, गाँस (जोड), घाउ, घोडाको साजसज्जा, दाग/खत, पानीका फोका, फोडा, मूत्राशय, वीथिनामक संस्कृत नाटकको त्यस्तो अङ्क, जसमा अपर्भट प्रश्नोत्तर हुन्छ, सूज, हाडको जोड वा गाँठो, हात्तीको कञ्चट आदि रहेका छन् । साँच्चै 'शब्दानामनेकार्था' भनेको ठिकै रहेछ र नै गण्ड शब्दका यति धेरै अर्थ छन् ।

गण्डकी मूलतः तिब्बत स्रोत भई प्रख्यात दामोदरकुण्ड अवस्थित शालिग्राम पर्वतबाट निःसृत हुँदै मुक्तिनाथ-कागबेनी, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ, पाल्पा, गुल्मी, चितवन, नवलपरासीलाई स्पर्श गर्दै देवघाटमा त्रिशूली गङ्गासँग मिसिने कालीगण्डकीको वाचक हो भने प्रायः यो गङ्गा वा नदी रूपमा प्रसिद्ध छ । जस्तै - पार्वतीका आँखाको कुनाबाट उत्पन्न कृष्णागण्डकी

(कृष्णाभा), बायाँ पाउबाट त्रिशूली गण्डकी (धर्मधारा), अलकबाट दरौँदी गण्डकी (रत्नधारा), चिउँडोबाट बूढीगण्डकी (यशोधारा), ओठको दायाँतिरबाट मर्स्याङ्दी गण्डकी (विश्वधारा), गालाबाट मादीगण्डकी (सितप्रभा) र शिरबाट सेतीगण्डकी (सुवर्णधारा) यी सातवटै गण्डकी हुन् र यिनको समूहलाई सप्तगण्डकी भन्ने नाम दिइएको छ । गण्डकीमध्ये कृष्णागण्डकी प्रमुख र अन्य गण्डकी सहायक हुन् । तुलनीय छ - सप्तकर्णाली र सप्तकोशी पनि विभिन्न सहायकसमेत सात नदी मिलेर नै बनेका सप्तगण्डकी जस्तै नेपालका मुख्य प्रस्रवण मानिने तीन नदीमध्येका कर्णाली-कोशी हुन् ।

पौराणिक मान्यताअनुसार राजा भागीरथले स्वर्गबाट सातधारा भएकी गङ्गालाई पृथ्वीमा अवतरण गराउँदा एकधारा उछिट्टिएर नेपालमा आइपुग्दा मुक्तिनाथनिर पुगेको र अग्निकुण्डलाई समेत उत्पत्ति स्थल बनाएर बग्ने मुस्ताङ खोला दामोदरकुण्ड तिब्बत-मुस्ताङ सीमा नजिक न्हुबिन (Nhubine) हिमाल स्रोत रहेको र दामोदरकुण्डबाट प्रवहित गण्डकी कागबेनीमा मिसिएकी पवित्र गङ्गा हुन् । यिनलाई देवघाटको सङ्गमपश्चात् त्रिवेणीसम्मको धारालाई नारायणी, भारतमा गण्डकी - गण्डकि - गण्डक र ग्रन्थान्तरमा शालग्रामी र चक्रनदी आदि भनेको पनि पाइन्छ । बुद्धमार्गमा भने गण्डकीलाई हिरण्वती वा हिरण्यवती-हिरण्मती जस्ता नामबाट पुकारिने गरेको बुझिन्छ । नेपालमा झन्डै ३४९६० वर्ग कि.मि. भूमिमा बग्ने गण्डकी भारतको विहार राज्यको पटना सहरनजिक जोनपुर-हरिहर क्षेत्र पुगेर गङ्गामा मिसिन्छ र भागीरथीमय बनेर बग्दै समुद्रमा पुग्छ । यसको तात्पर्य के हो भने शालग्राम शिला प्रवाहित भएर दामोदर कुण्डबाट कालीगण्डकी नारायणी हुँदै भागीरथी गङ्गामा पुग्दै अन्तः समुद्रसम्म फैलिन सक्ने अवस्था विद्यमान रहन्छ ।

वाराहपुराणका अनुसार 'गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा' भन्दै मुक्तिनाथमा तपस्यारत भगवान् विष्णुका तेजबाट गण्डस्थल अर्थात् गालामा आएको पसिना बग्दा उत्पन्न भएको हुनाले यी सर्वश्रेष्ठ नदीको नाम गण्डकी रहेको हो भन्ने पाइन्छ । जस्तै :

**तीव्रं तेजः प्रादुरासीत् येन तप्ताश्चराचराः ।**
**तस्योष्मणा समुद्भूतः स्वेदः परस्य गण्डयोः ॥**
**तेन जाता धुनी दिव्या लोकानामघहारिणी ।**

(ग.मा. २-२७[१]/[२])

तर स्कन्दपुराणका अनुसार भने एकजना वयोवृद्ध गण्डर्षि अर्थात् गण्ड नाम भएका ऋषिले तपस्यारत हुँदा मुक्तिनाथको एक कन्दरामा रहेको जलमा डुबेर स्नान गरेको र तिनैका शरीरबाट स्वेदबिन्दु वा पसिनाका थोपा सर्वप्रथम गालाबाट खसेकाले गण्डकी (कृष्णाभा) नाम रहेको भन्ने देखिन्छ । त्यति मात्र होइन, ऋषि हिँड्दै गर्दा खसेका पसिनाबाट धर्मधारा (त्रिशूली), यशोधारा (बुढीगण्डकी), विश्वधारा (मर्स्याङ्दी), सितप्रभा (मादी), रत्नधारा (दरौंदी), सुवर्णप्रभा (सेती) जस्ता गण्डकीको समेत उत्पत्ति भएको देखाएको छ । यसरी गण्डकी नाम रहनुमा गण्डर्षि पनि कारण बनेका देखिन्छन् ।

पद्मपुराणका अनुसार ब्रह्मा वा प्रजापतिले प्रजाहरूलाई धेरैजसो पापी भएको देखेर गालाको पसिनाबाट पापनाशिनी गण्डकीको सृष्टि गरेको भन्ने देखिन्छ । स्कन्दपुराणअन्तर्गतको हिमवत्खण्डका अनुसार पार्वतीले गोसाईकुण्डका पूर्वी पहाडमा कठोर तपस्या गर्दा शरीरबाट पसिना निस्किई त्यसैबाट कोशी र गण्डकीको उत्पत्ति भएको बताइएको छ ।

कुशिक ऋषिले तपस्या गरेको नदीलाई कौशिकी वा कोशी र गण्डर्षिले तपस्या गरेको नदीलाई गण्डकी भनिएको हो भन्ने पनि देखिन्छ। कोशी र गण्डकीका सहायक नदीसमेत पार्वतीका पसिनाबाट नै उत्पन्न भएको पनि देखाइएको छ। यसैअन्तर्गत अर्को एक कथनअनुसार 'नीलकूट' टाकुरामा चढेर पार्वतीले अत्रि ऋषिलाई दान-दक्षिणा गरेपछि पार्वतीका देब्रे खुट्टाबाट पसिना बगेर बनेको तलाउमा गण्डर्षिले स्नान गरेर दिव्यजीवन पाएका हुनाले उनै गण्डका नामबाट 'गण्डकी' नाम रह्यो।

गण्डकी माहात्म्यका अनुसार गण्डकी क्षेत्र भन्नाले मुक्तिक्षेत्र वा मुक्तिनाथदेखि लिएर त्रिवेणी वा हरिहर क्षेत्रसम्मको बाह्रयोजन वा अठ्चालिस कोश अर्थात् पुगनपुग सय माइल नेपाली भूमि भागलाई सङ्केत गरेको छ -

**........................ गण्डकी क्षेत्रमुत्तमम्।**
**आरभ्य मुक्तिक्षेत्राच्च क्षेत्रं द्वादशयोजनम्॥**
(ग.मा. १०।४२)

यति धेरै विस्तार भएको चक्राङ्कित अनि स्वर्णगर्भा शालग्रामशिला गर्भित गण्डकीका किनारमा देवकार्य र पितृकार्य गर्नु अति उत्तम मानिन्छ। पुनश्च गण्डकी क्षेत्र भन्नाले कालीगण्डकीदेखि पूर्व, त्रिशूली गण्डकीदेखि पश्चिम माछापुच्छ्रे हिमालयदेखि दक्षिण र देवतीर्थ वा देवघाटदेखि उत्तरमा अवस्थित भूभाग हो भनेर योगी नरहरिनाथले यस संस्कृत कवितामा स्पष्ट उल्लेख गरेका छन् :

**कृष्णाप्राच्यां त्रिदशमहितं शूलनद्याः प्रतीच्यां**
**प्रालेयाद्रेर्धवलशिखरान्मत्स्यपुच्छादवाच्याम्॥**
**सत्तीर्थोघैरमलमतुलं देवतीर्थादुदीच्यां**
**पुण्यैः प्राप्यं भुवि तनुभृतां 'गण्डकीक्षेत्र'मस्ति॥**

योगीजीको कथन अत्यन्त प्रामाणिक छ तर हरिक्षेत्रका रूपमा प्रख्यात चक्रतीर्थ र नेपालको प्रख्यात नारायणी (सप्तगण्डकी), तमसा र स्वर्णा वा सोना नदीको सङ्गम, संस्कृत भाषाका प्रथम महाकवि-आदिकवि वाल्मीकिको साधनास्थली रामायण रचनास्थली वाल्मीकि आश्रमसमेत रहेको यस हरिक्षेत्र वा त्रिवेणीलाई भने समेटिएको छैन। त्यसो त योगीजीले देवतीर्थ भनेर त्रिवेणीलाई नै पनि भनेको हुनसक्ने अड्कल काट्न नसकिने चाहिँ होइन। यो कुरा पनि विचारणीय नै छ। वाराहपुराणका अनुसार-

**मुक्तिक्षेत्रं प्रथमेता रुरुखण्डं ततः परम्।**
**सम्भेदो देव-नद्योश्च त्रिवेणी च ततः परम्।**
**क्षेत्र प्रमाणं विज्ञेयं गण्डकीसङ्गतं परम्।**

मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट र त्रिवेणी नै गण्डकी क्षेत्र हो।

'गडि वदनैकदेशे' धातुपाठ पठित अनुस्वारागमनसहितको 'गण्ड्' धातुबाट 'अ' (अच्) प्रत्यय लागेपछि 'गण्ड' शब्द तयार हुन्छ। आचार्य भामहले 'गण्ड' शब्दलाई अश्लील मानेका छन् तर त्यस्तो शब्दसँग जब पाण्डु (गोरो) शब्द जोडिन आउँछ तब अश्लीलता खत्तम हुन्छ भनेका छन् - **'सङ्गमात् पाण्डुशब्दस्य गण्डः साधु यथोदितम्।'** 'गण्ड' शब्दमा 'क' (कन्) प्रत्ययको योग भएपछि 'गण्डक' शब्द बन्दछ। यसको अर्थ हो भाले गैंडा अर्थात् जुन क्षेत्रमा पर्याप्त मात्रामा गैंडा नामक जनावर पाइन्छ, त्यस क्षेत्रलाई गण्डक क्षेत्र मान्न सकिन्छ। 'गण्ड' को पर्यायवाची शब्द 'खड्ग' पनि हो। सुनिन्छ श्राद्धमा गण्डक वा गैंडाको रगतले पितृहरूलाई तर्पण दिइन्छ। राजदरबारमा हुने श्राद्धीय तर्पणमा यसको प्रयोग गरिने कुरा सुनिन्थ्यो। सर्वसाधारणले त्यो रगत नपाए पनि खगौतो अर्थात् गैंडाका थुतुनो वा हाड-छालाले बनेको तर्पण गर्ने (अर्घौताको प्रयोग) अद्यापि गरिरहेकै छन्, त्यसको

अभावमा मात्र धातुको अर्घौतोबाट तर्पण गर्ने परम्परा छ। गैंडाको खागबाट बन्ने खगौती-खगौतो कति शुद्ध, कति पवित्र त्यो शास्त्रान्तरमा उल्लेख भएको हुनसक्छ तर गण्डकी नदी र गैंडाको खाग - खगौतोबिच हिन्दूधर्मावलम्बी श्राद्धकर्ताहरूको विशेष सम्बन्ध अन्वेषणीय नै छ। वास्तवमा गैंडाको पोथीवाचक 'गण्डकी' शब्द नदीका लागि 'स्त्रीति नामैव सुन्दरम्' (आचार्य कुन्तक)का अनुसार नेपाली नाम रहेको र भारतीयहरूले भाले गैंडावाचक 'गण्डक' कै आधारमा यो नाम दिएको हुनसक्छ, यो पनि खोजीकै विषय भयो । नारायणीको किनारमा अवस्थित चितवन, नवलपरासी, मकवानपुर, पर्सा (रापती पनि नारायणीमा मिसिन्छ) र सीमावर्ती भारतीय विहार राज्यको उत्तरप्रदेश तटीय भूभागसमेत गण्डक कहलाउँछ, जहाँ गण्डकी नदी गङ्गामा मिसिनुअघि जलप्रवाहलाई गतिशील बनाउँछ । गण्डक परियोजना अन्तर्गत भारतले रूपन्देही-नवलपरासीका डण्डा र नारायणी नदीमा बाँध बाँधेर सिंचाइ गरेको छ, जसको उद्घाटन राजा महेन्द्रले गरेका थिए ।

गण्डक शब्दमा ई (ङीष्) प्रत्यय जोडिएपछि 'गण्डकी' शब्द निष्पन्न हुन्छ । यसको अर्थ हो पोथी गैंडा र पार्वतीका पसिनाबाट उत्पन्न ती सात नदी जसका जलस्नानले 'गण्ड' नामका वयोवृद्ध ऋषि जवान भएका थिए। सप्तगण्डकीको सङ्गम देवघाटमा त्रिशूली गण्डकी र कालीगण्डकी मिसिएपछि पूर्ण हुन्छ र यसपछि यसले 'नारायणी गङ्गा' बनेर धर्तीलाई सिँचाइद्वारा पवित्र सस्यश्यामला बनाउँदै नेपालका छ हजार नदीनालाजस्तै भारततिर प्रवेश गर्छ किन्तु गण्डकी शब्दले सामान्यतया कालीगण्डकी भन्ने नै बुझिन्छ किनकि मुख्य विशेषता बोकेको नदी नै गण्डकी हो, जुन नदीको उद्गम कालाकाला शालग्राम भएका भूमिबाट भएको छ, यसैले शालग्रामी, मुक्तिनाथी नाम पनि गण्डकीलाई दिइएको छ । '**नदीषु गण्डकी श्रेष्ठा'** (ग.मा. २।२२) का अनुसार गण्डकी भनेर शालिग्रामी वा चक्रनदीलाई नै भनेको बुझिन्छ। 'गण्डकी' वास्तवमा पवित्र गङ्गाका रूपमा प्रख्यात भएको र अन्य सहायक छ नदीलाई पनि पवित्रताका कारण गण्डकी नै भन्न थालिएकाले कालापत्थरको पहाडबाट समुद्गम भएकाले अथवा शालग्रामी शिलाका संसर्गले यमुनाको जस्तै जलको कालिमाका कारण 'कृष्णा' अगाडि थपेर 'कृष्णा वा कालीगण्डकी' भनिएको हो । सप्तगण्डकी भने पनि वास्तवमा गण्डकी तीनवटा मात्र छन् - कृष्णा (गण्डकी), शुक्ला (गण्डकी) र वृद्धा वा बुढीगण्डकी (ग.मा. ५।४६) तर प्रा.डा. टीकाराम अधिकारीले भने 'गण्डकी' शब्दले कालीगण्डकीलाई नै बुझाउँछ भन्दै सम्बन्ध विशेषले त्रिशूली आदिलाई पनि गण्डकी भनिएको हो भन्ने उल्लेख गरेको पाइन्छ (ग.मा. ७२) । **पञ्चतन्त्र**ले पनि **'अस्ति गण्डकीतीरे चित्रवनं नाम नगरम्'** भन्ने उल्लेख गरेको छ, यो चित्रवन भनेको चितवन नै हो, त्यतिबेलासम्म नारायणी नाम नपाइसकेको हुनसक्छ। **हिमवत्खण्ड, नेपालमाहात्म्य, गण्डकीमाहात्म्य** जस्ता ग्रन्थमा पनि गण्डकीको उत्पत्ति, महत्व र स्नान-दान एवं देवपूजन, पितृयज्ञ आदिको विशेषता प्रतिपादन गरिएका छन् । गण्डकी माहात्म्यका अनुसार यस गण्डकी प्रदेशमा रहेका पाँच क्षेत्रमध्ये मुक्तिनाथ नै सर्वश्रेष्ठ क्षेत्र मानिएको छ ।

मुस्ताङ जिल्लाको करिब बाइस सय फिटको उच्च हिमाली भूभागमा अवस्थित शालग्राम पर्वतको टाकुरामा मुक्तिनाथ तीर्थ पर्दछ, यहीं अग्निकुण्डबाट जलप्रवाह निस्केको देखिन्छ भने गङ्गाका सहस्रधारा पनि प्रवाहित हुन्छन् । हिन्दू र बौद्ध दुवैले समान

सम्मान गरिने र धार्मिक सहिष्णुताको अनुपम उदाहरण बनेको यस क्षेत्रमा चतुर्बाहु विष्णुको प्रस्तरमूर्ति, ज्वालादेवी र शिवलिङ्ग रहेका छन् । कुनै समय ब्रह्माले सबै प्राणीको मुक्तिका लागि यज्ञ गरेका हुनाले यसको नाम मुक्तिक्षेत्र भएको र समग्रमा भन्नुपर्दा मुक्तिनाथ वा मुक्तिधाम मानिएको बुझिन्छ । **'मुक्तिक्षेत्रमिदं क्षेत्रं दर्शनादेव मुक्तिदम् ।'** (का.मा. २।६०) र **'वसिष्याव: सदैवात्र गण्डक्यां जगतां पते ।'** (का.मा. २।६४) अर्थात् मुक्तिक्षेत्रमा विष्णु, ब्रह्मा, शिव आदि तेत्तीसकोटि देवता निवास गर्नेभएकाले यसको धार्मिक महत्व विशेष किसिमको छ भने हिन्दू धर्मावलम्बी-बुद्ध धर्मावलम्बीहरूद्वारा गरिने विशेष तीर्थयात्रा वा तीनधाम-चारधाम तीर्थ गर्न खोज्ने इच्छुक तीर्थयात्रीहरूको पहिलो तीर्थ पनि यही हो किनभने कुनै तीर्थयात्रा गर्नुपूर्व सर्वप्रथम मुक्तिक्षेत्रको तीर्थयात्रा अनिवार्य मानिन्छ । उत्तरगयाको रूपमा प्रख्यात काकवेणी र वेत्रावती (त्रिशूलीको सहायक नदी) आदि तीर्थ पितृ र देव दुवै कर्म-यज्ञका लागि प्रशस्य छन् अत: तीनधाम-चारधाम तीर्थयात्रापूर्व यहाँ तर्पण-पिण्डदान गरिन्छ ।

मुक्तिनाथदेखि तलतलै गण्डकीसँग मिसिने नदीहरूका सङ्गम वा वेणी-त्रिवेणीहरूमा अर्थात् गण्डकीका पूर्व-पश्चिमी किनारहरू सबै तीर्थस्थलका रूपमा विकसित छन् । कागबेनी (मुस्ताङ), बेनी पुलस्त्य आश्रम वा गलेश्वर आश्रम (म्याग्दी), मोदीबेनी पर्वत, रुद्रवेणी (गुल्मी-बागलुङ), सेतीबेनी (स्याङ्जा), रिडीबेनी (पाल्पा-गुल्मी), हर्दी (पाल्पा), हुँगी (पाल्पा), रामदी (पाल्पा-स्याङ्जा), रामपुर (पाल्पा-स्याङ्जा), केलादी (पाल्पा), कोटाघाट (नवलपरासी-तनहुँ) देवघाट (तनहुँ, चितवन र नवलपरासी) र त्रिवेणी (चितवन, नवलपरासी) आदि महत्वपूर्ण धार्मिक-आध्यात्मिक तटस्थलीका रूपमा रहेका छन् । यसरी मुक्तिक्षेत्रका रूपमा मुक्तिनाथ रुरुक्षेत्रका रूपमा ऋषिकेश, रामपुर क्षेत्रका रूपमा रामसीता (को तपस्थली), हरिहर क्षेत्रका रूपमा हरिहर (आदिप्रयाग देवघाट), त्रिवेणी (क्षेत्रका रूपमा) हरक्षेत्र रहेको देखिन्छ भने हरिक्षेत्रचाहिँ नारायणी वा गण्डकी र गङ्गाको सङ्गम स्थललाई भनिन्छ, जो भारतमा पर्दछ, जहाँ विशाल हरिहर मन्दिर छ ।

गण्डकी लोमान्थाङ, जोमसोम, बेनी, बागलुङ, कुस्मा, पूर्तिघाट, सेतीबिनी, मिर्मी, रुद्रवेणी, रिडी, डेढगाउँ, रामपुर, चापाकोटसम्म र देवघाटबाट नारायणी, नारायणघाट, भोसरघाट, त्रिवेणीसम्मको कुल लमाइ ३३८ कि.मी. रहेको र जलप्रवाह क्षेत्रफल छब्बीस हजार वर्ग कि.मी. भूमि रहेको मापन गरिएको देखिन्छ । यसबाट सिञ्चित क्षेत्र ४६ हजार ३ सय कि.मी. वा १७८७७ वर्गमिटर रहेको उल्लेख पाइन्छ । यसको औसत जल १७६० मी$^{३}$/से. अर्थात् ६२१५४ क्युफिट/से, अधिकतम जल ३०,००० मी$^{३}$/से. अर्थात् १०५९४० क्युफिट/से., न्यूनतम जल ५०० मी.$^{३}$/से. अर्थात् १७६५७ क्यु.फिट से. रहेको तथ्याङ्क प्राप्त हुन्छ ।

यति महत्त्वपूर्ण रूपमा सिंचाइ भइरहेको गण्डकीको जल प्रवाहलाई डाइभर्सन गर्ने हो भने त्यसको क्षतिपूर्ति कसरी हुन सक्छ र ? यसै गरी प्रख्यात चितवन नेशनल पार्क, जो विश्व सम्पदासूचीमा दरिएको छ, त्यसको पश्चिमी सिमानाको काम नारायणी नदीले प्राकृतिक रूपमा गरेको हुनाले जैविक विविधताको विकासमा समेत महत्त्वपूर्ण कार्य भइरहेको मान्न सकिन्छ । त्यति मात्र होइन सुन्दर रूपसे छहरा, संसारकै सबैभन्दा गहिरो गल्छी अन्धगल्छी समुद्री सतहदेखि १२०० मिटरको उचाइ र ६,९८७ मिटर गहिराइ (म्याग्दी) बनाएर बग्ने कालीगण्डकीले नारायणी रूप लिएपछि

यहाँ दुर्लभ घडियाल गोही र मगर गोहीको विशिष्ट संरक्षण क्षेत्र पर्दछ, जहाँ विश्वभरिका अनुसन्धाता रिसर्च गर्न आइपुग्छन् । के डाइभर्सनबाट यो दुर्लभ जैविक सम्पदा नष्ट हुन सक्ने खतरालाई त्यसका योजनाकारले बुझ्न नसकेकै हुन् त ? नेपालको सबैभन्दा गहिरो नदी भएर पनि सबैभन्दा ठूलो जलविद्युत् उत्पादन केन्द्र सञ्चालित कालीगण्डकी नदीको धार्मिक-सांस्कृतिक र ऐतिहासिक एवं भौतिक स्वरूपलाई नछोइकन नभत्काइकन कसैले लोहोटा-घैंटामा पानी उबाएर खान-पिउन र कुलो-नहर खोलेर स्नान-सिंचाइ गर्न सक्छ तर यसको अस्तित्व नै समाप्त पार्दै गाई मारेर गधा पोस्ने प्रवृत्तिले कसैलाई फाइदा हुँदैन । यस्तो प्रवृत्ति लिने नेतृत्व वर्गमा छिटै सद्बुद्धि आओस् । कालीगण्डकी जस्ता पवित्र धर्मिक नदीको स्वैच्छिक प्राकृतिक वहावको मार्ग अवरुद्ध गर्नु या परिवर्तन गर्नु सरासर अन्याय हुन्छ । अतः यसमा पर्यावरणीय प्रभाव, वातावरण सन्तुलन, जैविक विविधता, मानवीय संसाधन, धार्मिक-आध्यात्मिक मूल्यमान्यता र सामाजिक न्याय तथा जलचर-जीवजन्तुको संरक्षणका निम्ति पनि कालीगण्डकी डाइभर्सनको अवधारणा फेरि नव्युँतने गरी सदाका लागि समाप्त गरियोस् तर विकासका नाममा तीर-तटीय क्षेत्र सिंचाइ गर्ने वा विद्युत् उत्पादन गर्ने हो भने कालीको जल कालीमै खसाल्ने गरी शक्तिशाली टर्वाइन जडान गर्नका लागि कसैले अन्यथा भन्न सक्दैन, भन्न पनि हुँदैन भनेका पनि छैनन् । कालीगण्डकी संरक्षण-सुरक्षण र अस्त्वि रक्षणका लागि उपभोक्ता समिति सर्वत्र गठन गरियून्, गण्डकी बचाउन अभियान सशक्त बनाइयोस्, मेची-महाकाली जागरण दौडाहा लगाइयोस् अत्यन्त तात्तातो शक्ति सञ्चय गरेर यस्ता उपद्रवी योजना र योजनाकारको मानमर्दनद्वारा गण्डकी गङ्गा र नेपालमाताको संरक्षणपूर्वक जयजयकार गरौं ।

## सन्दर्भसूची


अधिकारी, टीकाराम (डा. अनुवादक, २०५५), **गण्डकी माहात्म्यम्** (काशिरामसूरिविरचितम्), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी ।

अधिकारी, पूर्णप्रसाद (२०७७), देवघाटधाम तीर्थ एक : महत्त्व अनेक (पृ. ९९-१०५), **अनुस्मृतिका तरङ्गहरू** (यात्रासंस्मरण र आलेखहरूको सङ्ग्रह), नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

अधिकारी, सीताराम (२०५७), **देवघाट** (काव्य), गोरखा-काठमाडौं : लेखक स्वयम् ।

अर्याल, नारायणप्रसाद उपाध्याय (२०५६), **त्रिजन्मा** (नेपाली महाकाव्य), पर्वत : नारायणप्रसाद उपाध्याय अर्याल ।

कोइराला, यादवनाथ (पं., २०७१), **काली-दर्शन** (खण्डकाव्य), पाल्पा : पोखराथोक साहित्य सङ्गम ।

नेपाल, आनन्दप्रसाद (पं., २०७५), **देवघाट परिचय,** तनहूँ : सुशीला नेपाल, देवघाट-५ ।

पन्त, निराजन (२०७०), **देवघाट** (महाकाव्य), प्रकाशक लेखक स्वयम् ।

पन्थी, टीकाराम (डा. २०५९-६०), एकता क्षेत्र देवघाटधाम, **देववाणी** (देवघाटधाम विशेषाङ्क-१), रामहरि तिमल्सिना, (सं.), काठमाडौं : देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् ।

पाण्डेय, नवराज 'चातक' (२०७५), **कालीगण्डकी** (महाकाव्य), नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

मरासिनी, दधिराम (पं., २०५०), गण्डकीस्तोत्रम् १ र २ (पृ. ८१-८९), **स्तवमाला,** दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

मरासिनी, नीलकण्ठ (२०७०), **श्रीगण्डकी अवतरण** (खण्डकाव्य), नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

# कालीगण्डकी : पृथ्वीको सर्वश्रेष्ठ तीर्थ



**चैतन्यकृष्ण**
अध्यक्ष, श्रीकालीगण्डकी ज्ञान-विज्ञान प्रतिष्ठान

सत्रौं शताब्दीमा चर्चित फ्रेन्च दार्शनिक भोल्टेयरले भनेका छन् - "I am convinced that everything has come down to us from the banks of the Ganga-Astronomy, Astrology, Metempsychosis, etc." अर्थात् "म यो कुरामा विश्वस्त छु कि खगोलविद्या, नक्षत्रविद्या, पुनर्जन्मविज्ञानलगायत सबै चिज गङ्गाको तटबाटै प्राप्त भएका हुन् ।" उनी अगाडि भन्दछन् - "युरोपमा २५०० वर्ष अगाडि नै पूर्वका मनीषीहरूको सुयश फैलिएकोले नै पाइथागोरसले सोमासबाट गङ्गातटसम्म ज्यामिति पढ्न गएका थिए ।"

जल जीवन हो, धर्तीका सम्पूर्ण जीवहरूको जीवनाधार हो। जलबिना जीवन सम्भव नहुने भएकाले जीवनमा जलको महत्त्व अनन्त छ । जीवहरूलाई निरन्तर निःस्वार्थ भावले आफ्नो सर्वस्व दिएर उनीहरूलाई बचाउने नदीहरूको जीवन धन्य छ । विश्राम गर्दै नगरी अरूको रक्षाका लागि बगिरहने नदीहरू संसारमा परोपकारका आदर्श उदाहरण हुन् । नीतिमा भनिएको छ - "जीवन्ति नद्यः स्वयमेव नाम्भः परोपकाराय सतां विभूतयः ॥" अर्थात् नदीले आफ्नो जल आफैं पिउँदैनन्, वृक्षहरूले पनि आफ्नो फल आफैं खाँदैनन् । सन्तहरूका सबै चिज परोपकारका लागि हुने गर्दछन् ।

टेथिस सागरबाट विश्वमा सर्वप्रथम प्रकट भएको सर्वोच्च शिखर सगरमाथाको देश नेपाल प्रवाहित जलस्रोतको दृष्टिले ब्राजिलपछि विश्वकै दोस्रो र एसियाको पहिलो धनी देश हो । गण्डकी, कोशी र कर्णाली नेपालका प्रमुख नदीहरू हुन् । नेपालको हिमालय पर्वत, महाभारत पर्वत र चुरे पर्वतबाट निस्किएका नदीहरूलाई क्रमशः पहिलो, दोस्रो र तेस्रो स्तरका नदी भनेर चिनिन्छ ।

नदीहरूले नेपालको कुल क्षेत्रफलको ३.८% भाग ओगटेका छन् । नेपालका नदीहरूको कुल लम्बाइ करिब ४५०० कि.मि. छ र ६ हजारभन्दा बढी नदीनालाहरू छन् । यिनमा ८३००० मेघावाटभन्दा अधिक जलविद्युत् उत्पादन गर्ने क्षमता छ । कालीगण्डकी विश्वमै सबैभन्दा गहिरो गल्छी बनाउने नदी हो । नेपालमा गण्डकी नदीको कुल लम्बाइ ३३८ कि.मि. छ । भारत प्रवेश गरेपछि गण्डकीलाई गण्डक भनेर चिनिन्छ र विहारको पटनानजिकै गंगामा गएर मिल्दछ ।

नेपालको इतिहासअनुसार मध्यकालमा गण्डकी क्षेत्रमा चौबिसी राज्यहरू थिए र तीमध्ये गोर्खाले सम्पूर्ण बाइसी, चौबिसे राज्यहरूको एकीकरण गरेर आधुनिक नेपालको निर्माण गरेको हुनाले गण्डकी क्षेत्रको ऐतिहासिक दृष्टिले पनि नेपालमा ठूलो योगदान हुनआउँछ ।

पाल्पा जिल्लामा आदिमानव रामापिथेकसको बङ्गारा भेटिनु र शालग्रामलाई आधुनिक वैज्ञानिकहरूले प्राचीन जीवहरूको अवशेष

भन्नुबाट पनि विश्वसृष्टि नेपालको गण्डकी क्षेत्रबाट भएको भन्ने कुरा बुझ्न सकिन्छ ।

नदीहरू जीवन र सभ्यताका आधार हुन् । नदीतटमा जीवन सहज हुने हुनाले मानव बस्तीहरू नदीतटमै विकसित भएका थिए । गण्डकी सभ्यता, नाइल नदी, ह्वाङहो नदी र सिन्धुघाँटीको सभ्यताभन्दा पनि प्राचीन भएको कुरा रामापिथेकस र शालग्रामबाट बुझ्न सकिन्छ ।

**गण्डकीको उत्पत्ति**

गण्डकी नदी संसारकै सबैभन्दा महत्त्वपूर्ण नदी हुन् । मानव उत्पत्ति, जीवहरूको विकासक्रमको खोजका लागि गण्डकी सभ्यताको खोज महत्त्वपूर्ण हुन सक्छ । हजारौँ वर्षपूर्वमा वैदिक ग्रन्थहरूमा गण्डकी नदीको बारेमा वर्णन गरिनुबाट पनि यसको महत्त्व उजागर हुन आउँछ । वेद पुराणहरूमा गण्डकी नदीको महिमा मुक्तकण्ठले गाइएको छ । सृष्टिकालको विषयमा वैज्ञानिकहरू नै एकतामा पुग्न नसके पनि हाम्रा ऋषिहरूले स्पष्ट समय निर्देश गरेका छन् । १ अरब ८५ करोड ५८ लाख ८५ हजार १ सय १७ वर्ष भएको कुरा ज्योतिषीय कालगणनाबाट सिद्ध हुन्छ । अलग अलग कालमा सृष्टिको प्रारम्भ हुँदा केही कुराहरूमा समान र केही कुराहरू फरक पनि देखिन्छन् । पुराणहरूका प्रसङ्गहरू फरक फरक देखिँदा कल्पभेद भनेर बुझ्नुपर्छ । गण्डकी नदीको उत्पत्तिको विषयमा पनि तीन प्रकारको वर्णन देख्न पाइन्छ । देवभागवतका अनुसार तुलसी देवीको शरीर गण्डकी नदीको रूपमा परिणत भएको थियो - “इयं तनूनदीरूपा गण्डकीति च विश्रुता ।”

स्कन्दपुराणमा शिवप्राप्तिको लागि गोसाइँकुण्डको पूर्वी पहाडी टाकुरामा तपस्या गरिरहेकी माता पार्वतीको शरीरका विभिन्न अङ्गबाट बगेको पसिनाबाट सप्तकोशी एवं नीलकूटबाट सप्तगण्डकी उत्पन्न भइन् । कुशिक ऋषिले स्नान गरेकोले कौशिकी र गण्ड ऋषिले सुरुमा स्नान गरेकोले गण्डकी हुन गएको उल्लेख छ ।

गोसाइँकुण्डको पूर्वोत्तरमा विद्यमान हेमकूटमा पार्वतीको पैतालाबाट कोशी उत्पन्न भइन् । पार्वती रत्नशेखर पुग्दा चिउँडोबाट निस्केको तामाजस्तो रङ्गको पसिनाबाट तामाकोशी, हिरण्यशेखर टाकुरामा सुनकोशी, अर्को पर्वतमा पुग्दा गालाको रातो पसिनाबाट अरूणको प्रकाट्य भयो । सप्तकोशीमा सुनकोशी, तामाकोशी, लिखु, दुधकोशी, इन्द्रावती, अरूण र तमोर पर्दछन् । यी नदीहरूको (हिमवत्खण्ड, स्कन्दपुराण) अनुसार शुभश्रवा, पापहनी, भद्रावती, महाप्रभा, वरदा, दुखहनी र सप्तवाहिनी भनेर बताइएको छ । त्यसपछि पार्वती नीलकूट पर्वत पुग्दा उहाँको बायाँ पाउको पसिनाबाट बनेको तलाउमा गण्ड नाम गरेका ऋषिले स्नान गरेर प्रार्थना गरे । जलदेवी प्रकट भएर यस जलधाराको नाम उनकै नामबाट गण्डकी भनेर प्रसिद्ध हुने वर आशीष दिइन् । पार्वती त्यसपछि अगाडि बढ्दै गर्दा रोप्यक्रङ्ग नामक पर्वतमा चिउँडोको पसिनाबाट ठूलाठूला तरङ्ग भएकी नदी उत्पन्न भइन् । महाकुटमा ओठको पसिनाबाट पीत वर्णकी नदी, मणिकूट पर्वतमा कपालको पसिनाबाट श्वेतवर्णकी नदी, रत्नश्रृंग पर्वतमा अनेक वर्णवाली नदी, एकश्रृंगमा निधारका पसिनाबाट दूधजस्तै सेतो रङको नदी, द्विकूट पर्वतमा आँखाको पसिनाबाट नील वर्णवाली नदीको उत्पत्ति भयो । गण्डक ऋषिले ती सबै नदीहरूमा नुहाए र आशीष प्राप्त गरे । यी धाराहरूको नाम धर्मधारा, यशोधरा, विश्वधारा,

शीतप्रभा, रत्नधारा, सुवर्णाभा र कृष्णाभा हो । यसप्रकार गण्डकी स्वयं भगवान् नै स्वेदका रूपमा गण्डस्थलबाट बगेकी एवं ब्रह्मरूपा द्रव हुन्, ब्रह्मद्रव हुन् । स्कन्दपुराणमा भनिएको छ -

**प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।**
**कृष्णमायां सकृत् स्नात्वा फलं तुल्यं लभेन्नरः ॥**

अर्थात् गंगा, यमुना र सरस्वतीको संगम भएको त्रिवेणी प्रयागमा, कुरुक्षेत्रमा र नैमिषारण्यमा १०० पटक नुहाएको फल कालीगण्डकीमा एक पटक नुहाएर प्राप्त हुन्छ भने गण्डकीमा पिण्डदान गर्दा गयामा भन्दा पनि १०० गुणा बढी फल प्राप्त हुन्छ। यसबाट थाहा हुन्छ कि कालीगण्डकी नदी संसारका सबै तीर्थ र धामहरूभन्दा पनि धेरै महत्त्वपूर्ण नदी हुन् । गण्डकीले करोडौं शालग्रामलाई धारण गरी उनलाई नुहाएर हिमालयका अनेकौं जडीबुटी र खनिजहरूको साथमा बग्दछिन् । एउटै शालग्रामले पनि संसारभरिका मन्दिरलाई वास्तविक मन्दिर बनाइदिन्छन् भने करोडौं शालग्रामलाई जन्म दिने गण्डकीको महिमा वर्णन कसरी गरौं ?

वराह पुराणमा भगवान् शिवले गण्डकीको महिमा वर्णन गर्दै भगवान् नारायणसँग भन्नुहुन्छ - हे भगवान् दर्शनमात्रले मुक्ति दिने सर्वश्रेष्ठ नदी गण्डकी जहाँ बग्दछिन् हजर यहाँ स्थित हुनुहुन्छ। हे जगन्नाथ ! हजुर यस गण्डकी क्षेत्रमा स्थित भएपछि म ब्रह्माजी सबै देवताहरू, सबै ऋषिहरूको साथमा सबै वेदहरू, सबै यज्ञहरू र संसारका अन्य सबै तीर्थहरू पनि यही गण्डकीमा नै बस्नेछौं । गण्डकी तीर्थहरूकी पनि तीर्थ हुन् र मङ्गलहरूकी पनि मङ्गल हुन् ।

**त्वयि स्थिति जगन्नाथे तव सन्निध्यकारणात् ।**
**अहं ब्रह्मा च देवाश्च ऋषिभि सह केशव ॥**
**वसिष्याम सदैवात्र गण्डक्या जगतां पते ॥**
**तीर्थानां परमं तीर्थ मङ्गलामाञ्च मङ्गलम् ॥**
**तीर्थामां परमं तीर्थ मङ्गलानाञ्च मङ्गलम् ।**

ब्रह्माका मानसपुत्र ऋषि पुलस्त्य र पुलहले गण्डकी क्षेत्रमै तपस्या गरेका हुन् - पुलत्स्यपुलहो पूर्व तेपाते परमं तपः ।

ऋषि पुलस्त्यले तपस्या गरेको ठाउँमा गएर ऋषभदेवका पुत्र राजर्षि भरतले तप गरे -

**यदा च भरतो राजा पुलस्त्यस्याश्रमान्तिके ।**
**स्थित्वा पर्यचरद् विष्णुं त्रिजलेशमपूजयत ॥**

गण्डकी नदीको तटमा सृष्टिको आदिदेखि नै अनेकौं ऋषि, महर्षि, देवता र राजर्षिहरूले तपस्या गरिरहेका छन् । सूर्यवंशका चर्चित राजा आग्नीध्रले ऋषभदेवले पनि शालग्राम क्षेत्रमा नै तपस्या गरेको कुरा विष्णुपुराणमा वर्णन गरिएको छ :-

**जबमुद्वीपेश्वरो यस्तु आग्नीध्रो मुनिसन्तमः ।**
**शालग्रामं महापुण्यं मैत्रेय तपसे ययौ ॥**

(विष्णुपुराण २।२।१५,२४)

विष्णुपुराणमा शालग्राम क्षेत्रलाई महापुण्य भनेर वर्णन गरिएको छ ।

जैनधर्ममा आदि तीर्थङ्कार भगवान् ऋषभदेवले गण्डकी क्षेत्रमा जहाँ पुलहले तपस्या गरेका थिए त्यहाँ गएर तपस्या गरेका हुन् -

**ऋषभाद् भरतो जज्ञे ज्येष्ठः पुत्रशतस्य चः ।**
**तपसे सं महाभागः पुलहस्याश्रमं ययौ ॥**

(विष्णुपुराण २।२८।२३)

गण्डकी देवी स्वयंले तपस्या गरेर भगवान्लाई प्रसन्न बनाउनुभयो र भगवान् प्रकट भएर आशिष दिँदै भन्नुभयो - हे गण्डकी शालग्राम शिलाको रूपमा म तिम्रो पुत्र बनेर बस्नेछु, त्यसैले तिमी मेरो आशीषले सबै नदीहरूमा अतिश्रेष्ठ हुनेछैं।

दर्शन, स्पर्श, स्नान र आवगाहनबाट शरीर, मन र वाणीबाट हुने महापापसम्मका सबै पापहरूलाई नाश गर्नेछौं । जसले विधिपूर्वक तिमीमा स्नान गरेर देवतापितृहरूलाई तर्पण गर्दछ । उसले नै आफ्ना पितृहरूलाई तार्नेछ । तिमीमा प्राण त्याग्नेले पनि उत्तम स्थान प्राप्त गर्नेछ -

**शालग्रामशिलारूपी तव गर्भगतः सदा ।**
**तिष्ठामि तब पुत्रत्वे भक्तानुग्रहकारणात् ॥**
**मत्सान्निध्यात् नदीनां त्वमतिश्रेष्ठ भविष्यसि ।**
**दर्शनात् स्पर्शनात् स्नानात् पानाच्चैवागाहनात् ॥**
**हरिष्यसि महापापं वाङ्मनः कायसम्भवम् ।**
**य स्नास्यति विधानेन देवर्षिपितृतर्पकः ।**
**तर्पयेत् स्वपितृंश्चापि तारयित्वा दिवं नयेत् ।**
**स्वयं मम प्रियो भूत्वा ब्रह्मलोकं गमिष्यति ॥**
**सौ पि याति परं स्थानं यत्र मत्वान शोचति ॥**

श्रीमद्भागवत महापुराणको पञ्चम स्कन्दमा राजर्षि भरतको प्रसङ्गमा गण्डकी नदीको महिमा यसरी गाइएको छ -

**भरतस्तु महाभागवतो अजनाभं नामैतद्वर्ष भारतमिति यत आरभ्य व्यपदिशन्ति स्वनिकेतात् पुलहाश्रमं प्रवब्राज यत्र ह वाव भगवान् हरिरद्यापि तत्रत्यानां निजजनानां वात्सल्येन सन्निध्यापत इच्छारूपेण । यत्राश्रमपदाम्युभयतो नमिमिदुंषचक्रैरः खचक्रनदी नाम सरित्प्रवरा सर्वत पवित्रीकरोति ।**

अर्थात् "ती भरत नाम गरेका महाभगवान्ले आफ्नो वैभवपूर्ण महल त्याग गरेर ऋषि पुलहले तपस्या गर्ने ठाउँ, जहाँ भगवान् हरि आज पनि त्यहाँका आफ्ना निज जनहरूको प्रेमले इष्ट रूपमा प्राप्त हुनुहुन्छ, त्यहाँ जानुभयो । त्यहाँ नाभि समान चक्राकार रूप भएका शालग्राम शिलाहरू प्राप्त हुन्छन् । यस्ता शिलाहरको माध्यमबाट चक्रनदी नाम गरेकी नदीहरूमा सर्वश्रेष्ठ नदी गजुकीले गण्डकीको दुवैतर्फ भएका ऋषिहरूका आश्रमहरू समेत सर्वत्र पवित्र गर्दछिन् ।"

भागवत्मा गण्डकी नदीको यति ठूलो महिमा गाइएको छ । शालग्राम शिलाको प्राणप्रतिष्ठा हुँदैन किनकि शालग्राम साक्षात् स्वयं भगवान् भएकाले बोलाउनु पर्दैन । पुलहले तपस्या गर्ने ठाउँ म्याग्दीको गलेश्वर क्षेत्र हो, त्यहीँ भरतले पनि तपस्या गरेका हुन् । गलेश्वरदेखि केही दूरीमा अहिले पुला भन्ने ठाउँ छ, त्यो पुलहको नाउँबाट चलेको हो । त्यहाँ बस्ने, बसाइँ सरर जानेहरू अहिले पुलामी भएका छन् ।

यदि कोही व्यक्ति गण्डकी स्नान गर्न जान्छु भनेर जान्छ भने उसले पाइला पाइलामा अश्वमेध यज्ञ गरेको पुण्य प्राप्त गर्दछ - पदे पदेऽश्वमेधस्य पलमाप्नोति मानवः । स्कन्दपुराण ।

गण्डकीलाई सरित्प्रवरा अर्थात् नदीहरूमा सर्वश्रेष्ठ (भागवत) सरितां वरा अर्थात् नदीहरूमा श्रेष्ठ वाराहपुराण, महातीर्थ - नारदपुराण, महाक्षेत्र र महापुण्य - वाराहपुराण भनेर अति श्रेष्ठ रूपमा वर्णन गरिएको छ । गण्डकीले अनेकौं स्नानलाई आफ्नो प्रभावले महातीर्थ बनाउनुभएको छ ।

दामोदरकुण्ड, मुक्तिनाथ, कागवेणी, गलेश्वर, गुप्तेश्वर, मोदीवेणी, सेतीवेणी, रुद्रवेणी, रिडी, रामदी, महालिङ्गधाम, केलादी, देवघाट इत्यादि । यी क्षेत्रहरूमा पनि गण्डकी नदी र त्रिशूलीले घेरिएको बिचको भूभागलाई अझै धेरै महत्त्वपूर्ण पुण्यदायी क्षेत्रको रूपमा वर्णन गरिएको छ । वाराहपुराणमा भगवान् वराहले माता पृथ्वीसँग १४५औं अध्यायमा भन्नुभएको छ -

**नेपाले मच्छिवस्यानं समस्त सुखवल्लभम् ।**
**गण्डक्या कृष्णया चैव या कृष्णस्य तनूद्भवा ।**
**तथा सम्भेदमापन्ना सापि तत्र महानदी ।**
**एवं नदीसमुद्भेदः सर्वतीर्थकदम्बकम् ।**
**मम क्षेत्रे समाख्यातं पुण्यं परमपावनम् ।**
**वसुधे त्वं विजानीहि देवानामपि दुर्लभम् ॥**

अर्थात् हे पृथ्वी ! नेपालमा सर्व सुखद् दिव्यभूमिमा शिवको त्रिशूलबाट निस्केकी त्रिशूली र कृष्णको शरीरबाट प्रकट भएकी गण्डकीको बिचको भूभाग सर्वतीर्थ कदम्ब हो र पृथ्वी । तिमीलाई थाहै छ कि त्यो भूमि देवताहरूलाई पनि अत्यन्तै प्यारो भूमि हो । त्यसलाई सर्वतीर्थ कदम्ब भनिन्छ । सर्वतीर्थ कदम्बमा संसारका सबै तीर्थहरूको फल प्राप्त हुन्छ । सर्वतीर्थकदम्बमा पनि गण्डकी उत्तरवाहिनी भए त्यो संसारकै सर्वाधिक फलदायी क्षेत्र हुन्छ ।

जुद्धशमशेरले काशी जाँदा त्यहाँ उत्तरा गङ्गाको महत्त्व थाहा पाए । त्यसपछि नेपाल फर्किए र गण्डकी केही उत्तरतिर फर्केको क्षेत्रदेखि रानी तेजकुमारीको सम्झनामा पाल्पाको रानीघाटमा रानीमहल बनाएका हुन् ।

रानीघाट, बेल्टारी, महालिङ्गधाम, सम्पास, रामपुर र चापाकोटमा गण्डकी उत्तरतर्फ फर्किएर बगेकी छिन् । त्यसमा पनि राम्दीदेखि सम्पूर्ण महालिङ्गधाम हुँदै छर्तीसम्म करिब ७ कि.मि. को दूरीमा गण्डकी सर्वाधिक उत्तरवाहिनी भएर बग्दछिन् र पुनः फर्केर देवघाटमा गएर त्रिशूलीसँग मिल्छिन् र नाम समेत नारायणी प्राप्त गर्दछिन् । देवताहरू पनि नुहाउने विचरण गर्ने भएकाले देवघाट र देवाट भनेर भनिएको हो । देवानामटनाच्चैक देवाट इति विश्रुतम् ।

ऋषि मृकण्डुले महातीर्थ गण्डकी क्षेत्रा नै तपस्या गरेर भगवान्लाई प्राप्त गरेका थिए ।

**आसीत् मुनिर्महाभागो मृकण्डुरिति विश्रुत ।**
**शालग्रार्मे महातीर्थे सोऽतप्यत महातपा ॥**


मृकण्डुका छोरा मार्कण्डेयले पनि कालीगण्डकी शालग्राम क्षेत्रमा नै तपस्या गरेर चिरञ्जीवी बनेका थिए र भगवान्लाई प्राप्त गरेका थिए । उनले तपस्या गरेको भूमि मालुङ्गा हो । पहिले महालिङ्ग भनिन्थ्यो । अचेल अपभ्रंश भएर मालुङ्गा बनेको छ ।

ऋषि मार्कण्डेयले तपस्या गरेको २०० हातभन्दा पनि गहिरो गुफा अहिले पनि महालिङ्गधाम मालुङ्गामा विद्यमान छ ।

**एवं मृकण्डुपुत्रस्य स्वभक्तस्य कृपानिधिः ।**
**दत्वावरं स देवेशस्तत्रैवान्तर धीयत ॥** ५।७८
**मार्कण्डेयो महाभागो हरिभक्तिरतः सदा**
**चचार परमं धर्ममीजे च विधिवन्मरखैः ।** ८०
**शालग्रामे महाक्षेत्रे तत्ताप परमं तपः ॥**

नारदपुराणका अनुसार भगवान् मृकण्डुसँग प्रसन्न भएर स्वयं नै अवतार लिएर मार्कण्डेयको रूपमा छोरा भएर आउनुभएको हो ।

# कालीगण्डकी प्रस्रवण क्षेत्र र यहाँको सभ्यता



**लकाश पौडेल**
संस्थापक कार्यकारी निर्देशक, देवघाट क्षेत्र विकास समिति

**१. प्राक्कथन**

मानव सभ्यता र विकासका विषयमा अध्ययन गर्दा धेरै जसो सभ्यताहरू नदी किनारमा विकास भएका पाइन्छन् । जस्तै :- हरप्पा - रावीनदी, मोहन जोदाडो-सिन्धुनदी, रोडप- सतलजनदी, कुणाल - सरस्वतीनदी, मिश्र - नाइलनदी, चीन- ह्वाङ् हो (पीतनदी) आदि । भारतवर्षमा बग्ने नदीहरूका किनारमा पनि कतिपय सभ्यता विकास भएका छन् । तिनीहरूमध्ये कालीगण्डकी नदी सभ्यता पनि एक हो ।

क) नदी किनारमा बस्ती र शहर विकास हुन आवश्यक प्रमुख आधारभूत पक्ष :-

- बस्न योग्य ठाउँ ।
- जीवन निर्वाहका अवसर ।
- अनुकूल प्रकृति ।
- आवत-जावतमा सुविधा ।
- व्यवसाय वा पेशाका अवसर ।
- सामाजिक वा सहकार्य ।
- मेला, पर्व, मनोरञ्जन ।
- धर्म वा सम्प्रदाय (मठ-मन्दिर, पाटी, पौवा) ।
- कच्चा पदार्थको उपलब्धता ।
- पानीको पर्याप्तता आदि ।

जब मानवबस्ती विकास हुन्छ अनि समाज बन्छ र उसका आवश्यकताहरू जन्मिदै जान्छन् । अनि त्यसअनुसार आफ्ना निर्माण वा व्यवस्था गर्दै नयानयाँ कुराहरू आविष्कार हुन्छन्, जस्तै : सर्वप्रथम आगोको आविष्कार अनि अन्य । प्राचीन समाज सुरुमा प्रकृतिमा निर्भर थियो । जस्तै- सूर्य, चन्द्र, वायु, अग्नि, पृथिवी, जल आदि । अनि धर्म वा आस्थाका कुरा आए । जस्तै- यज्ञ याग, जन्म मृत्यु संस्कार, जातीय मान्यता, पितृसत्ता, मातृशक्ति, मूर्तिपूजा, मठ, सम्प्रदाय आदि ।

ख) आवश्यकताका वस्तु- आवास, कपडा, खाना, गर्मी र जाडोबाट बच्न- ऊन, कपास, लोकता, छाला, बाबियो, खनिज, अन्न, फलफूल, कृषि र पशुपालन आदि ।

ग) बस्ती विकासका आवश्यक पूर्वाधार- आवास (जमिन, घर, छाप्रा), सुरक्षा (दुर्ग, गाउँ) धातु, माटो, ढुङ्गा, भाँडाँकुडा, औजार, मुद्रा वा सरसापटव्यवस्था, गोठ, चरन, खेती, जीविका, मेलापर्व, विहाबारी, चाडबाड, संस्कार, नियम, थकाली प्रथा, समाजका चालचलन, धर्म, संस्कृति, सत्ता (पितृ वा मातृसत्ता, मुखिया, राजा) गरगहना, लुगाफाटो, कानून, विधि र न्याय, भाषा-संस्कृति, नापतौल - मानापाथी, ढक, तराजू आदि ।

घ) सभ्यता वा बस्ती विनाशका प्रमुख कारण- परिस्थिति, दैवी प्रकोप (बाढी, पहिरो, भूकम्प आदि), जलप्लावन, शुष्कता, बाह्य आक्रमण, महामारी, जलवायु परिवर्तन आदि ।

## २. कालीगण्डकी प्रस्रवण क्षेत्र :-

कुनै पनि नदीको उद्भवदेखि विलयसम्मको वरपरको नदी चिस्यान र वातावरणीय प्रभाव पार्ने सम्पूर्ण भूखण्ड त्यस नदीको प्रस्रवण क्षेत्रभित्र पर्दछ । कालीगण्डकी नेपालको गण्डकी प्रदेश अन्तर्गत मुस्ताङ जिल्लाको 'लो-घेकर दामोदरकुण्ड' गाउँपालिकाअन्तर्गतको दामोदरकुण्ड (४८३४ मी.) र तिव्वत्तर्फबाट आउने खोलाको स्रोतबाट जन्मभई प्रवाहित हुँदै लोमन्थाङ, कागवेणी, जोमसोम, टुक्चे, लेते हुँदै गलेश्वर, बेनी, बागलुङ, बलेवा, कुश्मा, बिहादी, पुर्तीघाट, सेतीवेणी, मिर्मी, रुद्रवेणी, रिडी, रामदीघाट, रामपुर-चापाकोट, कोटा हुँदै देवघाटमा पुगेर त्रिशूलीसँग समागम भएपछि नारायणीमा रूपान्तरण हुने नदी हो । यस नदीको प्रवहन क्षेत्रबाट दुवैतर्फको वातावरणीय प्रभाव पर्ने क्षेत्र कालीगण्डकी प्रस्रवण क्षेत्र मानिन्छ । कालीगण्डकी तिब्बततर्फको भृकुटी हिमाल (६३६४ मी.) बाट झरेको देच्याङखोला बग्दै आएर दामोदरकुण्ड निसृत जल नाम्जा दोभानमा मिसिएपछि उत्पत्ति भएर बग्दै उत्तरपूर्वको दामोदर हिमाल (६५८४ मी.) को उँचाईबाट आउने दम खोला र मुस्ताङ खोलाको सङ्गम घिलिङको क्यूगो दोभानमा मिसिएपछि कालीनदीको रूप धारण गर्दछ । कागवेनीमा मुक्तिनाथबाट उद्गव भै आउने गण्डकी (झोंगखोला) मिसिएपछि यसको नाम कृष्णागण्डकी हुन्छ । यसको अवनति हुँदै देवघाट (१९० मी.) मा त्रिशूलीमा समागम हुँदा ३३८ कि मी. यात्रा पूरा गर्दछ । यस नदीमा निरन्तर औसत १७६० मी.क्यू से पानी प्रवाहित हुन्छ ।

### क) दामोदरकुण्ड उपत्यकाको विचित्रता

दामोदरकुण्डको पूर्वउत्तरमा - लोमान्थाङ गा.पा. दामोदर हिमालका अनेकौं श्रृंखलाले घेरिएको चट्टाने भिरपाखा, ढुंगे थुप्राथुप्री, पश्चिम - दामोदर पहाड, डोल्पाको छार्काताङ गाउँपालिकाको भूभाग, दक्षिण पूर्वमा - मुक्तिनाथ हिमाल चट्टाने डाँडाँकाडा र मनाङको नरफुभूमि गाउँले घेरेर काखमा राखेको हरियो कुशे मैदानी उपत्यकाका बिचमा रहेको छ । यहाँ रहेका धेरै कुण्डहरूमध्ये प्रमुख दामोदरकुण्ड हो । यसका वरिपरि रक्तकुण्ड, ताम्रकुण्ड र दामोदर कुण्डको पानी बगेर बनेका स्वर्णकुण्ड र रजतकुण्ड छन् । दामोदर कुण्डको लम्बाई अनुमानित ८४ मिटर, (तेर्सो घुमाउरो) चौडाई ४१ मिटर छ। यसको बिचभागमा पहेंलो चक्र स्पष्ट देखिन्छ, यसलाई सुदर्शन चक्र हो भन्ने विश्वास गरिन्छ । तलाउको पश्चिमपट्टि थुम्कोमा विष्णुको सानो मन्दिर छ । पूर्वपट्टिको थुम्कोमा सानो बौद्ध स्तूप छ । ओरिपरि हरियाली छ । यहाँ कुशको विशाल चौर छ । जहाँ यारागाउँका भेडा, चौरी याकलाई चराउने गरिन्छ । तिब्बततर्फबाट पनि यहाँ चराउन ल्याउने गर्दथे अरे । अहिले सीमा सुरक्षाका कारण ल्याउन पाइँदैन । स्वर्णकुण्ड पहेंलो सुन जस्तै टल्किने भएकोले यसको पिँधमा सुन छ भन्ने विश्वास गरिन्छ । रजतकुण्ड चाँदी जस्तो सेतो टल्किन्छ । यसमा हिमालको छाया परेर यस्तो देखिएको अनुमान गर्न सकिन्छ । दुईवटा टीनका धर्मशालामा बस्न र खानपिन समेत संस्थागत सदावर्तको व्यवस्था छ । यहाँ दुई छाक खान र बस्न पाइन्छ । यहाँ अरू होटल वा घर भने छैनन् । यहाँबाट २ घण्टाको पैदल उत्तरमा नरसिंह कुण्ड छ । त्यहाँको जल पनि यही कालीगण्डकीमा आउँछ । यसको वरिपरि शालिग्राम पहाड छ ।

यहाँ नाउर, हिमचितुवा, मारमोत आदि जनावर र हिमाली काग, ठुलो परेवा, गिद्ध, च्याखुरा, राजहाँस र साना चरादेख्न पाइन्छ। वरिपरि कुश, घुँडेदुबो, फूल र हरियो घाँसे चौर छ। वराह पुराणमा वर्णन गरिए जस्तै ३६ कमलका फूल जस्ता देखिने यहाँका कुण्डहरूले यो उपत्यका मनमोहक छ। यस ठाउँको महत्वका विषयमा यौटा कथा प्रसिद्ध छ। -

कृष्ण चरित्रमा कृष्णले सानो २ वर्षको उमेरमा बदमासी गरेकोले कृष्णलाई आमाले दाम्लोले ओखलमा बाँधेर छोडिन्। कृष्णले त्यो ठुलो ढुङ्गाको ओखल घिसारेर लगी अग्ला दुई यमल रुखका बिचमा पारेर दुवै रुख ढाले। त्यसबाट नलकूवर र मणिग्रीव नामका दुई कुवेरका नारदद्वारा शापित छोराहरू प्रत्यक्ष भएर आफूलाई श्रापबाट मुक्ति पाउने उपाय सोधे। कृष्णले दामोदरकुण्डमा स्नान गरेमा श्रापमुक्त हुने बताएपछि यहाँ आएर स्नानगरेर मुक्त भए 'भन्ने कथा दामोदरकुण्डका बारेमा भनिन्छ। आफ्ना छोराको श्रापमुक्तिपछि धनका देवता कुवेरले यहाँ सुन्दरउपवन बनाए भन्ने किंवदन्ति पनि छ। जे होस् यो ठाउँ अति सुन्दर छ।

दामोदर कुण्डबाट निस्केपछि यो नदी पश्चिम-दक्षिणतर्फ बग्दछ। यहाँको माटो बालुवा कालो भएका कारण नदी प्रवाहमा यसको मिश्रण हुन्छ र कालोवर्णको हुन्छ। त्यसैले यसलाई काली भनिएको हो। यस नदीलाई धार्मिक दृष्टिले अति पवित्र मानिन्छ। कागवेणी आएपछि यसमा मुक्तिनाथबाट बगेर आउने गण्डकीको समागम हुन्छ। अनि यसको नाम कृष्णागण्डकी र लोक बोलीमा कालीगण्डकी रहन्छ।

**ख) शालिग्राम चक्रशिला र स्वर्ण उद्यान -**

उपल्लो मुस्ताङ सन्सारकै अनौठो र मनमोहक स्थान हो, त्यसैले विश्वका प्रसिद्ध पर्यटन स्थलहरूको श्रेणीमा यो तेस्रो गन्तव्य मानिन्छ। सन् १९९२ अघि कागवेनीबाट माथिजान कुनै पर्यटकलाई पनि स्वीकृति थिएन। यहाँका पुरातात्त्विक महत्त्व र ऐतिहासिक वस्तु संरक्षणका दृष्टिले यो प्रतिबन्ध लगाइएको हुनुपर्छ। कालीगण्डकी शालिग्रामनदी हो। यहाँ चक्राङ्कित र हिरण्यगर्भ (पेटमा सुन भएका) शालिग्राम पाइने भएकाले यस नदीको विशेष महत्व भएको हो। यस दामोदरकुण्डका आसपासको पर्वतीय भूभाग शालिग्राम पर्वतका नामबाट प्रसिद्ध छ। अनि यहाँको बालुवामा सुन पाइने भएका कारण पनि यो क्षेत्र स्वर्णभूमि हो। यसलाई स्वर्णउद्यान नामाकरण गरेको पनि पाइन्छ। यस भूमिमा पाइने शालिग्राम समुद्री जीवाश्म (फसिकेब) भएको प्रमाणित भएकोछ। यो नेपाल र तिब्बतको हिमाली प्रदेशमा युगौं पहिले ठुलो समुद्र (टेथिस सागर) थियो अरे। पृथिवीमा अनेकौं प्रलय र ठुलाठुला प्राकृतिक उथलपुथल हुने गर्छ। त्यस्तै महाभूकम्प र प्राकृतिक प्रकोपका कारण भारतीय भूगर्भ चट्टाने प्लेट र तिव्वतियन प्लेट एकआपसमा जुधेर दुवै भाग माथि उठ्दा यो उच्च हिमाली पर्वतमा रूपान्तरण भयो र पुरनो टेथिस सागर भएको ठाउँमा यो अतिउच्च हिमालय जन्म्यो। यो भूगर्भशास्त्रको विषयलाई अध्ययन गर्दा यहाँ त्यसबेला रहेका प्राणीका यी जीवाश्महरू अहिले शालिग्राम आदि अवशेष हुन् भन्ने मानिन्छ। अहिले दामोदरकुण्डमा पाइने यी चक्राङ्कित काला गोला पिण्डहरू त्यस बेलाका त्यस्तै आकृतिका जीवहरूबाट बनेका भनिन्छ। यिनी

भित्र रहेको सुनौलो धातु यहाँका माटोमा पाइने स्वर्णकणहरू हुन् । धार्मिक दृष्टिले पनि अति पवित्र मानिने यो दामोदर पर्वतीय उपत्यका हराभरा हुनुमा मानसरोवरको जल भित्रबाट छिरेर आई यहाँ अनेक कुण्ड वा पोखरी बनेका हुन्' भन्ने पनि विश्वास गरिन्छ । ती पोखरीहरूमा यो दामोदरकुण्ड प्रमुख पोखरी मानिन्छ ।

यस कुण्डको धार्मिक महत्त्वका विषयमा स्कन्दपुराण हिमवत् खण्डमा यस्तो उल्लेख गरिएको छ ।

**"दाम संसरणं प्रोक्तं येन जन्तुर्निबध्यते**
**उदरम्भरिरित्यर्थं यथा सप्तिर्वरत्रया ।**
**योऽयं वै सुगमोपाय स्तादृशस्य विमुक्तये**
**तेन दामोदरं तीर्थं त्रिषुलोकेषु विश्रुतम् ॥"**

अर्थात् दामोदरकुण्ड तीर्थका विषयमा दाम्लोमा बाँधिएको पशुसमान प्राणीलाई मुक्तिदिने यो सन्सार प्रसिद्ध तीर्थ हो । भनिएको छ ।

यो क्षेत्र प्राकृतिक रमणीयता, आश्चर्यजनक भूबनोट र धार्मिक महत्वको त्रिवेणीका साथै चक्रशिला पाइने र स्वर्णमृत्तिका भएको सुन्दर उद्यान भन्न सकिन्छ ।

**ग) कालीगण्डकीका सहायक नदीहरू**

दामोदरकुण्डबाट देच्याङ खोला मिसिएपछि यसको प्रवाह दक्षिण पश्चिम नाम्जा दोभानतर्फ लाग्दछ । दामखोला र मुस्ताङ खोला मिसिएपछि यसले कालीनदीको रूप धारण गर्द छ । यसपछि यो कागवेनीमा आएपछि मिसिने (मुक्तिनाथमा उद्भव भै झोंगखोलामा मिसिएर बग्ने) मुख्य गण्डकी (जो भगवान्को गण्डस्थलबाट निस्केको मानिन्छ ) समागम भएर यसको नाममा पूर्णता आउँछ र श्री कृष्णागण्डकी बन्दछ ।

यस नदीका धार्मिक र सांस्कृतिक रूपले प्रसिद्ध सहायक नदीहरू-

काली/कृष्णागण्डकी - मूलनदी

१- मुक्तिगण्डकी (कागवेनी) २- मृडानी (थाकखोला) ३- रहुगङ्गा (गलेश्वर) ४- म्याग्दी/मङ्गला (बेनीबजार) ५- मोदी/माधवी (मोदीवेनी कुश्मा) ६- सेती/शुक्ला (सेतीवेनी) ७- आँधी/अन्धावती (मिर्मी) ८- बडीगाड/रुद्रगङ्गा (रुद्रवेणी) ९- रुरुगङ्गा (रिडी) । यी बाहेक अनेक साना-ठूला खोलाहरू कालीगण्डकीका सहायक स्रोत हुन् ।

**३. कालीगण्डकी सभ्यता र नदी किनारका समाज :**

कालीगण्डकी किनारमा विकास भएका गाउँ नगर र बस्तीहरू धेरै छन् । यिनले यहाँको सभ्यता संस्कृति र मानव विकासका अनेक पक्षलाई उजागर गर्छन् । तीमध्ये प्रमुख सभ्यता र बस्तीहरू जहाँ मनवीय सभ्यताको विकास भएको मानिन्छ ।

क) लोमान्थाङ दरवार र मुस्ताङमा विकसित सभ्यता
ख) पर्वत राज्य क्षेत्र र यहाँ विकसित सभ्यता
ग) पाल्पा राज्य क्षेत्र र यहाँ विकसित सभ्यता

**क) लोमान्थाङ दरवार र मुस्ताङी सभ्यता**

लोमान्थाङको प्राचीन सभ्यता र मुस्ताङका बस्ती विकास बारे चर्चा गर्दा अहिलेको मुस्ताङ मनाङ र डोल्पा समेतको उच्च हिमाली क्षेत्रमा पाइने मानवीय संस्कृति, परम्परा र रीतिरिवाजलाई सम्झिन पुगिन्छ । यसको प्राचीन भौगोलिक स्थिति र वातावरणीय प्रभाव एवं जीबिकाका लागि यहाँका मान्छेले गरेका सङ्घर्षका कथा पनि सम्झनु पर्ने हुन्छ ।

**लोमान्थाङ दरबार**

मुस्ताङ अनौठो प्राकृतिक र भोगोलिक बनावट भएको हिमालपरिको जिल्ला हो । यस

जिल्लाको सदरमुकाम अहिले झुम्सा (जोमसोम) मा रहे पनि प्राचीन कालको प्रमुख बस्ती लोमान्थाङ हो । लोमान्थाङ दरवार ठुलो अग्लो ठाउँमा निर्माण गरिएको थियो । यसको चारैतिर काँचोमाटाको पर्खाल लगाइएको थियो । अहिले पनि १ मिटर चौडा, ६ मिटर अग्लो, र ८५६ मिटर लामो पर्खाल देख्न सकिन्छ। पाँचकुना, बिचमा नौवटा अग्ला बुर्जा र पूर्वपट्टि मुख्य प्रवेशद्वार थियो । यसभित्र मोन्खर दरवार, थुप्तेन गुम्बा र भ्याम्पाल गुम्बा अहिले पनि छन् । राजा आमपालले इ.सं. १४४० मा निर्माण गरेको यो दरवार समय समयमा जिर्णोद्धार गरिएको, सयौं वर्ष पुरानो दरबार मानिन्छ। यो दरवार पाँच तलाको थियो। यसका सँगैका गुम्बाहरू इ.पू. ११औं शताब्दी देखिका हुन्। व्यापरका लागि घोतान नाका सञ्चालनमा थियो। यो सँगै कोरला नाका (४६५० मी.) पनि प्रचलनमा थियो। दरवारले मुख्य आयात निर्यात र गुम्बा संरक्षणको काम हेर्दथ्यो । अन्य कामका लागि बस्तीका थकालीलाई काम सुम्पिने चलन थियो । यसको इतिहास तिब्बतको ल्हासा नगर जत्तिकै प्रचीन छ । ल्हो' को अर्थ हृदय, मान'को अर्थ कामना र थाङ'को अर्थ मैदानबाट यस ठाउँको नामाकरण ल्होमान्थाङ' भएको हो । अहिले सरल भाषामा लोमान्थाङ भनिन्छ । नेपाल र चीन देशहरूका राजनैतिक विभाजन हुनुपूर्व यो तिब्बतको एक भाग थियो । इसापूर्व १६ औं शताब्दीदेखि तिब्बतको इतिहास पाइन्छ । यो राज्य क्षेत्रलाई 'लोछोधेन' भनिन्थ्यो । तिब्बतको साम्दे गुम्बा भत्केपछि गुरु पद्मनाभको सल्लाहमा चराङको ल्होध्याकर गुम्बा निर्माण भएको मानिन्छ। तिब्बती राजा दिक्सुन थाक्चेले आठौं शताब्दीमा विश्वको पुरानो मानिने यस गुम्बाको पुनर्निर्माण गराएको उल्लेख छ । यहाँ स्थापित चैत्य र माने एवं ढुंगाका मूर्तिहरू २१ वटा राताबुद्ध, ८ वटा आम्चीबुद्ध उनैले स्थापना गरेको मानिन्छ। विश्वका १० उत्कृष्ट पर्यटकीय स्थलमध्ये लोमान्थाङ तेस्रो उत्कृष्ट स्थानमा पर्दछ। लोमान्थाङ दरवार विश्वकै नमूनाको दरवार हो । यहाँ पलवर बिष्ट वंशका तिब्बती मूलका राजाहरूले शासन गर्दथे । लोमान्थाङका अन्तिम राजा जिग्मे दोर्जे पलवर बिष्ट हुन् । यिनीभन्दा पहिला पचासौं पुस्ताले यस दरवारबाट शासन गरेका थिए, भनिन्छ। तिब्बतको लागि खाद्यान्न लत्ताकपडा आदि भारत्तर्फबाट पैठारी गर्ने नाका भएकोले यहाँको शासक पनि तिब्बतले नै व्यवस्था गर्दथ्यो । लेतेभन्दा माथिको क्षेत्र - पूर्वमा मनाङसम्म, पश्चिममा डोल्पोसम्मको भूभाग यिनीहरूको रेखदेख क्षेत्र थियो । यसको मुख्य क्षेत्र छोसेर, घमी र चराङ हो । कला, संस्कृति र मानव बस्ती विकाससहित गुम्बा र धार्मिक स्थानको संरक्षण र व्यापार यसका प्रमुख कार्य थिए। यहाँको लोमान्थाङ दरवारको वरिपरि सुरक्षा किल्ला पर्खालले घेरिएको छ।

**आयात निर्यात**

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुपूर्व कागवेनी माथिको यो क्षेत्र जुम्ला राज्य अन्तर्गत थियो। त्यसभन्दा अघि यो तिब्बतको साम्दे गुम्बा र तिब्बती राज्यको व्यापारिक नाका थियो । यो तिब्बतको लागि खाद्यान्न, लत्ता कपडा, घ्यू, भाँडाँकुडा, कपास, बुटी झार, गाँजा अफिम, साबुन, सुर्तीजन्य पदार्थ, सिद्रा, भैसीका सिंग, हातहतियार, मुगा पन्ना, मूर्ति, छाला, जुत्ता, छाता, उज्यालो बाल्ने सामान र मरमसला आदि निर्यातगर्ने नाका थियो । त्यस्तै केही सामान तिव्वत्तर्फबाट पनि

आयात गरिन्थ्यो जस्तै-नुन, ऊन र ऊनजन्य वस्तुहरू, दोचा, राडी पाखी, कार्पेट, घोडा, कपप्लेट, सुहाग, खच्चड, च्यंग्रा, चौंरी, सुन, चाँदीका गहना, कस्तुरी, चमर, छुर्पी, खप्पर, र भोटे मसला आदि । जाडोको बेला यहाँका बासिन्दा तल पहाड, मधेस र भारतसम्म पुगी व्यापार व्यवसाय गरी जाडो बिताउँथे ।

लोमान्थाङ दरवारले आयात निर्यात र कर असुली आदि सबै काम हेर्दथ्यो । यहाँ बस्ने मनिसहरू माथिबाट आयात हुने सामान खच्चड, घोडा र भेडाबाट तल थाकसम्म पुराउने र तलबाट आएका सामान माथि पठाउने काम गर्दथे ।

**यहाँ बस्ने जातिहरू-** भोटे, बिष्ट, गुरुङ, थकाली, दलित तथा अन्यजाति थिए । भोटे, गुरुङ थकालीहरू बौद्धधर्म वा बोन धर्म मान्दथे। यिनीहरूको सबै संस्कार तिब्बती लामाहरूबाट गरिन्थ्यो । गुम्बाको सम्पूर्ण सञ्चानल र रेखदेख यहाँ खटिएका प्रमुख लामा र तिनको खटनपटनमा हुन्थ्यो । लामाहरूको पहिरन र अन्यको पहिरन भिन्न थियो । सामान्यतया यहाँका बासिन्दा खाम्से, साम्सेर, दोचा, ऊनीटोपी पुरुषको पहिरन हुन्थ्यो भने महिला- बक्खु, होइजू, पाङदेन, किटी लगाउँथे । थकालीहरू भने दौरा सुरबाल, कोट र बक्खु, टोपी र महिलाहरू गुन्यू, चोलो, न्होकन, टेकी, फिकी, पटुका लगाउँथे । गहनामा मुख्य मुगाको माला, चाँदीका रैंया, हबेल, सुनका बालिम आदि हुन्थे । व्यापारमा पैसाको लेनदेन नभएर वस्तु विनिमय वा साट्ने काम गरिन्थ्यो । यहाँ बोलिने भाषा तिब्बतीसँग मिल्ने गुरुङ भाषा थियो भने तलकाहरू थकाली, गुरुङ र खाम भाषा र नेपाली पनि बोल्दथे ।

**रीतिरिबाज-**

जातिगत विविधता भएपनि यहाँ तिव्वतियन संस्कृतिको प्रभाव थियो । बौद्धहरू - घ्याङ, गुम्बामा बस्दथे । यहाँ लामा, झुमाहरूलाई पनि स्थान थियो । छोर्तेन माने निर्माण गर्दथे । मूलढोकामा याकको टाउको झुन्डाउने र ढुङ्गामा धार्मिक मन्त्र लेख्ने चलन थियो । लामाहरू माने घुमाएर वा माला जप्दै हिड्ने गरेका पाइन्थे । माइलो छोरा र माइली छोरी गुम्बामा चढाउनु पर्थ्यो । यिनीहरूनै लामा र झुमा हुन्थे । त्यतिबेला यहाँ बहुपति प्रथा प्रचलनमा थियो । जाडो याममा तल मधेशतर्फ झरने र व्यापार गर्ने गर्दथे । चाडपर्वमा नाचगान, ध्वजागाड्ने, खेल खेल्ने गर्दथे । थकालीहरूको मुख्यचाड फागुपूर्णिमा थियो । गुरुङ बिष्टहरू गुम्बा छोर्तेनमा पूजा गर्ने, मीठो खाने नयालुगा लगाउने गर्दथे । न्याय निसाफको लागि राजाकहाँ जाने र दरबार बाहिरबाट घण्ट बजाउने चलन थियो ।

त्यतिबेला चोरी लुटपाट बढी हुने हुनाले बस्ने घर घ्याङ, गुफा बा धेरै मिलेर आफ्नो बस्ती बनाउँथे । कतिपय गुफाहरू त दरवारजस्ता भित्र विशाल पनि थिए । बाहिरबाट पस्ने यौटामात्र ढोका हुन्थ्यो मित्र सबै मिलेर बस्ने चलन थियो । यो ठुलो परिवारमा पनि सीमित हुन्थ्यो ।

यहाँको समाजमा आफ्नो जातजाति र परम्परा अनुसार जन्म, मृत्यु र अन्य संस्कार गर्ने चलन थियो । बौद्ध बोन धर्माबलम्बीहरूको लामा राखेर उनीहरूको आदेशानुसार संस्कार गरिन्थ्यो । मृतकलाई भूमिमा गाड्ने र त्यसको माथि मठ चिनेर ध्वजा गाड्ने गरिन्थ्यो । घर अगाडि पनि ध्वजा गाड्ने चलन थियो ।

**मुस्ताङका प्रमुख बस्तीहरू र विधि व्यवहार-**

मुस्ताङ धार्मिक दृष्टिले र व्यारिक दृष्टिले बढि प्रसिद्ध क्षेत्र हो । मुक्तिनाथ, दामोदरकुण्ड र कागवेनी जस्ता प्रसिद्ध धार्मिक क्षेत्र भएका कारण धेरैजसो यात्री तीर्थ गर्ने ध्येयले आउने गर्दथे । दामोदरकुण्डमा कम र मुक्तिनाथमा बढि तीर्थालुहरू आउने कारण मुक्तिनाथ क्षेत्रमा घना आवादी भएको अनुमान गर्न सकिन्छ । मुक्तिनाथका विषयमा स्कन्दपुराण हिमवत्खण्डमा यस्तो उल्लेख गरिएको छ ।

**"मुक्तिहेतो : कृतो यज्ञो ब्रह्मणाऽसुभृतां परः**
**मुक्तिक्षेत्र इति ख्यातस्तस्माल्लोके घटोद्भवः ।**
**तत्राल्पवति योभक्त्यामुक्तिमाप्नोति तत्क्षणात्**
**सप्तजन्मार्जितै : पापैर्मुक्तोऽसौ नात्र संशय ।"**

अर्थात् प्राणीहरूको मुक्तिका निम्ति ब्रह्माजीले ठूलो यज्ञ गरेको स्थल मुक्तिक्षेत्र हो । यहाँ स्नान गर्नाले सातजन्मका पापहरूबाट मुक्त भइन्छ ।

पितृमुक्तिको लागि कागवेनीमा श्राद्ध तर्पण र मुक्तिनाथको दर्शन गर्ने चलन थियो । मुक्तिनाथमा भगवान मुक्तिनाथको विग्रहका अतिरिक्त ज्वालाजी, नृसिंह मन्दिर र गुम्बाहरू छन् । यहाँ हिन्दु पण्डित पुजारी र झुमा मिलेरपूजा गराउँछन् । यहाँ धर्मशाला र सदावर्त क्षेत्रहरू संचालनमा छन् । त्यसैले यो क्षेत्र र बारागुङ अन्य गाउँभन्दा बढी विकसित थिए । थोरोङ भन्ज्याङबाट मनाङतर्फ व्यापार र आवागमन गर्ने गरिने भएकाले पनि यो ठाउँमा घना आवादी थियो । यहाँ मन्दिर गुम्बा र चैत्य अनि बास बस्ने व्यवस्था पहिल्यैदेखि थियो । अहिले यहाँ आधुनिक सुविधा पनि उपलब्ध छ ।

कागवेनी यहाँको अर्को प्रमुख बस्ती हो । यहाँ गुम्बा, मन्दिर श्राद्ध गर्ने सङ्गमघाट छ । धर्मशाला र सदावर्तको पनि व्यवस्था छ ।

मुस्ताङको सदरमुकाम जोमसोम बजार हो । यसको पुरनो नाम झुम्सा थियो । यहाँ सरकारी अड्डाका अतिरिक्त ठूलो बजार र एयरपोर्ट पनि छ । यसको नजिकै राम्रो कृषि उब्जाउ क्षेत्र मार्फा गाउँ छ । ऐतिहासिक ठिनीगाउँ र कुट्दक तेरेङ्गा गुम्बा पनि जोमसोम नजिकै छ ।

थकालीहरूको प्रमुख बस्ती थाकखोला हो । छुसाङ को नर्सिंग खोला किनारमा नुनखानी भएका कारण यहाँ तिब्बतको नुन र यहाँको नुनको तलका पहाडी प्रदेशवासीहरूले प्रयोग गर्दथे । चामल, मकै, गहुँ आदि अन्नसँग साटेर लाने भएकाले यहाँ व्यापारिक दृष्टिले बसोबास भएको अनुमान हुन्छ । समुद्री नुन आउनुपूर्व यही नुन आवश्यक थियो । लोमान्थाङबाट आयातित सामन यहाँ ल्याइन्थ्यो र तलबाट आएको सामन पनि यहाँबाट नै लोमान्थाङ पठाइन्थ्यो । तिब्बतको सुन र थाकको नुनले गर्दा यो ठाउँ सम्पन्न हुन गएको भनिन्छ । टुकुचे र आसपासका बस्ती विकास र सम्पन्नतामा यही व्यापारको प्रमुख भूमिका थियो । यहाँका थकालीहरूलाई व्यापार कर छुट थियो । बाहिरबाट आउनेले प्रति बिसौनी एक मना थप कर दिनु पर्थ्यो । विशेष गरेर नुन र चामलको विनिमयमा । कालीगण्डकीको किनारै किनार हुने यातायात र वस्तु विनिमयले मुस्ताङ सम्पन्न भएको मानिन्छ ।

**ख) पर्वत राज्यक्षेत्र र मानव सभ्यता :**

कालीगण्डकी लेते हुँदै तल झरेपछि पर्वत क्षेत्र सुरु हुन्छ । दानादेखि रुद्रवेणीसम्मको गण्डकीको नदीको प्रवहन क्षेत्र र यसको

आसपासका बस्तीहरू र मानवजातिको रहन सहन, संस्कार एवं जिविकोपार्जन आदि अवस्थालाई हेर्दा यो उर्बर र सुन्दर भूमि मानिन्छ । यस क्षेत्रमा पार्वती जन्मेको स्थान हम्पाल, जडभरतले रहुगण राजालाई उपदेश दिएको भनिने राखु र रहुगङ्गा अनि गलेश्वर जस्तो पुण्यभूमि, पर्वतका राजाहरूले १४ पुस्तासम्म शासन गरेको राजधानी ढोल्ठाना काली र मङ्गलानदीको वेणी वेनीबजार, कालिका भगवतीको पुण्यक्षेत्र बागलुङ नगर, पार्वती खेलेको भूमि पाङ, जैमिनि ऋषिले तपस्या गरेको जैमिनिघाट, प्रसिद्ध कालभैरवको मन्दिर हरेको र समतल फाँट भएको पवित्रभूमि बलेवा, पारिपट्टि काली र मोदी (माधवी) नदीको संगम मोदीवेणी, कुश्मा, ज्ञादी र फलेवास जस्ता उर्वर क्षेत्र, बिहादी, पुर्तीघाट हुँदै विशाल शालिग्राम शिला रहेको सेतीनदीको संगम सेतीवेणी, आँधी नदीको समागम मिर्मी र बिर्घा, बडीगाड (रुद्रावती) नदीको संगमरुद्रवेणीसम्मको यो उच्च पहाडी महाभारत क्षेत्रमा भाषासंस्कृति सँगसँगै मानवजातिको सभ्यता पनि विकास भएको क्षेत्र मानिन्छ ।

**पर्वत क्षेत्रका पौराणिक र ऐतिहासिक स्थल :**

**गलेश्वर**

सतीदेवीको गला पतन भै शक्तिरूपमा प्रकट भएकी गलेश्वरी, ९ रोपनीको एउटै शिलामाथि स्वयं प्रकटभएका शिवको प्रतीक गलेश्वर शिवलिङ्ग रहेको यस सुन्दर क्षेत्रमा पश्चिम उत्तरबाट रहुगङ्गा आएर मिसिन्छिन् । गलेश्वर तीर्थको बारेमा स्कन्दपुराण हिमवत्खण्डमा लेखिएको छ-

**"तेनैव पूजितो यस्माज्जलेश्वर इतिस्मृतः**
**यस्य संपूजनाद्भक्त्या योगसिद्धिः प्रजायते ॥"**

अर्थात् - गलेश्वरमा स्नान गरी पूजा गर्नाले योगसिद्धि हुनेछ ।

गलेश्वर नजिकै रहुगङ्गा आएर कालीमा मिल्दछिन् । राखुतर्फबाट आउने यो नदीतटमा पौराणिक कालमा राजा रहुगणको राजधानी थियो, भनिन्छ । रहुगणले आत्मज्ञानी जडभरतबाट ज्ञानोपदेश पाएर मुक्त भएको कथा श्रीमद्भागवतमा छ । भरतले तपस्या गरेको गुफा गलेश्वर शिलातल काली किनारमा थियो । त्यसको प्रतिरूप अहिले पनि देख्न पाइन्छ । गलेश्वरको ठिक पश्चिम डाँडाको पुला गाउँमा पुलस्त्य ऋषिको आश्रम थियो । यहीं उनका छोरा विश्रवा र नाति रावण र कुम्भकर्ण जन्मेका कथा भनिन्छ । पुलह ऋषिको गुफा पनि यहीँ थियो । पारिपट्टिको पर्वतलाई कालान्जर पर्वत भनिन्छ । यही स्थानमा पार्वतीको जन्म भएको कथा पनि सुनिन्छ । पार्वती खेल्ने ठाउँ पाङ र भगवान् शिव वर पाऊँ भनेर तपस्या गरेको ठाउँ पार्वती गुफा कुश्मा नजिकै छ । पौराणिक कालका धेरै कथा यस क्षेत्रसँग गासिएका छन् ।

जैमिनिघाटमा जैमिनि ऋषिको आश्रम थियो । जहाँ बसेर योग दर्शन र जैमुनीय भारत पनि उनले लेखेका थिए, भनिन्छ ।

पञ्चासेमा राजा दशरथले शिकार खेल्दा श्रवणकुमारलाई वाँण लागी मरेका र अन्धाअन्धी बा आमाले श्राप दिएर मरेका, उनीहरू रुँदा निस्केको आँसुबाट आँधीखोलाको उद्भव भएको कथा पनि प्रचलनमा छ ।

**पर्वत राज्य र यहाँको समाज :**

विकासवादी धारणाबाट अध्ययन गर्दा उत्तरपाषाण युगपछि मानव जातिले कृषि र पशुपालनको चरणमा आइपुग्दा अनेकौं आवश्यकताका वस्तुहरूको आविष्कार गरिसकेको

थियो । यिनीहरूलाई प्रकृतिको प्रकोप र जङ्गली जनावरको भय थियो । शत्रुको आक्रमण र परिवारको सुरक्षाका कारण यिनीहरू साना साना कबिला बनाएर बस्नथाले । यी कबिलाका सरदारहरू मुखिया र सर्दार वा राजा भनिन थाले । कबिलाहरूले आफ्ना आवश्यकता अनुरूप अनेकौं सुरक्षाका उपाय, खाने, बस्ने र लाउने वस्त्र आदिको आफै जोहो गर्थे । अल्लो लोकता रुखका बोक्रा र जनावरका छालाबाट वस्त्र बनाउने, धातुका हात हतियार र भाँडाँकुडा, बस्नेघर निर्माण र खेती र पशुपालनतर्फ पनि संलग्न हुँदै अनेक सामाजिक काममा पनि संलग्न हुने गर्दथे । विवाह, मृत्युसंस्कार, चाडबाड मेला पर्व आदिको प्रचलनपछि संगठित राज्यको पनि आवश्यकताबोध भयो । पर्वत राज्य खडा गरेर अनम्मलाई सं १४३६ मा राजा बनाएपछि राजशासन सुरु भएको पाइन्छ । यसभन्दा अघि यहाँ भुरे टाकुरे राज्यहरू थिए । अनम्मका नाति डिम्बले ताकम र ढोलठाना राज्यसमेत जितेर ढोलठाना राजधानी बनाए । गाजनेमा जगन्नाथ मन्दिर निर्माण गरेर यहीं यिनले समाधि लगाए । राजा नारायण मल्लले पाल्पाली राजकुमारी विवाह गरेर ल्याउँदासँगै दाइजोमा कालिका भगवती ल्याई बागलुंमा स्थापना गरे । मगरलाई डोले र खँडकाहरूलाई पुजारी बनाई यसै बेला ल्याएका हुन् भनिन्छ । म्याग्दी खोलातर्फ मगरहरूको बस्ती विकास भयो । पश्चिमतर्फ क्षत्री ठकुरीको प्रभाव बढ्यो । काली किनारमा बाहुन र अन्य जातिका आवास बने । पर्वतको पूर्वी क्षेत्र गुरुङहरूका संगठन कबिला बने । सबैजातका आफ्ना संस्कृतिहरूले जन्म लिए । यसरी कालीगण्डकी नदी किनार विविध सभ्यताले भरिपूर्ण हुँदै समाजको विकास हुँदै आएको छ । साना भुरे टाकुरे राज्य एकीकरण हुँदै शक्तिशाली राज्यमा रूपान्तरण हुने प्रकृया पनि चल्न थाल्यो । घरहरूमा बजारमा अगाडि व्यापारिक ढोका, ढिक वा ढप्को लगाइन्थ्यो । भित्रपट्टि बस्ने कोठा बिचभागमा अंगेनु बनाइन्थ्यो । घरहरू दुईपाखे, बंगाले, घुमाउने वा एकछाने हुन्थे । मूलढोकाबाट भित्र सिकुवा र पानी राख्ने पनौटो हुन्थ्यो । भित्र मझेरीको बिचभागमा अँगेनु बनाइन्थ्यो, यसको वरिपरि ठुलो ओछ्यान र सानो ओछ्यान बनाइन्थ्यो । पनौटोको पछाडि पूर्वमा पूजाकोठा र उत्तरपट्टि चुलो बनाइन्थ्यो । पश्चिमतिर भण्डार र मोही पार्ने र ठेकी भाँडा राख्ने टाँड बनाइन्थ्यो । माथि तलामा जान यसै छेउबाट लिस्नु राख्ने गरिन्थ्यो । बाहिर पिँढी हुन्थ्यो । पिँढीको छेउपट्टि छोराबुहारीका लागि कोठी बनाइन्थ्यो । घरको अगाडि तुलसीको मठ र छेउपट्टि जुठाल्नु बनाइन्थ्यो । निकास भएतिर गोठ बनाइन्थ्यो ।

जन्ममृत्यु संस्कार अनिवार्य थियो । व्रतबन्ध, विवाह, अन्नप्राशन, चूडाकरण आदि जातजाति अनुसारका चलन आफ्नै प्रकारका हुन्थे । बाबुआमाको सँझनामा श्राद्ध गर्ने चलन थियो । दशैंतिहार आदि चाडपर्व, मेला भर्ने, लोकगीत, भजन कीर्तन र नाचगान यज्ञयाग गर्दा आफन्तहरू जम्मा हुने चलन थियो ।

दोस्रो चरणमा कुटीर उद्योग, विद्यालयको आवश्यकता बोध हुँदा गुरुकुल, मठ मन्दिर शिक्षा, धार्मिक र व्यवहारिक संघ संस्था खुले । मुद्रा प्रचलनमा ल्याइयो । राज्यले कर उठाउने र सुरक्षाकर्मी र सुव्यवस्थाका लागि मुखिया, द्वारे, उमराव आदिद्वारा जनस्तरमा सेवा, काली किनारमा आयात निर्यातमा करको व्यवस्था भएपछि मुस्ताङतर्फ निर्यात गर्दा वस्तुअनुसार कर सिर्तो लिने जस्ता काम प्रारम्भ

गरिए । जातजाति अनुसार कामको वर्गीकरण र समाजका विभिन्न कामको थालनी समेत भयो । अन्तरदेशीय सम्बन्ध स्थापना र आर्थिक विनिमयको थालनी पनि गरियो ।

**पर्वत प्रदेशमा बसोबास गर्ने जातिहरू-**

यस प्रदेशको उत्तरतर्फ भोटे, थकाली, गुरुङ, तामाङ, मगरहरूको बढि बसोबास थियो भने दक्षिणपूर्वतर्फ- बाहुन, क्षेत्री, ठकुरी, दसनामी संन्यासी, दमाई, कामी, सार्की, नेवार, मुसलमान, बोटे, चेपाङ, कुँवर, शाही, हमाल, समाल, निसेल, भुजेल, थापा, कार्की, रुचाल, घर्ती, कुमाल, माझी, बादी, गाइने, चुरेटी आदि जातिहरू बस्दथे । यिनीहरूमा सबैले नेपाली र खास जातिका आफ्ना भाषा प्रचलनमा थिए ।

कृषि उत्पादन मुख्य पेशा थियो । खेतीमा - धान, मकै, गहुँ, तोरी, जौ, वा, कोदो, आलु, सिमी, च्याउ, प्याज, बेसार, खुर्सानी, उखु, अदुवा, अलैंची, सुन्तला, स्याउ, केरा, कागती, लप्सी, निबुआ, अम्बा, नास्पती, आँप, लिची, ओखर, कटहर, पलम, खुरपानी, आदि मुख्य थिए ।

उद्यम व्यवसायमा- हाते कागज, बुट्टेनली, राडी, पाखी, गलैंचा, माटो, फलाम र तामाका भाँडाँकुडा, हतियार, राङसिसा र काँसका सामान र गरगहना, डोको, नाम्लो, भकारी, स्याखु दारका ठेकी, आरी, चौंठी गबुआ, माटाका घैंटो, आरी, पाला, धुपौरौ, मक्कल, सुराही आदि ।

**मुख्य ऐतिहासिक र व्यापारिक क्षेत्रहरू-**

बागलुङ बजार, बेनी, कुस्मा, तम्घास, गल्कोट, बुर्तिबाङ, रिडी, रेसुङ्गा, मालिका, चारपाला, गलेश्वर, जैमुनीघाट, ढोरपाटन, घुम्टे, गाजा, बिहुँ, बलेवा, सेतीवेणी, रुद्रवेणी, खार, दर्बाङ, कुस्मीसेरा, बरेङ, शान्तिपुर, वामीटक्सार, मिर्मी, पुर्तीघाट, बेलबगर, मोदीवेणी, कार्कीनेटा, लुङ्खु, त्रिबेणी, पन्चासे, डहरेचौराली, गल्याङ, खनियाघाट, फलेबास, बिहादी, बिर्घा, आदि व्यापारिक स्थान थिए ।

खानीहरूमा- फलाम, तामा, राङ, सिसा, स्लेट, चुना, कमेरो, कालीमाटी आदि ।

पशुपालनमा- गाई, भैंसी, बाख्रा, भेडा, बंगुर, घोडा, खच्चड, गदाहा, खरायो, कुखुरा, हाँस, परेवा, माहुरीआदि ।

कोटघरहरू- बेनी, ढोलठाना, मालिका, निस्कोट, चारपाला, मुसीकोट, चन्द्रकोट, इस्माकोट, धुर्कोट, माझकोट, पाग्जाकोट, बिहुँकोट, गल्कोट, हाँडीकोट, संसारकोट, अर्नाकोट, ताकमकोट, हम्पाल, खुर्कोट, लुंखुचौराली, सतौं, लुम्पेक, गाजाधुरी आदि स्थानमा रहेका कोटथरहरू अद्यपि छन् ।

यी समेत अनेकौं रीतिरिवाज परम्परा थाम्दै यस पर्वत प्रदेशका मानवजातिले कालीगण्डकीको यही प्रवाह क्षेत्रमा जीवन निर्बाह गर्दै आएका थिए र छन् ।

**ग) पाल्पा राज्यक्षेत्र र यहाँ विकसित सभ्यता**

पाल्पा चौबिसे राज्य अन्तर्गतको एक सशक्त राज्य थियो । कालीगणडकी किनारका सभ्यताहरूमा पाल्पा राज्यको स्थापना पूर्वदेखि नै यो विकसित र सम्पन्न क्षेत्र मानिन्थ्यो । कुर्माचलमा कत्युरीवंशीय शासन थियो । हलिवाहन देव पाल मूलपुरुष भएको यसवंशले सिक्किमदेखि हरिद्वारसम्म राज्यविस्तार गरेको वंशावलीमा उल्लेख छ । यिनीहरूले मण्डली राजाको पदवी पाएका थिए । विराट् कत्युरी राज्यको पतनपछि पनि यस क्षेत्रलाई पाल्पा नै भनियो । पाल्पाको अर्थ पालहरूले पालना गरेको क्षेत्र भन्ने

हो । खसराज्यको विघटनपछि यो चौबिसे राज्यमा सशक्त राज्य थियो । विसं १५३० ताक भारतमा मुगल आक्रमणबाट त्रस्त तुथारामसेन प्रयागबाट बुटबलको बाटो गरेर रिसिङमा आई कुसुमखोला, पालुङमैनादी र ठिमुरे जोडी सानो स्वतन्त्र राज्य खडा गरे । केही वर्षपछि यिनैका वंशज रुद्रसेनले सं १५५०मा रिब्दीकोट राजधानी बनाएर पाल्पा राज्यको संगठन गरे । उनको आगमनपूर्व यहाँ स-साना भुरे राजाहरूले आफनो क्षेत्रमा शासन गर्दथे । धेरैजसो मगरहरूका कबिला र राज्य थिए । "बल्देङगढी' बलदेव मगर राजाको दरबार थियो । यहाँ अहिले पनि दरवार, हातहतियार, ईनार र टुँडिखेल देख्न सकिन्छ । त्यस्तै कालीगढी, पालुङ मैनादी, नुवाकोट किल्ला आदि र वाकुमगढी ले यी कुराको सक्षी दिंदैछन् । रुद्रसेन पछिका राजा मुकुन्दसेनले काठमाडौँ आक्रमण गरी मत्सेन्द्रनाथको पटाङ्गिनीमा रहेको भैरवको मूर्ति पाल्पा ल्याए र रिब्दीकोटसँगैको डाँडामा स्थापना गरे । नेपालमा भैरव संस्कृति ईपू देखि नै चली आएको मानिन्छ । पाल्पा भैरव मन्दिरमा ठूलो त्रिशूल गाडी गर्भगृहमा कालभैरवको मूर्ति राखी दर्शनका लागि माथिल्लो तलामा कीर्तिमुख भैरव स्थापना गरे । गोरक्ष सम्प्रदाय, अखण्डधुनी, रोट चढाउने र गुठीबाट प्रसाद आदिको व्यवस्था गराए । यिनले काठमाण्डू र पाटनबाट सिपालु कालीगढ समेतका नेवारहरूलाई पल्पा ल्याए र हस्तकला र करुवा आदि भाँडा उद्यम र नेवारका चाड मन्न दिनेव्यवस्था गरे । मुनि (मणि) मुकुन्दसेनका पालामा पाल्पा राज्य पूर्वमा विजयनगर दक्षिणमा काशीसम्म विस्तारभएको थियो । पराक्रमी यी रजाले अनेक मठ मन्दिर र सांस्कृतिक जागरण समेत गराए । रिडीको ऋषेश्वरको स्थापना र ऋषिकेश जात्रा पनि चलाए । अन्तिमकालमा देवघाटमा आएर यहाँ चक्रवर्ती मन्दिर र पञ्चदेवलको निर्माण गरी यहीं यिनले देहत्याग गरे ।

**देवघाटधाम-** देवघाट नेपालको प्राचीनतम इतिहास र संस्कृति बोकेको प्रसिद्ध धार्मिक र पर्यटकीय क्षेत्र हो । यसका विषयमा धेरै विद्वान्हरूले प्रकाश पर्नु भएको छ । यो नेपालको प्रमुखतम तीर्थस्थल हो । यसलाई देवघट्ट, देवाट, देवतीर्थ, देवह्रद, सिद्धाश्रम, हरिहर क्षेत्र, आदिप्रयाग, आदि विशेषणले पनि परिचय दिइन्छ । स्कन्दपुराण हिमवत्खण्डमा देवघाटका विषयमा लेखिएको यो उद्धरणबाट देवघाट परिचय र महत्व बुझ्न सकिन्छ ।

**"देवदेवः स्वयं तत्र प्रमथैः सहतिष्ठति**
**देवतीर्थमितिप्रोक्तं तस्मात्सर्वफलप्रदम् ।**
**पृथिव्यां यानि तीर्थाणि सन्ति पुण्यप्रदानि च**
**कोटिकोटिगुणं तेभ्यः स्नात्वात्तत्र प्रलभ्यते ॥"**

अर्थात्- देवताका पनि देवता महादेव स्वयं आफ्ना प्रमथगणसहित यहाँ बस्नु हुन्छ । यसैले यो देवतीर्थ हो र सर्वफलप्रद पनि छ । पृथिवीमा जति तीर्थहरू छन् ती सबैको भन्दा यहाँ स्नान गर्नाले कोटिगुना फल मिल्दछ ।

सेन राजाहरूका पालामा अनेकौं सुधार, एवं सांस्कृतिक र धार्मिक कार्यहरू भए ।

पाल्पा क्षेत्रभित्रका कालीगण्डकीमा मिसिने प्रमुख नदीहरूमा बडीगाड (रुद्रावती) अन्धावती, रुरुगङ्गा र अनेकौं खोलाहरू छन् । रुरुक्षेत्र पवित्र धार्मिक क्षेत्र हो । देवदत्त मुनिको तपस्या भङ्ग गर्न आएकी प्रम्लोचा अप्सराबाट जन्मेकी कन्यालाई आमाले छोडेर गएपछि टुहुरी कन्यालाई रुरु नामकी मृगले आफ्नो स्तनपान गराएर बचाई र यी रुरु कन्याले ठूली भएपछि तपस्या गरेर ऋषिकेशव

भगवान्‌लाई खुसी पारिन्। वर माग्न भनेपछि तपाईंको 'यो रूपको सधैँ दर्शन पाऊँ' भनेर वर मागिन्। ऋषेश्वरका रूपमा जलमा रहेको यो विग्रह, पछि राजा मुकुन्दसेनले स्नान गर्दा भेटेर बाहिर ल्याई स्थापना गरेको कथा प्रचलनमा छ। यसपछि यो तीर्थको महत्त्व बढेको मानिन्छ। यस्तै यहाँका प्रसिद्ध स्थलहरूमा माण्डव्य मन्दिर माडी, राम्दीघाट, सत्यवतीताल, प्रभास, रानीघाट, केलादीघाट, तानसेन र काली किनारका गुफा र मठ मन्दिरहरू छन्।

पर्वत प्रदेशमा जस्तै जातजाति र विधिव्यवहार पाल्पा प्रदेशमा पनि प्रचलनमा थिए। यहाँका घरहरू पनि पर्वतका जस्तै आकार भित्री स्वरूप पनि मिल्दाजुल्दा बनाएका पाइन्छन्। जन्मदेखि मृत्युसम्मका संस्कार पनि जात धर्म अनुसार आफ्नै किसिमका छन्।

काली किनारका बस्न येग्य फाँट र बस्तीहरूमा- माडी, रामपुर, चापाकोट, अर्गली, हुँगी, कचल, दर्पुक, सर्देवा, बिर्घा, पूर्वखोला, अँगाहाखोला, भयलाटार, दैलातुङ, दर्पुक, आदिछन्। यहाँ पाइने प्राकृतिक वनस्पति, जैविक क्षेत्र, कृषि जमीन, चरन क्षेत्र, आदिले यो क्षेत्र समृद्ध छ। वनस्पतिहरूमा- साल, सल्लो, उत्तिस, चिलाउने, टुनी, साज, मौवा, खल्लुक, पैयौं, हर्रो, बर्रो, अमला, आँप, कटुस आदि र फलफुलका वृक्षहरू छन्। वन्यजन्तुहरूमा- बाघ, भालु, स्याल, चितुवा, बँदेल, घोरल, ढेडु, बाँदर, खरायो मृग, फ्याउरो, दुम्सी, आदि र पंछीमा- डाँफे, लुइँचे, कालिज, ढुकुर, जुरेली, कोइली, तित्रो, फिस्टो, मैना, काग, सारस, सुगा, न्याउली, गिद्ध, चिल, बाज, गौंथली, भँगेरा आदि।

जात्राहरूमा- बुद्धजयन्ती, ठूली एकादशी, गाई जात्रा, चैतेदशैं, शिवरात्री, जन्माष्टमी, सत्यवती मेला, तानसेन भगवती जात्रा, लाखे नाच, आदि।

भाषा- नेपाली, मगर, नेवारी, थारू, अवधी आदि।

दर्शनीय स्थलमा- रानी महल, श्रीनगरडाँडा, मदनपोखरा, भैरवस्थान, रम्भादेवी, रामपुर, तालपोखरी, सीताकुण्ड, दर्लम, महाकाली, महामृत्युन्जय, रिडी ऋषेश्वर, मिर्मी, रेसुंगा, मौलाकालिका, देवघाट आदि।

पाल्पा राज्यमा सेन राजाहरूले ४१८ वर्ष राज्य गरे यिनको पालामा कालीगण्डकी प्रस्रवण क्षेत्रमा धेरै सांस्कृतिक र सामाजिक सुधार भए। पुराना परम्परालाई थाम्दै गरिएका प्रयत्नहरू स्तुत्य छन्।

अन्त्यमा देवघाटमा आएर कालीगण्डकी र त्रिशूली नदी समागम भएपछि कालीगण्डकीको नाम नारायणीमा रूपान्तरित हुन्छ। देवघाटदेखि त्रिवेणीसम्मको यात्रा नारायणी नामबाट चितवन र नवलपुरको विशाल मैदानी भाग र शिवालिक पर्वतमाला पार गरेर वाल्मीकि आश्रम, त्रिवेणीधाम हुँदै भारतमा प्रवेश हुन्छ। भारतमा पुगेपछि फेरि गण्डक नामले सम्फिइन्छ। अनि हरिहर क्षेत्रमा पुगेर गङ्गानदीमा समागम हुन्छ अनि गण्डकी नाम सधैंका लागि मेटिन्छ।

**४. उपसंहार**

कालीगण्डकी अति पवित्र नदी हो। यसका किनारका बासिन्दा आफ्नो भुक्तिमुक्तिका लागि काली नदीक्षेत्र रोजेर बसेका हुन्। धार्मिक, पौराणिक या सामाजिक महत्वका दृष्टिले पनि यहाँको निवास महत्वपूर्ण मानिन्छ। यही नदी किनारमा अनेकौं

तीर्थहरू छन् । वातावरणीय दृष्टिकोणबाट पनि यहाँको हावा पानी अनुकूल छ ।

पहिलेका मानवहरू दूरदृष्टि पुराएर बासस्थान चुन्थे र आवास बनाउँथे । अहिले हामीले हेर्दा उच्च हिमालीक्षेत्रबाट झरेको कन्चन नदी, उत्तुङ्ग डाँडाँकाडा, हरियालीपूर्ण सदाबहार जङ्गल, नदी र खोला किनारका समतल उर्वरक जमीन, औषधीय गुण भएका जडीबुटी, हिमाली प्रभावले गर्दा स्वच्छ र सफा प्रकृति आदिले गर्दा यो अलौकिक र स्वर्ग भन्न मिल्ने क्षेत्र हो । यहाँ बसोबास गर्नेहरू पनि गण्डकीको सफा पानी जस्तै शुद्ध मन भएका सुसंस्कृत छन् ।

कालीगण्डकीको शुद्धतामा प्रदूषणको विष छर्ने र विकासका नाममा धार्मिक र सांस्कृतिक धरोहरमाथि नकारात्मक प्रभाव पार्ने किसिमका निर्माण र संरचनाले गर्दा यसको संरक्षणमा कठिनाई परेको छ । कालीगण्डकी कोरिडोरले गर्दा हिमाली क्षेत्रका बहुमूल्य प्राकृतिक र पुरातात्त्विक सम्पदाहरू चोरी हुने र नष्ट हुन सक्ने अवस्था सिर्जना भएको छ । यिनको संरक्षणमा भन्दा व्यक्तिगत स्वार्थले गर्दा यिनको उपभोग र प्रयोगले पनि संरक्षणमा अझै खतरा जन्मेको छ । विकासका नाममा कालीगण्डकी डाइभर्सनको प्रस्ताव पनि आएको छ । यसले तत्काल केही क्षेत्रको स्वार्थपूर्ति भएपनि दीर्घकालीन रूपमा नकारात्मक प्रभाव पार्छ भन्ने कुरामा यहाँका जनता र सरकार सचेत हुनु आवश्यक छ । नत्र यसले पार्ने घातक प्रभावको परिणाम हामीले नै भोग्न पर्ने हुन्छ । यसका साथै हामीले हाम्रो संस्कार र संस्कृतिलाई बचाउनु पनि जरुरी छ । पाश्चात्य संस्कृतिको अन्धअनुसरणबाट हाम्रो समाज विकृतितर्फ फस्दै गएको छ । त्यसैले हामी कालीगण्डकी सभ्यताको संरक्षण र स्वसंस्कृति बचाउने कार्यमा अग्रसर हुनु जरुरी छ । इत्यलम् ।

- भरतपुर चितवन,

lakashpaudel@gmail.com / 9845023438

**सन्दर्भ सामाग्रीः-**

१- स्कन्दपुराण हिमवत्खण्ड - वेदव्यास

२- वराहपुराण - वेदव्यास

३- विश्व सभ्यता का संक्षिप्त इतिहास- ओम प्रकाश मालवीय, सेन्ट्रल बुक डिपो इलाहावाद ।

४- प्राचीन भारतवर्ष की सभ्यता का इतिहास - सर रमेशचन्द्र दत्त, प्रकाशक- माधवप्रसाद शर्मा काशी ।

५- पर्वत राज्यको ऐतिहासिक रूपरेखा- टेकवहादुर श्रेष्ठ, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर ।

६ - पाल्पा राज्यको इतिहास- विष्णुप्रसाद घिमिरे, चितवन अध्ययन केन्द्र, भरतपुर चितवन ।

७ - धौलागिरी क्षेत्रका पर्यटकीय गन्तव्यहरू तथा गण्डकी सभ्यता सम्बन्धी स्मारिका-२०७७, नेपाल पर्यटन बोर्ड र धौलागिरी समाज नेपाल ।

८- हिमालयदेखि कन्याकुमारीसम्म (यात्रा संस्मरण) - लकाश पौडेल, नीलकण्ठ पौडेल स्मृति प्रतिष्ठान गुठी, भरतपुर चितवन ।

९- देववाणी (शालग्राम देवघाटधाम विशेषाङ्क) - देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् काठमाडौं ।

१०- शौर्यगाथा महाकाव्य - लकाश पौडेल, त्रिवेणी साहित्य परिषद, नवलपुर ।

११- अन्य (पत्रपत्रिकाहरू)

# श्रीकृष्णागण्डकी प्रस्रवण: नेपाली जलसंस्कृतिको मौलिक सङ्ग्रहालय



कुलराज चालिसे, पिएचडी

श्रीशालिग्राम उत्पत्तिसँग सम्बन्धित शङ्खचूड र तुलसी तथा जालन्धर र वृन्दाको कथाहरूमा पात्रहरू अलग भएपनि प्रकृति समान छ, प्रवाह गर्न खोजिएको सन्देश समान छ । कथावाचक विद्वानहरू अलगअलग पात्रहरूलाई कल्पभेदको दृष्टान्तले समाधान गर्न खोज्नुहुन्छ र गहन सन्देश बोकेका कथालाई सामान्यसरह व्याख्या गर्नुहुन्छ । कार्वन र अक्सिजनको आईसोटप्स तहमा पुगेर जल शुद्धीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने शालिग्राम, कुश, पीपल र तुलसीको महत्त्व स्थापित गर्न रचना गरिएको विज्ञानसम्मत कथालाई पात्र केन्द्रित बनाउनु तात्कालीन अवस्थाको समाजले बुझ्ने क्षमताअनुसार आवश्यक थियो होला । जलविज्ञानमा विज्ञता हासिल गरेका जनशक्तिलाई समेत पानीको व्यवहार बुझ्न कठिन हुने विषयवस्तु सर्वसाधारणलाई लक्षित गरेर सम्प्रेषण गर्दा पात्र केन्द्रित बनाउने धर्मशास्त्रको मिठास नै हो । त्यसैले गर्दा शास्त्रहरू कालजयी हुन्छन् तर अनुसन्धानमा सक्रिय विद्वत्वर्गले परोक्षवादात्मक अर्थ बोकेका त्यस्ता कथाहरूको गाँठो लक्षित समुदायको बुझ्ने क्षमता अनुसार फुकाउदै जानुपर्नेमा हुन सकेको छैन । शास्त्रवचन बुझ्न समाज तयार नभएको हो वा शास्त्रवचन बुझाउने विद्वानहरू तयार नहुनु भएको हो ? भन्ने निक्यौंल गर्न छुट्टै अनुसन्धान गर्नु पर्छ । पातिव्रत्याधर्मलाई उच्च मूल्याङ्कन गर्ने पुराणहरूमा धर्मको केन्द्राधार भगवान शिव र विष्णु स्वयं नै तुलसी तथा वृन्दाको पातिव्रत्य धर्म नष्ट गराउने कार्यमा संलग्न हुनुभएको कथालाई भगवद्लीला भनेर सामान्य बनाउदा धर्मको अपव्याख्या हुन सक्छ । भगवान् र शास्त्र प्रति अनास्था बढ्छ । नयाँपुस्ताले धर्मको मार्ग अनुसरण गर्न यस्ता पात्रकेन्द्रित व्याख्याले बल प्रदान गर्दैनन् । त्यसैले यस्ता विषयलाई पनि अनुसन्धानको दायरामा ल्याएर विज्ञानसम्मत व्याख्या गर्न अनिवार्य हुन्छ ।

नीरजल र क्षीरजलको भिन्नता प्रष्ट पार्दै जलशुद्धीकरणमा उचाई, शालग्राम, कुश, पीपल तथा तुलसीको भूमिकालाई पात्रको बुझ्ने क्षमता अनुसार व्याख्या गर्नु अनुसन्धाताको जिम्मेवारी हो । पुलहाश्रम क्षेत्रबाट पुलत्स्य ऋषिको हत्केलामा यात्रा गर्ने गोवर्द्धन पर्वतलाई व्रजमण्डलमा उच्च धार्मिक तथा सांस्कृतिक महत्त्व दिलाउन सक्षम शास्त्रहरू नीलो र हरियो पानी भनेर पढने विज्ञानका विद्यार्थीलाई सन्तुष्ट पार्न पनि सक्षम छन् । क्षीरजलचक्रलाई निरन्तरता दिन पहाडको भूमिका व्याख्या गर्न रचना भएको गोवर्धन लीलाकथा विज्ञानले पनि ओतप्रोत छ । तरपनि शतशृङ्गी गोवर्धनमालाको देशले आफ्ना पर्वतलाई वायुमण्डलको उचाईमा शुद्ध पारिएको जललाई पुनर्चक्रमा स्थापित गरेको महत्त्व आफ्नै थाकथलोमा समेत प्रसारण गर्न नसक्नुमा सन्त, महन्तको साथमा अनुसन्धाताको

कमजोरी पनि प्रदर्शन हुन्छ । समाजले पत्याएको ज्ञानीजन निस्क्रिय हुँदा वस्त्र, तिलक र शव्दको आडम्बर कसेर धर्म संस्कृतिलाई व्यापारिक अवसरमा परिवर्तन गर्ने समुह सक्रिय हुनु सामान्य परिणाम हुन्छ । हाल नेपालमा देखिएको धर्मसंस्कृति सम्बद्ध प्रमुख समस्यामा पर्यावरणीय र मानवीय धर्म उपर कर्मकाण्डीय धर्मको प्रदूषण र भौतिकवादीको कर्मकाण्डीसँग हुने प्रतिस्पर्धा हो । हिजोसम्म हिन्दूको भेषमा धर्मको व्यापार गर्ने रोग अहिले अन्य धर्मसम्प्रदायकाले अझै विकराल तरिकाले प्रयोग गरेका छन् । त्यसैले यो लेख श्रीकृष्णागण्डकी प्रस्रवण क्षेत्रमा देख्न, सुन्न र अनुभूति गर्न पाईने यस्तै प्रमाणहरू एकतृत गरेर शैक्षिक समाजलाई सूचित गर्न लक्षित गरेर लेखिएको छ । यो लेख वर्तमान समाजमा पाच्य हुने प्रस्रवण व्यवस्थापन र जलवायु अनुकूलनका व्यावहारिक ज्ञानसँग मेल खाने गरेर शतशृङ्गी गोवर्धनमालाको सम्बन्ध पानीको चक्रमा गाँसी व्याख्या गर्न केन्द्रित छ । यो लेख व्यक्ति केन्द्रित प्रश्नावली र अन्तर्वाताभन्दा स्थान विशेषको भौतिक तथा भौगोलिक प्रमाण अवलोकन र परिवर्तित सामाजिक मान्यतालाई अध्ययन गरेपश्चात् निश्चयका निमित्त अभ्यास गरिएको क्रियात्मक अनुसन्धानमा आधारित छ ।

गरुडपुराणमा जललाई भगवान् नारायणको प्रतिमूर्ति भनिएको मात्र नभएर जलमा नै सम्पूर्ण देवताको बास हुने भएकोले पानीले पानीलाई पूजा गर्दा सम्पूर्ण पूजा हुन्छ भनिएको छ [**अन्तश्चरसि भूतेषु गुहायां विश्वतोमुख । त्वं यज्ञस्त्वं वषट्कार आपो ज्योती रसोऽमृतम् ॥** गरुडपुराणाङ्क, २०००, ५०:४५]। वनस्पतिको काण्डमार्गमा छानिएर अन्नमा जम्मा भएको पवित्र जलले पूजा गर्दा गुणस्तरको पूजा सम्पन्न हुन्छ । यसको व्यावहारिक उदाहरण नरिवलबलि हो । अत्यधिक लवण घोलिएको पानीलाई शुद्धजल मान्न नसकिएको कारणले नीरसागरको किनारमा बसोबास गर्ने हिन्दुले जलशुद्धीकरणमा नरिवल वृक्षलाई रोजे । नरिवलको लामो काण्डमा छानिएर फलभित्र जम्मा भएको पानीले भगवान्को पूजा गर्नु उनिहरूको बाध्यता थियो । नरिवलवृक्षको उचाइभन्दा आकाशको धेरै उचाइमा यात्रा गरेको पवित्रजल प्राप्त हुने श्रीमुक्तिक्षेत्रमा नरिवलजलको विकल्प आवस्यक थिएन । तर नीरसागरकिनारका जनतालाई दृष्टिगत गरेर लेखिएको क्रियात्मकशास्त्रलाई जस्ताको तस्तै अवलम्वन गर्ने हाम्रो पण्डित्याइँले गर्दा चोखोपानीको खानी शतशृङ्गी गोवर्धनमा बसोबास गर्ने नेपालीले पनि नरिवलको पानी चढाउन पुगेका छन् । दामोदरकुण्ड तथा मुक्तिनाथमा समेत आयातीत् श्रीफलको जल अर्पण गर्ने संस्कृति मौलाउँदै गएको उदाहरण यो तर्कलाई पुष्ट्याइँ गर्न पर्याप्त हुन्छ । जटासहितको नरिवल फोरेर जल चढाउने परम्परासँग शृङ्ग राज्यकालमा बौद्धधर्मसँगको प्रतिस्पर्धा बताउने वर्ग पनि यो समाजमा छन् । उनीहरूको तर्कमा कति दम छ भनेर नाप्न यो लेखमा आवश्यक ठानिएको छैन । किनभने चोखोपानीको कलशको मुखमा जटासहितको श्रीफल राखेर पूजा गर्ने प्रचलन शुङ्गकालभन्दा धेरै पहिलादेखि नै चलेको पाइन्छ । समुद्रको किनारमा लवणरहित पानीको स्रोतमा नरिवलको पानी प्रयोग गर्ने चलन अहिले पनि चलेकै छ । त्यसैले गर्दा नै नरिवलले प्रमुख नगदेबालीको स्थान पनि पाएको छ । समुद्रको खारपानीले हिमालयसम्मको हवाईयात्रामा निर्मलीकरण भएर चोखोपानी बन्ने

र हिमालदेखि स्थलयात्रामा पुनः समुद्र पुग्दा लवण मिसिन गएर खारपानी बन्ने विज्ञानलाई शालिग्रामको उत्पत्तिकथासँग गाँसेर त्यो बेलाको समाजमा सम्प्रेषण गर्न शास्त्रहरू सफल भएका थिए । श्रीहरिको हातमा स्थान पाएका शङ्ख चक्रले नीरसागर (समुद्र) देखि क्षीरसागर (हिमालय) सम्मको यही जलचक्रलाई सङ्केत गरेका छन् ।

### शालिग्राम सामान्य प्रमाण होइनन्

यथास्थानमा संरक्षण गरिएका शालिग्रामले पुराणमा वर्णन गरीएका धेरै लीलाकथाहरूको विज्ञानमय रहस्य उजागर गर्न सक्छन् । यिनको उत्पत्ति सम्बन्धमा पुराणहरूमा पाँचवटा मुख्यकथाहरू भेटिन्छ । ज्योतिर्मय विष्णुको सानिध्यमा जम्मा भएका देवताहरू (वराहपुराण १४४:२२५), जालन्धर र वृन्दाको कथा (स्कन्दपुराण, हिमवत खण्ड ४४:६१), शङ्खचूड र तुलसीको कथा (ब्रह्मवैवर्तपुराण २:२१), गजग्राहको कथा (भागवतपुराण ८:२,३ र ४) र शालङ्कायन ऋषिको कथा (वराहपुराण १४४:२५६) । पद्मपुराण (पातालखण्ड अध्याय १९, उत्तरखण्ड अध्याय २४,८७, १२२ र १२६) तथा गरुडपुराणमा (अध्याय ४५ र ६६) शालिग्रामको विस्तारपूर्वक वर्णन गरीएको छ । तर उत्पत्तिकथा विवरण यिनै पाँच मध्य नै पर्छ । कल्पभेद र सम्प्रदायभेदको कारणले उक्त कथाहरू भिन्न भिन्न स्थान सँग सम्बन्धित हुन पनि सक्छन् । जेजति भेद भएपनि शालिग्राम सम्बन्धी लीलाकथाको निष्कर्ष लगभग जल निर्मलीकरणसँग नै गाँसिन्छ ।

वैज्ञानिक अन्वेषणले शालग्रामलाई ईण्डेक्स फोसिल मानेर प्रतिवेदन तयार गर्छन् । त्यस्ता प्रतिवेदनहरूले कृष्णागण्डकी प्रस्रवणको अलावा तिब्बत तथा भारत, पाकिस्तान र चीनको सिमा लद्दाखक्षेत्रमा पनि शालग्राम पाइएको उल्लेख गरेको पाइन्छ । ती प्रतिवेदनहरूले शालग्रामलाई समुद्रमा मात्र पाइने एमोनोईडीया फोसिल अन्तरगत राखेका छन् । त्यसैले समुद्रको पिँधमा भएको शालिग्रामको पहाड नै मुक्तिक्षेत्रमा उभिएर गण्डकीधारसँगै माडीसम्म फैलिएको प्रमाण सामान्य होइनन् । यिनैलाई आधार सूचना बनाउँदै सन् १९८८ मा क्यानडा, जर्मनी, इटाली तथा फ्रान्सका वैज्ञानिकहरूको संयुक्त टोलीले गहन अनुसन्धान गरी श्रीकृष्णागण्डकीलाई हिमालयभन्दा जेठी हिमनदी (Gradstein et al, 1989) प्रमाणित गर्दा समेत नेपालीले यो प्रस्रवणलाई भूमण्डलीकृत गर्न सकेका छैनन् । सन् १९८४ मा नै बिबिसीको द लिभिङ्ग प्लानेट विषयक चर्चा गर्दा (www.bbc.co.uk/bbc two/ the living planet) शालिग्रामलाई नै आधार बनाएर अन्धगल्छीमा छायाङ्कन सुरु गरिएको थियो । श्रीकृष्णागण्डकी प्रस्रवणमा सन् १९६० को दशकदेखि सुरु भएको अनुसन्धानको लर्को अहिले पनि उत्तिकै छ । पर्यटकको बहानामा हुने यो क्षेत्रको भ्रमणमा शालग्राम पनि लुप्तलक्षमा रहेको हुन्छ । शालिग्राम मध्यमा पनि सङ्कलितभन्दा यथास्थानमा यथास्थितिमा रहेकोमा बढी आकर्षण हुन्छ । त्यसैले यस प्रस्रवणमा पाईने शालग्राम सहितको गिटी बालुवालाई सामान्य नदीको सरह विकास कोष जगेर्ना गर्न स्थानीय सरकारलाई लिलाम गर्न छुट दिन मिल्दैनथ्यो । तर त्यस्ता गिटी बालुवाबाट शालग्राम शिला खोजेर बेच्न ल्याउने गरिबलाई कडाई गर्न सक्ने सरकारी निकायले क्रसर उद्योग नियन्त्रण गर्न र शहर बजारमा खुल्लमखुल्ला हुने शालग्रामको व्यापार नियन्त्रण गर्न आवश्यक ठानेको देखिँदैन । त्यसैगरी शालिग्राम जत्तिकै महत्त्वका

साथ क्षीरजलचक्र नियमित गर्न रोपिएका चौतारी वृक्ष र सार्वजनिक बगैँचाहरू, विकासको बहानामा नष्ट गरिदै छ भने पोखरी पुरेर सरकारी वा सामुदायिक भवन बनाइँदै छ। स्थानीय सरकारको अधिकार प्रवर्द्धनको नाममा, स्थापित ऐतिहासिक प्रमाण क्रमशः नष्ट गरिदै छ र संरक्षण गर्ने दायित्त्वबाट पन्छिन धर्मनिरपेक्षताको बहाना बनाइदै छ। हिन्दुत्वको वकालत गर्नेहरुले पनि मौलिक जलसंस्कृतिलाई निरन्तरता दिन नयाँ पुस्ताले पचाउने ठोस तर्क प्रस्तुत गर्न सकेका छैनन्। कोरा पहिचानको राग अलाप्दैमा हिन्दुत्वको पक्षमा जनमत एकत्रित गराउन सकिँदैन। जनमत नै सास्कृतिक परम्परालाई निरन्तरता दिने पक्षमा नहुँदा स्थानीय सरकार प्रतिकूल हुनु स्वाभाविक हो। त्यसैले हिन्दु विधि संस्कृतिलाई आधुनिक अनुसन्धानमा समायोजन गरी नयाँ पुस्ताले पचाउने गरी व्याख्या गर्न नितान्त आवश्यकता महसुस गरिएको छ। त्यसको निमित्त शालिग्रामको यथास्थानमा संरक्षण अनिवार्य हुन्छ। यति गर्न सकेमा विश्वका भूगोलको अध्ययन अनुसन्धान गर्ने विद्यार्थीको प्रथम गन्तव्य कृष्णागण्डकी प्रस्रवण हुन सक्ने थियो।

भगवान् श्रीशिवसँग पनि प्रतिस्पर्धा गर्नसक्ने जालन्धरको उत्पत्ति जलमण्डलबाट भएको थियो [लिङ्गपुराण, २०१२, १:९७:२] भने भगवान् श्रीकृष्णको बालसखा सुदामालाई श्रीराधाको श्रापले गर्दा शङ्खचूडको जीवन समुद्रमा नै बस्न परेको थियो [श्रीमद्देवीभागवत,२०१०, ९:६]। यी दुवै पात्रको सम्वन्ध समुद्रको गरुङ्गो पानीसँग छ। गरुङ्गो पानीभित्र चोखोपानीको अंश पनि हुन्छ। त्यसैले गरुङ्गो पानीभित्रको हलुङ्गो पानीलाई वृन्दा र तुलसीको नाममा चित्रण गरिएको सम्बन्धमा पनि अनुसन्धान हुन जरुरी छ। गरुङ्गो पानी ओरालो लाग्छ भने हलुङ्गो पानी उकालो चढ्छ। चोखोपानीकै सहारामा गरुङ्गो पानीले हिमालय पर्यन्त ध्रुवप्रदेशसम्मको हवाईयात्रा गर्छ र श्रीनारायणको प्रेरणाले चोखोपानीलाई त्याग गर्छ अनि नारायणमा नै लीन हुन्छ। कृष्णागण्डकी प्रस्रवणको घोडेपानी, तातोपानी, कालोपानी, रातोपानी र चोखोपानीको स्थानक्रमले पनि वर्षात्मा झरेको पानीको यसै गुणलाई संकेत गरेको छ। जालन्धर र शङ्खचूडलाई मुक्ति दिने क्षमता अर्चावतार श्रीशालीग्राममा भएको प्रमाणित गर्न श्रीमुक्तिक्षेत्रमा वर्षिने र बग्ने पानीको आईसोटप्स नापेर एकीन गर्न सक्नु पर्छ। श्रीहरिको हातका सोभा बनेका शङ्ख र चक्रले यिनैलाई संकेत गरेका हुन् भने जलचक्रको यही भुमरीमा श्रीहरिको वास हुने भएकोले नारायण नाम रहेको छ (**आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः। अयनं तस्य ताः पूर्वं ते नारायणः स्मृतः** ॥ वराहपुराण दोस्रो अध्याय )।

**ॐ शं नो देवीरभिष्टयऽआपो भवन्तु पीतये। शं योरभि स्रवन्तु नः** ॥ शनि ग्रहशान्तिको निमित्त पीपलमा जल चढाउने यो वैदिक मन्त्र (ढुङ्गेल, २०७२) श्राद्धकर्मको निमित्त कर्मपात्र बनाउदा तथा कलशमा जल राख्दा पनि यही मन्त्र जप गरिन्छ (रेग्मी, २०७२)। आजभोलिका पण्डितजनले पीपल र तुलसीको महिमा बताउँदा भने अक्सिजन उत्पादनसँग गाँस्न रुचाउनुहुन्छ। विरुवाको जलउश्वेदनक्रियासँगै अक्सिजन उत्पादन पनि हुने भएकोले उहाँहरूको कथन सत्य हुन पनि सक्छ। वायुमण्डलबाट कार्वनडाईअक्साइड सोस्ने बिरुवाको अग्रपङ्क्तिमा पीपल र तुलसीलाई मानिएको पनि छ तर यो मन्त्रले पीपल र तुलसीको महत्त्व वायु शुद्धीकरणभन्दा जल शुद्धीकरणलाई संकेत गरेको

छ । कुशको प्रयोग पनि जलशुद्ध पार्न नै संकेत गरिएको छ । त्यसैले तुलसी र वृन्दाको पतिव्रता धर्म भ्रष्ट गरेपश्चात् श्रीविष्णुलाई शालीग्रामको अलावा कुश, तुलसी र पीपल हुने श्रापको पछाडि जलशुद्धीकरणको लक्ष रहेको प्रमाणित हुन्छ ।

श्रीकृष्णागण्डकी प्रस्रवणमा आईसोटप्सको तहमा गरिएको पानीको गुणस्तर अनुसन्धानले उचाइको क्रमसँगै सतहको पानीमा हलुङ्गोपानीको मात्रा बढ्दै गएको प्रमाणित गरेको छ । अर्थात् गरुङ्गोपानीको अंश घट्दै गएको पाइएको छ ( Garzione et al 2000) । हिमालय उठानको क्रममा साना ठूला गरेर २४ वटा महाप्रलयको सामना यस भूमिले भोगी सकेको छ (Sun et al, 2012) । कागवेनीभन्दा माथि नदीमा शालग्राम धेरै देखिएकोमा रामपुर उपत्यकामा, नदीमा भन्दा पाखोमा धेरै शालिग्राम पाइएकोले रामपुर वेंसी श्रीवराहनारायणले हिमालय उठाउँदा दक्षिण वग्न पुगेको नदीले बनाएको ताल भएको प्रमाणित हुन्छ । शास्त्रले यो नदीलाई वैष्णवी वर्गमा राखेकोले, यो प्रस्रवणमा वैष्णव संस्कृतिको प्रधानता पनि देखिन्छ ।

नेपालको राष्ट्रिय एकिकरणको क्रममा यो जलाधारले भिन्नभिन्न संस्कृतिलाई समन्वय गरेर एकताको सन्देश दिएको थियो । राज्य विस्तारको उद्देश्यले हुने युद्धभन्दा युद्धपश्चात्को शान्ति व्यवस्थापनमा सांस्कृतिक समन्वयलाई जोड दिँदै आर्थिक सबालमा जनतालाई आकर्षण गरिएको थियो (गुरुङ्ग, २०६१) । स्याङ्गजा, लसर्घाको आलमदेवीको मन्दिर आकृतिले हिन्दु र मुस्लिमको समन्वयको संकेत गरेको छ भने श्रीमुक्तिनाथमा हिन्दु र वोन धर्माबलम्वीको समान आस्था प्रदर्शन भएको छ । यस जलाधारमा शैव र वैष्णवको विभेद पनि देखिदैन । सवै धर्मको साझा धर्म बनाउने कार्यमा श्रीकृष्णागण्डकीमा अविरल वग्ने सजीवजलको योगदान रहेको छ। पानी, पीपल, पहाड र पुराण जात, धर्म, वर्ण, वर्ग, लिङ्ग र क्षेत्रको संकृर्ण दायरामा सिमित हुदैनन् । अनेकतालाई एकताको सुत्रमा परिचालन गर्न शालग्रामलाई गर्भमा लिने श्रीकृष्णागण्डकीले नै श्रीकृष्णामन्दिरको भूमिका निर्वाह गर्न सक्छिन् । मनोवैज्ञानिक धर्मको घेरा नाघेर पर्यावरणीय धर्ममा जनता परिचालन गरिएमा अनेकतामा एकता स्थापित गर्न सकिन्छ, याहा जात, वर्ण, वर्ग, लिङ्गको विभेद मेटेर समन्वयात्मक अध्यात्मको नमुना प्रस्तुत गर्न सकिन्छ ।

पानी निर्जीव हो वा सजीव हो ? भन्ने वादविवादमा यो लेख पस्न चाहँदैन । तर जलस्रोतको समुचित व्यवस्थापन गर्न एउटा मान्यता स्वीकार गर्नै पर्छ । प्रस्रवण व्यवस्थापन तथा जलवायु अनुकूलनमा भौतिकसोच हावी भएर पानीलाई निर्जीवको व्यवहार गर्दा कार्यान्वयन पक्ष कमजोर हुन्छ भन्ने उदाहरण जलवायु अनुकूलनका वर्तमान अभ्यासको परिणामले प्रष्ट गरेको छ । व्यक्ति विशेषको पहलमा बनाइएका चौतारी, पोखरी तथा बगैंचासमेत संरक्षण गर्न नसक्ने नीतिको कमजोरी पानीलाई नीर्जीव मानेर भएको हो । नेपाली मौलिक जलसंस्कृतिले पानीलाई सजीव मानेर शङ्खचूड र तुलसी तथा जालन्धर र वृन्दालाई प्रतिनिधि पात्र बनाएको छ । पानीलाई भगवान्को प्रतिमूर्ति मानेर सम्मानपूर्वक उपभोग गर्ने, उपभोगपश्चात् विधिपूर्वक विसर्जन गर्ने र पुनर्जन्ममा विश्वास गर्ने विशिष्ट संस्कृतिले जलस्रोत व्यवस्थापनमा निस्वार्थ लगाव प्रदर्शन गरेको छ । यो चलन व्यवहार जलवायु अनुकूलनको निमित्त विश्वले अवलम्बन गरेको तरिकाभन्दा भिन्न प्रकृतिको छ ।

समयक्रममा विकासको नाममा यस जलाधारका धेरै प्रमाणहरू नष्ट हुन गएका छन्। यति हुँदा पनि जे जति बँचेका छन्, यिनको यथास्थानमा संरक्षण गरिएमा यो प्रस्रवण विश्वसम्पदामा सूचीकृत हुने हैसियत राख्छ। ऐतिहासिक, सांस्कृतिक, धार्मिक, भौगोलिक मात्र नभएर वायुमण्डलीय जलाधार व्यवस्थापन तथा अदृष्यपानी जस्ता विज्ञानका नवीन विधामा महत्त्वपूर्ण प्रयोगशाला हुन सक्ने सम्भावना बोकेको यो प्रस्रवणले जलवायु परिवर्तन तथा अनुकूलनको निमित्त धेरै सूचना दिन सक्छ। शालग्रामको पत्रापत्रामा सञ्चित भएको कार्वन र अक्सिजनको आईसोटप्सले करौडौ वर्षको इतिहास उजागर गर्न सक्छ। नेपालको सबैभन्दा धेरै र थोरै पानी पर्ने लुम्ले र छुसेर यसै प्रस्रवणमा पर्छ। त्यसैले धार्मिक तथा शैक्षिक पर्यटनको सम्भावना बोकेको यो नदीलाई निर्बाध रूपले देवघाटसम्म बग्न दिनुपर्छ। विकासको नाममा यसको मार्ग परिवर्तन गर्नु हुँदैन। यस्लाई जलाधार व्यवस्थापनमा नेपालीको मौलिक संस्कृति प्रदर्शन गर्ने स्थलगत सँग्रहालयमा रूपान्तरण गर्नुपर्छ। नेपालको पर्यटन व्यापारमा प्रस्तावित स्थलगत सँग्रहालयले केन्द्रस्थ उत्पादन बनेर विश्वलाई आकर्षण गर्नसक्छ।

## डाईभर्सन कि जलयातायात

अन्तर वेसी नदीको सञ्जाल विकास गर्ने अवधारणा उत्पादक पानीको सन्तुलित वितरणको निमित्त विश्वमा नै मान्यता प्राप्त नीति हो। भारतले सन् १९५० को दशकबाट नै प्रयोग गरेको यो नीति पछिल्लो चरणमा धेरै नै महत्त्व दिइएको छ। भारतको त्यही नीतिलाई सघाउ हुने गरेर नेपालका नदीहरूलाई पश्चिम धकेल्ने प्रयासमा नदी डाईभर्सनको नीतिले प्राथमिकता पाएको पनि छ। यो विषयमा दलीय विभेद पनि छैन। भारतको यो कार्यमा विश्व वैंक तथा डिएफआईडी संलग्न भएकोले नेपाल पनि प्रभावित हुनु स्वभाविक हो। त्यसै अन्तर्गत नेपाल सरकारले काली तिनाउ बहुउद्देश्य परियोजनाको विस्तृत परियोजना अवधारणामा कार्य गर्न आ.व. २०७१।७२ देखि नै सुरु गरेको थियो। माथि उल्लेखित महत्त्व नगाँसिएको भएमा र रूपन्देही तथा कपिलवस्तुको सिंचाइ व्यवस्थापन गर्न अन्य विकल्प नभएको खण्डमा सरकारको यो अवधारणा एकदम ठिक हुन्थ्यो होला। तर यहाँ त शालिग्रामसँग गासिएको चुनौती र अवसर पनि विश्लेषण गर्न आवश्यक हुन्छ। यस अर्थमा सरकारले श्रीकृष्णागण्डकीको अध्यात्मिक महत्त्व बुझ्न सकेको छैन भन्ने एकिन हुन्छ। उक्त नीतिको गण्डकी प्रदेश सरकारले जमेर विरोध गरेको हुँदा र पाँच नम्बर प्रदेशले खुलेर माग नगरेको हुदा संघीय सरकारले चाहँदैमा श्रीकृष्णागण्डकीको पन्थान्तरण हुने सम्भावना भने कम नै रहन्छ । प्रस्तावित परियोजनाको डिपिआरमा वातावरण प्रभाव अध्ययन पनि समावेश गरेर गण्डकी वेंसीका स्थानीयसरकार तथा जनताबिच पनि जान्छ नै होला। त्यस्तो अध्ययनको क्रममा प्रभावित क्षेत्रका जनतासँग बुझ्न आएमा आफ्ना विचारहरू राख्न गण्डकी बेसीका जनता तथा स्थानीय सरकार सबैले गृहकार्य गरेर बसिसकेका छन्। यो परियोजनामा खस्यौली बजारको केहीभाग स्थानान्तरणको संम्भावना पनि देखिएको छ। यो परियोजना कार्यान्वयन भएमा रूपन्देही तथा कपिलवस्तुको सिमावर्ती क्षेत्रमा भारत सरकारले राजमार्गको बहानामा बनाएको बाँधले हुने डुबान समस्यालाई अझै बढाउन सक्छ। रामपुर वेंसीको पर्यावरणमा पर्ने नकारात्मक

असरमा हाल पानी भएका ससाना जरुवाहरू भूमिगत जलप्रवाहको अभावमा सुकेर खानेपानीको हाहाकार हुन सक्छ । उपल्लो तटीय जनताको सहमति नहुँदा अन्तर वेंसी नदी संजाल बनाउन कुनै कानुनले पनि मार्ग प्रदान गर्दैन । त्यसमाथि रामपुर उपत्यकाको पर्यावरणमा प्रतिकुल असर नपारीकन कृष्णागण्डकीको पानीले मधेसको खेतीयोग्य भूमि सिचाई गर्ने विकल्प उपलब्ध हुदा रामदीबाटै मार्ग परिवर्तन गर्न जरुरी छैन । देवघाटदेखि हर्कपुरसम्म जुनसुकै ठाउँमा बाँध हालेर कपिलवस्तुसम्म पानी वगाउन सकिन्छ । उर्जा उत्पादनको उद्देश्यले पनि रामपुरवेंसीमै सम्भावना भएकोले मार्ग परिवर्तनको आवश्यकता देखिँदैन । त्यसैले नदीको मार्ग परिवर्तन गर्ने विस्तृत परियोजना प्रतिवेदनले माथि उल्लेख गरीएको सवै तर्कलाई सम्वोधन गर्न नितान्त आवश्यक छ । गण्डकी वेंसीका जनता पनि आफ्नो अधिकार रक्षाको निमित्त सरकार, राजनैतिक दल तथा स्थानीय अगुवासँग समेत सतर्क भएर प्रस्तावित परियोजनाको योजनाकालमा नै आफ्नो प्रतिकृया विभिन्न माध्यमले प्रस्तुत गर्न त्पर हुन आवश्यक छ । रूपन्देहीका जनताले पनि त्कालको सिचाइभन्दा कुलधर्मको ख्याल राख्दै श्रीकृष्णागण्डकीको चरणामृतको अवमूल्यन हुने परियोजनाको विकल्प खोज्न त्पर हुन्छन् भन्ने विश्वास गरीएको छ । आखिर मध्यमधेस झरेका मध्ये धेरै कृष्णागण्डकी प्रस्रवण कै जनता हुन् र भोलीको दिनमा उनिहरूको पार्थिव शरीर दाहसंस्कार गर्ने पवित्रघाट कृष्णागण्डकीकै हो भने शालिग्राम र कृष्णागण्डकीको वियोग हुने गरेर डाईभर्सन गर्न उनिहरूले पनि समर्थन दिँदैनन् ।

जनताको यस्तै यस्तै प्रतिक्रिया सार्वजनिक भएको अवस्थामा यस वर्षको नीति तथा कार्यक्रममार्फत सरकारले त्रिवेणी देखी रामदीसम्म जलयातायातको सम्भाव्यता अध्ययन गर्नको निमित्त बजेट विनियोजन गरेको छ । यस मानेमा जलयातायातको प्रतिवेदन तयार नभइन्जेल कृष्णागण्डकीको पन्थान्तरणको अवधारणा कार्यान्वयन नहोला । यी दुई विकल्पको अलावा सरकारले कालीगण्डकी करिडोरको नाममा उपल्लो मुस्ताङ्गसम्म जाने सांस्कृतिक सडकको प्रारम्भिक कार्य लगभग सम्पन्न गरीसकेको छ । गण्डकी प्रदेशले पनि पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शालिग्राम करिडोरको परिकल्पना अनुसार देवघाट देखी दामोदरकुण्ड जोडने सडकमा काम गर्दैछ । यी दुवै सडक सञ्जाल पूरा हुदा कृष्णागण्डकी परिक्रमा गर्ने कार्यक्रम निजिक्षेत्रले नै संचालन गर्नेछन् । त्यसमाथि जलयातायातको निमित्त जलप्रवाह सन्तुलन गर्न ठाउँठाउँमा जलाशयको विकास गर्न आवश्यक हुन सक्छ । यस्तो जलाशय विद्युत, पर्यटन, मत्स्यपालनजस्ता उद्देश्यमा पनि उत्पादक हुन सक्छन् । त्यो भन्दा पनि बढी त्यस्तो जलाशयलाई मध्य तराईको अलावा उत्तरप्रदेशको खानेपानीको आपूर्ति व्यवस्था मिलाउन जलनिर्यातको उद्देश्यले प्रयोग गर्ने सम्भावना पनि हुने भएकोले अन्तिममा जलाशय विकास गर्ने विकल्पले प्राथमिकता पाउन सक्छ । किनभने बढ्दो वायुमण्डलीय तापक्रमले हिमालयको अस्त्विमा जोखिम आयो भने वैकल्पिक क्षीरसागरको काम त्यस्तै जलाशयले गर्ने हो ।

श्रीकृष्णागण्डकीको उत्पादकत्व जलयातायात, जलाशय र पिउनेजल निर्यातमा

मात्र सिमित हुँदा आधारतहका जनतालाई प्रत्यक्ष आर्थिक लाभ हुन्छ भन्न सकिदैन । जनताले प्रतक्ष आर्थिकलाभको अनुभूति नगरेको नदीलाई आस्थाकै कारणले मात्र बचाउन सकिँदैन । त्यसैले आस्थालाई आधारतहका जनताको आयआर्जनको माध्यम पनि बनाउन थप कार्यनीतिको आवश्यक हुन्छ ।

## कृष्णागण्डकीको उत्पादकत्व वृद्धि गर्न प्रस्तावित थप कार्यनीति

### १. शालिग्रामको प्राकृतिक सङ्ग्रहालय

उत्तरायण श्रीकृष्णागण्डकी हिमालको टेक्टोनिक उठान पश्चात् दक्षिणायन हुन पुग्दा शालिग्राम बोकेर हिडेको साविकको बाटोमा रहेका शालिग्रामलाई प्राकृतिक अवस्थामा संरक्षण गरेर हराएको तेथिससागर, हिमालयको उठान, नदीको प्रवाह परिवर्तन विषयक प्राकृतिक सँग्रहालय बनाउन सकिन्छ । यो लक्ष्यमा माडीको शालिग्रामसहित साविकको देवह्रदका भौतिक प्रमाणहरू प्राकृतिक रूपमा प्रस्तुत गरेर विश्वस्तरीय पर्यटकीय आकर्षणको पूर्वाधार विकास गर्न आवश्यक हुन्छ । यो प्रयोजनको निमित्त शालिग्राम नै केन्द्रमा हुने भएकोले एमोनाईट जीवाशेषलाई आधार बनाएर भए गरेका अनुसन्धान कृतिहरू संकलन गरी नेपाली र अंग्रेजी भाषामा पुनः प्रकाशन गर्दा प्रदर्शनीलाई थप सहयोग पुग्न सक्छ । ती अनुसन्धान कृतिलाई आधार बनाई पर्यटक गाईडलाई तालिम दिनका साथै प्रदर्शनीको क्रममा सम्प्रेषण गरिने सूचनामा एकरूपता कायम राख्न आवश्यक हुन्छ ।

### २. जलवायु परिवर्तन तथा अनुकुलन प्रदर्शनी

जलवायु परिवर्तन तथा अनुकुलनको विषय विश्वव्यापी चासोको विषय हो । तर यो समस्या हो वा अवसर भनेर व्याख्या गर्ने तरिका आआफ्नै किसिमका छन् । विज्ञान विषयमा उच्चशिक्षा प्राप्त गरेको विद्यार्थीले समेत बुझ्न र अभिव्यक्त गर्न कठिन विषयलाई अशिक्षित भनिएका परम्परावादी नेपालीले यो विषयलाई संस्कृतिको अङ्ग बनाउन कसरी पुगेका थिए ? यस्तो कठिन विषय त्यतिबेलाको समाजमा ज्ञानभन्दा कर्म लक्षित भएर सम्प्रेषण गर्ने धर्मशास्त्रको भूमिका कस्तो थियो ? क्योटो सम्मेलन भन्दा धेरै अगाडि नेपाली समाजले संस्कृतिको अङ्ग बनाएको नेपाली मौलिक प्रदर्शनी जलवायु परिवर्तन तथा अनुकुलनका विद्यार्थीलाई शैक्षिक अवलोकनको निमित्त महत्त्वपूर्ण गन्तव्य हुन्छ । त्यसमाथि जलवायु परिवर्तनका संकेत नजिकबाट नियाल्न हिमालय क्षेत्र नै उपयुक्त हुने भएकोले रामपुर तथा कुशुमपुरा उपत्यकाका तहराहरूलाई समेत समेटेर प्रदर्शनीस्थल विकास गरी प्रयोगात्मक अभ्याससमेत गराउन सकिन्छ । यस्तो प्रयोगात्मक अभ्यासमा विश्वव्यापी सहभागीतालाई प्रोत्साहन गर्न सकिन्छ ।

### ३. जैविक विविधता प्रदर्शन

शालिग्राममा समाहित जीवाशेष देखी वर्षाको विविधता, भिरालोस्तर, माटोको प्रकृति एवं वायुप्रवाहमा विविधताको कारणले गर्दा कृष्णागण्डकी प्रस्रवण जैविक विविधताको प्राकृतिक प्रदर्शनी गर्न सकिने सम्भाव्य क्षेत्र हो । नेपालको सबैभन्दा धेरै पानी पर्ने लुम्ले र कम पानी पर्ने छुसेर यसै प्रस्रवणमा पर्ने भएकोले यो भन्दा अनुकुल क्षेत्र नेपालमा अन्त हुन सक्दैन । जैविक विविधतालाई खाद्यसंस्कृतिसँग जोडने याहाको विशिष्ट परम्परा पर्यटकीय तथा शैक्षिक आकर्षणको विषय बनाउन सकिन्छ । उचाई र प्राकृतिक दृष्यको कारणले यो प्रदर्शनी विश्वस्तरीय हुनसक्छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले हालसम्म गरेको कार्यानुभवलाई

अध्यावधिक गर्दा मात्र पनि यो कार्य सम्पन्न गर्न सकिन्छ । जैविक विविधताको दिगो उपयोग गर्ने परम्परागत ज्ञानलाई पनि परिष्कृत गर्न यो कार्यक्रमले सघाउन सक्छ । यसलाई जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धि प्रकाशनमा समायोजन गरेर नयाँपुस्तामा विस्तार गर्नको साथै जैविक विविधता सम्बन्धि विज्ञता भएका पथप्रदर्शकलाई तालिम दिन पनि उपयोग गर्न सकिन्छ। देवघाट गाउँपालिकाको कदमपानी, रामपुर नगरपालिकाको सिताकुण्ड जस्ता ठाउँसँग गाँसिएका किंवदन्तीहरू कृषि जैविक विविधताको क्षेत्रमा अनुसन्धानरत विद्यार्थीको निमित्त अत्यन्त महत्त्वपूर्ण हुनसक्छ ।

**४. प्राकृतिक उपचार करिडोर**

पछिल्ला दिनहरूमा वैकल्पिक उपचारप्रति जनताको चासो विश्वस्तरमा नै बढेको थियो । कोभिड १९ ले त यसलाई चुचुरोमा स्थापित गरेको छ । नेपालको हावापानी, यहाँ पाइने अन्नमा हुने औषधिको गुण र परम्परागत खाद्य संस्कृतिलाई समेटेर प्राकृतिक उपचार पद्धत्तिमा समायोजन गर्ने हो भने प्राकृतिक चिकित्साको उत्कृष्ट गन्तव्य नेपाल हुनसक्छ । यो सम्भावनालाई कृष्णागण्डकी प्रस्रवणमा परीक्षण गरेर सफल भएमा अन्य प्रस्रवणमा पनि विस्तार गर्न सकिन्छ ।

**५. समन्वयात्मक अध्यात्म**

ऋषि देवदत्त, अप्सरा प्रलोम्चा र रुरुकन्याको लीलाकथाले हरिहरात्मक हुन पुगेको यो प्रस्रवणलाई आलमदेवी र मुक्तिनाथलाई उदाहरण दिएर समन्वयात्मक अध्यात्मको नमुना प्रदर्शन गर्न सकिन्छ । जलसंस्कृतिका बोटे, माझी, कुमाल तथा दरैको अलावा रामपुरको मुस्लिम र हिन्दूको समन्वय प्रदर्शन गर्न सकिन्छ । थकाली समुदायमा अनुभव गर्न सकिने बोन र हिन्दुको समन्वयात्मक संस्कृति पनि विशिष्ट प्रकृतिको छ । अन्य जनजाती तथा राज्यरजौटाको समन्वय प्रदर्शन गर्न यो प्रस्रवण अत्यन्त उर्वरक छ ।

**६. कृषिऋषि पराशर, वेदव्यास कृष्णद्वैपायन तथा ऋष्यशृङ्गको आधारथलो**

गुल्मीको रेसुङ्गा तथा शृङ्गा र तनहुँ ऋषिङ्गको पहिचान वायुमण्डलीय पानीको ज्ञाता ऋष्यशृङ्गसँग गासिएको छ । यसको अलावा, ऋषिवशिष्ठसँग सम्बन्धित स्थानहरू पनि यो जलाधारमा धेरै छन् । भगवान श्रीराम र भगवती सीतासँग गाँसिएका तीर्थस्थलहरू पनि धेरै छन् । यो माडी नगरपालिका अन्तरगतका तीर्थस्थलहरूमा प्राप्त पुरातात्त्विक महत्त्वका सामाग्रीहरूलाई समेत यसै प्रस्रवण अन्तर्गत राखेर यथास्थानमा संरक्षण गरी प्रदर्शनको व्यवस्था मिलाउन अत्यन्त संम्भावना भएको क्षेत्र हो । कृष्णद्वैपायन वेदव्यास र कृषिपारशरका रचयिता ऋषि पराशरको सम्बन्ध पनि यो प्रस्रवणसँग भएको धेरै भौतिक प्रमाणहरू यद्यपि मौजुद छन् । योगीनरहरिनाथःकुटी वागीश्वरीधाममा रहेको शिलालेखमा उल्लेखित ऋषिकृषि उक्तिलाई प्राङ्गारिक कृषिमा पृथक तरिकाले उपयोग गर्न सकिन्छ । यो विधाले नेपालको मौलिक पहिचान विश्वसमक्ष विस्तार गर्न मद्दत गर्छ । देवचुली तीनकन्या तथा ऋषिङ्ग अजम्बरी कुवासँग सम्बन्धित किंवदन्तीहरू पनि यो प्रयोजनमा उपयोग गर्न सकिन्छ ।

**७. कल्पवासी गाउँ तथा मुस्ताङ्गका गुफाहरू**

देवघाटदेखि गलेश्वरसम्म वैष्णव तथा शैव सम्प्रदायको कल्पबासी गाउँ प्रशस्त छन् । मुस्ताङ्गको टुकुचेदेखि माथि कल्पबासी तथा चौरी गोठालाका गुफाहरू प्रशस्त छन् । तिनीहरूलाई प्रदर्शन गरेर

र् र् स्थानमा अहिलेको समयमा सशुल्क कल्पबास बस्न मिल्ले गाउँ विकास गर्न सकिन्छ । विशेष गरेर पुलहाश्रमक्षेत्रको नाममा भारतीय पर्यटकलाई गायत्री पुनश्चरणजस्ता कर्म गर्ने स्थान उपलब्ध गराउन सकिन्छ । यहाँनेर स्वामीनारायणको पदचिन्ह पच्छ्याउँदै वर्तमान भारतीय प्रधानमन्त्रीले पनि केही समय दामोदरकुण्डमा साधना गर्नुभएको प्रसङ्गले पनि यो क्षेत्रमा तन्त्र, मन्त्र तथा यन्त्रको साधना गर्न अत्यन्त उर्वरक रहेको संकेत गर्दछ ।

**सन्दर्भसामग्रीहरू:**


कल्याण, सन् २०००. संक्षिप्त गरुडपुराणाङ्क, गोरखपुरः गीताप्रेस

कल्याण, सन् २०१२. श्रीलिङ्गमहापुराणाङ्क, गोरखपुरः गीताप्रेस

कल्याण, सन् २०१०. श्रीमद्देवीभागवत महापुराण, गोरखपुरः गीताप्रेस

गुरुङ्ग, जगमान, २०६१. नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्षमा गण्डकी प्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन, कृतिपुरः सिनास

ढुङ्गेल, सूर्यप्रसाद, २०७२. सूर्य पञ्चाङ्गः वि.स. २०७३, काठमाडौँः सूर्य पञ्चाङ्ग कार्यालय

ब्रह्मवैवर्तपुराण, २०६९. संक्षिप्त हिन्दी तेह्रवा पुनमुद्रण, गोरखपुरः गीताप्रेस

योगी, नरहरिनाथः र अन्य २०१३. हिमवत्खण्ड, काशीः गोरक्षटिला

रेग्मी, हेमराज, (सम्पादन)२०७२. सत्संकल्प-दर्पणः सरल श्राद्ध विधि, पोखराः रेग्मी कुलायन समिति

वाराहपुराण, सन् २०१०. संक्षिप्त हिन्दी सातौ पुनमुद्रण, गोरखपुरः गीताप्रेस

संक्षिप्त पद्मपुराण, सन् २०१२. हिन्दी, चौविसवा पुनमुद्रण, गोरखपुरः गीताप्रेस

श्रीमद्भागवतमहापुराण, सन् १९९७. गोरखपुरः गीताप्रेस

BBC, 1984. The Living Planet, bbc two: www.bbc.co.uk. retrived 21st July 2020

Garzione, C.N., Quade, J., DeCelles, P.G. and English N.B. (2000). Predicting paleoelevation of Tibet and the Himalaya from $\delta^{18}O$ vs. altitude gradients in meteoric water across the Nepal Himalaya. *Earth and Planetary Science Letters* Vol.183 (2000) pp.215-229 : Elsevier. com


Gradstein, F.M., Gibling, M.R., Jansa, L.F., Kaminiski, M.A., Ogg, J.G., Sarti, M., ... Wastermann G.E.G et al (1989). *Mesozoic Stratigraphy of Thakkhola, Central Nepal (Lost Ocean Expedition)*, Canada: Centre for Marine Geology, Dalhousie University.

Sun, Y., Joachimski, M., Wignall, P.B., Yan, C.,Chen, Y.,Jiang, H., et al (2012) Lethally hot temperatures during the early Triassic greenhouse. *Science*, 338 (366)2012: American Association for the Advancement of Science.


आँधी हुरीको पछि शान्त घाम
धोई पखाली मद मोह काम
बस्छन् यहाँ कैयन कल्पवास
फैलाउँदै जीवनको सुवास

- युगकवि सिद्धिचरण श्रेष्ठ

# कालीगण्डकी महिमा



**नलराज शास्त्री**
देवघाट-५, तनहूँ

**प्रयागे शतधास्नात्वा कुरुक्षेत्रे च नैमिषे**
**कृष्णाभायां सकृत्स्नात्वा फलं तुल्यं लभेन्नरः ॥**

हि.ख.५५/७६

(तीर्थराज प्रयाग कुरुक्षेत्र, नैमिषारण्य आदि तीर्थमा सयपटक गरिएको स्नानादि कर्मबाट जुन फल प्राप्त हुन्छ त्यही फल सप्तगण्डकी सङ्गममा परिणत भएकी कालीगण्डकीमा अर्थात् देवघाटधाममा विधिपूर्वक एक पटक स्नान गर्नाले प्राप्त हुन्छ)।

कालीगण्डकीको नाम लिँदामात्र पनि सश्रद्ध सबै भक्तजनको शिर निहुरिन्छ। भक्तिपूर्वक कालीगण्डकीको दर्शन स्पर्शन र भजन, एवं स्नान गरेर सर्वपापमुक्त हुने इच्छा जागेर आउँदछ, जागेर आउनुपर्दछ।

सर्वप्रथम तीन शक्तिका रूपमा रहेको ब्राह्मी, वैष्णवी र शांभवी गण्डकीको स्रोत पहिल्याउन सोमेश, मुक्ति र द्विकूट पर्वतसम्म पुग्न पर्दछ।

१) पद्मपुराण उ. ख. ८० अनुसार- सोमेश पर्वत यही पर्वत क्षेत्रबाट ब्राह्मी गण्डकी प्रादुर्भाव भएर मुक्ति पर्वतबाट उत्पन्न भएकी वैष्णवी गण्डकी र द्विकूट पर्वतबाट उत्पन्न भएकी कालीगण्डकीलाई आत्मसात् गर्दै देवह्रदका रूपमा शाम्भवी, त्रिशूली, देवनदीसँग देवघाटधाम सम्मिलित भएर देवह्रदमा परिणत भएकी छन्।

२) मुक्ति पर्वत :- यही पर्वतबाट उत्पन्न भएकी वैष्णवी गण्डकीले ब्राह्मी गण्डकी र कालीगण्डकीलाई आत्मसात गर्दै देवनदीका रूपमा शाम्भवी त्रिशूली देवनदीमा सम्मिलित भएर देवदहमा परिणत भएकी छन्।

३) द्विकूट पर्वत स्कन्दपुराणअनुसार :- यही पर्वतबाट उत्पन्न भएकी शालिग्रामवाहिनी कालीगण्डकीका रूपमा देवघाटधाम आफूभन्दा जेठी त्रिशूलीलगायत छ वहिनीसँग सहर्ष सम्मिलित भएपछि मात्र देवदुर्लभ सप्तगण्डकी सङ्गम सम्भव भएको छ। यसैलाई देवह्रदमा परिणत भएको मानिएको छ।

**गण्डकी सप्तकं तीर्थं देवानामपि दुर्लभम् ॥**

स्कन्दपुराण हि. ४४

(सप्तगण्डकीको एकत्रित पवित्र सङ्गम तीर्थ देवताहरूका लागि पनि दुलर्भ मानिन्छ।)

**अन्तर्कथा यस्तो छ :-**

**स्कन्द. हि. ख. अनुसार - अति सङ्क्षिप्तरूपमा -**

१) **नीलकण्ठ पर्वतपूर्वका सप्तकौशिकी नदी** (सप्तकोसी) को जन्म पछि गौरी आफूले व्रत सम्पन्न गरेको स्थानमा फर्किइन् र त्यहाँ केही समय आराम गरेपछि पश्चिमतर्फका विभिन्न हिमशिखरमा तपस्यारत अत्रि, मरीचि आदि ॠषिहरूको दर्शन पूजन गर्न अगाडि बढिन्।

२) धर्मधारा निलकूट (नीलकण्ठ) पर्वत (लामटाङ्ग हिमाल) मा रहेर अत्रिऋषिले महादेवको पूजनपूर्वक तपस्या गरिरहेका थिए । गौरीले त्यहाँ पुगेर दर्शन पूजन गर्ने क्रममा गौरीका बायाँ पाऊबाट अतिपवित्र पसिना खसेर एक कुण्ड बन्यो । अर्का त्यहाँ तपस्या गरिरहेका बयोवृद्ध ऋषिले देखे । देखेपछि अति वृद्ध भए पनि सकीनसकी कुण्डमा गएर श्रद्धाभक्तिपूर्वक सर्वप्रथम स्नान गरे । कुण्डबाट स्नान गरेर निस्कँदा २५ बर्षको बलवान् युवकका रूपका आफूलाई पाए । पूर्वजन्म स्मृति पनि तिनीलाई भयो । साह्रै खुसी भएर त्यस जलकुण्डको भक्तिपूर्वक पूजा गरी विभिन्न प्रकारले स्तुति गरे । त्यस जलकुण्डबाट स्वयं जलदेवी प्रसन्न मुद्रामा प्रकट भएर अत्रिमुनि ऋषिका इच्छानुसार विभिन्न वर दिइन् र अन्तमा मुक्त हुने वर दिँदै अगाडि भनिन् -

**यत्र यत्र च मत्स्वेदविन्दुः पतिष्यति द्विज**
**तत्र तत्र नदी मूर्तिर्धारा सत्वरगामिनी ॥**
**सप्तधारा भविष्यन्ति ता मे जानीहि मूर्तिकाः ॥**

(स्कन्दपुराण हि.ख.४४/३२)

हे ब्राह्मण ! मेरा विभिन्न अङ्गबाट निस्केका पसिनाका थोपा जहाँ जहाँ खस्नेछन् त्यहाँ त्यहाँ छिटो छिटो हिडने नदीका सात मूर्तिधारा प्रकट हुनेछन् । तिनीलाई मेरै (जलदेवीकै) मूर्ति जान ।

**तास्ते नाम्ना भविष्यन्ति प्राकस्नानात्ते मुने सदा**
**गण्डेनादौं हि.संस्नातं गण्डकीति ततो भवेत्**
**लोकाश्च सप्तगण्डक्योः वदिष्यन्तीति सन्ततम्**/३३

हे मुनि ! ती नदीहरूमा सर्वप्रथम तिमी (गण्डक् ऋषि) ले स्नान गरेको हुनाले ती नदीहरू तिम्रै नामले प्रसिद्ध हुनेछन् अर्थात् लोकले गण्डकी, सप्तगण्डकी भन्नेछन् ।

**प्रस्थानं कुरुते स्नातुमेकचित्तो गृहादिह**
**पदे पदेऽश्वमेधस्य फलं विन्देत्समल्पवात् ॥** ३४

जुन व्यक्ति भक्तिपूर्वक सप्तगण्डकी सङ्गममा स्नान गर्न भनेर घरबाट हिँड्दछ त्यो व्यक्ति लाखौं खर्च गरेर सम्पन्न हुने अश्वमेघ यज्ञको फल प्रतिपाइला पाउला/पाउनेछ ।

अन्तमा जलदेवीले भनिन् -

**ततश्च धर्मधाराया नामधेयञ्च सन्तन्तिम्**
**लोका त्रिशूलगङ्गेति वदिस्यन्ति समादरामत् ॥**

स्कन्दपुराण हि.ख. ४४/६०

त्यसपछि लोकले धर्मधारा गण्डकीलाई भगवान् शङ्करका त्रिशूलको प्रहारले पुनः नीलाचल पर्वतबाट प्रकट भएकी हुनाले आदरपूर्वक त्रिशूली गङ्गा पनि भनी सम्बोधन गर्नेछन् ।

समुद्रमन्थन भएपछि समुद्रमन्थनबाट निःसृत विष जब शङ्कर भगवान्ले पिउनुभयो त्यही विषज्वाला शान्त गर्न धर्मधारा गण्डकीलाई सम्झँदै नीलकण्ठ पर्वतमा त्रिशूल रोप्नु भयो । त्यसै त्रिशूलद्वारा परेको तीन प्वालबाट पुनः धर्मधारा प्रकट भई गोसाइँकुण्डमा परिणत भइन् । त्यही कुण्डमा भगवान् शङ्कर सदा विराजमान हुनुहुन्छ । सबभन्दा जेठी धर्मधारा गण्डकीकै गुणगान, गोसाईकुण्डले सधैं गरिरहेका छन् । यही कारणले धर्मधाराको नाम त्रिशूली गङ्गा पनि हुन गयो ।

२) यसै गरी तादी गण्डकीः- नुवाकोट जिल्लाको सदरमुकाम वेणीघाटनिर त्रिशूलीमा मिलेर देवीघाट नामबाट प्रसिद्धि प्राप्त गरेकी छन् । तादी गण्डकीको प्रादुर्भाव नीलकण्ठ पर्वतभन्दा

चारकोश पश्चिम रौप्यश्रृङ्ग (लार्के हिमाल) जहाँ मरीचि ऋषिले भगवान् शङ्करको ध्यान गरिरहेका थिए। त्यहाँ गौरी पुग्दा गौरीका चिउँडाबाट पसिना खसी तरङ्गयुक्त नदीमा परिणत भएका थिए।

३) बुढीगण्डकी: महाकुटपर्वत (लार्के हिमाल र ग्याला भञ्याङ्ग क्षेत्रअन्तर्गत) मा पुलस्त्यऋषिले तपस्या गरिरहेको स्थानमा गौरीका बायाँ ओठबाट पसिना खसी विश्वधारा गण्डकी बगिन्। यिनी पहेँली वर्णकी थिइन्। धादिङ्ग जिल्लाको बेणीघाटमा त्रिशूलीमा मिलेकी छन्। यिनीलाई विश्वधारा भनिन्छ।

४) सेतीगण्डकी: (शीतप्रभा) मणिकुट (माछापुच्छ्रे) जहाँ पुलह ऋषिले तपस्या गरिरहेका थिए त्यहाँ गौरीका गालाबाट निस्केका पसिनाबाट वेगवती शीतप्रभा नदी बगिन् र पोखरा उपत्यका हुँदै गाईघाटमा त्रिशूली नदीमा मिलिन्।

५) मादी गण्डकी (रत्नधारा) अन्नपूर्ण पर्वत जहाँ क्रतु नामका ऋषिले तपस्या गरिरहेका थिए। त्यहाँ गौरी पुग्दा अलकावलीबाट पसिना बगेर नाना वर्णकी पवित्र नदी रत्नधारा बगिन्। तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा आई सेती नदीमा मिसिएर गाईघाटमा त्रिशूली नदीमा मिलेकी छन्। यिनै नदीको बिचको द्वीपमा व्यास जन्मेका हुनाले निजको नाम द्वैयापन हुनगयो, पछि अपभ्रंशित नाम हो दमौली।

६) मर्स्याङ्दी गण्डकी (सुवर्णाभा) : अन्नपूर्ण हिमालबाट आठकोष पर दक्षिणदिशामा एक श्रृङ्गपर्वत पर्दछ। जहाँ भृगु ऋषिले तपस्या गरेका थिए। त्यहाँ पुग्दा गौरीका निधारबाट पसिना खसी पहेँलो वर्णकी नदी बगिन् र मुग्लीनघाटमा त्रिशूलीमा मिलिन्।

७) कालीण्डकी (कृष्णाभा) एक श्रृङ्ग पर्वतबाट अङ्गिरा ऋषिले तपस्या गरिरहेका द्विकूट पर्वतमा पुग्दा गौरी देवीका नेत्रप्रान्तबाट निस्केका श्रमविन्दुद्वारा नीलो वर्णकी नदीको जन्म भयो। जसलाई कृष्णा नीलाभा र लोकमा कालीगण्डकी भनिन्छ। सर्वप्रथम देवीका आँखाका कोषबाट सफा पसिनाको थोपा खस्यो र नीलो कान्ति भएकी नदी भएर अग्लो द्विकुट पर्वतको टापुबाट झर्‍यो। यसको बगाइमा कागतमा गाजल पोखिए जस्तो कागजको सेतो पृष्ठभूमिमा मसिको धाराजस्तो देखियो।

**तत्रापतदपांगा च धर्मविन्दुः सुनिर्मलः**
**नदीभूत च नीलाभा बहाव तुङ्गशेखरात्**
**भिन्नाम्जनीनिभां पत्रे मसीधारामिवार्जुने**

स्कन्द. हि. ख. ४४/६५

धर्मधारा त्रिशूली नदीदेखि लिएर अन्तिम कृष्णाभा कालीगण्डकीसम्मका सातै गण्डकी कुण्डमा स्नानादि कर्म गरेर गण्डक ऋषि कृतकृत्य भए।

अन्तिम स्नानपछि पुनः जलदेवी प्रकट भएर भनिन्- हे गण्डर्षि ! तपाइँले मेरा सातै गण्डकी जलधारामा स्नान गर्नुभयो। तपाइँको ठूलो भाग्य रहेछ। ठूलो यश भएर अन्तमा परमधाम प्राप्त गर्नुहुने छ।

अन्तमा सातै गण्डकीका नाम र तिनीका अधिष्ठात्री देवी को को हुन् त्यो पनि बताइन् र स्वयं विलिन भइन्।

**सप्तधाराका नाम**

**धर्मधारा, यशोधारा, विश्वधारा शितप्रभा**
**रत्नधारा, सुवर्णाभा कृष्णाभाख्या च सप्तका॥**

हि.ख. ४३।१७०

**अधिष्ठात्री देवीका नाम**

**माहेश्वरी ततो ब्राह्मी, नारसिंही च वैष्णवी**
**कौमारी कालिका गङ्गा गण्डक्यः क्रमशो मम ॥**

१) धर्मधाराकी अधिष्ठात्री देवी क्रमशः माहेश्वरी त्रिशूली र यशोधारा -(तादीकी ब्राह्मी) विश्वधारा(बुढी गण्डकी) की नारसिंही, शीतप्रभा (सेती गण्डकी, वैष्णवी) र रत्नधारा (मादी) की कौमारी सुवर्णाभा (मर्स्याङ्दी) कृष्णाभा (कालीगण्डकी) अधिष्ठात्री देवी स्वयं भगवती गङ्गा मानिन्छिन् ।

यसरी त्रिशूली गण्डकीका साथ अन्य तादी आदि पाँच गण्डकीसमेत संलग्न छन् । गण्डकीकी सबैभन्दा कान्छी बहिनी कालीगण्डकी जसकी अधिष्ठात्री देवी स्वयं गङ्गा भगवती हुन् । निजसँग देवघाटधाममा मिलन भएको छ। सहोदरा सहजाता सप्तगण्डकी बहिनीहरूको जन्म एवं मिलनगाथाले शोभा पाएको छ । अतः यिनका बहावमा आपसी सुमधुर सम्बन्ध छ । छ बहिनी नै प्रमुख रूपमा देवघाटसंम्म आइपुगेका छन् ।

हिमवत्खण्डअनुसार- स्वायंभुवमन्वन्तरमा देवघाटमासप्तगण्डीकोमिलनभएपछिसप्तगण्डकीको नामबाट नै कालीगण्डकी भएको छ । देवघाटबाट कालीगण्डकीको नामबाट बहाव अगाडि बढेको छ। कुनै पनि एक वा अनेक नदीहरू तीभन्दा श्रेष्ठ नदीसँग मिलन भएपछि अन्यको अस्तित्व नगण्य बराबर हुन्छ । यहाँ पनि यस्तै भएको छ । यद्यपि सातै बहिनीमध्ये कुनै कम महत्त्वका छैनन् । सबै भगवती गौरीकै कोखबाट जन्म प्राप्त गरेका छन्। सबैप्रति भगवतीको समान माया ममता छ। स्वयं गौरीबाट जलदेवीका रूपमा आज्ञा भएको छ -

**ता मे जानीहि मूर्तयः ।** हि.ख.४७/३३

(सप्तगण्डकीलाई मेरै मूर्ति जान) तरपनि यो विषमता किन ?

शिवपुराण कुमारखण्ड ४८/५० अनुसार भगवान् शिव र जालन्धरको घनघोरयुद्ध भयो, तर पनि जालन्धरकी पत्नी बृन्दाको सतीत्व नष्ट नभएसम्म त्यसको मृत्यु असंभव देखियो । स्वयं भगवती पार्वतीको सहमतिअनुसार भगवान् विष्णुबाट निजकी पत्नी बृन्दाको सतीत्व नष्ट भएको छ। त्यसपछि परस्त्रीको सतीत्त्व नष्ट गरेका हुनाले तिमीलाई स्थावर हुन परोस् भनेर बृन्दाले विष्णुलाई सराप दिइन् ।

**तस्माच्च स्थावरो भूयाः परदाराभिमर्दनात् ॥**

हि.ख. ५५/९

बृन्दाबाट श्राप पाएपछि भगवान् विष्णुले केहीबेर सोच्नुभयो । त्यही पवित्र कालीगण्डकीमा स्नान गर्नुभयो र त्यही जलमा लोकहितका लागि शालग्राम रूपमा अवतार लिने इच्छा व्यक्त गर्नुभयो ।

भगवती कालीगण्डकीमा भगवान्का मत्स्य कूर्म आदि जति अवतार छन् सबै चक्राङ्कित भएर रहन लागे। यसरी विष्णुद्वारा सपरिवार कालीगण्डकी नित्य सेवा गरिएकी हुनाले अरू गण्डकी नदीभन्दा यिनीको श्रेष्ठता कायम हुन गयो ।

**(तस्मादेव नदी श्रेष्ठा कृष्णाभा सा घटोद्भव)**
**परिवारैः समं स्वांशैविष्णुना नित्यसेविता ॥**

हि.ख. ५५९७

कालीगण्डकीको अधिष्ठाता भगवान् शङ्करलाई मानिन्छ। यिनै आफू परम ईष्टदेव भगवान् शङ्करको चिन्तन एवं सेवा गर्दै सपरिवार शालग्रामका

रूपमा विष्णुदेवको राज भएको कालीगण्डकीमा विष्णु भगवान्का कुनै अवतार छैनन् । जुन कालीगण्डकी नदीमा शालग्रामका रूपमा नरहेका हुन् । यसरी शालग्राम र कालीगण्डकीको साहचर्य छ ।

वास्तवमा विष्णुतत्त्व सर्वदेवमय सर्वलोकमय छ। एउटा सानो शालग्राम शिलाअन्तर्गत सारा चराचर जगतसहित तीनै लोक अटेको हुन्छ ।

**शालग्राम शिलायां तु त्रैलोक्यं सचराचरम्** ।

पद्म पु.उ उ.ख. १२०/७६

जसरी एक शालग्राममा सबै तत्त्व साथ विष्णुतत्त्व विराजमान छ, त्यसैगरी गौरीका आँखाको कोशको पसिनाबाट जन्म प्राप्त गरेकी कालीगण्डकी तत्त्व पनि सर्वतीर्थमय छ। सर्वदेवमय विष्णुतत्त्व शङ्कर सर्वतीर्थमय कृष्णाभा (कालीगण्डकी तत्त्वका सेवामा एकसाथ सदा रहने हुनाले कालीगण्डकी सदा हरिहरात्मकसमेत हुन पुगिन् । यही कारणले यिनका जलमा स्नान, तटमा श्राद्ध विविध दानादिकर्म गर्नाले अन्यत्र गरेभन्दा सयौँ (गुणा) बढी फल मिल्नु घरबाट स्नान गर्न भनी हिँड्दैमा प्रतिपाइला अश्वमेध यज्ञ गरेको फल पाउनु अस्वाभाविक भएन । यिनै विविध विषयतर्फ औँल्याउदै स्वयं स्कन्धकपुराण बताउँदछ :-

**प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।**
**कृष्णाभायां सकृत्स्नात्वा फलतुल्यं लभेन्नरः ॥**

हि.ख.५५।७६

लाएर वैराग्य विवेक बल्ली
रोकी दशै इन्द्रियका विचल्ली
बन्ने स्वरूप स्थितिमा निमग्न
देखिन्छ याहाँ सबको प्रयत्न

के सिन्धु के विन्दु समान ठानी
हिँड्ने यहाँ छन् कति आत्मज्ञानी
ती कामिनीले रस-काम जस्तै
जगाउने सद्गुण प्यास त्यस्तै

- युगकवि सिद्धिचरण श्रेष्ठ

# कालीगण्डकी प्रस्रवण क्षेत्रको सम्पदा



डी.आर. पोखरेल

## १. पृष्ठभूमि

नेपालका ठूला नदीहरूमध्येको गण्डकी वा नारायणी पनि एक हुन् । कालीगण्डकी र त्रिशूली नदी देवघाटमा आएर मिलेपछि यिनको नाम नारायणी रहेको हो । त्रिशूली गोसाइँकुण्ड र कालीगण्डकी दामोदरकुण्डबाट बगेर आएका हुन् भन्ने भनाइ रहेको छ । जेहोस् यी दुवै नदीको उद्‌गम क्षेत्र हिमालय हो । हिमालयको उत्पत्ति छ लाख वर्ष पहिले मात्र भएको हो । हिमाली पर्वत शृङ्खला एकाएक उठिदिँदा र त्यहाँबाट बग्ने नदीहरूलाई महाभारत पर्वतशृङ्खलाले छेकिदिँदा ठूलाठूला हिमतालहरू बन्न पुगे भन्ने विशेषज्ञहरूको मान्यता रहिआएको छ (हागन, २०५८ : ३८) । नेपालका छ हजार नदीनालाहरूमध्ये धेरैको स्रोत हिमालय नै हो । हिमालयमा बनेका हिमतालहरू नै हुन् । कालीगण्डकीको स्रोत हिमताल नै हो । दामोदरकुण्ड स्वयं हिमताल हुनुपर्छ भन्ने लागेको छ । पहिले एकदमै ठूलो हिमताल आजको थाकखोला क्षेत्रमा पनि थियो भन्ने उल्लेख पाइन्छ । कालीगण्डकीको लम्बाई ३३८ कि.मी. रहेको छ । मुस्ताङदेखि त्रिवेणी, भैँसालोटनसम्म भन्ने उल्लेख पाइन्छ । त्यसपछि गण्डकी भारत प्रवेश गर्छिन् गण्डक नामले र विहारको पटना नजिकै हाजिपुरको कोनहारघाटमा पुगेर गङ्गा नदीसँग मिल्दछिन् र त्यहाँबाट बङ्गलादेशमा पद्मा नदीको नामले ढाका राजवाढीमा ब्रह्मपुत्र नदीसँग मिसिएर बङ्गालको खाडीमा समाहित हुन्छिन् (बानियाँ, २०७२ : २९६) । कालीगण्डकीको अथइति यसरी बनेको देखिन्छ । कालीगण्डकीलाई पवित्र नदी मानिन्छ साथै संसारकै गहिरो गल्छी भएको नदी पनि मानिन्छ । यस नदीले हिमाल पहाडलाई तिनैमा आफ्ना अतमूत किनाराहरू बनाएको छ र हिमाली संस्कृति, पहाडी संस्कृति र मैदानी संस्कृति एवं प्रकृतिलाई आफूभित्र समेटेको छ ।

## २. गण्डकी प्रस्रवण क्षेत्र

कतिपयले कालीगण्डकीको मुहान दामोदरकुण्ड हो भनेका छन् । दामोदरकुण्ड मनाङ र मुस्ताङको पूर्वोत्तर सीमाना नजिकै पर्ने कुण्ड वा हिमताल हो । यसबाट बग्दै आएकी नदी मुक्तिनाथनेर कागबेनीमा मुक्तिनाथको १०८ सहस्रधाराबाट बगेकी नदी र मुस्ताङ, लोमानथाङबाट आएको दम खोला मिसिदै आएर मुस्ताङ खोला र अझै त्योभन्दा पनि माथि मुस्ताङ र तिब्बतको सिमानाका तालहरूबाट बग्दै आएको पानी मिसिएर बगेको मुस्ताङ खोला, कालीखोला, मुक्तिनाथबाट बगेको काग खोला मिसिएको कागबेनीमा आएर सबै खोलाखोल्सी मिसिएपछि कालीगण्डकी नामले बगेको देखिन्छ ।

कालीगण्डकी छङ्छङ्गाएर बहँदै गर्दा र मुस्ताङबाट म्याग्दीतिर प्रवेश गर्दैगर्दा विश्वप्रसिद्ध रुप्से झर्ना दानागाउँको अन्धगल्छीमा कालीगण्डकीमा समाहित भएको देखिन्छ । कालीगण्डकीको प्रस्रवण क्षेत्रमै गलेश्वर आश्रम, वेणी बजार रहेको छ । गलेश्वरमा कालीगण्डकी र रघुगङ्गाको मिलन हुन्छ भने वेणी बजारमा कालीगण्डकी र म्याग्दी खोलाको सङ्गम भएको देखिन्छ । मुस्ताङ र मनाङलाई दुई काख बनाएर बगेकी कालीगण्डकी अगाडि बढ्दै आएर म्याग्दी र कास्कीलाई दुई काख बनाउँछिन् । यसपछि बागलुङ र पर्वत, गुल्मी, पर्वत र स्याङ्जालाई आफ्ना दुईतर्फका काख-किनारा बनाउँदै गुल्मीको रिडीसम्म उत्तरबाट दक्षिण बाहिनी भएर गड्गडाउँदै झरेकी कालीगण्डकी रिडीमा आएपछि पूर्वतर्फ हानिएर बग्न थाल्छिन् । पूर्ववाहिनी भएर बग्न थालेपछि दायाँतर्फ पाल्पा र बायाँ स्याङ्जालाई दुई किनार बनाउँदै अघि बढेर तनहुँ प्रवेश गर्छिन् र दायाँबायाँ पाल्पा र तनहुँलाई काख बनाएर अझै पूर्वतर्फै हानिएर बग्दै नवलपरासी र तनहुँलाई दायाँबायाँ किनारा बनाउन आइपुग्छिन् र तनहुँ, नवलपरासी र चितवनको त्रिबिन्दु भएको ठाउँ देवघाटमा आएर त्रिशूलीसँग मिल्दछिन् । त्यसपछि नारायणी नामले दक्षिण-पश्चिम बाहिनी हुँदै त्रिवेणी पुगेर भारत पस्छिन् । देवघाटबाट त्रिवेणीतर्फ प्रवाहित हुँदा कालीगण्डकीले दायाँबायाँको काख-किनारा नवलपरासी र चितवनलाई बनाउँछिन् ।

कालीगण्डकीको यस प्रस्रवण क्षेत्रमा विभिन्न घाटहरू पर्दछन् । यी घाटहरू सांस्कृतिक भिन्नता र विविधताले भरिएका छन् । मुस्ताङ मनाङको कागबेनी, म्याग्दीको वेणीघाट, बागलुङको खनियाघाट, मिश्यघाट, मोदीवेनीघाट, पर्वत र गुल्मीबिचको सेलबेसी (पुर्तिघाट), गुल्मीको रिडी, स्याङ्जा र गुल्मीबिचको मिर्मी, पाल्पाको रानीघाट, पाल्पा र स्याङ्जाबिचको राम्दीघाट, केलादीघाट, स्याङ्जाको चापाकोटघाट, यस्तै गरी पाल्पा र स्याङ्जा, पल्पा र तनहुँ, नवलपरासी र तनहुँको बिचमा पर्ने अनेक घाटहरू पर्दछन् । तिनको क्रमभङ्ग गरेर हुँगीघाट, खोरियाघाट, बालीघाट, घुमौरेघाट, गडगडेघाट, कोटाघाट र तनहुँ, नवलपरासी, चितवन तीनै जिल्लाको बिचमा पर्ने देवघाट पर्दछन् । यसरी नै नवलपरासी र चितवनको बिचमा नारायणघाट, शिवघाट, पितौंजीघाट, कुँज्यौलीघाट, भोसारघाट, गोलाघाट र त्रिवेणीघाट आदि घाटहरू पर्दछन् । बाटो-घाटो, पुलपुलेसा बन्नुअघि यी घाटहरू मानव ओहोर-दोहोरका केन्द्रहरू थिए । डुङ्गाबाट नदी वारपार गर्ने प्राचीन सभ्यता र घाटहरूमा मेला-बजारहरू लाग्ने, टाढाटाढाका मानिसहरू मेला भर्न, सङ्क्रान्ति वा यस्तै पर्वहरूमा नदी स्नान गर्न आउने सांस्कृतिक केन्द्रहरू थिए ।

गण्डकी प्रस्रवण-क्षेत्रमा पर्ने अनेक स्थान, बजार, हाट, घाट, मेलापर्व, आश्रम, मठमन्दिर, पाटी-पौवा, गढ-गौंडा, स्थान विशेषका चालचलन, पर्व, भाषा-वेशभूषा, गीत-सङ्गीत, नाँच-नृत्य, लोकसाहित्य आदि अनेक कुराहरू थिए ।

### ३. प्रस्रवण क्षेत्रको सम्पदा

कालीगण्डकी प्रस्रवण क्षेत्रको सम्पदा भन्नाले हामी प्राकृतिक सम्पदा र मानव निर्मित सम्पदा गरेर दुई खालका सम्पदा भन्ने बुझ्दछौं ।

### ३.१ प्राकृतिक सम्पदा

प्राकृतिक सम्पदामा हिमाल, ताल, झर्ना, गल्छी, नदीनाला, गुफा, नागी, पाटन, खोंच, मैदान,

वन-जङ्गल, झाडी, नदीको सङ्गम, घाट, निकुञ्ज, वन्य जीवजन्तु, वनस्पति, ज्वालामुखीको पहाड, तातो पानीको कुवा/मूल आदिलाई लिन सकिन्छ ।

कालीगण्डकी प्रस्रवण क्षेत्र प्राकृतिक सम्पदाले भरिभराउ रहेको देखिन्छ । कालीगण्डकी स्वयं हिमतालहरूबाट निस्किएको मानिन्छ । यसर्थ यस क्षेत्रको प्राकृतिक सम्पदामा पहिलो अन्नपूर्ण र धौलागिरि दुई हिमाल र हिमशृङ्खला हुन् । दोस्रोमा तालहरू हुन् । दामोदर कुण्ड यसको उदाहरण हो । तेस्रोमा रुप्से झर्ना हो, विश्वप्रसिद्ध झर्ना । प्राकृतिक सम्पदामा विश्वकै सबैभन्दा गहिरो गल्छी यहीँ पर्दछ । म्याग्दीको सिमानामा पर्ने दाना गाउँको अन्धगल्छी संसारकै गहिरो गल्छी हो । यो अन्नपूर्ण हिमालको टुप्पोबाट सात किलोमिटर तल गहिराइमा समुद्र सतहबाट १२०० मिटर उचाइमा रहेको दानामा पर्दछ । अन्नपूर्ण र धवलागिरि हिमशिखरको उचाइ आठहजार मिटरभन्दा माथि छ । यी दुई हिमशिखरको बिचको दूरी केवल ३५ मिटरको छ र यति साँघुरो र धेरै गहिरो गल्छी बनाएर कालीगण्डकी बगेकी छिन् । यस गल्छीलाई अन्धगल्छी भनिन्छ । कालीगण्डकी संसारकै गहिरो गल्छीबाट बग्ने भएकाले विश्वप्रसिद्ध बनेकी छिन् ।

कालीगण्डकी प्रस्रवण क्षेत्रमै तातोपानीका कुण्डहरू छन् । म्याग्दीमा पर्ने यी कुण्डहरू (दर्मिजा, भुरुङ, फल्तीखेत, सिङ्गा आदि तातो पानीका कुण्डहरू) चर्मरोगी र पर्यटकहरूको स्वर्ग बनेका छन् । यसैगरी दानामै पर्ने रूपसे झर्ना पनि गण्डकी प्रस्रवण क्षेत्रकै प्राकृतिक सम्पदा हो । आज रुप्से विश्वप्रसिद्ध बनेको छ र विश्वका पर्यटकहरूको आकर्षणको विषय बनेको छ ।

नदी सङ्गम र घाटहरू पनि प्राकृतिक महत्त्वका सम्पदाहरू नै हुन् । जहाँ मानवजातिले आजको सभ्यताको पनि विकास गरेको छ ।

कालीगण्डकी शालग्राम पाइने नदीका रूपमा प्रख्यात छ । शालग्रामलाई हिन्दूहरूले पवित्र-पत्थर मानेका छन् । विष्णुको अवतार मानेका छन् । अर्को शालग्रामले आफूभित्र सुनजस्ता अमूल्य रत्नलाई समेटेको विश्वास पाइन्छ र कालीगण्डकीको बगरमा बालुवामा सुनचाल्ने काम पनि कतिपय जातिका मानिसले गर्दथे भन्ने सुन्न पाइन्छ । शालग्राम अत्यन्त प्राचीन महत्व भएको ढुङ्गो हो । यो निख्खर काला, चिल्लो र फलामजस्तै ओजन भएको ढुङ्गो हो । सन् १९५० मा नेपाल आएका स्वीजरल्याण्ड भूगर्भशास्त्री टोनी ह्यागनले यही कालीगण्डकी प्रस्रवण क्षेत्रको थोरुङ भज्याङमा एकदम ठूलो शालग्राम प्राप्त गरेका थिए । उनले त्यसको आयु २० करोड वर्ष मानेका छन् (हागन, २०५८ : ५५) ।

थोराङ भञ्ज्याङ कालीगण्डकीको तिरैतिर गएर उच्च हिमालीशृङ्खला कटेर तिब्बततर्फ जाने प्राचीन मार्ग पनि हो । यो व्यापारिक र धार्मिक-यात्राको मार्ग हो । यही मार्गबाट तिब्बतको मानसरोवर र कैलाश पर्वततर्फ तीर्थयात्रीहरू, व्यापारीहरू जाने गर्थे भनिन्छ । पौराणिक कालमा लंकाका राजा रावणले समेत यही बाटो कैलाश गएर शिवको आराधना गरेका थिए भनिन्छ । त्यहाँ मानसरोवरसँगै रहेको अर्को माललाई लंकेश दह वा राक्षस ताल भन्ने गरेको पनि किंवदन्ती पाइन्छ । रावणका हजुरबाबा पुलश्च ऋषिले तपस्या गरेको ठाउँ भनेर म्याग्दीको बेनी बजारदेखि पश्चिमोत्तर

दिशामा रहेको डाँडामा पुलहआश्रमलाई भनिँदै आएको छ । यस्तै गलेश्वर बाबाको आश्रम भनेर गलेश्वर (बेनी) लाई भनिँदैछ ।

कालीगण्डकी र त्रिशूलीको सङ्गम भएको देवघाट क्षेत्रमा आएका पाल्पाका राजा मणिमुकुन्दसेनले कालीगण्डकीमै ठूलो शालग्राम भेट्टाएका थिए र त्यसलाई अहिले पनि मुकुन्देश्वर महादेवको नाममा देवघाटमा पूजिँदै छ । देवघाटको दुई नदीको सङ्गममा राजा महेन्द्रले २०२२ मा डुङ्गामै कविगोष्ठी गरेका थिए । प्राकृतिक सम्पदा पहिचान इतिहासमा यसरी हुँदै आएको छ ।

### ३.२ मानवनिर्मित समपदा

कालीगण्डकी प्रस्रवण क्षेत्रमा अनेक सांस्कृतिक सम्पदाहरू रहेका छन् साथै हिमाली, पहाडी र मैदानी सभ्यता र संस्कृतिको विकास पनि भएको छ । कुनै लडाइँबिना नै तिब्बत नेपाल पसेका तिब्बती समूहको बौद्ध र बोन धर्म र संस्कृति, थाकखोलामा रहेका थकालीहरूको व्यापारिक संस्कृति, उपल्लो मुस्ताङ लोमन्थाङमा विकास भएको राजकीय संस्कृति, दरबारलगायतका भौतिक संरचना, हिमाली भरिया एवं पर्वतारोहीको रूपमा रहेका सेर्पा र तिनको अलग हिमाली संस्कृति, हिमाली र पहाडी साथै अहिले मैदानी भागमा समेत फैलिएको गुम्बा संस्कृतिलगायत हिमाली क्षेत्रको पशुपालन (भेडा र चौरीपालन) लगायतका बहुपति प्रथासमेत भएको शेर्पा जातिको हिमाली संस्कृति यही कालीगण्डकी प्रस्रवण क्षेत्रमा पचिएको देखिन्छ ।

पहाडी क्षेत्रमा भने अनेक मठ-मन्दिर, आश्रम, बगर, मेला, घाट, तीर्थ लगायतका सांस्कृतिक सम्पदा फैलिएको देखिन्छ । यस्ता ठाउँहरूमा अनेक भाषाभाषिका अनेक वेशभूषाका, अनेक जातजातिका, अनेक संस्कृतिका मानिसहरूको मिश्रित संस्कृति र सभ्यता स्थापना भएको देखिन्छ । गुरुङ, थकाली, शेर्पाका अलग-अलग जातीय संस्कृति कतै मौलाएका छन् भने कतै पहाडी समुदाय र हिमाली समुदायका कतै मैदानी समुदायका सभ्यता संस्कृतिको मिश्रित संस्कृति हुर्किरहेको देखिन्छ । कतै वोनधर्मका, कतै बौद्धधर्मका, कतै हिन्दूधर्मका, मठ-मन्दिर, आश्रम, गुम्बा, विहार सजिएका छन् भने कतै मिश्रित र कतै हिन्दूधर्म संस्कृतिको प्रभाव फैलिएको देखिन्छ ।

मुक्तिनाथ, गलेश्वर आश्रम, पुलह आश्रम, रानीघाट, कागबेनी, देवघाट, रिडी, त्रिवेणीधाम (गजेन्द्रमोक्ष धाम), वाल्मीकि आश्रमजस्ता प्रख्यात धार्मिक स्थलहरू, लोमान्थाङ, रानीमहल, मुकुन्दसेन दरबारजस्ता ऐतिहासिक स्थलहरू, तातोपानी, थाकखोला, त्रिभुवनटार जस्ता पुरातात्त्विक स्थलहरू पनि यसै प्रस्रवण क्षेत्रमा रहेका छन् । यस्तै गरी लोमान्थाङ, जोमसोम, वेणी, रिडी, नारायणगढ जस्ता मानव सभ्यताका परिचायक स्थलहरू पनि रहेका छन् । कालीगण्डकीले आफ्ना दुवै किनारामा अनेक सभ्यता र सांस्कृतिक मानववस्तीहरू समेटेको छ । अनेक जात, धर्म, भाषा, वेश, चाडपर्व, मेला, गानाबजाना, गीत-नृत्य, अनेक लोकचलन, लोकगीत, लोकदोहोरी, लोककथा लगायतका लोकसाहित्य र संस्कृतिलाई पनि समेटेको छ ।

### ४. उपसंहार

यसरी अनेक प्राकृतिक र सांस्कृतिक गरिमा बोकेर कालीगण्डकी बगिरहेकी छिन् - निरन्तर

निरन्तर । कालीगण्डकीले हामीलाई विश्वसामु चिनाएकी छिन् । चाहे त्यो विश्वकै सबैभन्दा गहिरो गल्छी (अन्धगल्छी) का कारणले होस्, चाहे प्रशस्त शालग्राम पाउने नदीका कारणले होस्, विश्वसामु नेपालको परिचय कालीगण्डकीले दिँदै आएकी छिन् । यति मात्र नभई रूपसे झर्ना, तातोपानी, थाकखोला, अन्नपूर्ण धवलागिरी हिमशिखर, अनेक हिमताल र गुफाहरू जस्ता प्राकृतिक सम्पदा र लोमान्थाङदेखि मुक्तिनाथ, जोमसोम, बेनी, रिडी, देवघाट, नारायणघाट, गजेन्द्रमोक्षधाम र वाल्मीकिआश्रमसम्ममा अनेक सांस्कृतिक स्थल र वस्तुहरू, समेटिएको सांस्कृतिक सम्पदाको परिचय बोकेर कालीगण्डकी बगिरहेकी छिन् ।

कालीगण्डकीको महिमागान पनि हुँदै आएको छ । हिमवत्खण्डलगायतका धार्मिक ग्रन्थहरूमा देशी विदेशी विद्वान्, लेखक, पर्यटक, तीर्थयात्री, पर्वतारोहीहरूमा संस्मरणहरूका कालीगण्डकी महिमामण्डित भएकी छिन् । चाहे त्यो **नेपालको चिनारी** लेख्ने भूगर्भशास्त्री टोनी हेगन होउन्, चाहे म्याग्दीको इतिहास, संस्कृति र सम्पदाका लेखक एवं इतिहासकार डा. कर्णबहादुर बानिया हुन्, चाहे **डोल्पो विश्वको जीवित सङ्ग्रहालय**का लेखक पत्रकार विष्णुप्रसाद पराजुली होउन्, चाहे **कालीगण्डकी** महाकाव्य रचना गर्ने कवि नवराज पाण्डेय चातक होउन्, सबैले कालीगण्डकीको महिमा मुक्तकण्ठले गाउँदै आएका छन् । यही महिमागानको लहरमा देवघाट विकास समिति पनि आइपुगेको छ र कालीगण्डकीप्रति समवेत पुकार गरिरहेको छ ।

वास्तवमा कालीगण्डकी प्रस्रवण क्षेत्रले जुन प्राकृतिक र सांस्कृतिक सम्पदालाई हुर्काएको छ र बचाएको छ, यसले नै हाम्रो गरिमालाई बढाएको छ । यस प्रकारकी महिमाशाली कालीगण्डकीलाई देवघाट विकास समितिले आफ्नो स्मारिकामार्फत सार्वजनिक जानकारीमा ल्याउने जुन प्रयत्न गरेको छ यो स्तुत्य छ ।

हिमाल त्यो उत्तरतर्फ भारी
आनन्द औ शीतलको भकारी
यो दिव्य पुण्यस्थलको निमित्त
थुप्री रहेको सुख शान्ति तत्त्व

- युगकवि सिद्धिचरण श्रेष्ठ

# कालीगण्डकीको शिरदेखि नारायणीको तीरसम्म



रमाकान्त सापकोटा
९८४५०२४४२६

**१) विषयप्रवेश**

१.१) कुनै पनि सिर्जना गर्दा सर्जकको मनमा स्वाभाविक रूपले केही प्रश्न उब्जन्छन् भन्ने ठान्दछु शौख, यश, धन, मुक्ति, परमार्थ केको लागि लेख्ने ? भावनासँगै बगेर आस्था, विस्वास र कल्पनामा केन्द्रित भएर लेख्ने वा अध्ययनमा केन्द्रित भएर लेख्ने ? ग्रीक सभ्यताबाट सुरु भएको विकासवादी धारणामा आधारित पाश्चात्य साहित्यलाई स्रोत मानेर लेख्ने या सृष्टिवादी आर्यसंस्कृतिमा आधारित पूर्वीय दर्शनलाई स्रोत मानेर लेख्ने ? यस्ता प्रश्नले दर्शन, समाजशास्त्र, इतिहास अनुसन्धान प्रतिवेदनहरू र विज्ञान पढ्न प्रेरित गरिरहन्छन् ।

१.२) डा. माधव पोखरेलले भिको (१७२५ इ, 'द न्यु साइन्स')लाई उद्धृत गरेअनुसार मानव इतिहास तिन किसिमको पाइन्छ । पहिलो चरणमा देउता दोस्रो चरणमा देउता र राक्षस अनि तेस्रो चरणमा मात्र मान्छे पाइन्छन् । संसारभरमा इतिहास लेख्नेहरूले आफ्ना मिथक, वंशावली र किंवदन्तीहरूको उपयोग गरेकै हुन्छन् । डा. पोखरेलले फुको (उत्तर आधुनिक इतिहास दर्शन १९७० इ, 'द अर्डर अफ डिस्कोर्स') लाई उद्धृत गरे अनुसार इतिहासमा पात्र चाहिँ साँचो, घटना र तथ्य चाहिँ काल्पनिक र अर्धसत्त्य हुन्छन् भने, कथामा पात्र चाहिँ काल्पनिक कुरो चाहिँ वास्तविकता नजिक हुन सक्छ । राजा, देवता, ऋषि, गुरु शिष्यको वंशावली, इतिहास, कथा जोडेर पुराणहरू बनेको पाइन्छ । सामाजिक अध्येताहरू, पुरात्त्व विद्हरू संस्कृतिविद्हरूले उपलव्ध समग्र साहित्यको अध्ययन गरी निकालेको ज्ञान भावि पुस्ताको लागि बहुउपयोगी हुन्छ । यो काम परमार्थको काम हो, धार्मिक काम हो भन्ने ठान्दछु । यही मान्यतामा उपलव्ध थुप्रै सामग्री अध्ययनको सार संक्षेपलाई आफ्नो अनुभव र विश्लेषणको रूपमा लिपिबद्धको प्रयत्न गरेको छु ।

१.३) कालीगण्डकी र देवघाटको विषयमा धेर थोर जानकरी दिने थुप्रै मुद्रित तथा विद्युतीय स्रोत सामग्रीहरू उपलब्ध छन् । श्रव्यदृश्य सामग्रीमार्फत् आजभोलि धेरै नागरिकमा तत्सम्वन्धी सामान्य जानकारी पुगेको छ । शोधार्थी लक्ष्मी पोखरेल तिमिल्सिनाद्वारा इतिहास विषयमा विद्यावारिधि उपाधिका लागि **"देवघाट धामको ऐतिहासिक तथा धार्मिक महत्त्व"** विषयमा प्रस्तुत शोधप्रवन्ध (२०७१) मा त्यो बेलासम्म उपलव्ध थुप्रै स्रोत-सामग्री अध्ययन, पुनरावलोकन र मुख्य कुरा उद्धृत समेत गरेको पाएँ । पोखरेलद्वारा उद्धृत गरिएका मध्ये चर्चित विज्ञहरूका उपलव्ध केही पुस्तकहरू, फुटकर लेखहरूसमेत अध्ययन गरें । योगी नरहरिनाथ,

जनकलाल शर्मा, कृष्णबम मल्ल, बाबुराम आचार्य, केशवराज आचार्य, डा. सूर्यमणि अधिकारी, डा. देवीप्रसाद कंडेल, डा. विष्णु घिमिरे, सुब सेन, डा. गुरुप्रसाद सुवेदी, लकाश पौडेल, मदन मोहन जोशी, डी.आर. पोखरेल लगायतका सर्जकले उल्लेख गरेका पौराणिक ग्रन्थ, इतिहास, वंशावली र जनश्रुतिमा आधारित अधिकांस ज्ञान सूचनाहरूमा समानता पाइन्छ । स्वामी ज्ञानानन्द सरस्वती (सर्ववेदान्तसिद्धान्तसारसंग्रह २०७४), डा. हर्क गुरुङ (मैले देखेको नेपाल इ.२०१०), स्वामी आनन्द अरूण (सन्त दर्शन इ.२०१२), प्रा. डा. वीणा पौडेल (वेद पुराणका केही रत्नहरू २०६७), डा. प्रमोद ढकाल (पूर्वीय दर्शनको पुनर्व्याख्या २०७६), डा. कर्णबहादुर बानिया (म्याग्दीको इतिहास, संस्कृति र सम्पदा २०७५), कमल रिजाल (दर्शन भित्रको दर्शन २०७४), विष्णु अधिकारी (महाभारतका कथाहरू २०६०), लोक कृष्ण भट्टराई (नेपाली सभ्यता :विगत र वर्तमान २०७३), मोहन वैद्य “किरण” (हिमाली दर्शन २०७४), रमाकान्त सापकोटा (आध्यात्मिक तथा मानव शास्त्रीय शिक्षा - शिक्षाका आयाम खण्ड ख २०७५), लकाश पौडेल (हिमालयदेखि कन्याकुमारीसम्म २०७२), केदारनाथ खनाल (नेपाली संस्कृतिका केही आयाम २०७६), भुवानीप्रसाद पौडेल (यात्रानुभुति २०७६), डा. कुलराज चालिसे, आचार्य चैतन्य कृष्ण, शान्तबहादुर श्रेष्ठ, टीकाराम यात्री, आहुतिलगायतका सर्जकले तत् सम्बन्धमा उल्लेख गरेका स्रोत सामग्रीहरू पनि मेरो पहुँचमा आएका थिए र अध्ययन गरें । कालीगण्डकी करिडोर र कालीगण्डकी तिनाउ डाइभर्सन, ती परियोजनाका राम्रा नराम्रा प्रभाव सम्बन्धित वहसहरू पनि इन्टर नेटको माध्यमबाट श्रव्यदृश्य सामग्रीको रूपमा उपलब्ध छन्। हरि अधिकारी (कान्तिपुर २ श्रावण २०७७) र टिकाराम दाहाल (कालीगण्डकी सभ्यता (युटुव) मा पनि पछिल्ला खोजमुलक विवरण उपलब्ध छन् । पुराणविद्, पुरातत्त्वविद् र स्थानीय चलन चल्तिका भाषाअनुसार स्थान र नाममा विविधता पनि पाइयो । प्रत्यक्ष-परोक्ष रूपमा मेरो पहुँचमा आएका सबै स्रोत सामग्रीका सर्जकहरूप्रति कृतज्ञ छु ।

**२) कालीगण्डकीको उद्गम र बहाव मार्ग**

२.१) मुख्य रूपले कालीगण्डकीका दुइवटा उद्गम रहेछन् । पहिलो उद्गम दामोदर हिमाल क्षेत्रको दामोदरकुण्ड रहेछ । यहाँबाट निस्कने नदी नै काली नदी वा काली खोला हो, जो माथिल्लो मुस्ताङबाट बहन्छ । ब्रह्मा, विष्णु शिव तिनवटै देवहरू त्यहाँ बसेकोले त्यो ठाउँलाई त्रीविष्टक भनिएको भन्ने पनि पाइयो (टिकाराम दाहाल - युटुव) यसैलाई कृष्ण माया नदी पनि भनिन्छ । हरि अधिकारी (कालीगण्डकीको आत्मकथा, कान्तिपुर २ श्रावण २०७७) अनुसार अहिले देखिने उद्गमस्थल माथिल्लो मुस्ताङको उत्तर पूर्वी छेउ, तिब्बतसँगको सीमानामा रहेको न्हुबिने हिमाल (६२६८ मिटर) र त्यसको हिमनदी हो । दामोदरकुण्डको जलाधार समेट्दै न्हुबिने हिमनदीबाट छौमा नामको सानो खोल्सीको रूपमा निस्केको छ । उद्गमस्थलबाट दक्षिण केही किलोमिटर पर पुगेपछि उत्तर-पश्चिममा पर्ने लो-मन्थाङ क्षेत्रको न्हेचुङ खोला मिसिन आइपुग्छ र कागबेनी (६० किलोमिटर तल)

नपुगुन्जेल मुस्ताङ खोलाको नामले चिनिन्छ । यहाँसम्मको निष्कर्ष हो कि मुस्ताङ खोला, काली खोला, कृष्णमाया नदी भनेर लेखिएको र अहिले देखिएको नदी एउटै हुनु पर्दछ ।

२.२) नदी उत्पत्तिकै विषयमा पुरातत्त्व र प्राग् ऐतिहासिक कालको जानकारीमा आधारित हरि अधिकारीको उद्धृतांश छ कि करोडौं वर्षअघिको भारतीय उपमहाद्वीप अथाह मरुभूमि जस्तो मात्र थियो भने, अहिलेको तिब्बत एउटा विशाल समुद्रका रूपमा थियो । जब पृथ्वीको गर्भमा रहेका दुई विशाल टेक्टोनिक प्लेटहरू आपसमा जुध्न थाले, त्यसको असरले तिब्बतको त्यो समुद्र नै अचानक गायब हुन पुग्यो । समुद्रका ठाउँमा विशाल मैदान बन्यो भने त्यसको दक्षिणी भागमा अचानक जमिन उचालिएर पर्वत-शृंखला खडा भयो । अचानक गायब भएको त्यही समुद्रको एक छेउमा अस्तित्वमा आएको एउटा हिमालको फेदीमा कालो रङको पानीको एउटा सानो सोतोका रूपमा कालीगण्डकीको उद्गम बन्यो । भयङ्कर भौगोलिक उथलपुथलका कारण समुद्रको पिँधमा युगौंदेखि जम्मा भएको काला बालुकणहरूको थुप्रो सतहमा आएको र त्यही कालो बालुवा र गेग्रिनका बिचबाट उत्पन्न भएकोले उद्गम कालो भएको हुनु पर्दछ । यही एउटा कारणले हो यहाँ करोडौं वर्ष पुरानो जीवाष्म 'शालिग्राम' (Ammonite fossils) पाइन्छ ।

२.३) दोस्रो उद्गम मुक्तिनाथको १०८ धारा भएर आउने नदी गण्डक हो । विष्णुको गण्ड स्थल (गाला) बाट पसिनाको रूपमा निस्केको भन्ने पौराणिक मान्यतामा गण्डक भनिएको रहेछ । दामोदरकुण्डबाट उत्पत्ति भएर १०० कि मि.तल र मुक्तिनाथ मन्दिरमा उत्पत्ति हुने गण्डक नदी १२ कि.मि.तल बगेपछि कागबेनी भन्ने ठाउँमा मिसिन्छन् । त्यसपछि उक्त नदीलाई कालीगण्डकी भनिन्छ । विष्णुको स्थल मुक्तिनाथसँग जोडिएकोले कालीगण्डकीको पौराणिक नाम हरिगङ्गा रहेको पनि भनिँदो रहेछ । कालीगण्डकी नदीमा शालीग्राम (Ammonite fossils) पाइने हुँदा चक्रा नदी पनि भनिन्छ । जोमसोम र टुकुचे हुँदै बगेपछि काली गण्डकीले अन्नपूर्ण (८०९१ मिटर ) र धवलागिरि (८१६७ मिटर) को विचमा संसारको सबैभन्दा गहिरो गल्छी अन्धगल्छी (५७९१ मिटर) अर्थात् कालीगण्डकीको खोँच बनाएर बगेको छ । अन्नपूर्ण र धवलागिरीको बिचको गल्छी भएकोले अन्ध गल्छी नामकरण भएको रहेछ । अन्धगल्छी र रुप्से झरना (७५ मिटर) बेनी-जोमसोम-कोरला सडकखण्ड (कालीगण्डकी करिडोर) अन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाअन्तर्गत रहेका छन् । उक्त खोंचबाट निस्केपछि गलेश्वरमा राहुघाट खोला, बेनीमा म्याग्दी खोला, कुश्मा नजीकै मोदी खोला, रुद्रबेनीमा बडीगाड, आँधिखोला आदि मिसिन्छन् । त्यसपछि कालीगण्डकी फेरी पूर्व तर्फ मोडिन्छ । दिशा बदल्दै बग्ने हुँदा यसलाई चतुर्वाहिनी नदी पनि भनिएको पाइयो । देबघाटमा गएर त्रिशूली नदी सँग मिसिन्छ । त्रिशूलीसंगै बुढीगण्डकी, सेती, मर्स्याङ्दी, दरौंदी, मादी नदी पनि मिसिएर यहाँ आइपुग्छन् । यसपछि यसको नाम फेरिन्छ र सप्तगण्डकी तथा नारायणी नामले चिनिन्छ त्यसपछि दक्षिण पश्चिम दिशातिर मोडिंदै

चितवन तथा नवलपरासी जिल्लाको सिमाना हुँदै भारत छिर्दछ । भारतको बिहार प्रदेशमा गङ्गाको मैदान हुँदै दक्षिण पूर्वतर्फ मोडिएर पटना नजीकै गङ्गा नदीसँग मिल्दछ । गण्डकी नदी प्रणालीमा १ हजार २५ हिमनदीहरू ताल-तलैयाहरू मिसिएका छन् जसले गर्दा बाह्रै महिना केही न केही मात्रामा पानीको बहाव कायम रहेको छ। ३३८ किलोमिटर कुल लम्बाई रहेको कालीगण्डकी जलाधार क्षेत्र (Catchment Area) २६००० वर्ग किलोमिटर छ ।

**३) कालीगण्डकी मार्गमा पर्ने धार्मिक पर्यटकीय धाम र तीर्थस्थलहरू**

त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, पाल्पा भैरवस्थान, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, मोदीबेणी, गुप्तेश्वर गुफा, सहस्रधारा, बागलुङ कालिका, कुंडुले शालिग्राम सङ्ग्रहालय, पञ्चकोटधाम, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदरकुण्ड जस्ता महत्त्वपूर्ण तीर्थस्थल कालीगण्डकी मार्गमा पर्छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागि समेत धार्मिक पर्यटक आउन लागिरहेका छन् । केरलाबाट दुई सय ५७ कि.मी. पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम मानिएको छ । उत्तर-दक्षिण छोटो मार्ग पाएपछि सबै पर्यटकले यही मार्ग नै प्रयोग गर्नेछन् । यस खण्डमा यातायात सञ्चालनसँगै आन्तरिक तथा बाह्य पर्यटकहरू आउन विशेष गरी धार्मिक पर्यटकका लागि यो मार्ग उपयुक्त मार्ग बन्न सक्छ । लुम्बिनी आएका पर्यटकलाई मुक्तिनाथ लैजान र मुक्तिनाथमा आएकालाई लुम्बिनी पुऱ्याउन यो मार्ग उपयुक्त विकल्प देखिएको छ। हिन्दू र बौद्ध धर्मावलम्बीहरूले यो मार्गको प्रचुर उपयोग गर्न सक्नेछन् ।

**४) कालीगण्डकी प्रणालीभित्रका बस्ती र सभ्यता**

४.१) सप्तगण्डकीको जलाधार क्षेत्रमा पूर्वबाट क्रमशः रसुवा, नुवाकोट, धादिङ, गोरखा, लमजुङ, मनाङ, कास्की, मुस्ताङ, म्याग्दी, बागलुङ, गुल्मी, पर्वत, स्याङ्जा, पाल्पा, तनहुँ, चितवन, पूर्व-नवलपरासी र पश्चिम-नवलपरासी जिल्लाहरू पर्छन् ।

४.२) रीति-रिवाजको विविधता पनि निकै रोचक छ । थकालीहरूको तोरन्लह, म्याग्दी, बागलुङ, गुल्मी, स्याङ्जा र पाल्पाका मगर-समाजमा विकसित यानिमयाँ, सालैजु, मारुनी र सँगिनीजस्ता लोकभाकाहरू, बागलुङ, पर्वत, स्याङ्जा र गुल्मी भेगका बाहुन-क्षेत्री समाजले जोगाएर राखेका भजन, बालुन, सबाईजस्ता लोककाव्य परम्परा, मैदानी इलाकाका आदिवासी थारूहरूका मौलिक गीत-गाथा, अल्पसंख्यामा रहेका कुमाल, बोटे, दरै, दुरा आदि जातिको बेग्लै खालको संस्कृति, यी कुराहरूले नै बनेको छ समग्रमा कृष्णागण्डकी नदीको सभ्यता ।

**५) कालीगण्डकी ए' १४४ मेगावाट जलविद्युत् आयोजना, कालीगण्डकी करिडोर र कालीगण्डकी डाइभर्सन**

५.१) ३३८ किलोमिटर कुल लम्बाई रहेको कालीगण्डकी जलाधार क्षेत्र (Catchment Area) २६००० वर्ग किलोमिटर छ । यही जलाधार क्षेत्रको स्याङ्जा मिर्मी खण्डमा निर्माण भएको कालीगण्डकी 'ए' अहिलेसम्मकै ठूलो जलविद्युत् केन्द्र हो । अर्धजलाशय केन्द्रले हिउँदमा पनि दैनिक ६ घन्टा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्छ । २०५४ सालबाट सुरु भएको आयोजना २०५८ फागुनमा पूरा

भएको थियो । लागत सुरुमा ४३ अर्ब रूपैयाँ अनुमान गरिएकोमा कूल ५० अर्ब रूपैयाँमा निर्माण भएको थियो । एडिबीको सहयोगमा निर्माण भएको आयोजनाको अहिले ऋण चुक्ता भइसकेको छ । जलविद्युत् केन्द्रको विद्युत् गृहमा ४८ मेगावाटका ३ वटा उत्पादन युनिट छन् । यसबाट उत्पादित बिजुली सिधै बुटवल, लेखनाथ तथा नेपालको मुख्य प्रसारण लाइनमा जोडिएको छ । यसबाट भारतमा पनि बिद्युत् प्रसारण गरिन्छ । राष्ट्रिय स्तरमा निकाल्न सकिने अनुमान गरिएको ८३ हजार मेगावाट बिजुलीमध्ये गण्डकी नदी प्रणालीबाट मात्रै करिब २० हजार ६ सय ५० मेगावाट निस्कने हिसाब जलस्रोत क्षेत्रका विज्ञहरूका निकालेका छन् ।

५.२) कालीगण्डकी करिडोर : भारतको सुनौली नाकादेखि चीन जोड्ने मुस्ताङको कोरला नाका जोड्ने उद्देश्यले सुरु गरिएको उत्तर-दक्षिण व्यापारिक पारवहन मार्ग कालीगण्डकी करिडोर ४ सय ३५ किलोमिटर लामो छ । कोरला नाकादेखि मुस्ताङको कागबेनीसम्म ९५ कि.मी., कागबेनीदेखि बागलुङसम्म ९५ कि.मी., बागलुङदेखि गुल्मीको रिडीसम्म ७० कि.मी., रिडीदेखि बुटवलसम्म ६८ कि.मी. र बुटवलदेखि सुनौलीसम्म २५ कि.मी. करिडोर अन्तर्गत पर्छ। करिब ३ सय २५ किलोमिटरमा अहिले सवारी सञ्चालनमा छन् । कोरलादेखि १७ किलोमिटर उत्तर गएपछि चीनको पक्की सडकसँग यो मार्ग जोडिन्छ। यीमध्ये बागलुङ र गुल्मी खण्डमा ८० किलोमिटर ट्याक नेपाली सेनाले नै खोलेको हो ।

५.३) कालीगण्डकी-तिनाउ डाईभर्सन (२०२८ सालतिर पूर्व भारतले कालीगण्डकीको पानी तिनाउ नदी हुँदै भारतसम्म पुऱ्याउने योजनाले बुटवलको हात्तीसुँडमा कार्यालय नै स्थापना गरेको थियो । तर, विभिन्न कारणले त्यो योजना सफल भएन । राम्दी पुलदेखि करिब १५ सय मी. तल स्याङ्गजाको मालुङ्गा र पाल्पाको पिपल डाँडाको बिचमा बाँध बाँधि ९ मी. व्यास भएको करिब ३० किलोमिटर. सुरुङबाट पाल्पाको दोभान आसपासमा करिब १८२ मी. उचाईबाट तिनाउ नदी खसालिने छ भने नदीको बहाब करिब ८१.९६ क्यूबिक मी. प्रति सेकेन्ड (८१ हजार ९ सय ६० लिटर प्रति सेकेन्ड) हुनेछ । त्यसबाट करिब १०४ मेगावाट विद्युत् उत्पादन हुने प्रक्षेपण गरिएको छ । त्यहाँबाट निस्कने पानीलाई दुईवटा नहरमा बाँडिनेछ । पहिलो मुख्य नहर नदीको दाँया भागबाट बेल्बास हुदै कपिलबस्तुतिर निर्माण गरिने छ । यसको लम्बाई करिब ५२ किलोमिटरको हुनेछ । दोस्रो नहर नदीको बाँयातिरबाट बुटवल तर्फ जानेछ जसको लम्बाई करिब १४ किलोमिटर हुनेछ । यो डाइभर्सन आयोजनाबाट करिब ६३ हजार ३ सय हेक्टर कृषि योग्य जमिन सिन्चाइ हुने अनुमान गरिएको छ। आयोजनाको कुल लागत करिब ४० अर्बको हुनेछ । नदीको प्राकृतिक बहावलाई मोडेर अर्कैतिर लैजाने भनिएपछि अत्यन्तै मूल्यवान् कालीगण्डकी सभ्यता नै नष्ट हुने भन्दै गण्डकी प्रदेश सरकारसँगै तनहुँ, पाल्या, स्याङ्जा, नवलपुर चितवनका जनताले डाइभर्सनको कडा विरोध गर्दै आएका छन् ।

**६) देवघाट**

दामोदरकुण्डबाट बगेर आउने विष्णुमूलक (हरि) कालीगण्डकी र गोसाइँकुण्डबाट बगेर आउने शिवमूलक(हर) त्रिशूली देवघाट (१८२ मिटर) मा भेट हुने भएकोले यो संगमलाई हरिहरधाम भन्नेकुरा तर्कपूर्ण र सर्वस्वीकार्य देखिन्छ। सप्तगण्डकी संगम देवघाट हो । यही ठाउँबाट नदीले झन्डै पूर्णता प्राप्त गर्दछ माघेसङ्क्रान्ति, वैशाख सङ्क्रान्ति, ठूली एकादशी, बालाचतुदर्शी, ग्रहण लागेको समय, साउन महिनालगायत समयमा धर्मावलम्बीको भिड लाग्ने गर्दछ । यहाँ स्नान गर्नाले मोक्ष पाइने विश्वास छ ।

तनहुँ, चितवन र गैडाकोट जिल्लामा तीनतिर बाँडिएको देवघाटमा प्राकृतिक एवं मानव निर्मित संरचना एवं पुरातात्त्विक महत्त्व राख्ने भौतिक एवं आध्यात्मिक ज्ञानविज्ञानका स्रोतहरू भेटिन्छन् ।

६.१) **वशिष्ठ गुफा र सीता गुफा** (तनहुँतिर) - श्रीरामका गुरु वशिष्ठले यहाँ तपस्या गरेको किंवदन्ती रहेको छ । रामचन्द्र वनवास बस्दा सीताको असली रूपलाई यहीँ लुकाएर राखिएको थियो भन्ने विश्वास छ । रामले सीतालाई त्यागेपछि सीता पृथ्वीमा विलय भएको गुफा भनेर पनि चिनिएको छ ।

६.२) **चक्रेश्वर मन्दिर** (तनहुँतिर) (गलेश्वर आश्रम पूर्व प्राचीन र ऐतिहासिक चक्रेश्वर मन्दिर छ। यहाँ चक्रैचक्र भएको ठूलो शिला स्थापित छ । पाल्पाका राजा मुकुन्दसेनले यहीँ आएर तपस्या गरेका थिए । उनकै नामबाट मुकुन्देश्वर मन्दिर भनी नामकरण गरिएको हो ।

६.३) **महेश सन्न्यास आश्रम** (तनहुँतिर) (वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्न २०५० सालमा डाक्टर स्वामी रामानन्द गिरिले स्थापना गर्नुभएको यो आश्रममा संस्कृत विषयको कक्षा ६ देखि आचार्य तहसम्म अध्ययन एवं अनुसन्धान हुने गर्दछ ।

६.४) **हरिहर संन्यास आश्रम** (तनहुँतिर) एकहजार जना विद्यार्थी बस्न सक्ने गरी निर्माण गरिएको यो आश्रममा आवासीय सुविधासहित संस्कृतमा कक्षा ६ देखि आचार्य तहसम्म अध्ययन एवं अनुसन्धान हुने गर्दछ ।

६.५) **गलेश्वर आश्रम** (तनहुँतिर) यस आश्रममा आकर्षक विशाल शिवालय मन्दिर छन्। यहाँ पनि माध्यमिक तहसम्म संस्कृतको अध्यापन हुँदै आएको छ ।

६.६) **कौडिन्यऋषि आश्रम र अन्य ऋषि आश्रमहरू** - देवपुरमा सापकोटा कल्यांण केन्द्र कौडिन्यऋषि आश्रम ५२ रोपनी क्षेत्रमा फैलिएको छ। मन्दिर, हवन स्थल, सभाहल जेष्ठ नागरिक आश्रम स्थल लगायतको संरचना सहित रहेको यो आश्रम अन्तर्गत डा. सुन्दरमणि दीक्षितद्वारा आफ्ना आमा-बाबाको नाममा स्थापित केदारमणि आचार्य दीक्षित-विद्यादेबी छात्रवृत्तिकोष सञ्चालित छ, ब्याजबाट हरेक वर्ष छात्रवृत्ति वितरण हुन्छ । गर्ग, आत्रेय, गोत्रीय लगायत अरू थुप्रै आश्रम पनि निर्माणको योजनामा छन् ।

६.७) **सार्वजनिक पुस्तकालय र मनोरम बगैंचा -** पुल तर्ने बित्तिकै देखिने पर्याप्त मात्रामा पुस्तक हरू रहेको सार्वजनिक पुस्तकालय तथा वाचनालय र देवघाट विकास समितिको

कार्यालय पछाडिपट्टि रहेको सुन्दर बगैँचा पनि देवघाटको महत्त्वपूर्ण केन्द्र मानिन्छन् ।

६.८) **वागीश्वरी मन्दिर** (चितवनतिर) (देवघाट र नारायणगढको मध्यमार्गमा रहेको जङ्गलमा ऐतिहासिक वागीश्वरी मन्दिर छ । नारायणी नदीतर्फ फर्किएको दुईवटा बाघका मूर्ति छन्। मूर्तिको अध्ययन गर्दा पन्ध्रौं शताब्दीतिरको भएको अनुमान ।

६.९) **मौलाकालिका मन्दिर** (नवलपरासीको गैंडाकोटतिर) डाँडामा रहेको यो मन्दिर मणिमुकुन्दसेनको पालामा सैनिकले शिलाको स्थापना गरी कालिकाको पूजा गर्दै आएको मान्यता रहेको छ । यो मन्दिर जानका लागि सजिलो सिँढी निर्माण गरिएको छ भने यहाँ केबलकार सञ्चालन गर्ने तयारी रहेको छ । यहाँबाट नवलपरासीको गैंडाकोट, चितवनको नारायणगढ भरतपुरसहित पश्चिम क्षेत्र आकर्षक देखिन्छ ।

यस क्षेत्रभित्र दर्जनौं मन्दिर, देवालय, मठ, गुम्बा, आश्रम, वृद्धवृद्धाका लागि निःशुल्क आश्रम, नयाँ बनेको पशुपति मन्दिर बद्रीनाथ मन्दिर केदारनाथ मन्दिर गङ्गा मन्दिर, अघोर आश्रम, दुर्गा पाञ्चायन मन्दिर, सीताराम मन्दिर, सत्यनारायण मन्दिर, साढेवगर, लक्ष्मीवराह भगवान्, सङ्गमेश्वर पशुपति मन्दिर, यज्ञशाला मन्दिर, अष्टादश पुराणमन्दिर, शङ्कराचार्य मन्दिर, राधासर्वेश्वर भजनाश्रम, बौद्ध गुम्बा, गणेशस्थानलगायत दर्जनौं मन्दिर छन् । धार्मिकसँगै शान्त वातावरणमा रमाउनेहरूका लागि पनि यो क्षेत्र उपयुक्त छ ।

७. **वाल्मीकि आश्रम -** चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको नेपालको एक महत्त्वपूर्ण धार्मिक, पौराणिक तथा ऐतिहासिक स्थल वाल्मीकि आश्रम हो । यही स्थानमा यज्ञ गरेका वाल्मीकिले रामायणलगायत काव्य रचना गरेको भनाइ छ। वाल्मीकि आश्रमको इतिहास १७ लाख ५० हजार वर्ष पुरानो भनेर लेखिएको छ । सीता उनै तपोधन वाल्मीकि आश्रममा रहेर दुई पुत्रलाई जन्म दिएर धनुर्विद्यामा पारङ्गत गराएको र अश्वमेध यज्ञमा छाडिएको घोडा त्यसै वाल्मीकि आश्रममा आइपुगेर लवकुशले बन्दी बनाएपछि घोडा छुटाउन स्वयम् राम वाल्मीकि आश्रममा आएको र रामका पुत्र लवकुशलाई जिम्मा लगाएर सीता त्यसै भूमिमा समाहित भएको कथा रामाश्वमेध काण्डमा लेखेका छन् । त्रेतायुगको कथा जोडिएको यो स्थानमा कुख्यात डाँकु रहेका रत्नाकरले ब्रह्मज्ञान प्राप्त गरेर महर्षि वाल्मीकि बनेका थिए ।

त्कालीन राजा महेन्द्रले २०२२ सालमा यस आश्रमप्रति चासो बढाएका कारण त्यतिबेला जे संरचना बने अहिले त्योभन्दा सुधार हुन सकेको छैन । नेपाल र भारत दुवै देशका पुरातत्त्वविद्को संयुक्त टोलीले सन् १९६५ मा निर्क्यौल गरेको वाल्मीकि आश्रम माडी नगरपालिका वडा नम्बर-१ मा पर्दछ ।

आश्रम आसपासमा पुरानो इनार सीताको पाताल प्रवेशस्थल, गौरीशंकर शङ्ख, हवनद्वार स्मारक, लवकुशको जन्मस्थल, सीताको सिलौटो, लवकुशले घोडा बाँधेको खम्बा, अठासी हजार ऋषिहरूले हवन गरेको कुण्ड, सीताले फल खाने स्थान, लवकुशको शिक्षा प्राप्तिस्थल, पानी पिउने गरेको पुरानो इनार र अन्य पुरातात्त्विक धार्मिक स्थल अवशेषका रूपमा रहेका छन् । नेपाल र

भारतका हजारौ पर्यटक आश्रममा आउने गरेका छन् । संसारमा विरलै देखिने हनुमानले एउटा घुँडा टेकेको मूर्ति सीताको मन्दिर बाहिर प्रतिस्थापित छ । नेपाल र भारतको सिमानामा पर्ने यो आश्रममा नेपालीभन्दा भारतीय धार्मिक पर्यटकहरू बढी आउने गरेका छन् । नवलपरासी जिल्लाको त्रिवेणीमा रहेको गण्डक ब्यारेज पुल तरेर भारतको वाल्मीकि नगर हुँदै डुङ्गा तरेर एक घण्टा जंगलको बाटो पैदल हिंडेर मात्रै नेपालको बाटो हुँदै आश्रममा पुग्न सकिन्छ ।

८) अध्ययनको क्रममा पाएका कालीगण्डकी सभ्यताभित्रका केही उल्लेख्य र थप अध्ययनको विषय बनेका कुरालाई यसरी सूत्रवद्ध गरेको छु ।

८.१) डा. माधव पोखरेलका अनुसार ऋग्वेदका राजा दिवोदास र सुदास पाञ्चालकै राजा थिए । गङ्गादेखि कर्णालीसम्म पाञ्चाल राज्य थियो । उत्तर पाञ्चाल त खसान नै हो । पोखरेलले एत्किन्सन (हिमालयन गजेटियर) लाई उद्धृत गरेअनुसार कश्मीरदेखि गण्डकसम्मको भूभागलाई खसमंडल अर्थात् केदारखण्ड भनिन्थ्यो ।

८.२) टिकाराम दाहालका अनुसार रामको वंश पुरुष रघुले राखु खोला किनारमा तपस्या गरेका थिए । महाभारतमा वर्णित भरत राजाले पनि सोही ठाउँमा आएर तपस्या गरेका थिए । पौराणिक कालमा नीलगिरि पर्वतमा आश्रम बनाई बस्दथे काग भुसुण्डी ऋषि । उनी दैनिक कृष्णागण्डकी र कागखोलाको सङ्गम त्यही कागबेनीमा स्नान गर्दथे । ती ऋषिले एकपटक रामलाई पनि त्यहाँ ल्याएर शिक्षा दिएका थिए । कुरू क्षेत्रमा मारिएका अक्षौहिणी सेनाको श्राद्ध युधिष्ठिरले गरेको र जीवित अवस्थामै स्वर्ग जाँदा पछि लागेको कुकुरसहित यही बाटो भएर गएका थिए । त्यसैले यो ठाउँलाई पितृकुण्ड भनिन्छ । साथै यो मार्गलाई मोक्षमार्ग पनि भनिन्छ । त्यस्तै इशाराले मात्रै सम्प्रेषण गर्ने जडभरत (अंगिरस ऋषिका छोरा) ले मल्लाजको टाकुरामा पोखरी बनाएर स्नान र तपस्या गर्ने गर्दथे जस्ता कुराहरूको वर्णन गरिएका विद्युतीय सामग्री उपलव्ध रहेछन् ।

८.३) बेनी बजारलाई जयन्ती, मङ्गला र कालीको संगम स्थान मानिनु, पुलस्त्य ऋषिले आश्रम बनाएर रहेको स्थान भएकोले पुलहाश्रम नाम रहेको जस्ता थुप्रै विवरण र वर्णन पनि पाइँदा रहेछन् ।

८.४) सत्यवती, पराशर ऋषि, व्यास, पाणिनिजस्ता पौराणिक, ऐतिहासिक एवं ज्ञान विज्ञानका क्षेत्रमा बहुप्रसिद्ध पात्रहरूको जन्म र कर्मथलो कालिगण्डकी नदी प्रणाली क्षेत्र नै रहेको कुरा स्थापित सत्य बनेको छ । चैतन्य कृष्णबाट कालीगण्डकी तिनाउ डाइभर्सन सम्बन्धित गोष्ठीमा व्यक्त विचारअनुसार वैदिक गणितको अध्ययन अनुसन्धान गर्ने क्रममा पाइथागोरस लगायतका गणित विज्ञानका अध्येताहरू २५०० वर्ष पहिले नै यो क्षेत्रमा आएर केही समय बसेका थिए ।

८.५) बि.सं. १५१० तिर स्याङ्जा नुवाकोटमा राज्य गर्ने कुलमण्डन थिए । उनि मिचाखानका नाति र विचित्र खानका छोरा हुन् । कुलमण्डनले दिल्लीका बादशाहबाट शाह पदवी पाएकाले उनकै पालामा शाह वंशीय शासन गण्डक क्षेत्रबाट सुरु भएको देखिन्छ ।

८.६) डा. हर्क गुरुङ र अन्य समाज शास्त्रीहरूका

अनुसार मल्ल शासक मलेबमले बेनीमा सन् १६९७ मा शिवको मन्दिर बनाएका थिए । सात वर्षपछि त्यही दरवार बनाएर हिउँदे राजधानी बनाएका थिए । यस क्षेत्रका फलाम खानी, तामाखानी र भोटतिर व्यापार गर्ने कालीगण्डकी मार्गमार्फत् आर्थिक स्रोत पर्वत राज्यको आफ्नो नियन्त्रणमा भएकोले गण्डकी क्षेत्रका २४ राज्यमध्ये पर्वत बलियो थियो ।

८.७) पाल्पाका राजा मणि मुकुन्दसेन आफ्नो राज्यकाल (वि.सं.१५७५(१६१०) को अन्त्यतिर देवघाटमा आएर विश्राम गरेका थिए । उनैले वि.सं. १५८९ मा चक्रेश्वर मन्दिर बनाएर राखेको पुरातात्त्विक महत्त्व राख्ने चक्रवर्ती शिला अहिले पनि देख्न सकिन्छ । मुकुन्दसेन, प्रतापसिंह शाह, कविशिरोमणि लेखनाथ, स्वामी परमानन्द सरस्वती, गलेश्वर बाबा, डा. स्वामी रामानन्द गिरि आदि महापुरुषहरूले यसै स्थानबाट आँफुलाई विसर्जन गरेको कुराले पनि जीवनको उत्तरार्धमा समेत देवघाटधामले निकै महत्त्व राख्दछ ।

८.८) डा. प्रमोद ढकालका अनुसार पृथ्वीबाट प्राकृतिक रूपमा जल र अग्नि सँगसँगै मूल फुटेर निस्कन वायु र आकासको उपस्थिति अनिवार्य छ । मुक्तिनाथमा एकै ठाउँमा पञ्चमहाभूत (अग्नि, वायु, जल, पृथ्वी र आकाश) को उपस्थिति छ ।

८.९) डा. प्रमोद ढकाललगायत सबैबाट चर्चा भएको छ कि शालिग्राम जीवावशेष, सुनको मिसावट र अरू थुप्रै रहस्यमय गुण भएको शिला हो जो दामोदरकुण्डदेखि सप्तगण्डकीसम्म बगेर आइपुग्छ । गुल्मी, पर्वत र स्याङ्जाको संगमस्थलमा रहेको एसियाकै ठूलो शिला शालिग्राम कालीगण्डकी किनार सेतीबेणीमा रहेको छ ।

**९) निष्कर्ष**

सामाजिक अध्येताहरू, पुरातत्त्वविद्हरू संस्कृतिविद्हरूले उपलब्ध समग्र साहित्यको अध्ययन गरी निस्केको निचोड यो निबन्ध हो । दामोदरकुण्ड र मुक्तिनाथको १०८ जलाधारा नै कालीगण्डकीको शिर हो भने कागबेनी, जोमसोम, मुस्ताङको तातोपानी, बागलुङ कालिका, खड्गकोटको फूलबारी (मुक्तिघाट), गुल्मी, पर्वत र स्याङ्जाको सङ्गमस्थलमा रहेको एसियाकै ठूलो शीला शालिग्राम, रिडीको ऋषीकेश, मुलुककै ठूलो जलविद्युत् कालीगण्डकी ‘ए’ परियोजनाको जलाशय क्षेत्र, पाल्पाको रानीमहल दरबार, सुप्रसिद्ध देवघाटदेखि वाल्मीकि आश्रमजस्ता पर्यटकीय स्थललाई कालीगण्डकी जलप्रणालीले जोडेको छ । हिमालको काखबाट बग्दै आएको कालीगण्डकीको तटीय क्षेत्रको प्राकृतिक सौन्दर्य, झरना र धार्मिक सम्पदा, सांस्कृतिक पर्यटनको प्रचार-प्रसार र विकासमा समेत कालीगण्डकी जलप्रणाली चीरकालीन महत्त्व रख्दछ । भारत-चीन जोड्ने कालीगण्डकी करिडोरले यसको महत्त्व अरू थपिने अवस्था छ । कालीगण्डकी सभ्यताभित्रका विविध पक्षहरू अध्ययन गर्न थुप्रै अध्येताहरूलाई प्रेरित गरिरहेको अवस्था छ । यस्तो परिवेशमा कालीगण्डकी तिनाउ डाइभर्सनले नदीको प्राकृतिक बहावलाई मोडेर अर्कैतिर लैजाने भनिएपछि यसको शीरदेखि तीरसम्मका जनताले विरोध गर्दै आएका छन् ।

# देवघाट महिमा र कालीगण्डकी प्राकृतिक वहावको अपरिहार्यता



केदारनाथ खनाल
भरतपुर-१०, चितवन

देवता र दानव मिलेर समुद्रमन्थन गर्दा निस्केको कालकुट विष घाँटीमा लिएर छट्पटाउँदै हिमालयतिर आएका शिवजी (हर)ले औडाहा शमन गर्न रसुवा जिल्लाको लेकमा त्रिशूल गाड्दा निस्केको गोसाइँकुण्डबाट बग्दै आएकी त्रिशूली नदी र लोककल्याणका लागि हिमालयमा गई तपस्या गर्दा ज्वाला प्रकट भई सो ज्वालाको तापले भगवान् विष्णु(हरि)को गलाबाट पसिनाको रूपमा मुस्ताङ जिल्लाको मुक्तिनाथबाट निःसृत कालीगण्डकी नदीको पवित्र सङ्गम स्थल देवघाटधामलाई हरिहरक्षेत्र र आदिप्रयाग पनि भनिन्छ । 'हरि' - मुक्तिनाथ, दामोदरकुण्ड, रघु, रिडी, मादी आदि सम्मिलित शालग्रामी नदी कालीगण्डकी र 'हर' - त्रिशूली, वेत्रावती, बुढीगण्डकी, दरौंदी, मर्स्याङ्दी, सेती, मादी आदि सप्तगण्डकीहरूको दोभान हुनाले मात्र देवघाट प्रसिद्ध भएको होइन, नेपालको मध्यभागमा पर्ने महाभारत शृङ्खलको काखमा रहेको पावन तीर्थ देवघाटधाम नारायणी, लुम्बिनी र गण्डकी तीन अञ्चल र चितवन, तनहुँ, नवलपरासी तीन जिल्लाको त्रिवेणी र बाग्मती तथा गण्डकी प्रदेशका सङ्गम पनि हो । यहाँबाट नारायणी नामले प्रवाहित भएर गजेन्द्रमोक्ष, त्रिवेणी (भैंसालोटन), गण्डकीबाँध हुँदै भारतको गङ्गामा मिलेकी छन् ।

देवघाटको भौगोलिक अवस्थिति पूर्व ८४° २२' ३" र ८४° ३' देशान्तर तथा उत्तर २७° ३३' ३" र २७° ४७' ३" अक्षांशमा पर्दछ र समुद्री सतहबाट २९० मिटर उचाइमा रहेको छ । पहाड, मधेस सबैतिरबाट सुगम देवघाट क्षेत्र प्राकृतिक सौन्दर्यले मनोरम तथा भौगोलिक बनोटले अत्यन्त रमणीय छ। काठमाडौं वा पोखराबाट हवाइजहाजमा भरतपुर ओर्लेर ६ कि.मि. मोटरबाटोबाट देवघाट पुग्न सकिन्छ । काठमाडौंबाट १४४ कि.मि., बुटवलबाट १२० कि.मि., हेटौंडाबाट ७४ कि.मि., मुगलिनबाट ३८ कि.मि. तथा नारायणी पुलबाट ५.८ कि.मि., दासढुङ्गा पुलबाट ६.५० कि.मि. र दियालो बङ्गला प्रवेशद्वारबाट ३.६७ कि.मि.मा पर्दछ देवघाट सङ्गम ।

ऐतिहासिक र पौराणिक महत्त्वको यो धार्मिक क्षेत्र गङ्गा, यमुना र सरस्वतीको त्रिवेणी (प्रयागराज) र ऋषिकेश हरिद्वारभन्दा बढी पवित्र तीर्थस्थल मानिन्छ । भगवान् श्रीविष्णुको गलाबाट निस्किएकी कालीले दसहजार वर्षसम्मको कठोर तपस्याबाट प्रसन्न भई वरदानस्वरूप कालीगण्डकीको गर्भगत छोराको रूपमा शालिग्राम भएको चर्चा पुराणहरूमा पाइन्छ । पृथ्वीमा अनेकौं नदीहरू भए पनि शालग्राम कुद्ने नदी एक मात्र कालीगण्डकी हो र शालिग्रामको महिमा यस्तो छ -

**शालग्रामस्य संस्पर्श कोटियज्ञफलप्रदः ।**
**मरणं तत्समीपे तु काशीतुल्यफलं लभेत् ।**

अर्थात् शालिग्रामको स्पर्शमात्रले पनि कोटियज्ञ गरेको फल प्राप्त हुन्छ । यसको नजिकमा मृत्यु भएमा काशीको मरण बराबर फल प्राप्त

हुन्छ । देवताहरू यहाँ भ्रमण गर्न आउने हुनाले देवाट (देवाः अटन्ति यत्र) र देवताहरूले स्नान गर्ने भएकाले देवह्रद (देवदह) तथा सिद्ध पुरुषहरूका आश्रम भएकाले सिद्धाश्रम, प्रयागभन्दा पहिलो वेणी भएकाले आदिप्रयाग तथा हरिस्वरूपा काली र हरस्वरूपा त्रिशूलीको दोभान भएकाले हरिहरक्षेत्र भनिएको हो ।

**देवदेव स्वयं यत्र प्रमथैः सह तिष्ठति**
**देवतीर्थमिति प्रोक्तं तस्मात् सर्वफलप्रदम् ।**

अर्थात् देवाधिदेव महादेव स्वयं आफ्ना गणहरूसहित यहाँ आएर बस्नुहुन्छ । यसर्थ देवघाटलाई देवतीर्थ भनिएको हो ।

**पृथिव्यां यानि तीर्थानि सन्ति पुण्यप्रदानि च ।**
**कोटिकोटिगुणेतव्य स्नात्वा तत्र प्रलभ्यते ।**

अर्थात् पृथिवीतलमा जति पनि तीर्थस्थलहरू छन्, ती सबैभन्दा कोटि गुणभन्दा बढी फल यहाँ स्नान गर्दा मिल्छ । यसर्थ देवघाटधाम पवित्रतम तीर्थ मानिन्छ ।

देवघाटमा स्थापित विभिन्न मठ, मन्दिर, आश्रम, अखडा, चक्रेश्वरशिला, वेदवेदाङ्ग पाठशाला, गलेश्वर आश्रम, हरिहर संन्यास आश्रम, महेश संन्यास आश्रम, वेदाश्रम वृद्धाश्रमहरू, कुटीपाटीहरू तथा साधुसन्त, महन्त, योगी, महात्माहरू, वृद्धवृद्धाहरू आध्यात्मिक वातावरणमा निर्भय भई निजनिज कार्यमा संलग्न रही जीवनयापन गरिरहेका छन् । चितवनतर्फ भरतपुर महानगरपालिका वडा नं. १ र तनहुँतर्फ देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समिति संस्थागत निकायहरू आआफ्नो कार्यअन्तर्गत रहेर यस पवित्र धामको विकासकार्यमा क्रियाशील छन् ।

माघे सङ्क्रान्तिको बेला यहाँ ठुलो मेला लाग्छ भने वैशाख सङ्क्रान्ति, अक्षयतृतीया, मातातीर्थ औंसी, पितृ औंसी, गङ्गा दसहरा, गुरुपूर्णिमा, जनैपूर्णिमा, फागुपूर्णिमा, नागपञ्चमी, श्रीकृष्णाष्टमी, शिवरात्री, तीज, बालाचतुर्दशी, हरिशयनी, हरिबोधनी एकादशी, चन्द्रग्रहण, सूर्यग्रहण, पितृपक्ष, नवरात्री, श्रावणका सोमवार लगायत विभिन्न पर्वमा पवित्र स्नान, जप, होम, श्राद्ध, तर्पण, दान गरी पुण्य आर्जन गर्नेहरूको भीड दिन परदिन बढ्दो छ । व्रतबन्ध, विवाह र एकाह, सप्ताह, नवाह लगाउनेहरूको प्राथमिकतामा यो देवघाट तीर्थस्थल पर्दछ ।

वस्तुतः देवघाट देवी-देवताहरूको, ऋषि-मुनिहरूको, ज्ञानी-महात्माहरूको, साधु-सन्तहरूको, सन्त-महन्तहरूको, साधक-उपासकहरूको, जिज्ञासुहरूको, मुमुक्षुहरूको उपासनास्थल हो, कर्मभूमि हो, साधनाभूमि हो र पवित्रतम तपोभूमि हो ।

नेपालका ठूला नदीहरूमा पूर्वमा सप्तकोशी, पश्चिममा सप्तकर्णाली र मध्यभागमा सप्तगण्डकी प्रसिद्ध छन् । काली, बुढी, सेती, मादी, दरौंदी, मर्स्याङ्दी र त्रिशूलीलगायत सप्तगण्डकीहरू देवघाटको वेणीमा सम्मिलित भएपछि नारायणी नामले चितवन र नवलपरासी बिच हुँदै बग्ने यो नदीको लम्बाइ ३३८ कि.मि. र जलप्रवाह क्षेत्र २६००० वर्ग कि.मि. भूभाग छ । उपर्युक्त तीन ठूला नदीहरूमध्ये सबैभन्दा गहिरो नदी नै नारायणी हो भनिएको छ ।

सप्तगण्डकीको उद्‌गम र महत्त्वका सम्बन्धमा हिमवत्‌खण्डलगायत अनेकौं ग्रन्थहरूमा व्यापक चर्चा परिचर्चा गरिएको छ । सप्तगण्डकीलाई सप्तमातृका र सप्तशक्तिको रूपमा समेत पुजिन्छ । यी गण्डकीहरू ससाना पानी बग्ने खोला वा नदी

मात्र नभएर दसौं हजार वर्षदेखिको हाम्रो वैदिक सभ्यता र धार्मिक एवं सांस्कृतिक धरोहर हुन् । विश्वका एक अरब बीस करोड हिन्दूहरू र बौद्ध धर्मावलम्बीहरूको सांस्कृतिक परिचायक हो समग्र गण्डकी प्रस्रवण क्षेत्र । पुराणमा उल्लेख भएअनुसार कालीगण्डकीको शिर मुक्तिनाथमा ब्रह्माजीले ठूलो यज्ञ सम्पादन गर्नुभएको र सो यज्ञमा भगवान् विष्णु जलको रूपमा र शिवजी अग्निको रूपमा प्रकट हुनुभएको थियो । मुक्तिनाथ मन्दिरको दायाँबायाँ एकातिर १०८ धारा, कुण्ड र अर्कोतर्फ अखण्डज्योति ज्वाला अद्यापि छँदै छ । यस्तै अर्को प्रसङ्गमा लोककल्याणका लागि विष्णु भगवान्ले हिमालयमा गई तपस्या गरेको ठाउँमा धपधप बलेको ज्वाला निस्क्यो । त्यो लपलपाउँदो तातो ज्वालाको रापले तपस्यारत विष्णु भगवान्को गण्डकस्थलमा निस्केको पसिनाले नदीको रूप लियो । अर्थात् भगवान् विष्णुको गण्डस्थलबाट निःसृत भएकाले यसलाई गण्डकी भनिएको हो । हिमालय पर्वतको सेरोफेरोमा विचरण गर्ने आशुतोष शिवजीले नदीको मुहान खोज्दै जाँदा विष्णुको गलाबाट नदी बगिरहेको देखेपछि सो ठाउँको नाम मुक्तिक्षेत्र रहेको हो । नदीमा अविरल अमृतमय जल प्रवाहित भइरहेको देखेर विष्णु भगवान्ले शिलाको रूपमा रहने इच्छा प्रकट गरेको हुनाले नै शालिग्रामको रूपमा रहेको मानिन्छ । यसैगरी गण्डकीले विष्णुलाई खुसी बनाएर पुत्रको रूपमा काखमा लिन चाहेको प्रसङ्ग र छलद्वारा सतीत्व डगाउन पुगेका वृन्दाबाट शापित विष्णु यहाँ शालिग्रामको रूपमा रहेको प्रसङ्ग पनि स्वस्थानी कथामा उल्लेख छ । शालग्रामलाई आदि जीव या आदि नारायणको प्रतिरूप पनि भनिन्छ । आदि जीवको कुरा किंबदन्ती वा इतिहास मात्र होइन, मरेका मानिसका हाड कालीगण्डकीमा पऱ्यो भने शालिग्राम बन्ने, आत्माले मुक्ति पाउने र वैकुण्ठ वास हुन्छ भन्ने कुरा शास्त्रसम्मत भएकाले कालीगण्डकी र देवघाटको महत्त्व सर्वाधिक रहेको छ ।

यति धेरै पौराणिक, धार्मिक, आध्यात्मिक र सांस्कृतिक महत्त्वको शालिग्रामगर्भा पवित्र नदी कालीगण्डकीलाई कसैको स्वार्थपूर्तिमा 'कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना'को नाममा प्राकृतिक वहाव परिवर्तन गर्ने कुचेष्टा गर्नु ज्यादै दुःख र खेदजनक कुरा हो, कल्पनासम्म गर्नु पनि महापाप हो ।

गत २०७६ भाद्र ३० गते जिल्ला समन्वय समिति चितवनको सभाहलमा देवघाट क्षेत्र विकास समिति, नेपाल सन्त समाज र देवघाट गाउँपालिकाको संयुक्त आयोजनामा भएको 'कालीगण्डकी डाइभर्सन र प्रभाव' विषयक बृहत् अन्तर्क्रिया कार्यक्रममा उपस्थित हुने अवसर जुर्दा रामदीको केही तल बाँध बाँधेर कालीगण्डकीको पानी ९ मिटर व्यासको करिब ३० कि.मि. सुरूङबाट लगेर करिब १८० मिटर उचाइँबाट तिनाउमा खसालेर रूपन्देही र कपिलवस्तुमा सिँचाइ गर्नुका साथै १०४ मेगावट जति बिजुली निकाल्ने दिवास्वप्न देखाइँदै छ भन्ने जानकारी भयो । अन्तर्क्रिया कार्यक्रममा विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत कार्यपत्रहरू र सहभागी विशिष्ट विद्वान्हरूको अभिव्यक्तिबाट तथाकथित केही जनप्रतिनिधि भनाउँदाहरू नै भारतीयको इसारामा यो कुत्सित कार्यमा पद, शक्ति र सत्ताको धाक देखाउँदै हात धोएर लागेका छन् भन्ने बुझियो । प्रस्तावित बुढीगण्डकी जलाशयको पानीले नारायणीको जलप्रवाहलाई सन्तुलन गर्ने

रणनीतिमा भारतीय इसारामा नै कालीगण्डकी डाइभर्सन गराउने प्रयास भएको आँकलन कुलराज चालिसेको थियो भने डा. गुरुप्रसाद सुवेदीले उक्त मितिमा प्रस्तुत गर्नुभएको 'कालीगण्डकीको महत्त्व र डाइभर्सनको दुष्प्रभाव' शीर्षकको कार्यपत्रमा त यौगिक महत्त्व बुँदामा शरीरको प्राण, वायु चलाउन दुई नाडीहरू कालीगण्डकीलाई इला र त्रिशूलीलाई पिङ्गलाको उदाहरण दिनुका साथै विद्युत्तरङ्ग प्रवाहित हुने ऋणात्मक र धनात्मक दुईवटा तारको सही तरिकाले संयोजन हुनुपर्छ । अन्यथा कृष्णा र त्रिशूलीको सङ्गमको यौगिक प्रयोग भत्कने गरी प्रवाह परिवर्तन गर्दा नजान्नेले बिजुली चलाएजस्तै अकल्पनीय दुर्घटना हुन सक्ने चेतावनी दिनुभएको थियो । यस भेलाका मुख्य सारांशलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. परापूर्वकालदेखिको धार्मिक आस्था, वैदिक सभ्यता र गौरवमय संस्कृतिलाई लात मार्दै केलादी घाटदेखि देवघाटसम्मका जनतालाई मारेर अर्कोतर्फका जनतालाई रिझाउने बाहनामा छिमेकीलाई कालीगण्डकी सुम्पने चाटुकारहरूको कुत्सित चालबाट होसियार हुन बेलैमा प्रतिरोध गर्न समेत आह्वान गरिएको थियो । कालीगण्डकीको प्राकृतिक प्रवाह परिवर्तन भएमा हुन सक्ने प्रतिकूल प्रभावबारे विशेष छलफल भएको थियो ।

२. बाँधको तल पाल्पाको रम्भा र स्याङ्जाको सीमा आसपास कालीगण्डकी तीरमा बस्ने जनतालाई मात्र होइन, तनहुँ, चितवन, नवलपरासीसम्मका जनताको रोजीरोटी हराउँछ । विकासको सम्भावना अवरूद्ध हुन्छ । जलवायु परिवर्तनले प्राकृतिक असन्तुलन, जलचर, थलचर र प्राणी तथा वनस्पतिजगत्मा पनि प्रतिकूल असर पर्छ ।

३. कालीगण्डकीको डाइभर्सन गरियो भने मुक्तिनाथदेखि तल कालीगण्डकीसम्म जोडिएका कागवेनी, हृषीकेश, गलेश्वर, देवघाट, नारायणघाट, त्रिवेणीसम्मकै थुप्रै धार्मिक क्षेत्रलाई असर पार्छ, धार्मिक तीर्थस्थलको अस्तित्व मेटिन्छ । कालीगण्डकीको वहाव परिवर्तन भए यससँग जोडिएका क्षेत्रको मात्र होइन, देशकै धार्मिक आस्थामाथि कुठाराघात हुन्छ आदि ।

सङ्क्षेपमा भन्दा कोशी, गण्डकी र टनकपुर सम्झौताबाट गम्भीर सवक सिकिसकेका हामीले सम्भावित दूरगामी परिणामलाई बेलैमा सचेत भएर धूर्तहरूको मोहजालमा फस्नु हुँदैन । परापूर्वकालदेखिको देवघाटको जुन महिमा र महत्त्व छ, जुन आस्था र विश्वास छ, त्यसलाई जीवन्त कायम राख्न मात्र होइन, धार्मिक पर्यटन र भैंसालोटनदेखि जलयात्रा र र्‍याफ्टिङका माध्यमबाट पनि आर्थिक समृद्धिका लागि मेरूदण्डको रूपमा देशको विकास गर्न र यस क्षेत्रका जनताको जीवनस्तर उकास्न कालीगण्डकी नदीको प्राकृतिक बहावलाई नखल्बलाई यथावत् राख्न सर्वतोभावेन समीचीन छ । अन्यथा गर्न मात्र होइन, सोच्नसम्म पनि हुँदैन । अस्तु ।

# देवघाटधाम एवं कृष्णागण्डकीको महत्त्व



**टंकनाथ पौडेल**
पूर्व अध्यक्ष, देवघाट क्षेत्र विकास समिति

नेपालको मध्यभागमा पर्ने देवघाटधाम, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक एवं पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। कालीगण्डकी र त्रिशूली नदीको सङ्गम स्थल देवघाटधाम पौराणिक अभिलेखअनुसार देवघाटधाम भगवान् विष्णुले तपस्या गर्नुभएको र भगवान् विष्णु र शिवले यस ठाउँमा निवास गर्नुभएको हुनाले यस ठाउँलाई आदि प्रयाग, हरिहर क्षेत्र, सिद्धाश्रम, देवदह आदि पावन नामले परिचित छ । महादेवको जराबाट त्रिशूली नदीको उत्पत्ति र श्रीकृष्णगण्डस्थलबाट कालीगण्डकी उत्पत्ति भएको पुराणमा उल्लेख छ । सङ्गमस्थल तीर्थमा देवताहरू पनि विहार गर्न आउने गर्दथे । त्यसैले यस ठाउँलाई देवाट वा देवघाट भनिएको हो । यो क्षेत्रको प्राकृतिक विषमता समुद्र सतहदेखि २०० मी देखि ५७५ मि. को भित्री तराई र पहाडी धरातलले ओगटेको पाइन्छ ।

स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा कुमारजीले अगस्त्य ऋषिलाई कृष्णाभाको महत्त्व बताउने सन्दर्भमा यस कृष्णाभा (कृष्णागण्डकी) मा प्राप्त हुने शालिग्राम वृक्षावतार नारायणबाट पाषाणरूपमा परिणत भएको आधुनिक प्रसिद्ध नाम शालिग्राम कसरी बन्न गयो, सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ । कल्पभेदको आधारमा यहाँनेर कुमारजीले अगस्त्य ऋषिलाई बताउनुहुन्छ :- एकदिन जालन्धरकी पत्नी पतिव्रता वृन्दाको सतीत्व नष्ट नगरेसम्म जालन्धर राक्षस मर्न नसक्ने भएकोले भगवान् विष्णुले जालन्धरको रूप धारण गरी वृन्दाको सतीत्व नष्ट गरेपछि वृन्दाले तब मात्र थाहा पाइन्, जब उनको सतीत्व नष्ट भयो, त्यसपछि वृन्दाले भगवान् विष्णुलाई श्राप दिँदा पाषाण भई शालग्राम रूपमा आउन पर्‍यो । अर्को कल्पभेदअनुसार ब्रह्माजीको पुत्री तुलसीलाई पनि सतीत्वनष्ट गरेपछि उनले पनि विष्णुलाई पाषाण हुने श्राप दिइसकेपछि पुनः भगवान् विष्णु गण्डकीमा शालग्राम रूपमा प्रवाहित हुनुभयो । त्यसपछि भगवान् विष्णुले आफू शालग्राम पाषाण भइसकेपछि विश्वकर्मा सिल्पीलाई बोलाएर भन्नुभयो - हे विश्वकर्मन् ! तिमीले सुवर्ण पाषाणहरूबाट मेरा मूर्तिहरूलाई बनाऊ । यस प्रकार कि कृष्णाभाको भित्र बज्रकीट भएर स्थित रहोस् । हे विश्वकर्मन् जति मेरा मत्स्यकूर्मादि अवतार भइसकेका छन्, तिनीहरू सबै धेरै चिह्नहरूबाट अलगअलग लक्षणका हुनेछन्, त्यसरी नै तिमी चक्रहरूबाट विभिन्न मूर्तिहरूलाई शीघ्र बनाइहाल भन्ने कुरालाई कुमारजीले अगस्त्यमुनिलाई यी कुराहरू सुनाइराख्नु भएको प्रसङ्ग हिमवत्खण्डले बताउँछ । यसरी भगवान् विष्णु शालग्राम-पाषाण रूप बनेर आफ्नै स्वरूप **"कृष्णस्य तनूद्भवा"** मा अमृतजल बनेर स्नान गर्नुभयो । यसमा विश्वकर्मा बज्रकीट बनेर सुवर्णसदृश पहेंलो, सेतो, रातो, एवं कृष्णवर्णका

अनेकौं चिह्नहरू चक्रले युक्त भएर अनन्त विभिन्न मूर्तिहरूलाई हजारवर्षसम्म निर्माण गर्दै गएर आजसम्म त्यो पाषाण पवित्र अर्चावतारका रूपमा बन्दै गइरहेको छ । त्यसपछि हिमवत्खण्डअनुसार अनेकौं रूपमा बनेका पाषाण शालग्राम चक्रलाई ज्ञानीजनहरू आदरपूर्वक ग्रहण गरेर आफ्नो मनोरथ प्राप्तिका लागि अर्चना गर्दछन् भनी कुमारजीले अगस्त्य ऋषिलाई बताउनुहुन्छ । यसरी मूर्तिस्वरूप शालग्राम पाषाणको स्वरूप कस्तो हुन्छ, कति प्रकारका स्वरूप छन्, यिनको विस्तृत वर्णन पनि यस हिमवत्खण्डले स्पष्ट रूपमा बताएको छ भनी कुमारजीले अगस्त्यमुनिलाई बताउनु भएको थियो ।

कृष्णागण्डकीको उत्पत्तिस्थल तिब्बतको पठारक्षेत्र थोक्छु भन्ने गाउँभन्दा परदेखि आएको विश्वको पहिलो आदिगज्जा हो । सीमाना (चिन र नेपाल) मा आउँदा १३ किलो मिटर पार गर्नुपर्दछ भने लोमान्थाङ नाकामा आउँदा २३ कि.मि. पार गर्नुपर्दछ। यसरी लोमान्थाङबाट ढिहीसम्म आइपुग्दा ३ कि.मि. पार गर्नुपर्दछ । यसरी दामोदरकुण्डबाट आएकी कृष्णाको अर्को रूप चक्रनदी शालग्राम जलको सङ्गम ढिही सुर्खाङसम्म आइपुग्दा ३९ कि.मि पार गर्नुपर्दछ । यसरी कृष्णागण्डकीको शालग्राम जल कागवेनीमा आउँदा मुक्तिज्वाला, मुक्तिपर्वत, मुक्तिनाथको शिरदेखि विष्णुसरोवर ६ कोश माथिबाट तल झरेको अमृतजल १०८ कुण्डमा परिणत भएर संसारका तीर्थयात्रीहरूले यहाँ आएर मुक्तिको कामना गरी स्नान गर्दछन् ।

कृष्णागण्डकी प्रवाहित हुँदै कागवेनी पावन पितृमोक्ष स्थान पार गर्दै जोमसोम मार्फा, टुकुचो लेते, घासा हुँदै तातोपानी भन्दा माथि सहायक नदी मिर्सासँग सङ्गम हुन्छ । त्यसपछि पावन उत्तरप्रयाग गलेश्वरक्षेत्रमा रहु/राख गङ्गासँग कालीगण्डकीको सङ्गम हुन्छ। त्यसपछि म्याग्दी (मङ्गला) बेनीबजारमा कालीगण्डकीको सङ्गम हुन्छ । त्यसैगरी मोदीवेनी माधवीसँग कुस्मा क्षेत्रमा गएर कालीसँग सङ्गम हुन्छ । त्यसपछि पाँचौं सेतीवेनी विशाल शालग्राम शिलाबाट पर्वत जिल्लाको दक्षिणी सीमानातिर बगेको सेती बेनी (हैमवती) नदी कालीगण्डकीसँग सङ्गम हुन्छ । त्यस्तै छैटौं नदी आँधी, आँधी अन्धावतीसँग कालीको सङ्गम मिर्मीमा हुन्छ, जहाँ कालीगण्डकी जलविद्युत् परियोजना रहेको छ। त्यस्तै सातौं रुद्रमती (रुद्रावती) बडीगाड रुद्रवेणीमा कालीको सङ्गम हुन्छ । अन्तिममा रिडी, रुरुगँगा काली गण्डकीसँग सङ्गम हुन्छ र पूर्व उत्तर बाहिनी हुँदै महाभारत पर्वत श्रृंखलालाई पूर्व उत्तर पारेर खाल्टे भन्ने ठाउँबाट सिधै महाभारत डाँडो काटेर ३१ कि.मि. पर देवधाम देवघाटधाममा गएर त्रिशूली र शुक्ला (सेती) साथ सप्तगण्डकी-नारायणी कुण्डबाट मुक्तिक्षेत्रसम्म ३४ कि.मि. रहेको छ भनी भौगोलिक सर्वेक्षणले बताउँछ, देवधामबाट विशाल गण्डकी नारायणीको पोखरी बन्दछ, यो पोखरी रापतीदूनअन्तर्गत चुरे महाभारत डाँडी माडी (माण्डण्य ऋषिको तपोभूमि) सम्म रहेको थियो । तात्कालिक प्राचीन मानसकल्पदेखि त्रेतायुगको बिचमा सालङ्कायन ऋषिले सुमेरु पर्वत, मन्दराचल, गन्धमादन हुँदै गण्डकी क्षेत्रमा आएर तप गर्दा धेरै वर्ष वितेपछि भगवान् नारायणले शालको वृक्षमा अवतार लिएर दर्शन दिनुभएको हुनाले त्यही वृक्षको नामबाट शालग्राम हुँदै शालिग्राम पाषाण बन्न गएको छ । यो शालिग्राम माडीको महेश्वरी (मग्वै) खोला सोमेश्वर गढी जाने डाँडातिर पाइन्छ। यसरी -

**गण्डक्यास्थोत्तरेतीरे गिरिराजस्थ दक्षिणे ।**
**योजनानां द्वादशयुग् तीर्थं चक्रविनिर्मितम् ॥**

भनेअनुसार २४ योजन ९६ कोश (३०९ कि.मि) दामोदरकुण्डदेखि देवघाटधाम केन्द्रवती भएर माडी (माण्डव्य ऋषिको तपोभूमि) भएपछि पोखरीको ठाउँमा शालका वृक्षहरू उत्पन्न भए । त्यसैले शालका वृक्षहरू पवित्र मानिन्छन् र यिनैको सङ्ख्या देवघाटधामदेखि माडीसम्म प्रशस्त रहेका छन् (अतः कालीगण्डकी भागीरथी गङ्गाभन्दा जेठी नदी हुन्, त्यसैले यसलाई आदिगङ्गा भनिन्छ । जहाँ कहिल्यै नसुक्ने नदी कन्चन अमृत जब सदानीरा हो । देवधाम-देवघाट धामलाई आदिप्रयाग हरिहरक्षेत्र विभिन्न तीर्थहरूको समूह कदम्बतीर्थ - देवह्रद (देवसरोवर) बटुवामनतीर्थ सिद्धाश्रम आदि नामले परिचित यो क्षेत्र भारतमा लाग्ने चार कुम्भ मध्येको वैशिष्ट्य कुम्भ (भगवान्-विष्णु) को स्थान हो । त्यसैले शिरदेखि लिएर जहाँ गङ्गा (सोनपुर) सम्म प्रवाहित हुन्छिन्, त्यो जललाई अमृत्तिर्थ जल भनेर स्नानका लागि लाखौँ तीर्थयात्रीहरू पर्वपर्वमा स्नान गर्न आउँछन् ।

हिमवतखण्डमा स्पष्ट उल्लेख गरिएको -

**प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैभिषे ।**
**कृष्णामायां सकृत्स्नात्वा फलं तुल्यं लभेन्नरः ॥**


स्कन्द पुराणमा गण्डकीको महिमा यसरी गरिएको छ ।

**श्रद्धां करोति यस्तस्यां पितृन्सर्वान् समुद्धरेत्**
**गयायां पिण्डदानात्तु लभेच्छतगुणं फलम् ॥**

यस्तो महिमा बोकेको देवघाट धामको समग्र विकास गर्ने हेतुले त्कालिन नेपाल सरकारले २०५० सालमा गठित देवघाट क्षेत्र विकास समितिले यो देवघाट क्षेत्रको गुरु योजना २०६५ तयार पारी समितिले वि.सं २०५२ सालमा तयार पारेको भौतिक विकास योजना र २०५६ सालमा सुरु भएको भित्री धार्मिक क्षेत्रको गुरुयोजनाका विकास वस्तुलाई समेटी विशेष प्राविधिक कार्यटोलीको विशेष प्रयास र स्थानीय जनताहरूको सुझाबबाट गुरुयोजनाको प्रतिवेदन तयार पारिएको २१ वर्षे गुरुयोजनामुताविक कूल लागत एक अर्व २२ करोड रहेकोमा सोअनुसार वार्षिक करिब सवा दश करोड विनियोजन हुनुपर्नेमा नेपाल सरकारबाट न्यून रूपमा बजेट विनियोजन हुने गरेकोले गुरुयोजना कार्यान्वयनमा कठिनाई उत्पन्न भएको छ । गुरुयोजनाअनुसार कार्य २५ प्रतिशत पनि नभएको हुँदा त्काल गुरुयोजना समयसापेक्ष परिमार्जन गरी देवघाटधामलाई धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्ने अभिप्रायले अगाडि बढ्नु पर्ने आजको आवश्यकता रहेको छ ।

(नोट : देवघाट क्षेत्रको पौराणिक तथा सांस्कृतिक स्रोत प्रबन्धबाट उद्धृत ।)

# आदिगङ्गा कृष्णागण्डकीको वैशिष्ट्य



डा. नारायणप्रसाद तिम्सिना 'देवबाबा'

**१. विषयप्रवेश**

यस आलेखमा भौगोलिक अवस्थित वैदिक पौराणिक ऐतिहासिक, पुरातात्विक महत्त्वमा शालग्रामवाहिनी तीर्थजल सदानीरा आदिगङ्गा कृष्णगण्डकी, विश्व दुर्लभ शालग्रामचक्रको संक्षिप्त महिमा हरिहर क्षेत्र, वराह पुराणीय देवाट पन्चतीर्थ, त्रिदेव र शक्तिप्राधान्य सातधारा, देवघट्ट/देवघाटधाम र आदिप्रयागको महत्त्वको विषयमा संक्षिप्त रूपबाट प्रस्तुत विषयको उठान गरिनेछ ।

**२. भौगोलिक अवस्थिति**

नेपालको मध्यभाग मुटुको रूपमा रहेको वाग्मती प्रदेश चितवन र गण्डकी प्रदेश तनहुँ र नवलपुरअन्तर्गत रहेको एकमात्र कलियुगको महान तीर्थस्थल देवाट/देवघट्ट/देवघाट, शालग्राम क्षेत्र, प्रथम हरिहरक्षेत्र र आदिगङ्गा-आदिप्रयाग धाम हो । यसको अवस्थिति पूर्व ८४°२२°३०° र ८४°३०°०० देशान्तर तथा उत्तर २७°४४३० र २७°४७° ३० अक्षांशमा पर्दछ ।[1] यस क्षेत्रको माथिल्लो पहाडीभाग (उत्तर), पश्चिम पहाडीभाग, दक्षिण समथर उपत्यका भाग, पूर्व समथर र पहाडीभाग रहेको छ । समुद्रसतहबाट २९० मिटरको उचाइमा यो क्षेत्र उभिएको छ । यो तीर्थस्थल भारतस्थित ऋषिकेशको तपोवनभन्दा श्रेष्ठ भौगोलिक बनोटको रमणीय भूमि रहेको छ ।[2]

तात्कालिक श्री ५ को सरकारबाट वि.सं. २०५० साल चैत्र ४ गतेका दिन राजपत्रमा प्रकाशित चारकिल्लाभित्र चितवन तनहुँ र नवलपरासी (नवलपुर) गरी गठित भएको देवघाट क्षेत्र विकास समिति वर्तमानमा आउँदा २७ वर्षको अन्तरालमा हिंडिरहेको छ । हाल यस विकास समितिका अध्यक्ष श्री शिवराज पौडेलज्यूले कृष्णागण्डकीको महिमा र वैशिष्ट्य के हो ? यस विषयलाई स्पष्ट पार्ने जिम्मेवारी दिनुभएको हुँदा यस विषयमा के कति सकिन्छ, लेख्ने जमर्को गरेको छु ।

**२.१ आदिगङ्गा कृष्णागण्डकीको भौगोलिक अवस्थिति**

त्रिविष्टपम्-तिब्बतको पठार टेथिस सागर (तीर्थसागर) मै रहेको मानसकल्पकी आदिगङ्गा कृष्णागण्डकी तिब्बतकै थोक्छु गाउँभन्दा पर प्रकटित हिमनदी चिनिया स्वायत्त शासनबाट नेपालको लोमन्थाङसम्म आइपुग्दा ३५ कि.मि. पार गरी प्रवाहित हुन्छिन् । लोमन्थाङबाट कृष्णागण्डकीको नामकरणमा छुमाखोला, निचुङखोला हुँदै सुर्खाङ ढिही गाउँमा पुग्दा दामोदर हिमालबाट प्रवाहित हिमनदी दामोदरकुण्ड हुँदै त्यस ठाउँमा तिरूखोला (दामोदरनदी) बन्दै ढिही खोलामा पुग्दा कालीगण्डकी र दामोदर (शालग्राम-चक्रनदी) को सङ्गम हुँदा ४० कि.मि. पार गरेको हुन्छ, भने कालीगण्डकीले ३८.८ कि.मि. पार गरेर सम्मिलित हुन्छ । यसरी दामोदर चक्रनदी र कालीगण्डकी त्यस भेगमा खोलाकै नामबाट प्रवाहित भएर मुक्तिज्वाला र

---

१ देवघाट क्षेत्रको भौतिक विकास योजनाको प्रतिवेदन (काठमाडौं : देवघाट क्षेत्र विकास समिति वि.सं. २०५२/०५३) पृ. १६

२ नारायणप्रसाद तिम्सिना 'देवघाट क्षेत्रको सांस्कृतिक अध्ययन'-कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. २०६४ पृ. ३

मुक्तिधारा १०८ धाराबाट प्रवाहित (गण्डकी) र दामोदर (चक्रनदी) र कृष्णागण्डकीको सङ्गम भएर एउटै ताङग्वे, चैले, छुसाङ्ग गाउँ हुँदै कागवेणीमा गएर एउटै तादात्म्य स्वरूपमा कृष्णागण्डकीको नामकरण हुन्छ ।

कालीगण्डकी नदी नेपालको मुख्य नदीमध्ये एउटा नदी हो र यो गङ्गानदीको सहायक नदीहरू मध्ये एउटा हो । यस नदीको अमृततीर्थ जलाधार क्षेत्र ४६,००० वर्ग किलोमिटर रहेको छ । यसको अधिकांश अमृततीर्थ जलाधारभाग तिब्बतको पठार उपल्लो हिमभागबाट त्रिवेणीधाम (नवलपरासी) वाल्मीकि आश्रमसम्मको भौगोलिक दूरी ४९५ कि.मि रहेको छ भने नेपालमा मात्रै ४८३ कि.मि. भूभागलाई समेटेको छ ।[३]

दामोदर हिमालबाट प्रकटित हिमनदी दामोदरकुण्ड (चक्रस्वामी) चक्रनदी शालग्रामक्षेत्रको परित्री (२९) योजन ९६ कोश ३०९ कि.मि मा देवाट/देवघाटक्षेत्र हुँदै माडी (माण्डव्य ऋषि र सालङ्कायन ऋषिको तपोभूमि) सम्म शालग्रामक्षेत्र रहेको छ ।[४] दामोदरकुण्डबाट आकाशे दूरी हुँदै मुक्तिक्षेत्रसम्मको भौगोलिक दूरी ३४ कि.मि रहेको छ। मनाङ र मुस्ताङ छुटयाउने थोरङ्ला भञ्ज्याङबाट मुक्तिनाथक्षेत्रमा आइपुग्ने मुक्ति हिमनदीको दूरी ७ कि.मि रहेको छ। यसरी थोरङ्ला भञ्ज्याङबाट १८ कि.मि को दूरीमा काकवेणी रहेको छ ।

दामोदरकुण्ड (चक्रस्वामी) देखि देवघाटधामसम्मको भौगोलिक दुरी २६६ कि.मि रहेको छ भने मुक्तिक्षेत्रबाट देवाट/देवघाटसम्मको दूरी २३२ कि.मि रहेको छ । तिब्बतको पठारबाट रुरुक्षेत्रसम्मको दूरी २३६ कि.मि रहेको छ भने रूरूक्षेत्रबाट देवधामसम्मको दूरी १६६ कि.मि. रहेको छ । यसरी तिब्बतको पठारबाट कालीगण्डकीको भौगोलिक अवस्थित देवाटसम्म ३९६ कि.मि रहेको छ ।[५] त्यसैगरी देवाट/देवघाटदेखि त्रिवेणीधाम (वाल्मीकि आश्रम) सम्मको दूरी ९९ कि.मि रहेको छ । कालीगण्डकी काकवेणीबाट कागखोला, कालीखोला, जोमसोम, मार्फा, लेते हुँदै कोवाङबाट तल साँघुरो गल्छी भएर अन्नपूर्ण हिमाल र धवलागिरि हिमाललाई चिरेर विश्वको गहिरो गल्छी बनाउँदा सिधै पातालगङ्गाको स्वरूप भएर बग्दछिन् । धवलागिरि र अन्नपूर्ण हिमालपछि मध्यपहाडी भूभाग वेनीदेखि रुरुक्षेत्रसम्म घेरिएको छ। त्यसपछि रुरुक्षेत्रदेखि नागवेली हुँदै पूर्व-उत्तरतर्फ मोडिएर महाभारत पर्वतलाई दक्षिण पारेर प्रवाहित हुँदै राम्दी (रामनदी धाम) कालीगण्डकी पुग्दछिन्, त्यहाँबाट उत्तरतर्फ मोडिंदा उत्तरबाहिनी गङ्गाको पवित्रतम स्वरूपमा (कृष्णाश्चोत्तरवाहिनी) भएर हुँगीघाट, केलादीतर्फबाट पूर्वतर्फ मोडिएर 'खाल्टे' भन्ने ठाउँमा पुगेर महाभारतपर्वत श्रृंखलालाई सिधै काटेर दक्षिणतर्फ प्रवाहित हुन्छिन् । यसरी 'खाल्टे' गाउँबाट देवघाटसम्मको दूरी ३१ कि.मि. रहेको छ।

कृष्णागण्डकी ॐकारको त्रिगुणात्मक स्वरूपमा रहेको देवाट धाममा पुगिसकेपछि चक्रतीर्थका रूपमा देववती-देवगङ्गा (देवपुर) बाट मणिमुकुन्द सेन चक्रवर्तीशिला हुँदै केही पूर्वसम्म गएको र सिधै दक्षिणपश्चिम अमृतस्वरूप भू-भागमा कूर्मावतारका रूपमा विशाल शालग्रामचक्र भगवान् नारायणको चरणोदकका रूपमा स्थापित भएर सदानीरा कृष्णागण्डकीले हरस्वरूप त्रिशूली महानदी र शुक्ला-सेती-सरस्वती गाईघाटबाट देवधाम सम्मको भौगोलिक दूरी ९.६० कि.मि को हाराहारीमा रहेका शिवस्वरूपलाई समेट्दछिन् । अन्त्यमा ब्रह्माका

३ डा. नारायणप्रसाद तिम्सिना 'देवबाबा' देवघाटक्षेत्रको पौराणिक तथा सांस्कृतिक अध्ययन शोधप्रबन्ध हाल कृतिमा परिणतबाट उद्धृत गरिएको ।

४ नारायणप्रसाद क्षेत्री 'मुस्ताङ दिग्दर्शन' काठमाडौंः साझा प्रकाशन वि.सं. २०४४ पृ. १११

५ पूर्ववत्, शोधप्रवन्धबाट उद्धृत ।

प्राणपुत्र कुम्भयोनि वसिष्ठ तीनस्वरूप गायत्री मध्ये सावित्रीका उपासक र ऋषि नारायण पुरूषले चतुर्विंशति गायत्रीका अधिष्ठाता भएर तप गरेको क्षेत्र भएकाले नारायणका शक्ति नारायणी भएर गण्डकी प्रवाहित हुन्छिन् ।[६]

## २.२ वैदिक तथा बौद्ध साहित्यमा महत्त्व

श्रीमत्सायणाचार्य विरचित भाष्य-ऋग्वेदसंहिता खिलभागमा सिता-असिता, सिता-शुक्ला-सेती-सरस्वती नदी र असिता-कृष्ण (काली) गण्डकीको प्रस·लाई उल्लेख गरेको छ ।[७] त्यसैगरी सायणाचार्य विरचित वाजसनेयी माध्यन्दिन शतपथब्राह्मणमा सदानीरा नदीको विषयमा चर्चा गरेको छ ।[८] सदानीरा (गण्डकी) लाई उत्तरहिमालयबाट प्रवाहित भएकी कहिल्यै पनि न सुक्ने एकनास रहने कञ्चन अमृतजल हो भनेर उल्लेख गरेको छ। यसै नदीलाई नारायणी भनी डा. राजबली पाण्डेयले आफ्नो हिन्दूधर्मकोशमा उल्लेख गरेका छन् ।[९]

बौद्धसाहित्यअनुसार 'ललितविस्तर' ग्रन्थको 'निर्वाणगमन परिवर्तः' मा बुद्धले हिरण्यवती (सुन पखालेको नदी) पार गरेर शालवृक्षको वनभित्र प्रवेश गरी शालवृक्षमा निर्वाण प्राप्त गर्ने वेलामा आफ्ना शिष्य आनन्दलाई अब मेरो निर्वाण हुने बेला भयो भनी उल्लेख गरेको पाइन्छ ।[१०]

## २.३ पौराणिक साहित्यमा ब्रह्मनिर्मित नारायण-विष्णुसित सम्बन्धित बहुतीर्थ द्वादशयुग योजनको परिधिमा शालग्राम चक्रनदी क्षेत्रको वैशिष्ट्य

कृष्णास्यतनुद्भवा-कृष्णागण्डकीदेखि उत्तरकिनारमा रहेको गिरिराज-हिमालयदेखि दक्षिणीभागमा जुन क्षेत्र रहेका छन्, त्यहाँ ब्रह्माद्वारा निर्मित ब्रह्मपुत्री चक्रनदी (तुलसी) ब्राह्मीगण्डकी नाम गरेकी तीर्थनदी रहेकी छन् । जहाँचक्रै चक्रले युक्त पाषाण (शालग्राम) चक्रनदीको क्षेत्रमा धेरै तीर्थ रहेका छन् । जसमा भगवान् नारायण अर्चावतार विष्णुका सन्निधि (मुक्ति) किनारमा रहेको सर्वश्रेष्ठ २४ योजनको उत्तम क्षेत्रको रूपमा शालग्राम चक्रक्षेत्र रहेको छ ।[११]

चतुर्विंशति (२४) योजन मिथिलामाहात्म्य अनुसार कौशिकी (कोशी) बाट नारायणीसम्म मिथिलापुरीको लम्बाई पूर्वदेखि पश्चिमसम्म २४ योजन ९६ कोश रहेको छ। गङ्गाजीको प्रवाहदेखि हिमालयको वनसम्म यस (तिरहुत) देशको प्रमाण १६ योजन ६४ कोश रहेको छ। जबसम्म शालग्रामी (गण्डकी) नदी मिल्दैन, तबसम्म पश्चिमतर्फ गएर

---

६ डा. वेणीमाधव ढकाल, हिमवत्खण्ड, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०७५, पृ १५७ ।

७ श्रीमत्सायणाचार्य विरचित भाष्यसमेता, नारायण शर्मा सोनटक्वे समेत (सम्प) ऋग्वेदसंहिता खिल -९-१०) मण्डलात्मकः चतुर्थोभागः -पूनाः वैदिक संशोधन मण्डल तिलक मेमोरियल माहाराष्ट्र र वि.सं. २००३, सितासिते सरिते यत्र सङ्गते तत्राप्लुतासो दिवमुत्पतन्ति । ये वै तन्वं विसृजन्ति धीरास्ते जनासो अमृत्त्वं भजन्ते । अ. ३ खिल १५ पृ ९४९

८ स्वामी श्रीहरि (सम्पा.), शतपथब्राह्मण, बम्बईः गङ्गाविष्णु श्रीकृष्णदास मालिक लक्ष्मीवेंकटेश्वरस्टीम प्रेस कल्याण, वि.सं.१९९६। प्रथमकाण्डे, चतुर्थाध्याय प्रथमब्राह्मण, पृ. १३५-१३६ ।

९ डा. राजबली पाण्डेय, हिन्दूधर्मकोश -लखनऊ : उत्तरप्रदेश हिन्दी स.स्थान सन् २००३. पृ. २२५

१० मीनबहादुर शाक्य (सम्पा.) ललितविस्तर 'सूत्र' ललितपुर युवक बौद्धमण्डल मणिमण्डप महाविहार २०३५. पृ. ६४७

११ सोमनाथ घिमिरे, शालग्राममीमांसा काठमाडौं : रघुनाथ घिमिरे टंगाल २०३४ । गण्डकीचोत्तरे तीरे गिरिराजस्य दक्षिणे। क्षत्रन्तु विष्णुसान्निध्यात् सर्वक्षेत्रोत्तमोत्तमम् । योजनानां द्वादशयुग् बहुतीर्थ समाकुलम् । तत्र चक्रनदीनाम तीर्थं ब्रह्मविनिर्मितम् (गरुडपुराणे) पृ. १७ ।

शालग्रामी नामको नदीमा स्नान गरी हिमगिरि (हिमालय पर्वत-मुक्तिक्षेत्र-दामोदरकुण्ड) मा गएर त्यहाँबाट फर्केर कौशिकी नदीको तीरमा पुग्नुपर्दछ भन्ने कुराको आधारमा निर्क्यौल गर्दा मिथिला माहात्म्यले शालग्रामी (गण्डकी) को महिमालाई स्पष्ट पारेको छ । नारायणकी शक्ति नारयणी र गण्डकी शालग्रामशिलाको महत्त्वलाई पनि उजागर गरेको छ ।[१२]

यहाँ २४ योजनको कुरामा गण्डकी-शालग्रामक्षेत्र र मिथिलामाहात्म्यमा पनि २४ योजन ९६ कोश ३०९ कि.मि. रहेको कुरा स्पष्ट भयो । तर भन्नुपर्ने कुरा के हो भने यति क्षेत्रमा (गायत्री-सावित्री र व्याहृती) का उपासकहरू मात्र रहन्थे र यस भूमिसित गण्डकी शालग्राम-चक्रनदी वैदिक सदानीराको सम्बन्ध जोडिएको हुनाले आर्यहरू (ब्रह्मर्षि, महर्षि, ऋषिहरू, राजर्षिहरू, अग्निहोत्रीहरूलगायतले निष्ठापूर्वक शालग्राम (शालिग्रामको) ले अर्चना विधिवत् रूपले गर्ने गर्दथे । साथै मिथिलाक्षेत्रमा पनि असंख्य विविध प्रकारका शालग्रामहरू रहेका थिए, र आज पनि यत्र-तत्र रहेका छन् भन्ने कुराको जानकारी डा. गङ्गाप्रसाद 'अकेला' ज्यू व्यक्त गर्नुहुन्छ ।

प्राक् वैदिककालमा राजर्षि ज्ञानी जनकको समयमा सदानीरा (गण्डकी) नारायणीको स्वरूप तपःपूत ऋषि नारायणबाट चतुर्विंशति (२४) अक्षरको गायत्रीको उच्चारण त्यसबेलाका दिग्विजयी मन्त्रद्रष्टा, मन्त्रप्रवक्ता माध्यन्दिनीय वाजसनेयीसंहिता शतपथब्राह्मणको अध्ययन राहूगण गोतम नामका अग्निहोत्रीहरू र तात्कालिक समयका ब्रह्मनिष्ठ वेदप्रणेता महर्षि जनकलाई उपदेशको रूपमा दिने गर्दथे भन्ने कुरा विदेघ 'माथव' नामका राजाको मुखमा अग्निदेव वस्नु र त्यसलाई वैदिक मन्त्रोचारणबाट राहूगण पुरोहितले बाहिर निकाल्नु, निकाल्दा उत्तरकोशलबाट अग्निदेवले सरस्वती लगायत अन्य नदीहरूलाई सुकाउँदै क्रमशः सदानीरामा आइपुगे पछि अग्निदेवले दुग्ध (जलाएर) गराएका थिएनन् किनकि सदानीरा (गण्डकी) को पूर्वतर्फ श्रोत्रिय ब्रह्मनिष्ठ ब्राह्मणहरू रहन्थे । पूर्वतर्फको भूमि मरुभूमि थियो त्यसमा दलदल (गिलो र धाप) धेरै थियो, त्यसलाई अग्नि वैश्वानरले आस्वादन गरेनन् ।[१३]

सदानीरा (गण्डकी) नारायणीको भूमि दक्षिणतर्फ फैलिएको मिथिला र कमला, कौशिकीनदीको सीमानासम्म वा विदेह (मिथिला) भूमिसम्म विस्तृत रूपमा फैलिएको गण्डकी-नारायणीको भूमि शालग्रामचक्रसित सम्बन्धित थियो भन्ने कुरा मिथिलामाहात्म्यले नारायणीको चर्चा गरेबाट पुष्टि हुन्छ । विशेषतः मिथिलाभूमिबाट शालग्रामक्षेत्रमा आउन २४ योजन (९६) कोश ३०९ कि.मि. रहेको छ भने उत्तर हिमालय दामोदरकुण्डबाट देवधाम देवाटलाई केन्द्रवर्ती बनाएर माडी (माण्डव्य-ऋषिको र सालङ्कायन ऋषिको तपोभूमि) सम्म शालग्रामचक्रको क्षेत्र २४ योजन (३०९ कि.मि) रहेको छ भनी बताएको छ । यी दुवै योजनलाई जोड्दा ४८ योजन (२९२) कोश (६१८ कि.मि.)

---

१२ चित्रधर मिश्र (सम्पा.) 'मिथिलामाहात्म्यम्' दरभंगाः श्रीमहन्थलाल देवोथा (मिति उल्लेख नभएको) कौशिकी तु समारभ्य गण्डकीमधिगम्य वै । योजनानि चतुर्विंशत् व्यायाम परिकीर्तितः । गंगाप्रवाहमारभ्य यावद् हैमवतं वनम् । विस्तार षोडशप्रोक्तो देशस्य कुलनन्दन । शालग्रामीलभेद्यावत्तावद्वैपश्चिमामुखेः। पुनर्हैमवतं प्राप्तं पुनस्तत्कौशिकीतटम् । पुनर्वक्ष्यामि ते विप्रनारायणी कथांशुभाम् । गण्डकींति समाख्याता शालग्रामशिला युता ।) अ. (२, ३) स्लो. (१२।१३।३१।१) । पृ १६

१३ पूर्ववत्, स्वामी श्रीहरि पादटिप्पणी सं. (८) प्रथमकाण्डे, प्रथमब्राह्मण, १३५-१३६

सम्मको भूमिमा शालग्रामचक्र बगाउने नदी गण्डकी-सदानीरा-नारायणी रहेको थियो भन्ने कुरा शतपथब्राह्मणमा उल्लिखित कुराले दर्शाउँछ ।

सदानीराको पूर्वको भूमि मरुभूमि थियो त्यसमा दलदल (गिलो र धाप) धेरै थियो त्यसलाई अग्नि वैश्वानरले आस्वादन गरेनन् भन्ने कुरा त्यहाँ श्रोत्रिय ब्राह्मणहरूले यज्ञ गराएका थिएनन् पछि यज्ञ गराइसकेपछि अग्निले ग्रहण गर्नुभयो । गर्मीको समयमा पनि धेरै प्रवाहित हुने नदीलाई अग्निदेवले जलाउन सकेका थिएनन्, किनकि सदानीरामा धेरै उर्वरा भएको छ । यसमा 'माथव' नामका राजाको मुखमा रहेको अग्निदेवलाई गोतम राहूगण नामका ब्राह्मणहरूले मन्त्रोच्चारण गरेर बाहिर निकालेका अग्निलाई अग्निदेवसित माथवले भने 'म कहाँ वसूँ' भन्दा यस नदीको पूर्वतर्फ तिम्रो घर होस् र कोशल र विदेह देशहरूको विचको सीमा हो, भनी शतपथ ब्राह्मणले उल्लेख गरेको छ ।[१४]

मिथिलामाहात्म्यअनुसार गण्डकी र नारायणीको शुभकथा पराशरमुनि मैत्रेय ऋषिलाई बताउनुहुन्छ । हे मैत्रेयब्राह्मण ! तिमीलाई कमला (सीता) नदीको कथापछि नारायणीको शुभकथा सुनाउँछु । त्यसमा शालग्रामशिला उत्पन्न हुनाले शालग्रामी तथा गण्डकी पनि यसलाई सबैले भन्दछन् । यस शालग्रामी गण्डकी नारायणीको दर्शनले महापापी मानिस पनि सम्पूर्ण पापहरूबाट छुटेर ब्रह्मलोकलाई प्राप्त गर्दछ । धार्मिक महत्त्वको विषयमा उल्लेख गर्दा पुष्पदन्त नामका एक प्रसिद्ध गन्धर्व महात्मा थिए । उनकी एउटी छोरी थिइन्, तिनी पुण्यकर्ममा लागेकी थिइन् र हिमालय माथि तपस्या गर्दथिइन् । हजारौं वर्षसम्म कठिन तपस्या गरिन् । तपस्याको प्रभावबाट जलप्रवाहित भएर नदीरूपमा परिणत भइन् । सखी (संगिनी) रूप धारण गरेर पनि सीताजीसँग खेल्न लागिन् र मिथिलाकै नजीक नदीरूपमा बसिन् । त्यस नदीमा स्नान गर्नाले तथा दर्शन गर्नाले मनुष्यले अत्यन्त पुण्य प्राप्त गर्दछ । साथै कार्तिक महिनाको पूर्णिमाका दिन गण्डकीमा स्नान गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ । जसको उपमा नै छैन, गण्डकी ती हुन् जो ब्रह्मस्वरूपिणी (शालग्रामगर्भा) गण्डकी-नारायणीको दर्शनले र स्पर्शले मात्र पनि पुरुष सम्पूर्ण पापबाट मुक्त हुन्छ, यसमा कुनै सन्देह छैन भनेर पुष्पदन्त गन्धर्वकी छोरी नै कतै गण्डकी रूप धारण गरेर सखी स्वरूपमा सीताजीसित मिथिलामै खेलेकी त होइनन् ? भन्ने जिज्ञासा यस मिथिला माहात्म्यबाट प्राप्त हुन्छ ।[१५]

यस माहात्म्यले उल्लेख गरेअनुसार सदानीरा (गण्डकी) नारायणीको जल राजर्षि जनकको समयमा मिथिलाक्षेत्रको भूमिसम्म पुगे कै हो भन्ने कुरालाई मिथिलामाहात्म्यको यस आख्यानले पुष्टि गर्दछ । साथै २४ योजनको प्रसङ्गले पनि शालग्रामको भूमि मिथिलाको भूमिसम्म पुगेको र नारायणी नामले विख्यात भएको कुरालाई पछिल्लो समयमा आएर बूढीगण्डकीमा 'गण्डक' शब्द राखेर बुढीगण्डक (फैलिएको) नदी भनेर भारतको सोनपुर क्षेत्रतिर वा भारततिर नारायणी प्रवाहित हुँदा नारायणी नामले प्रख्यात भएकोलाई समाप्त गरेर बुढीगण्डक/गण्डक नामले भनिन थालियो । पहिला भारत र मिथिलाक्षेत्रमा नारायणीको नामले प्रख्यात थियो भन्ने कुरा यस विषयमा गहिरो जानकारी गर्नुहुने डा. गङ्गाप्रसाद 'अकेला' ज्यू स्पष्ट रूपमा व्यक्त गर्नु हुन्छ । यस्तै महत्त्वपूर्ण अर्को कुरालाई यहाँ चर्चा गर्दा केही समयपूर्व आदिकवि भानुभक्तजयन्तीको कार्यक्रममा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले त्रेतायुगीन कालमा वाल्मीकि आश्रम र जनकपुरको

---

१४ ऐजन, प्रथमकाण्डे, चतुर्थोऽध्याय प्रथम ब्राह्मण, पृ. १३५-१३६ ।

१५ पूर्ववत्, चित्रधर मिश्र, पादटिप्पणी सं (१२), अ. २१. श्लो. सं. (१-७) पृ. २२४-२२६ ।

बिचभागमा (माण्डव्य ऋषिको र सालङ्कायन ऋषिको तपोभूमि माडीक्षेत्रमा) अयोध्यापुरीको नामले सुन्दर स्थान प्रख्यात रहेछ, त्यही ठाउँमा रामको जन्म भएको हुन सक्छ भन्ने कुरालाई प्रमाणित गर्नुभएको थियो ।

यस सन्दर्भमा मलाई लाग्छ वैदिककाल र पौराणिककालको इतिहासलाई नामेट गराउने काम गरियो भने त्यो अपाच्य हुन्छ र त्यो कतै न कतैबाट इतिहासको गोरेटोले प्रस्फुटित गराउँछ । त्यसैकारणले होला नारायणीको नामको विषयमा १४ अञ्चलको नामकरण राख्ने विषयमा मिथिलाक्षेत्रका ज्ञानी राजर्षि जनकको नामबाट जनकपुर राखेपछि नारायणीको नाम पनि अञ्चलको रूपमा राखिएको हुनसक्छ । यसैगरी नारायणी पानी ढलोको रूपमा रहेको गण्डकी क्षेत्रमा हरिहरात्मक देवाट र देवघट्टको महिमासँग कामप्रभा रानीको चर्चा रहेको छ ।

वराहपुराणअनुसार हरि र हरिहरक्षेत्रको विषयमा चर्चा गर्दा भगवान् विष्णुले उत्तरी हिमालको भूखण्डमा तप गर्दा सारा संसार र चराचर प्राणी निस्तब्ध भएका थिए । यस विषयलाई वराह भगवान् देवी पृथ्वीलाई भन्नु हुन्छ हे देवी ! भगवान् विष्णुले उग्र तप गर्दा भगवान् विष्णुको गण्डस्थलबाट पसीनाका रूपमा गण्डकी प्रादुर्भाव भइन्, त्यसमा दिव्यनदी प्रकट भएको देखेर भूर्भूवस्वर्लोकदेखि महर्लोकसम्म रहेका देवगणहरू विस्मित भए । ब्रह्मासहित देवगणहरू शिवजी भएको ठाउँमा पुगें । त्यसपछि शिव भन्नुहुन्छ- हे ब्रह्मा सहित देवगणहरू हो ! तपाईंहरू आउनुको कारण के हो ? तब ब्रह्माजी शिर झुकाएर भन्नुहुन्छः- एउटा अत्यन्त अद्भुत तेज प्रकट भएको छ, त्यो के हो, त्यसको उत्पत्तिको कारण के हो ? जान्न सकिएन भनेपछि शिवले ध्यानद्वारा पत्ता लगाएर जहाँ विष्णुले तप गर्नुभएको थियो, त्यस स्थानमा भगवान् शङ्कर ब्रह्मासहित देवगणहरू उपस्थित भए । भगवान् विष्णु त्यस हिमालयमा तप गर्दा एकातर्फ गण्डस्थलबाट गण्डकी झरझर निक्लेकी छन् भने त्यसको चारैतर्फ कालो पहाड (चक्रमय शालग्राम) ले घेरिएको छ । यो देखेर भगवान् शङ्कर विस्मित हुनुभयो र भन्नुभयो - हजूर जगन्नियन्ता भएर पनि यत्रो उग्रतप केका लागि भनेर भन्दा म त्रिलोकीको कल्याणका लागि तप गरेको हुँ । हे शिवजी ! हजुरबाट वरको इच्छा राख्दै हजुरको दर्शन पाएर म कृतार्थ पनि भएको छु भनेर विष्णु भगवान्ले शिवजीलाई आफ्नो भनाइ प्रकट गराउनु भयो । त्यसपछि शिवजी भन्नुहुन्छ- हे देव ! आजबाट यो क्षेत्र दर्शनबाट नै मुक्तिदायक मुक्तिक्षेत्रको नामबाट यो स्थान हुनेछ । हजुरको गण्डस्थल (गाला)बाट पसीनाका रूपमा उत्पन्न भएका कारणले गण्डकी नामबाट प्रसिद्ध नदीको रूपमा बग्नेछिन् । नदीहरूमा सर्वोत्तम हुनेछिन्[१६], यसमा सन्देह नै छैन भनी व्यक्त गर्नुभयो ।

यस प्रसङ्गलाई भगवान् वराहले पृथ्वीलाई भन्नुहुन्छः यता शिवजीबाट दिइएको वरदानका आधारमा साथै यो क्षेत्र मुक्तिनाथको नाम मुक्तिक्षेत्रका नामबाट प्रसिद्ध हुनुभएका विष्णु भगवान् मुक्तिनारायण मुक्तिनाथका नामबाट प्रसिद्ध हुनुभयो । शिवजी अगाडि भन्नुहुन्छ- हे केशव ! हजुर बसेको ठाउँमा मलगायत ब्रह्मा देवगणहरू ऋषिहरू, सम्पूर्ण वेदहरू सम्पूर्ण यज्ञहरू, धेरै के भनूँ सम्पूर्ण तीर्थहरू यसै गण्डकीमा आएर सदासर्वदा नै निवास गर्नेछौं । हे प्रभो ! जो मनुष्यले कार्तिक महिनाभर स्नान गर्दछ, त्यो सम्पूर्ण पापहरूबाट रहित भएर मुक्तिको भागी बन्दछ यो तीर्थहरूको परमतीर्थ (राजा) हो र मङ्गलहरूको परममङ्गल हो ।[१७]

---

१६ हृषीकेश शास्त्री, वराहपुराणम् द्वितीयसंस्करण वाराणसी : चौखम्बा अमरभारती प्रकाशन सन् १९८२ । अ. १४४, श्लो. सं. १०६. पृ. ३६ ।

१७ ऐजन, अं १४४ श्लो. सं. (१०७-११०) पृ. ३६१ ।

यसरी भगवान् शङ्करले उत्तरी हिमालयमा तपोरत भगवान् विष्णुलाई वरदान दिने क्रममा मुक्तिक्षेत्रको नामकरण दिइसकेपछि आफूलगायत देवगणहरू यसै गण्डकीक्षेत्रमा बस्ने भन्ने क्रममा गण्डकीका किनारमा रहेका अन्य नदीहरूको चर्चा र पुलस्त्य पुलह ऋषिले तप गरेको क्षेत्र, साथै ब्रह्मपुत्री (तुलसी) को सङ्गम, गण्डकी (कृष्णागण्डकी) ले बिचमा पुलहाश्रम, जलेश्वर (गलेश्वर) मा जय र विजयको प्रसङ्गमा आपसमा श्रापबाट ग्राह र गजयोनिको महत्त्वलाई पूर्ण प्रसङ्गका साथ उल्लेख गर्नुभएको छ । त्यसैगरी तीनजन्म सम्म राजर्षि भरतले तप गरेको क्षेत्र जलेश्वर (गलेश्वर)को तीर्थभूमि अलौकिक तात्कालिक पुलस्त्य ऋषिको समयमा त्रिवेणीका रूपमा प्रसिद्ध उत्तर प्रयाग थियो, कालान्तरमा गएर गण्डकी (कालीगण्डकी) ले धार परिवर्तन गरेपछि भौगोलिक हिसाबले विशाल उत्तर प्रयाग हुन सकेन । जेहोस् ! ग्राहलाई सुदर्शन चक्रले प्रहार गर्दा यो प्रहार जलेश्वरबाट हरिहरात्मक क्षेत्र जहाँ स्वयं शिव नै (आफ्नो स्वरूप नन्दीकेशरका रूपमा - सालङ्कायन ऋषिका पुत्र भएर) हरिक्षेत्रमा गाइहरूको बथान लिएर सालङ्कायनका शिष्य आमुष्यायणसहित त्रिशूलगङ्गामा शुक्ला-सेती-सरस्वतीको स्वरूप हर रूपमा परिणत भएकोले यो हरिहरात्मक क्षेत्रको नामले जानिन्छ । त्यस क्षेत्रसम्मलाई चक्रतीर्थको नामले चिन्ने गरिएको छ ।

गज र ग्राहको युद्ध हुँदा कैयौं वर्षसम्म एक आपसमा खिंचातानी हुँदा यी दुवै गज र ग्राह हरिहरात्मक क्षेत्र/देवाट क्षेत्रको सेरोफेरो 'फेरी' भन्ने ठाउँमा गजका लडीबुडी खेलेको स्पष्ट चिह्नहरू पनि त्यहाँ रहेका छन् । त्यसैले चक्रमय बनेको शालग्राम (चक्रनदी) को सङ्गम भूभाग भनेकै वर्तमानको कूर्मावतारको रूपमा रहेको चक्रशिलाबाट नै यो ज्ञात स्पष्ट रूपमा हुन्छ । यो प्रसङ्गलाई एकातर्फ वराह भगवान्ले पृथ्वीलाई भन्नुहुन्छ भने अर्कोतर्फ शिवजीले मुक्तिनारायण-विष्णु भगवान्लाई भन्नुहुन्छ ।

स्वयं शिव नै (नन्दीकेशर-शूलपाणि) क्षेत्रबाट हरिहरात्मक (हरिहरक्षेत्र) मा पुगेपछि त्यहाँको सङ्गम भएपछि त्यस ठाउँमा देवताहरू गएर अटन भ्रमण गरिरहे, त्यसैले त्यसको दोस्रो नाम देवाट पनि रहन गयो । अतः ती भगवान्को वर्णन कोसित गर्न सकिन्छ ।[१८] यसरी प्राचीनकालमा वराहपुराणीय अनुसार यो 'देवाट' नाम यहाँनेर उल्लेख हुन गयो । त्यसपछि माध्यमिक कालमा आएपछि स्कन्दपुराण अन्तर्गत हिमवत्खण्डमा 'देवाट' को प्रसङ्ग राखिएको छैन । त्यहाँनेर 'देवघट्ट' राखिएको छ । 'देवाट' को ठाउँमा देवघट्ट/देवघाट राखिएको हुनसक्छ । तर प्रथम हरिहर क्षेत्र र शालग्राम क्षेत्रको नाम चर्चित रूपमा आउन सकेन ।

देवघाटको धार्मिक महत्त्वका विषयमा चर्चा गर्दा जसरी मिथिला क्षेत्रमा रहेको गण्डकी नारायणीको महिमा यथार्थपरक छ भने यहाँनेर कामप्रभा रानी र राजा रूप केतुको प्रसङ्गलाई महत्त्वका साथ वर्णन गरिएको छ । स्कन्दपुराणअन्तर्गत हिमवत्खण्डमा उल्लिखित वर्णनअनुसार सरस्वती नगरमा बस्ने राजा रूपकेतुका दुईवटी रानी थिए, त्यसमा जेठी कामप्रभा रानी थिइन् भने कान्छी पद्मिनी । यी दुवै मध्ये कान्छीलाई विशेष माया राजाले गर्ने गर्थे । जेठी कामप्रभा नराम्री विरूपा भएकोले नै होला राजाले उपेक्षित गरेका थिए । उपेक्षित भएकी कामप्रभा रानी सखीहरूका साथमा धेरै वर्षपछि आफ्नो माइतीघर छत्रपुरमा आइन् । एकदिन उनले बाटोमा यात्रीहरूलाई देखेर वार-वार सोधिन् हे यात्रीहरू हो । तपाईंहरू कहाँ जानुहुन्छ ? भन्दा त्यसमा उत्तर मिल्यो, हामीहरू देवघाटमा स्नान

---

१८ ऐजन, स्थितवान् तद्दिनादेतत् ख्यातं हरिहरप्रभम् । देवानामटनाच्चैव 'देवाट' इति संज्ञितम् । तस्य देवस्य महिमा केन वक्तुं हि शक्यते । अ. १४४ श्लो. सं. (१४५, १४६) पृ. १६३ ।

गर्नका लागि जाँदै छौं, भनिसकेपछि रानी कामप्रभाले जुन उद्देश्यका लागि तपाईंहरू प्रस्थान गर्दै हुनुहुन्छ, त्यस ठाउँमा म पनि जान्छु भनेर यात्रीहरूसँगै गण्डकी सङ्गममा आइन् । मकरसंक्रान्ति (माघेसंक्रान्ति) को अवसरमा देवताहरूको समूह (देवघट्ट-देवघाट) मा स्नान गरिन् र मेरो सुन्दर अनुहार होस् भनेर आफूले साथमा ल्याइएको केही द्रव्य (मुद्रिका-रौप्य) हरिहरात्मक (शालग्रामस्वरूप) अमृत स्वरूपमा बस्नु भएका चक्रावतार भगवान् विष्णु र चक्रस्वरूप शङ्करलाई सम्झेर (शङ्कर : प्रीयताम्) उच्चारण गरी ब्राह्मणहरूलाई पनि दान दिइन् ।[१९] त्यस रात त्यही देवसमूह (देवघट्ट) मा बसेर प्रातःकाल स्नान गरेर आफ्नो माइतीघरमा फर्किन् । यसरी पिताको घरमा फर्किसकेपछि ६ महिना पुग्दा नपुग्दै दिव्यसुन्दरी बनिन् भन्ने यस्तो चर्चा यस क्षेत्रको महत्त्वले स्पष्ट रूपमा दर्शाउँछ । यो भूमि शालग्रामले वेष्टित गरेको अनुपम तीर्थ हो ।

चक्रस्वामीका रूपमा प्रसिद्ध दामोदरकुण्डबाट दामोदर-गण्डकी-चक्रनदी जहाँ चक्रै चक्रको निर्माण भएको क्षेत्रबाट सुर्खाङ-ढिही गाउँमा तिब्बतको पठारबाट प्रकटित हिमनदीको स्वरूप कृष्णागण्डकीको नामबाट प्रवाहित भएर आएकी नदीसँग भेट हुन्छ र एउटै स्वरूपबाट खोलाको नामकरण हुँदै कागवेनी-जोमसोमसम्म पुग्दा पनि कालीगण्डकीलाई खोला भन्ने गरिएको छ । यसरी उपत्यका भूमि देवधाम/देवघाटधामदेखि माडीसम्मको भूभागमा असङ्ख्य शालका वृक्षहरू रहेका छन् । सालङ्कायन ऋषिलाई भगवान् नारायणले शालको वृक्षमा अवतार लिएर दर्शन दिएको ठाउँ- देवघाटधामदेखि माण्डव्य ऋषिको तपोभूमि (माडी) सम्म हो भन्ने कुरालाई निर्क्यौल गरेको छ । यस प्रसङ्गमा शालग्रामरहस्यम् भन्दछः- **शालेन वृक्ष विशेषेण गम्यते ज्ञायते पर्वतविशेषः शालग्राम गिरिस्तीर्थविशेषः शालाभ्यन्तरग्रामो समूहो यस्य स शालः शालस्यग्रामः शालग्रामः ।**

यसरी शाल शब्दको व्युत्पत्तिमा सालङ्कायन ऋषिले वृक्षावतारका रूपमा भगवान् नारायणलाई अर्चावतारका रूपमा दर्शन प्राप्त गरे । त्यसैले शालग्रामगिरिको भूमि वा शालग्राम क्षेत्रको परिधि[२०] २४ योजनमा मात्र विविध प्रकारका लक्षण, मूर्तिस्वरूप भएका असङ्ख्य चक्रयुक्त शालग्रामको भण्डार भएको क्षेत्र गण्डकीसित सम्बन्धित मिथिला भूमि पनि हो भन्ने कुरालाई उपर्युक्त कुराबाट पुष्टि हुन्छ । तर असली चक्रयुक्त शालग्रामको निर्माण आज पनि कृष्णागण्डकीको गर्भस्थलमा भइरहेको छ, र यो अन्यत्र पनि उत्पत्ति भएको छ भन्ने प्रसङ्गलाई लिँदा यथार्थ रूपमा त्यो होइन, उत्पत्ति विषय प्रामाणिक रूपमा शास्त्रसम्मत हुनुपर्‍यो नत्र मानिने कुरा आउँदैन । जबसम्म यो अनुसन्धानकर्ताले प्रमाण पाउन सक्दैन, तबसम्म अन्य व्यक्तिको भनाइलाई उद्धृत गरेपनि यथार्थ प्रमाणको खोजी गर्नुपर्ने हुन्छ । तसर्थ शालग्राम क्षेत्रको परिधिमा रहेका असंख्य शालग्रामहरूमध्ये ८९ प्रकारका मूर्तिहरूको विवरण शोधप्रबन्ध- “देवघाटक्षेत्रको पौराणिक तथा सांस्कृतिक अध्ययन” कृतिमा हेर्नू । पाषाण शालग्राम चक्रको विषयमा अठार पुराण, अठार उपपुराण, उपनिषद्, स्मृतिग्रन्थहरू लगायतमा एउटा श्लोक भएपनि उल्लेख गरिएको छ ।

नारदीयपाञ्चरात्र आगमअनुसार श्रीहरि नारायण पृथ्वीमा अर्चावतार ग्रहण गर्न किन ? पर्‍यो भन्ने जिज्ञासामा जाँदा आफ्ना भक्तहरूलाई आनन्दित गर्नको लागि एवं उनको अभिलाषालाई पूर्ण गर्नको लागि सदा पृथ्वीमा अवतरित हुनुहुन्छ । भगवान्

१९ योगी नरहरिनाथ, हिमवत्खण्ड काशी : योग प्रचारिणीसभा गोरक्षटिल्ला २०१३, अ. ४४. श्लो. सं. (११५-१२१) पृ.९९ ।

२० भवानीशंकर शास्त्री (सम्पा.) ‘शालग्रामरहस्यम्’ काठमाडौं : विजयमान वीणा तुलाचन, वि.सं. २०४५ पृ. ९१-१०२ ।

श्रीहरि भन्नुहुन्छः- वेदमा पारङ्गत विद्वान् मेरो पाँच प्रकारको अवतरित स्वरूपलाई वर्णन गर्दछन् । प्रथम परब्रह्म (प्रकृति पुरुषबाट पर) द्वितीय (व्यूहावतार श्रीवासुदेव, श्रीसङ्कर्षण, श्रीप्रद्युम्न एवं श्री अनिरुद्ध) तृतीय-समस्त प्राणीहरूका पालक नियन्ता चतुर्थ-अर्चावतार एवं पञ्चम दयालु, साधु, सत्पुरुष स्वरूप यसप्रकार मेरो अवतरणको रहस्यलाई जान्ने विद्वान् हरूले पृथ्वीमा अवतरणलाई पाँच प्रकारले वर्णन गर्दछन् ।[२१] त्यसैगरी हिमवत्खण्डमा कुमारजीले अगस्त्य ऋषिलाई भन्नुहुन्छ- जालन्धरकी पत्नी वृन्दाको सतीत्वलाई नष्ट गरेपछि वृन्दाबाट पाषाण हुने श्राप दिइसकेपछि भगवान् विष्णुले त्यसलाई स्वीकार गरेर चिन्ता गर्दै अमृतस्वरूपा तीर्थजल कृष्णाभा नदीमा स्नानको लागि पस्नुभयो; भन्नाले शालग्राम शिलारूप बनेर सम्पूर्ण लोकको हितको लागि भगवान् विष्णुले कार्य गर्नुभयो, त्यसमा, विश्वकर्मा (वज्रकीट) बनेर सुवर्णसदृश पहेंलो, सेतो, अधिकतर चिह्न कृष्णवर्ण अनेकौं चक्रले युक्त विभिन्न मूर्तिहरूलाई हजारवर्षसम्म रचना गर्दै आएका छन् ।[२२] त्यो रचना आजसम्म रहिरहेको छ । त्यसैगरी शंखचूडकी पत्नी तुलसीको पनि भगवान् विष्णुले सतीत्व नष्ट गरेपछि तुलसीले पनि पाषाण (पत्थर) हुने श्राप दिन्छिन् । त्यसपछि तुलसी (ब्रह्माकी पुत्री) गण्डकी भएर प्रवाहित हुन्छिन् ।[२३]

त्यसैगरी स्वायम्भुव मन्वन्तरमा शिव र पार्वतीको रतिसंवादमा अग्नि परेवाको रूपमा प्रवेश गरी परेवाको स्वरमा ज्ञात गराएपछि शिवले आफ्नो वीर्य फ्याँकेपछि त्यस वीर्यलाई पान गरेर अग्नि फर्किए । यो कुरा पार्वतीले थाहा पाएर देवगणहरूलाई श्राप दिंदै भन्नुभयो- जुन स्वार्थले गर्दा पत्थरजस्तो हृदय गराएर मेरो पुत्र प्राप्ति रूप कामनालाई सफल हुन दिएनौ, त्यसले गर्दा चाँडै नै सबै देवताहरू पत्थरका रूपमा परिणत हुने छौ भनेपछि देवताहरूले धेरै स्तुति गरेपछि तिमीहरू स्वर्गमा पत्थरका रूपमा रहनु पर्ने छैन । मर्त्यलोकमा गण्डकीका गर्भमा शालग्राम चक्र भएर रहनेछौ । भगवान् विष्णुले पनि साथ दिएको हुँदा पत्थर हुनु परोस् भनी पार्वतीले श्राप दिनुभयो । भगवान् शङ्करको पनि यसमा सहयोग भएकोले पाषाणस्वरूप शालग्राम र लिङ्गाकारका रूपमा ब्राह्मणद्वारा श्राप प्राप्त गरी ठूलो दुःख पाउनु हुनेछ भन्ने प्रसङ्ग नागर खण्डमा उल्लेख गरिएको छ ।[२४]

शालग्रामक्षेत्रको परिधिमा महत्त्वपूर्ण १५ तीर्थहरू रहेका छन् । जसमा सदानीरा-कृष्णागण्डकी र दामोदरकुण्डको चक्रमय भागसम्म यी तीर्थहरू रहेका छन् ।[२५] मूलतः कृष्णागण्डकीलाई अनेक नामले भन्ने गरिएको छ । १. असिता २. सदानीरा ३. चक्रनदी ४. हिरण्वती ५. दृषद्वती ६. पुष्पवहा ७. धारणीगण्डी ८. गण्डिगुल्म ९. तमसा १०. नारायणी ११. कृष्णाभा १२ कृष्णा १३. गङ्गा १४. कालीगण्डकी १५. गण्डकी १६. कालगण्डिका १७. करतोया १८. जाक्षु (गण्डकी) ।

---

२१ कृष्णकुमार रस्तोगी (सं.) श्रीशालग्राम सर्वस्वसार, वाराणसी : श्रीशालग्राम साहित्यसंस्थान, इस्वी सन् २०१५, पृ. १३ ।

२२ पूर्ववत्, योगी, नरहरिनाथ, पादटिप्पणी सं. (१९) । अ. ५५, श्लो. सं. (११, १२, १७, १९) पृ. १२४ ।

२३ चेतोनाथ गौतम, (सम्पा.) शिवमहापुराण, रुद्रसंहिता, काठमाडौं : पशुपति क्षेत्र विकास कोष, देवपत्तन वि.सं. २०६२, अ. ४१. श्लो. सं. (३४, ४४) १२५६-१२५८

२४ वेदव्यास प्रणीत, स्कन्दमहापुराणअन्तर्गत 'नागरखण्डम्' वाराणसीः चौखम्बा संस्कृत सीरीज आफिस वि.सं. २०६७ । अ २४६, २५१, श्लो. सः (२३, १०, ११, १५, १६) पृ. ५५७-५६३ ।

२५ हृषीकेश शास्त्री, (सम्पा.) वराहपुराणम्, द्वितीय संस्करण (वाराणसीः चौखम्बा अमरभारती प्रकाशन, सन् १९८२, अध्याय १४५, पृ. १६७-१७० ।

सूबसेन (सूर्यबहादुर सेन ओली) ज्यूबाट प्राप्त दुई फोटोको आधारमा मणि मुकुन्दसेन पाल्पाली राजा प्रथमले द्वादश वर्षीय हिसाबले वि.सं. १६१० मा तपसाधनामा लागेको दृश्यको अंकित फोटो (देवघाटक्षेत्रको पौराणिक तथा सांस्कृतिक अध्ययन) कृतिमा रहेको छ । मणिमुकुन्द सेनले मुनि जीवन वि.सं. १६१६ मा पाउनुभएको थियो भनी उक्त चित्रमा अंकित छ । जेहोस् । योगी नरहरिनाथले 'देवदेशो हिमालयः' भन्ने पुस्तकमा १२ वर्षसम्म देवघाट धाममा तप गरी शिवबाट खड्ग प्रदान भएको थियो भनी उल्लेख गर्नुभएको छ। मणि-मुनि मुकुन्द सेन एक सिद्ध तपस्वी थिए भन्ने कुरा विविध ग्रन्थका आधारमा र गण्डकीमाहात्म्यले सुस्पष्ट रूपमा व्याख्या गरिदिएको छ ।

मणिमुकुन्दसेनको राज्यकालको समयमा वि.सं. १५७५-१६१० को बिचमा मणिमुकुन्दसेन महादेव चक्रशिला मन्दिर निर्माण गरिएको थियो भनी महेशराज पन्त र दिनेशराज पन्तले सम्पादन गरेको पूर्णिमा पत्रिकामा उल्लेख गरेको छ। नलराज शास्त्री नेपालले दिएको प्रमाणका आधारमा मन्दिरको ढोकामा १५८९ सम्वत् लेखिएबाट यही मितिमा मन्दिरको शिलान्यास भएको हो भनिए पनि २०७२ साल वैशाख १२ गतेका दिन भूकम्प गएकोले त्यही भूकम्पको भग्नावशेषको माध्यमले २०७५ साल असोज १९ गते मन्दिरको पुनर्निर्माण गरी उद्घाटन गरिएको तात्कालिक समयमा ढुङ्गामा कुँदिएको अभिलेखमा १६०६ फाल्गुन शुक्ल, सप्तमी तिथि, रविवार भनी उल्लेख गरिएको छ। यसको विस्तृत व्याख्या नलराज शास्त्री नेपालको 'प्राप्त शिलालेख एक व्याख्या' ले प्रस्तुत गर्दछ ।

मणिमुकुन्द सेन राजा एक सिद्ध तपस्वी भएका हुनाले उनलाई अध्ययन गर्नुपर्दा तीन पक्षबाट अध्ययन गर्नुपर्ने हुन्छ : १. धार्मिक तथा पुराणपक्ष । भन्नाले हिमवत्खण्डअन्तर्गत ' गण्डकीमाहात्म्यम्' मा एक अध्याय मुकुन्देश्वर र हरिक्षेत्र वर्णन भनेर उल्लेख गरेको छ । त्यसैगरी २. ऐतिहासिक । इतिहास पक्षलाई केलाउँदा उनी कास्यपवंशीय 'शुक्ल' नामबाट वंशज हुँदै विष्वक्, विसेन, विक्रम सेन (विक्रमादित्य) नामका राजाले नेपालमाथि १२ वर्षसम्म शासन चलाएका थिए भन्ने कुरा रहेको छ। विक्रमसेन वंशमा दुई छोरा जन्मेका थिए, १. रतन सेन र २. अग्रसेन । अग्रसेनले चितौडमा राज्य गरे । रतन सेनका सन्तानहरू नयन सेनलगायतले प्रयागमा राज्य गर्दा त्यहाँ मुसलमानीहरूले आक्रमण गरेपछि तुथा सेन आफ्नो धर्म रक्षार्थ विहारअन्तर्गत चम्पारण जिल्लाको राजपुरमा आई राज्य गरे । राज्य गर्दा तराइको ठूलो भाग बुटवलदेखि रिब्दीकोट (पाल्पा) सम्म फैलिएको थियो। त्यसपछि यी सेन वंशीहरू भन्नाले मुकुन्द सेनका पूर्वज नेपालमा प्रवेश गर्दा तुथा सेन, रिमिको राव (रिवेली सेन), चन्द्र सेन, रुद्रसेन (ताम्र सेन तानसेन) पछि मुकुन्द सेन (प्रथम) भए भनी इतिहासले उल्लेख गरेको छ। त्यसपछि ३. सांस्कृतिक पक्षमा जाँदा राजर्षिबाट मणि मुनि (तपस्वी) का रूपमा योगी नरहरिनाथ र सूब सेनले भनेअनुसार चक्रतीर्थ, हरि र हरको क्षेत्र देवाट/देवघट्टमा १२ वर्षसम्म तप गरी शिवबाट खड्ग प्राप्त गरेको भन्ने प्रसङ्गमाथि नै उल्लेख गरिएको छ; तापनि दिव्य चक्रवर्ती शिला/चक्रशिलाको सन्दर्भमा विभिन्न भनाइहरू रहिआएको पाइन्छ । पाल्पाका राजा मुकुन्द सेन शत्रुको आक्रमण हुँदा पश्चिमतर्फबाट भाग्दै आई हाल देवघट्ट (देवघाट) मा मन्दिर भएकै ठाउँमा घोप्टो परी शिलामा परिणत भए, भन्ने कुराको विस्तृत चर्चा 'देवघाटक्षेत्रको पौराणिक तथा सांस्कृतिक अध्ययन' कृतिमा उल्लेख गरिएको छ । हाल देखिने शिला उनै मुकुन्द सेन घोप्टो परी बसेको शरीर हो भनेर उल्ले गरिएको छ।[२६] त्यसैले यो दिव्य

२६ विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास (सेनकालीन) भाग २ द्वितीय संस्करण, भरतपुर : चितवन अध्ययन केन्द्र २०५६ पृ. ५ ।

चक्रशिलालाई एकमतबाट यो यही नै हो भनेर अझै पुष्टि गर्न सकिएको छैन, (यो अनुसन्धानको पाटो अझ लम्बिंदैछ) किनभने यो दिव्य चक्रशिलामा ॐकारका चिह्नसहित कूर्म (कछुवा) को स्वरूप जस्तो देखिन्छ । चक्रशिलाको विषयमा विभिन्न विद्वान्हरूले आ-आफ्नो अध्ययनबाट व्याख्या गरेका छन् । यसमा नलराज शास्त्री नेपालले 'प्राप्त शिलालेख एक व्याख्या' कृतिमा चक्रशिलाको विषयमा चर्चा गर्दा कूर्मावतारको प्रसङ्गलाई उल्लेख गर्नुभएको छ ।

समुद्रमन्थन गर्दा भगवान् विष्णु-नारायणले कूर्मावतार धारण गरी समुद्रमा डुब्न लागेको मन्दराचल पर्वतलाई कच्छपपीठमा राखेर पर्वतलाई बचाउनु भयो । यो कूर्म (कच्छप) शरीर चारसय कोश (कि.मि. मा १२८७.५) सम्म फैलिएको थियो, देव र दानवले गरेको समुद्रमन्थन सफल भयो ।[२७] समुद्रमन्थन गर्दा फैलिएको कच्छप शरीरको भूभाग नेपाल, तिब्बत, भूटान, भारतलगायतको भूभाग हो भन्दा अतिशयोक्ति न होला ।

देवगणले अमृतपान गरेर अमर भए । देवदानव युद्धमा दानवहरू पराजित भए । यिनै विष्णु भगवान् अवतारका रूपमा रहेको कूर्म (कछुवा) का शरीरमा मन्दराचल पर्वत घोटिंदा चक्रैचक्र भए एकाकार भएका वनमाला फकार शंख, चक्र आदि शुभ चिह्न देखा परे । त्यही कूर्म शालग्रामका रूपमा परिणत भएर गण्डकी जल गर्भमा यत्रतत्र कतै पाइनु नौलो कुरा होइन, देवघाटमा एउटा माझीले चक्रै-चक्र भएको यिनै कूर्म शालग्राम (चक्रवर्ती शिला) भेटाएर आश्चर्य मान्दै गलेश्वरबाबा (ईश्वरानन्द ब्रह्मचारी) समक्ष प्रस्तुत गरे । ज्योतिर्लिङ्ग अमृतेश्वर शिवालय (हरिहर) मा स्थापित भए[२८] भन्ने कुराको प्रामाणिकता उपर्युक्त सानो कृतिले पुष्टि गरेको छ ।

जेहोस् ! हरिहरक्षेत्र देवघाटधामको माझमा रहेको यो दिव्य चक्रशिला विश्वदुर्लभ शालग्राम शिला हो । यसलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नुपर्ने दुर्लभ शिला हो । यो प्राप्त भएको कृष्णागण्डकी सदानीरामै हो । त्यसैले कृष्णागण्डकी र दामोदरकुण्डको शिरदेखि विभिन्न क्षेत्रहरूमा डुबुल्की लगाउँदै आएको यो दिव्य चक्रावतार (कूर्मावतार) शिला चरण चिह्न विष्णुपादुका चक्रतीर्थ हरिहरमा आएकोले यसलाई जति खर्च लाए पनि संरक्षण गर्नु जरुरी छ । मूलतः यहाँ भन्नुपर्ने कुरा के छ भने विश्व दुर्लभ एकमात्र तेत्तीसकोटी देवीदेवताहरू श्रापका आधारमा शालग्राम चक्र बनेर गण्डकीमा प्रवाहित भएका छन्, त्यस शालग्राम चक्रलाई प्रकृतिले आफ्नै हिसाबले फुटाएर प्रवाहित गराए पनि मनुष्यले फोड्ने, फुटाउने, एउटाको चिह्न अर्कोसित मिलाउने, बाँध बाँध्ने, विद्युत निकाल्ने, अमृतजलमा जाल हानेर माछा मार्ने, गर्ने, गराउने यो नदी होइन, यो विश्वसम्पदा सूचीमा सूचीकृत गर्नुपर्ने कलियुगको महत्त्वपूर्ण तीर्थस्थल हो । प्राक्कालीन समयमा अथवा मानसकल्पमा प्रकटित मानसीगङ्गा कपोली श्वेदविन्दु-गण्डकीमा ब्रह्मर्षि, महर्षि, ऋषिगण, देवगण सम्पूर्ण चराचर प्राणीको एकमात्र अमृत जलाधार क्षेत्र हो । पृथ्वीमा रहेका गङ्गालगायत नदीहरू, समुद्रसमेत पान गरेर सुकाएका अगस्त्य ऋषिको जन्म कर्म भएको स्थल र मित्रका छोरा (मैत्रावरुण) कुम्भयोनि (घडाभित्र वीर्य, वसिष्ठ) र वरुणको वीर्य घडा भन्दा बाहिर खसेको हुनाले अगस्त्य ऋषि को जन्म भयो र अगस्त्य मनीषी ब्रह्मर्षि हाम्रै हिमवत्खण्डका हुन्, उनले यो सदानीरा जललाई पिएर सुकाउन सकेनन् किनभने यसमा स्वयं नारायणलगायत देवताहरू शालग्राम चक्र बनेर बसेका छन् । कलियुगको अन्तिम विश्व संहार गरिसकेपछि कल्कि भगवान्

२७ नलराज शास्त्री, नेपाल 'प्राप्त शिलालेख एक व्याख्या' चक्रवर्ती मन्दिर, तनहुँ : मणि मुकुन्देश्वर आश्रम, देवघाटधाम-५, गण्डकीप्रदेश २०७६ पृ. १ ।

२८ ऐजन, नलराजशास्त्री नेपाल, पृ. ११-१२ ।

यही गण्डकीमा आएर स्नान गरी शालग्राम चक्रमै तिरोहित हुनुहुन्छ ।

यस कृष्णागण्डकीमा सम्मिलित हुने सहायक नदीहरू आठ रहेका छन्:-

१. मिर्सा (मृडा) २. रहु (रघु) राखु-देविका ३. मङ्गल (म्याग्दी) ४. मोदीवेनी (माधवी) ५. सेतीवेनी (हैमवती नदी) ६. आदि+आधी+आँधी+अन्धावती, दीर्घतमा, ७. रुद्रगङ्गा-रुद्रमती (रुद्रावती) बडीगाड ८. रुरुगङ्गा+रिडी गरेर ९ गण्डकी सित सम्मिलित भएर कृष्णागण्डकी (वैष्णव-वैष्णवी) को सङ्गम देवधाममा गएर हर-त्रिशूली+शुक्ला-सेती-सरस्वतीसँग सम्मिलित हुन्छिन् । त्रिशूली गण्डकीसँग सम्मिलित हुने अन्य ५ मुख्य- १. बूढी (वृद्ध) गण्डकी २. शुक्ला (सेती) सरस्वती ३. मर्स्याङ्दी (कर्मदा) ४. मादी (माद्री) ५. दरौंदी गरी यी नदीहरूको विषयमा सप्तगण्डकीका रूपमा हिमवत्खण्डले व्याख्या गरेको छ भने अन्य सहायक नदीहरूको विषयमा उल्लेख भएको छैन । त्रिशूलीमा मिल्ने सहायक नदीहरू १. चेपे (चम्पावती) २. आँखू (आँकू) नेत्रवती ३. तादी-तापी-सूर्यमती ४. वेत्रावती (वेदवती) गरी ९ रहेका छन् । यी संयुक्त ९/९ गरी १८ नदी समूहको सम्मिलित स्वरूप दुई देवनदीको सङ्गमधार-सप्तगण्डकी-सङ्गमस्थलबाट नारायण ऋषिकी शक्ति नारायणी भएर प्रवाहित हुन्छिन् ।

नदी सभ्यतालाई केलाउनुपर्दा एकमात्र वराहपुराणीय आधारमा पुरुषप्रधान नदी तीन रहेका छन् १. कृष्णस्य तनुद्भवा वैष्णवी (विष्णु) कृष्णागण्डकी २. शिवतनुद्भवा (त्रिशूलगङ्गा महानदी) शाम्भवी (शिव) ३. श्वेतगङ्गा (सेती) सरस्वती (ब्रह्मा) एवं (शिव) यी तीन नदीका विषयमा मात्र उल्लेख भएको छ भने हिमवत्खण्डमा शक्तिप्राधान्यका आधारमा गौरीदेवी (पार्वती) को विभिन्न अङ्गभागबाट श्वेदविन्दु सप्तधाराका रूपमा प्रकटित हुन्छन् ती सप्तधारा यसरी रहेका छन्: धर्मधारा (त्रिशूली), रत्नधारा (दरौंदी) सुवर्णाभा (शुक्ला-सेती-सरस्वती) कृष्णाभा कृष्णा (काली गण्डकी) भनेर व्याख्या गरेको छ । अतः यी सबै सम्मिलित स्वरूप सदानीरा-गण्डकी-नारायणी मात्रै हो । पुरातात्विक हिसाबले देवघाट क्षेत्रमा- १. मणि मुकुन्दसेन चक्रशिला वरिपरि भग्नावशेष पञ्चदेवल, तनहुँ-५, २. ज्योतिर्लिङ्ग अमृतेश्वर हरिहर शिवालय भित्र रहेको चतुर्बाहु नारायण तनहुँ-५, ३. वागीश्वरी पञ्चदेवल (चितवन-१), ४. गणेशस्थान (मयूरेश्वर गणेशका रूपमा कुलपति महर्षि मुद्गलद्वारा स्थापित प्राचीन गणेश मन्दिर (चितवन-१), ५. सप्तञ्चुली पर्वत सातचुली सतञ्चुलीमा प्राचीन भग्नावशेष सात ऋषिहरूद्वारा तप गरेको (चितवन-१), ६. मौलाकालिका मन्दिर वरिपरिको क्षेत्र, (नवलपुर) ७. देवघाटक्षेत्र सित जोडिएको खयरटाँडी झपर्दी (नवलपुर-४), ८. देवघाटक्षेत्रदेखि पश्चिम, मुकुन्दपुर दरबार ९. सिखौली १०. शिवघाट, ११ पितौंजीघाट लगायत क्षेत्रहरू रहेका छन् ।

**निष्कर्ष**

'शालग्रामवाहिनी तीर्थजल सदानीरा-आदिगङ्गा कृष्णागण्डकीको वैशिष्ट्य' भन्ने शीर्षकका आधारमा लेख तयार गरिएको छ । यो शीर्षकले भन्न खोजेको कुरा के हो भने चक्रमय-शालग्राम (पाषाण) लाई प्रवाहित गर्ने गण्डकीको महत्त्व के कति रहेछ र यसलाई वैदिक समयमा वा शतपथब्राह्मण- (वाजसनेयीसंहिताअन्तर्गत) मा सदानीरा-सधैं कञ्चन भएर रहने अमृतजल भनेर व्याख्या गरेको छ । यो नदी मानसकल्पमा प्रकटित भएको र त्यस अवसरमा टेथिस-टाइथासिस (तीर्थसागर) सँगै यो नदी तिब्बतको उपल्लो भेगसम्म रहेको एकमात्र आदिगङ्गा हो । यसको व्याख्या राम्रोसित हुन सकेको छैन । जहाँबाट भन्नाले-एकपक्ष तिब्बतको पठार अर्कोपक्ष दामोदरकुण्डबाट प्रवाहित भएर यो जलमा स्वयं विष्णु शालग्राम


चक्र भएर आउनु भएको छ भने त्यसैमा सम्पूर्ण देवगणहरू पनि चक्रमय-शालग्राम भएर आएकोले यो जललाई तीर्थजल भनिएको हो । यो एकमात्र विश्वमा पूजित कलियुगको महान् तीर्थस्थल यो गण्डकी स्वयं भगवान् विष्णुको गण्डस्थल (गालाबाट) पसीना रूपमा झर-झर भएर प्रकटित नदी रूपमा परिणत भएर गण्डकीले दसहजार वर्ष तप गरेपछि मात्र वज्रकीट द्वारा असंख्य चक्रको भण्डार भएको शालग्राम (शालिग्राम) गण्डकीको गर्भमा स्थापित भएर रहेको भूभाग देवधाम/देवाट/देवघाटधामको उपत्यका भूमि विशाल पोखरी हुँदा यो मिथिला र चितवनको चुरे भावर प्रदेशले घेरेको (माण्डव्यऋषिको तपोभूमि) माडीसम्म रहेको थियो भन्ने विषयमा निर्क्यौल गर्न सकिन्छ । त्यसैले शिरदेखि लिएर बिच-बिचमा भएका तीर्थस्थलहरूलाई अमृतजलले सिञ्चन गर्दै आएका भूमिहरू पवित्र हुन्, त्यस पवित्र स्थानबाट अन्य स्थानमा बाँध बनाएर स्थानान्तरण गर्न मिल्दैन, किनभने यो जल भागीरथी गङ्गाको मर्त्यलोकमा अवतरण हुनुभन्दा पूर्व मानसकल्पमा नै रहेको आदिगङ्गा/आदिप्रयाग धाम हो, त्यसैले नेपालको भूमिबाट कुनै पनि प्रकारको बाँध बनाएर विद्युत् निकाल्नु हुँदैन, किनकि त्यहाँ साक्षात् जलभित्र माछा पनि चक्रका रूपमा स्थापित छन् ।

आदिगङ्गाका साथै प्रथम हरि र हरको सङ्गम भएको क्षेत्र र यसै क्षेत्रमा ब्रह्मा र ब्रह्माका प्राणपुत्र वसिष्ठले प्रथम याग गरेकोले पनि यो क्षेत्र आदिप्रयागका रूपमा स्थापित भएको हो । त्यसैले प्रथम हरिहरक्षेत्र देवधाम/देवघाट हो भने द्वितीय हरिहरक्षेत्र विहारको सोनपुर हो । धार्मिक, पौराणिक, ऐतिहासिक, पुरातात्त्विक हिसाबले रहेको यो क्षेत्रको मुटु भनेको तनहुँको भूभाग हो । त्यसैले भन्नुपर्दा ब्रह्मर्षि वसिष्ठले स्थापना गरेको (रामाश्वमेधयज्ञकुण्ड) हालसम्म रहिदिएको भए रामको जन्मभूमि हाम्रो भूमिमा पर्थ्यो, वा भारतमा पर्थ्यो भन्ने कुरा टुङ्ग्याउन सजिलो हुन्थ्यो, तर त्यो हुन सकेन यसमा सबैको ध्यान जाओस् । हरि ॐ त्तसत् ।

यसो विचार जिन्दगी रहेछ जल्नु दीप झैँ
दिई प्रकाश बाँचने रहेछ चल्नु जीव कैँ
बलेन दीप यो कतै समाप्त आयु सम्झनू
बुझिन्छ तेल सिद्धियो रहेछ प्राण अन्त्य यैँ

- सुरालयबाट

# शालग्राम, कालीगण्डकी, हिमालय नेपाल महिमा



पदमप्रसाद पाण्डेय

## परिचय

हिमालयपारिको जिल्ला भनेर चिनिने मुस्ताङको दामोदरकुण्डबाट सुरू भएकी काली तथा मुक्तिनाथ क्षेत्रबाट सुरू भएकी गण्डकी कागवेणीमा मिसिएपछि म्याग्दी, बागलुङ, पर्वत, गुल्मी, स्याङ्जा पाल्पा, तनहुँ र नवलपरासी हुँदै देवघाट पुग्दासम्मकी नदी कालीगण्डकी नामले पुकारिन्छिन् पुजिन्छिन् । रसुवाको गोसाइँकुण्डबाट सुरू भएर मोदी, मादी, मर्स्याङ्दी, बुढी र सेतीलाई समेट्दै आएकी नदी त्रिशूलीसँग देवघाटमा मिसिएपछि यिनै नदी नेपालभरि नारायणी र भारत पसेपछि पुनः गण्डकी नामले पुकारिन्छ । नेपाली हिमपाखा पर्वतबाट रसाएका सबै नदीहरू आफ्ना वहाव क्षेत्रका विभिन्न घाट, तीर्थक्षेत्रहरूलाई पवित्र पार्दै बङ्गालको खाडीमा मिसिन पुगेको ठाउँलाई गङ्गासागर भनिन्छ ।

कालीगण्डकीले शैव-वैष्णवादि साधना पन्थहरू एवं हिमाली(पहाडी र तराईका धर्म-संस्कृति र सभ्यताहरूको निर्माण, संरक्षण र सम्वर्द्धन गरेकी छन् । समाजलाई सनातन धर्म र विज्ञानको समन्वित स्वरूप सिकाएकी छन् । यिनै नदीको गर्भमा रहेका विविध चक्रयुक्त शालग्राम शिला विश्वभरिका सनातनीहरूको आस्थाका केन्द्र रहेका छन् । विष्णुस्वरूप शालग्रामलाई शक्तिस्वरूपा कालीले आफ्नो गर्भमा धारण गरेर वैष्णव-शैव-शाक्त-गाणपत्य र सौर्यादि सबै सम्प्रदायकी श्रद्धा प्रवाहिनी बनेकी छन् । मुक्तिनाथ, पशुपतिनाथ, गोरखनाथ एवं बौद्धनाथका केन्द्रहरू पनि यही क्षेत्रमा छन् । शालग्रामलाई प्राणप्रतिष्ठा गर्न नपर्ने पार्थीवाकार भगवान् मानिन्छ ।

## नेपाल प्रसङ्ग

एशिया महाद्वीपलाई जम्बुद्वीप र दक्षिण एशियालाई भारतवर्ष भनिन्थ्यो । हिमालयदेखि महासागरसम्म फैलिएको भारतवर्षको शिरोभाग (सहस्रार) सगरमाथा कै नामले नेपाल विश्वविख्यात छ । हाम्रो शिरभागले शरीरभरि शुद्ध सचेतना फैलाए जस्तै भारतवर्ष भरी सचेतना फैलाउने जिम्मा पनि नेपाली भूमिको छ । राजनीतिले नबिटुलिएका सबै महात्माहरूले नेपाललाई भारतवर्षको शिर भाग, दिव्यभूमि, सारा चेतनतन्त्रको केन्द्र मानेका छन्स तन्त्र द्वारा नै निर्मित भएको देश भनेका छन् ।
https://www.youtube.com/watch<v.4n99JjjvYbg&t.2s

## हिमाल प्रसङ्ग

शिव-पार्वतीको वासस्थान कैलाशलाई आकाशीय पिण्ड मानिन्छ । सगरमाथा विश्वकै शिरभाग र हिमालयपुत्री पार्वती जगत्की माता मानिन्छिन् । कैलाश, गणेश हिमाल, अन्नपूर्णादि सयौं विशाल हिमश्रृङ्खलाहरूले जाडोको चिसो वायुलाई स्वयंमा समेटेर गर्मीका लागि साँचेर राखीदिन्छन् । गर्मी याममा स्वयं समाप्त हुँदै अमृतमय पेयजल बगाइदिएर प्राणी सेवामा समर्पित हुने स्वधर्म सिकाइरहेका छन् ।

यस्ता हिमालयलाई देवता मानेर टाढैबाट पुजा गर्ने हाम्रो पूर्ख्यौली चेतनाभित्र लुकेको विज्ञान

बुझेर हिमालयद्वारा प्रवाहित जलको सदुपयोग गर्न सिके हामीलाई सर्वस्व प्रदान गर्ने क्षमता हाम्रै हिमालय र नदीहरूमा छ। हामीले इनको स्वच्छताको रक्षा गरे यिनले हाम्रो रक्षा गर्नेछन्। 'धर्मो रक्षति रक्षितः'।

यस्ता हिमालयमा परचक्रीहरूलाई कुल्चाएर, अस्वच्छ, अपवित्र बनाएर उनीहरूले फालेका फोहरमा सम्पन्नता खोज्ने दरिद्र खाते मानसिकता त्यागेर हिमालयलाई टाढैबाट श्रद्धापूर्वक पूजा गर्दै नदीहरूलाई स्वच्छ राख्न सिक्नु र सिकाउनु हामी सबैको कर्तव्य होस् धर्म हो।

**गण्डकी प्रसङ्ग**

पूर्वमा टिष्टा अथवा वर्तमान मेची र पश्चिममा सतलज अथवा वर्तमान महाकाली नदीहरू सीमा सुरक्षाका पार्षद बनेर पूर्वकी कोशी, मध्यकी गण्डकी र पश्चिमकी कर्णाली ब्रह्मा, विष्णु र महेश्वर बनेर हाम्रो शक्ति, संस्कृति, सभ्यता र समृद्धि निर्माण गरेका छन्। मध्यकेन्द्रमा प्रवाहित सप्तगण्डकी मध्येकी प्रमुख कालीगण्डकी र उनकै गर्भमा स्थित शालग्रामको महिमा पुराणहरूले समेत मुक्तकण्ठले गाएका छन्।

**शालग्राम प्रसङ्ग**

शालग्राम धोएको जललाई साक्षात् विष्णुको चरणोदक मानेर एकदुई थोपा आचमन गर्न पाए बाहिरी र भित्री शुद्धि भएको अनुभव गर्ने भक्तहरू करोडौंको संख्यामा छन्। गण्डकीबाट एक लोटा जल लगेर घरका सबै जल पात्रहरू, स्थानीय जलस्रोतहरूमा मिसाउँदा ती सबै जल पवित्र भएको भावना गर्दछन्। यति पवित्र जल भण्डार हामीलाई प्रकृति माताले बैर्याइरहेकी छन्।

**पेयजल प्रसङ्ग**

वर्तमान विश्वमै पेयजलको अभाव सुरू भएका समाचार पढ्न सुन्न पाइन्छ। अमेरिकामा बिल गेट्सले ट्वाइलेटमा फ्लश गरिसकेको पानीलाई पुनः प्रशोधित गरेर पिउँदै गरेको भिडियो केही समय अगाडि भाइरल भएको थियो। अरू सामान्य फोहर पानीलाई मेसिनले प्रशोधन गरेर पिउनेहरूको सही तथ्याङ्क उपलब्ध नभएतापनि मिनेरल वाटरको नाममा कोलिफमयुक्त पानी २०, २५ रूपैयाँ प्रतिलिटर किनेर खाने नेपालीहरूको संख्या प्रसस्त पुगिसकेको छ।

एउटै नदीको स्वच्छ जलले नेपालीको मात्र हैन, मानवको मात्र पनि हैन, विश्वका सारा प्राणीहरूको तिर्खा मेटाएर पनि शेष रहन्छ। कैयौं नेपाली गाउँलेहरूले नै सुख्खा मौसममा जलाभाव बेहोरेका हजारौं घटनाहरू देख्नुपर्ने अवस्था रहिरहनु विडम्बना हो। कमी अर्थको हैन, चेतनाको हो : अभाव सम्पदाको हैन व्यवस्थापनको हो।

**आयस्रोत प्रसङ्ग**

हाम्रा यिनै नदीहरूलाई स्वच्छ राखेर उचित व्यवस्थापन गर्न सिकेमा आयस्रोतका लागि अर्को कुनै विकल्प चाँहिंदैन। विश्वभरिकै तिर्खा मेटाएर पनि नेपाल मात्र हैन पूरै भारतवर्ष सिंचित हुन सक्दछ। यति पवित्र जलभण्डार प्रदायक हाम्रा हिमालय र नदीहरू हामी मानवले नफोहोऱ्याएमा मेसिन न प्रशोधित मिनेरल वाटरभन्दा धेरै उच्चकोटिको प्राकृतिक पेयजल स्वतः उपलब्ध हुनेछ। जलसम्पदाको संरक्षण, सदुपयोग र उचित व्यवस्थापनले मात्र पनि नेपाल विश्वकै सर्वाधिक सम्पन्न मुलुक बन्न सक्ने छ।

आयस्रोत अरू थप्नु परेमा हिमाली खेत, खर्क र पहाडी पाखाहरूमा दिव्य जडीबुटीहरूको भण्डार छ। तिनलाई चिनाउने र तिनको गुणदोष सिकाउने शिक्षा दिएर हावा-पानी माटोअनुसार उत्पादन, दीगो संकलन, प्रशोधन र परिमार्जन गर्न

सिके-सिकाएमा समृद्धिका वैकल्पिक ढोकाहरू पनि उघारिने छन् ।

**ऊर्जा प्रसङ्ग**

अग्ला हिमालयहरूबाट गहिरा खोंचहरू हुँदै बग्ने नदीहरू बेसीमा पुग्दा उर्जा उत्पादन गरेर पनि शुद्ध पेयजल प्रदान गर्न सक्दछन् । अग्ला छाँगाहरूबाट तल झर्दा थप शुद्ध र सशक्त बन्दछन् ।

बाँध बनाएर उर्जा उत्पादन गरेमा जल शोषित भएर तटीय मूलहरू सर्सिन्छन् । जल परिशोषित भएर हुने स्थानीय वर्षाले वातावरणीय सन्तुलनमा सघाउँछ । जलविहारबाट थप आनन्द लिन सकिन्छ । तालहरूकै कारण पोखरामा अधिक वर्षा हुन्छ । तालहरूका कारणले पनि ती ठाउँको शोभा बढाएको छ । जन आकर्षण थपिएको छ । भारतको नैनीताल जस्ता सयौ ताल-तलैयाहरू नेपालमा आफै बनेका छन् ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र, ईसिमोडले सन् २०१५ मा गरेको अध्ययनअनुसार नेपालमा २ हजार ८६ वटा हिमतालहरू छन् । ई हिमतालहरूले ८५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेका छन् । ती बाहेक पनि रारा, तिलिचो, फोक्सुण्डो जस्ता आफै बनेका सयौं ताल-तलैयाहरू नेपालमा छन् । ती प्राकृतिक बाँधहरूलाई अध्ययन गरेमा दीगो बाँध बनाउने प्रविधि तेहीं सिकिन्छ । आफ्नै प्रविधि र पद्धति विकास हुनेछ, उत्कृष्ट कालीगढ यही जन्मिने छन् । ती बाँधमा प्राकृतिक ढुङ्गा माटो बाहेक अरू केही थपिएको छैन ।

यति गहन ज्ञान, विज्ञान, प्रविधि, संपदा र क्षमता सम्पन्न मुलुकका जनताको जीवन अभावग्रस्त हुनु अति दरिद्र मानसिकताको परिचायक हो । कस्तुरी मृगले बसाउने घाँस खोज्दै जङ्गल चहारे जस्तै हो । 'तेरा साई तुझ्मे है, ज्यू फुलों में वासस कस्तुरिका मिरग ज्यू ढूँडत फिरे घाँस' भन्ने आप्त वचन बिर्सेर हो । ज्ञान विज्ञानका प्रत्येक क्षेत्रमा विश्व गुरु बन्न सक्ने क्षमता नेपालमै निहित छ भन्ने बिर्सेर भिखारी बन्न लालायित हुनु बाध्यता नभएर बेहोसीपना मात्रै हो ।

नदीको मूल बाटो फेरेर ऊर्जा उत्पादन गर्दा ती नदीले निर्माण गरेका सयौं संस्कृति, सभ्यता र सम्पदाहरू समाप्त हुँन्छन् । नदीको चिस्यानले बाँचेका वनस्पतिहरू सुकेर मासिन्छन् । पूरानो बहाव क्षेत्रमा तापक्रम बढ्छस तेहाँका वासिन्दाहरूको जीवन यापनका धेरै बाटाहरू मेटिन्छन् र नदीकै भरमा बाँचेको बोटे माझी संस्कृति हराएरै जाने सम्भावना बढ्छ ।

अरूको नक्कलमा गरिने विकासले पराश्रयी बनाउँछ । पराश्रयी व्यक्ति र मुलुक पराधीन हुन्छन् । पराधीनलाई कहिल्यै सुख हुँदैन भनेर महात्माहरूले भनेका छन् । अरूका नक्कलमा गरिने विकासको गति विनाशको गहिरो खाईमा पुगेर मात्र टुङ्गिन्छ ।

हामीलाई आवश्यक पर्ने चौधै विद्या र ६४ कला सदाशिवका डमरू र पार्वती माताकै काखमा थुप्रिएका छन् । तिनलाई सुन्ने-हेर्ने फुर्सद अनि सिक्ने इच्छा र आँट भए पुग्छ, केही थप्न पर्ने खाँचो छैन ।

**वरदान अभिशाप बनेको प्रसङ्ग**

परमात्माले प्राणीको कल्याणका लागी संसारभरि छितरिदिने अमृत हो, वर्षा । तेही अमृतको वरदान हाम्रा अज्ञानताले अभिशाप बनेको छ । भल बाढी, पैरो र डुबानले प्रतिवर्ष ठूलो जन(धनको क्षति हुने गरेको छ । मलिलो माटो वर्षेनी बगेर जाँदा स्वर्गतूल्य नेपाल मरूभूमि बन्नेछ । माटो मिसिएर बाक्लिएका नदीहरू आयतन र गति बढेर स्थिर सागरलाई ठेल्दा अर्को किनारमा सुनामी सृजना हुन्छ ।

यी सबै घटनालाई हामी दैवी प्रकोप अथवा प्राकृतिक प्रकोप भन्दै निरीह मूकदर्शक बनेका छौं । उद्धार र राहतमा मात्र ध्यान दिएका छौं, कारणको निवारण गरेर उचित व्यवस्थान गर्नेमा ध्यान जानै सकेको छैन ।

**जसको विस्थापन उसैको व्यवस्थापन प्रसङ्ग**

आ-आफ्ना घर-आँगनले विस्थापित गर्ने पानी सबैले सजिलै व्यवस्थापन गर्न सकिन्छ । प्रत्येक परिवारलाई व्यवस्थापनको सामान्य उपायहरू सिकाएर जिम्मेवार बनाउन सकिन्छ । नजानेकालाई सिकाउन सकिन्छ, नसक्नेलाई सघाउन सकिन्छ । जान्ने सक्नेले पनि आफ्नो दायित्व पूरा नगर्नेलाई सुधारगृहमा राखेर पनि सुधार्नुपर्छ ।

वर्षाको सफा पानी संकलन गर्दा सर-सफाइमा सघाउँछ । प्रयोग भएको पानीलाई फूलबारी र करेसाबारीमा प्रयोग गरेमा सामान्य लगानीले राम्रो प्रतिफल पाइन्छ । पानीसँगै बगेर जाने मलिलो माटो जोगिएपछि अन्न, फलफूल तरकारी वनस्पतिहरू सप्रिन्छन् । पहाडी भिराला खेतबारीहरूमा बर्षेनी खनजोत गर्न नपर्ने खालका फलफूल र जडीबुटी खेती गर्न सकिन्छ ।

हाम्रा पूर्खालाई यी सबै कुराको जानकारी थियो कि थिएन, हामलाई थाहा छैन । तर नदीमा फूल र तामे पैसा चढाउन सिकाए, सानोमा तुलसीदेखि ठूलोमा पीपलसम्मलाई पूजा गर्न, जल चढाउन सिकाए, समग्र प्रकृतिलाई पूजा गर्न, जल र जमीनको संरक्षण गर्नुपर्छ भन्ने बुझेका रहेछन् । उनीहरूले ठाउँमा खनाएका हजारौं पोखरीहरू नेपालभरि थिए, केही अँझै छन् । भल बग्ने ठाउँमा पोखरी खनाउने तही पूरानो संकृतिको पुनर्उत्थान गरेमा वर्षा हुँदा अमृतै वर्षेको अनुभव हुनेछ । जन-धनको क्षति हुन छाड्नेछ । भल-वाढी-पैरो-डुबानपछि राहतमा खर्चिने रकम पोखरी खनाउन खर्चेमा जन-धनको क्षति घट्नेछ, नदीहरू संलिने छन् ।

जस्को विस्थापन उसैलाई व्यवस्थापन गर्न सिकाए, सघाए, सुधारेमा नगरपालिकाहरूमा प्रति बिहान थुपारिने फोहरको समस्या पनि समाप्त हुनेछ ।

सरकारी र गैह्रसरकारी सबै संयन्त्र प्रयोग गरेर चलाइएको वागमती, विष्णुमती सफाइ अभियानले दिएको प्रतिफल नगण्य छ । त्यै दुरावस्था सृजना नहुँदै जोमसोमदेखि भरतपुरसम्म गण्डकी किनारमा विकसित हुँदै गरेका शहरहरूको पानी र फोहर व्यवस्थापनमा सचेत हुनेबेला आइसकेको छ ।

**समापन**

हिमालयलाई पूजा गर्ने, वृक्ष-वनस्पति र समग्र प्रकृतिलाई पूजा गर्ने, नदीहरूलाई पवित्र राखेर आरती उतार्ने आफ्नै संस्कृति संझेर स्वयं सँचियौं भने हाम्रै हिमालय र नदीहरूले हाम्रो कल्याण गर्नेछन् । उदाएको सूर्य पनि आँखा उघारे मात्रै देखिने हो, चिम्ले दिउँसै अँध्यारो हुन्छ ।

यो देवभूमिमा आँखा चिम्लेरभित्र खोजे परमात्मा भेटिन्छ, आँखा उघारेर प्राकृतिक सम्पदाको सदुपयोग सिकेमा आफ्नो विशिष्ट क्षमता उघारिन्छ । ज्ञान-विज्ञानले पूर्ण बनेर जीवनका चारै पुरुषार्थहरू पूरा हुन्छन् । सुख, सन्तोष, समृद्धि र मुक्ति सबै प्रदान गर्ने क्षमता हाम्रा हिमालयहरू, नदीहरू र हामै पाखा पखेराहरूमा निहीत छ । तिनको संरक्षण हुनेगरी सदुपयोग सिकेमा भुक्ति-मुक्ति सहज हुनेछ भन्ने चेतना यस क्षेत्रका हामी सबै बासिन्दालाई यिनै कालीगण्डकी माताले प्रदान गरून् । श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् । हरिः ॐ त्तसत् !

# कालीगण्डकी मुहानका लुप्त तीर्थ र त्रिकोणात्मक धार्मिक समन्वय



**रामचन्द्र बराल**
विद्यावारिधि (समाजशास्त्र), पृथ्वीनारायण क्याम्पस, पोखरामा

**१. सन्दर्भ :**

धर्तीमा रहेका हरेक धुरी र धारालाई त्यसको निकटबासी कुटुम्बहरूले आफ्नै कोटीको इष्टदेवता र उर्जाको श्रोत मान्ने परम्परा छ । यसैले त धुरी र धाराको पर्यावरणमा रहेका जीव, वनस्पति र पदार्थ बिचको अन्तर्सम्बन्ध र पारस्परिक अन्तरनिर्भरताबाट हरेक प्रजाती-समुदायले आफ्ना पूर्वजको सूचना र आफ्नो भोगाइ ज्ञानका आधारमा विशिष्ट नाम दिन्छन् र त्योसँगै जोडेर आफनो पहिचान पनि निर्माण गर्दै आएका छन् ।

यसकारण प्रकृतिका समान धुरी र धाराहरूमा पनि देश, काल, परिवेश र प्रजातिहरूको फरक समस्करणको संजोग जुर्ने र शास्त्र–शस्त्र–संगतीका ढाँचाहरूमा विविधता प्रकट हुन्छ । त्यसैले अनुसन्धानका दृष्टिकोणले एकोपथ वा एकोजातीको सूचनामा मात्र भर पर्नुभन्दा विभिन्न कालगत, ज्ञानगत, प्रजातीगत सूचनाका आधारमा त्रिकोणात्मक विश्लेषण गर्नु बान्छनीय मानिन्छ । यसै मान्यतालाई आत्मसात गर्दै सप्तगण्डकी मध्येको सातौ गंगा, शालग्रामी, नारायणी कृष्णाभाको उपल्लो तटीय क्षेत्रका विभिन्न धार्मिक समुदायका ज्ञान र सूचनालाई त्रिकोणात्मक विवेचना गर्दै लुप्त तीर्थको सन्दर्भ र धार्मिक अन्तर्सम्बन्धका बारेमा यस आलेखमा चर्चा गर्ने जमर्को गरिएको छ ।

**विशिष्ट शब्दावली : शालग्रामी, गण्डकी त्रिकोण, दामोदर कुण्ड, पञ्चधारा, रोङ्गबाको तीर्थ, धर्मको समाजशास्त्र, धुरी, धरा, धारा**

**२. अध्ययन विधि**

विगतका शास्त्रहरूमा प्रकट भएका मन्त्र वा ज्ञान तत् परिस्थितिगत अन्तर्क्रियाका आधारमा लेखिएका शास्त्रीय मतहरूको अनुवाद गर्ने एक परम्परा, अवलोकन कर्ता पात्रको पात्रताका आधारमा अनुवाद र विश्लेशण गरिएका तथ्य हुन् । यस्ता तथ्यहरूमा देश-काल र परिस्थीतिको अन्तर्सम्बन्धलाई अवलोकन तथा अनुबाद गर्ने पात्रको पात्रताका आधारमा प्रकटीकरण गर्ने र व्याख्याका लागि संकेत पनि फरक–फरक हुन सक्छन् । त्यसैले त ती तथ्य वा संकेतहरूमा पुनः अनुसन्धानका आधारमा लुप्त तथ्यहरूको उद्वोधन गर्न निरन्तर अनुसन्धानात्मक सबालहरूले घन्टी बजाइरहनु पर्दछ र नवीन धून सृजना गरिरहनुपर्दछ भन्ने मान्यताले समाज विज्ञानमा हरेक सामाजिक सम्बन्ध र विश्वासहरूमा युग-युगमा पुराना शास्त्रहरूमाथि सबालका घण्टी बजाइरहने र नयाँ धुन सृजना गरिरहने प्रचलनहरू चलेकै छन् ।

यसै क्रममा विश्वविद्यालयको शोधार्थीका हिसाबमा विगत ७ वर्षदेखि विभिन्न बहानामा गण्डकी हिमालयका बस्ती–बान्धव र उनका पूज्य धाराहरूको अवलोकन तथा उनीहरूसँगका संवादमा पाएका तथ्यहरूलाई विरोचनको वेदशालामा पस्केर 'बादे–बादे' हेतु विज्ञजनमा पेश गरिएको छ ।

**३. गण्डकी त्रिकोण र धार्मिक समन्वय**

कालीगण्डकी क्षेत्रका तीर्थहरूका बारेमा चर्चा गर्दा त्रिकोणात्मक ढाँचामा अनुसन्धान हुनु

आवश्यक छ । हरेक तीर्थको त्रिकोणात्मक विन्दुमा अर्को तीर्थ छ, त्यो लुप्त छ भने प्रकट गर्ने र प्रकट छ भने अर्को त्रिकोणमा रहेको तीर्थसँग प्रमाणिकता परीक्षण गर्नु जरुरी हुन्छ । गण्डकी त्रिकोणमा पूर्वको गोसाइकुण्ड, पश्चिमको दामोदर कुण्ड र दक्षिणको देवह्रद भनिने देवघाट क्षेत्र, जम्बुद्वीपको हिमवत खण्डको यो त्रिकोणमा के कस्ता तीर्थहरू छन् भन्ने कुरा पहिचान गर्न एउटा मात्र पुराणले र एउटा कल्प प्रसङ्गले मात्र पूरा हुदैन । स्कन्धपुराण, शिव पुराण, पद्म पुराण, वराह पुराण र मार्कण्डेय पुराणमात्रले नपुगी स्थानीय बोन र बौद्ध मताबलम्बीहरूका शास्त्र र जानकारसँगका सूचना पनि जोड्नु आवश्यक हुन्छ ।

प्रकृतिमा भएका हरेक दैविक ऊर्जा केन्द्रलाई सबैजसो धार्मिक मतले उर्जा केन्द्रकै रूपमा मान्यता दिने र आफ्ना पथप्रदर्शकले त्यस क्षेत्रबाट के ज्ञान पाए भन्ने सूचना प्रवाह गर्ने गर्दछन् । कतिपयले उर्जा केन्द्रमा आफु आदि सम्पर्कको र उपाधियोग्य रहेको दावी गर्लान, तर धार्मिक सहिष्णुताका हिसावले एकले अरूलाई समावेश गर्दै यहाँको धार्मिक समन्वयबादको विकास भएको, समन्वयका लागि बसुधाका सबै प्रजाति कुटुम्बका रूपमा सहकार्य गर्नु आवश्यक रहेको, 'बसुधैव कुटुम्बकम्' को मान्यताअनुसार समन्वयीकृत हुदै गएको पाइन्छ ।

यसैकारण गण्डकी त्रिकोणका तीर्थहरूको पहिचानका सबालमा त्रिकोण भित्रका प्रजातीहरूको शास्त्र, शस्त्र र सङ्गतीका चरित्रहरूका बारेमा समन्वयात्मक विवेचना जरुरी हुन्छ। यो त्रिकोणात्मक सम्पर्कविन्दु पहिचान गर्ने सबाल गण्डकीमा मात्र होइन, सिन्धु–शारदा(महाकाली), कर्णाली, कौशीकी र ब्रह्मपुत्रमा पनि लागु गर्न सकिन्छ । धराका हरेक त्रिकोणात्मक विन्दुहरूमा उर्जा विन्दु रहने र त्यसलाई चिन्ने क्षमता भएका सुपात्रहरूले आफ्नो आराध्य देवताको स्थानका रूपमा जोडने, साधना गर्ने अभ्यास गर्दै आएको पाइन्छ । यो गणितलाई ज्यामितीय वात्सुविज्ञान होस् वा तन्त्र विज्ञान होस्, एउटा विधिबाट उर्जा मानिएको स्थान अर्को विधिबाट पनि पुष्टि गर्न सकिने र एउटा उर्जा विन्दुको त्रिकोणको अर्को विन्दुमा पनि उर्जा केन्द्रको रूपमा विकास भएको हुनसक्ने सम्भावनाका आधारमा खोजी हुनु जरुरी हुन्छ । किनकी त्रिकोणात्मक उर्जा व्यवस्थापन जुक्तिका आधारमा साधकहरूले सिद्धी प्राप्त गरेको तथ्यलाई विर्सनुहुँदैन ।

त्रिकोणात्मक उर्जाविन्दु पहिचान गर्न शास्त्रमत (शास्त्रीय साहित्यका विवेचना), शस्त्र मत(उपकरण तथा प्रविधि) र सङ्गतीगत( स्थानीय जनज्ञान) प्रयोग गर्न सकिन्छ । शास्त्रमत सांकेतिक हुने, शस्त्रमत उपयोगको क्षमतामा निर्भर रहने, सङ्गतिमत सकेसम्म गोप्य राखिने हुनाले यस्ता अनुसन्धानहरू कठिन देखिन्छन् । कतिपय रैथाने समुदायले आफ्नो आराध्य तीर्थलाई आफ्नै समुदायमा मात्र गोप्य राख्ने र बाहिरिया परचक्रीलाई बताउनु हुदैन भन्ने मत राख्दछन् । यो स्थानीय उर्जाकेन्द्रको सुरक्षा रणनीति पनि हो । किनकी स्थानीयहरूमा एक विशिष्ट धारणा हुने गरेको छ : 'बाहिरियालाई भन्न हुँदैन, देउता रिसाउँछन्', भन्ने धारणा राखेको पाइन्छ । सम्पदाको चोरी हुने, विधि विगार्ने, दुषित हुने र विचलन ल्याउने डरले यसो भन्ने गरिएको रैथानेहरूको तर्क हुने गर्दछ । यस्ता धार्मिक सम्पदाका कुरा कुपात्रमा पुग्यो भने अनिष्टको भागीदारी आफू हुनुपर्छ भन्ने धारणले सबैखालका धर्म विश्वासीहरूले यो सुरक्षा र नियन्त्रण जुक्ति अवलम्बन गरेको

देखिन्छ। समाजशास्त्रीहरू यो सुरक्षा र नियन्त्रणको जुक्तिलाई सबैखालका समाजमा विद्यमान समन्वय र सन्तुलनको अवस्थालाई टिकाउन र निरन्तर जोगाउन विकास गरिएको सन्तुलन रणनीतिका रूपमा व्याख्या गर्दछन्।

**४. केही प्रेरक सबालहरू :**

कैलाश धुरीलाई केन्द्रविन्दु बनाएर प्रकट भएका कैयन धाराहरू विभिन्न बस्तीको विचरण गर्दै महासागर भेटन जानेक्रममा विभिन्न प्रजातिका ऐतिहासिक सभ्यताहरूसँग अङ्कमाल गर्दै उनीहरूको जीविका र जीवलीला व्यवस्थापनमा सहयोगी हुँदै आएका छन्। ती धाराहरू प्रति हरेक बस्ती र समुदायले फरक संज्ञानबाट सम्बोधन गर्ने तर एउटै भाव 'मोक्षदायिनी' मान्ने गरेको तथ्यले धुरी र धाराका पुजारीहरूको ज्ञान भण्डारलाई एकीकृत गर्दै विश्लेषण गर्दा समग्र तथ्यप्रकटमा सहजीकरण हुने सम्भावना देखाएको छ। कैलाश धुरी र हिमवत् शृङ्खलाका धाराहरू : सिन्धु, शारदा, कर्णाली, कृष्णाभा, कौशिकी र ब्रह्मपुत्रलगायतका गंगाहरूलाई स्थानीय समाजले दिने नाम र पुज्ने महत्त्वमा उनीहरूको ऐतिहासिक सभ्यता र पूर्वजका ज्ञान सूचनाले आधारभूत रूपमा प्रेरणा दिइरहेका छन्। यी हरेक हिमधारा र यसका तटमा वहने विश्वासी धाराहरूको देश-काल-परिवेशअनुसार विशिष्ट आध्यात्मिक-धार्मिक मूल्यपरम्परा विकास भएको छ। यो आलेखमा सबैको विवेचना गर्ने धृष्टता नगरिकन सप्तगण्डकीको शालग्रामी वा नारायणीको कृष्णाभा खण्डको उपल्लो तटीय क्षेत्रमा विचरण र विवेचना गर्ने जमर्को गरिएको छ।

कुनैबेला काली गंण्डकीको मुहान मुक्ति क्षेत्र भन्ने सुनियो, कागबेनी पुगेर हेर्दा लाग्यो जलप्रवाह मुक्तिनाथ क्षेत्रको भन्दा उपल्लो क्षेत्रबाट बढी आएको छ। अहिले पश्चिमी सिमा नदी महाकालीको मुहानको चर्चा गर्दा मुहान पहिचानका सबालमा धेरै जलप्रवाहको हैसियत राख्नेलाई मुहान मान्ने तर्क चलेझैं मलाई पनि लाग्यो कालीगण्डकीको मुहान मुक्ति पर्वत नभई उपल्लो मुस्ताङ्ग तिरबाट आइरहेको छ।

अर्को सुचनाले बतायो, शालग्रामी कृष्णभाको मुहान त दामोदर कुण्ड हो र काली गण्डकीका हरेक तटमा शालग्रामशिला पाइन्छ। जिज्ञासु मन न हो, सन्देह गर्दै विचरण गर्ने संकल्प गरियो। समयले वि.सं. २०७० मा संजोग जुरायो। तर दुनियाको प्रतिक्रिया संकलन गर्नाका खातिर भेष बदलियो र कागवेनिदेखि मुक्तिनाथ हुदै पश्चिम झोङ्ग देउरालीपार गरेर काली गण्डकीका पूर्वी तटमा मिसिन आउने शाखा गङ्गाहरूका बेनी र बस्ती चहार्दै दामोदर क्षेत्रतिर लागियो। मुक्ति पर्वत देखि दामोदर पर्वतसम्मका ५ शाखा नदीहरूमा, डाँडा र कन्दराहरूमा विचित्र आकार र रंगका शालिग्राम शिलाहरू पाइयो, तर पाँचौ भन्दा माथिका कुनै पनि शाखा नदीमा शालग्राम पाइएन र पाँचौंभन्दा तलका शाखाहरूमा पनि पाइएन। कालीगण्डकीमा जति पनि शालग्रामको उपलब्धता छ, ती सबै कागबेनीसहितका पाँच शाखा धाराबाट कालीमा मिसिने र कालीको रुद्रतासँगै बहदै तल्लो तटीय क्षेत्रमा आइ प्रकट हुने गरेको थाहा लाग्यो।

दामोदरक्षेत्र जाने हालको चलन चल्तीको बाटो डिही गाउँ पारिको सुर्खाङ्ग बेनीमा भेटिने यारा खोलामा पुगेपछि के तथ्य देखियो भने दामोदर क्षेत्रको शाखा जलधाराभन्दा ठूलो जलप्रवाह त अझ उपल्लो मुस्ताङ्ग तिरबाट आइरहेको छ। शालिग्राम शिलाको प्राप्तिको श्रोत र कालीगण्डकीमा समाहित हुने बेनी त यी पाँच शाखा धाराहरू मात्र रहेछन्

भन्नेकुरा पुष्टि भयो। स्थानीय समुदायसँग गरिएको संवादले पनि त्यो तथ्य पुष्टि गऱ्यो । तर काली गण्डकीको मुहान दामोदरकुण्ड क्षेत्र नभई अझ उपल्लो क्षेत्रमा रहेछ भन्ने सङ्केत गर्यो ।

दामोदरकुण्ड यात्राका क्रममा यारागाउँमा एक विहान शंखको ध्वनि सुनियो, कौतुहलतासहित जिज्ञाशा भो, लुरी गुम्बाका लामाले शंख बजाउने चलन रहेछ । भेट्ने रहर जाग्यो, तर गन्तव्य छोड्न मिलेन । मनमा भेटको अनुराग पलायो, ती लामासँग मेरा धेरै जिज्ञासाको समाधान होला भनेर। तर यात्रा दामोदरकुण्ड मार्गमा अघि बढ्यो। संयोग, २ घण्टापछि हिँडेका उनी घोडसवारीमा हामीलाई लुरी गुम्बा पूर्वको उकालोमा भेट्न आइपुगे। उनले लुरी गुम्बाको तीन वर्ष, तीन महिना र तीन दिनको ध्यान पाठशाला, शंख बजाउने प्रचलनका बारेमा थाह दिए । हिउँवर्षा भइरहेकोले पदमार्ग कठिन हुँदै गएपछि दामोदरकुण्ड यात्राको त्यो रात हाम्रो टोली उनीसँगै भेडीगोठमा रात्री विश्रामको संजोग पनि जुऱ्यो । त्यो दिन विजयादशमीको पर्व पनि थियो, हामी दामोदरकुण्डको यात्रा कल्पनामा रोमाञ्चित र अनिश्चित हिमाली मौसमले चिन्तित पनि थियौं । दामोदर पर्वतका विभिन्न देउराली र भञ्ज्याङ्ग पार गर्दै एकादशीको रात्रीकालमा दामोदर कुण्डमा पुगियो र दैवले जुराएको विश्रामस्थलमा ओत लागियो । भोलिपल्ट विहान हिमवर्षाले सबैतिर सेताम्मे हिउँले ढाकिएको थियो । मन कौतुहल हुँदै विश्रामस्थलबाट दामोदरकुण्डमा प्रातः दर्शन गर्न आउँदा एउटा युवा हंश पानीमा पौडी खेलिरहेको देखियो । हाम्रो आगमन पछि हंश उडेर पूर्वतिर लाग्यो। हामी आफ्नो सनातनी संस्कार गर्दै सूर्यको चापसँगै फिर्ती यात्रामा लाग्यौ ।

लुब्रा गुम्बामा बोन समुदायको आस्थाको धरोहर मानिन्छ। त्यहाँ गुम्बाको चार बुर्जा र गजुरमा शैव मतको त्रिशूल राखिएको छ । ल्होमन्थाङ्गको प्रसिद्ध गुम्बामा काठका लामा र ठूला खाँबो तथा दलीनहरूमा संस्कृतमा मन्त्रहरू लेखिएको छ र महाकाल शिव तथा भैरवहरूको मूर्ति र आकृति कुँदिएका स्थानमा पूजन भइरहेको देखिन्छ ।

त्यसैगरी ल्हो राजप्रसादमा गरिएको एक संवाद (२०७५) मा पूर्वी ताल (छोसेर) पश्चिमी ताल (छोनुप) र बुटी मैदान (मन्थाङ्ग)को रहस्यसँगै कालीगण्डकीको मुहान क्षेत्रमा रोङ्गती (रोङ्गबाको तीर्थ : दक्षिणका मान्छेको तीर्थ) रहेको तथ्य आफ्ना पूर्वजले बताएको भन्दै एकजना जेष्ठ नागरिकले रहस्य खोले । आफ्ना बाजेले बताएको र बाबु पनि बाजेसँगै पुगेको तर आफू जान नपाएको बताउने ती जेष्ठनागरिक ६८ वर्ष पुगेको बताउँथे ।

हिन्दू सनातनसँगै बौद्धमत र बोन मतको त्रिवेणीमा उपल्लो कालीगण्डकी क्षेत्रका तीर्थहरू पूजिन्छन् । सनातनीहरू मुक्तिनाथ प्राय जान्छन्, दुर्लभ संयोगले दामोदरकुण्ड जान्छन् तर बोन र बौद्धमतका स्थानीयहरू ती दुईसँगै अन्य तीर्थहरू पनि जाने गरेका छन्। तिनीहरूको सूचना र ज्ञानका आधारमा नियाल्ने हो भने भाषागत संज्ञामात्र फरक छ, पुजिने देवता शिवपार्षद नै देखिएको छ, त्रिदेवहरूको संयोग, त्रिमतहरूको संयोग र त्रिकोणात्मक तीर्थको संयोग जुर्न गएको छ ।

यिनै प्रकरणहरूले दक्षिणका लागि लुप्त रहेको तीर्थरहस्य उपल्लो कालीगण्डकी क्षेत्रमा साधकहरूको प्रतिक्षामा कुरी बसेका छन् ।

**५. धार्मिक समन्वय र धर्मको समाजशास्त्र**

हिमालयका यी धाराबेसीहरूमा रहेका हिन्दू, बोन र बौद्ध दर्शनमा विश्वास राख्नेहरूका मौलिक धार्मिक दर्शनले मानवलाई सामाजिक नियन्त्रण, समृद्धिका लागि परिचालन र सन्तुलनका

लागि सामाजिकीकरण गरिरहेका छन् । मानवको भौतिक सुखका लागि प्रविधि र क्षमताको विकासका प्रयासहरू स्तुत्य मानिन्छन् भने आत्मिक सुख अर्थात् परब्रह्मतर्फको साक्षात्कार र मोक्षताका लागि आध्यात्मिकताको मार्गबाट सम्भव हुने गहिरो विश्वास छ। परब्रह्मसम्मको पहुँचका लागि सृष्टिले विभिन्न ऊर्जावान् परिस्थिति निर्माण गरेको छ । ती परिस्थितिको पहिचान गर्न सत्संग, ध्यान र धार्मिकताका माध्यमहरू प्रयोग हुँदै आएका छन् ।

सनातन सभ्यता विकासको ऐतिहासिक कालचक्रमा बहुकोटी देवता र बहुअवतारको सन्दर्भले विविध कल्पकाल र विभिन्न नमुना सुपात्रहरूले दिशानिर्देश गरेको सन्दर्भ दशाबतार प्रकरणहरूमा पाइन्छ । यसले दिएको संकेत परब्रह्मको ऊर्जा सम्पर्कका लागि कतिपय व्यक्ति माध्यम बनेका छन् युग द्रष्टा वा योगीका रूपमा । कतिपय जनावर माध्यम बनेका छन् पवित्र र मित्र शक्तिका रूपमा, कतिपय वृक्ष, लता र झारसमेत उर्जावान् स्रोत बनेका छन् बुटीका रूपमा। कतिपय भौगोलिकताले दृष्य-अदृष्य ऊर्जा केन्द्रका रूपमा मानवको सिद्धि र चेतना वृद्धिमा टेवा पुऱ्याएका छन् भने ती क्षेत्रमा रहेका जलसम्पदाहरूले सबैको एकीकृत उर्जा संग्रह गरेर प्राणीजगतको हितका लागि ऊर्जा प्रवाह गरिरहेका छन् । धार्मिकताका हिसाबमा यस्तो जीवनदायिनी उर्जाश्रोतलाई ईश्वर वा इष्टदेव मान्दछ र उर्जा निहीत सम्पदालाई ईश्वरीय अवतार मान्दछ । यसैले बहुदेवता र बहुकोटी देवताको मान्यता राख्ने सनातन हिन्दूदर्शनले मनुष्य, जनावर, सरिसृप, पंक्षी, वनस्पति, शिला, नदी, पर्वत, गुफा, वायु, अग्नी जहाकहीँ उर्जाको अनुभव गरेको छ । पूर्वजले उर्जा अनुभव गरेका प्राणीविशेष र स्थान विशेषलाई पवित्र तीर्थ र मोक्षमार्गका रूपमा ग्रहण गर्दै र लोक व्यवहारमा अनुकरण गराउँदै आएका छन् । यही धर्म, धार्मिकता र समाजबिचको अन्तरंग सम्बन्धले त्यहाँको धर्मको समाजशास्त्र निर्माण हुँदै आएको छ ।

समाजलाई उर्जाले संगठित गरेको, त्यो उर्जा पञ्चतत्त्वमा, जीवमा, जलमा, स्थलमा, वनस्पतिमा सर्वत्र उर्जा रहेकाले हरेक उर्जा इश हो र त्यो पूज्य, प्राप्य तथा अनुकरणका लागि आफूमा योग्यताको खाँचो छ भन्ने सन्देश सहित मानव जातीलाई संगठन, सन्तुलन र परिचालनका लागि धर्मले जीवन जीउने कला सिकाएको छ। देश-काल-परिवेश अनुसार धर्म सापेक्ष छ र जीवन जीउने कला एवं धार्मिकताका विश्वास तथा पाठशालाहरू पनि विभिन्न छन् । यसकारण समाजशास्त्रीहरूका लागि धर्म र धार्मिकताका क्रिया, सामाजिक विश्वास तथा पाठशालाहरू, सामाजिक संरचना तथा सम्बन्धहरू अध्ययनका विषय बन्न पुगेका हुन् ।

नेपालको हिमालपारीको बस्ती मुस्ताङमा कैयन यस्ता तीर्थहरू रहेका छन् जो प्राचीनकालदेखि नै निर्विघ्न पैदल यात्रामार्फत् सम्पन्न गरिने मोक्षस्थानका रूपमा पहिचान बनाएका छन् । यो मोक्ष क्षेत्रमा ब्रह्मा, विष्णु र शिव तथा सरस्वती, लक्ष्मी र काली एवं नाग देवता तथा बुद्ध र बोन आस्थाका पवित्र साधना केन्द्रहरूसँग जोडिएका महत्वपूर्ण स्थान रहेको विश्वासले सनातन हिन्दुमात्र नभइ बोन र बौद्धमतका व्यक्तिहरू पनि तीर्थाटनका लागि ती क्षेत्रमा विचरण गर्दै आएका छन् । जसरी संगीतका सात सुरहरूले फरकफरक अस्तित्वमा रहेर पनि समन्वयात्मक ध्वनी प्रवाह गरिरहन्छन, त्यसरी नै गण्डकी त्रिकोणका बस्ती र कालीगण्डकी मुहान क्षेत्रका समुदायहरूमा त्रिकोणात्मक धार्मिक समन्वयका आधारमा शालग्रामी सभ्यताका धुनहरू गुन्जीरहेका छन् ।

शालग्रामी क्षेत्रका तल्लोतटीय बस्ती र तीर्थहरूका बारेमा तल्लो तटीय पाठशालाहरूमा निकै नै चर्चाहरू हुदै आएका छन् र उपल्लो तटीय बस्तीका सूचनाहरूको पहुँच कम भएको सन्दर्भमा यस आलेखमा उपल्लो तटीय क्षेत्रको चर्चालाई मात्र समेटिएको छ । उपल्लो तटीय सबालहरूमा पनि काली गण्डकी उपत्यका लेते-कोवाङ्ग क्षेत्रदेखि नै धर्मक्षेत्रसँग जोडिएका स्थानहरू पनि करिव १ दर्जन स्थानहरू छन् । गूरुसांबो गुफाका रूपमा चिनिएको धवलाचल काखको पद्मसम्भव ध्यान केन्द्र, टीटी ताल कुन्जोको झाँक्री ताल, नारी झोवाका रूपमा महालक्ष्मी स्थान, विष्णुकोगदा स्थापना भएको मानिने ढुम्बाताल संगै काकभुशुण्डीको साधनास्थलका रूपमा चिनिएको तिलिचो ताल र काक–गरुड संवादस्थानका रूपमा चिनिएको कागबेनी समेतकै चर्चा पनि पाठकहरूका लागि रोचक हुनसक्छ । तर यहाँ कागबेनी भन्दा माथिल्लो क्षेत्र, जो तल्लो पहाडी र मैदानी क्षेत्रका बासिन्दाका लागि अप्रकट र दुर्गम हुन पुगेको छ, ती क्षेत्रका बारेमा केन्द्रित भएर चर्चा गर्न गोजिएको छ ।


कृष्णाभाको तल्लोतल्लो तटीय क्षेत्रमा पनि शालग्रामी पहिचान पाइएको छ । चितवनको सोमेश्वर क्षेत्र र गोद्धक क्षेत्रबाट वहने गंगाहरूमा पनि शालग्राम पाइने भएकाले माडी उपत्यकासमेत शालग्रामक्षेत्रका रूपमा चिनिएको छ भने देवचुली आसपासमा अनुसन्धान प्रयास बाँकी नै छ। स्थलगत अध्ययन अवलोकनका आधारमा कृष्णाभाको उपल्लो तटीय क्षेत्रमा मुक्तिनाथ, कागबेनी, दामोदर कुण्डभन्दा अझै दुर्गममा रहेको तथ्यले शालग्रामीको वास्तविक मुहान अझपनि पहिचान गर्न बाँकी नै छ । कतिपय साधकहरूले कृष्णाभाको शिर भागमा कालीको प्राकट्य क्षेत्र हुनु पर्ने र नौ धाराहरू मूलरूपमा श्रेष्ठ मानिने तर्क गरिरहेका छन् । यही तर्कलाई आधार मानेर खोजीगर्ने हो भनेपनि शालग्रामी प्रवाह गंगा पाँचवटा पहिचान भएकाले अब बाँकी चार गङ्गा पहिचानका लागि खोज अभियान आवश्यक देखिन्छ । शालग्रामी कृष्णाभाका नौ धाराहरूको प्रकट चर्चाका लागि समयले कुन काल र पात्रलाई रोजेको छ, त्यो अझै गर्भमा छ ।

शालग्रामीको उपल्लो तटीय क्षेत्र जसलाई समग्र मुक्तिक्षेत्र समेत भनिन्छ, यहा शंख, चक्र, गदा, पद्म, शिव, शक्ति, गंगा, ब्रह्मा, सरस्वती, विष्णु, लक्ष्मी, शेषनाग, नागराज, गरुड, विभिन्न भैरव तथा झाँक्री, बुद्ध शास्त्रमा वर्णित ताराहरू, गुरुसाङ्वो, गुरु रिम्पोछे पद्मसम्भव, बोनशास्त्रमा वर्णीत ध्यान क्षेत्रहरू, पूर्वजन्मको ऊर्जासँग समन्वयन गर्ने ध्यान तथा वोधी स्थल र वोधीवृक्ष समेतको सन्दर्भ जोडिएका स्थानहरू छन् ।

तीर्थका बारेमा गरुड पुराणको तीर्थ माहात्म्य (गरुड पुराण, २०७० : २२५) गोरखपुरबाट प्रकाशन हुने कल्याण पत्रिकाको तीर्थाङ्क (कल्याण, २०६९ : १५४-१५५) मात्र नभएर पद्मपुराणको उत्तरखण्डमा भगवान शिवले नारद मुनिलाई बताएको सन्दर्भमा भगवान महादेवले देवी पार्वतीलाई बताएको सन्दर्भ अनुसार उत्तर हिमालयमा प्रकट हुने गण्डकीमा नारायण सदा रहने तथा ऋषि, देवता, रुद्र, नाग, यक्ष सहित विष्णु भगवान्का २४ अवतारका मूर्ति रहेका छन् (पद्मपुराण, २०४४ : ५५०)। जस अनुसार मत्स्य, कुर्म, वराह, नृसिंह, वामन, राम, परशुराम, कृष्ण, बुद्ध, कल्की, महर्षि कपिल लगायतका विद्यमान रहेको तथा भगवान् शिवले पनि विष्णुसँगै रहेकाले हरिहर क्षेत्रका रूपमा चिनिन्छ (पद्मपुराण, २०४४ : ६४३) (नरसिंह पुराण, १९५८ : २९१–३०४ ) ।

विष्णुपुराणमा बताइएको चर्चाअनुसार

वशिष्ठजीले परासरलाई सुनाएको सन्दर्भलाई पराशरले मैत्रेयसँग गरेको संवादअनुसार ब्रह्म उर्जाका निकट प्रथम चरणमा ब्रह्मा, विष्णु र शिवतत्त्व रहेको र क्रमशः देवतत्त्व, प्रजापतिहरू दोस्रो र तेस्रो चरणमा रहेको बताइएको छ भने चौथो चरणमा मनुष्य, पशुपंक्षी, सरीसृप तथा पाँचौ चरणमा वृक्ष, गुल्म र लताहरू रहेको बताइएको छ। यस प्रकरण अनुसार ब्रह्म उर्जाको निकटताका यी पक्षहरू हरेक पछिल्लो चरणका तत्त्वले अगिल्लो चरणका तत्त्वको सम्पर्कबाट नै ब्रह्म उर्जाको निकटता प्राप्त गर्ने तरिकाको रूपमा बताइएको छ । यो ब्रह्म मूर्त (क्षर) रूपमा विश्व र अमूर्त (अक्षर) रूपमा परब्रह्म हो भन्ने सन्देश पनि विष्णु पुराणले दिएको छ । ब्रह्मका लागि जन्तु जगत र वृक्ष जगतका सबै सदस्यहरू समान सम्भावना एवं महत्त्वका छन् र पारस्परिक अन्तरउर्जाका सहयोगमा ब्रह्म निकटता वा मोक्षता प्राप्त गर्दछन् ( विष्णु पुराण, प्रथम अंश, अध्याय २२, श्लोक ५५–६५)।




यी सन्दर्भहरूले के देखाउँछ भने प्रकृतिमा रहेका महापुरुषहरू मात्र होइन, जन्तु जगतका अरू कुटुम्ब र वनस्पति जगत्का उर्जा केन्द्रहरूले पनि मानवको मोक्षताका लागि, परब्रह्म प्राप्तिको मार्गमा सहायक हुनसक्छन् । यसैले धरामा रहेका हरेक धुन र ध्वनिहरूको बहुआयामिक समन्वयका आधारमा यहाँ ईश्वरीय उर्जाको प्रवाह भइरहेको छ ।

**६. कालीगण्डकी मुहानका लुप्त तीर्थहरू :**

काली गण्डकीको मुहान क्षेत्रमा लुप्त रहेका मुख्य तीन तीर्थ धाराहरूको यहाँ चर्चा गर्ने जमर्को गरिएको छ ।

**६.१. शालग्रामी पञ्चधारा :**

कालीगण्डकी नदीमा शालिग्राम शिला प्रवाह हुनमा सहयोगी हुने पाँचवटा शाखा जलधाराहरू छन् । कागवेनीदेखि उत्तर पूर्वी मोहडाका दामोदर हिमाल क्षेत्रबाट काली नदीमा मिसिन आएका शालग्रामी पञ्चधाराहरूमा चक्रनदी वा कागखोला भनिएको झोङ खोला, छुक्साङमा मिसिन आएको नरसिंह खोला, त्यो भन्दा उत्तरमा क्रमशः भेटिने ताङ्गे खोला, दामोदर पर्वत क्षेत्रका धाराहरूको समुच्य धेह खोला र सुर्खाङमा मिसिने यारा खोलामा शालिग्राम शीलाहरू पाउन सकिन्छ । यी पाँच जलप्रवाह क्षेत्रमा पदयात्रा गर्दा पहाडका खोचहरूमा समेत विभिन्न आकृति र रंगका चक्रशीलाहरू पाउन सकिन्छ ।

सुर्खाङमा मिसिएको यारा खोलाको संगम भएको धिही गाउँभन्दा उत्तर तर्फको काली नदीमा शालिग्राम शिलानपाइने कुरा स्थानीय ग्रामवासीहरूले पनि बताएका छन् । उनीहरूका अनुसार सबैभन्दा धेरै शालग्राम पाइने त धेह खोलाको क्षेत्र हो । धेह खोला दामोदर हिमालको जलप्रवाहबाट बनेको हुनाले त्यसमा शालिग्रामको उपलब्धता बढी हुनुका कारणमा दामोदर हिमाललाई शालिग्राम हिमाल पनि भन्ने गरिएको छ ।

दामोदरकुण्ड क्षेत्रलाई त्यहाँका रैथाने समुदायले आफ्नो भाषामा ‘उद्गेन री’ भन्दछन् । त्यसको अर्थ हुन्छ ‘गुरुको वन’ । दामोदर क्षेत्रमा

पहिला गुरु रिम्पोछे र गुरु पद्म सम्भवको वन भएको क्षेत्र हो र त्यहाँ मानव जीवनको हितका लागि आवश्यक पर्ने १०८ थरीका जडिबुटी छन् भन्ने स्थानीयहरूले विश्वास गर्दछन् । कतिपय बेला हिउँ वर्षा नभएर सुख्खा भएका बेला पशुधनका लागि चरन अभाव हुँदा उपल्लो मुस्ताङका कतिपय बस्तीका निवासीहरूले त्यही गुरुको वन अर्थात् दामोदरकुण्ड क्षेत्रमा पशुहरू चराउन लग्ने गरेकोले ३ महिनासम्म त्यही बस्ने गरेको बताएका छन् (बराल, २०७३) ।

**६.२. महाकाल र महादेवी**

मार्कण्डेय पुराणमा उल्लेख गरिएको १०८ पवित्र शक्तिपीठहरूमा शालग्रामकी महादेवी र कालञ्जरकी कालीको चर्चा छ । म्याग्दीको मालिका क्षेत्र कालञ्जरकी कालीको स्थान भएझैं शालग्राम क्षेत्रमा महादेवीको स्थान कहाँ होला भन्ने सबाल अझै पनि अनुसन्धानको विषय बनेको छ । कतिपयले मक्कामा रहेका म्लेक्षेश्वर शिवलाई लुप्त राखेझैं शालग्राम क्षेत्रमा महादेवी पनि लुप्त रहेको संकेत गरेका छन् । शालग्राममा महादेवीस्थानका रूपमा रहेको शक्तिपीठ नै सायद काली गण्डकीको नौधारा क्षेत्र हुनुपर्दछ, तर कता होला कालीको मूर्त स्वरूप ? यहि जिज्ञासाले कालीगण्डकीको मुहान क्षेत्रमा कालीको पीठ पहिचान गर्न खोज अभियानहरू निरन्तर चलिरहेका छन् ।

ल्होमन्थाङ्ग क्षेत्रमा पहिले बोन सम्प्रदाय र पछिल्ला दिनमा तिब्बती लामा सम्प्रदायको विधिमा तन्त्रसाधना तथा आराधनाका अभ्यास चल्ने गरेका छन् । गुम्बाका ढोका तथा मझेरीहरूमा संस्कृतका श्लोकहरू लेखिएका काष्ठ खाँबो र बलोहरू देखिनु र भित्र महाकाल भैरव र महाकालीको विशाल प्रतिमा पनि पाइन्छ भने गजुरमा महाकालीको मूर्ति पनि स्थापना गरिएको पाइन्छ । पछिल्लो दिनमा महाकालीको मूर्तिमा पहाडी क्षेत्रका सनातनी हिन्दूहरूको चासो देखिन थालेपछि गजुरको महाकालीको मूर्ति लुप्त राख्न थालियो भन्ने कुरा रैथाने स्रोतहरूले पहिचान नखोल्ने सर्तमा बताएका छन् ।

रैथानेहरूले तिब्बती लामा परम्परा अनुसार साधना गर्ने यो महाकाल गुम्बा र दामोदर कुण्डको सरल रेखामा दामोदर कुण्डक्षेत्र जाने बाटोमा लुरी गुम्बा रहेको छ । यो लुरी गुम्बाको गुफामा साधकहरूलाई सिद्धी प्राप्तिका लागि ३ वर्ष ३ महिना ३ दिनको साधनापछि दीक्षा प्रदान गर्ने परम्परा छ । यसका साथै त्यहाँको देव आराधनाका लागि शिवालयका झै शंख बजाउने परम्परा छ । त्यहाँका लामा पुजारीले लुरी गुम्बामा मात्र होइन आफ्नो बसोबास गर्ने यारा गाउँको घर पुगेको बेला पनि प्रातःकाल शंखध्वनिसहित पूजा गरेको पंक्तिकारले पनि अवलोकन अवसर पाएको छ । हिमालयको यो कन्दरामा समुद्रमा पाइने शंखको ध्वनि सहितको पूजा आराधनाको प्रचलन कसरी सुरुभएको होला भन्ने जिज्ञासा अनुसन्धानकै विषय बनेको छ । यहा रहेको अन्य तीर्थहरूमा दामोदर कुण्डमा जान गृहस्थलाई अनुमति भएको र अन्य तीर्थमा गृहस्थलाई अनुमति नभएकोले खुला चर्चामा ल्याउन उचित नहुने साधकहरू बताउँछन् ।

**६.३. रोङ्गती/ रोङ्गबाको तीर्थ :**

कालीगण्डकीको शिरभागमा रहेको ल्होमन्थाङ्गभन्दा अझ उत्तरी हिमालय क्षेत्रबाट कालीगण्डकी नदीको प्रवाह आउँछ। यहा कृष्णाभाको रूप कालो नभई कञ्चन सङ्लो देखिन्छ । यहाँका दुई गाउँहरू छोसेर र छोनुप नामका गाउँहरूमा आन्तरिक गृहस्थ कर्ममा बोन शास्त्र विधिमा र

बाहिरी दुनियाँ अभ्यासमा तिब्बती लामाबादी बौद्ध परम्परामा पूजा र साधना गर्ने प्रचलन छ । यी दुई गाउँको नामाकरणमा जोडिएका छोसेरले पूर्वी ताल र छोनुपले पश्चिमी ताल भन्ने जनाउँछन् । अर्थात् यहाँ पहिले ताल थियो र ताल खुलेर सुकेपछि बस्ती बसेको हो भन्ने बुझिन्छ । भौगर्भिक अनुसन्धान अनुसार यो तालको पानी पहिले हिमालयको उत्तर दिशामा बगेर ब्रह्मपुत्रमा मिसिन्थ्यो, तर हिमालयको उठान भएपछि उत्तरबाहिनी कृष्णाभा पूर्वबाहिनी हुदै मुक्तिनाथ क्षेत्र स्पर्श गर्दै म्याग्दीदेखि दक्षिणबाहीनी बनेको तथ्य पाइन्छ । हाल पनि मुलरूपमा काली गण्डकीको मुहान क्षेत्रको यात्रा गर्दा छोसेर क्षेत्रबाट एक धारा र छोनुप क्षेत्रबाट एक धारा मिसिएको देखिन्छ । स्थलगत अवलोकनका क्रममा ३ वर्ष पहिले ल्होमन्थाङ्ग राजप्रसादमा स्थानीय जेष्ठ नागरिकहरूसँग भएको एक छलफलको क्रममा एउटा विषयलाई प्रवेश गराउँदै यो क्षेत्रमा नाग, तारा, विष्णु, र ब्रह्मा तथा सस्वतीको स्थान भएझै गौरी र महादेवको पनि गोप्य स्थान हुनुपर्छ, त्यसलाई यहाँका जान्ने लामाहरूले अर्कै नाममा साधना गरेका हुनसक्छन्, त्यसबारे केही जानकारी छ की भनेर छलफल चलाइएको थियो । त्यतिबेला एकजना ६८ वर्षीय ज्येष्ठनागरिकले नयाँ तथ्यबारे संकेत गरे र आफनो बाजेले देखेको र जानकारी दिएको तर आफू जाने संयोग नजुरेको भन्दै उत्तरी दुइ धाराहरूको बिच जसो पर्ने स्थानमा रोङ्ग ती (रोङ्गबाको तीर्थ) भन्ने ठाउँ रहेको बताए । ती अग्रजले दिएको जानकारीअनुसार उक्त रोङ्ग ती (रोङ्ग अर्थात् दक्षिणको मान्छेको तीर्थ)मा आउने ब्राह्मणजस्ता देखिने तीर्थालुहरूको बर्षमा एक पटक मात्र देखिने र ऋषि पुजेदेखि पितृ पुज्नेसम्म मात्रै आउने चलन रहेको बारे आफ्ना बाजेले बताएको पनि खुलाए । योसँगै गंगााको छहरो भएको त्यस स्थानमा नीगालोको सानो घारी पनि रहेको र बोन धर्म मान्नेहरूले झाँक्रीको साधना गर्दा त्यहाको निगालाको पात ल्याएमा चाडै सिद्धि पाइने बताउने गरेको पनि उनले खुलाए । दक्षिणका रोङ्गबाहरूको तीर्थ भएकाले आफुहरूको चासो कम रहेको तर बाजेले 'रोङ्गबाहरूका ठूला देवता रहेछन् र पो रोङ्गहरू दुख झेलेर पनि आउँदा रहेछन' भन्ने गरेको बताए । उनका बाबुको पालामा नुन कारोबार गर्ने र जीविकाको जोहो गर्ने तीर ध्याउन्न गएको तथा खम्पासँगको सैनिक अपरेसनपछि बाहिरियालाई यहाँ प्रवेश रोकिएपछि र स्थानीयको नुन व्यापार बन्द भएपछि त्यो तीर्थका बारेमा चर्चा गर्ने कोही नआएको उनले बताए ।

यो स्थान हुँदै मानसरोवर तथा कैलाश यात्रा मार्ग पनि भएकाले उहिलेका अग्रजहरूका लागि यो मार्ग उपयोगी भएको हुन सक्छ । तर ऋषि पुज्नेदेखि पितृ पुज्नेसम्म अर्थात ऋषी तर्पणी वा जनै पूर्णिमादेखि सोहृश्राद्धसम्मका दुई महिनाको अवधि सङ्केत गरेको देखिन्छ । त्यसो त ऋषि तर्पणीमा दामोदरकुण्डमा जनै मन्त्रण गर्ने, गायत्री साधना गर्ने र ऋषिहरूलाई तर्पण गर्ने कामका लागि तागाधारी साधकहरू जाने चलन आजभोलि पनि छ । जनै पूर्णिमामा दामोदरकुण्ड पुगेका साधकहरू ल्होमन्थाङ्ग उत्तरको रोङ्गतीर्थ जाने र यो क्रम पितृतर्पण पक्षसम्म चल्ले गरेको संकेत मिल्दछ । सम्भवतः कालीगण्डकीको उपल्लो मुहान क्षेत्रमा रहेका नौधाराहरूमा पाँच शालग्रामी दामोदर हिमालको परिक्रमा क्षेत्रबाट प्रकट भएका छन् भने बाँकी चार धाराहरू मानसरोवर जाने मार्गमा पर्ने छोसेर र छोनुप क्षेत्रमा आउने कालीगण्डकीका श्रोतधाराहरू हुनुपर्दछ । यी श्रोत धाराहरूको

पहिचानपछि मात्र महादेवको साधनाको गुप्त रहस्य बोकेको रोङ्गतीर्थको विन्दु पहिचान गर्न सकिएला । यसका लागि भाद्र–आश्विनमासकै जनै पूर्णिमादेखि सोह्श्राद्धका ६० दिनहरू नै मौसमी अनुकुलताको समय जुराउनु उपयुक्त देखिन्छ । यो खोजका लागि समय र पात्रको चयन पनि उनै हरिहरले यथारूप गर्नेछन् ।

**७. उपसंहार** :

कालीगण्डकी मुहान क्षेत्रमा रहेका शालग्रामी पञ्च धारा, महादेवी र महादेव साधनास्थल रोङ्गतीर्थको अनुसन्धानले लुप्ततीर्थको पहिचान मात्र नभइ त्रिकोणात्मक धार्मिक समन्वयको समेत प्रकटीकरणमा योगदान पुर्‍याउन सक्ने छ । सनातन हिन्दूका लागि दुर्गम मानिएको सो तीर्थ बोन र बौद्धमतका साधकहरूका लागि पहुँचको भएकाले बोन र बौद्ध साधकहरूको सहयोगमा नै तीर्थको पहिचानमा योगदान पुग्न सक्ने छ । गण्डकी हिमालयको सभ्यता विकासमा हिन्दु, बौद्ध र बोन समुदायको त्रिकोणात्मक समन्वयका प्रयासमा नै सार्थक रहेको र गण्डकी त्रिकोणको आध्यात्मिक अनुसन्धानमा यहि समन्वयवादी दृष्टिकोणलाई आधार लिनु उचित देखिन्छ । समुदायको धार्मिक चेतना र समन्वयात्मक सहिष्णुता सामाजिक सम्बन्धको ढाँचाका आधारमा निर्माण हुने गर्दछ । त्यसैले त सामाजिक विकासमा अन्तर–धार्मिक सम्बन्ध र समन्वयात्मक शैलीले विकासको दिशा निर्धारण गर्दछ । गण्डकी सभ्यताको अनुसन्धानमा गण्डकी त्रिकोणका तीर्थहरूसँग जोडिएका सामाजिक सम्बन्ध र संस्कारगत रणनीतिसमेतको ढाँचा नियाल्नु उचित हुन्छ । इति ।

**कृतज्ञता :**

यो आलेखको रचना गर्नमा प्रेरित गर्ने र सुझाव टिप्पणी दिने कालीगण्डकी जलसंस्कृतिका अध्येयता डा.कुलराज चालिसे, लुरी गुम्बाका पुजारी सीता लामा, विभिन्न पटकको स्थलगत अवलोकनका क्रममा यात्रा संजोगमा जुट्ने झलकलाल श्रेष्ठ, कमल पौडेल, रुद्र तिमिल्सेना, अरूण बास्कोटा, स्थानीय बोन र बौद्ध परम्पराबारे जानकारी दिने आम्ची तथा ज्योतिष ग्याच्छो विष्ट र अन्य लामाहरूका साथै स्थलगत सूचना प्रदान गर्ने उपल्लो मुस्ताङ्गका स्थानीय अग्रजहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**सन्दर्भ :**

कल्याण (तीर्थाङ्क)(२०४६), गीताप्रेसः, गोरखपुर ।

गरुड पुराण (२०७०), तिलकप्रसाद लुइटेल र डम्बरूप्रसाद उपाध्याय घिमिरे (अनु.) विद्यार्थी पुस्तक भण्डार :काठमाडौं ।

नरसिंह पुराण (१९५८), मुम्मडी कृष्णराज ओडयर, श्री तत्त्वनिधि खेमराज श्रीकृष्णदासः बम्बई ।

पद्म पुराण (२०४४), जयदयाल गोयन्दका(सं.) गीताप्रेस : गोरखपुर ।

विष्णु पुराण (१९६७), सम्पादक पं. श्री रामप्रसाद शर्मा आचार्य, संस्कृति संस्थान : बरेली भारत ।

बराल, रामचन्द्र (२०७३), मुक्तिक्षेत्र तीर्थाटन, खोज पाठशाला प्रा.लि, पोखरा ।

# मुक्तिनाथदेखि गजेन्द्रमोक्ष धामसम्म



**श्यामजी अतिथि सेढाईं**
थानीचोक, भरतपुर, चितवन

शुद्ध पवित्र स्थल नै तीर्थ हो । प्राचीन ऋषिमुनिहरूले तपस्या र साधना गरेर ज्ञान प्राप्त गरेको, परोपकारी गुणी व्यक्तिहरू वा कुनै सिद्ध पुरुषले बास गरेको र त्यही स्थानबाट मानवहितका कर्महरू गरेको साधना भूमिलाई तीर्थस्थल मानिएको छ । महापुरुषहरूको जन्मभूमि, अवतारभूमि, लीलाभूमि अथवा भक्तहरूलाई दर्शन दिएका स्थलहरू तीर्थभूमि हुन् । कृष्णको लीलाभूमि वृन्दावन, जन्मभूमि मथुरा, शिवको क्रियाभूमि मृगस्थली-पाशुपत क्षेत्र, बुद्ध जन्मस्थल लुम्बिनी, सीताको जन्मस्थल जनकपुरधाम जस्ता पुण्यस्थली हाम्रा तीर्थ हुन् । सन्त महात्माहरूको जन्मभूमि, उनका साधनाभूमि तीर्थस्थल मानिन्छन् । आर्य संस्कृतिमा तीर्थ-व्रत, जप-तपको प्रमुख स्थान रहेको छ । हिन्दूहरूको चारधाम जगन्नाथपुरी, द्वारका, रामेश्वर र बद्रीनाथ हुन् । गया, काशी, हरिद्वार, मथुरा-वृन्दावन जस्ता अनेकन तीर्थहरू रहेका छन् भारतमा । त्यस्तै नेपालमा पशुपतिनाथ, मुक्तिनाथ, देवघाट, जनकपुरधाम, वराहक्षेत्र, गोसाइँकुण्ड, दामोदरकुण्ड, स्वर्गद्वारी आश्रम र नेपाल भारतका धेरै तीर्थहरूमा त्यहाँका तीर्थयात्रीहरू दर्शनार्थ आउने जाने भइरहन्छ । तीर्थ पर्यटन पुस्तकका लेखक युवराज शर्मा गौतम आफ्नो पुस्तकमा लेख्छन् - 'हुन पनि तीर्थ स्वयं देवता हुन्, गङ्गा-गण्डकी आदि पवित्र नदीहरू देवताका रूप हुन् । नदी तीरमा देवता एवम् सन्त महात्माहरूको निवास हुन्छ । तीर्थ अलौकिक स्थल हुन्, स्वर्गका सोपान हुन् । ईश्वरीय लीलाका स्मारक हुनाले तीर्थस्थलहरू ईश्वरमय मानिन्छन् ।' यसरी तीर्थको महिमा भनेको धर्भशास्त्र सम्मत विषय हो । हाम्रो देवघाटधाम पनि यसै पङ्क्तिमा खडा भएको महान् तीर्थ हो । यस छोटो लेखमा मैले देवघाटलाई केन्द्रबिन्दु मानेर मुक्तिनाथदेखि गजेन्द्रमोक्षधामसम्मको यात्रामा देखे-सुनेका तथ्यहरू समेट्ने प्रयास गरेको छु ।

म भरतपुरबासी भएको कारणले सानैदेखि देवघाटधामसँग परिचित हुँदै आएको छु । सात वर्षको उमेरमा मलाई पिताजीले गोरखादेखि पिठ्युँमा बोकेर माघेसंक्रान्तिको शुभमुहूर्तमा देवघाटमा ल्याएर व्रतबन्ध गरिदिनुभएको हो । २०२२ सालमा कवि मविवि शाहको विशेष पहलमा चितवनको रामपुरमा आयोजना भएको राष्ट्रव्यापी कवि सम्मेलनको बिसर्जन कार्यक्रम काली र त्रिशूली नदीको संगममा सम्पन्न हुँदा वीरेन्द्र कलेजको विद्यार्थीको नाताले स्वयंसेवक बनी बिल्ला भिरेर सेवा गरेको ताजा स्मरणा छँदैछ । सोही वर्ष कवि शिरोमणि लेखनाथ पौडेलको भरतपुर अस्पतालमा देहावसान हुँदा मलामी बनी कविको शव बोकेर देवघाटमा दाह संस्कार गरी फर्केको मैले बिर्सेको

छैन । धेरै वर्ष धेरै पटक काली र त्रिशूली नदीमा स्नान गरी वारिपारिका देवस्थलको दर्शन गर्दै विद्वान् स्वामीजीहरूको प्रवचनमा देवघाट महिमा सुनेकाले पनि मेरो अन्तस्करणमा यस परम पवित्र तीर्थले बास गरेको छ जस्तो लाग्छ । २०६४ सालमा देवघाटमै श्री प्राणनाथ अनाथ सेवा आश्रमको स्थापना गर्ने सन्दर्भमा त्यहाँको रस्ती-वस्ती, वन-खोला चहारेको छु । गृहस्थाश्रम पार गरिसकेका भक्त-भक्तिनीहरू देवघाटमा कुटी बनाएर बसी यही पुण्यस्थलमा अन्तिम सास फेर्ने इच्छा राख्नेहरू धेरै छन् । काली र त्रिशूलीको संगममा स्नान गरेर आश्रमका विशिष्ट विद्वान्हरूको नियमित प्रवचन सुनेर आध्यात्मिक भावधारामा डुबेका त्यागीहरू प्रशन्न मुद्रामा दिन बिताइरहेको देखिन्छ । हुन त यहाँ घर परिवारबाट प्रताडित भएर परिवारको अपहेलना सहन नसकेर शान्ति खोज्न आउनेहरू पनि नभएका होइनन्, जे जस्तो रूपमा देवघाट आए पनि यहाँको सुमधुर शान्त वातावरण र धार्मिक परिवेशले जस्तोसुकै अवस्थाको मानिस पनि नदीको पानी जस्तो सङ्लो र स्वच्छ बन्दै जाँदो रहेछ । यो मेरो व्यक्तिगत अनुभूति हो ।

देवघाटधामको समीपताले मलाई कालीगण्डकीको यात्रा गर्दैगर्दै मुक्तिनाथ, रुरु क्षेत्र, गलेश्वरधाम, केलादीघाट र परासीको गजेन्द्रमोक्ष पुग्ने इच्छा जाग्यो । 'जहाँ इच्छा तहाँ उपाय' भगवान् मुक्तिनाथकै आशीर्वाद होला २०७५ सालको दशैं र तिहारको बिचमा सात जुर्‍यो । श्रीमुक्तिनाथ अन्नदान क्षेत्र संरक्षक अनन्त श्री विभूषित मुक्तिनाथ पीठाधिश्वर स्वामी कमलनयनाचार्य श्रीजी महाराजको अथक प्रयासबाट त्रिवेणीदेखि मुक्तिनाथसम्म ठाउँ-ठाउँमा तीर्थयात्रीहरूको सुविधाका लागि धर्मशाला-आश्रम निर्माण गरी सेवा पुर्‍याउनु भएको रहेछ । घरबाट निस्केकै दिन हामी गलेश्वरस्थित सन्त सेवा आश्रम एवम् श्रीमुक्तिहरि राधाकृष्ण मन्दिरमा बास बस्न पुग्यौं । आश्रमका श्रद्धेय गुरुभाइ कमल पौडेल र अरू भाइहरूले देखाउनुभएको सद्भावप्रति सदा ऋणी रहने छौं । श्रीगलेश्वरधाम दर्शन गर्ने सिलसिलामा ९ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चक्रशिव शिला पुग्छौं हामी । विशाल शिवशिलामाथि शिवालय, देवालय, मठ-मन्दिरहरू निर्माण गरिएका छन् । यो स्थल मुक्तिनाथ प्रवेशद्वारको रूपमा अवस्थित छ । महादेवले आफ्नी अर्धाङ्गिनी सतीदेवीको मृतशरीर बोकी कालीगण्डकीको तिरैतिर जाँदै गर्दा यसै स्थानमा सतीदेवीको गला पतन भएकाले यस शिवलिङ्गको नाम गलेश्वर रहन गएको हो भन्ने पौराणिक मान्यता रहेको छ । यस तपस्थलीमा धेरै ऋषिमुनिहरूले तपस्या गरी मोक्ष प्राप्त गरेको विश्वास गरिन्छ । कालीगण्डकीमाथि राजा भरत ध्यान स्थल गुफा, पुलस्त्य पुलहा ऋषिको तपोभूमि पुलहाश्रम क्षेत्र यसको आसपासमा रहेको छ । भीमकाय यो चक्रशिलामाथि सुख्खा, घाममा पनि पानी नसुक्ने जलवराहकुण्ड, गणेश शिवलिङ्ग, शंखचक्र, नाग देवता र भगवान्का पाउचिह्नहरू स्वयं प्रकट भएको भन्ने धार्मिक विश्वास रहेको छ । गलेश्वर बाबाको नामले प्रख्यात हुनुभएका स्वामी ईश्वरानन्द यसै क्षेत्रको रहु नदी र कृष्णागण्डकीको संगम स्थलमा तपस्यारत भएकै बेला देवघाटधाममा बस्ने मैयादेवी श्रेष्ठ २०२२ सालमा मुक्तिनाथबाट फर्कंदा गलेश्वरमा बाबालाई भेटी देवघाट जान आग्रह गरेअनुसार बाबा देवघाट जानुभएको

र वि.सं. २०३० सालमा पशुपति क्षेत्रमा भएको विश्वहिन्दू महासंघको अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलनको उद्घाटन गर्दा बाबाले आफ्नो नाम गलेश्वर बाबा भनी प्रचार गरिएको थियो (साभार : श्रीगलेश्वर धाम दर्शन, लेखक रुद्रबहादुर कार्की, अध्यक्ष गलेश्वर शिवालय क्षेत्र विकास कोष) ।

अब हामी मुक्तिनाथ दर्शन तर्फ लाग्छौं। यात्राको दोस्रो दिनको बास कागबेनीमा हुन्छ। कृष्णागण्डकी धर्मशालाका गुरु श्री बालकृष्णजीको आतिथ्यमा पुण्यभूमिको बास साह्रै आरामदायी रह्यो । गुरुहरूप्रति नमन । यो स्थान मुक्तिनाथ क्षेत्रभित्रै पर्दछ । प्राकृतिक अबस्थिति अनौठो छ यहाँको । कृष्णा नदीको पत्थर कालो भएर होला केही हल्का मात्रामा पानी पनि कालो जस्तो लाग्छ । दक्षिणतिरको नीलगिरि हिमाल शिर ताज जस्तो शोभायमान देखिन्छ । यहाँबाट बायातर्फ कालीगण्डकीको तीरैतीर जाँदा दामोदरकुण्ड, अपर मुस्ताङ, चिनको सिमाना कोरोना नाका पुगिन्छ । दायाँ कृष्णानदीतर्फ लाग्दा मुक्तिनाथ, कागभुसुण्डी सरोवर नीलगिरि हिमाल, तिलिचो ताल र पदमार्गहरू पर्दछन् । गुरु बालकृष्णबाट यहाँका किम्वदन्तीहरू र पुराण वर्णित पौराणिक तथ्यहरू सुन्यौं । यहाँ जति पर्वतका गुफाहरूबाट निक्लने नदीहरू छन् ती सबै नदी र तीर्थहरू कृष्णामा र मुक्तिधाराका सङ्गमस्थल कागबेनीमा छन् । यो शालग्राम क्षेत्र हो । पुराणमा उल्लेख भएको सकल तीर्थ भनेको शालग्राम क्षेत्र रहेछ। ती पर्वतमा जो शिलाहरू छन्, ती सबै अवश्य पूजनीय छन्, अझ चक्राङ्कित शिला छन् भने त अति पूजनीय छन् (बराहपुराण १३) । कागभुसुण्डीले गरुडजीलाई रामकथा सुनाएको र त्यसैबाट मुक्ति पाएको भन्ने कथन रहेको । मुक्तिनाथ मन्दिरभन्दा माथि हिमालयमा विष्णु चुलो नामले प्रख्यात चुलो छ । त्यसमा लक्ष्मीजीले भोजन बनाएर आफू र आफ्ना पतिदेव विष्णुलाई खुवाउने गरेको भन्ने किम्वदन्तीहरू छन् । कागवेणीलाई हंसतीर्थ पनि भनिँदो रहेछ । दामोदरकुण्ड, नीलगिरि हिमाल र कृष्णागण्डकी क्षेत्रको समग्र पर्वत शालिग्राम क्षेत्र मानिन्छ । दामोदरकुण्डको बारेमा पुराणमा यस्तो लेखिएको छ - यस विशाल मुक्ति क्षेत्रमा धेरै तलाउहरू छन्, तीमध्ये गण्डकीको पश्चिम र उत्तरका बिचमा हिमालयनेर जहाँ अति रमणीय दामोदरकुण्ड नामक महान कुण्ड छ, त्यसकै समीपमा श्वेतकुण्ड र रक्तकुण्ड दुई कुण्डहरू छन् (मुक्तिक्षेत्र महात्म्य, रामानुज जीयर स्वामी श्रीधराचार्यबाट अनुवाद) । मुक्तिनाथ मन्दिर वरपरको भूवनोट, प्राकृतिक दृश्यहरू त्यो उच्च स्थानबाट देखिने हिमशृङ्खलाहरू, कालीगण्डकीको धारिलो वहाव यी सबै दृश्यावलोकनबाट त्यहाँ पुग्ने मानिसहरू तृप्त हुन्छन् । नजिकबाट प्रकृतिको अनुपम चेहरा देखिने स्थान हो मुक्तिनाथ क्षेत्र । मुक्तिनाथको दर्शन गरेर धर्म आर्जन त हुने नै छ र विश्वास गरौं प्रकृतिको खुला पुस्तकको पाना पल्टाएर सूक्ष्म ज्ञान आर्जन गर्नसमेत मिल्ने रहेछ। यो धाम हिन्दू र बौद्ध धर्मको समन्वय तीर्थ हो । यहाँ मन्दिर र गुम्बा हाराहारीमा रहेका छन् । बुद्ध धर्म मान्ने झुमा पूजारी र हिन्दू धर्म मान्ने ब्राह्मण पुरोहितबाट भगवान्को नित्य पूजा हुन्छ ।

वराहपुराणअन्तर्गत श्री शालग्राम महात्म्यमा यस्तो लेखिएको छ - श्वेतगण्डकी र भगवान् कृष्ण (मुक्तिनाथ) का शरीरबाट उत्पन्न

भएकी श्रीकृष्णागण्डकी एवम् शिवजीका शरीरबाट उत्पन्न भएकी श्री त्रिशूली गङ्गा छन्, तिनै नदीहरू अनेकौं स-साना नदीहरू मिलेर यस देवघाट नामक सर्वतीर्थक दम्वरूप संगममा मिलेका छन् । यो क्षेत्र देवताहरूलाई दुर्लभ, परमप्रिय मेरो क्षेत्र हो । पहिलो मुक्तिक्षेत्र, अनि रुरुक्षेत्र त्यसपछि देवनदीहरूको संगम स्थल देवघाट, फेरी त्रिवेणी क्षेत्र, यसरी गण्डकीको संगत क्षेत्रहरू जान्नु (मुक्तिक्षेत्र महात्म्य ९६, १०१) । अध्ययन अवलोकनकै शिलशिलामा स्याङ्जाको गल्याङ हुँदै कालीको पुल तरेर रुद्रवेणी पुग्छौं । भक्तहरूको समागम भइरहने यस स्थानमा शिवालय देवालय दर्शन गर्दै रुरुक्षेत्र रिडीमा गएर गण्डकी स्नान गरी त्यहाँको रमणीय धार्मिक परिवेश र भक्त-भक्तिनीको तीर्थवासस्थल कुटीहरू हेरेर आनन्द मग्न हुन्छौं । यहाँ रुरुकन्याको तपस्याद्वारा उनलाई वरदान दिनका निमित्त ऋषिकेश भगवान्ले अवतार लिनुभएको हो । रुरु कन्याले तपस्या गरेको हुनाले यस स्थानलाई रुरुक्षेत्र रिडी भनिन्छ । कालीगण्डकीको तटमा रहेको हुँगीघाट, केलादीघाट पनि धर्मस्थल मानिन्छ । भगवानको नित्यपूजा र तपस्यारत वृद्धवृद्धाहरूले यो स्थानलाई स्वर्गतुल्य बनाएको महसुस मलाई भयो । यसरी कालीगण्डकीसँग स-साना खोलानालाहरू मिसिएको धेरै ठाउँमा देवमन्दिरहरू निर्माण भइ तीर्थ बनेका छन् ।

कालीगण्डकी र त्रिशूली देवघाटमा मिसिएपछि नारायणी नदीको नामले प्रख्यात हुँदै त्रिवेणीसम्म मुक्तिनाथ र गोसाइँकुण्डको सन्देश प्रवाह गर्दै बगेकी हुन्छिन् । वारिपारि चितवन र नवलपरासी बिचमा नारायणी नदी, फराकिलो निलो दह बनेको, समथर जमिनको अन्तिम पूर्वान्तर भाग, पहाडी भूभाग सुरु हुने मध्यबिन्दु स्थानमा नै अवस्थित छन् गजेन्द्रमोक्षधाम । यहाँको भौगोलिक बनावट, प्राकृतिक मनोरम दृश्य, त्यसपछि मानव निर्मित मन्दिर, धर्मशाला, गुरुकुल, आश्रम, देवी-देवताका मूर्तिहरू, वैदिक परम्परा र सभ्यतामा हुर्केका स-साना वटुकहरूले यो भूमिलाई शोभायमान बनाएका छन् । जो कोही पनि यहाँ पुगेर यहाँको प्राकृतिक दृश्यावलोकन, प्राचीन ऋषिकुलीन संस्कार र मान्यता देखेपछि आनन्दानुभूति त गर्छन् नै गोही र हात्तीको पौराणिक कथा, गजेन्द्र नाम गरेको हात्तीले मोक्ष प्राप्त गरेको निलो दह देखेर खुसी हुन्छन् । यो स्थान अवलोकन गरिसकेपछि मैले के महसुस गरेँ भने पुराणमा वर्णित गजेन्द्रमोक्षधाम पुस्तक र प्रकृतिको काखमा मात्र सीमित थियो । यसको ढोका खुलेको थिएन । प्रकृतिको खुला पुस्तकको रूपमा रहेको यो क्षेत्रमा आएर अब जोकोहीले पनि अध्ययन अनुसन्धान गर्न सक्ने छन् । पक्की बाटो, बास बस्ने धर्मशाला, मठ-मन्दिरहरू, धर्मशास्त्र अध्ययनकेन्द्र, नृत्य, ध्यान-हवन गर्ने स्थानहरूले यो पवित्रधामलाई सुनको गहना उजिल्याएर चमक बढाएजस्तो सुन्दर चम्किलो पारेको छ । नयाँ नयाँ सोच र संरचनाहरू थपिँदै छन् । आशा गरौँ भविष्यमा वैदिक संस्कार र सभ्यताको अनुसन्धान केन्द्र बन्ने छ - गजेन्द्रमोक्षधाम ।

नेपालको मध्य भागमा अवस्थित देवघाटधाम प्रकृतिको अनुपम वरदानबाट सुसज्जित रहेको छ । यो भूमि देवी-देवताहरूको बासस्थान हो । विद्वान् महान्जनहरूको कर्मथलो हो । ज्ञानको उद्गम स्थान मानिएको यो स्थान मोक्ष प्राप्तिका

लागि साधनास्थल पनि हो । गुरुकुलीय पद्धतिको संस्कृति जोगाइराख्न यहाँका संस्कृतका विद्वान्हरू हरपल लागिपरिरहनु भएको छ । कालीगण्डकीको महिमा र महत्त्व, शालग्राम प्राप्ति र त्यसको प्रयोग, नानाथरीका वनौषधीहरूको उपलब्धता, दीर्घ जीवन जिउने कला र ज्ञान देवघाटको सामिप्यले हामीलाई प्रदान गर्दछ । हिन्दू वैदिक सभ्यता र संस्कृतिलाई जनजनमा पुऱ्याई मानवहितका लागि समर्पित यहाँका पीठाधीश, दानी, ज्ञानी, तपस्वीहरू नै देवघाटका प्राणरक्षक हुन् ।

देवघाटको भू-अवस्थिति, प्राकृतिक सौन्दर्य, प्राग्ऐतिहासिक महत्त्व र हिन्दूसंस्कार र संस्कृतिको सम्वर्धन यिनै सब कारणले गर्दा यहाँको गरिमा दिनप्रतिदिन बढिरहेको छ । श्रद्धालु भक्तजनहरूमात्र होइन, धेरै टाढादेखि धार्मिक पर्यटकहरू देवघाट दर्शन गर्न आउने र यहाँ रात बिताउने गर्दछन् । सौराहा आउने पर्यटकहरू देवघाट, मनकामना, लुम्बिनी, जनकपुरधामको घुम्ती प्याकेज बनाएर भ्रमण गराउन सकिने बलियो सम्भावना छ । यसका वरपरका स्थानहरूमा पनि धार्मिक महत्त्व बोकेका मठ-मन्दिरहरू छन्, देवघाट आउने धार्मिक पर्यटकहरूलाई ती ठाउँमा पुऱ्याउने योजना बनाउन आवश्यक भएको देखिन्छ । एउटा महत्त्वपूर्ण कुराचाहिँ के लाग्छ भने देवघाटधाम क्षेत्रभित्र कुनै पनि प्रकारको शास्त्रवर्जित अभक्ष्य सेवन, अनुचित क्रियाकलापहरू र उद्दण्ड प्रवृत्तिले प्रश्रय पाउन हुँदैन । यी कर्महरूले देवघाटको महिमा र गरिमालाई शोभा दिँदैन । यातायात, सञ्चार र मानिसको सहज आगमनको साथ त्यस्ता कुकर्महरू भित्रन नपाउन् भन्नेमा क्षेत्र विकाससँग सम्बन्धित सबै निकायहरू हरदम सचेत रहन उपयुक्त हुनेछ । विकास निर्माणका कामहरूले देवघाटको बाहिरी आवरणमा परिवर्तित स्वरूप देखाइसकेको छ, अब सबैको प्रयासमा सबल र समृद्ध देवघाट देख्न धेरै समय पर्खन पर्ने छैन ।

मनै त हो बहन्छ यो नदी सरी प्रवाहमा
अनेक कल्पना गरी तरिन्छ पार चाहमा
थुनिन्छ बाँध क्यै गरी खुला भए बगाउला
डुँगा छ 'ज्ञानमार्ग' यो तरेर पुग्न राहमा

- सुरालयबाट

# कालीगण्डकी नदीको किनार र "कल्पवास" परम्परा



**लक्ष्मण सुवेदी**
उपप्राध्यापक,
सामाजिक कार्य विभाग कीर्तिपुर काठमाडौँ

## परिचय

यो आलेखमा कालीगण्डकी नदीको किनारहरूमा पौराणिक कालदेखि प्रचलनमा रहेको मानिएको कल्पवास परम्परा, यसको ऐतिहासिक पृष्टभूमि र वर्तमान अवस्थाको विवरणात्मक विश्लेषण प्रस्तुत गर्ने प्रयास गरिएको छ। वास्तवमा कल्पवास भनेको के हो ? कल्पवास र नदीहरू विशेषगरी कालीगण्डकीसँगको सम्वन्ध के हो ? किन कालीगण्डकीको किनारमै यति धेरै कल्पवासहरू बने ? यी कल्पवासहरूमा कस्ता-कस्ता मानिसहरू बस्छन् ? यसको ऐतिहासिक पृष्ठभूमि कस्तो छ ? बिगतमा कस्ता-कस्ता सृजनाहरू र ग्रन्थहरूको निर्माण भयो ? वर्तमान समयमा कल्पवास, कालीगण्डकीका कुन कुन तटहरूमा कसरी चलिरहेको छ ? भन्ने जस्ता जिज्ञासाका उत्तरहरू खोज्ने प्रयास यो अध्ययनमा गरिएको छ ।

नदीहरू भौतिक आवरणमा प्रवाहित हुने मानव सभ्यताका जननी हुन् । मानवलगायत सबै जीवहरूको उत्पत्तिा पानी अर्थात् नदीहरूको किनारबाट सुरु भएको मानिन्छ । मानव विकासको इतिहास, चाहे वैदिक परम्परालाई आधार मानौ या गैरवैदिक परम्परा सबैले मानव सभ्यताको उत्पत्ति र विकासको आधारशीला नदीलाई नै मानेको पाइन्छ। नाइल नदीको किनारमा विकास भएको मिश्रको सभ्यता (Egyptian Civilization), टिग्रिस र युफ्रेटस नदीको किनारमा विकास भएको मेसोपोटामियाको सभ्यता, सिन्धु नदीको किनारमा विकास भएको हडप्पा र मोहेन्जोदारो सभ्यता, गंगाको किनारमा विकास भएको आर्य सभ्यतालगायतका ऐतिहासिक कालखण्डका सभ्यताहरू सबै नदीको किनारमा विकास भएका थिए । कालिदासले 'कुमार सम्भवम्' मा हिमालयलाई पृथ्वीको मेरुदण्डको रूपमा उल्लेख गरेका छन् ।

## कालीगण्डकी र किनारका घाटहरू

हिमालयबाट प्रवाहित हुने नदीहरू विश्वकै पवित्र नदीहरू मानिन्छन् । सिन्धु ब्रह्मपुत्र, भागिरथी, यमुना, कर्णाली, कोशी, गण्डकी लगायतका नद-नदीहरूले मानव सभ्यताको विकास गर्ने प्रेरणा र उचित वातावरण उपलब्ध गराइदिएकोले नै मानवले सभ्यता, संस्कृति, र भाषाको विकास गरेको हो । यी नदीहरूमध्ये पौराणिक दृष्टिकोणवाट कालीगण्डकी सवैभन्दा पवित्र नदी मानिन्छ । कालीगण्डकीलाई श्रीमद्भागवत (५ ।७ ।१०)मा **"चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्री करोति"**, सवैलाई पवित्रगर्ने चक्रनदी भनेर वर्णन गरिएको छ । सनातन वैदिक धर्मका आराध्यदेव विष्णु भगवानसहित सबै देव देवीहरू शालग्राम शिलाका रूपमा कालीगण्डकीमा निवास गर्ने भएकोले यिनलाई विश्वकै पवित्र नदीको रूपमा श्रद्धा गरिन्छ । दामोदरकुण्डबाट

प्रवाहित हुँदै आएकी यी गण्डकीको रंग कृष्ण (कालो) वर्णको भएकोले यिनलाई काली भनिएको हो । दामोदरकुण्डबाट त्रिवेणीसम्म आइपुग्दा यिनका किनारमा सयौँ तीर्थहरू प्राचीन कालदेखि नै ऋषि, महर्षिहरू र साधकहरूलाई ज्ञानप्राप्त गर्ने अलौकिक पुण्यप्रदायक भूमिका रूपमा प्रसिद्ध थियो भन्ने बुझ्न सकिन्छ ।

दामोदरकुण्डबाट प्रवाहित भएपछि कागवेनीमा मुक्तिनाथका १०८ धाराको जल मिसिँदै अगाडि बढ्दै जाँदा सयौं नदी, खोलासँगै देवघाटमा त्रिशूलीलगायतका नदीहरूसँग समागम भएपछि यिनलाई नारायणी भनिन्छ र त्रिवेणी बाल्मीकि आश्रम हुँदै भारत प्रवेश गर्दछिन् । दामोदरकुण्ड, मुक्तिक्षेत्र कागवेनी, पुलह आश्रम गलेश्वरधाम, म्याग्दीवेणी, निरयक्षेत्र, मोदीवेणी, जैमिनीघाट, सेतीवेणी, रुद्रवेणी, रुरु क्षेत्र (रिडी), उत्तरवाहिनी, हुँगीघाट, राम्दी, रामघाट, केलादीघाट, देवघाट, शिवघाट, त्रिवेणी आश्रमलगायतका तीर्थहरूमा प्राचीन कालदेखि आजसम्म बनेका ठूला साना मठ, मन्दिर, देवल, सत्तल, यज्ञशाला, कुटी आश्रमहरूबाट त्यसक्षेत्रमा प्राचीन कालदेखि नै विभिन्न सभ्यतासँगै कल्पवास बस्ने परम्पराको पनि विकास भएको र आजसम्म पनि यो परम्परा कायम रहेको देख्न सकिन्छ ।

**कल्पवास के हो ?**

कल्पवासलाई शाब्दिक रूपमा भन्नु पर्दा 'कल्प' भनेको समय, 'वास' भनेको बस्नु भन्ने बुझिन्छ । कुनै निश्चित उद्देश्यप्राप्तिका लागि कुनै निश्चित समय र ठाउँमा बस्नुलाई शाब्दिक अर्थमा कल्पवास भनिन्छ। नेपाली वृहद् शब्दकोशमा उल्लेख गरेअनुसार कल्पवास 'एक कल्पभरि तीर्थवासमा गरेको पुण्य कमाउनको लागि संयम र निष्ठापूर्वक नदीको तटमा गरिने निवास नै कल्पवास हो ' । पुराणहरूमा उल्लेख गरेअनुसार ब्रह्माजीको एक दिनको समयलाई कल्प भनिन्छ । ब्रह्माजीको एक दिन पृथ्वीमा चार युग (सत्य, त्रेता, द्वापर र कलि) पछिको प्रलय हुँदा पुरा हुने समय हो । एक कल्पवास बस्नाले ब्रह्माजीको एक दिनको अवधिभरि गरेको पुण्य एकैचोटि प्राप्त गर्न सकिने पुराणमा उल्लेख गरिएको पाइन्छ ।

कल्पवासको सुरुवात कसले कहाँबाट कहिले गरेको हो भन्ने स्पष्ट आधार नपाइएता पनि कल्पवासको परम्परा प्राचीन कालदेखि चल्दै आएको परम्परा हो भन्नेकुरा भागवतमा उल्लेख गरिएको राजा भरत (जडभरत) ले कालीगण्डकीको किनारमा कल्पबासीका रूपमा बसी साधना गरेको प्रसङ्गबाट प्रष्ट हुन्छ । वर्तमान समयमा भारतको गङ्गा र यमुनाको सङ्गम भएको प्रयागराजमा माघ महिनाभरि गङ्गास्नान, जप, यज्ञ अनुष्ठानजस्ता कार्य गरी बस्ने परम्परालाई कल्पवास भन्ने गरिन्छ । तर नेपालको सन्दर्भमा कल्पवासले विशिष्ट अर्थ र जीवन पद्धतिलाई इङ्गित गर्दछ ।

नेपालमा कल्पवासलाई साधना र ज्ञान प्राप्तगर्ने पवित्र भूमिको रूपमा लिइन्छ । कल्पवासमा ब्रहमचारीदेखि संन्यास आश्रमसम्मका सवै साधकहरूले ज्ञान, मोक्ष प्राप्त गर्ने उद्देश्य राखी वस्नसक्दछन । उपनिषद्ले "ऋतेः ज्ञानान्न मुक्तिः" ज्ञान प्राप्त नगरी मोक्ष हुदैन भनेको छ भने अर्कोतर्फ श्रीमद्भागवत (१२ ।३ ।५२)मा "कलौ तद् हरिकीर्तनात्" कलियुगमा हरिकीर्तन नै मोक्षको उपायको रूपमा बर्णन गरिएकोले साधकहरू मोक्ष प्राप्तिका लागि नदीहरूको किनारमा कल्पबासीको

रूपमा बसोबास गर्दछन् । नेपालमा, विशेषगरी जीवनको उत्तारार्धमा जडभरत लगायतका पौराणिक पात्रहरूको अनुसरण गर्दै, गृहस्थाश्रमका घरव्यवहार जिम्मा लगाएर आध्यात्मिक आनन्द प्राप्तिका लागि गुरुहरूबाट दीक्षा लिई तपस्वी, योगीको रूपमा रहने परम्परा कल्पवास परम्परा हो ।

**कल्पबासीको हुन् ?**

नेपालको प्रचलनअनुसार जीवनको उत्तारार्धतिर व्यावहारिक भौतिक सुख त्यागेर ऋृषि, महर्षिहरूले वताएको मार्गअनुसार ब्रहममुहूर्तमा उठेर शौच, स्नान, सन्ध्या, देवपूजन, हवन, तर्पण, वलिवैश्वदेव, वेद, पुराणपारायण, मध्याह्न भोजन जस्ता नित्यकर्म गर्ने, सेतो वा पहेँलो बस्त्रमात्र लगाउने, निधारमा भष्म, तिलक, टिका धारणा गरी योगी, तपस्वीको रूपमा रही ज्ञान प्राप्त गर्न प्रयत्नशील व्यक्ति नै कल्पबासी हुन् । यस्तो जीवनशैलीले पदार्थको आशक्तिबाट टाढा राख्नुका साथै सहज मृत्युवरण गर्ने कला पनि सिकाउँछ । यो प्रचलन कालीगण्डकीको तटीय क्षेत्रहरूमा प्राचीनकालदेखि नै चलिआएको पुराणहरूमा उल्लेख गरिएको पाइन्छ ।

**कल्पवास (इतिहासदेखि आजसम्म)**

सत्य युगमा राजा भरत (जडभरत) ले तीन जन्मसम्म कालीकै किनारमा जन्म लिएको र अन्तिममा राजा रहुगणलाई ब्रह्मज्ञानको उपदेश दिई मोक्षप्राप्त गरेको वर्णन भागवतमा उल्लेख गरिएको छ । त्रेतायुगमा महर्षि वाल्मीकिले त्रिवेणीधाममा आश्रम बनाई रामायणजस्तो विश्वकै पहिलो महाकाव्यको रचना गर्नुभयो । जहाँ सीताजीले लवकुशलाई जन्म दिई कल्पबासीको रूपमा आफ्नो जीवनको उत्तारार्ध बिताउनुभयो । त्यस्तै रावणका हजुरबुबा पुलस्त्य ऋृषिले हालको गलेश्वरधामको माथि डाँडामा पुलस्त्य आश्रम बनाएर कल्पवास बसेका थिए । जैमिनि ऋृषिले सामवेद संहिता लगायतका ग्रन्थहरूको निर्माण, मार्कण्डेय, वशिष्ठ, मणिमुकुन्द सेन जस्ता ऐतिहासिक पुरुषहरूले कल्पबासी भएर यही साधना गरेका थिए । यस्तो कल्पवासको परम्परा पौराणिक कालदेखि वर्तमान समयसम्म र दामोदर कुण्डदेखि त्रिवेणीधामसम्म कहाँ कहाँ कसरी चल्दै आइरहेका छन् भन्ने कुरालाई सङ्क्षिप्त रूपमा नियालेर हेरौँ ।

**मुक्तिक्षेत्र, कागवेनी :**

वाल्मीकि रामायणमा रामभक्त काकभुशुण्डि नीलगिरि हिमालदेखि उत्तर कागवेनी क्षेत्रमा कल्पबासीको रूपमा बसेर रामको उपासना गरेको प्रसङ्ग वर्णन गरिएको छ । यहाँ लामो समय हिमाच्छादित हुनेभएकोले पौराणिक साधकहरू बाहेक अन्य साधक कल्पबासीहरू बसेको पाइएको छैन ।

**गलेश्वरधाम र पुलहाश्रम :**

पौराणिक कालमा रहुगङ्गा, म्याग्दी र कालीगण्डकी नदीहरूलाई जयन्ती मंगला काली भनिन्थ्यो र यी नदीहरूको सङ्गम भएको पहाडमा रावणका हजुरबुबा पुलस्त्य ऋृषिले कल्पबासीको रूपमा तपस्या गरी बसेका थिए । सतीदेवीको गला पतन भएको विश्वास गरिने गलेश्वर क्षेत्रमा राजा जडभरतले पहिलो जन्ममा कल्पबासीको रूपमा साधना तपस्या गरेका थिए । गायत्री अनुष्ठान गर्नेहरू रहुगङ्गाको पारिपट्टि गायत्री मन्दिर बनाएर बसोबास गर्दछन् । यसैपुण्यभूमिमा ईश्वरानन्द ब्रह्मचारी (गलेश्र बाबा)ले तपस्या गर्नुभएको थियो । गलेश्वर महादेवको मन्दिर क्षेत्रमा कल्पबासीहरू साधना

गरेर आजसम्म वसेको पाइन्छ भने माथि डाँडामा कल्पबासीहरूले बनाएको जगन्नाथको मन्दिर आजसम्म पनि सेवापूजा भैरहेको देख्न पाइन्छ ।

**निरय क्षेत्रदेखि मोदीवेणीसम्म :**

बागलुङ बजार र म्याग्दीको बेनी बजारको बिच कालीको किनारमा निरय क्षेत्र पर्दछ । यहाँ आश्रम, मन्दिरहरू बनाएर साधु, सन्त साधकहरू कल्पबासीको रूपमा बस्दै आउनुभएकोमा ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीले कल्पवासलाई व्यवस्थित गरी धर्मशाला, अतिथिसेवाको व्यवस्था गर्नुका साथै मन्दिर पुनर्निर्माण गराउनुभएको छ । त्यस्तै गरी सहस्रधाराधाममा पंचदेवका मन्दिर, आश्रम, पाठशाला बनाएर वैदिक शिक्षाको प्रचारप्रसार गरिँदै आइएको छ । यस क्षेत्रमा श्रीवैष्णव सम्प्रदायका सन्त र साधकहरू मठमन्दिर बनाएर कल्पबासीका रूपमा बस्दै आउनुभएको पाइन्छ । माछापुच्छ्रे हिमालबाट निस्किएर आएकी मोदी नदी र कालीगण्डकीको समागम भएको क्षेत्र मोदीबेणी हो । यसक्षेत्रमा प्राचीनकालदेखि नै कल्पबासीहरू कुटी बनाएर बसेको मानिन्छ । हाल यहाँ शिवालय, नृसिंहमन्दिर, गुप्तेश्र गुफासहित करिब साठीवटा कल्पबासी कुटीहरूमा शैव, वैष्णव, शाक्त सम्प्रदायका भक्तजनहरू रहेका छन् ।

**जैमिनिघाट :**

वेदव्यासका समकालीन ऋषि जैमिनिको नामबाट यो घाटको नाम रहन गएको हो । कर्म सिद्धान्तका प्रणेता जैमिनि ऋषि ईसापूर्व तीनहजार वर्ष अगाडिका मानिन्छन् । यिनीले कृष्णद्वैपायन (वेदव्यास)सँग सामवेद र महाभारतको शिक्षा लिई जैमिनीय सामवेद संहिता, जैमिनीय ब्राह्मण, जैमिनीय श्रौतसूत्र, जैमिनीय गृह्यसूत्र, जैमिनीय महाभारतको अश्वमेध पर्व, जैमिनीय सूत्र, र जैमिनीय पूर्वमिमांसा सूत्रको रचना यसै तपोभूमिमा गरेका थिए । पश्चिमतर्फबाट बगेर आउने ठेउलेखोला कालीमा मिस्सिएको यो घाटमा दुईवटा शिला, 'जैमिनिशिला र देवशिला' छन भने शङ्ख आकारको बजाउन मिल्ने शङ्खे ढुङ्गो यहाँको अर्को विशेषता हो । उत्तरतर्फको पहरामा रहेको जैमिनि ऋषिको कुटीले पौराणिक कालदेखि नै यस क्षेत्रमा कल्पवास वस्ने गरेको अनुमान गर्न सकिन्छ । लमही खोलाको सङ्गम कुर्घा र जलजलाघाटमा पनि मन्दिर, धर्मशाला बनाएर कल्पबासीहरू बस्ने परम्परा रहेको पाइन्छ ।

**सेतीवेणी :**

सेती खोला र कालीगण्डकीको सङ्गम भएको यस क्षेत्रमा विश्वकै ठुलो मानिएको शालग्राम शीला रहेको छ । यस शीलालाई विष्णुको स्वरूप मानेर आराधना गरी कल्पबासीहरू बस्ने गर्दछन् । कुर्घाली महाराजले आश्रम बनाएर कल्पबासी कुटीहरूको व्यवस्थापन गर्नुभएको थियो । पण्डित हरिशरण उपाध्यायका अनुसार यस क्षेत्रमा चालिस बर्ष पहिले करिव पचास कुटिहरू थिए भने वेद पाठशालामा वटुकहरू अध्ययन गर्दथे । राधाकृष्णको मन्दिर रहेको यस क्षेत्रमा ब्रह्मचारी, तपस्वी, सन्तहरू साधकका रूपमा आजसम्म पनि बसेको पाइन्छ ।

**रुद्रवेणी :**

सेतीवेणी र रुरु क्षेत्रको विचमा पवित्र रुद्रवेणीधाम पर्दछ । रुद्रावती र कालीको समागम भएको यस धाममा हिलेप्रभुले ठुलो बगरबाट अखण्ड धुनीको आगो ल्याई यज्ञशाला बनाई अखण्ड धुनी संचालन गर्नुभएको थियो जुन आजसम्म चलिरहेको छ भने शिवालय र राम मन्दिर यहाँका

कल्पबासीहरूको आश्रयस्थल हुन् । हाल यहाँ तीन दर्जनभन्दा बढी कल्पबासी कुटी छन् भने कल्पबासी र अतिथिका लागि स्थानियको सहयोगमा अन्नक्षेत्र संचालन गरिएको छ ।

**रुरुक्षेत्र (रिडी) :**

रिडीखोला र कालीगण्डकी मिस्सिएर बनेको यस क्षेत्रलाई रुरुक्षेत्र (रिडीधाम) भनिन्छ । वराहपुराणमा उल्लेख गरेअनुसार देवदत्तमुनि र प्रम्लोचा अप्सराबाट जन्मिएकी रुरु कन्याको तपस्याबाट प्रसन्न भई ऋषिकेश भगवानले दर्शन दिई शीला रूपमा यहाँ रहनुभएको छ । ब्रह्मचारी ब्राह्मणहरूले सेवा गर्ने गायत्री मन्दिरसहित विभिन्न देवदेवीका मन्दिरवरपर कल्पबासीहरू बसी साधना गर्ने प्रचलन पौराणिक कालदेखि आजसम्म चलिरहेको छ । राणाकालीन समयको रानीमहल रिडी नजिकै कालीको किनारमा कल्पवास बस्ने उद्देश्यले राणाहरूले बनाएका थिए भनिन्छ। रिडी र राम्दीको बिचमा उत्तरवाहिनी तीर्थ छ, जहाँ साधकहरू प्राचीनकालदेखि नै साधना गर्दै आएको विश्वास गरिन्छ ।

**उत्तरवाहिनी धाम :**

कालीगण्डकीले तीनतिरबाट घेरेर उत्तरवाहिनी भएर बगेको र यसबाट बनेको महालिङ्ग, ( जुन अपभ्रंस भई मालिङ्गा भनिएको पाइन्छ) क्षेत्रलाई उत्तरवाहिनी धाम भनिन्छ । नारदीय पुराणका अनुसार मृकण्डु ऋषिले तपस्या गरी भगवान्को दर्शन पाएका र उनका पुत्र मार्कण्डेयको जन्म यहीँ भएको थियो । मार्कण्डेय ऋषिले शिवजीको कृपाद्वारा कालमाथि विजय प्राप्त गरी चीरञ्जीवी भएको प्रसङ्ग उल्लेख गरिएको छ । वराहपुराणमा बताएअनुसार यहाँ हरेक द्वादशीतिथिको राति शंखध्वनि आउने ऐतिहासिक पिपल बृक्षका साथै, गुफाहरू पनि छन् । कल्पबासीहरूले बिभिन्न मठमन्दिर, गौशाला, यज्ञशाला, वेद वेदाङ्ग पाठशाला बनाएर साधना गर्दैआइरहेका र हाल ती संरचनालाई आचार्य चैतन्यकृष्णको नेतृत्वमा पुनः निर्माण गर्दै यसलाई साधना र ज्ञान उत्पादन गर्ने केन्द्र बनाउने उद्देश्यका साथ कार्य भइरहेको छ ।

**राम्दीदेखि हुँगिघाटसम्म :**

विभिन्न सनातनी सम्प्रदायका साधकहरूले परम्परादेखि नै राम्दीमा मन्दिर र कुटीहरू बनाएर बस्दैआएको मानिन्छ । यहाँ विभिन्न देवदेवीहरूका मन्दिरहरूका साथै गुरुकुलको संचालन भइरहेको छ । निम्बार्क संप्रदायका कल्पबासीहरूको बाहुल्यता रहेको रामघाट र हुँगीघाटमा राधाकृष्ण मन्दिरका अलावा शिवालयहरू पनि रहेका छन् । यहाँ कल्पवास बस्ने परम्परा धेरै पुरानो हो र आज पनि यहाँ कल्पबासी कुटीहरू देख्न सकिन्छ ।

**केलादीघाट :**

कृष्णागण्डकीका तटहरूमध्ये कल्पबासीहरूको रोजाइको पछिल्लो गन्तव्य केलादीधाम पनि हो । द्वैताद्वैत सिद्धान्तका प्रबर्तक निम्बार्काचार्यका अनुयायी साधकहरूले मन्दिर, धर्मशाला, कुटी, पाठशालाहरू बनाएर यहाँको विकास गरेका छन् । ब्रह्मलीन भागवतशरण देवाचार्यले राधाकृष्ण मन्दिरको स्थापना गरी कल्पवासलाई व्यवस्थित गर्नुभएको थियो भने अहिले करिब सय जति कल्पबासीहरूको गोपालशरण महाराजले नेतृत्व गर्दै आउनुभएको छ ।

**देवघाटधाम :**

त्रिशूलीलगायतका सप्तगण्डकीहरूसँग कालीगण्डकीको समागम भई बनेको क्षेत्र नै

देवघााटधाम हो । आनन्द रामायणमा उल्लेख गरेअनुसार देवघाटमा वशिष्ठ ऋषिले तपस्या गर्नुका साथै यज्ञ गर्नुभएको थियो भने सालङ्कायन मुनिले तपस्या गरी सालको रुखमा भगवानको दर्शन पाएका थिए । पाल्पाली राजा मणिमुकुन्दसेनले राजपाठ त्यागी कल्पबासी भएर देवघाटमा बसेको इतिहासमा उल्लेख गरिएको छ। वर्तमान परिप्रेक्षमा हेर्दा देवघाट तीन भौगोलिक खण्ड (तनहुँ, चितवन र नवलपुर) मा बाँडिएको छ। तनहुँतर्फ गलेश्वरबाबा (ईश्वरानन्द ब्रह्मचारी) ले वि.सं. २००६ सालतिर म्याग्दी जिल्लाको गलेश्वरधामबाट आई देवघाटमा कल्पवासको सुरुवात गर्नुभएको थियो। कल्पवाससँगै शिवालय, यज्ञशाला, धर्मशाला, वेदवेदाङ्ग विद्यालय बनाई नित्य सत्सङ्गको व्यवस्था गर्नुभएको थियो । यो कल्पवास नै नेपालको सवैभन्दा व्यवथित र ठुलो कल्पवास हो । हरिहर आश्रम, महेश आश्रम, सीताराम मन्दिर, वद्रिनारायण मन्दिर, सत्यनाराायण मन्दिरलगायत आश्रम र मन्दिरहरूले कल्पबासी साधकहरूको लागि आधुनिक सुविधासम्पन्न भवनहरू निर्माण गरी सेवा प्रदान गरिरहेका छन् ।

चितवनतर्फ कल्पवासको सुरुवात वि. सं. २०१८ मा पं. पद्मलाल सुवेदीको आचार्यकत्वमा डिल्लीराम बाबालगायतका सन्तहरूको सहभागितामा विश्वशान्ति महायज्ञको आयोजना गरेपछिमात्र वर्तमान कल्पवासको सुरुवात भएको हो । सनातन धर्मका चार सम्प्रदायहरू, शैव, रामानन्दी, रामानुज, र निम्बार्क सम्प्रदायका अनुयायी कल्पबासीहरू अलग अलग व्यवस्थित रूपमा मन्दिर, धर्मशाला, कुटीहरू बनाई बसोबास गर्दै आइरहेका छन् । राज्यले २०२६ सालमा यी चारै सम्प्रदायका प्रमुख मन्दिरहरूको नाममा जमिन कित्ताकाट गरी कल्पवास बस्ने व्यवस्था गरेकोले यहाँ करिव तीनसयभन्दा बढी कल्पबासीहरू वसोवास गरिरहेका छन् ।

नवलपुर गैडाकोटतर्फ राधाकृष्ण मन्दिर, लक्ष्मीनृसिंह दिव्यधाम, शिवालय, वेदविद्याश्रम, धर्मशालाहरू बनाई कल्पबासीहरू वसोवास गर्दै आइरहेका छन् । नारायणगढ बजारबाट करीव चार किलोमिटर दक्षिण शिवघाटमा पनि धेरै पहिलेदेखि कल्पबासीहरू शिवालय वरपर कुटी बनाएर बस्ने पुरानो प्रचलन आजसम्म पनि कायमै छ । नारायणी पारी सिखौलीघाटमा प्राचीन कल्पवासका भग्नावशेषहरू आज पनि देख्न सकिन्छ। यहाँ ब्रह्मलीन परमानन्द सरस्वती स्वामीले मन्दिर धर्मशाला बनाई कल्पवासको व्यवस्था गर्नुभएको थियो ।

**त्रिवेणीधाम :**

वाल्मीकि ऋषिले आश्रम वनाई कल्पबासीको रूपमा बसेर रामायणको रचना गरेको पुण्यभूमि हो त्रिवेणीधाम । लव कुशको जन्मभूमि र सीताले जीवनको उत्तारार्ध कल्पबासीको रूपमा बिताएको ठाउँ पनि हो। नारायणी वारिपट्टि पौराणिक कालदेखि नै शैव र वैष्णव संप्रदायका भक्तहरूले मन्दिर, कुटी, आश्रम वनाई कल्पबासीको रूपमा बस्ने परम्परा आज पनि निरन्तर चलिरहेको पाइन्छ।

**उपसंहार :**

नदीहरू समय, घटना, र इतिहाससँगै निरन्तर प्रवाहित हुने गतिशीलताका प्रतीक हुन् । यी मानव इतिहासका जीवित साक्षी पनि हुन् । मानव सभ्यता नदीहरूको किनारबाट सुरुभएको हो। कालीगण्डकी धार्मिक, सांस्कृतिक र प्राकृतिक रूपमै विशिष्ट पहिचान बोकेको पवित्रतम नदी हो। यसको उद्गमदेखि त्रिवेणीसम्मका वेणीहरू र तटहरूमा

पौराणिककालदेखि आजसम्म मानवोपयोगी ज्ञान, दर्शन, सभ्यताको विकास महापुरुषहरूले विभिन्न समयमा गर्दैआइरहेका छन् । यस्ता सभ्यता र परम्पराहरू मध्येको एउटा अङ्ग हो कालीगण्डकी किनारको कल्पवास परम्परा । पौराणिक काल, सत्य युगदेखि आजसम्म, जडभरतदेखि मणिमुकुन्द सेनसम्म, वाल्मीकिदेखि जैमिनिसम्म, पुलस्त्यदेखि मार्कण्डेयसम्म, वशिष्ठदेखि गलेश्वर बाबासम्मका साधक कल्पबासीहरूले विभिन्न दर्शन, ज्ञान र जीवनोपयोगी शिक्षा कालीको किनारमै प्राप्तगरेका थिए । वर्तमान समयमा पनि विभिन्न मतका अनुयायीहरू आ-आफ्ना गुरुशिष्य परम्परामा रही कुटीहरूका साथै मठ मन्दिर, धर्मशाला, पाठशालाहरूको निर्माण गरी कल्पवासको मर्यादालाई निरन्तरता दिइरहेका छन् ।

कल्पबासीहरू शारीरिक रूपमा हेर्दा कमजोर, आर्थिक रूपमा गरिब, सामाजिक रूपमा असङ्गठित जस्ता देखिए पनि यिनीहरू भौतिक पदार्थलाई महत्त्व दिँदैनन् । साधनामा तल्लीन रहने, जीवन र जगत्, पदार्थ र अध्यात्म, जीव र ब्रह्म, आत्मा र परमात्मा जस्ता विषयहरूको विवेचना गरी आफ्नो जन्म, शरीर र आत्माको मूल्याङ्कन गर्ने भएकोले शान्त र पवित्र नदी किनारलाई आश्रयस्थल बनाउने क्रममा कालीगण्डकीको तट सबैभन्दा उपयुक्त स्थल भएको अनुमान गर्न सकिन्छ । यसकारण कल्पवास नेपालको इतिहासदेखि आजसम्म आध्यात्मिक शान्ति, ज्ञान र संस्कृति उत्पादन गर्ने केन्द्रको रूपमा विकास हुँदै आएको देखिन्छ । यी तथ्यहरूको आधारमा कल्पवास कालीगण्डकीको किनारमा विकास भएको नेपालको एउटा जीवित सभ्यता पनि हो भन्न सकिन्छ ।

**सन्दर्भग्रन्थहरू :**


उपाध्याय पं. पद्मलालः देवघाट महात्म्यः श्री विश्वशान्ति महायज्ञ धार्मिक पुस्तकालयः २०२६. देवघाट, चितवन ।

गर्तौला यादवप्रसादः गण्डकी नदी र देवघाटधामको वैशिष्ठ्यः २०७३, **वेद वेदाङ्ग विद्यालय स्वर्ण स्मारिका**, गलेश्वर आश्रम, देवघाट तनहुँ ।

गीताप्रेसः श्रीमद् वाल्मीकियरामायणः २०५७. गोरखपुर ।

गीताप्रेसः श्रीमद्भागवत महापुराणः २०६०. गोरखपुर ।

ढकाल डा. मतिप्रसादः जैमिनि ऋषि र जैमिनिघाटको परिचय

पाण्डे रामतेजः वाल्मीकि विरचित आनन्दरामायणः २०१३. चौखम्बा संस्कृत प्रतिष्ठान, वाराणसी ।

पौडेल कृष्णशरणः निम्बार्क संप्रदायका स्थान र स्थानाध्यक्षको परिचय–१. **आचार्यश्री भगवत् शरण स्मृतिग्रन्थः** २०५९. स्मृतिग्रन्थ प्रकाशन समिति, केलादीघाट, नेपाल ।

योगी नरहरिनाथः **स्कन्दपुराणान्तर्गतो हिमवत्खण्डः** २०१३. गोरक्षटिल्लाकाशी योगप्रचारिणी, काठमाडौँ ।

लम्साल प्रा. माधवः षड्दर्शनः संक्षिप्त परिचयः **आचार्यश्री भगवत् शरण स्मृतिग्रन्थः** २०५९. स्मृतिग्रन्थ प्रकाशन समिति, केलादीघाट, नेपाल ।

सुवेदी पं. कमलाकान्तः शालग्रामको महत्त्वः **देवघाट दर्पण,** २०६३. देवघाट क्षेत्र विकास समिति, देवघाट, तनहुँ ।

# ख) देवघाटधाम विशेष खण्ड

ॐ श्री परमात्मने नमः



# त्रिचक्षुः

## (चर्मचक्षु, धर्मचक्षु र ज्ञानचक्षु)

**अनन्तश्री विभूषित महामण्डलेश्वर**
**स्वामी आत्मानन्द गिरिजी महाराज**
पीठाधीश : गलेश्वर आश्रम, देवघाटधाम, तनहुँ

वैदिक सनातन धर्म उदारवादी तथा समन्वयवादी धर्म हो । यस धर्मको विशेषता भनेको एकेश्वरवादमा अनेकेश्वरवाद तथा अनेकेश्वरवादमा एकेश्वरवादलाई समर्थन गर्नु हो । आज पनि वैदिक सनातनवादी हिन्दुहरू मस्जीद-मजारमा पनि जान्छन् र चर्चहरूमा पनि गएर प्रार्थना गर्न सङ्कोच गर्दैनन् । विशेष गरेर प्रवासी नेपालीहरूमा यस्तो समन्वयभाव र सहिष्णुताभाव देखिन्छ कि प्रवासमा रहँदा आफ्नो सामर्थ्यअनुसार कोठे मन्दिर अथवा सामुदायिक मन्दिरमा भगवान् पशुपति एवं बुद्धको मूर्ति अनिवार्य राखेको देखिन्छ । कारण कि शस्त्रहरूमा बुद्धलाई भगवान्को नवौं अवतारको रूपमा वर्णन गरिएको छ । त्यही विश्वास तथा आस्थाले गर्दा वैदिक सनातनीहरूमा श्रद्धा तथा आस्थाको केन्द्र बन्नुभएको छ तर दुःखको कुरा यो छ कि बौद्धधर्मावलम्बीहरूको गुम्बा अथवा स्तुपाहरूमा बुद्ध धर्मसम्बन्धी देवी, देवताहरूबाहेक अन्य शिव, विष्णु, राम, कृष्ण आदिको प्रतिमा राखेको पाइँदैन । यस्ता क्रियाकलापहरूले वैदिक सनातन धर्मावलम्बीहरूको आस्थामा आघात पुऱ्याउँछ र असहिष्णुताको दुर्भावना प्रकट हुन जान्छ ।

जब कि वैदिक तथा पौराणिक वाङ्मयमा यस्तो वर्णन आएको छ कि "सर्वज्ञ-सर्वशक्तिमान् अभिन्न निमित्तोपादानकारण" ईश्वरद्वारा समस्त चराचर जगत, विश्व-ब्रह्माण्ड उत्पन्न भएको कारणले सबै ईश्वररूप हुन् भनिएको छ । वैदिक सनातन धर्म सर्वेश्वरवादमा विश्वास गर्छ ।

**हरिरेव जगत् जगदेव हरिः**
**हरितो जगतो नहि भिन्न तनुः ।**
**इति एष मतिः परमार्थगतिः**
**स नरो भवसागरमुद्धरति ॥**

अर्थात् हरि नै जगत हो त जगत नै हरि हो । जसको यस्तो मति अर्थात् निश्चय छ उसैको परमार्थ (मोक्ष) सम्भव छ । गीतामा आएको समत्व योगको वर्णनले यही भन्छ कि समत्व बुद्धिपूर्वक उपासना गर्नुपर्छ । पुराण वाक्यअनुसार विभेदकर्ता मूढ (मूर्ख) हो भनेर निन्दा गरिएको छ ।

**बुद्धिर्गणेशो मम चक्षुरर्कः**
**शिवो ममात्मा मम शक्तिराद्या ।**
**विभेदबुद्ध्या मयि ये भजन्ते**
**मामङ्गहीनं कलयन्ति मूढाः ॥**

अर्थात् भगवान् विष्णु आफ्ना भक्तहरूलाई उपदेश गर्दै सम्झाउनुहुन्छ कि - बुद्धि गणेश हुन्, सूर्य मेरा आँखा हुन्, शिव मेरो आत्मा हो, दुर्गादेवी मेरा शक्ति-सामर्थ्य हुन् । वास्तविकता यस्तो हुँदाहुँदै पनि यीमध्ये कुनै एकको पनि तिरस्कार गर्दै कसैले मेरो भजन वा उपासना गर्दछ भने त्यसले मलाई अङ्गहीन (विकलाङ्ग) बनाउँछ ।

वैदिक सनातन धर्म यस्तो धर्म हो, जसले प्रकृतिदेखि परमात्मासम्म सबैको उपासना

गर्दछ । यसका साथै परमात्मादेखि प्रकृतिसम्म सबैमा परमात्मदृष्टि राख्दछ । यसरी विराट् स्वरूप परमात्मा उत्तम, मध्यम तथा अधम (निकृष्ट) अवयवहरूले संयुक्त भए तापनि आफ्ना पारमार्थिक स्वरूपमा शुद्ध-निर्विकार रहन्छ ।

**आरोपितं नाश्रयदूषकं भवेत्**
**कदापि मूढैर्मतिदोषदूषितैः ।**
**नाद्रीकरोत्यूषरभूमिभागं**
**मरीचिकावारि महाप्रवाहः ॥**

अर्थात् अज्ञानीहरूले आरोपित गरिएका पदार्थहरूका गुणदोषले अधिष्ठान, गुणदोषयुक्त हुँदैन। भ्रान्तिले आरोपित गरिएका मृगमरीचिकाजलद्वारा मरुभूमि चिसो हुँदैन । प्रकृतिमा परमात्मा देख्नको लागि प्राकृत चर्मचक्षुले सम्भव हुँदैन । प्रकृतिले आँखालाई छाला र मासुको एक डल्लोको रूपमा निर्माण गरेको छ । अतः चर्मचक्षुलाई हामी आँखा भन्दछौं । यस्तो प्राकृतचक्षु (आँखा) संसारका एकाध अपवादबाहेक समस्त प्राणीहरूमा समान रूपले रहेको हुन्छ । यस्ता चर्मचक्षुद्वारा चर्ममय अर्थात् भोगमय जीवनमात्र देख्न सकिन्छ । अतः जगतमा रहेका जगदीशलाई देख्न सकिँदैन । उदाहरणका लागि एकदिनको प्रसङ्ग हो । म सायङ्कालमा सङ्गममा बसी जगदीशको ध्यान गर्दै थिएँ । सम्भवतः ती कलेजका युवायुवती थिए, जो सङ्गममा आएर अहो ! कति ठूलो खोला ? कति गहिरो होला यो खोला ? भन्दै नदीमा ढुङ्गा फ्याँक्न थाले । त्यो देखेर मैले तिनीहरूलाई सम्झाउने कोसिस गर्दै भनें, "हे बाबुनानी हो ! यसरी नदीमा ढुङ्गा हान्नुहुँदैन किनभने यो एउटा खोला मात्र होइन अपितु एक जीवनप्रवाह हो ।" यो त एक विराट पुरुष परमात्माको जीवनरक्त प्रवाहिका हो । यसलाई धर्मदृष्टिले पवित्रतम गङ्गा भन्दछन् । यो लाखौँ सनातन हिन्दुधर्मावलम्बीहरूको परम आस्थाको केन्द्र हो । संस्कृत भाषामा पानीलाई त अझ जीवन पनि भन्दछन् । यो नदीप्रवाहले अरबौँ स्थावर-जङ्गम प्राणीहरूलाई जीवन प्रदान गरेको छ । धार्मिक दृष्टिले यस नदीलाई शालग्रामवाहिनी भगवत्स्वरूपा गङ्गा भनिन्छ । जुन पत्थरलाई तिमीहरूले केवल ढुङ्गा मात्र सम्झेका छौ, त्यसलाई वैदिक सनातनधर्मीहरूले भगवान् विष्णुको प्रतीक मान्दछन् । यसरी नदीमा पत्थर हान्नुको मतलब आफ्नै छोराछोरीहरूले आफ्नै आमाको छातीमा हान्नु हो किनभने यी सबै पत्थर यसै नदीबाट जन्मिएका हुन् ।

धर्म संस्कृति र संस्कारको बारेमा किन र कसरी भन्ने तर्क गर्नु नितान्त अनुचित हो किनभने यसमा त विशुद्ध श्रद्धा, विश्वास र परम्परा नै प्रमाण हुन्छ । मनुष्यमा तीन प्रकारका चक्षु (दृष्टि) हुन्छन् । चर्मचक्षु, धर्मचक्षु र ज्ञानचक्षु, चर्मचक्षु प्राकृत हुन्छ । संसारका समस्त प्राणीहरू जन्मजात कुनै न कुनै प्रकारका आँखा (चक्षु) लिएर जन्मिएका हुन्छन् र त्यसैको माध्यमबाट आ-आफ्ना विषयहरूलाई चिन्दछन् । यसका अतिरिक्त मनुष्यमा अतीन्द्रिय वस्तु देख्नको लागि चर्मचक्षुदेखि भिन्न धर्मचक्षुको आवश्यकता पर्छ । धर्मचक्षु प्रकृतिले दिन सक्दैन । अतः यो जन्मजात प्राप्त हुँदैन । धर्मशास्त्र, धर्माचार्यगुरु, माता-पिताद्वारा मात्र धर्मचक्षु प्राप्त हुन्छ । चर्मचक्षु सबै प्राणीमा समान रूपले विद्यमान रहन्छ भने धर्मचक्षु त्यस्तो हुँदैन । उदाहरणका लागि गाईलाई वैदिक सनातनीहरूले 'सर्वदेवमयी गावः' अर्थात् गाई नै समस्त देवताहरूको आत्मा हो, 'गावो विश्वस्य मातरः' अर्थात् गाई समस्त विश्वको जननी हो भनी पवित्रतम पशुको रूपमा

देवतुल्य सम्मान दिई पूजा गर्ने गर्दछन् । यसै गरी एक मुसलमान या क्रिश्चियनले गाईलाई ठूलो आहारको रूपमा देख्दछ । वैदिक सनातनीहरूसँग वैदिकशास्त्र, धर्माचार्यगुरु तथा माता-पिताले दिएको धर्मचक्षु (दृष्टि) हुन्छ तर मुसलमानसँग कुरान र मुल्लाहरूले दिएको धर्मचक्षु (दृष्टि) हुन्छ र क्रिश्चियनसँग बाइबल र पादरीहरूले दिएको दृष्टि (चक्षु) हुन्छ । महिना, बार, तिथि, नक्षत्र, पाप, पुण्य, स्वर्ग, नर्क, पुनर्जन्म, मोक्ष, आत्मा, परमात्मा आदि सबै अतीन्द्रिय वस्तु हुन् । यिनलाई केवल धर्मचक्षुले मात्र देख्न सकिन्छ ।

सोमबार शिवजीको बार हो । श्रावण महिना शिवजीको महिना हो । शिवरात्री, नवरात्री, जन्माष्टमी, रामनवमी आदि एक पवित्र दिन, पवित्र रात्री र पवित्र महिनाको रूपमा जान्न र मान्नको लागि धर्मचक्षु चाहिन्छ ।

चर्मचक्षु र धर्मचक्षुको अतिरिक्त तेस्रो चक्षु (दृष्टि) पनि छ । जसलाई शास्त्रले ज्ञानचक्षु भन्दछ । ज्ञानचक्षु यस्तो चक्षु हो जसद्वारा पदार्थको नभई परमात्माको दर्शन हुन्छ । ज्ञानचक्षुद्वारा नै आत्मा-अनात्मा पदार्थ छुट्टिन्छ । आत्मा पारमार्थिक सत्य हो र पदार्थ मायाकल्पित मिथ्या हो भन्ने कुराको निश्चय ज्ञानचक्षुद्वारा मात्र सम्भव छ । पञ्चदशीको चित्रदीप प्रकरणमा स्वामी विद्यारण्य मुनिजीले एउटा अनुभव लेख्नुभएको छ ।

**मायाख्यायाः कामधेनोर्वत्सौ जीवेश्वरावुभौ ।**
**यथेच्छं पिबतां द्वैतं त्त्वं त्वद्वैतमेव हि ॥**

अर्थात् माया नाम गरेकी एक प्रसिद्ध कामधेनु गाई छिन् । जसका जीव र ईश्वर नाम गरेका दुईवटा बाच्छा छन् । यी दुई बाच्छाहरूको माध्यमबाट द्वैतवादीहरू यथेच्छ द्वैत पान गर हामीलाई कुनै आपत्ति छैन किन्तु सत्यवस्तु त अद्वैत नै हो । यस्तो किसिमको सत्य वस्तुको ज्ञान केवल ज्ञानचक्षुद्वारा नै सम्भव छ ।

धर्मचक्षु एवं ज्ञानचक्षुको सम्यक् ज्ञान अभिवृद्धिको उद्देश्यले नेपाल सरकारले 'देवघाट क्षेत्र विकास समिति' नामक संस्था स्थापना गरेको छ । यस संस्थाको नाममा म व्यक्तिगत रूपमा असन्तुष्ट छु किनभने यसमा 'धार्मिक' शब्दको समावेश गरिएको छैन । यदि 'देवघाट धार्मिक क्षेत्र विकास समिति' भनेर नामाकरण गरेको भए सुनमा सुगन्धझैँ हुन्थ्यो भन्ने मेरो मान्यता छ । सायद सेक्युलरवादको चक्रव्यूहमा फँसेका तथाकथित राष्ट्रवादीहरूले धर्म शब्द जोड्दा कट्टर साम्प्रदायिक भइन्छ कि भन्ने डरले पनि धर्म शब्द नजोडेका होलान् । यस्तो अवस्थामा छद्म धर्म निरपेक्षताको आडमा वैदिक सनातन धर्म-संस्कारलाई निस्तेज पार्दै मिसनरी धर्मलाई हावी हुने अवसर प्राप्त हुन्छ । यस्ता षड्यन्त्रका परिणाम आज हाम्रो समाजमा प्रत्यक्ष देख्नमा आएको छ ।

जसले जेसुकै उद्देश्य राखे पनि 'देवघाट क्षेत्र विकास समिति'ले वैदिक धर्म, संस्कार र सभ्यताको संरक्षण एवं संवर्द्धनमा पूरा ध्यान दिनुपर्छ । संस्थाले प्रकाशन गर्न लागेको 'देवघाट दर्पण' नामक विशेषाङ्कमा यिनै कुराको प्रतिबिम्ब देख्न पाउनुपर्छ । दर्पणको प्रयोजन यही हो कि संस्थाले गरेका राम्रा-नराम्रा सम्पूर्ण कार्यहरूको प्रतिबिम्ब छर्लङ्ग होस् । अस्तु ।

# सर्वदेवसङ्घटनतीर्थ : देवघाट



**डा. जगमान गुरुङ**
उपकुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान

सप्तगण्डकी-काली, सेती, मादी, मर्स्याङ्दी, दरौँदी, बूढी र त्रिशूलीको संगमस्थल देवघाट नामले प्रसिद्ध छ। सप्तमातृका स्वरूपका यी सप्तगण्डकीको संगमस्थलमा सर्वदेवसंघट्टन अथवा सबै देवी देवताहरूको सम्मिलन हुने हुँदा यो स्थल देवघाट कहलाएको विश्वास गरिन्छ । नीलाद्रिको काखमा अवस्थित त्रिशूल धाराको तीनवटा मूलबाट निस्केको पवित्र जल नीलकण्ठह्रद (गोसाइँकुण्ड) रूपमा परिणत भई त्यहाँबाट विभिन्न कुण्ड र शाखा नदीहरूको जल आफूमा समाहित गरी बग्दै आएको त्रिशूली गण्डकी चिलिमे, वेत्रावती र तादीले युक्त भई वेणीघाटमा आएर बूढीगण्डकीसँग मिसिन्छ । यसैगरी मनासलु र गणेश हिमालबाट बग्दै आएको बूढीगण्डकी आरुघाट हुँदै वेणीघाटमा त्रिशूलीसँग मिसिएपछि त्रिशूली नामले नै बग्दछ । गोरखाको उत्तरी भेग रुपिन लको दक्षिणी पाखोबाट निस्केको दरौँदी मझुवा खैरेनीमा आएर मनाङको तिलिचो ताल र थोरोङ भञ्ज्याङबाट बग्दै नार खोला, दूध खोला, दोर्दी र चेपेलाई समाहित गरेर तार्कुघाट, चेपेघाट र सतीघाट हुँदै आएको मर्स्याङ्दीसँग मिसिन्छ र त्यहाँबाट मर्स्याङ्दी नामले कहलाएर मुग्लिङमा आएपछि उत्तर-पूर्वबाट बग्दै आएको त्रिशूलीसँग मिसिन्छ । त्यसपछि त्रिशूली, बूढीगण्डकी, दरौँदी र मर्स्याङ्दी यी चारवटा नदी त्रिशूली नामले बग्दछ।

कास्की र लमजुङको दोसाँधमा रहेको दोस्रो अन्नपूर्ण हिमालको फेदीबाट उत्पन्न भएको मादीगङ्गा ईदी, रुदी र मिदग्युमलाई समाहित गरी गुम्बाघाट र शिशाघाट हुँदै दमौलीमा आएर सेतीगण्डकीसँग मिसिन्छ । उतापट्टि माछापुछ्रेको फेदीमा रहेको तीनशिरेबाट निस्केको सेतीगण्डकी पनि सार्दी, मर्दी, फुस्रे, विजयपुर र सरौदी आदि शाखा नदीहरूलाई समाहित गरी भीमाद भएर दमौलीमा आई मादीसँग मिसिन्छ। मादी र सेती मिसिएपछि उक्त नदी सेती नामले बग्दछ र गाईघाटमा पुगेपछि त्रिशूलीसँग मिसिन्छ । यसरी गाईघाटमा पुगेपछि सेती, मादी, मर्स्याङ्दी, दरौँदी, बूढी र त्रिशूली यी छवटा नदी त्रिशूली कहलाउँदछ र देवघाटमा पुगेपछि पश्चिम-उत्तरबाट बग्दै आएको कालीगण्डकीसँग मिसिन्छ।

उपल्लो मुस्ताङको छोस्यार (पूर्वी प्रान्त) को शिरानमा रहेको सार्व लबाट बगेको स्यार छ्यु (पूर्वी पानी) र छोनुब (पश्चिमी प्रान्त) को शिरानमा रहेको कोरे लबाट बगेको नुब छ्यु (पश्चिमी पानी) नामक दुईटा खोला लो मन्थाङनेर आएपछि एक ठाउँमा मिसिन्छ। लम्बाइको आधारमा आजकल यिनै दुईटा खोलालाई कालीगण्डकीको मुहान मानिन्छ, तर यी दुवै खोलामा शालग्राम भने पाइँदैन । दामोदरकुण्डबाट बगेर आएको डि खोला मुस्ताङको स्यार रि (पूर्वी पहाड) को डि र सुरखाङमा आएर लो मन्थाङबाट बगेर आएको उपर्युक्त ठूलो खोलासँग मिसिन्छ। दामोदरकुण्डबाट

बगेर आएको उक्त डि खोलामा लो मन्थाङबाट बगेर आएको खोलाको तुलनामा पानी कम छ, तर यस खोलामा शालग्राम पाइन्छ। कालीगण्डकीको महत्त्व शालग्रामसँग जोडिएको छ। अतः कालीगण्डकीलाई शालग्रामी भनिन्छ। त्यसकारण वास्तवमा शालग्रामी कालीगण्डकीको उद्गमस्थल केवल पानीको स्रोतबाट नभएर शालग्रामको स्रोतको आधारमा दामोदरकुण्डलाई मान्नुपर्दछ । सुरखाङबाट बगेको शालग्रामी कालीगण्डकी काकवेणी हुँदै मिरिस्ति, रघु, म्याग्दी, मोदी, आँधी, बडिगाड र रिडीलाई आफूमा समाहित गरी रामदि र केलादिघाट हुँदै देवघाटमा आइपुग्दछ । कालीगण्डकीमा काकवेणी, म्याग्दीवेणी, मोदीवेणी, सेतीवेणी र रुद्रवेणी गरी पाँचवटा वेणीहरू छन् । यसरी देवघाटमा आएपछि पश्चिम-उत्तरबाट बगेर आएको कालीगण्डकी र उत्तरपूर्वबाट बग्दैआएको त्रिशूलीगण्डकीको संगम हुन्छ ।

देवघाटमा सप्तगण्डकीको संगम भएपछि यो महानदी नारायणी नामले कहलाई नारायणघाटबाट दक्षिणतिर बग्दछ र छुम्कानेर पूर्वतिरबाट बग्दै आएको रापतीलाई समाहित गरेर त्रिवेणीबाट भैँसालोटन हुँदै भारततिर बग्दछ । त्यसपछि गङ्गा र यमुनाको संगम प्रयागराज र वरुणा र असीको संगम काशी-वाराणसीभन्दा पूर्व पटनामा गएर गङ्गा र गण्डकीको संगम हुन्छ। गङ्गा र गण्डकीको संगम हरिक्षेत्रको नामबाट प्रसिद्ध छ। हिमवत्खण्डपुराणको चवालिसौँ अध्यायमा देवघाटको माहात्म्य व्याख्या गरिएको छ । देवघाटमा सर्व देवताको संघट्टन हुने हुँदा यस स्थललाई देवतीर्थको संज्ञा दिएको छ–

**सर्वासां संगमे धीर देवघट्ट उदाहृते ।**
**सर्वतीर्थमये पूते स्नानात्कोटिगुणं फलम् ॥**
**देवदेवः स्वयं तत्र तिष्ठति प्रमथैः सह ।**
**देवतीर्थमितिप्रोक्तं तस्मात्सर्वं फलप्रदम् ॥**

(हे धीर अगस्त्यजी ! सबै नदी मिलेको तीर्थमध्येको पवित्र देवघाटमा स्नान गर्नाले करोड गुना फल पाउँदछ। देवताका पनि देवता शिव आफ्ना प्रमथ आदि गणका साथ त्यहाँ रहनुहुन्छ। त्यसकारण सबै फल दिने देवघाटलाई देवतीर्थ भन्दछन् (योगी, २०१३: सं : ९९; ने : ९८) ।

यसैगरी गण्डकीमाहात्म्यमा देवघाटलाई हरिहरक्षेत्र र आदिप्रयाग मानिएको छ–

**समायानं हि देवानां भवतीत्थं धरे ध्रुवम् ।**
**देवघट्टमिति क्षेत्रं प्रसिद्धञ्च धरे तथा ॥**
**संभेदे गण्डकीनद्योस्तिष्ठामि प्राङ्मुखः सदा ।**
**शिवः प्रत्यङ्मुखो भूत्वा रक्षायै वर्तते सुराः ॥**
**अतो हरिहरक्षेत्रमुच्यते लोकविश्रुतम् ।**
**दर्शनात् स्पर्शनात् स्नानाल्लभ्येत वाञ्छितं फलम् ॥**
**इत्थमादिप्रयागाख्यमादिभूतं मम प्रियम् ।**
**भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम् ॥**

(हे पृथिवी ! जसरी यहाँ देवताहरूको भेला हुन्छ, त्यसरी नै यो क्षेत्र देवघाट नामले प्रसिद्ध छ । हे देवताहरू ! गण्डकीनदीहरूको संगम देवघाटमा म विष्णु सधैँ पूर्व फर्केर बस्छु । रक्षाको निमित्त शिव सधैँ पश्चिम मुख गरेर बस्नुहुन्छ । यसैले यो क्षेत्र यस संसारमा प्रसिद्ध हरिहरक्षेत्र मानिनेछ र दर्शन, स्पर्शन र स्नान गर्नाले इच्छाएको फल पाइनेछ। यसप्रकार मेरो (भगवान् वराहको) प्यारो र पहिलो आदिप्रयाग नाम गरेको हरिहरक्षेत्र देवघाटले मानिसहरूलाई भोग र मोक्षका साथै मेरो स्वरूप प्राप्त गराउनेछ (अधिकारी, २०५५: १४६, १५०, १५१, १५५) ।

देवघाटको आफ्नो धार्मिक महत्त्व छँदै थियो, त्यसमा पाल्पाली राजा मुकुन्द सेन प्रथमले देवघाटमा आफ्नो अन्तिम जीवन बिताएकाले अझ यस स्थलको महत्त्व बढ्यो । यसरी देवघाटको प्राकृतिक, धार्मिक एवं ऐतिहासिक महत्त्व भए तापनि कालान्तरमा कालको चपेटामा परेर देवघाट उजाडिन पुग्यो । अहिले चितवनमा मानिसको बस्ती बसेर यातायातको सुविधा भएकाले मानिसहरूले पुनः देवघाटको महत्त्व बुझ्न थालेका छन् ।

देवघाटमा मानवनिर्मित स्मारकहरूमा पाल्पाली राजा मुकुन्द सेन प्रथमले स्थापना गरेको मुकुन्देश्वर महादेवको मन्दिर सर्वप्राचीन देखिन्छ । यस मन्दिरमा शिवलिङ्गको रूपमा प्राकृतिक चक्रशिला स्थापना गरिएको छ । गण्डकीमाहात्म्यमा शिवभक्त मुकुन्द सेनले देवघाटमा शुभ शिवलिङ्गको दर्शन पाएको र त्यसलाई उनले आफ्नो नामबाट मुकुन्देश्वर महादेवको उपाधि दिएर त्यहीँ स्थापना गरेको उल्लेख छ (अधिकारी, २०५५: २०३-२०६) ।

यस मन्दिरमा स्थापित चक्रशिलालाई स्वयं मुनि मुकुन्द सेन शिलारूपमा परिणत भएको भनेर मानिसहरू विश्वास गर्दछन्, तर वैज्ञानिकहरूले भने यस चक्रशिलालाई शालग्रामको रूपमा परिणत भएको ठूलो कछुवा मान्दछन् । पाल्पामा तानसेन बजारदेखि तलतिर परवासमा स्थित मुकुन्देश्वर महादेवको मन्दिरमा पनि शिवलिङ्गको रूपमा यस्तै प्राकृतिक चक्रशिला स्थापना गरिएको छ । देवघाटमा चक्रशिला स्थापना गरिएको मुकुन्देश्वर महादेवको मन्दिरको चारसुरमा पनि चारवटा मन्दिर बनेको देखिन्छ, तर अहिले ती मन्दिरहरू सबै भत्किसकेका छन् र त्यहाँ अहिले कुनै मूर्ति पनि देखिँदैन । मुकुन्देश्वर महादेवको मूल मन्दिर भित्र भने गणेश र विष्णुका प्रस्तर मूर्तिहरू स्थापना गरिएका छन् । सम्भवतः यी मूर्तिहरू अघि मूल मन्दिरको चारसुरका मन्दिरहरूमा स्थापना गरिएको हुन सक्छ । मूल मन्दिरको चारसुरका उपर्युक्त चारवटा मन्दिरहरूमध्ये उत्तरपट्टिको एउटा मन्दिरलाई कालीको मन्दिर भनिन्छ, तर कालीको मन्दिर भनिने यो मन्दिर दुर्गाको हुनसक्छ । यसरी मूल मन्दिरको चारसुरका मन्दिरहरूको अवस्थिति र अहिले मूल मन्दिरको गर्भगृहमा राखिएका गणेश, विष्णु आदिका मूर्तिहरूको आधारमा अघि यहाँ चक्रशिलालाई शिवको पार्थिक लिङ्ग मानेर शिवपाञ्चायन स्थापना गरेको देखिन्छ ।

अथर्ववेदको पञ्चअथर्वशीर्षमा गणपतिअथर्वशीर्ष, शिवअथर्वशीर्ष, देव्यथर्व-शीर्ष, विष्णुअथर्वशीर्ष र सूर्याथर्वशीर्षको गणना हुन्छ (खेमका, १९८७: १५) । यसबाट अथर्ववेदको समयमा नै पाञ्चायन देवताको पूजा गर्न थालिएको बुझिन्छ, तर पाञ्चायन वा पाञ्चायन देवताको पूजालाई व्यापक बनाउने श्रेयचाहिँ आद्य जगत्गुरु शंकराचार्यलाई दिइन्छ (काणे, प्रथम भागः १९८० : ३९४) । पाञ्चायन देवता स्थापना गर्दा एउटा देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको हुन्छ र अरू चारवटा देवतालाई आ-आफ्नो दिशाक्रमअनुसार चार दिशामा स्थापना गरिन्छ । जुन देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको छ, त्यही देवताको नामबाट उक्त पाञ्चायनको नामकरण गरिन्छ, जस्तै गणेशलाई मुख्य मानेर मध्यभागमा स्थापना गरिएको छ भने गणपति पाञ्चायन वा गणेश पाञ्चायन, शिवलाई मध्य भागमा स्थापना गरिएको छ भने शिव पाञ्चायन, देवीलाई मध्यभागमा स्थापना गरिएको

छ भने देवी पाञ्चायन, विष्णुलाई मध्यभागमा स्थापना गरिएको छ भने विष्णु पाञ्चायन र सूर्यलाई मध्यभागमा स्थापना गरिएको छ भने सूर्य पाञ्चायन भनिन्छ । यसमा पनि कुन देवतालाई मुख्य मानेर मध्यभागमा स्थापना गर्दा अन्य देवताहरूलाई कुन कुन दिशामा स्थापना गर्नुपर्दछ भन्ने आ–आफ्नो दिशाक्रम हुन्छ । तल प्रस्तुत गरिएको विवरणबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

**पूर्व**

उत्तर (बायाँ) — दक्षिण (दायाँ)

| | | | | |
|---|---|---|---|---|
| विष्णु शिव | विष्णु सूर्य | विष्णु शिव | शिव गणेश | शिव गणेश |
| गणेश | शिव | देवी | विष्णु | सूर्य |
| देवी सूर्य | देवी गणेश | सूर्य गणेश | देवी सूर्य | देवी विष्णु |

**पश्चिम**

(काणे, त्यहीः ३९४) ।

नेपालमा खासगरी शिव पाञ्चायनको लोकप्रियता रहेको छ । अतः नेपालका साना खालका शिवालयहरूमा गर्भगृहको चारसुरका खोपाहरूमा नै गणेश, देवी, विष्णु र सूर्यका स-साना मूर्तिहरू स्थापना गरिन्छ भने ठूला खालका शिवालयहरूमा चाहिँ मूल मन्दिरको चारसुरमा छुट्टाछुट्टै स-साना मन्दिर बनाएर गणेश, देवी, विष्णु र सूर्यको मूर्ति स्थापना गरिन्छ । पनौतीको इन्द्रेश्वर मन्दिर र काठमाडौँको त्रिपुरेश्वर महादेवको मन्दिर यसका ज्वलन्त उदाहरण हुन् ।

भगवान् शिवका पाँचमुख त्त्पुरुष, सद्योजात, वामदेव, अघोर र ईशान हुन् र तन्त्रशास्त्रको चरम विकास भएपछि तल्लो भागमा पनि शिवको कालाग्नि रुद्र मुखको परिकल्पना गरेर शिवलाई षट्वक्त्रको रूपमा पूजा गर्न थालियो भन्ने कुरा यसअघि नै उल्लेख भइसकेको छ । यसैगरी शिव उपासनाका लागि शिवपञ्चाक्षरीमन्त्र अति सिद्धिदायक र कल्याणकारी मानिन्छ । भगवान् शिवमा विभिन्न देवी देवताहरूको सामरस्य पाइए जस्तै शिवपञ्चाक्षरीमन्त्रका पाँचवटा अक्षरले पनि विभिन्न देवी देवताहरूको प्रतिनिधित्व गरेको पाइन्छ । तल प्रस्तुत तालिकाबाट यो कुरा राम्ररी स्पष्ट हुनेछ–

| बीज | शक्ति | स्वर | ऋषि | वर्ण | देवता | मुख | छन्द |
|---|---|---|---|---|---|---|---|
| प्रणव | पार्वती | उदात्त | ॐ | श्वेत | परमात्मा | व्यापक | गायत्री |
| " | " | " | न | पीत | इन्द्र | पूर्व | " |
| " | " | " | मः | कृष्ण | रुद्र | दक्षिण | अनुष्टुप् |
| " | " | निषाद | शि | धूम्र | विष्णु | पश्चिम | त्रिष्टुप् |
| " | " | उदात्त | वा | लोहित | ब्रह्मा | उत्तर | बृहती |
| " | " | स्वरित | य | रक्त | स्कन्द | ऊर्ध्व | विराट् |

(गनेडीवाला, १९३३ः ३९१)

देवघाटमा अहिले सामयिक रूपमा कल्पवास बस्ने र जीवनभर नै तीर्थवास बस्ने तीर्थवासीहरू छन् । यहाँ दिनहुँ श्रद्धालु भक्तजनहरू आएर नुहाउने र सन्तहरूको संगत एवं कथा प्रवचन श्रवण गर्ने गर्दछन् तापनि खासगरी देवघाटमा मकर संक्रान्ति अथवा माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ । हुन त मकर संक्रान्तिको दिनमा नेपालका विभिन्न पधँेरो, धारा, कुण्ड र नदीमा गएर भक्तजनहरू नुहाउने गर्दछन् तापनि यस पर्वमा सप्तगण्डकीको संगम स्थल देवघाटको स्नानलाई विशेष महत्त्व दिएको छ ।

माघे संक्रान्तिको अर्को नाम मकरसंक्रान्ति हो । ज्यौतिषशास्त्रअनुसार माघ महिनाभर सूर्य मकर राशिमा रहन्छ । अतः सूर्यले धनु राशि छाडेर

मकर राशिमा संक्रमण गर्ने दिनलाई मकर संक्रान्ति भनिएको हो । राशि भनेको नक्षत्रहरूको समूह हो । खगोल अथवा आकाशमा असंख्य ताराहरू छन् । ती असंख्य ताराहरूमध्ये अट्ठाइसवटा तारालाई ज्यौतिषशास्त्रमा महत्त्वपूर्ण मानिन्छ र त्यसमध्ये पनि अभिजित्‌लाई छाडेर अरू सत्ताइसवटा तारालाई अत्यधिक महत्त्वपूर्ण मानिन्छ । यसरी ज्यौतिषशास्त्रले महत्त्वपूर्ण ठहऱ्याएका यी ताराहरूलाई नक्षत्र भनिन्छ । यी नक्षत्रहरूका बाह्रवटा समूह छन्, जसलाई बाह्र राशि भनिन्छ । यी नक्षत्रहरूको समूह विभिन्न पशुहरूको आकृतिमा संयोजित रहेकोले तिनै पशुहरूको नामबाट राशिको नामकरण गरिएको हुन्छ, जस्तै–

१. मेष २. वृष ३. मिथुन ४. कर्कट ५. सिंह ६. कन्या ७. तुला ८. वृश्चिक ९. धनु १०. मकर ११. कुम्भ १२. मीन ।

यी बाह्रवटा राशिमध्ये उत्तराषाढा नक्षत्रको दोस्रो, तेस्रो र चौथो पाउ; श्रवण नक्षत्रको चारै पाउ र धनिष्ठा नक्षत्रको पहिलो र दोश्रो पाउको समूह मकर राशि हो र यो राशि मकरको आकृतिमा संयोजित हुन्छ । अतः उपर्युक्त नक्षत्रहरूको यस समूहलाई मकर राशि भनिएको हो । सूर्य एउटा राशिमा कम्तीमा २९ अंश र बढीमा ३२ अंशसम्म रहन्छ र सूर्यको गतांशलाई गते भनिन्छ, जस्तै मकर राशिमा रहेको सूर्यको एक अंश बित्यो भने माघ १ गते हुन्छ, दुई अंश बित्यो भने माघ २ गते हुन्छ इत्यादि ।

सूर्य कुन महिनामा कुन राशिमा रहन्छ भन्ने कुरा तल प्रस्तुत गरिएको तालिकाबाट राम्ररी स्पष्ट हुनेछ, जस्तै–

| क्र.सं. | महिना | राशि |
|---|---|---|
| १. | वैशाख | मेष |
| २. | जेठ | वृष |
| ३. | असार | मिथुन |
| ४. | साउन | कर्कट |
| ५. | भदौ | सिंह |
| ६. | असोज | कन्या |
| ७. | कात्तिक | तुला |
| ८. | मंसीर | वृश्चिक |
| ९. | पुस | धनु |
| १०. | माघ | मकर |
| ११. | फागुन | कुम्भ |
| १२. | चैत | मीन |

यसरी सूर्यको गतांशको आधारमा दिन गणना गरिने महिनालाई सौरमास र चन्द्रमाको कला बढेको र घटेको आधारमा शुक्लपक्ष र कृष्णपक्षको तिथि गणना गरिने महिनालाई चान्द्रमास भनिन्छ । शुक्लपक्षमा चन्द्रमाको कला बढ्दै गई पूर्णिमाको दिनमा चन्द्रमाको षोडशकला पूर्ण हुन्छ र कृष्णपक्षमा चन्द्रमाको कला घट्दै गई अमावास्या अथवा औंसीको दिनमा चन्द्रमाको षोडशकला शून्य हुन्छ ।

मास भनेको पनि चन्द्रमाको अर्को नाम हो । सूर्यादि नवग्रहहरू मेषादि बाह्रराशिमा बसे जस्तै यी ग्रहहरू सत्ताइसवटा नक्षत्रमा पनि पालैपालो गरेर बस्दछन् । चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएको तिथिलाई पूर्णिमा भनिन्छ । यसरी चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएको पूर्णिमा तिथिमा कुन नक्षत्रमा गएर बस्दछ, त्यस नक्षत्रको नामबाट त्यस पूर्णिमाको नामकरण गरिन्छ र त्यस पूर्णिमाको नामबाट त्यस मास वा महिनाको नाम राखिन्छ । तल प्रस्तुत गरिएको तालिकाबाट यो कुरा राम्ररी

प्रष्ट हुनेछ, जस्तै–

| क.सं. | नक्षत्र | पूर्णिमा | महिना |
|---|---|---|---|
| १. | अश्विनी | आश्विनशुक्लपूर्णिमा | आश्विन |
| २. | कृत्तिका | कार्तिकशुक्लपूर्णिमा | कार्तिक |
| ३. | मृगशिरा | मार्गशीर्षशुक्लपूर्णिमा | मार्गशीर्ष |
| ४. | पुष्य | पौषशुक्लपूर्णिमा | पौष |
| ५. | मघा | माघशुक्लपूर्णिमा | माघ |
| ६. | उत्तरफाल्गुनी | फाल्गुणशुक्लपूर्णिमा | फाल्गुण |
| ७. | चित्रा | चैत्रशुक्लपूर्णिमा | चैत्र |
| ८. | विशाखा | वैशाखशुक्लपूर्णिमा | वैशाख |
| ९. | ज्येष्ठा | ज्येष्ठशुक्लपूर्णिमा | ज्येष्ठ |
| १०. | उत्तराषाढा | आषाढशुक्लपूर्णिमा | आषाढ |
| ११. | श्रवण | श्रावणशुक्लपूर्णिमा | श्रावण |
| १२. | उत्तरभाद्र | भाद्रशुक्लपूर्णिमा | भाद्र |

(पन्त, २०२४: २६५)।

यसरी माघशुक्लपूर्णिमामा चन्द्रमा आफ्नो षोडशकलाले पूर्ण भएर मघा नक्षत्रमा गएर बस्ने हुनाले उक्त पूर्णिमालाई माघशुक्लपूर्णिमा भनिएको र त्यस पूर्णिमाको नामबाट त्यस मास वा महिनालाई माघ भनिएको कुरा प्रष्ट हुन्छ। यसबाट मकर राशिमा सूर्यको संक्रमण हुने दिन भएकाले त्यस दिनलाई मकर संक्रान्ति भनेको र सूर्य मकर राशिमा रहँदा चन्द्रमा मघा नक्षत्रमा गएर आफ्नो षोडशकलाले पूर्ण हुने हुँदा त्यस आधारमा उक्त मास वा महिनालाई माघ भनेको र मकर संक्रान्तिलाई अर्को अर्थमा माघे संक्रान्ति पनि भनिएको तथ्य राम्ररी स्पष्ट हुन्छ।

सबै संक्रान्तिको आ-आफ्नै महत्त्व छ। त्यसमध्ये विषुवत्संक्रान्ति र अयन संक्रान्तिलाई महत्त्वपूर्ण संक्रान्ति मानिन्छ। ज्योतिषीहरूले यस पृथ्वीमा तीनवटा काल्पनिक रेखाहरू मानेका छन्। पृथ्वीको मध्यभागमा कल्पना गरिएको रेखालाई विषुवत् रेखा वा भूमध्य रेखा भनिन्छ। पृथ्वीको उत्तरी गोलार्द्धमा कल्पना गरिएको रेखालाई कर्कट रेखा र दक्षिणी गोलार्द्धमा कल्पना गरिएको रेखालाई मकर रेखा भनिन्छ। मेष अथवा वैशाख संक्रान्ति र तुला अथवा कार्तिक संक्रान्तिलाई विषुवत्संक्रान्ति र कर्कट अथवा श्रावण संक्रान्ति र मकर अथवा माघे संक्रान्तिलाई अयन संक्रान्ति भनिन्छ (काणे, चतुर्थ भाग: १९८४: ८०)। मकर अथवा माघे संक्रान्तिदेखि सूर्यको किरण पृथ्वीको उत्तरी गोलार्द्धतिर सोझो पर्न थाल्दछ, जसलाई सूर्यको उत्तरायण भनिन्छ। मेष अथवा वैशाख संक्रान्तिमा सूर्यले विषुवत्रेखालाई पार गरेर पृथ्वीको उत्तरी गोलार्द्धमा आफ्नो किरण सोझो पार्दछ। कर्कट अथवा साउने संक्रान्तिदेखि सूर्यको किरण पृथ्वीको दक्षिणी गोलार्द्धतिर सोझो पर्न थाल्दछ, जसलाई सूर्यको दक्षिणायण भनिन्छ। तुला अथवा कार्तिक संक्रान्तिमा सूर्यले विषुवत्रेखालाई पार गरेर पृथ्वीको दक्षिणी गोलार्द्धमा आफ्नो किरण सोझो पार्दछ र धनु अथवा पौषमसान्तपर्यन्त यो क्रम जारी रहन्छ। यसरी मकर संक्रान्ति वा माघे संक्रान्तिदेखि सूर्यको उत्तरायण र कर्कट संक्रान्ति वा साउने संक्रान्तिदेखि सूर्यको दक्षिणायण लाग्ने हुनाले मकर संक्रान्ति वा माघे संक्रान्ति र कर्कट संक्रान्ति वा साउने संक्रान्तिलाई अयन संक्रान्ति भनिएको हो। यसैगरी मेष राशिमा सूर्य रहँदा अथवा वैशाख महिना र तुला राशिमा सूर्य रहँदा अथवा कात्तिक महिनामा विषुवत्रेखामाथि सूर्यको किरण सोझो पर्ने हुनाले मेष संक्रान्ति अथवा वैशाख संक्रान्ति र तुला संक्रान्ति अथवा कात्तिक संक्रान्तिलाई विषुवत्संक्रान्ति भनिएको हो। धर्मशास्त्रमा सूर्यको दक्षिणायणलाई भन्दा उत्तरायणलाई बढी महत्त्व

दिएको छ । अतः यी चारवटा संक्रान्तिमा पनि सूर्यको उत्तरायण प्रारम्भ हुने हुनाले मकर संक्रान्ति अथवा माघे संक्रान्तिलाई अत्यधिक महत्त्व दिएको हो ।


सप्तगण्डकीमध्ये कालीगण्डकीको मुहान दामोदरकुण्डलाई विष्णु (हरि) सँग र त्रिशूलीगण्डकीको मुहान गोसाईंकुण्डलाई शिव (हर) सँग सम्बद्ध मानिएको छ । अतः कालीगण्डकी विष्णु अथवा हरिका प्रतीक हुन् भने त्रिशूलीगण्डकीचाहिँ शिव अथवा हरका प्रतीक हुन् । हरि र हर स्वरूपका काली र त्रिशूली यी दुई गण्डकीको देवघाटमा गएर संगम हुन्छ । विष्णु (हरि) र शिव (हर) को अभेदात्मक मतको नाम हरिहर मत हो । यसका अतिरिक्त सम्पूर्ण चराचर जगत्को अन्तिम आश्रय नारायण हुन् र नारायणका शक्ति नारायणी हुन् । देवघाटमा संगम भएपछि सप्तगण्डकी नारायणी नामले बग्दछिन् । अतः हरिहरको संगम स्थल र समस्त चराचर जगत्को अन्तिम आश्रय नारायणी शक्ति स्वरुपिणी भएकाले सूर्यको उत्तरायण लाग्ने मकर संक्रान्ति अथवा माघे संक्रान्तिमा देवतीर्थ देवघाटको स्नान विशेषफलदायी मानिएको हो । यसको अर्को कारण शालग्राममा असाध्य रोगहरू निको पार्न सक्ने गुण भएकोले शालग्रामी कालीगण्डकीको अन्य गण्डकीहरूसँग संगम हुने पवित्र स्थल देवघाटमा मकर संक्रान्तिको पर्वमा स्नान गरी चक्रशिला शालग्रामको दर्शन गरी पुण्यलाभ गर्नु हो। देवघाटदेखि उत्तरतर्फ त्रिशूली र सेतीको संगममा गाईघाटनामक तीर्थ अवस्थित छ।

यसरी देवघाटको प्राकृतिक, धार्मिक एवं ऐतिहासिक महत्त्व रहेको छ। अतः देवघाट नेपालको एउटा अनुपम तीर्थ हो । कुनै बेला विशाल राज्य आर्जन गरेका प्रतापी राजा मुकुन्द सेन आफ्नो जीवनको अन्तिम समयमा छोरा र भतिजाहरूलाई मिलाउन नसकेर उनीहरूले विशाल राज्यलाई बाँडचुँड गरेर खाएपछि मानसिक शान्तिको लागि देवघाटमा आश्रित हुन पुगेका थिए । यसबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'आखिर श्रीकृष्ण रहेछ एक' भनेर मानव जीवनको सारतत्त्व बुझ्रे झैं भौतिक पदार्थबाट मानिसलाई सुख हुन सक्दैन र सच्चिदानन्द अथवा चित्तको वास्तविक आनन्द भनेको भगवत्प्राप्ति नै हो भन्ने स्पष्ट हुन्छ। यसका अतिरिक्त सर्वदेवसंघट्टनक्षेत्र देवघाटतीर्थले मानसिक सम्मिलन र एकता नै भौतिक उन्नति र आध्यात्मिक सुखको आधार हो भन्ने पाठ पढाइरहेको छ। अतः हामीहरू सबै आ-आफ्नो दुर्गुण र हठलाई छोडेर राष्ट्रिय सहमतिमा लाग्न सक्यौं भने त्यसबाट नेपालको विकासको पूर्वाधार तयार भई नेपालमा वास्तविक शिव शान्ति कायम हुनेछ।

यै पाखाको शिखर नजिकै व्यासले जन्म पाए
पैलो झुल्का निगमरसको दिव्य गङ्गा बहाए
हो झुल्केको अवनितलको सभ्यता पूर्वबाट
होला सानो अमरपुरको चोइटा देवघाट

- कालीगण्डकी महाकाव्यबाट

# देवघाटधामको आध्यात्मिक दिव्यता



श्री १००८ स्वामी कृष्णानन्द सरस्वतीजी महाराज
देवघाट

देवघाटधामको दिव्यता, ऐतिहासिक गौरवता, पवित्रता आदि भव्य गुणहरूलाई सर्वसाधारण जनता जनार्दनको मन मस्तिष्कले पनि बुझ्न सकोस् र यो धामको महिमा गरिमा युगयुगान्तसम्म कायम रहोस् भन्ने दिव्य उद्देश्यले देवघाट क्षेत्र विकास समितिद्वारा समय सान्दर्भिक कालीगण्डकी विशेषाङ्क प्रकाशन हुन लागेकोमा हृदयतः धन्यवाद एवं शुभकामना ।

विश्वको सर्वोच्च शिखर हिमालयद्वारा देदीप्यमान प्राकृतिक एवं सांस्कृतिक सम्पदाको दृष्टिले अद्वितीय रहेको राष्ट्र हो नेपाल । दुर्लभ वनौषधि, दिव्य जडीबुटी जस्ता जीवन्त सम्पदाहरू एवं प्राणी जगत्को आकर्षणको केन्द्र रहेको छ, त्यो त सिङ्गो नेपाल राष्ट्र नै एक पवित्रतम भूमि हो, यस्तो पावनभूमि नेपालको मध्यभागमा अवस्थित देवघाटधाम धार्मिक महत्ताले युक्त सम्पूर्ण जनमानसको आस्थाको केन्द्र रहँदै आएको छ ।

देवघाटधाम प्राकृतिक सौन्दर्य, ऐतिहासिक पुरातात्त्विक महत्त्व आदिले ओतप्रोत हुनुका साथै यो धामको उपादेयता आध्यात्मिक एवं धार्मिक महत्ता कारण अझ बढी देदीप्यमान भएको छ, दुवै देवनदी कृष्णागण्डकी एवं त्रिशूलीको संगममा अवस्थित परमपावन देवघाटधाम सृष्टिको प्रारम्भकालदेखि नै देवताहरूको क्रीडाप्राङ्गण एवं ब्रह्मर्षि, महर्षि, राजर्षि आदि दिव्यात्माहरूको तपोभूमि, ज्ञानभूमि र सिद्धसाधक, साधिकाहरूको साधनास्थल एवं पवित्रतम तीर्थस्थलको रूपमा परिचित छ । वैदिक ग्रन्थहरूले देवघाटधामको महिमा, गरिमाको वर्णन गर्दै यो भव्य क्षेत्रलाई वराहक्षेत्र शालिग्रामक्षेत्र, आदिप्रयाग, चक्रतीर्थ, देवघट्टधाम, मुक्तिक्षेत्र एवं हरिहरक्षेत्र आदि दिव्य नामहरूले पुकारा गरेको पाइन्छ ।

**मुक्तिक्षेत्रमिदं देव दर्शनादेवमुक्तिदम् ।**
**गण्डस्वेदोद्भवा यत्र गण्डकी सरिता वरा ।**

वायुपुराण ।

**तस्मात् त्रिशूलगङ्गेति समाख्याता सुरासुरैः ।**
**समुद्भूता त्रिशूलात्मा त्रिधारा गाढशोभना ॥**

हिमवत्खण्ड ।

भगवान् विष्णुको गण्डस्थल (गाला) बाट उत्पन्न भई अविरल बगेकी साक्षात् परमात्मा नारायण शालिग्राम भगवान्लाई आफ्नो गर्भमा धारण गर्ने मुक्तिप्रदात्री कृष्णागण्डकी एवं भगवान् शिवको त्रितापनाशक त्रिशूलबाट प्रकट भई शिवको प्रतीकको रूपमा सत्त प्रवाहित शिवसायुज्यप्रदात्री त्रिशूलीगङ्गा यस पावनधामका अत्यन्त प्रसिद्ध देवनदीहरू हुन् । हाम्रा प्राचीन धार्मिक-वैदिक दर्शनका अनुश्रुतिहरूले तीर्थस्थल, तीर्थसेवन, तीर्थवासादिको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ ।

तीर्थसेवनद्वारा दुखकर्मबाट निवृत्ति, विवेक जागृति, पुण्योदय एवं पापप्रक्षालन हुन्छ । तीर्थस्थलको गरिमा सन्त महात्मा आदि महापुरुषहरूको प्रसादमा अन्तर्निहित रहेको हुन्छ । सन्तका चरण पर्नेवित्तिकै अतीर्थस्थल पनि तीर्थस्थलको रूपमा परिणत हुन्छ ।

**"तीर्थीकुर्वन्ति तीर्थानि"** - भा.पु.

भगवान् वसिष्ठ महर्षि वेदव्यास, ऋषि पुलह, गलेश्वर बाबा एवं ब्रह्मलीन महापुरुषद्वय श्री स्वामी परमानन्द सरस्वतीजी महाराज एवं डा. स्वामी रामानन्द गिरिजी महाराजहरूको दिव्य साधना र चरणरजद्वारा पवित्रीकरण भएको यो देवघाटधाममा प्रवेश गर्नेवित्तिकै मनमा एकप्रकारको अलौकिक प्रशान्तिको अनुभूति एवं जीवनमा एक नयाँ अनुपम आध्यात्मिक ऊर्जाको अनुभव हुन्छ । ईश्वर, गुरु, मठ-मन्दिर, तीर्थादिप्रति जबसम्म मनमा श्रद्धा, प्रेम र विश्वास उत्पन्न हुँदैन, तबसम्म हृदयमा उदात्त गुण एवं सात्त्विकीभाव उत्पन्न हुन सक्दैन ।

**"श्रद्धाभक्तिध्यानयागादवैहि"** - कै. उपनिषद्

सदैव सर्वत्र विद्यमान, सर्वाधिष्ठान, सार्वभौम त्त्व जसलाई वेद ब्रह्म-ईश्वरको रूपमा प्रतिपादन गर्दछ, त्यो ब्रह्मको अद्‌भूत र दिव्य अनुभूतिको लागि भनौं अथवा मानवताको पूर्ण विकासका लागि मूलभूत प्राथमिक सामग्री हो श्रद्धा । हाम्रो दैनिक व्यवहारले त श्रद्धाको अपेक्षा राख्दछ । हामी बिरामी भयौं डाक्टरको पास जान्छौं । डा. ले औषधि दिए खाने विधि बताए अब हामी कुनै शङ्का प्रश्न गर्दैनौ किन कहाँ के कस्तो कसरी भनेर मनमा श्रद्धा र विश्वास लिएर औषधि सेवन गर्दछौं तब रोग निदान पनि हुन्छ । त्यस्तै हाम्रो जीवनमा अथवा हामी सम्पूर्णमा यस्तो कुनै शाश्वत अपरिवर्तनशील परमसत्ता छ जसद्वारा हाम्रो जीवन सम्यक्‌रूपेण सञ्चालित भइरहेको छ, जसको अनभिज्ञताको कारण हाम्रो जीवनमा अशान्ति, कलह, पीडा, सन्ताप, रागद्वेष, जन्म, मृत्यु जरादि (बुढ्यौली) महाव्याधिहरू (रोग) उत्पन्न भइरहेका छन् जसद्वारा हामी व्यथित छौं । जसरी बाह्य जगत्‌का वस्तुहरूको निरीक्षण-परीक्षण गरेर वैज्ञानिकहरू जीवनको तात्त्विक अनुसन्धान गर्दछन् ।

त्यसरी नै हाम्रो आन्तरिक जगत्‌का परम वैज्ञानिक हाम्रा पूर्जज मन्त्रद्रष्टा ऋषिमुनिहरूले सूक्ष्मातिसूक्ष्म गम्भीर आन्तरिक जीवनको मूलभूत सत्य-त्त्वको अनुसन्धान गरेर हाम्रो अगाडि ल्याएका छन् सत्शास्त्रादिको रूपमा, जसले हाम्रो मस्तिष्क व्यवस्थित रूपले सुशिक्षित गराउँदछ र बौद्धिक विकास एवं मानसिक क्षमतामा अभिवृद्धि गराई जीवनप्रति एक नयाँ क्रान्तिकारी दृष्टि दिन्छ, तब हामीमा परमात्माको यथार्थस्वरूपप्रति जिज्ञासा जाग्दछ अनि हामी सद्‌गुरुको सामीप्यमा पुग्दछौं यदि हाम्रो चित्तको अगाडि कुनै उच्च लक्ष्य छैन भने त्यो संसारकै कुनै रागद्वेषात्मक विषयवस्तुको चिन्तन गरिरहन्छ । तसर्थ चित्तको अगाडि कुनै उच्च, दिव्य महानतम चिन्तयोग्य विषयवस्तु राखिदिनुपर्छ ।

जबसम्म हामी चित्तलाई सूक्ष्म र दिव्य क्षेत्रहरूमा विचरण गर्ने प्रशिक्षण दिँदैनौं तबसम्म त्यो संसारका सामान्य विनाशी तुच्छ लक्ष्यबाट हट्दैन, सद्‌गुरुको सान्निध्यबाट हामीलाई ईश्वरानुरक्ति, निष्काम कर्मयोग, धार्मिक अनुष्ठान, उपासना, पूजा, जप एवं सत्शास्त्र श्रवण मननआदिको सम्यक् पद्धति प्राप्त हुन्छ । निष्कामकर्म एवं पराभक्तिद्वारा मन सूक्ष्म र परिष्कृत हुँदै जान्छ तदुपरान्त सद्‌गुरुले

आफ्नै हृदयमा स्थित प्रकृतिको आवरणको तल लुकेको परमसत्य औपनिषदिक तत्त्वको विषयमा जानकारी दिनुहुन्छ ।

जब यो अपार निजसम्पत्ति खोज प्रारम्भ हुन्छ तब साधकको जीवनमा व्यावसायात्मिका (निश्चयात्मिका) बुद्धि चित्तको एकाग्रता, धैर्य, लगनशीलता अनिवार्य हुन जान्छ, ईश्वरमा सम्यक् भक्ति एवं सद्गुरुमा परानिष्ठाको फलस्वरूप गुरुको मुखारविन्दबाट निःसृत, अनुप्राणित अर्थपूर्ण शब्दहरू सुन्नेबित्तिकै साधकको मानसपटलमा एक एक शब्दको आशय प्रकट हुँदै जान्छ । अब थाहा लाग्छ, वास्तवमा हामी सबै आफ्नो वास्तविक स्वरूपको विस्मरणशीलताको कारण सांसारिक दुःख र वन्धनमा परेका रहेछौँ । आफ्नो यथार्थ अधिष्ठान स्वरूप मुख्यात्मालाई नजानी अधिष्ठानको भ्रमबाट उत्पन्न भएको भ्रमज शरीर मित्थ्यात्मा सूक्ष्म देह एवं कर्मजशरीर अर्थात् गौडात्मा स्थूल देहलाई नै आफ्नो निजरूप मानिरहेका रहेछौँ ।

प्रकृतिको सुन्दरतम संरचना यो साढे तीन हातको स्थूलशरीर कर्मज हो । म र मेरो सारा व्यापार स्थूल शरीरको मुख्यालयबाट परिचालित हुन्छ । आफ्नो दिव्यस्वरूप एवं दिव्य स्वभावको विपरित समस्त अहंप्रेरित, स्वार्थपूर्ति अपराध क्लेशपूर्ण क्रियाकलापको आश्रयस्थल हो । कर्मसंस्कारबाट उत्पन्न भएको कर्मज स्थूल शरीर । यो स्थूल शरीरको पनि बीज हो भ्रमज सूक्ष्म शरीर । अहं केन्द्रित संप्रत्ययहरूको प्रवाहकेन्द्र भ्रान्ति एवं विपरीत ज्ञानको मूलकेन्द्र, हाम्रो मिथ्याभिमान र आसक्तियुक्त स्वामित्वभावको अधिष्ठान हो सूक्ष्म शरीर । वास्तविक अधिष्ठान यथार्थ "म" को अज्ञानको कारणले गर्दा ममा भ्रमज अहं एवं कर्मज अहम् उत्पन्न भए र हामीलाई भ्रम भयो कि वास्तवमा यही "म" हूँ । स्थूल सूक्ष्म दुवै शरीरका धर्म एवं स्वाभाव म विशुद्ध चैतन्यमा आरोपित हुँदै गए । यसरी चित् (आत्मा) अचित् (अनात्मा) को अन्योन्याध्यास भयो ।

**"देहधर्मान्-स्थूलोऽहं, कृशोऽहं तिष्ठामि, गच्छामि इत्यादि ।**
**इन्द्रियधर्मान्-मूकः काणः क्लीबः बधिरः अन्धोऽहम् इत्यादि ।**
**अतः करणधर्मान्-कामसंकल्प विचिकित्सा इत्यादि ।"**

ब्र.सू. अध्यासभाष्य भाव्य ।

अध्यास निवृत्तिको लागि विवेकको आवश्यकता पर्दछ विवेक-जागरणले ईश्वरीयकृपाको अपेक्षा राख्दछ । ईश्वरको कृपा तब प्राप्त हुन्छ जब हामी आफ्नो आफ्नो कर्म, वर्णधर्मअनुसार त्यही कर्मद्वारा परमात्माको भजन गर्छौं ।

**"स्ववर्णाश्रमधर्मेण तपसा हरितोषणात् ।"**

अपरोक्षानुभूति

हाम्रो प्रत्येक शारीरिक, मानसिक, वाचिक कर्महरू परमात्मामा जब समर्पित हुन्छ तब सत्यग्रहणको क्षमता प्राप्त हुन्छ ईश्वरप्रति गरिएको शतप्रतिशत प्रेमको नाम नै भक्ति हो । सबैको प्रेमास्पद एउटै ईश्वरका अनेक नाम र रूप छन् ।

**"एक सद्विप्राःबहुधा वदन्ति ।"** - ऋग्वेद

चाहे जुन नाम जुनरूपको आलम्बन लिएर हामी भक्ति, उपासना गरौं प्राप्तव्य, लक्ष्य एउटै परमेश्वर हो । भेद रञ्चकमात्र पनि छैन । वराहपुराणमा माता पृथिवीलाई वराह भगवान्ले भन्नुहुन्छ -

**अहं यत्र शिवस्तत्र शिवो यत्र वसुन्धरे ।**
**तत्राऽहमपि तिष्ठामि आवयोर्नान्तरं क्वचित् ॥**

वराहपु.

हे वसुन्धरे ! म जहाँ छु भगवान् शिव त्यहीँ हुनुहुन्छ । जहाँ भगवान् शिव हुनुहुन्छ म त्यहीँ छु । हामीमा अलिकति पनि भेदभाव छैन । भेद त मानव-मनको प्रक्षेपण मिथ्या आरोपण मात्र हो, अस्तु ।

यो श्लोकले देवघाटधामको गरिमालाई अझ स्पष्ट पार्दछ । यो सिद्धभूमि योगभूमि देवघाटधाम हरिहरक्षेत्र हो । भगवान् विष्णु एवं भगवान् शंकरको नित्य निवासस्थान पनि हो तसर्थ यो क्षेत्रको महिमा गरिमालाई खण्डित गर्ने कुनै पनि क्रियाकलाप यहाँ हुनुहुँदैन । आज भौतिक चरम सुखसुविधा ऐसोआराम र भोगविलासका लागि ठूला-ठूला मानवीय शक्तिहरू प्रकृतिमाथि प्रहार गर्न उद्यत देखिन्छन् । आजकलको नीति, राजनीति, शासन, प्रशासन, न्याय एवं उद्योग व्यापार, व्यवसायका क्षेत्रहरूमा प्रकृति सन्तुलन र सामाजिक सन्तुलन बनाई राख्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि सरकारका तर्फबाट ज्ञानात्मक, भावनात्मक, आस्थात्मक, संस्कारात्मक, क्रियात्मक, रचनात्मक धार्मिक एवं आध्यात्मिक विचार, सिद्धान्त र आदर्शको स्थापना हुनु जरुरी छ ।

देवघाटधाम हामी सम्पूर्ण नेपालीहरूको गौरवताको केन्द्र हो, यो दिव्यधामको महत्ता बचाई राख्न आवश्यक पर्ने धर्म-अध्यात्मसँग सम्बन्धित आधारभूत तत्वहरू ओझेलमा पर्न नदिने तथा यो क्षेत्रको प्रशान्त वातावरण नदीको निर्मलता, स्वच्छता, शान्ति, प्रेमसद्भाव जस्ता विशेषताहरूलाई कसरी जगेर्ना गर्न सकिन्छ भनी ध्यान पुऱ्याउन जरुरी छ । देवघाटधामको प्रभावशाली दिव्यतालाई स्मरण राख्दै देवघाट क्षेत्र विकास समिति यो पुनीत क्षेत्रको भौतिक एवं आध्यात्मिक विकास र समृद्धिमा कटिबद्ध देखिन्छ । अब हामी सम्पूर्ण नेपाल जननीका सन्ततिहरूको परम कर्तव्य हो कि यो क्षेत्रको धार्मिक सभ्यता एवं संस्कृतिको संरक्षण एवं संवर्द्धनमा तन, मन, धन, वचनले सहयोग गरौँ । अस्तु ।

दौडी रहेको न त यो अडेको
बढी रहेको न त थामिएको
सम्पूर्ण यो नै बुझ एकनास
सम्पूर्णमा व्याप्त यही प्रकाश

- युगकवि सिद्धिचरण श्रेष्ठ

# देवघाट - धार्मिक तथा सांस्कृतिक दृष्टिमा



डा. स्वामी अमृतानन्द गिरि
गलेश्वर आश्रम, देवघाटधाम, तनहुँ, नेपाल

**पृष्ठभूमि**

धार्मिकता, धर्म र धार्मिक यी शब्दहरू परस्पर सम्बद्ध हुँदाहुँदै पनि नितान्त भिन्न भिन्न अर्थका द्योतक हुन्छन् । धर्म अनुष्ठेय विषय हो भने धार्मिकता धारणीय गुणविशेष हो । साथै धारणीय गुणविशेष तथा वेदविहित अनुष्ठेय कर्म (धर्म) आचरण आफूमा धारण गर्ने व्यक्ति विशेषलाई धार्मिक भन्न सकिन्छ । यहाँ **"धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः"** प्रसिद्ध वचनसङ्गत हुन्छ । धारण गर्ने स्वभावलाई धर्म भनिन्छ । धारण गर्ने स्वभाव भन्नाले सृष्टिका मूल त्त्वहरूमा निहित वैयक्तिक गुण तथा क्षमता विशेष भनी बुझ्नुपर्दछ । सूर्यको धर्म उत्तप्त रहनु साथै प्रकाश्य वस्तुहरूलाई प्रकाशित गर्नु, वायुको धर्म अरूप रही रूपवान् पदार्थहरूलाई अनुप्राणित गर्नु यस्तै अन्यान्य पदार्थहरूको सम्बधमा पनि बुझ्नुपर्दछ । धर्म के हो ? यस प्रश्नको उत्तरमा सनातन वैदिक ग्रन्थहरू नै अनुशीलन योग्य छन् । प्राचीन वेद शास्त्रमूलक धर्मशास्त्रहरूमा प्रशस्त मात्रामा धर्मका लक्षणहरू बताइएका छन् । प्रसङ्गतः केही प्रमाणवचनहरू निम्न छन् :-

१. **आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च ।
तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः ॥**
मनुस्मृति- १/१०८

२. **आचारलक्षणो धर्मः सन्तश्चारित्रलक्षणः ।
साधूनाञ्च यथा वृत्तमेतदाचारलक्षणम् ॥**
महाभारत- अनुशासनपर्व

३. **धर्मो विश्वस्य जगतः प्रतिष्ठा
लोके धर्मिष्ठं प्रजा उपतिष्ठन्ति ।
धर्मः पापमपनुदति धर्मे
सर्वं प्रतिष्ठितं तस्माद्धर्मं परमं वदन्ति ॥**
तैत्तिरीय आरण्यक १०/६३

४. **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।**
वैशेषिक सूत्र १/१/२

५. **चोदनालक्षणोऽर्थो धर्मः ।**
मीमासां सूत्र १/१/२

६. **वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥**
मनुस्मृति

७. **वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥**
मनुस्मृति

प्रस्तुत प्रमाण वचनहरूले धर्मको लक्षण परिभाषित गरेका छन् । धर्म भन्नाले वर्तमान समाजजीवनमा हिन्दू धर्म, मुस्लिम धर्म, इशाई धर्म आदिको रूपमा बुझ्ने गरेको पाइन्छ जब कि हिन्दूधर्म या अन्य कुनै धर्म भन्नुमा कुनै गम्भीर तात्पर्य रहेको छैन । धर्मको कुनै आधुनिक नाम हुँदैन । धर्मलाई आधुनिक नाम दिइएको छ भने त्यो

केवल अन्धानुकरण बाहेक केही होइन । हिन्दूधर्म भनेर जुन धर्मलाई सङ्केत गरिन्छ त्यो धर्म कुनै वर्ग, समुदाय, देश आदिलाई केन्द्रमा मानेर अनुष्ठेय बनाइएको हैन । हिन्दूधर्म नभएर सनातन धर्म भन्दा सर्वथा वेदसम्मत हुन जान्छ । सनातन धर्म नै समग्र सृष्टिको धर्म हो । सनातन धर्म वेदमूलक छ र वेद सम्पूर्ण सृष्टिको कल्याणार्थ प्रकट भएका आदिशास्त्र हुन् । वेदशास्त्रले कुनै वर्ग, समुदाय या देश विशेषको आधारमा धार्मिकताको निर्णय दिँदैनन् । सनातन वैदिक परम्परामा चार पुरुषार्थहरू मानिएका छन् । धर्म, अर्थ, काम र मोक्ष । चारै पुरुषार्थहरूमा धर्मलाई प्रथम स्थानमा राखिएको छ । धर्म के हो ? धर्म कति छन् ? धर्मको प्रयोजन के हो ? धर्मको इयत्ता के हो ? यस्ता गूढ प्रश्नहरूको उत्तर महाभारत, रामायण, महापुराणहरू, १८ स्मृतिहरू, धर्मसूत्रहरू, आचारशास्त्रहरूमा पर्याप्त मात्रामा भेटिन्छन् ।

धर्म, धारणकर्ता हो । धर्मले धारण गर्दछ । धर्म भन्नाले हामीले धारण गरिने त्त्व नभएर हामीलाई जसले धारण गरेको हुन्छ त्यो हो धर्म । धारणकर्तृत्वको आधार धर्म हो । धारणकर्तृत्व भन्नाले जसले गर्दा सम्पूर्ण सृष्टि टिकेको छ, जुन तत्त्वले छोडिदिएमा सृष्टि विश्रृङ्खलित हुन्छ त्यस्तो तत्त्व । उदाहरणका लागि पानीमा शीतलपना, सूर्यमा उष्णपना, पृथ्वीमा कठोरपना, पुष्पमा सुगन्धपना या सौन्दर्यपना । पानीको धर्म हो, द्रव हुनु, बग्नु । आगोको धर्म हो, तातो हुनु आदि । यी उदाहरणहरूमा गहिरो तात्पर्य निहित छ । अग्नि र उष्णताको सम्बन्धमा विचार गर्ने हो भने उष्णता अग्निको धर्म हो भन्ने तथ्य ज्ञात हुन्छ । धर्म अर्थात् धारणकर्ता । उष्णताले नै अग्निलाई अग्नि हुनुमा सहयोग गरेको छ । अग्निबाट उष्णता हटाइदिने हो भने त्यस्तो अग्निलाई हामीहरू अग्नि भन्न तयार हुँदैनौँ । धारक र धार्यको दृष्टिले विचार गर्दा धारक नै धर्म हो र प्रत्येक वस्तु धार्य हो भन्ने मर्म स्पष्ट हुन्छ ।

**धार्मिक हुनुको अर्थ**

धर्म धारक हो किन्तु व्यवहारमा हामीहरू धर्मलाई धारण गर्नुपर्छ भन्ने गर्दछौँ अर्थात् हाम्रो सामान्य बोधमा धर्म धारक नभएर धार्य भएझैँ प्रतीत हुन्छ । धृति, क्षमा, दम, अस्तेय, शौच, सन्तोष, स्वाध्याय आदिलाई धारण गर्नुपर्छ भन्ने गरिन्छ । यस अर्थमा धर्म धारण योग्य तत्त्व हो भन्ने तथ्य पनि खुल्दछ । अतः विचारणीय यो छ कि धर्मले धारण गर्दछ या धर्मलाई धारण गरिन्छ ?

धारण गरिने त्त्वलाई गुण भनिन्छ भने गुणको अधिष्ठानलाई धर्म भनिन्छ । धृति अर्थात् धैर्य । धैर्य एक बौद्धिक गुण हो । प्रत्येक वस्तुमा कुनै न कुनै गुण हुन्छन् । गुण वस्तुनिष्ठ हुन्छ भने धर्म वस्तुको आधार हुन्छ । व्यवहारमा बुझिने धर्म र शास्त्रले औँल्याएको धर्ममा भिन्नता छ । व्यवहारमा सच्चरित्रलाई धर्म भनिन्छ भने धारक तत्त्वलाई धर्म भनिन्छ । अर्वाचीन शास्त्रले पनि व्यवहारलाई पच्छ्याएर धार्यलाई धर्म भनेको देखिन्छ । शास्त्रहरूमा पनि एउटा समूह धर्मप्रकाशक छ भने अर्को समूह धर्म प्रवर्तक छ । धर्मप्रकाशक शास्त्रलाई दर्शन शास्त्रको श्रेणीमा राखिन्छ भने धर्मप्रवर्तक शास्त्रलाई आचारशास्त्र या कर्मशास्त्रको श्रेणीमा राखिन्छ । धर्म त्रैगुण्याधारित तत्त्व हो । कर्ममीमांसा दर्शनले कर्मलाई धर्म भन्दछ भने ज्ञानमीमांसा दर्शनले धारकत्त्वलाई धर्म भन्दछ । कर्मवाद र दर्शनको दृष्टिगत धरातल पृथक् पृथक् हुने हुनाले तत्त्व विश्लेषणमा पर्याप्त पार्थक्य हुन्छ । विहित कर्म

धर्म मानिएको हुनाले विधेयांशमा धर्म धार्य तत्त्व हो । "आचारप्रभवो धर्मः" यस स्मृति प्रमाणअनुसार सत् आचरणद्वारा धर्म प्रादुर्भूत हुन्छ । सदाचारजन्य हुने हुनाले सञ्चितपुण्य फलविशेषलाई पनि यत्र तत्र धर्मको संज्ञा दिइएको भेटिन्छ ।

समग्रमा विचार गर्दा व्यावहारिक परिप्रेक्ष्यमा अनुष्ठेय कर्मलाई धर्म मानिएको पाइन्छ । यस सम्बन्धमा **"यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।"** यो सूत्र नितान्त प्रासङ्गिक र समयसामयिक मान्न सकिन्छ । यस्तो आचरण, यस्तो चेष्टा, यस्तो प्रयत्न, यस्तो कर्म जसले निःश्रेयस् र प्रेयस्को सिद्धिमा सहायता गर्दछ यो नै धर्म हो । वर्तमान कालखण्डमा धर्म भन्नाले पन्थ, मत, वाद, सम्प्रदाय, परम्परा, रीतिरिवाज आदिलाई मानेको देखिन्छ । धर्म परिवर्तन, विधर्मी, धर्मान्तरण जस्ता शब्दहरू आम हुँदै गएका छन् । यस्ता शब्दहरूमा प्रयोग गरिने धर्म' आफैँमा पूर्वोक्त पन्थ आदिको प्रतिनिधित्व गर्दछ । परिवर्तनीय स्वभाव सनातन धर्ममा सम्भव छैन । बुद्धि, मन, चित्त आदिको मौलिक स्वभावमा परिवर्तन हुँदैन । तसर्थ उनको मूलभूत संरचनागत स्वभाव नै सनातन धर्मको तात्त्विक अर्थसँग सम्बद्ध छ । जुन तत्त्व परिवर्तित हुन्छ त्यो धर्म हुँदैन, त्यो आचरण हुनसक्छ, व्यवहार हुनसक्छ, विचार हुनसक्छ ।

सनातन वैदिक धर्मको गहनतम स्वरूपबोधको लागि केवल कर्ममीमांसा अनुशीलनमात्रैले पर्याप्त हुँदैन अर्थात् के खानु, के लगाउनु, के गर्नु, के बोल्नु आदि आचरणप्रधान उपदेश गर्ने शास्त्रहरूले धर्मको मर्म अभिव्यक्त गर्न सक्दैनन् । यसका लागि उपासना, ध्यान, योग, विराग, तप, स्वाध्याय आदिको आवश्यकता पर्दछ । जसद्वारा अन्तःप्रज्ञाको (अन्तदृष्टि, अन्तर्बोध, ज्ञाननेत्र ) उदय हुन्छ । पश्चात् अनारोपी तथा अनावृत वस्तुगत सत्यताको यथार्थ बोधोदय हुन्छ ।

धार्मिक हुनुको अर्थ के हो ? यस सम्बन्धमा विचार गर्दा सर्वप्रथम ध्यातव्य हुन्छ कि सनातन धर्म परम्परामा जस्ता आचरणहरूलाई श्रेयस्कर मानिएको छ त्यस्ता आचरणहरूलाई आफ्नो जीवनमा आफ्नो दैनन्दिन व्यवहारमा लागु गर्नु । धर्म आफैँमा गहन र व्यापक अर्थ समेट्ने मौलिक तत्त्व हो ।

धार्मिक हुनु अर्थात् सत्यको अनुशीलनकर्ता हुनु, धार्मिक हुनु अर्थात् उद्देश्यनिष्ठ, ध्येयनिष्ठ, लक्ष्यनिष्ठ, कर्तव्यनिष्ठ हुनु । धर्मको मुख्य प्रयोजन अन्तःकरणशुद्धि हो । अन्तःकरण भन्नाले अन्तरिन्द्रिय शक्ति भन्ने बुझ्नुपर्दछ । मन, बुद्धि, चित्त र अहं यिनैको शोधन धर्मको लक्ष्य हो । यी तीन गुणको भेदले प्रत्येक इन्द्रियहरू पनि त्रिविध हुने गर्दछन् । धर्मद्वारा अन्तःकरणशोधन गरिएपश्चात् मनुष्यत्व प्राप्तिको प्रयोजनबोध फलित हुन्छ । इहलौकिक तथा पारलौकिक उभयविध फलप्रतिको वितृष्णा जाग्रत हुन्छ तथा परमपुरुषार्थ मुक्तिको अभीप्सा प्रकट हुन्छ यो हुनु नै धार्मिक हुनुको चरम उद्देश्य हो ।

सन्ध्यावन्दनादि तथा स्नान, दान, जप, होम, स्वाध्याय, संयम, यम, नियम, व्रत, उपासना, श्रद्धा, तर्पणादि सत्कर्महरू यदि निष्काम भक्तिभावले युक्त भएर गरिन्छन् भने अन्तःकरणशुद्धि प्रतिफलित हुन्छ । पूर्वोक्त कर्म गर्दागर्दै पनि मनोमालिन्य न्यून नभइरहेको देख्न सकिन्छ किनकि कर्तृत्वाभिनिवेश अर्थात् म नै कर्ता हुँ, म नै भोक्ता हुँ यस प्रकारको भ्रान्तिजन्य अज्ञानद्वारा ढाकिएर कर्म गरिने हुनाले उक्त कर्मद्वारा पनि चित्त शुद्ध हुँदैन । अतः

धार्मिक हुनुको वास्तविक अर्थ त तीनप्रकारका शरीरको ज्ञान, पाँच कोशको ज्ञान, सप्तधातुमय अन्नपरिणाम स्थूलशरीको सम्यक् ज्ञान, शरीरको नश्वरत्व अनुभव, मरणधार्मिकताको स्पष्ट प्रतीति तथा शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान आदि षट्सम्पत्तिहरूद्वारा युक्त हुनु तथा वेदनिर्दिष्ट वर्णाश्रमधर्मको पूर्णतया परिपालना गर्नु । धूप, आरती, फूल, नैवेद्य आदिको प्रयोग गरी घर-घरमा बिहान बेलुका आरती पूजा आदि गरेर तथा नौ पटक या सत्ताइस पटक गायत्री मन्त्र जपेर मात्रै कदापि धार्मिक भइँदैन । सनातन धर्मले त तब धार्मिक भन्दछ जब धर्मशास्त्रहरूको अनुशासनमा जीवनयापन गरिन्छ। धर्मशास्त्रको अनुशासनअनुसार प्रत्येक मनुष्य जो आर्यावर्त भूमिमा जन्मिन्छ उसको एकमात्र लक्ष्य हो परमपुरुषार्थ सिद्ध गर्नु । परमपुरुषार्थसिद्धिका लागि निष्काम भक्तिपूर्वक कर्म गर्नुपर्दछ। कर्म गर्नुभन्दा पहिले कर्म के हो ? भनेर बुझ्नु पर्दछ। कर्म बुझ्नका लागि कर्मशास्त्रहरू पढ्नुपर्दछ। सम्पूर्ण आयुलाई चार भाग लगाइएको छ। प्रथम भागमा गुरुकुलवास गरी वेदादि सकलशास्त्र पढ्नु । दोस्रो भागमा वेदादिशास्त्र पढिसक्दा पनि यदि वैराग्य प्राप्त भइसकेको छैन भने विवाह संस्कार गरेर गृहस्थधर्मको निष्कामभक्तिपूर्वक पालना गर्नु। उसको तृतीय भागमा घर त्यागिदिनु। तीर्थ, देवस्थल, आश्रम आदि पवित्र स्थानमा गई वानप्रस्थधर्मको आचरण गर्नु । तीव्र तपस्या गर्नु तथा अन्तिम भाग शेष रहँदा परिव्राजक हुनु । यस प्रकार मनुष्य हुनुको अर्थ केवल पेट पाल्नका लागि कर्म गर्नु होइन । करोडौं पटक जन्मने र मर्ने घटना भइसकेको हुन्छ । जन्मजन्ममा हामीले यिनै कर्महरू गरी आइरहेका हुन्छौं जो आज गरिरहेका छौं । तत्त्व बुझ्न सक्ने सामर्थ्य आर्जन गर्नु धर्मआचरणको उद्देश्य हो धर्म भन्नाले विशेष पर्वमा गङ्गा नुहाउनु, चाड, उत्सव मनाउनु हैन । धर्म भन्नाले पाञ्चभौतिक नश्वर शरीरबाट पर जो अशरीर त्त्व छ त्यसको ज्ञान प्राप्त गर्नमा सहयोग पुर्‍याउने कर्म जो निष्काम भावले गरिनुपर्दछ अर्थात् ईश्वरप्रीतिका लागि गरिनुपर्दछ। मनुष्यको सम्पूर्ण सम्भावित आयु सय वर्षको मानिन्छ। सय वर्षभित्र मनुष्यले त्यस्ता आचरण, अनुष्ठान, तपस्या, व्रत, उपवास, अध्ययन, मनन, चिन्तन, ध्यान, योग आदि गरिसक्नुपर्दछ । जसद्वारा वेदप्रतिपादित सद्धर्मको परिपालन सिद्ध भएर परमपुरुषार्थ प्राप्त गर्ने योग्यता फलीभूत हुन्छ। श्रीवाशिष्ठधर्मशास्त्रमाः-

**ज्ञात्वाचाऽनुतिष्ठन् धार्मिकः ।** वा.ध.सू.१/२

यस प्रकारको धार्मिक लक्षणसम्बद्ध सूत्र रहेको छ । अर्थात् सर्वप्रथम आयुको २५ वर्षसम्म चार वेद चारै वेदका चार ब्राह्मण, चार आरण्यक र चारै वेदका सम्बद्ध समग्र उनिषद् षडङ्ग (शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष, छन्द ) पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, तथा चारै उपवेद आदि गरिएका अष्टादश विद्याहरू निम्नानुसार छन् :-

**अङ्गानि वेदाश्चत्वारो मीमांसान्यायविस्तरः ।**
**धर्मशास्त्रं पुराणं च विद्या ह्येताश्चतुर्दश ॥**
**आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः ।**
**अर्थशास्त्रं चतुर्थं तु विद्या ह्यष्टादशैव तु ॥**

विष्णुपुराण

यी अष्टादश विद्याहरूको अध्ययन गर्नु अर्थात् सकल विद्या जान्नु। जानेपछि अनुष्ठान अर्थात् आचरण गर्नु । आचरणवान् पुरूषलाई नै धार्मिक भन्न सकिन्छ न कि धर्मशास्त्र पढेर व्याख्याचतुर व्यक्तिलाई धार्मिक भन्न मिल्दछ । समाजमा एक

प्रकारको विकृति व्यापक रूपमा फैलिएको देखिन्छ कि, अधर्मपूर्वक धनार्जन गर्नमा जीवनको पूर्वार्ध खर्चिने चलन फस्टाएको छ । जब जीवनको पूवार्ध सकिन्छ उत्तरार्धमा गएर अलि अलि होस जाग्छ। अहो ! अब त वार्धक्यले छोएछ, अब भएन। केही ज्ञान जान्नु पर्यो भनिकन वृद्धावस्थामा धर्मका किताबहरू पढ्न थालिन्छ, किताब पढेर किताबी ज्ञानले व्यक्तिलाई अहंभावग्रसित बनाइदिन्छ र पश्चात् त्यस्ता व्यक्ति जसले बाल अवस्थादेखि धर्म आचरण गरेका थिएनन्, उनै धर्मका वक्ता, धर्मका उपदेशक, धर्मका भाषणकर्ता, धर्मका किताब लेखक हुन जान्छन् , यस्तो छ विडम्बना ! वर्तमान मानवीय समाजमा । प्रथमतया कर्म जान्नु, कर्म जानेर आचरण गर्नु, आचरण गर्नेलाई कर्मले पवित्र बनाउँछ। पवित्र भएपश्चात् धर्मको मर्म बुझिन्छ। धर्म बुझेपछि र आचरण अनुष्ठान गरिरहँदा तब गएर धार्मिक भइन्छ । धर्मस्थलमा, धर्मक्षेत्रमा, धार्मिक तीर्थस्थलमा बसेर मात्रै धार्मिक भइँदैन। धर्मक्षेत्रको रहस्य, धर्मको रहस्य, कर्मको रहस्य नबुझिकन कदापि धार्मिक हुन मिल्दैन । वाशिष्ठधर्मशास्त्रमा भनिएको छ :-

**"अश्रोत्रिया अननुवाक्या अनग्नयो वा शूद्रधर्माणो भवन्ति।"**

वा.ध.सू. २/१

अर्थात् जुन समाजमा श्रोत्रीय अर्थात् वेदशास्त्र पढेर, बुझेर वेदानुसार आचरण गर्ने मनुष्यहरूलाई हुँदैनन्, त्यो समाजलाई अश्रोत्रिय भनिन्छ। जुन समाजमा वेद पढिँदैन, वेद पाठशालाहरू छैनन्, वैदिक ज्ञानका विश्वविद्यालयहरू छैनन्, सत् आचरणलाई महत्त्व दिइँदैन, जीवनको उद्देश्य केवल धनोपार्जन गर्नुलाई मात्र मानिन्छ, जुन समाजमा अग्निशाला अर्थात् पञ्चश्रौताग्नि (आहवनीय, दक्षिण, सभ्य, गार्हपत्य तथा आवसथ्य)हरू हुँदैनन्। जहाँ नित्य हवनकर्म (प्रातरौपासन र सायमौपासन ) हुँदैन त्यस्तो समाज कदापि आदर्श समाज हुन सक्दैन। वेदविहित कर्म आचरण गर्नुलाई धर्माचरण गर्नु भनिन्छ। धर्माचरण गर्नेलाई धार्मिक भनिन्छ। धर्माचरणको गूढ गम्भीर तात्पर्य छ। धर्मको फल स्वर्गप्राप्ति मात्रै नभएर मोक्षप्राप्तिमा सहयोग पुर्याउनु अर्थात् मलादिदोष हटाउनु।

**अद्भिर्गात्राणि शुद्ध्यन्ति मनः सत्येन शुद्ध्यति।**
**विद्यातपोभ्यां भूतात्मा बुद्धिर्ज्ञानेन शुद्ध्यति॥**

वा.ध.सू. ३/६०

अर्थात्, जलस्नानले शरीर शुद्ध हुन्छ । सत्य बोल्ने बानीले मन शुद्ध हुन्छ। विद्या अध्ययन, विद्या मनन र विद्याद्वारा प्राप्त सारत्त्व ध्येयत्त्व परमप्रेमास्पद ईश्वरको ध्यान, उपासना, अर्चना, सेवा आदिद्वारा अन्तःकरण शुद्ध हुन्छ तथा प्रज्ञा ज्ञानद्वारा परिमार्जित हुन्छ।

**वेदो वा हरिभक्तिर्वा भक्तिर्वापि महेश्वरे।**
**आचारविमुखं मूढं न पुनाति कदाचन॥**

हिण्यकेशी आह्निकम्, आचारभूषणम्।

अर्थात् आचारविचारले रहित मनुष्यलाई न वेदले, न हरिभक्तिले, न महेश्वर भक्तिले नै पवित्र पार्न सक्छ। आचार, विचार, विवेक, वैराग्य आदि दैवी सम्पदाविहीन व्यक्ति पवित्र हुन सहज छैन।

**विषयप्रवेश**

सन्दर्भ छ देवघाटधाम तथा धार्मिकताको। जहाँसम्म धर्म र धार्मिकताको प्रश्न छ, पृष्ठभूमिमा यथाशक्य सारसंक्षेपमा सम्झाउने प्रयत्न गरिएको छ। देवघाट भन्नेबित्तिकै पवित्र तीर्थभूमिको रूपमा बुझिने गरिन्छ। यहाँ नबुझेकाले बुझ्नुपर्दछ।

## देवघाटधामको भौतिक परिचय

नेपालको संविधान २०७२ अनुसार नेपाल सरकारले स्थानीय निकायहरूको पुनर्संरचनाको लागि गठन गरेको उच्चस्तरीय आयोगले वि.सं. २०७१ पौष २२ गतेका दिन नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी वि.सं. २०७२ फागुन २७ गते देखि स्थानीय तह लागू गर्ने निर्णयअनुसार तनहुँ जिल्लाको साविकका गाविसहररू कोटा, वैदी, छिपछिपे र देवघाटलाई समायोजन गरी देवघाट गाउँपालिका को गठन गरिएको तथ्य बुझ्नुपर्दछ ।

## वडाको स्वरूप

| साविकका वडा नं. | समावेश साविकका गाविस |
|---|---|
| १, ३, ८, ९ | कोटा |
| ४, ९ | वैदी |
| ४, ७ | कोटा |
| १, ९ | छिपछिपे |
| १, ३, ६, ९ | देवघाट |
| २, ४, ५ | देवघाट |

## देवघाट गाउँपालिका

क्षेत्रफलः १५९ वर्ग किलोमिटर

पूर्व सिमानामाः आँबुखैरेनी गाउँपालिका र चितवन जिल्ला

पश्चिम सिमानामाः रिसिङ गाउँपालिका र नवलपरासी जिल्ला

उत्तरी सीमानामाः रिसिङ गाउँपालिका, बन्दीपुर, आँबुखैरेनी गाउँपालिका र व्यास नगरपालिका

दक्षिण सीमानामाः नवलपरासी र चितवन।

## जनसंख्या

केन्द्रीय तथ्यांक विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा जम्मा घरधुरी ३४३५, जम्मा जनसंख्या १६१३१, पुरुष ७४८४, महिला ८६४७

## देवघाटधाम

पश्चिमोत्तर दिशातर्फबाट बग्दै आउने कालीगण्डकी र पूर्वोत्तर दिशाबाट बग्दै आउने त्रिशूली, मर्स्याङ्दी, दरौंदी, सेती, मादी, बूढीगण्डकीको संगमस्थलमा पर्ने देवघाटधाम तीन जिल्लाको मिलनबिन्दुमा अवस्थित रहेको छ । उत्तरमा तनहुँ पश्चिममा नवलपरासी र दक्षिणमा चितवन जिल्लाहरू पर्दछन् । नेपालकै मध्यभागमा पर्ने देवघाट भौगोलिक दृष्टिले पूर्व ८४°२२'३०° र ८४°३०'०० अक्षांश उत्तर २७°४२'३०° र २७°४७'३०° देशान्तरको बिचमा परेको छ। चितवन जिल्लातर्फ परेको देवघाट त्रिशूली नदीको बाँया किनारामा फैलिएको छ साथै त्रिशूलीको दायाँपट्टि तथा कृष्णागण्डकीको बायाँपट्टि मध्यभागमा पर्ने डाँडामा मुख्य तीर्थ देवघाटधाम अवस्थित रहेको छ ।

देवघाट शब्दको सम्बन्धमा पनि विचार गरिएको पाइन्छ । देव+घाट । देव भन्नाले स्वर्गमा बस्ने अमर प्राणी भनेर "नेपाली बृहत् शब्दकोश"ले अर्थ्याएको छ । त्यसैगरी घाट भन्नाले नदीको दायाँबायाँ बन्ने तीर्थस्थल भन्ने बुझिन्छ । यसो त घाट शब्दका अर्थहरू पनि पाइन्छन् । जस्तैः डुङ्गा जहाज आदिबाट उक्लने र ओर्लने ठाउँ या दाहसंस्कार गर्ने ठाउँ । देवघाट शब्द घटक जो घाट शब्द छ, यसको सम्बन्ध चाहिँ संस्कृत भाषाशास्त्रअन्तर्गत

पाणिनीय व्याकरणशास्त्रमा निर्दिष्ट 'अट'धातुसँग पनि जोडिएको पाइन्छ । अटन्ति अर्थात् भ्रमन्ति 'अट'धातुको वर्तमानकालिक प्रथमपुरुषका रूपहरू अटति, अटतः, अटन्ति । 'अट'को अर्थहुन्छ हिँड्नु, भ्रमण गर्नु, घुम्नु आदि । जुन स्थानमा स्वर्गका अमर प्राणीहरू भ्रमण गर्दछन् त्यो ठाउँ भयो देवघाट । देवा अटन्ति देवा अटन्ति भन्दै गर्ने क्रममा जनजिब्रोको उत्तरोत्तर सामयिक परिवर्तनद्वारा देवघाट शब्द बनेको र अर्वाचीनकालमा संस्कृतभाषा वैज्ञानिकहरूले परिशोधित, संशोधित गर्दै आउँदा देवघट्ट भएको तथा आधुनिक कालखण्डमा चाहिँ देवघाट बनेको हुन सक्ने सम्भाव्यता रहेको छ ।

हिमवत्खण्ड -

**सर्वासां सङ्गमे धीर ! देवघट्ट उदाहृते ।**
**सर्वतीर्थमये दूते स्नानात् कोटिगुणं फलम् ॥**
**देवदेवः स्वयं तत्र तिष्ठति प्रमथैः सह ।**
**देवतीर्थमितिप्रोक्तं तस्मात् सर्वफलप्रदम् ॥**

प्रदत्त श्लोकहरूमध्ये प्रथम श्लोकको द्वितीय चरणमा देवघट्ट शब्दको उल्लेख गरिएको देखिन्छ । देव शब्दको अर्थ त पहिले बताइयो यहाँ निर्वचन बताइन्छ । पाणिनीय व्याकरण शास्त्रलाई पञ्चाङ्ग व्याकरण भन्ने गरिन्छ । जसका ५ अङ्गहरू मानिएका छन् । पाँचमध्ये एक अङ्ग हो धातुपाठ, पाणिनीय धातुपाठमा पढिएको **"दिवु क्रीडाविजिगीषाव्यवहार द्युतिस्तुतिमोदमदस्वप्नकान्तिगतिषु"** धातुबाट द्योत्ते, प्रकाशते, क्रीडति अथवा स्तूयते अथवा मोदते आदि अर्थमा देव शब्द निष्पत्ति हुन्छ ।

**देवघाटधाम तीर्थ किन ?**

तीर्थ के हो ? तीर्थको लक्षण के हो ? यससम्बन्धी रहस्य यस्तो रहेको छ, पाणिनीय व्याकरण शास्त्रअनुसार तृ प्लवनसंतरणयोः (प्लवन + उत्क्रमण गर्नु तथा तर्नु) धातुबाट थक् (पातृतुतिदिविचिरिभ्यश्थक्) प्रत्यय संयोजन गरेर तीर्थ शब्दलाई सिद्धशब्दवत् कल्पना गरिन्छ । तीर्थ अर्थात् जसको माध्यमले तर्न सकिन्छ, जसको सहयोगले पारी जान सकिन्छ, अर्थात् गति प्राप्त हुन्छ । जसको आश्रय लिनाले पुण्यार्जन हुन्छ । जसको माध्यमले ऊर्ध्व उत्क्रान्ति हुन्छ, त्यही हो तीर्थ ।

तीर्थ कति प्रकारका छन् ?

सनातन धर्म र परम्पराका शास्त्रहरूमा तीन प्रकारका तीर्थहरू प्रसिद्ध छन् ।

१. जङ्गम तीर्थ
२. स्थावर तीर्थ
३. मानस तीर्थ

**जङ्गम तीर्थ :-**

**ब्राह्मणा जङ्गमं तीर्थं निर्मलं सार्वकामिकम् ।**
**एषां वाक्योदकेनैव शुद्ध्यन्ति मलिनाः जनाः ।**

अर्थात् जङ्गम तीर्थ भन्नाले ब्राह्मण देवताहरू नै हुन् । ब्राह्मणहरू वेदादि शास्त्रका ज्ञाता हुनुका साथै वेदनिर्दिष्ट कर्म( धर्म) का अनुष्ठाता पनि हुन्छन् । त्यसकारण उनीहरू बाह्य तथा आभ्यन्तर शौच (शुद्धि) सम्पन्न हुन्छन् । शुद्धता नै पवित्रताको हेतु हो । जो शुद्ध हुन्छ उही पवित्र पनि हुन्छ र जो पवित्र हुन्छ उसैले अन्यलाई पनि पावन बनाउन सक्छ । जङ्गम शब्दको अर्थ हुन्छ गतिशील । ब्राह्मणहरू निरन्तर यत्रतत्र विचरण गर्दा उनीहरू स्वयम् तीर्थरूप भएको कारणले जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ पवित्र बनाइदिन्छन् । उनीहरूको वाणीरूपी ऊदक अर्थात् जलद्वारा सबै पवित्र बन्दछन् । ब्राह्मणहरूको मुखबाट निःसृत हुने शब्द पङ्क्ति पावनकारी हुन्छ यस गम्भीर

तात्पर्यार्थद्वारा यो स्पष्ट हुन्छ कि, वेदज्ञाता ब्राह्मण सर्वोत्तम तीर्थ हुन् ।

**मानस तीर्थः-**

**सत्यं तीर्थं क्षमा तीर्थं तीर्थमिन्द्रियनिग्रहः ।**
**सर्वभूतदया तीर्थं सर्वत्रार्जवमेव च ॥**
**दानं तीर्थं दमस्तीर्थं सन्तोषास्तीर्थमुच्यते ।**
**ब्राह्मण्यर्थं परं तीर्थं तीर्थञ्च प्रियवादिता ॥**
**ज्ञानं तीर्थं धृतिस्तीर्थं पुण्यतीर्थमुदाहृतम् ।**
**तीर्थानामपि तत्तीर्थं विशुद्धिर्मनसः पुरा ॥**

मनो शरीर अर्थात् सूक्ष्म शरीर (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्च प्राण, मन, बुद्धि, चित्त, अहंकार) का घटक त्त्वहरूअन्तर्गत मनस् त्त्व एक प्रमुख घटक त्त्व हो । मन प्राणधारीहरूको लागि प्रमुख साधन हो ।मनस्को सम्बन्धद्वारा नै कर्मेन्द्रिय तथा ज्ञानेन्द्रिय सक्रिय भई आ-आफ्ना विषय ग्रहण एवं विसर्जन आदि कर्ममा समर्थ हुन्छन् । जहाँसम्म शरीरको प्रश्न छ शरीरमा यदि मन अपवित्र छ भने बाहिरी पवित्र वस्तु, व्यक्ति, देश, काल आदिको संसर्ग प्राप्त भएता पनि पवित्र हुन सकिँदैन । तसर्थ मन सबैभन्दा महत्त्वपूर्ण त्त्व हो मन पवित्र कसरी हुन्छ र अपवित्र कसरी हुन्छ भन्ने सम्बन्धमा हाम्रा सनातन वैदिक धर्म परम्पराका प्राचीन आर्षशास्त्रहरूमा पर्याप्त विश्लेषण गरिएको छ ।

ग्राह्य पञ्च विषयहरूको शुद्धतामा नै मनको शुद्धता निहित छ । आहार (भोजनादि) शुद्ध छ भने मात्रै मन शुद्ध हुनसक्छ यो छुट्टै विषय हो कि शुद्धता भनेको के हो ? शुद्धता कसरी प्राप्त हुन्छ ? यस सम्बन्धमा पृथक् विश्लेषणको आवश्यकता पर्दछ । यहाँ तीर्थको सन्दर्भ भएकोले मानसतीर्थको स्वरूप विवरण नै गरिन्छ ।

मनका सूक्ष्मवृत्तिहरू असंख्य हुन्छन् । ती असंख्य वृत्तिहरू मध्ये केही उपर्युक्त पद्यहरूमा संकेत्ति भएका छन् । सत्य बोल्नु, सत्य चिताउनु, सत्यको अनुशरण गर्नु इत्यादि मानसवृत्तिहरू तीर्थ हुन् किनकि तीर्थको तीर्थत्व भनेकै तारिदिने सामर्थ्य हो । सत्यनिष्ठ मनले पारी तर्न अर्थात् संसार दुःखबाट मुक्त हुन सहयोग गर्दछ । क्षमा पनि मनोधर्म हो, मनको एक वृत्ति हो, अर्थात् मनकै अर्को रूप हो । क्षमाशीलताले पनि तारिदिन्छ इन्द्रिय निग्रह गर्नु पनि तीर्थ हो । सूक्ष्म शरीरका भिन्न-भिन्न गुण, धर्म, सामर्थ्य आदिले युक्त भएका इन्द्रियहरू दिव्य सात्विक तथा राजसिक शक्तिहरू हुन् जसको निग्रह गर्नसकेमा पनि तर्न सकिन्छ ।

यसैगरी सम्पूर्ण प्राणीहरूमा दयाभाव राख्नु, सम्पूर्ण व्यवहार गर्दा ऋजुता अर्थात् अवक्रता धारण गर्नु, दान, दम, सन्तोष, ब्रह्मचर्य, प्रिय वक्तृता, ज्ञान, धृति, पुण्य, मनस्शुद्धि लगायत सबै तीर्थ हुन् ।

**स्थावर तीर्थ :-**

स्थावर भन्नाले स्थितिशील, एकै ठाउँमा बसिरहने हिँडडुल नगर्ने, यस्ता तीर्थहरू प्राचीन वैदिक युगकालिक सभ्यता अर्थात् वर्णाश्रम धर्मको परिपूर्ण पालन गरिने मनुष्यहरूको सभ्यताको समयदेखि नै मानिँदै आएका छन् । तीन प्रकारका तीर्थहरूमध्ये उत्तम, मध्यम र अधम दृष्टिले श्रेणी विभाजन गर्ने हो भने प्रथम श्रेणी अर्थात् उत्तम श्रेणीमा मानस तीर्थ पर्दछ मध्यम श्रेणीमा जङ्गम तीर्थ पर्दछ तथा अधम श्रेणीमा स्थावर तीर्थ पर्दछ । यसप्रकार उत्तम, मध्यम र अधम गरी त्रिविध भेद स्वीकार गरिएको छ । मनको पवित्रता नै सर्वोत्तम तीर्थ हो । यदि मन पवित्र बनाउन सकिन्छ भने स्थावर तीर्थको उपयोगिता समाप्त हुन्छ । त्यस

व्यक्तिलाई, जसको मन पवित्र छ यहाँ लोक व्यवहारमा बोलिने गरेको **“मन चंगा तो कठौती मे गङ्गा”** भन्ने वाक्यलाई स्मरण गरौं । मन चङ्गा हुनुको अर्थ के हो ? मनको पवित्रता भनेको के हो ? कस्तो मन पवित्र हो र कस्तो मन अपवित्र हो ? इत्यादि गम्भीर विषयहरूतर्फ ध्यान जानु जरुरी छ ।

सत्य, त्रेतादि युगमा मानिसहरू परम पवित्र र हुन्छन् तसर्थ उनीहरूलाई पवित्र हुन कुनै स्थावर तीर्थको आश्रय लिइरहनु पर्दैन तर कलिकालमा आहार अशुद्ध, विहार अशुद्ध, बोलीवचन अपवित्र, सोचविचार नकारात्मक, अशान्ति, अस्थिरता, द्वन्द्व, क्लेश, झुटो व्यवहार, देखावटी व्यवहार, भित्र अर्कै बाहिर अर्कै यस्ता किसिमकाअनेक अस्वच्छ तथा अशुद्ध त्त्वहरूको प्रवेशले गर्दा मानस तीर्थ पर्याप्त हुँदैन स्वच्छताको लागि । हो, छुट्टै विषय हो कि, कलियुगमा पनि अपवाद भने रहन्छ । कहीँ फाट्टफुट्ट केही मनुष्यहरू मानस तीर्थद्वारा नै पवित्र भएका देखिन्छन् । कलिकालका निमित्त स्थावर तीर्थको अत्यधिक महत्त्व बताइएको छ । पर्वहरूमा, मेलाउत्सवहरूमा भएपनि स्थावर तीर्थहरूमामा गएर स्नान, दान, जपादि पावन कर्म गर्नाले मानस तीर्थ शोधनमा सहयोग पुग्दछ । सत्यादि युगमा वर्णाश्रम धर्म नै सामाजिक जीवनको केन्द्रीय शक्ति हुन्छ । धर्मलाई नै प्राथमिकता दिइन्छ । धर्मद्वारा पवित्रता सिद्ध गरी मानव शरीर प्राप्त हुनुको जो एक मात्र उद्देश्य हो त्यस उद्देश्य ( परम पुरुषार्थ ) मोक्ष, कैवल्य, मुक्ति, गति, सद्गति, परमधाम आदि शब्दहरूमा परिलक्षित स्थिति प्राप्त गर्नु नै एकमात्र प्रयोजन हुन्छ, सत्यादि युगमा भने, कलिकालमा जसरी भएपनि जे गरेर भए पनि जति नै अधर्म गर्न परे पनि धन कमाउनु नै एकमात्र लक्ष्य भएकोले गर्दा कलिकालमा मनुष्यहरूको मानसतीर्थ स्वयं नै मलिनतादोषग्रसित हुन्छ । स्वयं अपवित्र रहेको मनले कसरी अन्यलाई पवित्र गर्ने ? तसर्थ स्थावर तीर्थको मूल्य मानिन्छ ।

**देवघाटः- एक स्थावर तीर्थ र धार्मिक महत्त्व**

देवघाटधाम आफैँमा एक महातीर्थ हो । अर्थात् अनेक स्थावरतीर्थहरूमा उत्तम तीर्थ हो किनकि, पावनकारिणी दिव्य देवनदीहरूको संगमस्थल हो । नदीहरू स्वयम् नै पवित्र हुन्छन् र अन्यलाई पनि पवित्र गराउन समर्थ हुन्छन् । अन्यलाई पवित्र गर्नु या गराउनु भन्दा पहिले आफू नै पवित्र हुनुपर्दछ । एक अपवित्र वस्तु, व्यक्ति, देश, काल आदिले अन्य कसैलाई पवित्र गर्न सक्दैनन् । देवघाटधामको महत्त्व पौराणिक कालदेखि नै छ । देवताहरू, ऋषिहरू, योगीहरू, ध्यानीहरू, तपस्वीहरू, व्रतीहरू, ज्ञानीहरूद्वारा आश्रय बनाइएकोले यस तीर्थको महात्म्य अझै बढेको पाइन्छ । देवघाटधामको माहात्म्य सम्बन्धमा कृष्णागण्डकी जसलाई शालग्राम नदी या चक्रनदी भनिन्छ, यिनीहरूको सम्बद्धताले गर्दा यस तीर्थको महिमा अझै बढेको छ । स्कन्दपुराण अन्तर्गत हिमवत्खण्डमाः-

**शालग्राम समीपे तु क्रोशमात्रं समन्ततः ।**
**कीटोऽपि म्रियते याति वैकुण्ठभवनं ध्रुवम् ॥**

कृष्णागण्डकी बगेको स्थानबाट एक कोशको परिक्षेत्रसम्म यदि कुनै कीटपतङ्ग आदि छन् र त्यहीँ मृत हुन्छन् भने तिनको पनि सद्गति हुन्छ अर्थात् वैकुण्ठलोक प्राप्त हुन्छ । यस्तो महिमा बोकेकी कृष्णागण्डकीको नित्य प्रवाहले गर्दा देवघाटधाम अत्यन्त पवित्र बन्न गएको छ । देवघाटको महात्म्य सम्बन्धमा अझ स्पष्ट तब

हुन्छ, जब त्रेता युगमा श्रीराम पनि यस तीर्थको महिमाद्वारा प्रभावित भई यहाँ आउनुभएको उल्लेख प्राप्त हुन्छ । आनन्दरामायण यात्रा काण्डमाः-

**गण्डकीसंगमे स्नात्वा नेपाले जगदीश्वरः ।**
**दृष्ट्वा हरिहरक्षेत्रं ययौ रघुकुलोद्वहः ॥**

देवघाटधामको बारेमा अझै विशद् चर्चा वराह पुराणमा पनि प्राप्त हुन्छ । गण्डकी माहात्म्य स्कन्दपुराण तथा अन्यान्य पौराणिक तथा धार्मिक वाङ्मयमा यस तीर्थको वर्णन गरेको पाइन्छ ।

**सनातन धर्मज्ञानको लागि देवघाटको योगदानः-**

यद्यपि धर्म आफैँमा अनुष्ठेय विषय हो । बोल्ने, प्रवचन गर्ने, उपदेश गर्ने विषय होइन तथापि कलिकालमा धर्मलाई पनि प्रवचनको विषय बनाउनु परेको छ, यो विडम्बना हो । देवघाटधाममा विभिन्न धार्मिक संघ संस्था, आश्रम, देवालय, विद्यालय आदि रहेका छन्, जसका माध्यमले धर्मको आचरण कसरी गर्नुपर्दछ भन्ने विषयमा केही मात्रामा भएपनि नेपालवासीहरूलाई सन्देश प्राप्त भइरहेको छ ।

**सनातन धर्मज्ञानका चरणः-**

१. संस्कार
२. गुरुकुल प्रवेश
३. गुरुजनसेवा
४. अग्निव्रत (समिदाधान )
५. ब्रह्मचर्य
६. शास्त्र अध्ययन
७. प्राप्त ज्ञानको उपयोग अर्थात् आचरण
८. नित्य ब्रह्मयज्ञ
९. पाणिग्रहण तथा गार्हस्थधर्म प्रवेश

यस प्रकारको जीवनशैलीले मात्र समग्ररूपमा सनातन धर्मको मर्म बुझ्नसकिन्छ । वर्तमान जीवनशैली भोगवादी संस्कृतिबाट अत्यन्त प्रभावित छ । वस्तुकेन्द्रित जीवनशैली, व्यक्तिकेन्द्रित जीवनशैली, व्यवहारकेन्द्रित जीवनशैली तथा वित्तकेन्द्रित जीवनशैली । यी शैलीहरूद्वारा संस्कार, धर्म, ज्ञान, संस्कृति तथा आर्षपरम्परा सुरक्षित राख्न तथा यिनबाट लाभ लिन सकिँदैन । मानवीय चेतनामा जबसम्म ऊर्ध्वमुखी प्रवृत्तिको प्रवेश गराउन सकिँदैन तबसम्म धार्मिकता जागृत हुन सक्दैन । धार्मिक हुनु केवल धर्म व्याख्या गर्नुमा चतुर हुनु होइन अपि तु ऊर्ध्वमुखी अर्थात् परमसत्य त्त्वतर्फ उन्मुख हुनु हो । **देवघाटधाम र धर्मः-**

श्राद्ध, स्नान, पुरश्चरण, लक्ष्यहवन, विवाह, उपनयन, ग्रहशान्ति, सप्ताह, एकाह, आदि सत्कर्महरू गर्नका लागि आस्तिक श्रद्धावान् धर्मप्रेमी जनसमाजको केन्द्रीय थलो बनेको छ देवघाट । प्राचीन मान्यता यो पनि रहेको पाइन्छ कि, भारतवर्षका भिन्नभिन्न तीर्थहरूको दर्शन गरेर यदि आदिप्रयाग देवघाटधामको दर्शनलाभ लिइएन भने अन्य तीर्थयात्राजन्य फल प्राप्त हुँदैन । यसर्थ देवघाटधामको र धर्मको बिचमा एक अटुट सम्बन्ध रहिआएको छ । देवघाटधामलाई तपस्वीहरूले पनि आफ्नो आश्रय बनाएको देखिन्छ भने सामाजिक सेवालाई लक्ष्य बनाएर हिँडेका साधु सन्तहरूले पनि आफ्नो कर्मथलो देवघाटधामलाई बनाएको देखिन्छ ।

शैव परम्पराका साम्प्रदायिक साधु सन्त होऊन् या वैष्णव परम्पराका साम्प्रदायिक साधु सन्त होऊन् सबैले देवघाटधामलाई रुचाएको देखिन्छ । सनातन वैदिक परम्पराका प्राचीन पर्व, उत्सवहरू यहाँ मनाइन्छ । विशेष गरी डा. स्वामी रामानन्द गिरिद्वारा स्थापित महेश सन्यास आश्रम, गलेश्वर बाबाद्वार स्थापित तथा महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिद्वारा विकसित गलेश्वर आश्रम

एवं स्वामी परमानन्द सरस्वतीद्वारा संस्थापित श्री हरिहर संन्यास आश्रमद्वारा देवघाटधामको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व जोगाएर राख्नमा अतुलनीय योगदान भइरहेको छ । देवघाटधाम भन्ने बित्तिकै संस्कृत विद्यालय, गुरुकुल, उत्सव, मेला, पर्व, धर्मकर्म, चाड, संस्कार र संस्कृति भन्ने झझल्को प्रत्येक नेपालीहरूको मनमा प्रतिबिम्बित देख्न सकिन्छ ।

**देवघाट र यसको सांस्कृतिक प्रतिनिधित्वः-**

नेपालकै सर्वोत्कृष्ट तीर्थधामको रूपमा चिरपरिचित भइसकेको देवघाटधामको बेग्लै किसिमको तथा स्पष्ट छवि नेपाल तथा अन्यान्य देशवासीहरूका लागि आदर्श छ । वर्तमान नेपालमा यदि कहीँ संस्कृतविद्याको परिचर्चा चल्यो भने बौद्धिकवर्गदेखि लिएर समाजका परिश्रमजीवी, उद्योगप्रेमी, व्यवसायी तथा सामान्य जनसमुदायसम्म सबैखाले व्यक्तिहरूले चिन्न थालिसकेको पाइन्छ देवघाधामलाई । अबको समयमा देवघाटको सम्बन्ध धर्म, धार्मिकतासँग मात्रै नभएर देशकै शिक्षानीति तथा राष्ट्रनीति निर्माणसम्म रहने स्पष्ट देखिन्छ किनकि, देवघाटधाम शैक्षिक दृष्टिमा नेपालकै सर्वोत्कृष्ट संस्थाको रूपमा विकसित हुँदै गइरहेको छ । वीतराग तथा निष्कामयोगी विद्वान् सन्तहरूको अहोरात्रको अथक परिश्रमले देवघाटधाममा आज शिक्षाको ज्योति जगमगाई रहेको छ । कुनै पनि संस्कृतिलाई तबसम्म संरक्षित र संवर्धित गर्न सकिँदैन जबसम्म संस्कृतिको आधार शिक्षा बन्दैन । शिक्षाको बलियो आधारमा विकसित भएको सभ्यता र संस्कृति नै दीर्घकालीन हुन सक्छन् तसर्थ संस्कृतिलाई शिक्षाबाट अलग्याएर हेर्न सकिन्न । जुन देशका संस्कार संस्कृति शिक्षापोषित छैनन् त्यस्ता संस्कार, संस्कृति अल्पकालीन रहेको इतिहासले देखाउँछ । जहाँसम्म देवघाट र नेपाल राष्ट्रिय संस्कृतिबिचको सम्बन्धको प्रश्न छ, दुवैको घनिष्ठ सम्बन्ध छ । देवघाटधामले अनवरतरूपमा नेपालका गौरव मानिने मेला, पर्व आदिलाई अक्षुण्ण रूपमा जीवित राखेको छ ।

१. नेपाललाई बुझ्नु छ भने सनातन वेद बुझ्नुपर्छ ।
२. नेपाललाई बुझ्नु छ भने अठार पुराण बुझ्नुपर्छ ।
३. नेपालको गौरव बुझ्नु छ भने वर्णाश्रमधर्म बुझ्नुपर्छ ।
४. नेपाल तबमात्र बुझ्न सकिन्छ, जब पूर्वीय दर्शन बुझिन्छ ।
५. नेपाल र नेपालको संस्कृति बुझ्नु छ भने प्राच्यग्रन्थहरू तथा पौराणिक ग्रन्थहरूको सेरोफेरोमा रही बुझ्नुपर्दछ ।
६. प्राच्यदर्शन ग्रन्थहरू बुझ्नु छ भने वर्तमान नयाँ नेपालको देवघाटधाम प्राचीन भारतकै काशी झैँ भएको छ । देवघाटधाम र प्राच्यविद्या एक अर्काका पर्याय बनिसकेका छन् ।

नेपालको बहुजातीय, बहुभाषीय समुन्नत संस्कृतिको परिपोषण तथा संवर्द्धनमा देवघाटधामले सराहनीय भूमिका निर्वाह गरिरहेको छ । देवघाटधाममा बहुविध संस्कृति, परम्पराहरू जीवित छन् । सबैखाले जातजाती, भाषाभाषी यहाँ समानरूपमा विकसित छन् ।

देवघाटधाम नयाँ नेपालको नमुनाधाम बनोस्, यसका लागि समयसापेक्ष विकासनिर्माण पनि अपरिहार्य छ । विकासनिर्माण गर्दा प्राच्यसंस्कृति झल्कने वास्तुकलाको उपयोग हुनुपर्दछ । भौतिक निर्माणको अन्धाधुन्ध दौडमा देवघाटधामको मुहार न बिग्रियोस् । यस विषयमा सबैको ध्यान पुग्नु अत्यावश्यक छ । ॥ हरि ॐ तत्सत् ॥

# देवघाटधामको सान : योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय



डा. हेमराज कोइराला
निर्देशक , योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय

**पृष्ठभूमि :**

मानव निसन्देह प्रकृतिपुत्र हो । चराचर जगत्का अन्य जीवधारी जस्तै मानव पनि जगत जननी प्रकृति कोखबाट जन्म लिन्छ प्रकृतिकै काखमा अनुपम वात्सल्यको पीयुषपान गर्दै हुर्किन्छ, बढ्छ, ठूलो हुन्छ र अन्तेगत्वा पाञ्चभौतिक शरीरलाई पतितपावनी प्रकृतिकै छातीमा समाहित गरी लोकलीला समाप्त गर्दछ । प्रकृतिबाटै पैदा हुने, प्रकृतिकै काखमा हुर्कने र प्रकृतिमै विलिन हुने भएकाले मानवको रोग-निरोग, सुख-दुःख, वृद्धि-विकास, उत्थान-पतन र जन्म-मरणमा समेत प्रकृतिको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रकृतिको विधि-विधानभन्दा माथि कोहि पनि छैन । यहाँसम्म कि हामीले भगवान् मानेका राम, कृष्ण, बुद्ध, जिसस, मोहमदहरूले पनि प्रकृतिकै नियमानुरूप जीवनयापन गरेको पाइन्छ । यसर्थ यस ब्रम्हाण्डका सम्पूर्ण जड-चेतन, जीव-निर्जीवदेखि सम्पूर्ण चराचर जगत प्रकृतिकै अधिनमा छन् र जीव, जीवन र जगत माथि प्रकृतिको यो अधिन अत्यन्त सूक्ष्म छ। अझ अर्को शब्दमा भन्नुपर्दा हाम्रो अस्तित्व नै प्रकृति अधिन छ। यसर्थ हाम्रो स्वास्थ्य पनि प्रकृतिको अधिनमा छ । यसै कारण होला विश्वको सर्वप्राचीन ग्रन्थ वेद भन्छ **“चिकित्सा वैद्ययता प्रकृत्याधीन आरोग्यम्”,** अर्थात् चिकित्सा कर्म र स्वास्थ्य पनि प्रकृतिको अधिनमा छ । **“आरोग्यम् भाष्कर रक्षितम्”** अर्थात् स्वास्थ्य सूर्यद्वारा रक्षित छ । **“आप इद्वा उ भेषजीरापो अमीवचातनीः । आप सर्वस्य भेषजीस्तास्ते कृण्वन्तु भेषजम् ।”** (ऋग्वेद १०/१३६/३) अर्थात् जल नै औषधि हो र जलमा रोगनाशक एवं अमर बनाउने अद्भूत शक्ति लुकेको छ । यसै गरी अथर्व वेदमा पनि **“शिवे तृ स्तां द्यावापृथिवी असंतापे अभिश्रिया । शं ते सूर्य आ तपतु ज्ञं वातो वातु ते हृदे । शिवा अभिक्षरन्तु त्वापो दिव्याः पयस्वतीः ॥”** अर्थात् हे मानव ! तेरो लागि आकाश र पृथ्वी मङ्गलकारी, सन्तापरहित र ऐश्वर्यप्रद छन् । सूर्य तिम्रो लागि नै प्रदीप्त भएका हुन् र वायु तिम्रो लागि मन्दमन्द गतिले प्रवाहित भएका हुन् । मङ्गल, उत्तम गुणवाला रसमयी स्वस्थ जल पनि तिम्रै लागि प्रवाहित भएको हो र यी सबैबाट उपकृत भएर तिमी स्वस्थ जीवन बिताऊ । यसरी नै **“सा नो** भूमिः **प्राणमायुर्दधातु जरदिष्टं मा पृथ्वी कृणेतु ।”** (अथर्ववेद काण्ड-१२, अनु -१ सूक्त-१ मन्त्र-२२) अर्थात् हे दयामयी माता विश्वम्भरे ! (पृथ्वी) आफ्नो दिव्य प्रेम र धारण शक्तिले हामी सबैलाई प्राणबल, आत्मबल, र आयू प्रदान गर ता कि हामी सबै वृद्धावस्थासम्म पूर्णतः निरोगी रहन सकौं भनेर भनिएको छ । वेदपछिका उपनिषद् एवं स्मृतिग्रन्थहरूमा पनि प्रचूर मात्रामा प्राकृतिक तत्त्वहरूलाई नै आरोग्यको आधार मानेको छ । उपनिषद् पछिका संहिता एवं आयुविज्ञानका ग्रन्थहरूमा पनि प्राकृतिक तत्त्वहरूका औषधीय गुणका विषयमा प्रचूर मात्रामा वर्णन गरिएका छन् र यी सबै श्रुति, स्मृति, संहिता, सूत्र, मन्त्र र श्लोक

आदिको अध्ययन गर्दा के प्रष्ट हुन्छ भने प्राकृतिक चिकित्साविज्ञान सर्वप्राचीन चिकित्साविज्ञान हो ।

हुन त प्राकृतिक चिकित्साविज्ञानको पहिलो सूत्रवत व्याख्या सनातन जीवनविज्ञानका ग्रन्थहरूमा गरिएको पाइए पनि यो चिकित्साविज्ञान अन्य सभ्यता र संस्कृतिमा पनि समानन्तर रूपमा विकसित भएको पाइएको छ । पृथ्वी, आप, तेज, वायु र आकाशको औषधीय गुणको वारेमा वेद, पुराण, उपनिषद् र संहिताहरूले बोले पनि अन्य सभ्यताका ग्रन्थहरूले पनि यसको व्याख्या गरेको पाइन्छ । यसर्थ प्राकृतिक चिकित्सा विश्वका अन्य संस्कृतिमा पनि समानन्तर एवं प्राकृतिक रूपमा विकसित भएको चिकित्साविज्ञान हो । अलगअलग संस्कृति र सभ्यतामा यसको प्रारूप अलगअलग छ । विशेष गरी वैदिक सभ्यता, चीनी सभ्यता र ग्रीक सभ्यतामा यस चिकित्सा विज्ञानको विशेष विकास भएको पाइएको छ । यसका अतिरिक्त यूरोप, उत्तर अमेरिका, दक्षिण अमेरिका अफ्रिका, अष्ट्रेलिया, अरब, कोरिया, जापान जस्ता क्षेत्रमा पनि यस चिकित्साविज्ञानको विकास भएको पाइएको छ । यसरी अलग-अलग हिसावले विकसित हुनुको कारण यो विधा मानव र प्रकृतिको अन्तरसम्बन्धको आधारमा प्राकृतिक रूपमै विकसित भएको विधा हो ।

**के हो प्राकृतिक चिकित्सा ?**

प्राकृतिक विधिविधान र न्यायका आधारमा मानव र प्रकृतिबिचको अन्तर सम्बन्धलाई प्रगाढ पार्दै, प्राकृतिक तत्त्वहरूको उपयोग गरी रोगीलाई निरोगी र निरोगीलाई स्वस्थ बनाउने प्राकृतिक स्वरूपको चिकित्सा प्रणलीलाई प्राकृतिक चिकित्सा भनिन्छ । यो चिकित्साविज्ञानको मुख्य आधार भनेकै प्रकृति र मानवको अन्तर्सम्बन्ध हो किनकि प्रकृति र मानवको अन्तर्सम्बन्ध प्रगाढ र सुमधुर भए स्वस्थ जीवनको उत्सवमय यात्रा सुरुवात हुने गर्दछ । यो अन्तरसम्बन्ध कमजोर भए हामी रोगी हुन्छौँ भने विच्छेद भए हाम्रो मृत्यु हुन्छ । तसर्थ स्वस्थ जीवन जीउनको लागि प्रकृतिसँगको सम्बन्ध सुमधुर रहन अत्यन्त जरुरी छ र यस सुमधुर सम्बन्धभित्रै हाम्रो स्वास्थ्यको रहस्य पनि निहित रहेको तथ्य आधुनिक चिकित्साविज्ञानले समेत प्रष्ट पारिसकेको छ । मानव र प्रकृतिको अन्तर्सम्बन्धलाई प्रगााढ पार्दै रोगीको रोगोपचार र स्वस्थ व्यक्तिको स्वास्थ्य प्रबर्द्धन गर्न प्राकृतिक त्त्वहरूको प्रयोग गरेर निरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक स्वास्थ्यसेवा प्रदान गर्ने चिकित्साप्रणालीलाई प्राकृतिक चिकित्सा भनिन्छ । प्राकृतिक चिकित्सामा विशेषतः पञ्चमहाभूतहरूः पृथ्वी (मित्रिका-चिकित्सा), आप (जल-चिकित्सा), तेज (अग्नि-चिकित्सा), वायु (वायु-चिकित्सा), आकाश (आकाश-चिकित्सा) जस्ता जीवनदायिनी पञ्चतत्त्वहरूको प्रयोग गरिन्छ । यी तत्त्वहरूको साथ-साथै चुम्बक, विजुली, सूर्यकिरण, उपवास, मालिस, भोजन, व्यायाम, विश्राम, विचार, व्यवहार, जीवनशैली, अक्युपञ्चर, अक्युप्रेसर, फिजियोथेरापी, तातो-चिसो सेकाई, जडिबुटी, मौसम तथा जलवायु आदिको प्रयोग गरेर उपचार गरिन्छ । नसर्ने, जीर्ण तथा दीर्घरोगहरूको उपचारमा प्रभावकारी भूमिका खेल्ने प्राकृतिक चिकित्सा आधुनिक युगको आवश्यकता हो ।

यसै गरी हाम्रा ऋषि, महर्षि, आप्त महामनाहरूले हिमाली गुफा कन्दराहरूमा मनप्रशमन, आत्मदर्शन र जीवन मुक्तिको लागि प्रतिपादन गरेको योगविज्ञान आधुनिक युगसम्म आइसक्दा चिकित्साविज्ञानको रूपमा पनि विकसित

भइसकेको छ । योग हाम्रो धर्म र संस्कृति हुनुको साथसाथै नेपाली माटोले आविष्कार गरेको विज्ञान पनि हो । योगविज्ञानको प्रयोगले हाम्रो साँघुरो, स्वार्थी, एकलकाटे र अहङ्कारी व्यक्तित्व, सत्य सनातन सुन्दर अनि चिद्धनरूप आनन्दको रूपमा विकसित हुन्छ। तसर्थ योगलाई शारीरिक, मानसिक, वौदिक, भावनात्मक, समाजिक र आध्यात्मिक व्यक्तित्वको विकास गर्ने विज्ञानको रूपमा पनि बुझिएको छ । यसरी शारीरिक, मानसिक, बौद्धिक, भावनात्मक, सामाजिक र आध्यात्मिक रूपले विकसित हुँदा हाम्रा रोग-व्याधिहरू पनि नष्टभई पूर्ण स्वास्थ्य प्राप्त हुने हुँदा योगचिकित्सा विज्ञानको रूपमा विकसित भएको हो । आज योगका विभिन्न अङ्गहरू (आसन, प्राणायम, बन्ध, मुद्रा, क्रिया, ध्यान र अन्य) लाई चिकित्साकै रूपमा प्रयोग गरी हजारौं रोगहरूको उपचार गरिँदै आइएको छ ।

यसरी सर्वप्राचीन कालदेखि विकसित भएर आएको योग तथा प्राकृतिक चिकित्सा पछिल्लो सायमा आएर विश्वव्यापी रूपमै लोकप्रिय हुदै गइरहेको छ र हिमवतखण्ड नेपालमा पनि योग तथा प्राकृतिक चिकित्साको पुनर्जागरण हुँदै गइरहेको छ । यी चिकित्सा विधालाई नेपालमा स्थापित गर्न गराउनका लागि राष्ट्रगुरु योगी नरहरिनाथको पनि विशेष योगदान रहेको छ । युवा वयदेखि नै राष्ट्रगुरु योगी नरहरिनाथ यी चिकित्साविज्ञानहरूको विकास, विस्तार र स्तरोन्नतिका लागि समर्पित हुनुहुन्थ्यो र आफ्ना साहित्यहरूमा मुक्तकण्ठले यी चिकित्साविज्ञानहरूको जयगान गाउनु भएको छ । योगीजीले वि.सं. २००७ सालदेखि नै भारतको हरिद्वार, भारतकै वराणसी-गोरक्ष टिल्ला र नेपालको काठमाडौं-मृगस्थलीलाई केन्द्र बनाएर विभिन्न किसिमका योग साहित्यहरूको खोज अनुसन्धान गर्नुभएको र आफ्नो स्वास्थ्य तलमाथि पर्दा प्राकृतिक चिकित्सा विधिद्वारा स्वास्थ्य लाभ लिने गर्नु हुन्थ्यो । वि.सं. २०३८ सालदेखि सार्वजनिक रूपमा जनसामान्यका लागि कोटीहोम गर्न थाल्नुभएका योगीजीले आफ्ना हरेक आध्यात्मिक अनुष्ठानहरूमा योग प्राकृतिक चिकित्सा जडिबुटी चिकित्सा र आयुर्वेद चिकित्साका बारेमा प्रवचन गर्नुहुने र यी विदाका चिकित्सालयहरू निर्माण गर्न प्रभावकारी भूमिका खेल्ने गर्नुहुन्थ्यो । योगीले कोटीहोम लगाउनु भएका विभिन्न स्थानहरू र ती कोटीहोम स्थलमा गर्ने भनिएका विभिन्न कार्यहरूको प्रस्ताव पत्रहरूमा पढ्दा पनि ती स्थानहरूमा योग तथा प्राकृतिक चिकित्सालयहरू बनाउने कार्यको उल्लेख गरिएका छन् । यसरी उहाँले कोटीहोम लगाएर संरक्षण गर्नुभएको र त्यस स्थलमा योग तथा प्राकृतिक चिकित्सालय बनाउनुपर्छ भनेर भन्नुभएको स्थान चितवनको वागीश्वरी पनि हो ।

**वागीश्वरीको परिचयः**

ॐ कारलाई मूलमन्त्र मान्ने, गाईलाई आमासमान मान्ने बोटबृक्षलाई देवताको रूपमा पूज्ने विश्वभरका हिन्दूहरूले हिमवत्खण्ड नेपाललाई वैदिक हिन्दूधर्मको उद्गमभूमि भनेर श्रद्धापूर्वक वन्दना गर्दछन् । यो पवित्र देवदेश नेपालको मध्यभागमा शालग्रामवाहिनी कृष्णागण्डकी र त्रिशूलीसमेतका अनेकौं गण्डकी र नदीहरूको सङ्गम भएको देवघाटधाम रहेको छ । कोटीकोटी देवीदेवताहरूको क्रीडाभूमि, ऋषिमहर्षिहरूको साधनाभूमि अनि तपस्वीहरूको पवित्र तपोभूमिको रूपमा परिचित यस देवघाटधामको दक्षिणपूर्वी भागमा नारायणी नदीको पावन तटमा ऐतिहासिक एवं पुरातात्त्विक महत्त्व भएको वागीश्वरीक्षेत्र रहेको छ । हाल भरतपुर महानगरपालिका वडा नम्बर १,

अन्तर्गत देवघाट क्षेत्र विकास समितिको भौगोलिक क्षेत्रभित्र रहेको यो वागीश्वरीक्षेत्र धार्मिक ऐतिहासिक र पुरातात्त्विक दृष्टिले पनि उत्तिकै महत्त्वको रहेको छ।

वागीश्वरी वेदमा समेत वर्णन गरिएकी वाणीकी अधिष्ठात्री देवी हुनुहुन्छ। वाणीको सिद्धिका लागि र विद्याप्राप्तिका लागि वागीश्वरीको उपासना गर्ने प्रचलन छ। स्पष्ट वाणी नखुलेका बालवालिकाहरूले यहाँ पूजा गरेपछि वाणी खुलेको र विद्या प्राप्त भएको आज पनि प्रत्यक्ष देखिन्छ।

वागीश्वरी अनन्तकोटी ब्रह्माण्डनायक भगवान् रामचन्द्रको गुरुकुल भूमि हो। यस भूमिमा श्रीरामचन्द्रले महर्षि वशिष्ठको ब्रह्मचारी भएर आफ्नो जीवनको स्वर्णिम सोह्र बर्ष बिताउनुभएको थियो। यो पवित्रक्षेत्र महर्षि वशिष्ठको साधनास्थली हो। स्वर्गबाट अवतरित गराइएकी कामधेनु गौमातालाई अपहरण गर्न राजा विश्वामित्रले गरेको असफल प्रयासको साक्षी बनेको यस क्षेत्रले त्पश्चात् राजाद्वारा योगमार्गको अवलम्बन गरिकन वागीश्वरी देवीको साधना गर्दै गायत्री साक्षात्कार गरी प्राचीन महाभारत युगको सुरुवात गरेको स्वर्णिम इतिहास पनि बोकेको छ। यसै क्षेत्रमा प्राचीनकालको सुप्रसिद्ध दार्शनिक एवम् योगशास्त्र **"योग वासिष्ठ"** लेखिएको थियो। त्यसैले यो क्षेत्रमा परापूर्व कालमा योग विद्यालय एवम् साधनाकेन्द्र रहेको पौराणिक मत छ। अनादिकालदेखि वाग्देवीको पूजाआराधना गरिने यस क्षेत्रमा निर्माण भएको वागीश्वरी मन्दिर आजभन्दा करिव १ हजार वर्ष पहिलेको हो भन्ने विज्ञहरूको राय छ। पुरातत्त्व विभागको उत्खनन् रिपोर्टअनुसार यस ऐतिहासिक भूमिमा भएका संरचनाहरूको प्राचीनता विक्रम सम्वत् ११३२ सम्मको छ। पछि पाल्पा राज्य गठन भएपश्चात् मन्दिरको संरक्षण पाल्पाली राजाहरू गर्दै आएका र मणिमुकुन्द सेनले समेत केही देवालयहरूको निर्माण गरेको पाइन्छ। पृथ्वीनारायण शाह शक्तिशाली हुदै गए पश्चात राजधानी गोरखाबाट काठमाडौं सर्नु र मान्दिरको संरक्षण गरेर बसेको पाल्पाली राजवंश कमजोर भएपश्चात् मन्दिर संरक्षणको अभावमा जीर्ण हुदै गयो र ढल्यो। मन्दिरहरू ढलेपछि यो पावन भूमि चौरकै रूपमा बञ्जर रहीरह्यो, पछि चितवन खुलेपश्चात् यस क्षेत्रमा बाग्लुङ्गबाट बसाई सरी आएका १२ घर ब्राह्मण परिवारले आवास बनाई वरिपरिको जग्गामा कुलो काटी खेत विराई आवाद गर्न थाले। यो ऐतिहासिक भूमि अतिक्रमित भएपछि पुरातात्वान्वेषी राष्ट्रगुरु योगी नरहरिनाथले तत्कालीन शासकको समेत सहयोग र नागरिक दबाब सृजना गरी यहाँका ब्राह्मण बस्तीलाई देवनगर सारियो।

हाल पुरातत्त्वविभागको निर्देशनमा वागीश्वरी मन्दिरको पुनर्निर्माण भएको छ। भग्नावशेषको रूपमा रहेका अन्य मन्दिरको पनि व्यवस्थित पुनर्निमार्ण गर्नुपर्ने अवस्था छ। यहाँको उत्खननबाट प्राप्त खड्गधारिणी भगवतीको मूर्ति, भैरवको मूर्ति, कलात्मक गजुर, वायुपङ्खी नन्दी र चक्रहरूको अध्ययन गर्दा यी मूर्तिहरू मल्लकालभन्दा प्राचीन देखिन्छन्। यी पुरातात्त्विक सम्पदाहरू समग्र नेपालकै गौरवका विषयहरू हुन्। यिनको संरक्षण गर्नु हामी सबैको कर्तव्य र दायित्व पनि हो।

**योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय :**

योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय राष्ट्रगुरु योगी नरहरिनाथको सत्संकल्पमा उहाँकै प्रस्ताव एवं अवधारणामा टेकेर श्रीदेवघाट क्षेत्र विकास समितिले तैयार पारेको बृहत् गुरुयोजनाअन्तर्गत रहेर श्रीवागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रमद्वारा सञ्चालनमा

ल्याएको उच्च स्तरिय एवं सुविधा सम्पन्न योग तथा प्राकृतिक चिकित्सालय हो । योग वाशिष्ठ जस्तो प्राचीनतम योगशास्त्र लेखिएको ऐतिहासिकतालाई जीवन्त बनाउनका लागि यस क्षेत्रमा योग तथा प्राकृतिक चिकित्सालय स्थापना गर्न गइएको हो । वागीश्वरी पवित्र योग एवं तपोभूमि रहेको र यहाँ योग, प्राकृतिक चिकित्सा एवं आयुर्वेदसम्बन्धि कार्य गनुपर्ने मान्यता राष्ट्रगुरु योगी नरहरिनाथज्यूको रहेको थियो । योगीजीले वि.सं. २०५० ताका यस स्थानमा प्रकृतिक चिकित्सालय सञ्चालन गर्न भनी प्राकृतिक चिकित्सक श्री ऋषिराम ज्ञवालीलाई यहाँ ल्याएर कार्यारम्भ गर्नुभएको तर पछि श्री ५ को सरकारले वागीश्वरी ईन्टरनेसनल सोसाईटी फर मेडिकल एजुकेसनलाई बुझाएपश्चात् यो कार्य यसै रह्यो । नेपाल सरकारले गरेको यो निर्णय देवघाटधाम एवं वागीश्वरीको हितविपरित छ भन्ने ठहर गर्दै योगीजी ले सर्वोच्च अदालतमा मुद्दा दायर गर्नु भयो र दूरदर्शी योगीको चाहना अनुरूप सर्वोच्चको फैसलाले यो भूमिको भोगाधिकार ईन्टर नेसनल सोसाईटी फर मेडिकल एजुकेसनलाई दिने त्तकालीन श्री ५ को सरकारको निर्णय स्वेच्छाचारी रहेको ठहर गर्दै मेडिकल कलेज नबनाउन आदेश जारी गर्‍यो तर सर्वोच्च अदालतको यो फैसला आउन केही ढिलो भइसकेकोले यहाँ मेडिकल कलेजले केही स्थायी संरचनाहरू बनाइसकेको थियो जुन उसले त्तकालै खाली गरेन । यसै बिचमा वि.सं. २०६२ मा देवघाट क्षेत्र विकास समितिले वृहत् गुरुयोजना बनाएर यस स्थानका धार्मिक, ऐतिहासिक, एवं पुरातात्त्विक सामग्री एवं स्थानहरूको जिर्णोद्धारलगायत यस स्थानमा बृहत् योग तथा प्राकृतिक चिकित्सालय बनाउने निर्णय गर्‍यो र यो गुरुयोजना नेपाल सरकारबाट स्वीकृत भयी गुरुयोजनाअनुरूपका कार्यहरू हुन थाले । मेडिकल कलेजले २०७० सालमा वागीश्वरी खाली गरेपश्चात् यस क्षेत्रमा योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन गर्न भनेर चितवनका सुप्रसिद्ध समाजसेवीहरू शान्तप्रसाद पोखरेल, शैलेन्द्रकुमार पिया, खिमलाल भण्डारी, टंकनाथ पौडेल, पूर्णबहादुर श्रेष्ठ, ऋषिराज पाण्डे, कमलबहादुर मल्ल, उमाशंकर अग्रवाल, दुर्गाराज पन्त, ईश्वरीप्रसाद खराल लोमस श्रेष्ठ, लक्ष्मण शर्मा पौडेल जस्ता व्याक्तित्वहरूले नेतृत्व लिएर लाग्नुभयो र यस स्थानमा चिकित्सालय स्थापना हुन सफल भयो । चिकित्सालय स्थापनाका लागि २२२ जना संस्थापक सदस्यहरूले ३० हजार रूपैयाको योगदान गरेर चिकित्सालय सहयोग गर्नुभएको छ भने ३५ जना व्याक्ति रू. ५१००० तिरेर आजीवन सदस्य बन्नुभएको छ। यस चिकित्सालय स्थापनाका लागि प्रसिद्ध समाजसेवीहरू श्रीकृष्ण आचार्य, श्रीमहेन्द्रलाल प्रधान, श्री के.एल. भूषण प्रधान, श्री कृष्णबन्धु पिया, श्रीज्ञानेन्द्रमान शाक्य, श्रीमहेन्द्रमान शाक्य, श्रीमती गौरीदेवी प्रधान, श्रीविद्रोह विष्ट, श्रीगेहेन्द्रमान श्रेष्ठ, श्रीचीजकुमार श्रेष्ठ, देवघाट क्षेत्र विकास समिति, भरतपुर महानगरपालिका, बागमती प्रदेश सरकारको ठूलो सहयोग रहेको छ । यसका अलावा धेरै ज्ञात-अज्ञात समाजसेवीहरूको मेहनत, पसिना र निस्काम कर्मको आफ्नै लेखाजोखा छ । यसका अलावा अनेकौ दानवीर दाताहरूले जीन्सी सहयोग पनि गर्नु भएको छ जसको फलस्वरूप आज चिकित्सालय एउटा राष्ट्रिय संस्थाको रूपमा विकसित भइसकेको छ ।

**चिकित्सालयको क्षमता**

योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय २०० शैयाको सुविधासम्पन्न योग

तथा प्राकृतिक चिकित्सालय हो । स्थापनाको छोटो समयमा नै लोकप्रिय बन्न सफल यस चिकित्सालयमा देशका अधिकांश जिल्लाका विरामीहरूले सेवा लिइसक्नुभएको छ भने २३ वटा देशका स्वास्थ्य साधकहरूले समेत सेवा लिइसक्नुभएको छ । असाध्य जीर्ण एवं दीर्घरोगीहरूका लागि आसाको केन्द्र बनेको यस चिकित्सालयले कोभिड-१९ को महामारीमा समेत चिकित्सा सेवा दिएर सरुवारोग नियन्त्रणमा पनि उल्लेख्य योगदान पुऱ्याएको छ ।

**चिकित्सालयमा उपलब्ध सेवाहरू :**

- विशेषज्ञहरूबाट स्वास्थ्य परीक्षण, बिरामी जाँच तथा परामर्श सेवा ।
- अन्तरङ्ग चिकित्सा सेवा (IPD) ।
- बहिरङ्ग चिकित्सा सेवा (OPD) ।
- हाइड्रो थेरापीः स्टिमबाथ, साउनाबाथ, हिपबाथ, स्पाइनलबाथ, टपबाथ, आर्म एण्ड फुटबाथ, प्याक्स, कम्प्रेसेस, डुसेस, एनिमा ।
- माटोबाट गरिने उपचार (मृतिकाचिकित्सा) ।
- म्यानुपुलेटिभ थेरापीः केलोग मसाज, स्विडिस मसाज, थाई मसाज, शियत्सु मसाज, हट-स्टोन मसाज, परम्परागत नेपाली समाज, सुत्केरीलाई गरिने मसाज र रोग विशेषका मसाज सेवाहरू ।
- जीवनशैली चिकित्साः भोजन, व्यायाम, विश्राम, विचार र व्यवहारसम्बन्धी स्वास्थ्य परामर्श तथा विशेष रोगअनुसारको जीवनशैली परिवर्तनका प्याकेजहरू ।
- फिजियोथेरापीः आधुनिक एक्सरसाइज थेरापी, अत्याधुनिक इलेक्ट्रोथेरापी, म्यानुअल थेरापी, स्ट्रेचिङ्ग, क्रायोथेरापी, हेलियोथेरापी ।
- रिह्याब्लिटेशनः अर्थोपेडिक रिह्याब्लिटेशन, न्यूरो मस्कुलर रिह्याब्लिटेशन, स्पोर्टस इन्जुरी रिह्याब्लिटेशन, पोष्ट सर्जिकल (सर्जरीपश्चात्) रिह्याब्लिटेशन, बृद्ध-बृद्धाहरूको निम्ति जेरियाट्रिक रिह्याब्लिटेशन ।
- योग थेरापीः विशेष रोगावस्थाहरूको लागि विशेष योगासनहरू, प्राणायाम, ध्यान, बन्धमुद्रा र क्रियाहरू (जलनेती, सूत्रनेती, कुन्जल, एनिमा, त्राटक, नैली र कपालभाती) ।
- परम्परागत चाइनिज चिकित्साः अक्कुपञ्चर, अक्कुप्रेसर, मोक्सिबेसन, कपिङ्ग, टुइना, ची-एनलाइसिस आदि ।
- फिटनेसः आधुनिक जिम्नेसियम, कार्डियाक एक्सरसाइज, एरोबिक एक्सरसाइज, लुजनिङ्ग एक्सरसाइज, फ्रि एक्सरसाइज, ट्रेडमिल एक्सरसाइज र ब्याडमिन्टन आदि ।
- उपवास चिकित्सा, भोजन तथा पोषण चिकित्सा एवम् रोग विशेषको भोजन तथा पोषण परामर्श ।
- स्ट्रेस म्यानेजमेन्टः माइन्ड साउण्ड रसोनेन्स टेक्निक, प्रानिक इनरजाइजिङ्ग टेक्निक, डिप रिल्याक्सेसन टेक्निक, क्विक रिल्याक्सेसन टेक्निक, इन्स्टेन्ट रिल्याक्सेसन टेक्निक, ओमकार मेडिटेशन, साइक्लिक मेडिटेशन, योगनिन्द्रा ।
- आयल थेरापीः शिरोधारा, शिरोबस्ती, कटिबस्ती, जानुबस्ती, ग्रिवाबस्ती ।
- प्याथोलोजी सेवा ।
- स्वास्थ्य शिविर सञ्चालन सेवा ।
- सरुवा रोग नियन्त्रणका लागि आइसोलेसन सेवा ।

**चिकित्सालयले सफलतापूर्वक निको पार्दै आएको रोगहरूः**

- ढाड, कम्मर, गर्दन, घुंडा तथा अन्य जोर्नीहरू दुख्ने ।

- हड्डी खिइएको, नशा च्यापिएको, साइटिका तथा अन्य रेडिक्यूलोपेथी ।
- प्यारालाइसिस जस्तैः पक्षघात (शरीरको एक वा दुबै भाग नचल्ने), फेसियल पालसी (मुख बाङ्गिने), सेब्रल पालसी, एकाङ्गिघात (एउटा मात्र हात वा खुट्टा नचल्ने), स्पाइनल कर्ड इन्जुरी, अल्जाइमर रोग, पार्किन्सन रोग आदि ।
- बाथ रोगहरूः अस्टिओ आर्थराइटिस, र्‍युमाटाइड आर्थराइटिस, गौटी आर्थराइटिस (युरिक एसिड बढेको), जोर्नीहरू दुख्ने, पोल्ने, सुनिने आदि ।
- फ्रोजन सोल्जर, टेनिस एल्बो, गल्फर एल्बो, कार्पल टलन सेन्ड्रोम, टेन्डिनाइटिस, लिगान्ट इन्जुरी तथा अन्य अर्थोपेडिक समस्याहरू ।
- मोटोपन, दुब्लोपन र अन्य मेटाबोलिक समस्याहरू
- जीउ पोल्ने, दुख्ने, झम्झमाउने, कटकट खाने समस्याहरू
- कोलेस्ट्रोल बढेको, उच्च तथा निम्न रक्तचाप समस्याहरू ।
- ग्यास्ट्राइटिस, कब्जियत, अपच, अजीर्ण, एसिडिटि, आईवीएस, आन्द्रा तथा पेटको अल्सर, पाइल्स र अन्य पेट तथा गुद्द्वारका रोगहरू ।
- पिनास, एलर्जी, दम, पुरानो खोकी, घुर्ने समस्या ।
- टाउको दुख्ने, माइग्रेन, मानसिक तनाब, चिन्ता, भय (फोबिया), उदासिनता, डिप्रेसन (नैराश्य), अनिद्रा ।
- विभिन्न यौन समस्याहरू, महिनावारीका समस्या एवम् स्त्रीरोगहरू ।
- मधुमेह, थाइराइड तथा अन्य हर्मोनसँग सम्बन्धित समस्याहरू ।
- रक्सी, चुरोट र अन्य कुलत छुटाउने ।
- चायाँ, पोतो, डण्डिफोर, दाद, सोरियासिस एवम् अन्य छालाका समस्याहरू ।
- मुटुरोग, मृगौला रोग, कलेजो र फोक्सोका रोगहरू ।
- फाइब्रेमाइल्जिया एवं दीर्घकालीन दुखाइका समस्याहरू ।

**उपसंहारः**

देवघाट क्षेत्र विकास समितिको भौगोलिक हाताभित्र पर्ने श्रीवागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रमद्वारा सञ्चालित योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय राष्ट्रिय गौरवको आयोजना हो । वागीश्वरीमा योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन गर्न देवघाट क्षेत्रको बृहत्तर गुरुयोजनामा संलग्न यो आयोजना तपाई हामी सबैको साझा धरोहर हो । यस चिकित्सालयको स्थापनमा देवघाट क्षेत्र विकास समितिको योगदान र भूमिका चिकित्सालयको इतिहासमा सदैव स्वर्ण अक्षरले लेखिने छ भने चिकित्सालय परिवार त्यो योगदानप्रति क्षेत्र विकास समितिसँग सदैव कृतकृत्य रहने छ । चिकित्सालय राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रको समेत आकर्षणको केन्द्र बन्दैगर्दा यो भोली समग्र देवघाटधामसमेतको सान बन्नेछ। यस कार्यमा संलग्न सबैलाई सफलता मिलोस् ।

# थोरै देवघाटकै बारेमा



इन्द्र रेग्मी
पूर्व सदस्य, देवघाट क्षेत्र विकास समिति

कालीगण्डकी र त्रिशूलीको संगममा रहेको देवघाटको धार्मिक र पौराणिक महत्त्वको अतिरिक्त यसको पर्यटकीय महत्त्व पनि कम छैन । धार्मिक र पौराणिक ग्रन्थहरूमा अनेकौं उपायहरूद्वारा यसको विशद् वर्णन गरिएको छ। यहाँ रहेका अनेकौं मठ-मन्दिर, आश्रम, धर्मशालाहरूको उल्लेख गर्ने सिलसिलामा कतिपय लेखकहरूले यसलाई नेपालकै सबैभन्दा महत्त्वपूर्ण स्थानको रूपमा पनि उल्लेख गरेको पाइन्छ । यसरी उल्लेख गर्नमा यहाँ रहेको विभिन्न संरचनाहरूको अतिरिक्त यसको भौगोलिक छटा पनि प्रमुख कारण हो। नेपालकै मध्य भागमा रहेको देवघाटको उत्तरतिर अग्ला पर्वतहरू, दक्षिण भ्काडीसहितको तराईको समतल भूभाग, हरिया जङ्गलहरू, देशकै मध्यभागबाट बग्ने त्रिशूली र कालीजस्ता नदीहरू मात्रै नभएर यहाँ रहेको जैविक विविधता पनि हो । अभ्क धार्मिक रूपमा त विभिन्न ग्रन्थहरूमा वर्णन गरिएअनुसार यहाँ परापूर्व कालमा देवताहरूले पनि स्नान गर्थे भन्ने छ। यही भएर नै यसलाई देवघाट भनिएको हो। सायद यही परमम्परा धान्न अहिले पनि देशका विभिन्न भागबाट खास गरेर संक्रान्तिमा यसको संगममा नुहाएर धार्मिक अभिष्ट पूरा हुन्छ भन्ने विश्वासमा हजारौं होइन लाखौं मान्छेहरू यहाँ आउँछन्। विस्तारै विस्तारै माघे संक्रान्ति मात्र नभएर हिन्दूहरूका अन्य पर्वहरूमा पनि यहाँ स्नान गर्न आउनेहरूको धुइरो लागेको देखिन्छ ।

त्यति मात्र नभएर यसको ऐतिहासिक महत्त्व पनि कम छैन । विक्रमको सोह्रौं शताब्दीको अन्त्य र सत्रौं शताब्दीको सुरुतिर पाल्पाली राजा मुकुन्दसेन प्रथम पनि यहाँ बाह्र वर्षसम्म तपस्या गरेर यहीं नै देह त्याग गरेको कुरा पाल्पा राज्यको इतिहास भाग १ र इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १ मा इतिहासकार विष्णुप्रसाद घिमिरे र योगी नरहरिनाथले उल्लेख गरेका छन् । प्राचीन गुफा, प्राचीन ताम्रपत्र, चक्रशिला, स्याउलीगढी लगायतका ठाउँहरू र वस्तुहरूको अवलोकनबाट यो ठाउँको ऐतिहासिक महत्त्व थाहा लाग्छ । स्याउलीगढीकै बाटो भएर चौबीसे राज्यका सेनाहरू त्रिशूली नदीको गाईघाट तरेर कविलासपुर, उपरदाङगढी हुँदै नेपाल खाल्डो (काठमाडौं) आवतजावत गर्ने गरेको कुरा पृथ्वीनारायण शाहको त्यतिबेलाका आफ्ना भारदारहरूलाई लेखेका पत्रहरूबाट पनि ज्ञात हुन्छ। देवघाटको बेनीदेखि उत्तरपूर्व पहाडको घाँचतिरको सूक्ष्म अध्ययन गर्ने हो भने शायद अहिले पनि यो ठाउँको ऐतिहासिक महत्त्व अभ्क उजागर हुनेछ। यसका अतिरिक्त यहाँ पाइएका पुरातात्त्विक अवशेषहरू, वागीश्वरी क्षेत्र, मौलाकालिका मन्दिर लगायतका थुप्रै ठाउँहरूको अध्ययन विश्लेषणबाट यस क्षेत्रको ऐतिहासिकताको अभ्कै पुष्टि हुनेछ । भनिन्छ, देवघाट क्षेत्रको तनहुँतर्फको भागमा सेन राजाहरूले आफ्नो शीतकालीन निवास र वृद्धाश्रम पनि बनाएका थिए ।

मैले माथि जे जति उल्लेख गरें, यो सब यो क्षेत्रको अति संक्षिप्त परिचय मात्र हो । मेरो अहिले यो लेखको उद्देश्य चाहिँ बेग्लै छ । मैले २०६६ देखि २०६८ सम्म दुई वर्ष देवघाट क्षेत्र विकासको बोर्ड मेम्बरको रूपमा नेपाल सरकारबाट पठाइएको एक पात्रको हैसियतले काम गर्ने अवसर प्राप्त गरेको थिएँ । त्यस बखत यस क्षेत्रका बारेमा मैले थोरै ज्ञान प्राप्त गर्ने मौका पाएँ । अहिले म यो लेखमा तिनै कुराहरूलाई लिपिबद्ध गर्ने कोसिस गर्नेछु । हुन त देवघाट चितवनको एक पुरानो बासिन्दाको हैसियतले मेरो लागि नौलो ठाउँ होइन । २०२० सालदेखि नै म यो ठाउँसँग परिचित छु । हामी केटाकेटी जस्तै अवस्थामा यहाँ प्रत्येक माघेसंक्रान्तिको अघिल्लो दिन अर्थात् पुस मसान्तमै त्यहाँ पुग्थ्यौं र रातभर त्यहाँको रमिता हेर्दै रुमल्लिन्थ्यौं र भोलिपल्ट बिहानै नदीमा मुख धुने (नुहाउने काम जाडोको डरले अलि कमै गरिन्थ्यो) काम गरेर घरतिर फर्कन्थ्यौं । भरतपुरबाट लगभग ६ किलोमिटर दूरीमा रहेको त्यो ठाउँ हामी भरतपुरकै बासिन्दाको लागि खासै टाढाको ठाउँ थिएन । त्यति बेला देवघाटमा अहिलेको जस्तो घना बस्ती थिएन । थुप्रै ठाउँ खाली जस्तै देखिन्थ्यो । त्रिशूलीमा झोलुङ्गे पुल बनेपछि (२०३७) मात्र त्यहाँ आवतजावत र बस्तीको घनत्व बढ्दै गएको हो ।

अब म लेखको मूल चुरोतिर जाने प्रयत्न गर्दैछु । देवघाट क्षेत्र भन्नाले भौगोलिक रूपमा हामी भरतपुर महानगरपालिकाको १ र २ तथा ११ नं. वडाका केही भाग चितवनतर्फ, तनहुँतर्फ देवघाट-५ को क्षेत्रलाई र नवलपरासी पूर्वमा गैंडाकोट-३ लाई बुझ्दछौं । यसरी यो क्षेत्र प्रदेशका हिसाबले गण्डकी र बाग्मती र जिल्ला भन्नुपर्दा तनहुँ, चितवन र नवलपरासी पूर्वलाई जानिन्छ । ५४५४ हेक्टर अर्थात् ८३०० विगाहामा फैलिएको देवघाट विकास क्षेत्रमा यसको गुरुयोजनाअनुसार धार्मिक क्षेत्र, आवासीय क्षेत्र, पर्यटकीय क्षेत्र, वन सम्पदा, नदी क्षेत्र, बगर क्षेत्र, बजार क्षेत्र, बोटानिकल गार्डेन, नमुना गाउँ, पार्क, स्याम्पिङ्ग, गौला, योग चिकित्सा, गुरुकुल आश्रम, दियालो बंगाला जस्ता क्षेत्रहरूमा (२०५२) छुट्याइएको छ । गुरुयोजना बन्नु आफैँमा राम्रो काम हो तर यो बनेर मात्र क्षेत्र विकासले परिकल्पना गरेको सबै काम पूरा हुँदैनन् र भएका पनि छैनन् । गुरुयोजना छ तर यसलाई कार्यान्वयन गराउने कानुनको अभाव छ । यसतर्फ सरोकारवालाहरूले पटक पटक आग्रह गर्दा पनि नेपाल सरकार क्रियाशील हुन सकेको छैन । जसको कारणले यस क्षेत्रले थुप्रै समस्याहरूको सामना गर्नु परिरहेको छ ।

समस्याहरू जुनसुकै संघ, संगठन, संस्थाहरूमा हुन्छ । यहाँसम्म कि नेपाल सरकार पनि थुप्रै समस्याहरूको सामना गरिरहेको छ र त्यस्ता समस्याहरू क्रमशः हल हुँदै पनि जान्छन्, गएका पनि छन् । मात्र इच्छाशक्ति र त्यसलाई कार्यान्वयन गर्ने कानुनी व्यवस्थाको आवश्यकता पर्छ । देवघाट क्षेत्र विकास समिति पनि एउटा संस्था हो । चौतर्फी विकसको प्रचुर सम्भावना बोकेको यो क्षेत्रमा अगाडि चुनौतीहरू पनि थुप्रै छन् र ती सबै चुनौतीहरू एकैचोटी हल हुने पनि होइन । यस्ता चुनौतीहरूसँग लड्न र त्यसलाई सही ट्र्याकमा हिँडाउन क्रियाशीलता र धैर्यताको आवश्यकता हुन्छ । २५ वर्ष अघि गठन भएको यो क्षे.वि.स. मात्र प्रत्येक २ वर्षमा फेरिने कार्यसमिति र केही कर्मचारी, केही लाखको वार्षिक अनुदानको व्यवस्था बाहेक अरू केही देखिँदैन । यतिले संस्थालाई जीवित राख्न त हुन्छ तर यसको गुरु योजनामा उल्लेख भएअनुसारका निर्दिष्ट लक्ष्यहरूमा पुग्ने काम चाहिँ हुन सक्दैन । प्रस्टै रूपमा भन्ने हो भने क्षेविस अहिले त्यस्तै स्थितिबाट गुज्रिरहेको छ । नेपाल सरकार वर्षेनी केही लाखको अनुदान र प्रत्येक दुई वर्षमा समितिको पुनर्गठन गरेर

आफ्नो कामको इतिश्री ठानीरहेको छ र यता क्षेत्र विकासको कार्यकारिणी चाहिँ बैठकहरू बस्ने, त्यहाँ रहेका समस्याहरूका समाधानका बारेमा सिंहदरबार धाउने अनि त्यहाँबाट आश्वासनका पोका पुन्तरो गाँठो पारेर ल्याउने र फेरी केही समयपछि तिनै कुरा लिएर काठमाडौं धाउने र आफ्नो २ वर्षे कार्यकाल बिताउने । यस्तै गोल चक्करमा चिजहरू अहिले घुमिरहेका छन् ।

देवघाट जस्तो अन्तर्राष्ट्रिय महत्त्व बोकेको र विकासका प्रचुर सम्भावनाहरू रहेको ठाउँमा कामहरू कछुवाको गतिमा घस्रनु अत्यन्तै पीडादायक कुरा हो । माथि नै भनिसकिएको छ, त्यहाँ विकासका थुप्रै सम्भावनाहरू छन् र थुप्रै समस्याहरू पनि छन् । समस्याको पहिचान र सम्भावनाको खोजीमा सम्बन्धित सबै पक्ष दत्तचित्त भएर लाग्ने हो भने देवघाटको मुहार फेरिन धेरै समय लाग्ला जस्तो लाग्दैन । मात्र खाँचो छ दृढ इच्छाशक्तिको । अब प्रश्न आउँछ, यो सबै गर्ने कसले हो त ? निश्चित रूपमा समस्याहरूको पहिचान भैसकेपछि कानुनको अभाव बाधक भएका ठाउँहरूमा कानुनको दायरामा ल्याएर हल गर्न तिर बाटो खोलिदिने काम नेपाल सरकारकै हो । जुन अपेक्षा गरेअनुरूप भैरहेको देखिँदैन । हुन त यो क्षेत्रको विकासको थुप्रै प्रकारका समस्याहरू विद्यमान छन् तर मैले यहाँ तत्काले हल गर्नुपर्ने समस्याका रूपमा देखेको चाहिँ भूमि अतिक्रमण नै हो । यस्तो अतिक्रमण व्यक्तिगत र संस्थागत दुवै किसिमका छन् । भैरहेको भूमि अतिक्रमण र भविष्यमा हुने सम्भावित अतिक्रमणलाई रोक्न नेपाल सरकारले यस क्षेत्रको सम्पूर्ण जग्गाको नाप जाँच गराउनु पर्छ । अतिक्रमण पहिचान गर्ने पहिलो कदम हो यो । कानुनी रूपमा पहिलेदेखि व्यक्ति वा संस्थाले प्राप्त गरेका जग्गा बाहेक अरू बाँकी सबै जग्गा क्षेत्र विकासले आफ्नो कब्जामा लिन सक्ने वातावरण सरकारले कानुनी रूपमा नै गरिदिनु पर्छ । त्यहाँ दोहोरो स्वामित्वको समस्या पनि मैले चर्को रूपम देखेको छु । सरकारी जग्गाहरू विभिन्न नामबाट ओगट्ने र क्षेत्र विकासको स्वीकृतिविना विभिन्न संरचनाहरू निर्माण गरी कालान्तरमा त्यसलाई आफ्नै निजी स्वामीत्वको रूपमा भोग-चलन र विक्री वितरण समेत गर्ने पनि त्यहाँको एउटा समस्या हो । यस्ता किसिमका अतिक्रमणबाट त्यस क्षेत्रलाई मुक्त पारि नुपर्छ । देवघाटको पौराणिकता र ऐतिहासिकतालाई असर पर्ने गरी बनाइएका जस्तोसुकै संरचनाहरू पनि त्यहाँबाट हटाइनु उपयुक्त हुन्छ ।

देवघाट क्षेत्रभित्रका तीनवटै जिल्लामा पर्ने पर्ती सरकारी जग्गाहरू सुकुम्बासीको नाममा ओगटेर त्यहाँ भौतिक संरचनाहरू खडा गरी त्यसलाई स्थायी रूप दिएर ओगटेको पनि छ्यासछ्यास्ती पाइन्छ । सूक्ष्म रूपले अध्ययन गर्ने हो भने त्यस्ता ओगट्नेहरूमध्येका अधिकांश सुकुम्बासी होइन हुकुमबासीहरू भेटिने छन् । चर्चा त यहाँ के सम्म सुनिन्छ भने विगतका राज्यका उच्च ओहदामा रहेकाहरू स्थानीय साहु महाजनहरू त्यसै क्षेत्रका केही नलुहरू पनि यो क्षेत्रको सरकारी जग्गा ओगट्नेमा पर्छन् । सामान्य रूपमा बसोबास मात्र होइन, हेर्दा शिरको टोपी खस्ने महलहरू, पार्टी प्यालेसहरू समेत त्यहाँ निर्माण भएका छन् । यो सबैको छानबिन गरी क्षेत्र विकासको गुरु योजनाअनुसार उसको स्वामित्वमा रहेको जग्गाविना मुअब्जा र विना मोलाहिजा खाली गराउन ढिला भइसकेको छ । अहिलेकै रूपमा अतिक्रमण बन्दै जाने हो भने एकदिन यस्तो पनि आउने छ कि क्षेत्र विकासको आफ्नो कार्यालय बाहेक त्यो क्षेत्रमा उसको अधिनमा केही रहने छैन । फेरी पनि यी सबै समस्याबाट मुक्त

हुन अहिलेलाई नेपाल सरकारले बनाउने कानुनको प्रतिज्ञा र वैधानिक रूपमा नाप नक्सालाई पर्खनु बाहेक अरू बाटो देखिँदैन । वर्षौंदेखि त्यस क्षेत्रमा बसोबास गरिरहेका साँच्चैंका सुकुम्बासीहरूलाई सुकुम्बासी आयोग समक्ष उचित र सम्मानजनक व्यवस्थाको निम्ति अनुरोध गरिनुपर्छ । यति गरे मात्र देवघाट क्षेत्र विकासको वास्तविक लक्ष्य पूरा हुनेछ । अन्यथा गाई छ, गोठालो पनि छ तर गोठालोको हातमा लौरो छैन भने गाईहरू चरनमा होइन अन्तै चर्ने छन् । हेरौं नेपाल सरकार यसतर्फ कति सचेत हुने हो ?

विकासको जग्गामा मठ, मन्दिर, धर्मशाला आदिको नाममा पनि विभिन्न संघ-संस्थाहरूले अनियन्त्रित रूपमा विभिन्न संरचनाहरूको निर्माण गरिरहेका पनि केही उदाहरणहरू देखिन्छन् । क्षेत्र विकास समितिहरू गठन भएदेखि हालसम्म यस तर्फ सजग हुन नसकेका हुन् या आँखा चिम्लिएका हुन् । यदि उनीहरूले बेलैमा ध्यान दिन सकेको भए अहिलेको गतिमा अतिक्रमण पक्कै पनि हुने थिएन । यदि बलजफती यस्ता कामहरू भएका भए स्थानीय प्रशासन गुहारेर यस्ता समस्याहरूको समाधान पक्कै गर्न सकिन्थ्यो होला । अराजकता कहीँ पनि क्षम्य हुँदैन । ढिला भइहालेको छैन क्षेविसले अविलम्ब अब हुने यस्ता गतिविधिहरूलाई स्थानीय निकायको अर्थपूर्ण सहभागितामा सबै खाले विकृतिहरू हटाउन नेपाल सरकारलाई जोडदार रूपमा गुहार्नु पर्छ ।

विकृतिकै कुरा गर्दा सामाजिक विकृति कम-वेस यस्ता क्षेत्रहरूमा देखिन्छ नै । देवघाट क्षेत्र विकास समिति पनि सामाजिक विकृतिहरूबाट अछुतो रहन सकेको छैन । हिन्दू धर्मावलम्बीहरूले यसलाई अत्यन्तै पवित्र क्षेत्र मानेकै कारणले पनि सम्पूर्ण क्षेत्रमा सम्भव नभए पनि केही निश्चित् क्षेत्रहरूमा मद्यपान पूर्ण रूपमा निषेध हुनुपर्ने हो तर त्यस्तो देखिँदैन । कतै लुकिछिपी त कतै खुलेआम मदिराको उत्पादन र बिक्री वितरण भइरहेको छ र यसलाई रोक्न सम्बन्धितहरू असमर्थ भएका छन् । धार्मिक क्षेत्रको निम्ति त यो अलि लज्जाकै कुरा हो । अब यसलाई रोक्ने कसले हो ? फेरि यहाँ पनि क्षेत्र विकास समितिकै नाम अगाडि आउँछ तर कानुनी रूपमा क्षेत्र विकास समिति यति कमजोर देखिन्छ । पशुपति, लुम्बिनी जस्ता धार्मिक क्षेत्रहरूको अवलोकन गर्दा त्यहाँ अतिक्रमण र विकृतिहरू न्यून रूपमा देखिन्छन् तर देवघाट क्षेत्रमा त्यस्तो देखिएन । स्थानीय निकाय, क्षेत्र विकास समिति, स्थानीय संघ-संस्था, भद्रभलाद्मीहरूको समन्वयमा यस्ता विकृतिहरू हटाउन कदम चाल्दा यो समस्याको हल पक्कै पनि निस्कन सक्ला । स्थानीय रूपमा सम्भव नभए प्रदेश सरकार तथा संघीय सरकारबाट कानुनी रूपमै यी विकृतिहरू हटाउनतिर लाग्नुपर्छ । हुन त यस्ता समस्याहरू यो क्षेत्रमा धेरै छन् र यसलाई क्रमशः हटाउनतिर सबै लाग्नुपर्छ ।

अन्त्यमा देवघाट क्षेत्रको धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्त्वलाई देश-विदेशमा प्रचार गर्न यहाँ तत्काले तीनवटै जिल्ला तनहुँ, चितवन र नवलपरासी पूर्वलाई जोड्ने गरी काली र त्रिशूलीमा त्रिकोणात्मक झोलुङ्गे पुलको निर्माण गरिनु पर्छ । चक्रपथीय मार्ग पनि यसको विकासको अर्को एक कडी हो । यस क्षेत्रको बृहत्तर विकासको निम्ति देवघाट क्षेत्रको मर्मलाई आत्मसात गर्ने योग्य व्यक्तिहरू बिना कुनै भेदभाव नियुक्त गरेर त्यसलाई कानुनी रूपमा सबल र सक्षम बनाउने हो भने यो क्षेत्रको मुहार फेरिने छ । त्यसैले देशमा विद्यमान तीनवटै सरकारहरूको यसमा समन्वयात्मक रूपमा ध्यान जाओस् भनी आग्रह गर्नु सायद उचितै होला । अहिले यत्ति नै !

# देवघाट क्षेत्रको बहुपक्षीय संरक्षण



कृष्णहरि देवकोटा

**देवघाट क्षेत्रको सामान्य परिचय र महत्त्वः**

देवघाट क्षेत्र नेपालको अत्यन्तै महत्त्वपूर्ण तीर्थस्थलहरूमध्यको एक हो । यस क्षेत्रको महत्त्वको व्याख्या वैदिक कालदेखि आधुनिक कालसम्म उस्तै ढङ्गले गरेको पाइन्छ । सुरुसुरुमा धार्मिक महत्त्वको हिसाबले यो क्षेत्रलाई चुनिएको भए तापनि पछि सांस्कृतिक हिसाबले पनि महत्त्व दिन थालियो । अहिले पर्यटनको दृष्टिले पनि उति नै महत्त्व दिन थालिएको छ । पर्यटकीय दृष्टिले महत्त्व पाउनाको कारण हो यहाँको सुन्दर प्रकृति, स्वच्छ नदीनालाहरू, वरपरको सुन्दर वन वनेलीहरू, त्यहाँको जैविक विविधता, वरपरको विभिन्न जनजातीहरू बसोबास गर्ने विविध खालका बस्तीहरू, विभिन्न कालखण्डमा निर्माण गरिएका मठमन्दिरहरू साथै विभिन्न खालका तपस्वीहरू, भक्तजनहरू, श्रद्धालुहरू र आध्यात्मिक जनहरूले आफ्नो आध्यात्मिक उन्नयनका लागि रोजेका गन्तव्यस्थलहरू आदि । यसको साथै यो स्थान ऐतिहासिक र पुरातात्त्विक हिसावले पनि अत्यन्तै महत्त्व राख्ने स्थान हो । पाल्पाका प्रख्यात राजा मणीमुकुन्द सेनले राजकाज त्यागेर जीवनको अन्तिम समयमा यहीँ आएर तपस्या गरे । योगी नरहरिनाथले यही क्षेत्रलाई आफ्नो तपस्थलीको रूपमा प्रयोग गरे । एक सिद्ध तपस्वी गलेश्वर बाबाले पनि यो स्थानलाई नै आफ्नो कर्म थलो बनाए । विद्वान् स्वामी परमानन्द सरस्वती, डा. रामानन्द गिरिलगायतका महापुरुषहरू पनि यहाँ नै आएर पूर्वीय दर्शनको उत्थानको लागि महाविद्यालय खोलेर संस्कृतका विद्वान्हरू उत्पादन गर्ने कर्ममा जुटे । राजा महेन्द्रले पहिलो पटक डुङ्गामा ऐतिहासिक कवि सम्मेलनको आयोजना गरेर यो स्थानको महत्त्व दर्शाए । हजारौं विशिष्ट व्यक्तिहरूले आफ्नो जीवनको अन्त्य समयमा यो स्थानमा आई प्राण उत्सर्ग गर्ने इच्छाअनुरूप यहीँ नै उनीहरूले जीवन बिसर्जन गरे । पञ्चायती व्यवस्थाका सुत्रधार राजा महेन्द्रको देहावसान पनि यही क्षेत्रस्थित दियालो बङ्गालामा भएको थियो ।

संसारमै दुर्लभ वस्तुको रूपमा गनिने शालिग्राम ढुङ्गा पाइने कालीगण्डकी नदी यही क्षेत्र भएर बग्ने भएकोले पनि यो स्थानको महत्त्व बढेको मानिन्छ । त्यति मात्र हैन कालीगण्डकी नदी जो अत्यन्तै पवित्र मानिने मुक्तिनाथ क्षेत्र हुँदै यहाँ आएर अर्को उस्तै पवित्र मानिने गोसाइकुण्डबाट सुरु भएर आउने त्रिशूली नदीमा मिल्ने भएकाले पनि यो स्थानको झनै महत्त्व बढेको हो । यी दुवै पवित्र नदीहरूको सङ्गमस्थल भएको कारणले पनि देवघाटको महत्त्व बढिरहेको मानिन्छ ।

यी दुवै नदीहरूको किनारमा रहेका समथल बेसीहरूमा रहेका आदिबासी बोटे, दराई, माझी र कुमालहरूको बसोबास र उनीहरूले संरक्षण गरेर राखेको विशेष संस्कृति र परम्पराको दृष्टिले पनि

यो स्थानको महत्त्व थपिएको छ । वरपर उभिएका सुन्दर हरिया पहाडहरू त्यहाँ हुर्केको मगर, गुरुङ र चेपाङहरूको संस्कृतिले पनि उति नै महत्त्व राखेको देखिन्छ । माघे संक्रान्ति, हरिशयनी एकादशी, बोलवम आदि समयहरूमा भरिने मेलाहरू पनि यस क्षेत्रका प्रमुख आकर्षणहरू हुन् । सीतागुफा, चक्रबर्ती महादेव, महेश आश्रम, गलेश्वर धाम, हरिहर आश्रम, लक्ष्मीनारायण मन्दिर, बागीश्वरी मन्दिर, योगी नरहरीनाथ गौ संरक्षण केन्द्र, गणेशस्थान, हरिहर मन्दिर, मौलाकाली मन्दिर आदि यहाँका केही विशेष धार्मिक स्थलहरू हुन् । राजाहरूले हिउँदे राजधानीको रूपमा स्थापना गरेका दियालो बङ्गाला दरवार पनि यो क्षेत्रको अर्को महत्त्वपूर्ण धरोहर हो । ऐतिहासिक, साँस्कृतिक, धार्मिक हिसावले मात्र हैन जैविक विविधताको हिसावले पनि यो क्षेत्रको महत्त्व उति नै रहेको छ । वरण्डाभार जङ्गल अन्तरर्गत पर्ने जलदेवी सामुदायिक वन, सतनचुली सामुदायिक वन, वागीश्वरी सामुदायिक वन जस्ता वनहरू जस्ले पहाड र तराईमा रहेका वन्यजन्तु, चराहरू, पुतलीहरूको ओहोरदोहोर गर्ने जैविक मार्गको काम गर्ने गरेको छ । साथै एकसिङ्गे गैंडा, पाटे बाघ, मगरगोही, अजिङ्गर जस्ता दुर्लभ बन्यजन्तुहरू रहने चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको कारणले पनि यी वनहरूको आफ्नै महत्त्व छ । कुनै पनि निकुञ्जका जीवहरू यहाँ आउने र यहाँका निकुञ्जतर्फ जाने आउने क्रम जतिवेला पनि रहिरहन्छ ।

यहाँका जङ्गलहरूमा साल, सतिसाल, सिमल, सिसौ, खयर जस्ता वृक्षहरूको साथै हजारौं खालका जडिवुटीहरू पाइने गर्दछन् । यहाँका नदीहरूमा पाइने जलचरहरूको पनि उति नै महत्त्व छ । त्रिशूली, कालीगण्डकी र नारायणी नदीहरूका गहिरा दहहरूमा असला माछा, गोही र डल्फिन जस्ता दुर्लव जीवहरू भेटिने गर्दछन् । यी सबै महत्त्वपूर्ण बस्तुहरूको धनी मानिने यो देवघाट क्षेत्र प्राचीन कालका ऋषिमुनि, तपस्वी, आध्यात्मिक भक्तजनहरूको लागि मात्र हैन आधुनिक विज्ञानमा रुचि राख्ने अध्येता, अनुसन्धानकर्ता, प्रकृतिप्रेमी, संस्कृतविज्ञ, वातावरणविद्, तीर्थाटनकर्ता, पर्या-पर्यटक, पर्यटन व्यवसायी सबैको लागि आकर्षक थलो बनेको छ ।

## देवघाटको बहुपक्षीय संरक्षण र विकास

देवघाटको महत्त्व त जति गरे पनि कमै हुन्छ । यसको महत्त्वको वारेमा धेरै चर्चा पनि भइरहेकै छ । चर्चा जुन रूपमा भइरहेको छ, संरक्षण भने हुन सकिरहेको छैन । संरक्षणका कुरा पनि धेरैले गर्दछन् तर ढङ्ग पुऱ्याउनेहरू भने कम छन् । देवघाट आफैंमा बहुआयामिक स्थल हो । यसको एक पक्षलाई मात्र हेरेर संरक्षण र विकास गर्न खोजेर यो स्थानको न संरक्षण नै हुन्छ न त विकास नै । देवघाटको समग्र विकास र संरक्षणको लागि यसका हरेक पक्षहरूलाई मिहीन किसिमले केलाएर हेर्नुपर्छ । यहाँको आध्यात्मिक पक्ष, सांस्कृतिक पक्ष, वातावरणीय तथा प्राकृतिक पक्ष, ऐतिहासिक पुरातात्त्विक पक्ष, पर्यटकीय पक्ष, सामाजिक पक्ष सबैलाई अलगअलग केलाउने र तिनीहरूबिचको अन्तरसम्बन्ध, एक पक्षले अर्को पक्षलाई पार्न सक्ने प्रभावलाई पनि केलाउनु पर्दछ । विकास र संरक्षणका कार्यहरू अलगअलग हुन्छन् तर तिनीहरूको असर भने एक अर्कामा परिनै रहन्छ । यी दुवै कार्य गर्दा अत्यन्त गम्भीर भएर अगाडि बढ्नुपर्छ । नत्र

भने एक पक्षको विकास गर्न खोज्दा अर्को पक्षको विनास हुन सक्छ । एक बस्तुको विकास गर्दा अर्को बस्तुको संरक्षणमा आघात पुग्न जान्छ । सबै पक्षका आआफ्ना महत्त्व हुन्छन् । एउटालाई महत्त्व दिन खोज्दा अर्कोको महत्त्व घट्न दिनुहुन्न । सबै पक्षको सम्बेदनशिलतालाई राम्ररी बुझेर मात्र, दूरद्रष्टा भएर काम गर्नुपर्छ । देवघाटको विकास गर्नु भनेको अन्य सामान्य स्थानको विकास गरेजस्तो सजिलो छैन । सबै पक्षलाई मिलाउन सकेन भने विकास गर्न खोज्दा भद्रगोल भएर धेरै पक्षलाई नोक्सान पुग्न जान्छ ।

अहिले विकासको कुरा गर्दा भौतिक संरचनाहरू जस्तै भवन, सडक, पुलपुलेसा, निकास, खानेपानी व्यवस्थापन, मठमन्दिर, विद्यालय, पाठशाला, हाटबजार, फोहोर व्यवस्थापन, पर्यटकीय स्थल, धर्मशाला, होटल रेष्टुरेन्ट, वागबगैचा निर्माण, स्नानगृह, दाहसंस्कार स्थल, ध्यान केन्द्रहरू आदि को निर्माण भन्ने गरिन्छ । मानिसहरूको सुविधाका लागि यी संरचनाहरू आवश्यक पनि छन् । तर देवघाटमा बन्ने भवनहरू नरायणगढ र भरतपुरको भन्दा भिन्न हुनु पर्‍यो । डिजाइन पनि विशेष हुनु पर्‍यो र निर्माण सामग्रीहरू पनि भिन्न हुनु पर्‍यो । प्राकृतिक सौन्दर्यलाई नै छेक्ने, पुरातात्त्विक महत्त्वका स्थानहरूलाई नै छोपिदिने आधुनिक ठूला सहरहरूका गगनचुम्वी भवनहरू, जस्तै भवनहरू निर्माण गरेर सुन्दर प्राकृतिक छटाहरूलाई कंक्रिटको जङ्गलमा रूपान्तरण गर्ने कार्यले देवघाटको गरिमालाई नै घटाउने गर्दछ । देवघाटमा मानिसहरू आउने भनेको आध्यात्मिक प्रगतिको लागि हुनसक्छ, प्राकृतिक आनन्द प्राप्त गर्न हुनसक्छ, अनुपम प्राकृतिक सुन्दरताको अनुभुति गर्न हुनसक्छ, शान्ति र आनन्दको अनुभव गर्ने लालचाले हुनसक्छ, स्थानीय संस्कृतिको अवलोकन गर्न हुनसक्छ, धार्मिक मेलाहरू भर्न हुनसक्छ, ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरूको अध्ययन अवलोकन र जैविक विविधताको अनुसन्धान गर्न हुनसक्छ । प्राकृतिक सुन्दरता नियाल्दै पैदल यात्रा गरेर आनन्द लिनेहरू हुनसक्छन् । देवघाट यात्रामा आउनेहरू आधुनिक सहरहरको कोलाहलपूर्ण वातावरणबाट केही दिनका लागि भए पनि मुक्ति पाउने आशाले शान्तिको खोजीमा आउने हुन् । त्यसैले देवघाटमा यीसँग सम्बन्धित वस्तुहरूको संरक्षण र विकास हुनु जरुरी छ । जे हेर्दा पनि जता हेर्दा पनि आध्यात्मिकता झल्कने मन शान्त हुने, आत्मिक उन्नयन हुने खालका संरचनाको निर्माणमा लाग्ने । बनिसकेका संरचनाहरू जस्ले देवघाटको विशेष परिचय दिने गर्दछन् तिनीहरूको संरक्षण पनि हुनुपर्‍यो । धर्मका नामका कतिपय विकृतिहरू गाँजा सेवनको परम्परा, धुमपान, मद्यपान, बलीप्रथा, जनावरहरूको हिंसा जस्ता कुप्रथाहरू भने क्रमशः हटाउँदै लैजाने गर्नुपर्दछ ।

मठमन्दिरहरू बनाउँदा पनि नेपाली कलात्मक शैलीका स्थानीय निर्माण सामग्रीहरूको भरपुर प्रयोग गरी पुरातत्त्व विभागको परामर्शमा मात्र निर्माण गरे राम्रो हुनेछ । स्थानीय शैलीका कलात्मक कुटीहरूले जति देवघाटको महत्त्व बढाउन सक्छन् त्यति विदेशी शैलीका विशाल मन्दिरहरूले महत्त्व बढाउन सक्दैनन् ।

देवघाटको महत्त्वका लागि पुराना शैलीका थुप्रै कुटीहरू हुनु पर्थ्यो, तर यतिवेला बागीश्वरीमा भएका दुईवटा कुटीहरूबाहेक अन्यत्र पाउन मुस्किल बनेको छ । साधुसन्तहरू पनि आधुनिक शैलीका

सिमेन्टेड ठूला भवनहरूमा बस्न थालेको अवस्थाले देवघाट अव कङ्क्रिटघाटमा मात्र सिमित हुने पो होकि भन्ने लागेको छ । योगी नरहरीनाथः र उनका चेला योगी श्रीषनाथःको प्रयासले बागीश्वरीमा दुइवटा कुटीहरू, एउटा वागीश्वरी मन्दीर र अर्को एउटा गणेश मन्दिर भने पुरातात्विक मापदण्डअनुसार चुनासुर्की र ढुङ्गाबाट निर्माण गरिएको भएता पनि अहिले बनेका योगी नरहरीनाथको हवनस्थलसमेत सिमेन्टको बनाएर पुरातात्त्विक स्थलको खिल्ली उँडाउने काम भएको छ । योगी नरहरीनाथको नाममा सहयोग जुटाएर नरहरिनाथको विचार र जीवनको अन्तसम्म उनले अपनाउँदै आएको सिद्धान्त र उनले दिएको वातावरण मैत्री शिक्षाको नै उपहास गरेको देखिन्छ । योगी नरहरीनाथको आश्रम वरपरको क्षेत्रमा नै योगीजीको भावनामाथि ठेस पुग्ने गरी जथाभावी निर्माण गरेर बागीश्वरी क्षेत्रको गरिमा घटाउने काम भएको छ। योगीजीको त्याग र योगदानको अपमान गर्ने काम भएको छ।

सडकलाई चाक्लो बनाउने नाममा यहाँको महत्त्वपूर्ण वनको विनास गरिएको छ । देवघाटदेखि नारायणगढसम्म स्थानीय स्तरमा पाइने ढुङ्गा बिछ्याएर पैदल मार्ग बनाई खोला खोल्साहरूमा काठका पुल तथा फड्केहरू निर्माण गरिदिने हो भने जैविक विविधताको अवलोकन गर्दै आनन्द लिएर मानिसहरू घुम्न र रमाउन पाउँने थिए । गाडी चढेर फुत्त जानु, धुलो र धुवाँ खानु भन्दा धेरै राम्रो हुने थियो । नारायणीको किनारै किनार यस्तो बाटो निर्माण गर्न सके देवघाटको यात्रा अत्यन्त रमणीय हुने थियो । होटेल रेस्टुरेन्टहरूको निर्माण गर्दा पनि शाकाहारी परम्पराका कटेज स्टाइलका स्थानीय काठ, बाँस, खर, ढुङ्गा आदिको प्रयोग गरी रातो वा गेरु माटोले पोतेर वा स्थानीय प्राकृतिक रङ्गले रङ्गाएर प्राकृतिक दृश्यावलोकन गर्न मिल्ने स्थानहरूमा बनाउँदा देवघाटको महिमा बढ्ने छ ।

देवघाट क्षेत्र भनेको गणेशस्थान, हरिहर मन्दिरदेखि पुल्चोक क्षेत्र, मौलाकालीक्षेत्र आदि पनि पर्दछन् । यी सबै क्षेत्रमा बनेका संरचनाहरू देवघाटको गरिमा बढाउने भन्दा पनि घटाउने खालका छन् । जानी या नजानी गल्ती त धेरै भएको छ यो क्षेत्रको विकासको नाममा तर अबका दिनमा हामीले सोच्नै पर्छ देवघाटलाई साच्चिकै देवघाट बनाउने कि भद्रगोलघाट । त्यो हाम्रो बुझाई र प्रयासमा भर पर्दछ । हतारिएर बजेट खर्चने कुरालाई मात्र विकास भएको भन्नु यस क्षेत्रको लागि अभिशाप हुन्छ। विकास गर्ने नाममा हतारो गर्नु यो क्षेत्रको लागि राम्रो होइन । कामको थालनी गर्दा धेरै गमेर मात्र गर्नु पर्दछ। आउन सक्ने परिणामलाई हेरेर मात्र काम गर्नुपर्दछ। देवघाटको महिमालाई दृष्टिगत गर्दा यहाँ धेरै कुराहरू त विगारिसकिएको छ । महत्त्वपूर्ण सार्वजनिक स्थलहरू, मन्दिर परिसरभित्रका जमिनहरू, नदीकिनारका सुन्दर तटहरू, महत्त्वपूर्ण वन क्षेत्रहरू खासगरी नाराणगढको नदी किनार, गणेश स्थानको मन्दिर वरपरको केही विघा जमिन, आँपटारीको सुन्दर जङ्गल, जोरकुसुमको नदी किनारको सुन्दर भूभाग देवघाट वारि र पारिपट्टि रहेका नदीकिनारका महत्त्वपूर्ण स्थानहरू विभिन्न व्यक्ति, संघसंस्था र समुहको नाममा अतिक्रमित भइसकेका छन् । त्यसलाई फिर्ता ल्याएर गुरुयोजनाअनुसारका केही आवश्यक संरचनाहरू तयार गर्न सकिन्छ । जसले देवघाटको गौरवलाई बढाउन सकून् ।

यो क्षेत्रको संरक्षण र विकासको लागि देवघाट क्षेत्र विकास समितिको गठन गरिने व्यवस्था पनि भएको कारण योजना बनाएर अगाडि बढ्न यो निकायलाई ठूलो अवसर पनि छ । विचार पुऱ्याएर गर्न नसके अपजसको स्थिति पनि आउने देखिन्छ । देवघाट क्षेत्रको विकासको लागि गुरु योजना पनि तयार छ । त्यसलाई अझै परिमार्जन त गर्नु पर्ने नै देखिन्छ । निर्माणका लागि मापदण्डहरू पनि तयार छन् । समयअनुसार नपुग कुराहरू थप्दै गएर मापदण्ड लागु गर्नको लागि कुनै पनि कसर बाँकी राख्नुहुँदैन । जसरी हुन्छ यो सुन्दर क्षेत्रको प्राकृतिक स्वरूपलाई विग्रन दिनु हुन्न । देवघाटको गरिमा र महत्त्वमा कमि आउन दिनुहुन्न । बसोबास क्षेत्रमा मापदण्ड केही खुकुलो गरे पनि केन्द्र भागहरूमा भने मापदण्ड कडाइका साथ लागु गर्नुपर्दछ । त्यहाँको स्वच्छ वातावरण, प्राकृतिक सुन्दरता, जैविक विविधता, वन, खोला तथा सीमसार क्षेत्रहरूको संरक्षणमा कमी आउन दिनु हुन्न ।

विभिन्न स्थानहरूमा हेर्दा मानिसहरूको दिमागमा के देखिन्छ भने ठूलाठूला संरचनाहरू बने भने त्यो नै विकास हो भन्ने गरिन्छ । तर तीर्थस्थलहरू, आध्यात्मिक स्थलहरू, पुरातात्त्विक स्थलहरू, ऐतिहासिक स्थलहरू, प्राकृतिक स्थलहरू आदिको विकास गर्दा धेरै कुराको विचार गर्नु पर्छ। यहाँ संरचना बनाउँदा विभिन्न क्षेत्रका विज्ञहरू जस्तै संस्कृतिविज्ञ, इतिहासविज्ञ, पुरात्त्वविद्, वातावरणविद् आदिसँग परामर्ष गरेरमात्र गर्नु पर्दछ।

यहाँ कालीगण्डकी तिनाउ डाइभर्सन परियोजना र सप्तगण्डकी बहुउद्देशीय परियोजना सञ्चालन गर्ने चर्चाहरू पनि भए। यी परियोजनाहरू आर्थिक र रोजगारीका हिसावले लाभदायी होलान् तर यिनीहरूको प्रभाव सिङ्गो देवघाटक्षेत्रमा कस्तो पर्नेछ भनेर सोच्नुपर्दछ । देवघाटको महत्त्व भनेको आध्यात्मिक, पुरातात्त्विक, ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक महत्त्व हो । यी परियोजनाहरूले यो महत्त्वलाई बढाउन सक्दैनन् बरु सङ्कटमा पार्दछन् । यसको बारेमा राष्ट्रिय स्तरमा नै ठूलो बहस पनि भइसकेको छ । नेपालको पुरानो संस्कृतिमाथि आक्रमण गरी यसको महत्त्वलाई समाप्त पार्नको लागि विभिन्न त्वहरू लागिरहेको अवस्थामा मानिसहरूलाई दिग्भ्रमित पार्ने यस्ता धेरै प्रपञ्चहरू रचिन सक्छन् त्यसमा सावधान रहनु जरुरी छ । अवदेखि यस्ता योजनाहरूको परिकल्पना गर्दा वेलैमा गम्भीर भएर सोच्ने गरियोस् । ताकी समय, श्रम, शक्ति र अर्थको अनावश्यक नास हुन नपाओस् ।

**निष्कर्ष :**

देवघाट एक सुन्दर तीर्थस्थल, शान्त आध्यात्मिक स्थल, पवित्र नदीहरूको सङ्गम, स्वच्छ मनोरम वातावरण भएको स्थान हो । यो आध्यत्मिक चिन्तन बोकेका मानिसहरूको लागि आस्थाको केन्द्र हो । आधुनिक कोलाहलको वातावरणबाट केही समयको लागि भए पनि मुक्ति पाउने आशाले आउने मानिसहरूको गन्तव्यस्थल हो। यसको विकास गर्दा प्राकृतिक सुन्दरता नविग्रने गरी, जैविक विविधतामा नकारात्मक प्रभाव नपर्ने गरी, धार्मिक मूल्यमान्यतामा आँच नआउने गरी वातावरण मैत्री, धर्म-संस्कृतिमैत्री हिसावले विकास गरौं । यहाँ रहेका हरेक पुरातात्त्विक, ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक महत्त्वका विविध वस्तुहरूको संरक्षण गरौं ।

# देवघाट : एक प्राकृतिक शिल्प



रेशम विरही

चितवनले आधा, तनहुँले आधा भए पनि मूलतः तनहुँ जिल्लाको सिमान्तस्थल देवघाटधाम एक कुशल कालिगढले कुँदेको प्रस्तर मुर्तीजस्तै सुन्दर लाग्छ । यो पवित्रधाम हो अथवा प्रकृतिको सुरम्य आश्रम हो ?

देवघाटको प्राचीनतम् महत्त्वसँगै वर्तमानको विकासक्रममा पनि यसको महत्ता अझै प्रखर रूपमा स्थापित हुँदै गएको छ । धर्म तथा पुण्यकर्मका रूपमा आत्मसाथ गर्ने एउटा पक्ष त छँदैछ त्यसमा थप सांस्कृतिक तथा पर्यटकीय दृष्टिले पनि देवघाटको अपरिमित सौन्दर्यले जो कोहीलाई पनि मुग्ध तुल्याउँछ । प्राचीन किंवदन्तीमा यस भूभागलाई हरिगङ्गाको किनार र गाउँवस्तीलाई देउपुर भनेर चित्रित भएको पाइन्छ । देवताहरू अप्सराका साथ रमण गर्ने भूमिका रूपमा वर्णित हुनुको सत्यार्थमा विश्वास-अविश्वास सबैको आ-आफ्नो अभिमत त हुन्छ नै तर पनि यो भूमि वास्तवमै अलौकिक र स्वर्गीय आनन्दले तृप्त गराउँने सुरम्य पर्यावरणले परिवेष्ठित छ। पंक्तिकार यसको प्राचीन र ऐतिहासिक तथ्य-कथ्यहरूको ज्ञाता होइन । सामान्यतयाः अवलोकीय अनुभव र भ्रमणका केही स्मृतिहरू मात्र व्यक्त गर्ने चेष्टा गर्न सक्छ ।

मेरो पहिलो पाइला २०१७ सालमा त्यस भूमिमा टुकुटुकु हिड्यो । म आठ वर्षको अवोध वालकको मस्तिष्कमा त्यस भूमिको अनुपन सौन्दर्यको छाप परेको घुर्मेलो स्मृति अहिले पनि छ । म अहिलेको भौतिकवादी चेतनाले होइन त्यतिबेलाको मनौवैज्ञानिक छापको आधारमा यी वाक्यांशहरू कोरिरहेको छु । मेरो चूडाकर्म अर्थात् व्रतबन्ध चितवनतर्फको नारायणीको किनारमा भएको थियो । मलाई धमिलो याद छ - कपाल खौरिएर पहेंला वस्त्र लगाएर चूडाकर्म गरिरहँदा पनि मेरा आँखाहरू पारिपट्टिको पहाड र दुई नदीको मिलन विन्दुतर्फ नाचिरहेका थिए ।

त्यसपछिको दोस्रो मेरो जिज्ञासु मनोभावीय यात्रा २०२२ सालमा हुन पुग्यो ।

तात्कालीन राजा महेन्द्रको इच्छामा आयोजित एउटा भव्य कविगोष्ठी, मेरो मनमा परेको साहित्यिक प्रभावको पहिलो अंकुरण थियो । दुई नदीको मिलन विन्दुमा पटलाहरू जोडेर राष्ट्रियस्तरका विशिष्ट कविहरूको समुपस्थितिमा त्यो कवि गोष्ठी वास्तवमा भव्य र चित्ताकर्षक नै थियो । मलाई त्यसको परिदृश्यको झझल्को आउँछ तर त्यहाँ भएका यावत् क्रियाहरूको वर्णन कवि प्रेमविनोद नन्दनको मुखारबाट सुनेर थाहा पाएँ र यसलाई मैले कतै विस्तृत रूपमा वर्णन गरेको छु र कुनै साहित्यिक सामग्रीको रूपमा छापिएको पनि छ ।

देवघाटधाम एउटा धार्मिकधाममात्र होइन यो एउटा काव्यभूमि पनि हो । यसको प्राकृतिक

बनोट र सांस्कृतिक मूल्यले छुट्टै काव्यिक अनुभूति गराउँछ । उत्तरतिरको श्वेत हिमश्रृङ्खलाबाट बग्दै आएको जलधाराले गण्डकी र कालीमा आफूलाई समाहित गरेजस्तै कुनै पनि कविहृदयले त्यस पावन र स्वर्णिम भूमिमा पदापर्ण गर्छ भने अवश्य नै उभित्रका अनुभूतिले नविन भावको विम्ब बनाउन सक्छ । कवि महेन्द्रले काब्यसङ्गम गराएको तथा कवि शिरोमणि लेखनाथले इच्छाइए मुताविक देहत्याग गरेको त्यो भूमि मेरा लागि पनि गहन सिर्जनाको परिवेश हुँदै गएको छ ।

मेरो स्मृतिमा कहिलेकाहीँ छचल्किन्छ, कवि शिरोमणि लेखनाथको श्वेत श्रृङ्खलाजस्तो सेता र लामा दारी कपालसहितको शरीर भरतपुर अस्पतालको शैय्यामा देखेको दृश्यको आभामण्डल । मेरा परमादरणीय गुरु स्व. केदारनाथ रेग्मीले चितवन गीतानगरको अरूणोदय हाइस्कुलका विद्यार्थीहरूलाई कवि शिरोमणिसँग अन्तिम भेट गराउन भरतपुर अस्पतालसम्म पैदलै पुऱ्याउनु भएको थियो । कवि शिरोमणिको देहावसानपछि गुरु केदारनाथले देवघाटधाममा गरिएको अन्तिम संस्कारको वर्णनले हामी तमाम छात्रहरूलाई भावुक तुल्याएको स्मृतिले अहिले पनि मलाई निमेष भरका लागि भावुकताको दिशातर्फ धकल्छ । यस्ता प्राकृतिक सौन्दर्य र भौगोलिक महत्त्वले बेष्टित भूमिमा प्रत्येक सिद्ध पुरुषहरूको ध्यानाकृष्ट भएको हुन्छ । देवघाटधामलाई यतिमात्र होइन कैयन विद्वत् तथा अध्येताहरूले परिभ्रमण गरेका थुप्रै नै उदाहरणहरू छन् ।

मैले आफ्नो स्मृतिविम्बको पटलबाट देखेका थुप्रै विवरणहरू छन् तर मलाई ती विवरणभन्दा पनि आफैंले स्पर्श गरेका कतिपय घटनाहरूले नै मग्न बनाउने गर्छ ।

म बेलाबखत एक्लै घुम्छु र एक्लै रमाउँछु । कहिले युवाहरूको जत्था लिएर हिड्छु र खुसी हुन्छु । केही गुन्छु र केही लेख्छु । एकपटक म केही युवा साथीहरूसँग देवघाट घुमेँ र खुब रमाएँ । त्यहाँको सामुदायिक सिकाइ केन्द्र र पुस्ताकलय अवलोकन गर्ने अवसर मिल्यो । देवघाट क्षेत्र विकास समितिका अध्यक्ष शिवराज पौडेलसँगको परिचय र भलाकुसारी अत्यन्त रोचक र सान्दर्भिक रह्यो । मेरा दुई-तीन थान पुस्तकहरू पुस्तकालयलाई दान गर्ने अवसर पनि जुट्यो ।

मेरो त्यति बेलाको देवघाट यात्राले मलाई केही प्राचीन साहित्यको ज्ञान, पुराना किंवदन्ती र धार्मिक विषयमा मात्र ज्ञान दिएन कि मलाई एउटा औपन्यासिक कृति सिर्जना गर्ने केही प्राचीन विषयहरू पनि दियो । मैले माथि नै उल्लेख गरेको छु, यो भूमिलाई अतिभौतिकवादी उद्‌भट दृष्टिले मात्र हेर्न जरुरी छैन यो भूमिलाई एक चित्रकारी, कुशल शिल्प र सत्त वाङ्मयी भूमिको रूपमा पनि ग्रहण गर्न सकिन्छ । भारतको प्रसिद्ध धार्मिकस्थल नासिक तथा रामेश्वरमको भन्दा देवघाटधामको महिमा गर्ने प्रशस्त विषयहरू छन् । यसको तुलनात्मक विवेचनाको प्रयास म यथोचित समयमा गरी कुनै सामग्रीमा प्रकाशन गर्ने प्रयत्न गर्ने नै छु ।

वर्तमान युग विज्ञानको युग हो तथापि हरेक मानिसमा हुनुपर्ने सत्य, शौर्य, निष्ठा र समर्पणजस्ता दार्शनिक पक्षहरू पनि त्यत्तिकै कर्तव्यपरायताको सिमाभित्रै छन् । देवघाटको सन्दर्भमा यस्ता सात्त्विक विचारको महत्ता र आवश्यकता झन्झन् प्रकट हुँदै आउँछन् । यो भूमि एक प्रकारले भौतिक रूपमा एउटा 'दृश्यशिल्प' जस्तै देखिए पनि भावनात्मक


रूपमा यो काव्य तथा सिर्जनाशिल्पको उत्थान भूमि पनि हो । यहाँका संस्कृत विद्यालय, गुरुकुल, सन्तमहन्तहरूको आश्रयस्थल तथा विभिन्न मठ-मन्दिरले एउटा सोह्रश्रृङ्गारले युक्त मानवको रूपमा पनि साहित्यिक चित्रण गर्न सकिन्छ । एउटा कवि हृदयले यसलाई कविता देख्छ र कविता लेख्छ । एउटा दार्शनिक हृदयले यसका दार्शनिक पक्षहरूको उत्खनन् गर्छ र कुनै अध्येताले यसका बहुआयामिक महत्ताहरूको अनुसन्धान गर्न सक्छ । त्यसैले यो अपरिमित सौन्दर्यले बेष्टित सिर्जना भूमि हो । मुक्तिधाम हो र उन्मुक्तिको मनोवैज्ञानिक आयाम पनि हो । मुक्तिधामभन्दा कतिपयलाई 'धार्मिक अर्थोड्रग्स' झैं लाग्ला तर मुक्तिको तात्पर्य मृत्यु पर्यन्तको होइन जीवनकालकै उन्मुक्ति नै मुक्ति हो र यस्तो मुक्ति प्राप्त गर्ने स्थल मुक्तिधाम हो । जसको गरुङ्गो महिमा देवघाटधामले बोकिरहेको प्रतीत हुन्छ ।

देवघाट क्षेत्रलाई अतिरञ्जित नगरी भन्ने हो भने देवघाट आफैंमा एउटा साहित्य हो । यसको भौतिक, सांस्कृतिक र प्राचीन कुराहरूलाई समेट्ने हो भने एउटा सिङ्गो महाभारत बन्छ । महाभारत एउटा युग हो र त्यो युगको कथा नै महाभारत हो । त्यस्तै देवघाट पनि प्राचीनकालको एउटा युगभूमि हो । यसका गर्भभित्र उत्खनन् गरि नुपर्ने अनेक रहस्यहरू हुनसक्छन् । हरिगङ्गाको नामानुवाद कसरी भयो ? काली, सेती र गण्डकी आदिको उद्‌भव र मिलनका भूगर्भभित्र कस्ता-कस्ता वैज्ञानिक कारणहरू छन् ? यी सब अनुसन्धानका विषयहरू हुन् ।

प्राकृतिक सौन्दर्य, नदीवेष्टित भूगोल, अति प्राचीनतम् संस्कृति तथा वर्तमानको विविध आकर्षणले यसलाई एउटा महाभूमिका रूपमा स्थापित गर्दैछ । महाभारतकालीन साहित्यका रूपमा विभिन्न स्तोत्र, मन्त्र र कहावतहरू वर्णित भएझैं यस भूमिको उपजका रूपमा अनेक प्रकारका साहित्यहरू लेखिन थालेका छन् । धार्मिक दृष्टिबाट मात्र होइन पर्यटकीय र अन्य दृष्टिबाट पनि यसको अध्ययन अवलोकन नेपाली समाजका लागि एउटा आवश्यक सर्तका रूपमा प्रकट हुँदै छ । यसको सौरम्यले हामीलाई सधैं **'धियोयोनः प्रचोदयात्'** अथवा हामीमा सद्‌विचारको अभिप्रेरणा प्रदान गरिरहोस् भन्ने सन्देश दिइरहेको अनुभूति गर्न सकिन्छ ।

अन्तमा, महाभारतकालीन एउटा कथालाई यस ठाउँको अवलोकनीय भावका रूपमा उल्लेख गर्न वाञ्छनीय ठान्दछु । अजामिल नामका एकजना अधर्मी मानिसको पापाचारको सीमा थिएन । कालान्तरमा ऊ मृत्यु शैयामा छट्पटाउँदै गर्दा उसले नारायण नाम गरेको आफ्नो एक पुत्रलाई 'नारायण' भनेर पुकार्‍यो जसले गर्दा नारायण भगवान्को नामोच्चारण गरेको अर्थमा उसले मुक्ति प्राप्त गर्‍यो । मरा, मरा भन्दाभन्दै राम उच्चारण भएको कहावत पनि यसैमा जोडिनछ । त्यसैले मेरो नितान्त व्यक्तिगत चिन्तनको अभिमतले के भन्छ भने देवघाट वास्तव मै देवभूमि हो । देव भनेको स्वयम् मानिसको दशइन्द्रिय र आत्मा हो । यसको परिभ्रमण, अध्ययन र अवलोकनले हाम्रो अन्तर्आत्मामा एक प्रकारले प्राकृतिक सौरम्यको आनन्द दिलाउँछ । श्रष्टाहरूलाई सिर्जनाका अनेक धाराहरू प्रवाहित गर्छ । 'मरा-राम' अथवा अजामिलको 'नारायण' जस्तो रुढ अन्धधर्मको अर्थमा नभई वैज्ञानिक तथा भौतिकवादी दृष्टिले पनि देवघाटलाई मानवीय चैतन्यको एउटा उन्नत भूमिका रूपमा विकसित गर्न सकिन्छ । त्यसैले यस भूमिमा पदार्पण गर्नु जीवनको एक सुन्दर आयामका रूपमा प्रकट हुनसक्छ ।

# हरिहर क्षेत्रको मुटु पावन तीर्थस्थल देवघाटधाम



**महेश्वर पौडेल**
अध्यक्ष, देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्

नेपालको मध्यभाग चितवन, तनहुँ र नवलपरासी जिल्लाको त्रिकोणीय सङ्गममा रहेको देवघाटधाम विश्वकै सम्पूर्ण वैदिक सनातनीहरूको पावन तीर्थस्थल हो । भगवान् शङ्करको शरिरबाट गोसाइँकुण्डमा उत्पत्ति भई साथमा वेत्रावती, तादी, वुढीगण्डकी, मर्स्याङदी, मादी, सेती आदी नदीहरू समाहित गरी आउने शाम्भवी (त्रिशूली) र विष्णुको गण्डस्थल (गाला) बाट उत्पत्ति भई साथमा दामोदर, रहु, मोदी समाहित भै आउने शालग्राम वाहिनी नदी कृष्णा (कालिगण्डकी) को देवघाटमा सङ्गम हुन्छ त्यो मुख्य सङ्गम स्थललाई देवह्रद (देवताको दह वा तलाउ) भनिन्छ । वली राजाले देवघाटमा विशालयज्ञ गरेको समयमा विष्णु भगवान्ले वामन अवतार लिई वलीको अहङ्कार चूर्ण पारी पाताल पठाएको र त्यही समयमा त्रिविक्रम रूप लिई पाउ टेक्दा ठूलो खाडल बनेको ठाउँ नै देवह्रद हो भन्ने बराहपुराणमा उल्लेख छ ।

ब्रह्माजीबाट प्रथम यज्ञ भएको, वली राजाले यज्ञ गरेको र भगवान् रामचन्द्रले पनि देवह्रदमा स्नान गरी दानयज्ञ गरको स्थान भएकोले देवघाटधामलाई अदिप्रयाग पनि मानिएको छ । दामोदरकुण्ड, मुक्तिनाथदेखि गण्डकीको भागीरथी (गङ्गा) मा सङ्गम हुने भारतको पटना नजिक सम्मको सबै स्थानलाई हरिहर क्षेत्र भनिन्छ । गण्डकीको वरिपरि सबै क्षेत्र पवित्र हुन्छ, कुनैपनि स्थानलाई कम महत्त्वको भन्न सकिन्न तर पनि पौराणिक समयमा महर्षिहरू, वर्तमानमा देवरूप महात्माहरू साधनामा रहेका मुख्य स्थानहरू यज्ञघाट (कागवेनी) पुलहआश्रम रहुघाट गलेश्वर, रुरु क्षेत्र (रिडी) देवघाटधाम र त्रिवेणी रहेका छन् । यी तीर्थहरू मध्ये हरि र हरको सङ्गमस्थल देवघाटधाम हरेक दृष्टिबाट विशेष महत्त्वको छ ।

कृष्णागण्डकी, शाम्भवी वा धर्मधारा (त्रिशूली) को सङ्गम नारायणी देवह्रद, देवाट (देवता भ्रमण गर्ने) अर्थात् देवघाटलाई त्यसै पावन (पवित्र) मानिएको होइन । वेद, पुराणहरूमा यिनको पवित्रता र धार्मिक महत्त्वको बारेमा स्पष्ट उल्लेख छ । विभिन्न विद्वान्हरूले लेख्नुभएको लेखहरू, किताबहरू अध्ययन गर्दा विस्तृत जानकारी पाउन सकिन्छ ।

डा. गुरुप्रसाद सुवेदीले लेख्नुभएको "देवघाटधाम", श्री नलराज शास्त्री नेपालज्यूको "देवघाट तीर्थस्थल महात्म्य" "चार तीर्थराज प्रयाग" आदि प्रकाशनहरू, देवघाट क्षेत्र विकास समितिबाट प्रकाशित देवघाट दर्पणका अङ्कहरू, गलेश्वर, महेश, हरिहर आश्रमका प्रकाशनहरू, देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्बाट प्रकाशित **देववाणी**का अङ्कहरू, देवघाट विकास केन्द्र नेपालको प्रकाशन "आदि प्रयाग एक अध्ययन"मा देवघाटधामको धार्मिक र ऐतिहासिक महत्त्वबारे विशिष्ट विद्वान् हरूबाट लेखेको लेखहरू पढ्न पाइन्छ ।

ऋग्वेद, स्कन्दपुराणको हिमवतखण्ड, वराहपुराण, गण्डकी महात्म्यमा कृष्णागण्डकी, त्रिशूली, देवघाटधामको विशिष्ट धार्मिक महत्त्वको वर्णन गरेको रहेछ । कालो जल र सेतो जल मिसिने स्थान भएकोले र आदि यज्ञस्थल भएकोले देवघाटलाई आदि प्रयाग मानिएको रहेछ ।

विष्णु भगवान्‌को गण्डस्थल मुक्तिनाथबाट उत्पन्न भै विष्णुकै प्रतिरूप शालग्राम उत्पादिनी कृष्णागण्डकीमा जहाँसुकै र देवघाटधामको सङ्गमस्थल देवघाटमा स्नान गर्नाले सहस्रयज्ञ गरेसरह फल प्राप्त हुने, श्राद्ध गरे पितृमोक्ष हुने, पाप नष्ट हुने उक्त पुराणहरूमा उल्लेख छ ।

**हरिहर क्षेत्रको मुटु देवघाटधाम किन ?**

**(क) आध्यात्मिक पक्षः**

कृष्णागण्डकीको शिर र पुछारसम्म नदीको वरिपरिको क्षेत्र सबै नै हरिहरक्षेत्र हो । कृष्णा र शाम्भवी (त्रिशूली)को सङ्गमस्थल देवह्रद देवघाटधाममै छ । जुन देवह्रदमा सबै देवताहरू स्नान गर्दछन् । साधकहरूले हरेक रातको २ बजे देवताहरू देवह्रदमा स्नान गरेको देखेका छौं समेत भन्दछन् । ब्रह्माजी, भगवान् रामचन्द्रले देवघाटमा यज्ञ लागएको स्नान गरेको पुराणहरूमा उल्लेख छ । यज्ञ स्थलका भग्नाबशेष हामीले सम्हाल्न सकेनौं । ती नवनिर्माणमा तितरवितर भएको विज्ञहरूले बताएका छन् । बशिष्ठ ऋषिको गुरुकुल यही क्षेत्रमा थियो जहाँ दशौं हजार विद्यार्थीहरू अध्ययन गर्दथे । यसै क्षेत्रको रामनगर, वागीश्वरी प्राग ऐतिहासिक, धार्मिक, आध्यात्मिक क्षेत्रहरू हुन् ।

वर्तमान समयमा पनि सन्न्यास आश्रमहरू जस्तै गलेश्वर सन्न्यास आश्रम, महेश सन्न्यास आश्रम, हरिहर सन्न्यास आश्रमलगायत विभिन्न आश्रमहरू यहाँ छन् । धार्मिक र आध्यात्मिक कार्यहरू जीवन्त रूपमा सञ्चालित छन् र लौकिक डुङ्गा नडुब्ने वहानाको काम गरिरहेका छन् ।

**धार्मिक महत्त्वको एक अनुभव**

२०६२ सालमा विदेश भएको बेला एकपटक कलकत्ता पनि हेर्नुपर्‍यो भनी ट्रान्जिट पोइन्ट बनाएर म त्यहाँ गएको थिएँ । नेपाली काउन्सिलर साथी थिए, त्यहीँ अतिथि बनें । नयाँ बजार हेरौं भनि बजार घुम्दा एक कपडा दोकानमा पसें । साहुजीसँग टुटेफुटेको हिन्दीमा कुरा हुँदा म कृष्णागण्डकी क्षेत्र नेपालबाट आएको हुँ भने, साहुजीले तपाईं ठूलो धार्मिक स्थल हरिहरक्षेत्रबाट आउनुभएको रहेछ भनी फूलहरू शिरमा छर्की पूजा गरे । चिया, मिठाई खुवाएँ । म गहिरो सोचमा परेँ किनभने कृष्णागण्डकीको त्यत्रो महिमा रहेछ ।

**(ख) शैक्षिक पक्षः**

देवघाटधाम महत्त्वपूर्ण शैक्षिक केन्द्र पनि हो। यहाँ सन्चालित आश्रमहरू राज्यले गर्न नसकेको शैक्षिक योगदान गरिरहेका छन् । महेश सन्यास आश्रमले महेश गुरुकुल, महेश विद्यापीठ सञ्चालन गरी आचार्यसम्मको शिक्षा प्रदान गरी देशको असल योग्य व्यक्तिहरू हरेक बर्ष उत्पादन गरिरहेको छ । हरिहर सन्न्यास आश्रममा पनि शास्त्री (स्नातक) सम्मको पढाई हुने परमान्द गुरुकुल र विद्यापीठ सञ्चालन भई समाजका योग्य असल चरित्रका व्यक्तिहरू उत्पादन भैरहेका छन् । त्यस्तै गलेश्वर आश्रममा पनि गुरुकुल संचालित छ। देवघाटधामका अरू आश्रमहरूले पनि गुरुकुल संचालन गरिरहनु भएको छ। एक हिसाबले देवघाटधामलाई नेपालको बनारस भने हुन्छ ।

**(ग) सामाजिक पक्षः**

हाम्रो समाजमा असहाय व्यक्तिहरू, परिवारबाट अपहेलित विधवा महिलाहरू पनि

छन् । कोही सहारा नभएको, आर्थिक स्रोत पनि नभएको दुःखी र पीडित व्यक्तिहरू नदिमा हेलिएर, झुण्डिएर प्राण त्याग गरुँकी भन्ने अवस्थाकाहरूमध्ये पनि गङ्गामा स्नान गरी देवघाटमा बस्छु भनी त्यहाँ पुगेका हजारौ महिला पुरुषले त्यहाँ जीवन पाएका छन् । हजारौं असहायहरू त्यहाँ गङ्गा स्नान गर्ने, सत्सङ्ग सुन्ने, भजन कीर्तन गर्ने गरी जीवन धन्य बनाएका छन् । यसलाई सामान्य उपलब्धि भन्न सकिन्न । राज्यले यसरी जीवन दिन सक्दैन । आश्रमहरूले मूर्खलाई ज्ञानी बनाएका छन् । सामाजिक दृष्टिले यो महत्त्वपूर्ण छ ।

**(घ) वातावरणीय पक्षः**

सप्तगण्डकीहरूको सङ्गम, पहाड र तराईको मिश्रित वातावरण, नदीहरूको स्वच्छ जल प्रवाह, वरिपरी हराभरा जङ्गल र वृक्षहरू, एक बिहानैको शङ्ख, घण्टको आवाज, वटुकहरूको वेद ध्वनि, पूजापाठ, भजन, कीर्तन, सन्तहरूको प्रवचन एवं सत्सङ्ग, मठ मन्दिरहरूमा भगवान्को दर्शन, सन्तमहन्तहरूको आशीर्वाद, कल्पवासी र स्थानीयको सभ्य, शिष्ट व्यवहार, जता गएपनि जलपान, भोजनरूपी प्रसाद उपलब्ध छ । यसलाई स्वर्गीय आनन्द भने हुन्छ, जुन देवघाटधामा प्राप्त छ ।

**हालको अवस्थाः**

पावन तीर्थस्थल देवघाटधामको अपूर्व आध्यात्मिक धार्मिक महत्त्व हुँदाहुँदै पनि त्यहाँ सोचे अनुरूप काम हुन सकेको छैन । महात्माहरूको सत्प्रेरणा र धार्मिक व्यक्तिहरू, भक्तजनहरूको सहयोगबाट आश्रमहरू चलेका छन् । आध्यात्मिक, शैक्षिक क्रियाकलाप भैरहे पनि ठाउँ अनुरूपको प्रगति हुन सकेको छैन । सरकारले देवघाट क्षेत्र विकास समिति गठन गरी काम सुरु गरेको लामो समय भएको छ, केही कामहरू भएका छन् तर हाल सरकारी बजेट न्यून हुँदा गति मन्द छ ।

सबैको प्रयासबाट २०६५ सालमा गुरुयोजना तयार भएको थियो तर त्यो गुरुयोजना कार्यान्वयन गर्ने सरकारले बजेट राखेन । म अर्थमन्त्रालयमा हुँदा थप १ करोड पटके निकासा भएको थियो सो रकमबाट समितिको भवन बन्यो र केहि बाटाघाटा, पार्कका काम भएका छन् । साधारण खर्चको २०/२५ प्रतिशत मात्र विकास खर्च सरकारले दिने गऱ्यो । यो दुःखद पक्ष छ । समितिमा अनुभवी, उर्जाशील, केही गरौं भन्ने व्यक्तित्व हुँदा पनि बजेट नभएपछि प्रगति गर्न सकिएको छैन । धर्मशला, विश्रामगृह, पाठशाला, स्नानघाट, बत्ति, खानेपानी, बाटोघाटो, पार्क, गुरुकुलहरूको सुधार र विकास गर्न आवश्यक छ ।

**अब के गर्नु पर्ला ?**

देवघाटधाम विश्वभरिकै वैदिक सनातनीहरूको केन्द्र र पावन धार्मिक स्थल हो । सबैको जानकारीमा पुऱ्याउन सके धार्मिक पर्यटकहरूको घुइँचो लाग्ने र देशकै गौरब बढाउने पक्का छ । त्यसको लागि नदीकिनारको संरक्षण, सुरक्षित स्नानघाट, मठ-मन्दिरको संरक्षण र सुधार, धर्मशाला, बाटाघाटा, धार्मिक बागबगैंचा निर्माण गर्नुपर्दछ । यसको लागि निम्न प्रकारका कामहरू गर्नु पर्दछ ।

१. **गुरुयोजाना कार्यन्वयन गर्ने :** २०६५ सालमा तयार गुरुयोजनालाई विस्तृतीकरण गरी कार्यान्वयन तालिका बनाएर मन्त्रिपरिषद्बाट स्वीकृत गराई सरकारले स्वामित्त्व लिई कार्यान्वयन गर्नुपर्दछ । देवघाटधाम भरतपुर, महानगर, गैडाकोट नगरपालिका र देवघाट गाउँपालिका र दुई प्रदेश सरकारको भौगोलिक क्षेत्रमा

पर्ने भएकोले सङ्घीय सरकारअर्न्तगत राखी कार्य गर्नुपर्दछ । गुरुयोजनाको कार्यान्वयन तालिकाअनुसार सम्बन्धित सरकारले बजेट राख्नुपर्दछ ।

२. **देवघाट विकास समिति :** देवघाटधाम विकासको जिम्मेवारी विकास समितिलाई दिई पूर्ण अधिकार सम्पन्न गराउनुपर्दछ । छुटै ऐन बनाई सो अन्तर्गत समिति हुनुपर्दछ । यसमा स्थानीय तहको हस्तक्षेप हुन दिनुहुँदैन । अहिले क्षेत्राधिकार बाँझिएको अवस्था छ ।

३. **प्राकृतिक वातावरण कायम गर्ने :** तपोभूमि भएकोले वातावरण विगार्ने गरी कुनै काम गर्नु हुँदैन, पर्णकुटी, ध्यानकुटी, पाठशाला, गुरुकुल, गौशाला, धर्मशाला, मठ-मन्दिर, सुरम्य नदी किनार, सुगन्धित फुलबारी बगैंचा, हराभरा जङ्गलक्षेत्र बनाउनुमै जोड दिनुपर्दछ । वातावरण र जल प्रवाह बिग्रने गरी कुनै कार्य कतैबाट गर्नु धर्मविरुद्ध हुनेछ ।

४. **गुरुकुलीय शिक्षामा सहयोग :** देवाघाटधामका गुरुकुलहरू देशकै सम्पत्ति हुन् । त्यहाँ स्वत सन्चालनमा आएको देखिए पनि साधनस्रोत जुटाउन आन्तरिक कष्ट रहेको बुझ्नुपर्दछ । गुरुकुलीय पद्धतिमा हस्तक्षेप गर्न नपाउने गरी विद्यार्थी संख्याको आधारमा सरकारले एकमुष्ट अनुदान दिनुपर्दछ । भारतमा सरकारले पूरै खर्च व्यहोर्ने गरी गुरुकुलहरू सन्चालन गरेको छ । उज्जैनको कृष्ण, बलारामले अध्ययन गरेको सान्दीपनी गुरुकुल त्यसको एक नमुना हो ।

५. **वैदिक दर्शनको अनुसन्धान केन्द्र बनाउने :** नेपाल ऋषि, महर्षिहरूको देश हो । म्याग्दीको गलेश्वरनजिक पुलस्त्य महर्षिले तपस्या गर्नुभएको आश्रम अझै छ । पुलस्त्यपुत्र विश्रवा, विश्रवापुत्र कुवेर आदिको तपोभूमि पनि नेपाल नै हो । तनहुँको सेती र मादी दोभान पराशर ऋषि उहाँका पुत्र वेदव्यासको तपोभूमि हो । राजा दिलीप गाईघाटको पर्वतको गुफामा तपस्या गरेको प्रमाण छ । भरत, जडभरत, को तपस्थली पनि यहि थियो । वशिष्ठ ऋषिको गुरुकुल वागेश्वरी रामनगरमा, याज्ञवल्क्यको ठूलो गुरुकुल जनकपुरमा थियो । कपिल महर्षिको कपिलवस्तु, वाल्मीकिको आश्रम त्रिवेणीधाम नजिक थियो जो सप्रमाण हाम्रो अगाडि छ । कौशिकी (कोशी) तटमा विश्वामित्र ऋषिले गायत्री मन्त्रको प्रादुर्भाव गराउनुभएको थियो । राजर्षी जनक, जनकपुत्री सीता जनकपुरधामकै हुन् । हिमालयक्षेत्र महादेव पार्वतीको तपोभूमि हो । हिमालयक्षेत्रमा देवीदेवता अष्टचिरञ्जीवीहरू तपस्या गरिरहन्छन् भन्ने छ । यस्तो पृष्ठभूमि भएको नेपालमा वैदिक दर्शन र ज्ञानको एउटा साधन र श्रोत सम्पन्न अनुसन्धान केन्द्र नेपाल सरकारले बनाउनुपर्दछ । यसको लागि पूर्वाधार र ज्ञानको आधारमा देवघाटधाम उपयुक्त स्थल हो ।

अन्त्यमा भन्न सकिन्छ देवघाटधाम राष्ट्रिय गौरव हो । नेपाल सरकारले र नेतृत्वहरूले यसलाई मध्यनजर गरी त्यहाँका आश्रम, गुरुकुल, विद्यापीठ, स्थानीय तह र जनतासँग समन्वय र सहकार्य गरी विकासको कार्यक्रम अगाडि बढाउनु जरुरी छ । हरि ॐ ।

# आदिप्रयाग तीर्थस्थल, देवघाटधाम र योगी नरहरिनाथ



विश्व के.सी. (पोखरेल)
काठमाडौँ

ब्रह्माका पुत्र धर्मऋषि र दक्षप्रजापतिकी छोरी मूर्तिबाट नर र नारायण नाम गरेका दुई दाजुभाईको जन्म भयो । नारायणको शरीरको रङ्ग कालो (कृष्ण) थियो भने नर गोरा (श्वेत) थिए । यी दुवै भाइहरूले लोककल्याणका खातिर हिमालय पर्वतमा गएर तपस्या गर्न थाले । कठोर तपस्या गर्दाको परिश्रमले गर्दा ती दुई तपस्वीहरूको गण्डस्थलबाट पसिनाका धारा बग्न थाले । शरीरको रङ्ग अनुसार नारायणको शरीरबाट बगेको पसिना कालो रङ्गको थियो भने नरको शरीरबाट बगेको पसिनाको रङ्ग सेतो थियो । कालो रङ्गको पसिनाको धाराबाट कृष्णागण्डकी र सेतो रङ्गको पसिनाको धाराबाट श्वेतगण्डकी नाम गरेका दुईवटा नदीहरू बनेर अलग अलग बग्न थाले । कृष्णागण्डकीले भगवान् विष्णुको तपस्या गरेका कारण भगवान् विष्णुले शालग्राम शिलाको रूपमा सँधैभरि कृष्णागण्डकीसँगै पुत्रवत् रहने वचन दिनुभएको थियो। भगवान्को यो वरदानले कृष्णागण्डकीको पवित्रता अझ बढ्यो । कृष्णागण्डकीको जलले अरबौं अरब शालग्रामशिलाहरूको स्पर्शन गर्दै बग्न पाइन् । यसले कृष्णागण्डकीलाई पवित्रतम बनाइदियो । त्यसका साथै हिमालयबाट बगिरहेकी मादी, मोदी, मर्स्याङ्दी, दरौंदी, बूढी, चेपे र त्रिशूली एवम् तादी, मिदिम, आँधी, मर्दी र क्याङ्दी नदीहरू पनि कृष्णागण्डकी र श्वेतगण्डकीमा मिसिँदै जाँदा कृष्णागण्डकी र श्वेतगण्डकीको पवित्रता उत्कर्षमा पुग्यो । त्यसका साथै मुक्तिक्षेत्रको दामोदरकुण्डबाट कृष्णागण्डकी र नीलकण्ठ (गोसाइकुण्ड) को त्रिशूलधाराबाट उत्पन्न भई ठाउँ ठाउँमा उत्तरवाहिनी बन्दै यहाँसम्म आएर सङ्गमस्थल बनाउँदा इण्डियाको प्रयागभन्दा पहिले यसै स्थानमा प्रयागतीर्थ बन्न गएकोले पनि यस स्थानलाई आदिप्रयाग (पहिले बनेको प्रयागतीर्थ को रूपमा मान्न थालिएको पाइन्छ । त्यसैले राष्ट्रगुरु योगी नरहरिनाथले वि.सं. २०४५ सालदेखि प्रत्येक १२/१२ वर्षमा यहाँ कुम्भमेलाको आयोजना गर्ने कामको थालनी गर्नुभएको देखिन्छ । पवित्रतम तीर्थस्थल बन्न गएकोले देवताहरूको प्रियस्थलको रूपमा रहेको सम्बन्धमा थुप्रै हिन्दूधर्मशास्त्रहरूले पनि यस क्षेत्रको महिमालाई सविस्तार व्याख्या गरेको पाइन्छ। पवित्र तीर्थस्थल भएका कारण देवताहरूको आवागमन भैरहने हुँदा यस स्थानलाई देवद्वार वा देवघट्ट वा देवघाट भन्न थालिएको हो भन्ने मत पनि रहेको पाइन्छ । यसै स्थानमा कृष्णागण्डकी र त्रिशूली आएर एक आपसमा सङ्गम गरी नारायणी नदीको रूपमा प्रख्यात हुन गए । त्यसैले वैदिक सनातन हिन्दूसंस्कृति तथा धर्मशास्त्रहरूमा चित्रवन, तनहुँ र नवलपरासी जिल्लाको मध्यमा अवस्थित कृष्णागण्डकी र त्रिशूली नदीको सङ्गमस्थल पवित्र देवघाटधामको ठूलो धार्मिक महत्त्व रहेको बताइन्छ । यतिसम्मका विवरणहरू प्रायजसो सबै

हिन्दूधर्मशास्त्रहरूमा पढ्न पाइन्छ । यो स्थान पहिलेदेखि नै पवित्र मानिन्थ्यो भन्ने तथ्यलाई यहाँ रहेको पाल्पाली राजा मणिमुकुन्द सेनले स्थापना गरेको चक्रशिलाले पनि प्रमाणित गर्दछ। गोरखाली राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण साहको गोर्खाली सेना र उनका ससुराली खलक मकवानपुरे राजा हेमकर्ण सेनका पुत्र दिग्बन्धन सेनका सेनाबिच भएको दोहोरो भीडन्तलाई नेपालको इतिहासमा सर्वत्र उल्लेख गरिएको पाइन्छ। बिचको समयमा के कसो परेर यहाँ बाघभालु विचरण गर्ने ढड्डीघारी झाँगियो, किन र कसरी यहाँको धार्मिक वस्ती विनाश भयो, नवलपरासी जिल्लामा पर्ने मौलाकालिका र पालपाली राजा मणिमुकुन्द सेनको खड्गको कथा कसरी जोडिन पुग्यो होला, उर्लँदो नदी वारिपारि तर्ने माध्यम नभैदिएको भए दिग्बन्धन सेनको हात्तीघोडासहितको सेना कसरी देवघाट पुग्न सफल भयो होला भन्ने विषय थप अध्ययन-अनुसन्धानको विषय बन्न सक्दछ । यसपछि तल उल्लेख गरिएका प्रसङ्गहरू राष्ट्रगुरु योगी नरहरिनाथका सामग्रीहरूका आधारमा चर्चा गर्ने प्रयास गरिएको छ ।

इण्डियाको हरिद्वार, वनारसको गोरक्षटिल्ला र काठमाडौँको मृगस्थलीलाई केन्द्रविन्दु मानेर वि.सं. २००७ सालमा अखिल भारतवर्षीय योग प्रचारिणी महासभा स्थापना गरिएको थियो जसको संस्थापक सभापति पदमा स्वयम् योगी नरहरिनाथ रहनुभएको थियो। अखिल भारतवर्षीय योग प्रचारिणी महासभाको प्रमुख उद्देश्य नै नेपाल र इण्डियाभरमा छरिएर लोपोन्मूख रहेका गोरक्षनाथसाहित्य, ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वका सामग्रीहरू खोज्दै प्रकाशन गर्ने रहेको थियो । यसैका निमित्त वि.सं. २०१० सालतिर मृगस्थलीमा इतिहास प्रकाशक संघको स्थापना गरिएको थियो । इतिहास प्रकाशक संघको काम पनि गर्ने एवम् देश दर्शन पनि गर्ने उद्देश्यका लागि वि.सं. २०११ सालको हरिबोधिनी एकादशीका दिनदेखि मृगस्थलीबाट नुवाकोट, गोरखा, तनहुँको यात्रामा हिँड्नुभएका योगीजी उपरदाङ्ग, चित्रवनको खोज अनुसन्धान गर्दै पौष महिनाको मध्यतिर देवघाटक्षेत्रमा आइपुग्नुभएको देखिन्छ । देवघाटक्षेत्रमा पुगेपछि भग्न अवस्थामा यत्रतत्र छरिएर रहेका प्रस्तरकला एवम् गुफा कन्दराहरू, अस्तव्यस्त जनजीवन देखेपछि योगीजी हतप्रभ बन्नुभयो । केही दिन देवघाटतिर नै अलमलिएर आफ्नै सक्रियतामा अघिल्लो वर्षदेखि मनाउन थालिएको पृथ्वीजयन्तीको अवसर निकट आइसकेकोले योगीजी देवघाटबाट सोझै काठमाडौँ फर्किनुभयो । पृथ्वीजयन्तीको कार्यक्रम सम्पन्न हुनेबित्तिकै योगीजी पुनः देवघाटक्षेत्र फर्किनुभयो । यसपटक उहाँको ईश्वरानन्द गिरि (गलेश्वरबाबा) लगायत थुप्रै अन्य धार्मिक एवम् आध्यात्मिक क्षेत्रका विद्वान्हरूसँग पनि देवघाटको महत्त्वका सम्बन्धमा चर्चा भएको अनुमान गर्न सकिन्छ । यस स्थानको उच्च धार्मिक महत्त्व रहेकाले ईश्वरानन्द गिरी (गलेश्वरबाबा) लगायतका स्थानीय भद्रभलाद्मीहरूको सक्रियतामा योगीजी यस क्षेत्रको धार्मिक एवम् पर्यटकीय विकासका निमित्त कटिवद्धताका साथ समर्पित हुनुभएको देखिन्छ । उपलब्ध प्रमाणहरूका आधारमा राष्ट्रगुरु योगी नरहरिनाथः वि.सं. २०१०/०११ सालदेखि नै देवघाटक्षेत्रको विकासका लागि जुट्नुभएको थियो भन्ने देखिन्छ ।

त्यस समयमा चारैतिरको ढड्डीघारी छिचोल्दै र उर्लंदो मर्स्याङ्दी तरेर देवघाट वारिपारि गर्न सम्भव थिएन । देवघाटक्षेत्रमा अहिलेकोजस्तो व्यवस्थित बस्ती विकास भएको थिएन । यत तत्र प्रस्तरमूर्तिहरू छरिएर रहेका थिए । कहीँ बडेमानका गुफा देखिन्थे, कतै अजङ्गका चट्टानी पहाड देखिन्थे । भयावह वनजङ्गलले पवित्र देवघट्टलाई सर्लक्कै निलिसकेको थियो । दुवैतिरबाट उर्लिंदै मैदानी फाँटमा हामफाल्न वेगसँग दौडिएका नदीहरूको आवाजले वातावरणलाई झन् भयावह बनाइरहेका थिए । जङ्गलको बिचमा मान्छे देखेर मान्छे तर्सिनुपर्ने अवस्था थियो । साधुसन्त, सन्न्यासी एवम् तपस्वीजनहरू मात्र फाट्टफुट्ट भेटिन्थे । नदीको किनारमा मत्स्य, कूर्म, नृसिंह, राम, कृष्ण आकृतिका थरीथरीका शालग्रामशिलाहरू छरपष्ट छरिएर रहेका थिए । देवघाट क्षेत्र देवताहरूको पवित्रधामभन्दा पनि हिंस्रक जन्तु जनावरको जलक्रीडास्थल बनिसकेको थियो । यस्तो दयनीय अवस्थामा यसक्षेत्रको धार्मिक पर्यटनको विकासको सम्भावना अकल्पनीय नै थियो । 'मनको लड्डु घिउसँग खानु' भने झैँ सपना देखेर मात्रै हुँदैनथ्यो । ईश्वरानन्द गलेश्वर बाबा र योगी नरहरिनाथ देवघाट क्षेत्रलाई देवताहरू बस्ने वास्तविक तीर्थस्थलको रूपमा निर्माण गर्ने सङ्कल्प बोकेर अघि बढ्नुभएको थियो । उहाँहरूले हातमा आँसी बन्चरो र गैती सावेल बोकेर बाघ भालू लाग्ने बाक्लो ढड्डीघारी फँडानी गरी वस्ति आवाद गर्ने क्रम सुरु गर्नुभयो । चित्रवन र तनहुँ दुवैतिरका भू-भागहरूलाई जोड्ने गरी यस स्थानमा सरकारद्वारा झोलुङ्गे पुल निर्माण होस् भन्ने मनोवैज्ञानिक दवाव दिनका निमित्त योगीजीले त्त्कालीन मन्त्री श्रीराजेश्वर देवकोटालाई डुङ्गामा सवार गराई प्रमुख अतिथिको रूपमा डुङ्गामै राखेर बृहद् आध्यात्मिक सम्मेलनको उद्घाटन गराउनुभएको थियो । सरकारका मन्त्री राजेश्वर देवकोटाले देवघाटको यो अवस्था देखेर काठमाडौँ फर्किने बित्तिकै मर्स्याङ्गदी नदीमा झोलुङ्गेपुल निर्माण गर्ने योजनासहित बजेटसमेत बिनियोजन गराई रातारात झोलुङ्गे पुल निर्माण गराएका थिए जुन अद्यापि चालु अवस्थामै रहेको छ । उहाँहरूकै सक्रियतामा देवघाटमा हिन्दूवादी संघसंस्थाहरूलाई बोलाएर स्थापित गर्ने, झोलुङ्गेसाँघु राख्ने काम गरिएपछि देवघाटक्षेत्र यथार्थमै देवताहरूको पवित्र स्थानको रूपमा सिँगारिँदै गयो । झोलुङ्गेपुल निर्माण भएपछि देवघाटक्षेत्रको वारिपारि दुवैतिर ठूला ठूला आश्रमहरू स्थापित हुँदै गए । बजार विस्तार हुँदै गयो । धार्मिक, आध्यात्मिक गतिविधिहरू बढ्दै गए । तीर्थयात्रीहरूको आवतजावत बढ्न थाल्यो । योगीजीले इण्डियाका विभिन्न शहरहरूमा धार्मिक सभा सम्मेलनहरूको माध्यमबाट देवघाटक्षेत्रको पौराणिक महत्त्वको व्याख्या गर्ने काम निरन्तर गरिरहनुभयो । त्यसपछि यहाँको धार्मिक पर्यटकीय विकासले ठूलै फड्को मार्न सम्भव भएको थियो । देवघाटक्षेत्रलाई धार्मिक पर्यटनस्थलको रूपमा विकसित गर्ने उद्देश्यले योगीजीले वि.सं. २०४५ सालदेखि प्रत्येक १२/१२ वर्षमा कुम्भमेलाको शुरुवात गराउनुभयो । यसपछि त झन् देवघाट क्षेत्रको धार्मिक महिमा चुलिन थाल्यो र तीर्थालुहरूको चहलपहल झन् बढ्न थाल्यो । तर देवघाटक्षेत्रको वर्तमानको भव्यताले यसक्षेत्रका भाग्यनिर्माताहरू ईश्वरानन्द गिरि (गलेश्वरबाबा) र योगी नरहरिनाथजस्ता सच्चा तपोनिष्टहरूको योगदानलाई चटक्कै बिर्सिएको छ भन्नुपर्दा मुटु चसक्क दुख्छ ।

देवघाट देवभूमि भएकोले यहाँ यज्ञ यागादि हुनु स्वाभाविक नै थियो । यज्ञ यागादि गरिने दुई नदीहरूको सङ्गमस्थललाई प्रयाग भनिएको देखिन्छ । कृष्णागण्डकी र श्वेतगण्डकीको सङ्गमस्थल भएकोले हाम्रा धर्मशास्त्रहरूले देवघाटलाई पनि प्रयाग नै भनेर व्याख्या गरेका छन् । देवघाटधामको यही विशिष्टताका आधारमा राष्ट्रगुरु योगी नरहरिनाथले गलेश्वर बाबाको आश्रमनजिक यज्ञकुण्ड निर्माण गरी वि.सं. २०३८ माघे सक्रान्तिका दिनदेखि कोटीहोम लगाउन सुरु गर्नुभएको थियो । महायज्ञका निमित्त हवकुण्ड बनाउँदा त्यहाँ भेटिएका २०/२२ बोरा अधकच्चा चरू र एउटा शिलाभिलेख भेटिएको आधारमा यस स्थानमा त्रेतायुगीन भगवान् श्रीरामचन्द्रले पनि अश्वमेध यज्ञ गर्नुभएको सम्बन्धमा योगीजीले कोटीहोमकै अवसरमा आयोजित धार्मिक सभामा व्याख्या गर्नुभएको रहेछ । यसरी भेटिएको चरू सोही महायज्ञमा हवन गरिएको र शिलाभिलेख पनि हिनामिना भैसकेकोले अहिले केही प्रमाण बाँकी रहेको देखिदैन । यी सबै कारणहरूले पनि योगीजीले लगाउनुभएको पहिलो कोटीहोमस्थलको अत्यन्त ठूलो पौराणिक महत्त्व रहेको थियो भन्ने देखिन्छ । यो स्थानमा कोटीहोम लगाएपछि योगीजीले सम्पूर्ण विश्व भूमण्डलभरि १०८ वटा कोटीहोम आयोजना गर्ने अभियान सञ्चालन गर्नुभएको थियो, तर उहाँको जीवनकालभरि १२९ वटा कोटीहोम, ४५ वटा लक्षहोम र ५ वटा शिवयज्ञ सम्पन्न भएका थिए । त्यसैले देवघाटक्षेत्रको विकासमा योगीजीको योगदानको सम्मानका निमित्त पनि उक्त कोटीहोमस्थल मासिनु हुँदैनथ्यो । यसलाई बचाउँदा देवघाटक्षेत्रको महत्त्व त्रेतायुगीन श्रीरामचन्द्रको समयसम्म नै पुग्थ्यो । स्थान रहिदिएको भए उत्खनन् गरेर भए पनि अध्ययनअनुसन्धान गर्न सकिन्थ्यो । अहिले भगवान् श्रीरामचन्द्रको जन्मभूमि इण्डियाको अयोध्या वा नेपाली भूमिमा परेको ठोरी भन्ने विवाद उठिरहेको समयमा उक्त कोटीहोमस्थल अकाट्य प्रमाण बन्न सक्दथ्यो । ‘नमासौँ नमासौँ, यसलाई बचाऔँ’ भनेर पटक पटक खबरदारी गरिरहँदा पनि योगी नरहरिनाथले लगाएको पहिलो कोटीहोमस्थललाई जबर्जस्ति मासियो भनेर लेख्नुपर्दा मन साह्रै अमिलो हुन्छ ।

योगीजीका यिनै योगदानहरूको उच्च मूल्याङ्कन गरेर त्त्कालीन राजा महेन्द्रबाट योगीजीले चाहेकै स्थानमा आश्रम बनाउन अनुरोध गरियो । देउतै देउताका प्रतिमा एवम् शालग्रामहरूले सिँगारिएको पवित्र स्थानलाई अतिक्रमण नगरी सुरक्षित राख्ने उद्देश्यले योगी नरहरिनाथले देवघाटको मुख्य तीर्थस्थलभन्दा निकै पर रहेको दियालो बङ्गला नजिकको एकान्त जङ्गल रोज्नुभयो । उहाँकै इच्छाअनुसार आवतजावतका लागि मुल बाटो पनि नजिक पर्ने, स्नान, सन्ध्या वन्दनाका निमित्त नारायणी नदी नजिक पर्ने, गौ चरनका निमित्त प्रशस्त वनजङ्गल भएको स्थान एवम् पुरातात्त्विक र धार्मिकस्थल भएकोले श्रीवागीश्वरीको मन्दिर नजिकै रहेको पीपलको बोटमुनि उहाँको अस्थायी आश्रम स्थापना गरियो । पछि पछि यसैलाई पीपलकुटी आश्रम भन्न थालियो । योगीजी आउँदा जाँदा बास बस्ने अस्थायी आश्रमका रूपमा यसप्रकारका आश्रमहरू नेपाल र इण्डियाका अधिकांश स्थलहरूमा थिए । राष्ट्रगुरु योगी नरहरिनाथ समक्ष श्रीवागीश्वरी आश्रमलाई स्थायी आश्रमकै रूपमा ग्रहण गर्नुपर्‍यो भन्ने नागरिक समाजको अनुरोध हुँदा ‘वौद्धिक छलफल

गरिरहनुपर्दछ, त्यसैले कम्तिमा पनि एकहजार विद्वान्हरूको उपलब्धता हुन नसक्ने स्थानलाई मैले कसरी आफ्नो स्थायी आश्रम बनाऊँ' भनेर उल्टै प्रश्न सोध्नुभएको थियो भन्ने पनि सुनिएको छ ।

दियालो बङ्गला नजिकको वनक्षेत्र वि.सं. २०४६ सालपछि देवघाटक्षेत्र विकास समितिको भौगोलिक क्षेत्रभित्र पर्ने भएपछि नेपाल सरकारको स्वामित्वभित्र आयो । मिति २०५० फागुन १६ गतेको मन्त्रीपरिषद्को वैठकले यस स्थानको ४२ विगाहा जग्गा वेष्टभर्जिनिया युनिवर्सिटि अन्तर्गतको International Society for Medical College र इण्डियन कम्पनीको संयुक्त लगानीमा मेडिकल कलेज स्थापना गरी सञ्चालन गर्ने उद्देश्यले ४९ वर्षका लागि निजी क्षेत्रलाई करारमा दिने निर्णय गऱ्यो । नेपाल सरकारको मन्त्रीपरिषद्ले नै निर्णय गरेर निजी क्षेत्रलाई करारमा दिइसकेपछि त्यहाँ कलेज भवन, आवासीय विद्यार्थी र शिक्षकहरूका निमित्त आवासगृहहरू, भोजनालय र कार्यालयहरूका लागि घर तथा भवनहरू निर्माण गरिए । मेडिकल कलेजको चहलपहल बढ्दै गएपछि विद्यार्थी एवम् शिक्षकहरूद्वारा सात्विकस्थलमा मांस मदिरा एवम् तामसी खाद्यपदार्थहरूको प्रयोग हुन थाल्यो । त्यसका कारण धार्मिकस्थलमा सांस्कृतिक दुस्प्रभावहरू बढ्दै जाने, श्रीवागीश्वरीजस्तो पुरातात्विक एवम् पौराणिक ऐतिहासिक सम्पदाहरू नोक्सान हुनसक्ने, श्रीवागीश्वरीको जङ्गलक्षेत्रमा विचरण गर्ने वन्य पशुपक्षीको चरनमा वाधा पर्ने तथा वातावरणीय प्रतिकूलता श्रृजना हुनसक्ने भएकोले सो को रक्षाका खातिर मेडिकल कलेज स्थापना गर्न दिने सरकारी स्वेच्छाचारी निर्णयका विरूद्ध राष्ट्रगुरु योगी नरहरिनाथले सर्वोच्च अदालतसमक्ष रिट निवेदन दायर गर्नुभयो । राष्ट्रगुरु योगी नरहरिनाथले मेडिकल कलेजको सम्पत्ति न आफ्नो नाममा प्राप्त होस् भन्ने उद्देश्यले उक्त रिट दायर गर्नुभएको थियो र न सम्मानीत सर्वोच्च अदालतका फैसलाहरूले उक्त अचल सम्पत्ति योगी नरहरिनाथ आश्रमका लागि भनेर व्याख्या गरिएका थिए । नेपालको छातिमा विदेशीको बुट नबज्रियोस् भन्ने राष्ट्रियताको भावना, सात्विकस्थलमा अभक्षप्रयोगले धर्म, संस्कृतिमाथि आघात नपुऱ्याइयोस् तथा नेपाल र नेपालीको मौलिक पहिचानका अवशेषहरू नमासियुन् भन्ने नै योगी नरहरिनाथको माग थियो । सम्मानीत सर्वोच्च अदालतसमक्ष रिट निवेदन चढाउनुको अन्य कुनै उद्देश्य देखिँदैन । तर, योगी नरहरिनाथको कीर्ते उत्तराधिकारी खडा गरी सम्मानित सर्वोच्च अदालतको फैसलाको अपव्याख्या गर्दै राष्ट्रिय सम्पत्तिको दुरूपयोग गर्ने अभिप्रायले योगी नरहरिनाथको आश्रमस्थलको अचल सम्पत्ति भनेर व्याख्या गरियो । ब्रह्मलीन भैसक्नुभएका प्रकाण्ड विद्वान् एवम् निस्पृह साधुलाई सम्पत्तिको लोभी जोगीको रूपमा बदनाम गराउने षड्यन्त्र गरियो । मेडिकल कलेजका विपक्षमा सर्वोच्च अदालतको फैसला आएपछि मेडिकल कलेजले निर्माण गरिसकेको सम्पूर्ण भौतिक पूर्वाधार हरूलाई हत्याउनका निमित्त विभिन्न सरकारी तथा गैरसरकारी प्रयासहरू भई नै रहे ।

त्यसपछि पुनः मिति २०५७ मंसिर १५ गतेको नेपाल सरकारको मन्त्रीपरिषद्को वैठकले उक्त भूमिमध्येको पाँच विगाहा जग्गा अन्तर्राष्ट्रिय साई ट्रष्टलाई दिने अर्को अप्रिय निर्णय गऱ्यो । यसैबिच २०५९ फागुन १३ गतेका दिन राष्ट्रगुरु योगी नरहरिनाथ ब्रह्मलीन हुनुभयो । नेपाल सरकारको


पछिल्लो निर्णयका विरूद्धमा पनि चित्रवनका योगी बलभद्रनाथद्वारा पहिलेकै फैसलामा उल्लेख गरिएका मागदावीहरू राखेर सम्मानीत सर्वोच्च अदालत समक्ष रिट निवेदन दर्ता गरियो । सम्मानीत सर्वोच्च अदालतद्वारा यस निवेदनका सम्बन्धमा पनि पुरानै फैसलालाई सदर गरेर निर्णय गऱ्यो । सम्मानित सर्वोच्च अदालतका दुवै फैसलाहरूको उतार र कीर्ते उत्तराधिकार-पत्रको प्रतिलिपिहरू राष्ट्रप्रेमी सबैलाई समान रूपले वितरण गरिसकिएको छ । सम्मानीत सर्वोच्च अदालतका दुवै फैसलाहरूले नेपाल सरकारको सम्पत्ति नेपाल सरकारकै अधीनस्थ हुनुपर्ने आदेश दिइसकेपछि फेरि योगी नरहरिनाथको नाम जोडेर अन्यथा निर्णय गरी विश्वमानवसमुदायले सम्मान गरेको ब्यक्तिलाई आफ्नै मुलुकभित्र बदनाम गराउने कार्य गरिनु दुःखद पक्ष हो । एक रूपैयाँका लागि पनि हात थाप्न नसक्ने निश्वार्थ साधुको राष्ट्रिय सम्पत्तिको दुरूपयोग नहोस् भन्ने बाहेक अन्य कुनै पनि सम्बन्ध रहेको हुन सक्दैन भन्ने कुरा घामजस्तै छर्लङ्ग छ । निर्माण भैसकेका घर तथा भवनहरू भत्काउँदा प्रदूषण हुने विवाद झिकियो । तसर्थ, उक्त सम्पत्ति जिम्मेवार सरकारी निकाय देवघाट क्षेत्र विकास समिति अधीनस्थ रहनुपर्थ्यो । राष्ट्रिय सम्पत्ति हो, सो को मूल्याङ्कन गराई कुनै न कुनै जिम्मेवार सरकारी निकायको आर्थिक विवरणमा देखिनु पर्थ्यो । कुनै पनि सरकारी निकायहरूको आर्थिक प्रतिवेदनमा उक्त अचल सम्पत्ति उल्लेख नहुनुले पनि उक्त सम्पत्तिलाई बेवारिसे सम्पत्ति बनाउने प्रपञ्च भैरहेको जसले पनि बुझ्न सक्दछ । लिखत प्रमाण नै सार्वजनिक भैसकेको अवस्थामा नेपाल सरकारको जिम्मेवार निकाय अवश्य पनि सजग रहने र राष्ट्रिय सम्पत्तिको दुरूपयोग हुन नदिने तर्फ प्रयासरत रहने छ भन्ने विश्वास गरिनु पर्दछ । जुन् ब्यक्तिले त्यस क्षेत्रको धार्मिक पर्यटकीय विकासका निमित्त त्यति ठूलो योगदान गरेको थियो सोही व्यक्तिप्रति नै यति ठूलो जघन्य प्रकारको पापकर्म गरिनुले कसको आत्मा नरोला र ! प्रस्तुत लेखमा भूलवश वा नियतवश अप्रमाणित कुराहरू उल्लेख गरिएका रहेछन् भने सरकारी निकायहरू समक्ष प्रमाणसहित उपस्थित हुनका निमित्त प्रत्येक नागरिक स्वतन्त्र रहेका छन् । धन्यवाद ! अस्तु !

ॐ शिवगोरक्ष ! जय नरहरे !!

सुकेर पात झर्नुझैँ छ जिन्दगी यथार्थ यो
अझै हुरी उडाउँने कता कता अनर्थ भो
हराभरा छ बोट ता सजीव बुझ्नु जीवन
जसै चुँडेर खस्छ यो बुझिन्छ देह व्यर्थ गो

- सुरालयबाट

# देवघाट एक - महत्त्व अनेक



झलक खनाल

### १. विषय प्रवेश

देवघाटको प्रशस्ति र महिमा सुनिरहेता पनि, देवघाटमा आफ्नो गाउँ छिमेकका वृद्धवृद्धा गएर बसेको र तनहुँ जिल्लामा नै जन्म भएको भए तापनि मेरी आमाले देवघाट बस्ने चाहना व्यक्त गरेपछि मात्र देवघाटवारे चासो लागेको हो । देवघाट नआएको पनि होइन । तथापि देवघाटले दिल दिमागमा ठाउँ प्रवेश पाएको थिएन । जब आमाले देवघाट बस्ने इच्छा व्यक्त गर्नु भयो, अनि दाजु रामप्रसाद खनाल र म घर घडेरी खोज्न लाग्यौं । अनि त सबै भन्थे “आहा देवघाट, क्या सुन्दर देवघाट । कति पवित्र देवघाट । जीवनका आखिरी दिन त देवघाट म नै विताएको बेस । यस्तो तीर्थको मरण कति भाग्यमानी ।” आदि आदि । त्यस दिनदेखि देवघाटको महत्त्ववारे सुन्न र जान्न रुचि लागेको लाग्यै छ । जब देवघाटमा नै वसोवास गर्न लागियो त्यसपछि त देवघाट राम्रो, प्यारो, पवित्र धार्मिक स्थल भनेर प्रष्ट भयो । अझैपनि देवघाट वारे जान्न धेरै बाँकी छ, आगामी दिनमा थप ज्ञान हुदै जाने आशा छ ।

### २. स्थान परिचय

नेपालको गण्डकी प्रदेशको धेरै र बागमती प्रदेशको थोरै भूभाग मिलेर देवघाट बनेको छ । सेती, मादी, मर्स्याङ्दी, चेपे, दरौंदी, बुढी गण्डकी र त्रिशूली गरी सात नदी मिलेर बनेको त्रिशूली नदी दायाँ तर्फबाट र सयौ खोला नाला आफूमा समाहित गर्दै वायाँ तर्फबाट आएको कालीनदीको संगमस्थल नै देवघाट हो । दुई ठूला नदीहरूको वेणी, ऐतिहासिक, धार्मिक, तीर्थस्थल देवघाट तनहुँ, चितवन र नवलपरासी गरी तीन जिल्लाको मिलनविन्दु पनि हो । तीन जिल्लाको संगमस्थल भएता पनि नवलपरासीपट्टिको भूभाग मूलतः जङ्गल ले ढाकिएको, नदीसम्म आउने बाटो नभएको र मठ मन्दिर पनि नभएकोले त्यो जिल्लापट्टिको खण्ड देवघाट भनेको पाइदैन । चितवनपट्टि पनि सानो भागमात्र देवघाटमा पर्दछ । यसर्थ देवघाट भन्नाले मूलतः त्रिशूली नदी र कालीनदीको बिचमा पर्ने यी दुई नदीको संगमस्थल अर्थात् तनहुँ जिल्लाको सुदर दक्षिण को ठूलो टार र भूभाग मान्नुपर्दछ । यसै तीर्थस्थल को नामबाट यहाको स्थानीय निकाय गाउँ कार्यपालिकाको नामाकरण गरिएको छ ।

देवघाट नामाकरण सर्वप्रथम कहिले भयो र कसले गर्यो भन्ने सम्बन्धमा यो लेखक जानकार छैन, सम्बन्धित क्षेत्रका विज्ञहरूले जानकारी गराउनु हुने नै छ । देवघाट क्षेत्र विकास समितिका पूर्व अध्यक्ष टंकनाथ पौडेलका अनुसार “नदीमा स्नान गर्नका लागि ब्रह्ममुहूर्तमा देखिने देवता तथा सिद्ध महर्षिहरूको आवत-जावत (अटन) र संघटन हुने भएकाले यसलाई देवघट्ट (देवघाट) भनिएको

हो । देवघाटको बहुआयामिक/बहुपक्षीय महत्त्व वारेमा धेरै ठाउँमा चर्चा परिचर्चा भएको पाइन्छ । यसको महत्त्वलाई धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक तथा पर्यटकीय दृष्टिकोणबाट प्रकाश पारेको पाइन्छ । ऋषि, मुनि, योगी, संन्यासी, तपस्वी आदिले यहाँ ध्यान, जप, तप गरी यसको गुणको बखान गरेर यस स्थललाई पवित्र धार्मिक स्थलको रूपमा चिनाउनु भएको छ भने, राजा महाराजाहरूले यस स्थललाई पवित्र मानी आफ्नो श्रद्धा, सहयोग, योगदान दिएर ऐतिहासिक भूमि बनाउन सहयोग पुर्याएको पाइन्छ । चक्रवर्ती यसको एक उदाहरण हो ।

नेपालको लगभग मध्य भागमा पर्ने देवघाटधाम हाम्रा तीन ठूला नदीहरूमध्ये एक गण्डकी नदीको किनारामा अवस्थित छ । काली नदी र त्रिशूली नदीले बनाएको ढुङ्गा, बालुवाको टार घना जङ्गलले ढाकिएको सुख्खा दून भावरको रूपमा रहेको यो टारमा सबैभन्दा पहिले नदीमा डुंगा तार्ने र माछा मार्ने पेशामा सम्मिलित बोटे जातिले बसोबास गरेको अनुमान छ । यद्यपि ऋषि मुनि तपस्वी भने पहिलेदेखि नै यहाँ रहन्थे । त्यसपछि मलिलो टारमा खेती गर्ने, पशुपालन गर्ने उद्देश्यले नजिकैको पहाडी भूभागबाट झरेर मगर, गुरुङ जातिहरू बसोबास गरेको र तीर्थको रूपमा देवघाट प्रसिद्ध हुँदै गएपछि बाहुन-क्षेत्रीहरू किसानको रूपमा, नेवार जाति व्यापार व्यवसाय गर्न, दमाई, कामी, सार्की, आआफ्नो परम्परागत पेशा गर्न बसाइँसराइ गरी आएर यो ठाउमा मानव जातिको बस्ती घना हुदै गएको पाइन्छ । त्यसैगरी धर्मकर्ममा आस्था राख्ने भक्तजन, साधु, सन्त, महन्त, बृद्ध, अशक्त, अध्ययन गर्ने विद्यार्थी, प्राध्यापक, गुरुपुरोहित, पुजारी, संन्यासी आदिले देवघाट भरियो । चामलमा बिया झैँ अन्य बिभिन्न अभिप्रायले आउनेहरू पनि थपिए । यसरी समयको अन्तरालमा देवघाट मिश्रित विभिन्न जात जाति, वेशभूषा, रहनसहन, सोच, विचार, लक्ष्य, कर्म, मनोवृत्तिका मानिसहरूको थलो बन्यो ।

### ३. वर्तमान अवस्था

जुन जाति यो ठाउमा सुरुमा बसोबास गरे उनीहरू हुन् : बोटे । शिक्षाको कमी, परम्परागत सोचग्रस्त समाज र राज्यबाट उचित सहयोग नपाएर होला अहिलेसम्म यो जाति आर्थिक, सामाजिक, शिक्षा आदि सबै हिसाबले पिछडिएको छ । अन्य जात जातिहरू भने समयको गतिसँगै आफ्नो परम्परागत पेशा छोडेर नयाँ पेशाको खोजी गर्ने, ठाउँ सर्ने वा आफ्नो पेशामा नै नया प्रविधि अपनाएर आफ्नो जीवनस्तर उकास्न फड्को मारेका छन्, तर यो जाति भने त्यसो गर्न सकिरहेको छैन ! अहिले पनि बोटे जाति आफ्नो परम्परागत पेशामा नै छन्, नयाँ पेशामा लागेकै भएपनि प्रगति गर्न सकेका छैनन् । नदीको माछाको माग बढिरहेको भएतापनि माछा मार्ने उपयुक्त प्रविधि नभएर हो वा नदीमा माछा नै नभएर हो पर्याप्त मात्रामा माछा मार्न सकिरहेका छैनन् । जसको फलस्वरूप माछा मारेर जीविकोपार्जन गर्न सक्ने अवस्था देखिदैन । त्यस्तै यात्री र सर(समान डुङ्गाद्वारा नदी वारपार गराएर जीविका चलाउने पेशा पनि सडक र पुलको निर्माणसँगै विस्थापित भएको छ । यो जाति को परम्परागत पेशा मात्र धरापमा होइन, मनोवृतिमा पनि समयसापेक्ष परिवर्तन आउन सकेको छैन । यसको कारण के हो त भन्ने विषय खोजविन हुनुपर्ने हो । किनकि विकासको गतिसँगै आर्थिक रूपमा

कमजोर, जातिगत रूपमा पिछडिएका, शिक्षामा पछि परेका वर्ग र समाजलाई मूलधारमा ल्याउनु पर्दछ । झन् आदिवासी, जनजातिलाई त प्राथमिकतामा राखेर हाम्रा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

दुवैतिर गडेर गएका नदीहरूका कारणले यहाँको जमिनमा पानी छैन र जमिन सुक्खा छ । सिंचाई त परको कुरा खानेपानीको समेत समस्या छ । खानेपानीको लागि त्रिशूली नदीपारि चितवन जिल्लाबाट पानी ल्याएर समस्या मत्थर पारिएको छ । मन्दिर परिसरमा र आसपासको क्षेत्रमा काली नदीबाट लिफ्ट गरि पानी तानेर वितरण गरिएको छ तर त्यो आवासीय क्षेत्रको लागि यथेष्ट छैन । पर्याप्त पानीको अभाव र जीविकोपार्जनको आधार नभएर मनभरि उमङ्ग, मुटुभरि सपना बोकेर आएका मानिसहरू कुनै गुजाराको उपाय नदेखी वाध्य भै निराश भएर फर्किरहेको हामी सवैले देखेकै छौं । बढीभन्दा बढी मानिसलाई आकर्षित गरेर वस्ती विकास गर्नु पर्नेमा एकपटक आएका मानिसहरू पनि विस्थापित हुने वा फेरी वसाइँसराइ गरी यहाँबाट अन्यत्र जाने क्रम देखिनु शुभसङ्केत मान्न सकिन्न ।

## ४. विकासको सम्भावना

जति धेरै समस्या भएपनि देवघाटको विकासको सम्भावना पनि त्यत्ति नै छ। आवश्यक छ, सहि नेतृत्व, सहि योजना र समयोचित व्यवस्थापन। देवघाटको सवैभन्दा ठूलो निधि भनेको नै दुईवटा ठूला नदी र तीनको अपार जलसम्पदा हो । हुन त यहाँ ठूला मन्दिर छन्, पुरातात्विक महत्त्वका ऐतिहासिक वस्तुहरू पनि छन् । तर नदी र तीनको जलको अभावमा ती वस्तुको कारणले मात्र यो ठाउँ प्रसिद्ध हुन सक्दैनथ्यो । तसर्थ देवघाटको विकास भन्नेवित्तिकै ती नदीलाई कति बुद्धिमानीपूर्वक उपयोग गर्न सक्छौँ भन्ने प्रश्न आउँछ । चाहे नौका विहारको लागि होस् वा धार्मिक तीर्थाटनको लागि वा सिंचाइ होस् वा पर्यटकीय दृश्यावलोकन वा जलक्रीडा जे गरे पनि नदी नै मूख्य आधार बन्दछ । अर्थात् देवघाट को पर्यटकीय विकास (धार्मिक र मनोरन्जनात्मक) नै प्रमुख अवधराणा हुन सक्नुपर्छ। पर्यटन विकासको कोणबाट अगाडि बढ्ने हो भने सर्वपक्षीय विकासको ढोका खुल्छ। यसबाट स्थानीय होटल, व्यापार, रेस्टुरेन्ट, पसल, कुटिर उद्योग, नौका र डुङ्गा व्यवसाय लगायत स्थानीय उत्पादनले बजार पाउने अवसर दिलाउछ !

यिनै नदीहरूले गर्दा यस भूमिमा ऋषि, मुनि, तपस्वी, सन्त, महन्त आदि आकर्षित भए । जप तप ध्यान चिन्तन मनन गरे र कालान्तरमा यो क्षेत्र पवित्र तीर्थस्थलको रूपमा स्थापित भयो । ऋषि मुनिहरूको तपोभूमि भएकोले यस स्थानमा आसपासका राज्यबाट राजा महाराजाहरू आएर आफ्नो आस्थाअनुसार मठ मन्दिर बनाउने, शिलालेख राख्ने गर्नाले यो स्थल तीर्थस्थलका साथसाथै ऐतिहासिक स्थल पनि बन्न पुग्यो । यसै क्रममा यस स्थलको पवित्रता, पानीको स्वच्छता आदिलाई हेरेर ॐकार परिवारका विभिन्न सम्प्रदायले मठ मन्दिर बनाउने, आश्रम खोल्ने, विद्यालय स्थापना गर्ने काम गरी यसलाई धार्मिक सांस्कृतिक महत्त्वको स्थान बनाए । यो विकासक्रम नै हो । अबको अभिभारा भनेको बढी भन्दा बढी भक्तजन, धार्मिक पर्यटक आकर्षण गर्नु हो । माघेसङ्क्रान्ति मेला यसको ज्वलन्त उदाहरण हो । वेला वेलामा महायज्ञ लगाएर ठूलो संख्यामा धर्मानुयायी भेला

गरेका घटना पनि ताजै छन् । यो क्रम निरन्तर चलाइरहनु पर्दछ भने नयाँ र सृजनात्मक सोचले अगाडि बढिरहनु पर्दछ !

कुनै पनि विकासले जनतालाई छोएको, चेतना जागृत गरेको, शोचमा परिवर्तन ल्याएको हुनु पर्दछ । जबसम्म जनसमुदायलाई छुदैन तबसम्म त्यो विकास स्थायी हुन सक्दैन । विकासले त मानिसको जीवनस्तर उकास्नु पर्छ, सोच बदल्नु पर्छ, व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ । भौतिक सुख सुविधा मात्र विकास होइन । सडक, बिजुली, सञ्चार, स्वास्थ्य, शिक्षा, खानेपानी, सिंचाई आदि विकासको लागि आवश्यक छन् तर मानिसको सोच र मनोवृत्तिमा विकास नभए यी पूर्ण हुन् सक्दैनन् । यो सडक मेरो हो, यो खानेपानी मेरो लागि हो, यो बिजुलीको जतन मैले गर्नु पर्छ अर्थात् यी सबै विकास मेरो लागि हुन् र मैले यिनको माया गर्नुपर्दछ, मर्मत सम्भार गर्नुपर्दछ भन्ने सोचको विकास पूर्वसर्त हो । यी हाम्रा सम्पत्ति हुन्, यीनको उपयोग हामीले नै गर्ने हो र यी नभए हामीलाई नै समस्या हुन्छ भन्ने भावना जागृत गराउनु एक ठूलो चुनौती हो !

विकासका भौतिक र मानवीयमात्र नभै व्यवस्थापकीय पाटो पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । विकासको विभिन्न चरणमा कुशल व्यवस्थापन को जरुरत पर्छ । दूरदर्शी भएर उच्च लगनका साथ विस्तृत योजना बनाएर नेतृत्वले काम गर्नु पर्दछ । सो योजना कार्यान्वयन गर्न व्यवस्थापकीय गुण को आवश्यकता रहन्छ । व्यवस्थापनको एउटा विधि हो योजना कार्यन्वयनको हरेक चरणमा स्थानीय जनसमुदायलाई सहभागी गराउदै लैजाने । यसो गर्नाले जनसमुदायमा योजनाको अपनत्व लिने वातावरण बन्न जान्छ ।

## ५. उपसंहार

देवघाट एक पर्यटकीय पवित्र धार्मिक ऐतिहासिक र पुरातात्विक तीर्थस्थल हो । यसको विकासका विभिन्न चरणमा भिन्न-भिन्न व्यक्ति, समुह, जात जाति र सम्प्रदायको योगदान छ । यस क्षेत्रको धेरै विकास भए पनि केही जात जातिहरू लाभान्वित हुन नसकेका हुन् कि भन्ने चिन्ता पनि छ । आउने दिनमा देवघाटको विकासको प्रचुर सम्भावना छ । सबैभन्दा ठूलो सम्भावना भने धार्मिक, मनोरन्जनात्मक र ऐतिहासिक पर्यटन नै हो । भरतपुर महानगरपालिकासँग जोडिएको ओभानो टार बसोबासको लागि पनि उत्तम छ! विकास भनेको मानिसको मन मस्तिस्कमा पनि हुनुपर्छ । त्यसको लागि जनसहभागितामा विकास योजना र कार्यक्रमहरू चलाउने र व्यवस्थापनमा पनि उनीहरूलाई सम्मिलित गरे अपनत्व बोध गराउनु हो । यसो गरे यो बहुआयामिक महत्त्वको पवित्र स्थलको भविष्य उज्ज्वल छ ।

# देवघाटलाई बचाऔं



आचार्य लक्ष्मण भण्डारी

देवघाट नेपालका महत्त्वपूर्ण तीर्थमध्येको एक हो । देशकै केन्द्रभागमा रहेको हुनाले पनि यहाँ तीर्थालुहरूको आवतजावत अन्य तीर्थहरूमा भन्दा केही बढी नै हुने गरेको छ । मानिसहरू देवघाट घुम्न आउनुपछाडिका मुख्य दुई कारण हुन् : आध्यात्मिक एवम् धार्मिक पुण्यको कार्य र प्राकृतिक सौन्दर्यको विशेष अनुभूति । आध्यात्मिक पुण्य लाभ र प्राकृतिक सौन्दर्यको अनुभूति नै देवघाट आउनुका मूल प्रयोजन हुन् । तर, देवघाट आएर पनि यदि यी दुवै लाभबाट वञ्चित हुने अवस्था आयो भने के होला ? यो प्रश्नमाथि विचार गर्नु अत्यन्त आवश्यक छ ।

वैदिक सनातन सभ्यतामा तीर्थ र प्रकृतिबिचको एकतालाई अत्यन्त महत्त्वका साथ स्थापित गरिएको छ । हामीसँग वेद छन्, इतिहास पुराण छन् । विभिन्न धर्मग्रन्थ र शास्त्रहरू छन् । यी सबै ग्रन्थ, इतिहासपुराण ती ऋषिमनिषिहरूले प्रकृतिको मनोरम सौन्दर्यका बिचमा बसेर रचना गरेका थिए । उनीहरूले यसरी प्रकृतिको शान्त र सुन्दर स्थानलाई ज्ञान, ध्यान, लेखन, चिन्तन र साधनाको स्थान बनाउनुका पछाडिको कारण भनेकै प्रकृतिको आनन्द हो ।

आनन्द धेरै किसिमका छन् । तर, ती आनन्दमध्ये पनि प्रकृतिको काखमा पाइने आनन्दको तुलना अन्य सांसारिक सुखसँग कहिल्यै हुन सक्दैन । राम्रा र महँगा ओछ्यान्, धेरै पैसा पर्ने कपडा र अन्य भौतिक सुविधा भएर पनि जाडोमा हामी किन सबै छोडेर घामको न्यानोमा बस्दा खुसी हुन्छौं ? घर, कामधन्दा र सम्बन्धहरूलाई बिर्सिएर किन नदीकिनार र हिमाल पहाडका चुचुराहरू हेर्न पाउँदा हामी रोमाञ्चित हुन्छौं ? किनभने प्रकृतिमा जेछ, त्यो हामीले निर्माण गरेका कृत्रिम सुविधाका साधनहरूमा छैन ।

देवघाट प्राकृतिक दृष्टिले साँच्चै नै दिव्य छ। तिन नदीको सङ्गम, चारैतिर पहाड र जङ्गलले घेरिएको तराई र पहाडलाई जोड्ने दिव्यभूमि हो, देवघाट । काली, त्रिशूली र नारायणीका किनारमा उभिएर वरपर हेर्दा वा तिनै नदीको शीतल जलमा स्नान गर्दा हामी कति आनन्दित हुन्छौं, त्यसको वर्णन कुनै पनि शब्दमा गर्न सकिँदैन ।

प्रकृतिको यही स्वर्गमा आएर हाम्रा पूर्वजहरूले साधना गरे, चिन्तन मनन गरे र जीवनलाई धन्य बनाए। देवघाटको यही सङ्गममा स्नान गर्न स्वर्गबाट पनि देवीदेवता अवतरित हुन्छन् । यही प्राकृतिक हरियाली र आध्यात्मिक महत्त्वको दिव्य तपस्थलीमा आज देश र विदेशका तीर्थालु आएर आफ्ना पाप नदीहरूमा बगाउँदै पुण्य बोकेर फर्कन्छन्। यो क्रम आजसम्म कायम छ ।

तर, आगामी दिनहरू देवघाटको प्रतिकूल हुने लक्षण देखिँदै छन्। यसको मुख्य कारण सिमेन्ट

र कङ्क्रिटको बढ्दो अतिक्रमण हो । हिजोभन्दा आज आधुनिक भवन र सुविधा सम्पन्न महलहरू बन्ने क्रम तीव्ररूपमा बढ्दै गएको छ भने देवघाटको पुरानो स्वरूप स्खलित हुँदै गएको छ । त्यसो त, समय सधैँ एकनास रहँदैन । समयको गतिसँगै विकासनिर्माणको गति पनि बढ्दै जान्छ, यो सत्य हो । तर, विकासको अर्थ कङ्क्रिटको निर्माण मात्रै होइन । कतिपय ठाउँहरू यस्ता हुन्छन्, जसलाई हामीले आधुनिक विकास निर्माणका साधनदेखि अलगै राख्नुपर्ने हुन्छ । देवघाटमा गलेश्वर बाबाले तपस्या गर्नुभयो । उहाँकै तपस्याको फल आजको देवघाटले पाइरहेको छ । उहाँ देवघाट आएर बस्नुका पछाडि पनि एकान्त, सुन्दर र शान्त देवघाट नै थियो । यदि, हामीले देवघाटमा आधुनिक विकासको क्रमलाई नरोक्ने हो भने केही वर्षमै देवघाट काठमाडौँको रत्नपार्कभन्दा फरक हुने छैन । साधु, सन्त, तपस्वीले घरबजारको होहल्ला छोडेर शान्त ठाउँमा गई तपस्या गर्नुको अर्थ नै त्यहाँ पाइने शान्ति हो । घर छोडेर देवघाटमा तपस्या गर्न आउने आम साधकहरूले गाउँघर र सहरमा जस्तै मोटरगाडीको चर्को आवाज, बजारको जस्तो भिडभाड र ठेलमठेल ब्यहोर्नुपऱ्यो भने के होला ? देवघाट यही खतराबाट गुज्रँदै छ ।

देवघाटमा थप दुई वटा पक्की पुलको निर्माण सम्पन्न हुँदै छ । एउटा मात्र नभएर दुई दुई वटा । दासढुङ्गाबाट एउटा पक्की सञ्चालनमा आएको पनि धेरै वर्ष भएको छ । ठिमुरा र हर्दीबाट दुई पक्की पुल निर्माणको क्रममा छन् । अन्य दुई झोलुँगे पुलहरू पहिल्यैदेखि छँदै छन् । यी पुलबाट मोटरगाडी र मानिसको आवतजावत बढेर जाँदा देवघाटमा ध्यान, साधना र तपस्या गर्ने साधकहरूको साधनाको विकास कस्तो होला ? देवघाटको विकास गर्ने भनेर यी पुलहरू बनाइए पनि यिनले देवघाटको प्राकृतिक र आध्यात्मिक अस्तित्वलाई नराम्ररी ध्वस्त पार्ने हुन् कि भन्ने चिन्ताले घर गरेको छ ।

तीर्थहरू पूर्णतः प्राकृतिक, शान्त र सुन्दर हुनुपर्दछ । जबसम्म एकान्त र शान्त अवस्था कायम रहन्छ, तबसम्म त्यो ठाउँ तीर्थ बन्न सक्दछ । भोलि नारायणी, काली र त्रिशूली नदीहरू बढ्दो बस्ती र मानिसको भिडभाडका कारण प्रदूषित हुने जोखिम पनि उत्तिकै छ । जुन नदी, मठमन्दिर र तपस्वीको दर्शन गर्न आज मानिस देवघाट आएका छन्, त्यो अवसरबाट वञ्चित हुनुपर्दा को देवघाटको दर्शन गर्न आउला ? देवघाटको धार्मिक पर्यटनको अवस्था कस्तो होला ? सम्बन्धितले यसतर्फ गहिराइका साथ सोचेको देखिँदैन ।

देवघाटलाई सामान्य आधुनिक सुविधाबाट अहिलेको अवस्थामा अलग गर्नुहुँदैन भन्ने कुरालाई सम्म उचित नै मान्न सकिएला तर अन्धाधुन्ध निर्माण र हरेक दिनको अनावश्यक भिडभाडलाई देवघाटका लागि स्वाभाविक मान्न सकिँदैन । कतिपय ठाउँको विकास भनेको त्यहाँको पुरानो महत्त्व, प्राकृतिक अवस्था, स्वरूप र संरचनालाई जस्ताको त्यस्तै सुरक्षा गरेर राख्नु हो । देवघाटको साँचो विकास भनेको पनि यहाँको प्राकृतिक एवम् आध्यात्मिक स्वरूपलाई जोगाउनु हो, तपस्वीहरूले तपस्या गर्ने अवसरलाई कायम राख्नु हो । पुलकुलेसा, पक्की सडकको निर्माण, बिजुली बत्ती, मोटरगाडी, अस्पताल आदिको निर्माण गाउँगाउँमा गर्नुछ, टोलटोलमा गर्नुछ र देशको विकासलाई अग्रगति दिनु छ । तर, देवघाटजस्ता ठाउँलाई भने

ती भौतिक सुविधाको अतिबाट भने सुरक्षित राख्नु अनिवार्य देखिन्छ ।

मानिसहरू बस्न त जस्तो ठाउँमा पनि बसेका छन् नि ! देवघाट बस्नैका लागि आउने ठाउँ होइन, सुख र आनन्दका साथ बस्न आउने ठाउँ हो, तनाव र चिन्तामुक्त भएर रमाउन आउने ठाउँ हो । हामीलाई दुःख दिने भौतिक विषय, वस्तु र पदार्थहरूले नै हो । जीवनभरि यिनै विषयभोगको चरमबाट गुज्रिएका मानिसहरूले जुन आत्मिक सुख, आध्यात्मिक शान्ति र दैवी सौन्दर्य गुमाएका थिए, त्यही खोज्न र त्यसको दिव्यतम अनुभूति गर्न मानिस देवघाट आउने हो । घरगृहस्थमा सबैखाले भौतिक सुख, सुविधा र ऐश्वर्यको पर्याप्त भोगबाट जन्मिएको आत्मिक रोग बोकेर मानिस देवघाट आउँछन् र साधना, तपस्या, सत्सङ्ग र एकान्तवासको अभ्यासले रोगमुक्त भएर परमानन्दलाई अनुभूति गर्दछन् ।

यति महान् उद्देश्य बोकेर आउने मान्छे फेरि देवघाटमा आएपछि पनि उही पुरानै घरगृहस्थकै संस्कार बोकेर आयो भने के होला ? देवघाटमा यस्तै देखिएको छ । सहरबजारमा जस्तै गगनचुम्बी महल बनेका छन्, कङ्क्रिटको जङ्गल तयार भएको छ । साधनाभन्दा धेरै सुविधाको भोगमा रमाउने भोगीहरूको सङ्ख्या बढेर गएको छ । एकप्रकारले जुन सहरबजारको कोलाहल र झमेलाबाट वाक्कदिक्क भएर मानिस देवघाट आएको हुन्छ, उसले देवघाटमा पनि त्यही सहर देख्दा के होला ? त्यसैले, देवघाटलाई सरह बन्नबाट रोकौँ, भीडभाड हुनुबाट बचाऔँ, शुद्ध तपस्थलीका रूपमा विकास गरौँ ।

देवघाट क्षेत्र विकास समितिले देवघाट के हो ? मानिस देवघाट आउनुको अर्थ के हो ? देवघाटमा आइसकेपछि साधकले कस्तो अनुभूति गर्नुपर्छ भन्ने प्रश्नमा केन्द्रित भएर त्यसैअनुसारको योजना निर्माण गर्नुपर्ने देखिन्छ । क्षेत्रविकास समितिको काम देवघाटमा दोकानहरू बढाउने हनुहुँदैन, व्यापारतिरभन्दा धेरै देवघाटको शान्तिलाई कसरी सुरक्षित गर्न सकिन्छ भन्नेतिर बढी केन्द्रित हुनुपर्ने देखिन्छ । मन्दिरहरू पनि दोकानजस्ता बन्दै गएका छन्, जसका कारण मन्दिरको गौरव र गरिमालाई घट्दै गएको र अध्यात्मप्रतिको आस्थालाई कमजोर हुँदै गएको अनुभूति गर्न थालिएको छ, जसप्रति आश्रम, मठमन्दिर र देवालयका पीठाधीश, देवघाट गाउँपालिका र क्षेत्रविकास समिति एकैसाथ सचेत बन्न आवश्यक छ ।

अत्यन्त राम्रा भनिएका र दर्शनीय मानिएका मन्दिरमै मोटरगाडीका भीडभाड हुँदा कसरी शान्ति मिल्छ ? करिब दुई किलोमिटरको दूरी बाँकी हुँदै विशेष साधना र तपस्थलीमा अत्यावश्यक सावरीका साधनबाहेक पैदल हिँड्ने व्यवस्था हुनु आवश्यक देखिन्छ । क्षेत्रविकास समितिले नयाँ बन्ने घर एक तलाभन्दा धेरैको बनाउन नपाउने र मन्दिर वा आश्रमको आकारमा बनाउन पर्ने, एउटै खालको रङ्रोगन गर्नुपर्नेजस्ता मापदण्ड निर्धारण गर्न सक्यो भने बढ्दो सहरीकरण रोकिने र कङ्क्रिटको कुरूप जङ्गल बन्ने खतराबाट हाम्रो पवित्र देवघाटलाई बचाउन सकिन्छ ।

देवघाट भोगको होइन, त्यागको केन्द्र हो र हुनुपर्दछ । भुक्तिभन्दा धेरै मुक्तिको साधना गर्ने स्थल हो यो । यहाँ बिजुली बत्ती,

मोटरबाटो, टेलिफोन, मोबाइल, इमेलइन्टरनेट हुनै पर्छ भन्ने छैन । बरु बिजुली बत्ति, मोटरगाडी, मोबाइलफोन, इमेलइन्टरनेट आदिका झमेलालाई कुनामा मिल्क्याएर शुद्ध प्राकृतिक जीवनको साधना गर्ने तपोभूमिका रूपमा देवघाटलाई विकास गर्नेतिर सबैले सोचौँ । हाम्रा आदरणीय ऋषिमुनिले लेखेका ग्रन्थ पढ्ने हामीले आफैँलाई प्रश्न गरौँ : के तिनले बिजुली, मोबाइल, इमेलइन्टरनेट लगायतका भौतिक सुविधा लिएर जङ्गलमा तपस्या गर्न गएका थिए ? के सुविधासहितको पनि तपस्या हुन्छ ? सुविधाले त झन् दुविधा बढाउँछ भन्छन्, साधकहरू । मान्छे आजको दिनमा गुफामा बस्न सक्दैन, तर कुटीमा भने मजाले बस्न सक्छ । देवघाटमा घरहरू बनाऔँ, तर प्राचीन तपस्वीहरूका जस्ता अत्यन्त सादा, सुन्दर र प्राकृतिक कुटीजस्ता, सहरबजारका जस्ता गगनचुम्बी महल होइन । घर छोडेर देवघाट जाँदा हरेक गृहस्थले फरक अनुभूति गरोस् । देवघाटमा नभई नहुने र अत्यन्त आवश्यक भौतिक सुविधाबाहेक सहरबजारको जस्तो भौतिक निर्माण एवम् सुविधाको बेहिसाब प्रयोगलाई कम गर्ने प्रयास गरौँ, यसको सौन्दर्यलाई जीवित राख्नेतिर लागौँ । बेहोसीको भौतिक निर्माणबाट क्षतविक्षत हुँदै गएको देवघाटलाई बचाऔँ, यसको प्राकृतिक, पौराणिक एवम् आध्यात्मिक मूल्यलाई कहिल्यै मर्न नदिऊँ । अस्तु ।

मुस्कान झैँ सिर्जनाको मुसुक्क
खुल्दा यहाँ छन् कति पत्र-पुष्प
डोऱ्याउँदै चित्त विशुद्ध पारी
रहस्य उद्घाटनको तयारी

आई पुगे झैँ घर आसपास
सारा यहाँ वृक्ष लता र घाँस
आनन्द फेरेर सुवास श्वास
झल्काउने सत्-सुखको प्रकाश

वियोगिनीलाई खसम् पुगेको
पिपासुलाई जल ली झरेको
सन्देश बोकेर आकासचंगी
उड्छन् यहाँ धेर चराचुरुङ्गी

- युगकवि सिद्धिचरण श्रेष्ठ

# देवघाटधाम र तीर्थका न्यूनतम पूर्वाधार



**नवराज ढकाल**
सदस्य, देवघाट क्षेत्र विकास समिति

देवघाटधाम नेपालको मध्यभागमा बागमती प्रदेश र गण्डकी प्रदेशको चितवन, तनहुँ र नवलपुर तीन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. १ को अधिकांश भाग, वडा नं. ११ र २ का केही भाग, देवघाट गाउँपालिका वडा नं ५ को अधिकांश भाग र गैंडाकोट नगरपालिका वडा नं. २ र ३ को केही भाग गरेर जम्मा ५४३४ हेक्टर जमिनलाई समेटी त्कालीन सरकारले २०५० सालमा गठन आदेशद्वारा गठन गरी यस क्षेत्रको धार्मिक एवं सांस्कृतिक विकास एवं संरक्षण गर्नका लागि खोलिएको सरकारी निकाय हो । आदिप्रयाग हरिहर क्षेत्र पुण्यभूमि देवघाटलाई हाम्रा धार्मिक ग्रन्थहरू रामायण, पुराण, उप-पुराण, वेद आदि ग्रन्थहरूमा अति महत्त्वका साथ उल्लेख गरेको पाइन्छ। देवघाटधामको महत्त्व कालीगण्डकी र त्रिशूली नदीको वेणीसंगम जहाँ स्नान, श्राद्ध, पूजा गर्दा पुण्य प्राप्ति हुने जनविश्वास रहेको छ । कालीगण्डकी नदी विश्वको एक मात्र शालीग्राम पाइने नदी पनि भएकाले यो नदीलाई शालिग्रामवाहिनी पनि भनिन्छ । यस क्षेत्रमा रहेका मठ-मन्दिर, आश्रम मात्र नभएर देवघाटले पूर्वीय दर्शनलाई विश्वभरि फैलाउन महत्त्वपूर्ण योगदान दिने र पूर्वीय दर्शनलाई फैलाउने कार्य यसक्षेत्रमा सञ्चालित गुरुकुलहरूबाट भएको छ । यी गुरुकुलहरूले देवघाटलाई एक जना परिचय पनि दिएका छन् । यहाँका उच्च प्रविधिहरूद्वारा पढाइ हुने गुरुकुलहरू यस क्षेत्रको गहनाका रूपमा हेर्न सकिन्छ। पूर्वीय दर्शनअनुसार सेवालाई प्रमुख रूपमा वर्णन गरेको हुन्छ । हामीले गर्ने सेवा मध्ये गौ, गौरी र गंगाको सेवालाई यस क्षेत्रमा रहेका विभिन्न संस्था तथा आश्रमले आफ्नै प्रमुख उद्देश्यका साथ अगाडि बढाएका छन् ।

देवघाटधाममा देश तथा विदेशबाट यहाँ मेला भर्न, अध्ययन र अनुसन्धान गर्नका लागि असंख्य तीर्थालुहरू यस क्षेत्रमा आउने गर्नुहुन्छ । वर्षभरिमा यस क्षेत्रमा डेढ दर्जनभन्दा बढी मेलाहरको प्रवर्धन र व्यवस्थापन देवघाट क्षेत्रले गर्ने गरेको छ। मुख्यगरी वैशाख संक्रान्ति, बुद्धजयन्ती, गुरुपूर्णिमा, गंगादशहरा, साउने सोमबारहरू, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, सोह्रश्राद्ध, बालाचतुर्दशी, ठूली एकादशी, माघे संक्रान्ति, श्रीपञ्चमी, महाशिवरात्री, रामनवमी, सूर्यग्रहण र चन्द्रग्रहण यस क्षेत्रमा लाग्ने मुख्य पर्वहरू हुन् ।

देश तथा विदेशबाट धार्मिक तीर्थालुहरू र पर्यटकलाई सहज आवागमन वा तीर्थका पूर्वाधारहरू निकै नै कमजोर र अव्यवस्थित रहेकाले देवघाट क्षेत्र विकास समितिले २१ वर्षे गुरुयोजना ११ वर्ष अगाडि बनाएर कार्यान्वयनमा ल्याउन खोज्दा पनि सो मुताबिकका धेरै कार्यलाई व्यवस्थित तरिकाले अगाडि बढाउन सकेको छैन । सोका लागि नेपाल सरकारले यस क्षेत्रको विकास र प्रवर्धनमा त्यति

ध्यान दिन नसकेको कुरा देवघाट दर्शन गर्ने जो कोहीले पनि सहज अनुमान लगाउन सक्दछन् ।

देवघाट क्षेत्र विकास समितिले अहिले आएर देवघाट क्षेत्रको तीर्थका न्यूनतम पूर्वाधार हरूको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायसँग समन्वय गरी हाम्रा गुरुयोजनालाई कार्यान्वयनतर्फ केन्द्रित गरेका छौँ । जसअन्तर्गत केही योजनाको डि.पि.आर सम्पन्न गरिसकेका छौँ भने केही योजनाहरूको डि.पि.आर. निर्माण गर्ने र निर्माण भएका डि.पि.आर. योजना मुताबिक कार्यान्वयनतर्फ केन्द्रित रहेका छौँ । त्यस्तै गुरुयोजनालाई समयसापेक्ष बनाई परिमार्जन गर्न पनि लागेका छौँ । साथै भइरहेका सार्वजनिक जमिनहरूलाई व्यवस्थापनतर्फ ध्यान दिएका छौँ । सार्वजनिक जमिनहरूलाई यहाँ रहेका संघ-संस्थाहरूका उचित प्रयोजनमा प्रयोग नगरी मनपरी ढंगले आफ्ना कार्य अगाडि बढाउने कार्यलाई हामी पूर्ण रूपमा निरुत्साहित गराउन पर्ने आजको आवश्यकता छ ।

यस क्षेत्रमा देवघाटको गौरवको रूपमा निर्माण हुँदै गरेको विद्युतीय शवदाह गृहको निर्माण गती सुस्त रहेको, यस क्षेत्रमा बन्न प्रस्ताव गरेको त्रिकोणात्मक पुलको लागि उचित बजेटको विनियोजन हुन नसकेको, बागमती प्रदेश र गण्डकी प्रदेशले बनाउन लागेको प्रस्तावित मैत्री पुलले यस क्षेत्रमा लाग्ने मेला र पर्वलाई केही सहजता दिन सक्नेछ । ठिमुरामा बन्दै गरेको पुलले पनि मेला व्यवस्थापनमा सहजता दिनेछ । स्नानको लागि प्रख्यात देवघाटधाममा उचित स्नानघाटको व्यवस्थापनको लागि बागमती प्रदेशबाट डि.पि.आर. निर्माण र मदन आश्रित बृहत् धर्मशालाको डि.पि.आर. निर्माण सम्पन्न भएको भए तापनि यो वर्ष कोभिड-१९ ले गर्दा परियोजनाहरू अगाडि बढ्न सकेको छैन । ती परियोजनालाई अगाडि बढाउन सकिए देवघाट धामको महिमालाई अझै अगाडि बढाउन सकिने विश्वास गर्न सकिन्छ । साथै देवघाटधामको पवित्रतालाई अझ बढी महत्त्व दिनका लागि वेणी सङ्गम परिक्रमा प्रण हुनसकेको खण्डमा यसले धार्मिक पर्यटकलाई अझै लोभ्याउने छ र देवघाटमा आउने तिर्थालुको बसाईँलाई लम्ब्याउन सकिने छ । यसले यस क्षेत्रमा बसोबास गर्ने आम मानिसहरूलाई पनि आर्थिक टेवा पुऱ्याउन सक्नेछ । देवघाटधाममा तीर्थ भर्न आउने पर्यटकलाई उचित गाईडको प्रबन्ध गरी यसको महत्त्वलाई प्रत्येक आगन्तुक तीर्थालुलाई बताउन सकियो भने देवघाटधाम नेपालको मात्र नभई समग्र हिन्दू र ओम्कार परिवारको आस्था र विश्वासको केन्द्र बन्न सक्दछ । अबका केही वर्षमा हामी देवघाटधाममा तीर्थका न्यूनतम पूर्वाधारहरू निर्माण गर्न सकेको खण्डमा यस क्षेत्रलाई पूर्वीय दर्शनको अध्ययन र अनुसन्धान केन्द्रका रूपमा अगाडि बढाउन सकिने कुरामा दुई मत छैन ।

# बुझेको, भोगेको र खोजेको देवघाट



उपप्रा. फणीन्द्रप्रसाद पौडेल
प्रधानाचार्य, महेश-संस्कृत-गुरुकुल, देवघाट ।

**सुरवरमुनि सारा नित्य ओर्लेर आई,**
**हर हर हर गङ्गे भन्दछन् यैं नुहाई ।**
**अनुपम सुरलीला चल्छ सन्ध्या प्रभात,**
**तन, मन सब माझ्ने धाम हो देवघाट ॥**

**उपक्रमः**

देवघाट मेरो जन्मस्थल होइन । गुरुकुलअध्ययनको सन्दर्भले म देवघाटमा जोडिएको हुँ । बाल्यकालमै गाँसिएको पवित्र गण्डकी र देवघाटसँगको सम्बन्ध पच्चीस वर्षदेखि निरन्तर बाक्लिँदो छ । पतितपावनी गण्डकीको पावनत्व र तीर्थप्रतिको आकर्षण प्रतिदिन बढ्दो छ । तीर्थराज देवघाटधामको वास्तविक महिमा र रहस्य आफूले बुझेर संसारलाई बुझाउन पाए हुन्थ्यो भन्ने विचार बढ्न थालेको छ । समय र समाजले निम्त्याएका समस्यालाई किनारा लगाएर नाममा मात्र होइन देवघाटलाई भौतिकरूपमै देवघाटधाम बनाउन मन लागेको छ । परोपकारी सन्तको काख, गुरुकुलको आश्रय र पुण्यतीर्थको वास भोगिरहेको म वैयक्तिक उपलब्धिले सन्तुष्ट भएर पनि आफ्नो तीर्थको वर्तमान र भविष्यप्रति आश्वस्त हुन सकेको छैन । धार्मिक, आध्यात्मिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक र प्राज्ञिक सम्पदाले सम्पन्न देवघाट बुझाइ र भोगाइमा भिन्न हुँदै गएको छ । एकातर्फ बुझाइ र भोगाइको भिन्नताले तीर्थको स्वरूप र संरचनासँगै अस्तित्व नै सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता बढेको छ भने अर्कोतर्फ चिन्ताकै बिचमा समृद्ध धार्मिक तीर्थ देवघाटधामको कल्पना र रहर पनि पलाएको छ । कल्पना र रहर वैयक्तिक हुन्छ र पनि चिन्तनको साझा चौतारी चिन्न मन लागेको छ । गण्डकीविशेषाङ्कमा समावेस हुने यो आलेखमा गण्डकी र देवघाटलाई नजिकबाट नियालिरहेको एउटा मनको रहर कोरिएको छ । मैले बुझेको, भोगेको र खोजेको देवघाट भनेर ।

**बुझेको देवघाटः**

देवघाटधाम प्राचीन तीर्थ हो । युगक्रम र कल्पक्रमअनुसार यस तीर्थमा ठूला-ठूला यज्ञअनुष्ठान गरिएका वर्णन शास्त्रमा प्रशस्त भेटिन्छन् । आफ्नो योगसाधनाद्वारा संसारमा पूज्य बनेका कयौँ सिद्ध ऋषिमुनिहरूले यसै तीर्थमा सिद्धि प्राप्त गरेका प्रसङ्गहरू पुराणहरूमा वर्णित छन् । वर्तमानका निम्ति त शुक्लागण्डकी र कृष्णागण्डकीको पवित्र सङ्गम देवघाट संसारकै दुर्लभ तीर्थ हो । कलियुगको पहिलोचरण सकिएसँगै भारतवर्षका नदीहरूको पावनत्व क्रमशः लोप हुँदै जाने तर गण्डकीको पवित्रता यथावत् रहिरहने पौराणिक निष्कर्षभन्दा अर्को प्रमाण देवघाटधाम र गण्डकीको महिमाका विषयमा खोजिरहनु पर्दैन । हामीले देवघाटलाई यही अर्थमा बुझेका छौँ र देवघाटलाई बुझ्न चाहने सबैले यति कुरा जान्नैपर्ने मानेका छौँ ।

१) **सितासिते सरिते यत्र सङ्गमे तत्राप्लुतासो दिवमुत्पतन्ति ।**
**ये वै तन्वं विसृजन्ति धीरास्ते जनास्ते अमृत्त्वं भजन्ते ॥**

यो ऋग्वेदपरिशिष्टमा आएको मन्त्र हो । मन्त्रका अनुसार शुक्लवर्णा र कृष्णवर्णा नदीको सङ्गममा स्नानगर्ने व्यक्तिलाई स्वतः स्वर्गलोक प्राप्त हुन्छ भने यस्ता पवित्र तीर्थमा प्राणत्याग गर्ने पुण्यात्मालाई अमृत्त्व अर्थात् मोक्ष प्राप्त हुन्छ । यो वैदिक मन्त्रले वर्णन गरेको तीर्थ हाम्रै देवघाटधाम हो । जहाँ शुक्लवर्णा सेतीगण्डकी र कृष्णवर्णा कालीगण्डकीको अनुपम सङ्गम बनेको छ । सेती र काली गण्डकीको यो दुर्लभ सङ्गम संसारमा अन्यत्र उपलब्ध छैन । यो कुरा बुझेर तीर्थस्नान गर्दाको अनन्द बेग्लै हुन्छ । महत्त्वबोधले वस्तुको महिमा बढ्छ । महत्त्वकै कारण गण्डकी, गण्डकीका तीर्थ र तीर्थका उपासकको संसारमा विशेष सम्मान छ । त्यसैले हामीले हाम्रो तीर्थको महिमा बुझ्नैपर्छ ।

२) **गङ्गायमुनयोर्यद्वत् सङ्गमो मर्त्यदुर्लभः ।**
**तथैवायं देवनद्योः सङ्गमः समुदाहृतः ॥**

- वराहपुराण, १४५/९६)

जसरी गङ्गा र यमुना नदीको सङ्गम संसारमा दुर्लभ मानिन्छ त्यसैगरी देवनदीहरूको सङ्गम पनि दुर्लभ छ । देवनदीहरूको स्वरूप र लक्षण शास्त्रमा वर्णित छ । शास्त्रका अनुसार देवनदीको विशेष महत्त्व हुन्छ । ती दुर्लभ देवनदी कालीगण्डकी र त्रिशूलीका रूपमा हामीलाई उपलब्ध छन् । पुराणको पद्यले संकेत गरेको पनि यही हो । संसारको रक्षाका निम्ति विषपान गर्ने नीलकण्ठ भगवान् शङ्करको तपोबलद्वारा उत्पन्न भएकी शाम्भवी -त्रिशूली) गण्डकी र मुक्तिक्षेत्रमा उत्पन्न भएर शालग्रामरूप भगवान् नारायणलाई अन्तर्गर्भमा धारण गरी प्रवाहित वैष्णवी -कालीगण्डकी) को सङ्गम साँच्चै दुर्लभ छ । देवघाट पवित्र देवनदीहरूको पवित्रतम सङ्गम तीर्थ हो । यसको तुलना संसारका अन्य कुनै तीर्थसँग हुन सक्दैन । यो कुरा नबुझ्दा हामी माल पाएर पनि चाल नपाएका मुर्ख हुन्छौँ ।

३) **शालग्रामशिलातोयं नित्यं भुङ्क्ते च यो नरः ।**
**सुरेप्सितं प्रसादञ्च जन्ममृत्युजराहरम् ॥**

-ब्रह्मवैवर्तपुराण, २१/८६)

मोक्ष परम पुरुषार्थ हो । हर कोही मानिस मोक्ष चाहन्छ तर साधनाको अभावमा सबैले मोक्ष प्राप्त गर्न सक्दैनन् । नसक्नेहरूका निम्ति शास्त्रमा अनेक उपाय वर्णित छन् । जसको एउटा उपाय - गण्डकीस्नान, ध्यान, यज्ञ र दान हो । शालग्रामवाहिनी गण्डकीको स्नान, ध्यान र सेवनले जो-कोही सजिलै जन्म-मृत्युको चक्करबाट मुक्त हुनसक्छ । पुराणको पद्यले यही भन्छ । गण्डकीको महिमा अपार छ । देवनदीको पवित्र मिलनले सजिएको देवघाट अनुपम छ । यो बुझ्नेलाई देवघाट श्रीखण्ड छ, नबुझ्नेलाई खुर्पाको बिँड ।

**भोगेको देवघाटः**

भोगेको देवघाट बुझेझैँ छैन । दुःखको कुरा, दुर्लभ देवनदीहरूको सङ्गम देवघाटलाई दुई खोलाको मिलन र कलकल बग्ने गण्डकीको पवित्र जललाई पानीमात्र देख्नेको संख्या बढ्दो छ । **“नदी पानीमात्र होइन जीवन हो र सभ्यता हो”** भन्ने विश्वास नयाँ पुस्तामा घट्दो छ । पवित्र गण्डकी, यिनका पवित्रतम सङ्गम र तीर्थको महत्त्व बुझाउन सकिएको छैन । यसैको प्रतिफल जानेर नजानेर जल र तीर्थमा खेलवाड हुन थालेका छन् । गण्डकीको धार नै परिवर्तन गर्नेजस्ता अप्राकृतिक

लहडले तीर्थको अस्त्वि नै धरमराउने चिन्ता बढेको छ । भौतिक सुख र सुविधाका नाममा बनाइएका अव्यवस्थित घरघडेरी, बाटा-घाटा र संरचनाले आध्यात्मिक नगरी देवघाटलाई छेक्दै गएका छन् । पुर्खाले बनाएका पाटी-पौवा, धारा-पँधेरा र चोक-चौतारा मिचिएका छन् । सार्वजनिक उपभोगका स्थान र वस्तु व्यक्तिगत बनाउने होड नै चलेको छ । तार-बार, घेरा-पर्खाल नलगाएका खुल्ला र साझा ओत लाग्ने ठाउँ मासिइसकेका छन् । घरायसी व्यवहारबाट थाकेर शान्ति र सन्तोषको खोजीमा देवघाट आएकाहरू झनै अत्तालिने हुन् कि भन्ने चिन्ता बढ्दो छ । स्थानीय जनतामा निरन्तर पुण्यक्षेत्रमा बस्न पाएको गर्वभन्दा व्यापारिक चेतना फैलिँदो छ । व्यापक चिन्तन र योजनाको अभावमा तीन-तीनवटा जिल्लामा फैलिएर पनि देवघाट साघुँरिएको छ । संसारभरका सनातनीहरूको आस्था र गन्तव्यको केन्द्र देवघाट दिनहुँजसो लाग्ने साना-साना मेलापर्वमै अस्तव्यस्त हुन थालेको छ । केही घण्टाका निम्ति आएका तीर्थयात्रीले शुद्ध पिउने पानी, सुघ्घर शौचालय र सुस्ताउने चौतारो पाउन गाह्रो छ । तीर्थयात्रीको आवागमन दिनानुदिन बढ्दो छ भने आधारभूत सेवा घट्दै छ । **"तीर्थको शोभा - निःस्वार्थ सेवा"** शून्यप्रायः छ ।

एउटा सानो प्रसङ्ग - गतवर्ष गण्डकी प्रदेशका माननीय अर्थमन्त्री किरण गुरुङ् देवघाटको भ्रमणमा आए । छोटो समय लिएर आएका मन्त्रीको सामूहिक स्वागत गर्ने मेसो देवघाट क्षेत्र विकास समितिले आफ्नै सभाकक्षमा मिलायो । स्थानीय सरकारका पदाधिकारी क्षेत्र विकासका पदाधिकारी, राजनीति दलका प्रमुख र मठ-मन्दिर, आश्रम तथा संघ-संस्थाका प्रमुख एवं प्रतिनिधिको उल्लेख्य उपस्थितिमा अतिथिको भव्य स्वागत भयो । प्रतिनिध रूपमा गाउँपालिका र क्षेत्र-विकासका अध्यक्षले उत्साहित रूपमा देवघाटका सम्भावना, योजना र समस्याको विस्तृत जानकारी गराउदै उल्लेख्य आर्थिक एवं प्राविधिक सहयोगको माग राखे । सहभागी सबैले अनुमोदनको गडगडाहट ताली बजाउँदै खुसी व्यक्त गरियो । मन्त्रीले माग अनुमोदन गर्ने र विकासको मूलफुट्ने आशा बढ्यो । नभन्दै जोसिला र होसिला मन्त्री गुरुङ्ले रहर लाग्दो सम्बोधन गर्दै मन्तव्य सुरु गरे । तर अचम्मको कुरा, मन्तव्यको सुरुमै मन्त्रीले सभालाई प्रश्न गर्दै भने - हाम्रो देवघाट खै ? सबै दङ्ग परे र अवाक् बने । मन्तव्यसँगै मन्त्रीको आवाज पनि बढ्दै गयो । झण्डै आक्रोशको शैलीमा असली देवघाट हराउँदै गएको र हामी त्यसको मतियार बनेकोमा खेद प्रकट गरे । आँफूले छत्तीस-सैतीस सालतिर देवघाटलाई पहिलोपटक देखेको, सच्चालीस सालतिर साथीको अभिभावकलाई भेट्न आउदा आफू प्रगतिशील विचारको मान्छे भएर पनि देवघाटको महिमा, स्वरूप र चिन्तनबाट धेरै प्रभावित भएको तर अहिले केही गर्न सक्ने हैसियतमा आउँदा देवघाट नै हराएको नमिठो गुनासो पोखे । सुन्दर प्राकृतिक देवघाटधामलाई आधुनिक संरचनाले अझै कुरूप बनाउने योजना अघि बढाउन र सहयोग गर्न आँफूलाई अप्ठ्यारो लागेको यथार्थ बोले । मन्त्रीका फोटा खिच्न तम्सिएका मोबाइलहरू गोजीभित्र छिरे । सहभागी धेरैले तातो सास फेरे । एउटा कुर्सीको साक्षी मलाई अचम्म लाग्यो, र भनें - मन्त्रीले ठीक भने । हामीलाई समृद्ध देवघाटधाम चाहिएको हो, देवघाटमात्र होइन । यो एउटा प्रतिनिधि प्रसङ्गमात्र हो । निःस्वार्थ व्यक्तिका यस्ता अनुभव धेरै

छन् । यथार्थमा हिजोले आजलाई सगौरव सुम्पिएको देवघाट भोलिलाई उसैगरी हस्तान्तरण गर्न सकिने हो होइन ? शङ्का बढेको छ । त्यसैले बुझेको र खोजेको भन्दा भोगेको देवघाट धेरै पर छ ।

**खोजेको देवघाटः**

देवघाट देवताको घाट हो । प्रत्येक ब्रह्ममुहूर्तमा हजारौं देवी-देवताले गण्डकीका पवित्र सङ्गममा स्नान गर्छन् । सिद्धहरूले ध्यान गर्छन् र लाखौं सज्जनहरूले मेला भर्छन् । व्यावहारिक झन्झटले अत्तालिएकाहरूले प्रत्येक डुबुल्कीमा शीतलता भेट्छन् । आफ्नै विगतबाट तर्सिएकाहरूले विश्रामको प्यास मेट्छन् । गण्डकीका निर्मल जल र सङ्गममा स्नान, ध्यान, दान र पान गरेर श्रद्धालुले आफूलाई निष्पाप बनाउँछन् । तीर्थस्नानले फुरुङ्ङ बनेको मनले दीनदुःखीलाई यथायोग्य दान गर्छन् । चराचुरुङ्गीलाई चारो छर्छन् । मठ-मन्दिरको दर्शन गर्छन् । चौतारी र आश्रममा विश्राम गर्छन् । समग्रमा हरेक दिन हजारौं तीर्थयात्रीले जीवन धन्य बनाउँछन् । यो अनादि परम्परा हो । आज पनि यही चलेको छ र भोली पनि यो हराउनुहुँदैन । हामीले खोजेको देवघाट यस्तै धाम हो ।

सबै ठाउँ धाम हुँदैनन् । धाम सामान्य हुँदैनन् । विशेष धामको विशिष्ट महिमा र पहिचान हुन्छ । हामीलाई संसारमै दुर्लभ देवघाटधाम प्राप्त छ । गण्डकीको पवित्र जल पाइने धाम, देवनदीहरूको सङ्गम भएको धाम, साक्षात् भगवान्का प्रतिमूर्ति शालिग्रामले सुसज्जित धाम, देवताहरूले स्नान गर्ने धाम, सिद्धहरूले ध्यान गर्ने धाम अनि जीवलाई शिव बनाउने र मुक्त गराउने धाम । यहाँ हामीले गर्नुपर्ने केही छैन, मात्र नबिगारे पुग्छ । नबिगार्न पनि केही जान्नैपर्ने हुँदो रहेछ । आउनुहोस् हामीले खोजेको देवघाटलाई धाम बनाउन जान्नैपर्ने केही कुरा सिकौँ-

**१) तीर्थलाई जीवन्त देवता मानौँ**

देवघाट जलतीर्थ हो । जल जीवन्त हुन्छ । गण्डकीको निर्मल जलमा यसको महिमा र अस्त्विव जोडिएको छ । जीवन्त कुरा सधैँ सफल र सुन्दर हुन्छ । जीवन्त जलकै कारण प्रत्येक जीवन जिउँदो बन्छ । यही नै प्रकृति हो । असफल र अशक्त जीवन विकृति हो । प्रकृतिको विचलनले सभ्यता असन्तुलित बन्छ । जीवनमा सौन्दर्य भर्न सन्तुलित प्रकृति चाहिन्छ । जल स्वस्थ प्रकृतिको मूल हो । त्यो धमिलिए जीवन धमिलिन्छ । त्यसैले जल नबिगारौँ । भुलेर पनि आफ्नो जीवनाधार जलमा कुनै खेलबाड नगरौँ । भौतिक विकासका नाममा उत्पादित ढल, मल र छल जलमा लुकाउने मूर्ख्याइँ नगरौँ । बिन्दुमात्रको सुगन्धलाई अनन्त जलराशिमा फैलाइदिने जलले हाम्रा भुललाई छताछुल्ल बनाएर सभ्यता नै सङ्कटमा पर्ने यथार्थ मनन गरौँ र 'म-हामी'का नाममा जलमाथि हुने सबै किसिमका अतिक्रमण बन्द गरौँ । तीर्थलाई निर्जीव नसोचौँ । सजीव र शक्तिसम्पन्न तीर्थबाट ऊर्जा प्राप्त गरौँ । सम्मान दिएर सम्मानित हुन सिकौँ । देवघाटलाई जिउँदो, जाग्दो र स्वस्थ रहन दिऔँ र यसका काखमा हामी जीवन्त र स्वस्थ बनौँ ।

**२) घर-घरलाई मन्दिर बनाऔँ**

मन्दिर देवता बस्ने घर हो । त्यो सधैँ सुन्दर हुन्छ र हुनुपर्छ । तीर्थमा धेरै देवता बस्ने हुनाले मन्दिर पनि धेरै हुन्छन् । मन्दिरै-मन्दिर तीर्थको शोभा हो । धेरै मन्दिरका धेरै देवता मन्दिरका शोभा हुन् । धेरै देवताका धेरै भक्त र तिनका धेरै घरबार देवघाटका शोभा हुन् । यसरी देवघाट

मन्दिरै-मन्दिर, देवतै-देवता र भक्तै-भक्तले भरिएको तीर्थ हो । यहाँका प्रत्येक आँगन-बारी, चोक-बाटा मन्दिरका फूलबारी हुन् । दैनिक उपभोगका सामग्री पाइने ठाउँहरू पसल नभएर पूजासामग्री भण्डार हुन् र तिनका मालिक व्यापारी नभएर सेवक हुन् । पसल, व्यापार र व्यापारी तीर्थमा नसुहाउने कुरा हुन् । देशअनुसारको भेष भनेझैँ तीर्थका हरेक कुरा तीर्थमय हुनुपर्छ । संसारभरबाट आउने श्रद्धालुले सकेसम्म हाम्रो तीर्थबाट केही नयाँ प्रेरणा लिएर जाओस्, त्यो नभए तीर्थप्रतिको आस्था र विश्वास रत्तिभर नघटोस् भन्ने कुरामा स्थानीयबासी सधैँ सचेत बनून् । स्वार्थ र भुलवश तीर्थविरोधी गतिविधि भए प्रशासन र व्यवस्थापनले सच्चाऊन् । आस्थाको केन्द्रमा बसेर नसुहाउँदो व्यवहार गर्नेलाई समाजले बहिष्कार गरौँ । प्रत्येक घर-आँगनलाई मन्दिर र चोक-बाटालाई बगैँचा बनाऔँ । धुरी-धुरीमा श्रद्धाका ध्वजा फहराऔँ र ढोका-ढोकामा तुलसीका मठ बनाऔँ । बारी र कान्लाहरू धार्मिक बोटवृक्षले सजाऔँ । चोक-चोकमा पाटी, पौवा र चौतारा बनाऔँ । बोली र व्यवहारमा प्रेम मिसाऔँ । साझा स्वार्थ र गौरवमा पक्ष-विपक्ष नभनौँ । समग्रमा प्रत्येक घरलाई गजुर विनाको मान्छेको मन्दिर र प्रत्येक मन्दिरलाई गजुरसहितको देवताको निवास बनाऔँ र देवघाटलाई भव्य बनाई आफूलाई धन्य बनाऔँ ।

**३) सेवाभाव जागृत गरौँ**

सेवाले मेवा दिन्छ । मेवा मिठो हुन्छ । मेवामा मिठास निःस्वार्थ भावले भर्छ । निःस्वार्थ सेवा तीर्थको अभिन्न अङ्ग हुन्छ । यसको अभावमा तीर्थ अपूर्ण हुन्छ । अपूर्ण तीर्थले श्रद्धालुलाई पूर्ण बनाउन सक्दैन । अपूर्ण श्रद्धाले तीर्थ बाँच्दैन । त्यसैले तीर्थमा निःस्वार्थ सेवा छताछुल्ल हुनुपर्छ । तीर्थका हरेक गल्ली र चोकमा सेवाकेन्द्र चल्नुपर्छ । अमिर र गरिबको लेखाजोखाविना नै तीर्थले सबैलाई सेवा दिनुपर्छ । जिजीविषाले जगेका हुन् या जीवनदेखि भागेका सबैलाई तीर्थले अपनाउनुपर्छ । यसैबाट व्यक्ति र समाजमा सद्भाव र प्रेम बाँचिरहन्छ । सेवाको क्षेत्रमा देवघाट गरिब छ । आफूमा आश्रित अकिञ्चन र आगन्तुक यात्रीलाई शुद्ध पिउने पानी, व्यवस्थित शौचालय, सुस्ताउने चौतारो, ओत लाग्ने छानो र एक पेट पवित्र भोजनजस्ता आधारभूत कुराको निःस्वार्थ सेवामा देवघाट शून्यप्रायः छ । परोपकारी मनहरूले स्थापना र सञ्चालन गरेका नगण्य सेवाकेन्द्रहरू पनि दिनानुदिन साघुँरिँदै गएका छन् । यो लाजमर्दो स्थिति हो । अब ढिला गर्नुहुँदैन । व्यक्ति, समाज, संस्था, क्लब, समूह र सरकार सबैले आ-आफ्ना ठाउँबाट सेवासञ्चालन गर्ने प्रयत्न गरौँ । कम्तिमा पनि पर्वविशेषमा आउने तीर्थयात्रीका अगाडी निरीह स्थानीयबासीको लाजमर्दो अवस्थाबाट माथि उठौँ । न्यूनतम आवश्यकता जुटाउन नसक्ने व्यवस्थापक र स्वयंसेवकको कुनै मूल्य हुँदैन । यसका निम्ति सबैभन्दा पहिले हाम्रो तीर्थ हामीले नै सजाऔँ र हाम्रा पाहुनाको सत्कार हामीले नै गरौँ भन्ने सेवाभाव जागृत गरौँ । बाँडेर खाने र मिलेर बस्ने संस्कारको नेपाली समाजमा दाताको अभाव रहनेछैन ।

**४) मणिलाई चिनौँ**

मणि बहुगुणी चिज हो । त्यो अमूल्य हुन्छ । रूप, गुण, मूल्य, मान्यता, अस्त्वि, उपलब्धता सबै दृष्टिले त्यो अरूभन्दा भिन्न र महत्त्वपूर्ण हुन्छ । देवघाट हाम्रो तीर्थमणि हो । यसका अनेक महिमा छन् । भौगोलिक दृष्टिले यो देशको

बिच भागमा छ र सबैको पायक छ । जन्मदेखि मृत्युसम्मका सबै सनातन कर्मका लागि देवघाट उपयुक्त छ । यसको उपयोगिता शास्त्रअनुमोदित छ । शाम्भवी र वैष्णवीजस्ता पवित्रतम देवनदी र अन्य थुप्रै पुण्यनदीहरूको सङ्गमले यो सुशोभित छ । अनादिकालदेखि दिव्य देवीदेवता र सिद्धहरूको स्नान-ध्यानले यो सिद्ध बनेको छ । हरि र हर दुवै आस्थाले अभिषिक्त देवघाट सर्वदेवमय छ। नेपालपुत्री जानकी, गुरु वसिष्ठ र विश्वामित्रको तपस्याले तेजोमय बनेको छ । सर्वव्यापक भगवान् विष्णुलाई शालग्रामरूपमा गण्डकीको पवित्र जलमा गर्भित गर्ने पावन शालग्राम क्षेत्र देवघाट अलौकिक छ । भौगोलिक विचित्रता, सामाजिक विविधता, सांस्कृति अनेकता र प्राकृतिक रमणीयताले सजिएको यो धाम वैदिक सनातन धर्म, संस्कार र ज्ञानको केन्द्र हो । सिद्ध साधुसन्त र साधकहरूको शान्त विश्रामस्थल हो । गुरु, गुरुकुल र संस्कृतशिक्षाको नवकेन्द्र बन्दै गरेको देवघाट विश्वका सनातनीहरूको आस्थाको केन्द्र हो । अनेकन चराचुरुङ्गी र जीवजन्तुको आश्रय बनेको यो क्षेत्र यज्ञीय वृक्ष र औषधीय वनस्पतिको उर्वर भूमि हो । समग्रमा धार्मिक, पौराणिक, प्राज्ञिक, प्राकृतिक, भौगोलिक र सामाजिक सबै दृष्टिले समृद्ध देवघाट नेपालको तीर्थराज हो र मणिका पारखीलाई तीर्थमणि हो भने भिल्लहरूका लागि माटाको ढिस्कोमात्र ।

**निष्कर्षः**

देवघाट रहस्यको खानी हो । यसलाई पढ्न, बुझ्न र चिन्न धेरै बाँकी छ । मान्छेले बाँचेका केही वर्षले तीर्थको रहस्य र वास्तविकता नबुझिन पनि सक्छ । सामान्य अनुभवले देवघाटको चिनारी पुरा नहुन सक्छ । मेरो अनुभव र विचारमा पवित्र गण्डकीको पवित्रतम तीर्थ देवघाट अनेकौं रहस्यको खानी हो । कसैसँग तुलना गर्न नसकिने धर्तिकै दुर्लभ तीर्थ हो । अनन्त महिमाले मण्डित देवभूमि नेपालको तीर्थमणि हो । दिव्याङ्ग देवी-देवता र सिद्धहरूको स्नान-ध्यानले सिद्ध क्षेत्र हो । पृथ्वीका गहना तपसी ऋषिमुनि र साधुसन्तको तपस्याले शुद्ध बनेको पवित्र धाम हो । ज्ञान, विज्ञान र अध्यात्मको उदीयमान केन्द्र हो । संसारभरका सनातनीहरूको आस्था र श्रद्धाको मन्दिर हो । कयौँ युग, कल्प र सभ्यताको अविच्छिन्न मूर्त प्रवाह हो र सभ्यताको मूल हो । समयले ल्याउने समस्या र प्रभावलाई सन्तुलन गर्न जाने राष्ट्रकै गौरव हो । स्थान र सम्भावनाको पहिचान गर्न खोजे र सके समृद्धिको मूल हो । नसके बुझाइ र भोगाइसँग मेल नखाने फगत रहरमात्र ।

आलोकका छालहरू उकासी
बाली निभेका सब दीपराशि
बाँड्ने सबैतर्फ अपार शक्ति
नारायणीमा कति भुक्ति, मुक्ति

- युगकवि सिद्धिचरण श्रेष्ठ

# देवघाटधाम : छोटो चिनारी



जयन्त आचार्य
सहप्राध्यापक, वरिष्ठ खगोलविद्

देवघाट नेपालका प्रसिद्ध तीर्थस्थलहरूमध्ये एक प्रमुख तीर्थस्थल हो । काठमाडौंमा रहेको पशुपतिक्षेत्रभन्दा करिब २३ गुणा ठूलो तथा विस्तृतरूपमा फैलिएको यस क्षेत्रको क्षेत्रफल करिब ५४३४ हेक्टर रहेको छ । यस क्षेत्रले नेपालका तीन जिल्लालाई समेटेको देख्न सकिन्छ । नेपालको झण्डै झण्डै मध्यभागतिर रहेको यसक्षेत्र चितवन, नवलपरासी र तनहुँ जिल्लाको भागहरूमा फैलिएको मानचित्रको अध्ययनले स्पष्ट पार्दछ। तनहुँ जिल्लाको पूर्व र दक्षिणतर्फ त्रिशूली र गण्डकी पश्चिम कालीगण्डकी र उत्तर कालीगण्डकीमा मिसिनजाने डुँडेखोला हुदै त्रिशूलीनदीमा मिसिन जाने जरायो खोलासम्मको क्षेत्र देवघाट क्षेत्रअन्तर्गत पर्दछ । चितवन जिल्लाको मुग्लीन नारायणगढ राजमार्ग हुँदै नारायणीपुलसम्म, ब्रह्मटोलबाट नारायणी सिचाइको मूलगेट हुँदै पम्पहाउससम्म तथा पोखराबसपार्कदेखि उत्तरतिरसम्मको क्षेत्र देवघाट क्षेत्र अन्तर्गत परेको देखिन्छ भने नवलपरासी जिल्लाको वेणी, केलादिगाउँ तथा मौलाकालिकाको पश्चिमतर्फको डाँडाफेदी हुँदै गैंडाकोटको आदर्शनगरको मूलसडक तथा गैडाकोटवजारक्षेत्रको उत्तरतर्फको भागसम्म देवघाट क्षेत्र अन्तर्गत पर्ने देखिन्छ । यसरी तीन जिल्लाको साझा स्थलको रूपमा यस पवित्र क्षेत्ररहनु आफैमा समन्वयसमाजको एक अलौकिक उदाहरण हो ।

देवघाट कालीगण्डकी र सेती गण्डकीको संगम स्थल हो । कालो नदीको पानी कालो र तातो हुन्छ भने सेतो पानी चीसो हुन्छ । काली नदी र सेती नदीको संगम अर्थात् छ वटा गण्डकीलाई साथ लिएर त्रिशूली पूर्वपट्टिबाट आएकी छन् भने पश्चिमपट्टिबाट कृष्णागण्डकी (कालीगण्डकी) अरू साना तिना अनेक नदीहरूलाई लिएर एक्लै छन् हो यही संङ्गमस्थल नै देवघाट हो । नेपालका ठूला तीन नदीहरूमध्ये पूर्वको कोशी नदी हो पश्चिमको कर्णाली नदी हो भने मध्य भागको ठूलो नदी नारायणी नदी हो । प्राकृतिक सौन्दर्य, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व आदिले ओतप्रोत युक्त यसक्षेत्रको विषयमा पवित्र धार्मिक ग्रन्थहरू हिमवतखण्ड तथा वहारपुराण आदिमा विशेष चर्चा तथा विस्तृत वर्णन पाइन्छ ।

यस क्षेत्रलाई सत्य युगमा देवस्थल, त्रेता युगमा तपोभूमि, द्वापर युगमा आश्रमस्थल तथा कलियुगमा तीर्थस्थल भनेर भन्ने गरिएको पाइन्छ। वराहपुराणअनुसार गण्डकीको दर्शन, स्पर्श,जलपान, तथा आचमन गर्नाले कुनैपनि मानिसको मन, वाणी एवं कर्मबाट भएका सम्पूर्ण दुष्कर्महरू स्वतः नाशहुने बताइएको छ। गण्डकीको जलमा स्नान गरेर देवता ऋषि एवं पितृहरूको तर्पण गर्नाले आफ्ना पितृहरू तुरुन्त तरेर स्वर्गमा पुग्ने बताइएको छ । भगवान् विष्णु र शिव भगवान् गण्डकी नदीमै निवास गरेको उल्लेख प्रशस्तै भेटिन्छ । यसैले यस क्षेत्रमा स्नान

सन्ध्या तथा तर्पण गर्नाले तथा भ्रमणमात्र गर्नाले पनि पुण्य प्राप्त हुन्छ भन्न सजिलै सकिन्छ ।

श्रीमद्भागवत, महाभारत, वायुपुराण, अग्निपुराण, वराहपुराण, स्कन्दपुराण आदि पुराणहरूमा देवाट, देवघाट, देववती धामको वर्णन तथा उल्लेख पाइन्छ । वराहपुराणमा **देवानामटनाच्चैव देवाट इति संज्ञितम्** भनेर देवताहरू बस्ने ठाउँ र भ्रमण गर्ने ठाउँ नै देवाट भनेर उल्लेख गरेको पाइएकोले देवघाटधाममा सधैँ नै देवताहरू भेटिन्छन् भनेर भन्न सकिन्छ । त्यसैले हाम्रो समाजमा जीवनमा एकपटक देवघाटको भ्रमण गर्ने तथा त्यहाँ गएर स्नान गर्ने प्रचलन प्रशस्तै भेटिन्छ ।


पाल्पाका राजा मुकुन्द सेनले यही आएर १२ बर्षसम्म कठोर तपस्या गरेर नुहाउने बेलामा सप्त गण्डकी सङ्गमबाट विशाल शालिग्राम निक्ल्यो । त्यस शालिग्रामलाई मुकुन्दसेनले त्यहीँ नै आफ्नो नाममा मुकुन्देश्वर महादेवको रूपमा स्थापना गरे भन्ने किम्वदन्ती अहिलेसम्म पनि छँदैछ यसरी देवघाटमा रहेका विभिन्न मन्दिरहरूको निर्माणका बारेमा विभिन्न किसिमका कथाहरू सुन्न पाइन्छन् ।

प्राकृतिक दृष्टिले अत्यन्त मनोरम, धार्मिक दृष्टिले अत्यन्त पवित्र र भौगोलिक दृष्टिले तराई, घना जङ्गल, बस्ती विस्तारका विभिन्न पूर्वाधार विकास हुदै गरेको चुरे पहाडको फेदीमा अवस्थित मानिस, जलचर र वनचरको पनि मिलन भएको देवघाटको मुख्य मेला मकर संक्रान्तिका दिन देवघाटमा लाग्ने गर्दछ । मकर संक्रान्ति भनेको उत्तरायण हुने दिन पनि हो अर्थात् उत्तरायण प्रारम्भ बिन्दु हो । प्राचीनकालमा माघ एक गते नै उत्तरायण हुने गर्दथ्यो र त्यसै दिन मेला भर्ने चलन चल्दै आएको थियो भने आजभोलि उत्तरायण हुने दिन वरवर सर्दै पुस सात गते पुगेको कुरा गणित तथा खगोलीय आधारमा स्पष्ट नै भैसक्यो तसर्थ माघ एकगते लाग्ने मेला पुषमा नै सार्नुपर्ने खगोलीय र गणितीय आधारबाट देखिन थालेको छ ।

कालीगङ्गा चपल गतिमा शैलका शृङ्गबाट
नाच्दै घुम्दै वन चहुरमा ओर्लियौ देवघाट
गर्छन् उत्री सुर कुसुमले स्वागताचार तिम्रो
डुब्दा ब्राह्मी समयतिर यो घाट भो देवताको

- कालीगण्डकी महाकाव्यबाट

# देवघाटको महिमा



**नवराज पाण्डेय**
सहप्राध्यापक, ने.सं.वि.,
श्रीपरमानन्द संस्कृत गुरुकुल-विद्यापीठ
हरिहर आश्रम, देवघाटधाम, तनहूँ

नेपालको उत्तरी भागमा अवस्थित अतिपवित्र दामोदर हिमशृङ्खलाबाट काली र मुक्तिनाथीय हिमशृङ्खलाबाट गण्डकी नदी प्रवाहित भई कागवेणीमा आएर दुवै एक भएपछि कालीगण्डकी नामबाट प्रवाहित हुने विश्वकै सर्वोच्च महिमाले युक्त छ, जहाँ विश्वका हिन्दुमात्रले पूजिने शालग्राम शिला पाइन्छन् । यसै कारणले भागवतमा वेदव्यासले 'सरित्प्रवरा' भनेर सम्पूर्ण नदीमा उच्च स्थान दिनुभएको छ ।

कालीगण्डकीको तटमा रुरुक्षेत्र, देवघाट आदि अति पवित्र तीर्थ रहेका छन्, जहाँ परापूर्व कालदेखि धेरै ऋषि महर्षिहरूले यज्ञयाग र तपस्या गरी आफ्नो अभीष्ट सिद्ध गरे ।

गोसाइँकुण्डमा भगवान् शिवको त्रिशूलबाट प्रकट भएको त्रिशूली नदीमा ताँदी, मादी, सेती, मर्स्याङ्दी, बुढीगण्डकी यी हिमनदी र अन्य अनेकौं नदीनाला मिलेर पूर्वतिरबाट त्रिशूली र पश्चिमोत्तरबाट कालीगण्डकी आई देवघाटमा सप्तगण्डकीको संगम भई यहाँबाट नारायणी नामले विशाल नदी प्रवाहित हुन्छ । यी दुई नदीको संगमस्थल देवघाटधाम परापूर्वकालदेखि नै अति महत्वपूर्ण स्थल हो भन्ने कुरा वेद, पुराण, इतिहासहरूमा उल्लेख गरिएको छ -

**सितासिते सरिते यत्र संगते, तत्र प्लुतासो दिवमुत्यतन्ति ।**
**ये वै तन्वं विसृजन्ति धीरास्तेवै जना अमृत्त्वं भजन्ते ।**

(ऋग्वेदपरिशिष्ट-१)

जहाँ सेती मिलेर आएकी त्रिशूली र कालीको संगम छ, त्यो देवताको क्षेत्र हो । त्यसैले भनिएको छ - देवनामटनाच्चैव देवाट मितिसंज्ञितम् । (वराहपु. १४४।१४५)

यस देवतीर्थमा बस्ने, स्नान गर्ने मानिस स्वर्गको अधिकारी हुन्छ भनिएको छ । कविहरूले यसलाई स्वर्गकै टुक्रा हो भनेका छन् -

**युगौंका कथा छन् यहीं बालुवामा**
**छ गम्भीर माहात्म्य काला शिलामा**
**निली गण्डकी सप्तगंगा विशाल**
**यही तीर्थ मानिन्छ आदिप्रयाग ।**

(कालीगण्डकी महाकाव्य-१४/१०६)

**झरे विष्णु वैकुण्ठ छाडी शिलामा**
**बसे आत्मवेत्ता यही कोखिलामा**
**बन्यो दिव्य नारायणीको ललाट**
**त्यही दिव्य भूस्वर्ग हो देवघाट ।**

(ऐ.ऐ. १४/१७९)

देवघाटको संगम देवतालाई पनि दुर्लभ छ र यो नै आदिप्रयाग हो भनेर उल्लेख गरेको शास्त्रहरूमा पाइन्छ -

**सितासिते सरिच्छेष्टे देवानामपिदुर्लभे ।**
**यत्रप्लुता नरायान्ति तद्विष्णोः परमंपदम् ।**
**तयोश्चसंगमे देवि प्रयागमितिकथ्यते ।**

(हिमवत्खण्ड)

**इत्यमदिप्रयागाख्यमादिभूतं ममप्रियम् ।**
**भुक्तिमुक्तिप्रदं नृणांमम सायुज्य दायकम् ।**
(गण्डकीमाहात्म्य- ७।६७)

गङ्गायमुनाको संगम प्रयाग वा प्रयागराज मानिन्छ भने देवघाट त्रिशूली र कालीगण्डकीको संगम आदिप्रयाग मानिएको छ । आदिप्रयागको अर्थ हो पहिलो प्रयाग अर्थात् सृष्टिक्रमअनुसार यो देवघाटको संगम पहिले बन्यो, अन्य प्रयागपछि बनेका हुन् भन्ने तथ्य पौराणिक विवेचनबाट अवगत हुन्छ ।

यहाँ प्रथम युगमा प्रजापति ब्रह्माले महान् यज्ञ गरेर आदि प्रयाग नाम बन्यो भने त्रेता युगमा भगवान् रामचन्द्रले अश्वमेध यज्ञ गरेको स्थल यही देवघाट हो भनी शास्त्रकारहरूले भन्दछन् । द्वापरयुगमा पनि यहीँ आएर धेरै ऋषि-महर्षिहरूले तपस्या यज्ञयाग आदि गरे भने कलियुगको प्राप्य इतिहासमा विक्रमको सोह्रौँ शताब्दीतिर अर्थात् आजभन्दा ५०० वर्षपूर्व राजर्षि मणिमुकुन्द सेनले तपस्या गर्दा चक्रवर्ती शिला प्राप्त गरी मुकुन्देश्वर शिवालय स्थापना गरेको इतिहास आज पनि प्रत्यक्ष छ ।

कलियुगको इतिहासमा उक्त शिवालय र त्यस परिसरका भग्नावशेष नै पहिलो मान्नुपर्छ भने त्यसपछि गलेश्वर बाबा ईश्वरानन्द ब्रह्मचारीबाट गलेश्वर आश्रम मन्दिर आदि स्थापना र क्रमशः हरिहर आश्रम, महेश संन्यास आश्रम आदि अनेकौं मठ-मन्दिरको आ-आफ्नै क्रमबद्ध इतिहास छ ।

समग्रमा भन्नुपर्दा पौराणिक र धार्मिक दृष्टिले देवघाट विश्वकै एक उच्च महिमाशाली धाम हो, जहाँ देवताहरू स्नान भ्रमण आदि गर्नाले त्यसै अनुरूपको नाम रहन गएको छ ।

वर्तमानमा देवघाट धार्मिक, आध्यात्मिक, शैक्षिक र पर्यटकीय दृष्टिले नेपालकै आकर्षक केन्द्रको रूपमा विकसित भैरहेको छ ।

कालीगण्डकी र देवघाटलाई विषयवस्तु बनाएर धेरै कवि र लेखकहरूले धेरै कविता, काव्य र ग्रन्थहरू निर्माण गरिसकेका छन् ।

कालीगण्डकी हिमालयबाट प्रवाहित भई विभिन्न स्थानमा तीर्थ, वेणी र घाट निर्माण गर्दै नाच्दै घुम्दै देवघाटमा आएकी छिन् । उनको आगमनमा देवताहरूले पुष्पगुच्छा अर्पण गर्दै स्वागत गर्दछन् । यहीँ ब्रह्ममुहूर्तमा देवताले स्नान गर्दा देवघाट नाम रह्यो । यही देवघाटको नजिकै व्यासले जन्म लिएर वेदको रस निचोरेर संस्कृत वाङ्मयरूपी गंगा प्रवाहित गरे । त्यसैले देवघाट जस्ता धामबाटै सभ्यताको विकास भएको हो र यो स्वर्गकै टुक्रा हो भन्ने आशयले युक्त देवघाटकै उपज **कालीगण्डकी** महाकाव्यभित्रका केही कविता यहाँ प्रस्तुत छन् -

**कालीगंगा चपल गतिमा शैलका श्रृंगबाट**
**नाच्दै घुम्दै वन चहुरमा ओर्लियौ देवघाट ।**
**गर्छन् उत्री सुर कुसुमले स्वागताचार तिम्रो**
**डुब्दा ब्राह्मी समयतिर यो घाट भो देवताको ।**
**१३/२५**

**यै पाखाको शिखर नजिकै व्यासले जन्म पाए**
**पैलो भुल्का निगम रसको दिव्य गंगा बहाए ।**
**हो झुल्केको अवनितलको सभ्यता पूर्वबाट**
**होला सानो अमरपुरको चोइटा देवघाट । १३/२९**
**बनाए देवले घाट स्वर्ग टुक्रा लिई झरी ।**
**यही हो देवता रम्ने धर्तीको अमरावती । १३/१०८**

# ग) कविता खण्ड

# काली रिसाइन् भने



**गोविन्दराज विनोदी**
वरिष्ठ कवि, महाकाव्यकार

**छन्द : शार्दूलविक्रीडित**

काली हुन् हिमशैलकी प्रिय सुता मुक्तिप्रदा गण्डकी ।
काली कल्मष नाशिनी, सकलकी कल्याणकारी नदी ॥
नास्नानिम्ति अनेक कंश कलिका जोकृष्ण जन्माउँछिन् ।
काली हुन् जननी सदैव महिमा जो सृष्टिको गाउँछिन् ॥१॥

काली प्राकृत शान्त पुण्यसलिला सद्धर्मकी धार हुन् ।
शालग्राम(कला सुरम्य सृजना गर्ने कलाकार हुन् ॥
मान्छेको मन धन्य हुन्छ जसको संस्पर्शले कोमल ।
स्वर्गङ्गा जलभैंm पवित्र छ सदा काली नदीको जल ॥२॥


पारिन् नित्य हराभरा प्रिय धरा बग्दै जहाँ यी घुमिन् ।
फैल्यो निर्मलता सहर्ष यिनले जे स्नेह पोखी चुमिन् ॥
टेक्दामा यिनले प्रबोधित भयो श्रद्धा रुरु क्षेत्रको ।
केलादी पनि धर्मभूषित भयो चुम्दा यिनैले अहो ! ॥३॥

आइन् भेट्न भनेर शङ्कर-सृजा गङ्गा त्रिशूलीसित ।
राम्रो सङ्गम देवघाट हुन गो सद्धर्म सम्पोषित ॥
बोकी प्राञ्जल मुक्तिनाथ गरिमा पुग्दै त्रिवेणीतक ।
आस्था भै जनको निरन्तर बगिन् स्वच्छन्दतापूर्वक ॥४॥

चाहन्छिन् जनको नयाँ प्रगतिले आकाश छोओस् भनी ।
चाहन्छिन् कृषि, वैद्युती प्रविधिका निर्माणलाई पनि ॥
बाटो नै यदि मोड्न खोज्दछ भने मान्छे बनी बैगुनी ।
कालीको मन शान्त हुन्न कहिल्यै षड्यन्त्र यस्तो बुनी ॥६॥

आफ्ना संस्कृति, धर्मका प्रति सधैं सद्भाव हामी भरौं
कालीमा कटु राजनीति नगरौं, विश्वास आस्था छरौं
होला उन्नति भै स्वतन्त्र उनले माटो भिजाइन् भने
होला घोर अनिष्ट यो मुलुकमा काली रिसाइन् भने

# यही धर्ती बनेको छ शिव, सत्य र सुन्दर



**केशवराज आमोदी**
वाल्मीकि साहित्य सदन, चितवन
संस्थापक अध्यक्ष

**छन्द : अनुष्टुप्**

देवघाट हुँदै बग्ने गङ्गाका धार निर्मल
प्रणव नित्य गुन्जन्छन् छर्दै अमृतका कण ॥१॥
वाल्मीकिको तपोधाम, शिवको सृष्टि-सौरभ
पौराणिक यहीँ रम्छन् अपार गरी गौरव ॥२॥
कृष्णाको तटमा शालग्रामको दिव्य दर्शन
रमाउँदै लगाऊँछन् माटोको दिव्य चन्दन ॥३॥
यै पुण्यभूमिमा हाम्रा पुर्खाको इतिहास छ
अजस्र शान्तिको धाम, के भनूँ जन्मजात छ ॥४॥
काली र त्रिशूली आई एकात्म भई मिल्दछन्
जीव र ब्रह्मको मेल भएको भाव भर्दछन् ॥५॥
गङ्गाका नादमा फुट्छन् काव्याऽभिव्यञ्जना यहीं
सदा यज्ञ-अनुष्ठान, पुराण चल्दछन् यहीं ॥६॥
यहीं मन्दिरमा दिव्य प्रणव-ध्वनि गुँज्दछन्
'अहं ब्रह्माऽस्मि..' का मानौं ज्ञान-आलोक फुर्दछन् ॥७॥
कवि-कृषक जोत्दै छन् काव्यका गहिरा-गरा
श्रमका कणले धर्ती पार्दै रम्य हराभरा ॥८॥
व्रत, देवार्चना साथै चल्छन् भजन, कीर्तन
धार्मिक-जनले पार्छन् यहीं सार्थक जीवन ॥९॥
साधना-तपको भूमि बस्दछन् कर्ममै भुली
नयाँ आलोकमा रम्छन् आत्मभित्र स्वयं डुली ॥१०
वेदान्तीहरूले गर्छन् शास्त्र-चर्चा बराबर
यही धर्ती बनेको छ शिव, सत्य र सुन्दर ॥११॥

# देवघाट

कृष्णशरण उपाध्याय



**छन्द : मन्दाक्रान्ता**

आई मिल्छन् सलिलसरिता, भव्य काली त्रिशूली
बग्दै धुन्छन् हर मनुजका, पाप-सन्ताप-धूलि
बस्छन् कैयौं ऋषि मुनि जहाँ, नाम हो देवघाट
पोख्छन् आस्था जति पनि जहाँ, धाम हो देवघाट ॥१॥

शिक्षाद्वारा पट नयनको, खोल्न सक्ने यहीँ छन्
दीक्षाद्वारा घट तिमिरको, फोर्न सक्ने यहीँ छन्
तत्त्वान्वेषी गतिविधि हुने, नेत्र हो देवघाट
सच्चा आध्यात्मिक-सुख दिने, क्षेत्र हो देवघाट ॥२॥

खोल्छिन् हाँसो प्रकृति जननी, शुद्ध गाएर छन्द
दिन्छिन् चासो नव सृजनमा, प्रीत लाएर मन्द
ध्यानी रम्ने अति तप गरी, भूमि हो देवघाट
ज्ञानी बस्ने अति जप गरी, भूमि हो देवघाट ॥३॥

छर्छन् शोभा हरित-वनका, शैलले शृङ्खलाले
भर्छन् आभा युवक जनका, ती कलाले गलाले
पीडा हर्ने अति सरसिलो, ठाउँ हो देवघाट
क्रीडा गर्ने मधुर-हँसिलो, ठाउँ हो देवघाट ॥४॥

आस्था राख्दै कतिपय यहाँ, पस्तछन् कर्म गर्न
निष्ठा बोक्दै कति कति यहाँ, बस्दछन् धर्म गर्न
जानै पर्ने भगत-जनको, स्थान हो देवघाट
हेर्नै पर्ने यस मुलुकको, शान हो देवघाट ॥५॥

# ए कालीगण्डकी

अर्जुन पाण्डेय
देवघाट-५, तनहुँ



**छन्द : मन्दाक्रान्ता**

कालीको पावन बगरमा गर्न जाऔँ तपस्या
पर्दा खुल्लान् हृदयतलका ज्ञान मिल्ला अवश्य ।
ए आँखा हो ! अब जगतको दृश्यमा डुल्नु हुन्न
मेरो प्यारो मन ! विषयको जालमा भुल्नु हुन्न ॥१॥

पानी हैनन् बरु अमृतझैँ गण्डकी छन् पवित्र
आमा भन्दै प्रभु हरि यहीँ बन्न आए सुपुत्र ।
मेरो अन्तस्तल चहकिलो ज्योति सल्काइदेऊ
कालीगङ्गा ! परमपदको चेतना ल्याइदेऊ ॥२॥

ए धर्तीकी अनुपम नदी गर्दछ्यौ दिव्य काम
तिम्रो चोखो प्रणयजलमा मस्त छन् शालग्राम ।
काली सारा जगत अहिले लाग्छ निस्सार जस्तै
लाग्यो तिम्रो प्रिय बगर नै मोक्षको द्वार जस्तै ॥३॥

लेखे लाखौँ अमरकविले काव्य तिम्रो महान
पाए कैयौँ ऋषिमुनिहरू ध्यानले ब्रह्मज्ञान ।
जे खोजेतापनि सब कुरा पाइनेछन् तिमीमा
सम्झेमात्रै पनि हृदयमा शान्तिको छैन सीमा ॥४॥

फैलेका छन् गगनजसरी गण्डकीका चरित्र
बग्दै कोर्छिन् सतत जसले सत्यको दिव्य चित्र ।
मान्छे आध्यात्मिक सब बनून् चेतना होस् विराट
तिम्रो धारा कलकल हुँदै चम्कियोस् देवघाट ॥५॥

# देवघाट

सुदेश सत्याल
देवघाट ५, तनहुँ



**छन्द : वसन्ततिलका**

नारायणी छ जसको सुखको शिरानी
जाग्यो कि शङ्ख धुनले जलको जवानी
निस्किन्छ जीवन कुनै वनभित्रबाट
दौडिन्छ एक मृग झैँ पर देवघाट ॥१॥

डाक्दैछ उच्चलयमा नभले सुसेली
तारा नुहाउन बिहान गए त्रिशूली
आत्मा र देहभरि छन् सब मुक्तिनाथ
कल्याणको अधर चुम्दछ देवघाट ॥२॥

ऋग्वेद जन्मिन पुग्यो कि पहाड फोरी
या ब्रह्म निस्किन पुग्यो पृथिवी निचोरी
हुन् धर्मका पथहरू सब पातपात
अध्यात्मको नयनभित्र छ देवघाट ॥३॥

आस्थाहरू चढिरहे तपको उकाली
निद्रा खुल्यो डमरु डिम्डिम बज्न थाली
टल्किन्छ जूनसरि मन्दिरको ललाट
आनन्दको अरूण हो कि त देवघाट ॥४॥

योगी समान गिरिराज गर्यो कि ध्यान
त्यो गण्डकीभरि विचित्र छ तत्त्वज्ञान
देदीप्यमान छ धरा सब शास्त्रबाट
विज्ञानको शिर झुकाउँछ देवघाट ॥५॥

ढुङ्गा फुटेर पनि अक्षरकै सुवास
के लेख्दछन् र बगरैभरि कालिदास
छन् बालुवाभरि कलामय दिव्य हात
काली बगिन् कि कविता भन देवघाट ॥६॥

# म कालीगण्डकी


गोविन्दगोपाल खतिवडा



**छन्द : उपजाति**

पहाड शय्या, हिउँको सिरानी ।
त्यागेर आएँ म बनेर पानी ॥
प्यारी त्रिशूलीसित मिल्न आएँ ।
स्वयं स्वयंसङ्ग म फुल्न आएँ ॥
बिर्सेर लक्ष्मी र समुद्रलाई ।
मभित्र खेल्छन् भगवान आई ॥
पाषाणको सुन्दर खोल ओढी ।
बस्छन् मलाई कहिल्यै नछोडी ॥
सङ्गीत भर्दै वन-आसपास ।
दौडेँ युगौँसम्म म एकनास ॥
चिम्लेर आँखा मनले नियाल ।
काली भए तापनि छैन काल ॥
बुझ्दैन मेरो क्षमता कसैले ।
पानी बनी पाप पखाल्छु मैले ॥
संसारको सागर तारिदिन्छु ।
म मोक्षको द्वार उघारिदिन्छु ॥
काँडा तिमीबाट निकाल्न सक्छु ।
दियो तिमीभित्र म बाल्न सक्छु ॥
आमा हुँ, मेरो ममता नजानी ।
संसारले केवल ठान्छ पानी ॥
मुसुक्क हाँसेर मसङ्ग आऊ ।
तिमी रुँदा दुख्छ मभित्र घाउ ॥
मान्छेहरू हो ! जग बिर्सिएर ।
मसङ्ग आओ अब एकफेर ॥

# काली र त्रिशूलीको आह्वान



**आनन्दप्रसाद नेपाल**
देवघाट गा.पा.-५, तनहुँ

**छन्द : स्रग्धरा**

काली अर्की त्रिशूली सलल बगरमा स्नेहधारा बहाई ।
बग्छिन् सञ्जीवनी ती हिमशिखरबुटी छालमा नै सजाई ॥
आऊन् टाढा नसोची मनुज अमर हुन् रोगले हुन्न भन्दै ।
सुस्काइन् गड्गडाइन् प्रतिपल विनयी छुट्दछन् भक्त भन्दै ॥

चीसो होस् काख मेरो प्रकृतिजनित हो हुन्छ तातो पछाडि ।
खाँदा होस् औषधी नै प्रथम पटक त्यो हुन्छ तीतो अगाडि ॥
सन्चो छिट्टै हुनेछन् कलुष हृदयको चर्मरोगादि सारा ।
भन्छिन् आह्वान गर्दै अब पनि लिनु है भक्त ! मेरो सहारा ॥

आमाको काख होला क्षणिक सुख दिने अन्तविश्राम मेरो ।
बिर्सन्छौ ? हेर साक्षी श्रवण-मननले शास्त्र छन् साथ तिम्रो ॥
आउ यो घाट सम्झी अब नयन खुला राख भित्री विचार ।
सारा ब्रह्माण्ड घुम्दा म जति गति दिने छैन कोही अपार ॥

धेरैको मुक्ति मिल्यो भरत मृग बनी देह छोडे गजेन्द्र ।
हात्तीको रूप छोडी अभयपद पुगे फेरि अर्का पुलस्त्य ॥
हज्जारौं वर्ष योगी च्यवन मुनि बसे साधनामा वशिष्ठ ।
सीता वाल्मीकि आए अरू पनि कति हुन् सम्झ यो देवघाट ॥

देवीको देवताको मुनिगण सबको साधना भूमि हो यो ।
पुण्यात्मा मस्त योगी जगत विरहले रोज्दछन् घाट मेरो ॥
जान्छन् वैकुण्ठ कोही सुकृतजनहरू पुग्दछन् स्वर्गद्वार ।
मेरो यो काख छोडी भ्रमित नबन है गर्छु विन्ती हजार ॥

# कृष्णागण्डकी स्तुति

**ताराबहादुर कार्की**
देवघाट-५, तनहुँ, देवपुर

**छन्द : शार्दूलविक्रीडित**

शालिग्राम सुवाहिनी भुवनमा कृष्णा तिमी सर्वदा
गछ्र्यौ नाश समस्त पाप सजिलै छ्यौ वन्दनीया सदा
जो सङ्गीत प्रवाहमा छ सुरिलो छन् मुग्ध ती देवता
गर्छन् दर्शन योगिराज तपसी दिन्छन् सधैं मान्यता ।

तिम्रो वर्णन वेदशास्त्रहरूमा नेपाल माहात्म्यमा
धेरै स्कन्धपुराणमा छ महिमा विद्वानको दृष्टिमा
तिम्रो संरचना विगार्न नसकून् समृद्धिको नाउँमा
जस्को सन्निधिले पवित्र कति छन् तीर्थादि जुन् ठाउँमा ।

गर्छन् स्नान र दान धर्म नरले आएर यो काखमा
पुण्यात्मा जति पुग्दछन् हजुरको सामीप्य त्यो धाममा
जस्को देह मरेर पर्छ तटमा वैकुण्ठ वा स्वर्गमा
चर्चा हुन्छ अनन्तकाल उसको सत्पात्रको वर्गमा ।

ब्रह्मा विष्णु महेश वाहन चढी संक्रान्तिमा पर्वमा
माघी पर्व विशेषमा अमर ती घुम्छन् यही घाटमा
नाच्छन् ती सब अप्सरा बगरमा गन्धर्वगाना सुनी
मान्छन् उत्सव काखमा हजुरको सप्तर्षि सारा मुनि ।

बग्छ्यौ जो हिमकाखबाट जहिले सञ्जीवनी साथमा
अर्को नाम छ गण्डकी मनुजले जप्छन् सधैं चित्तमा
त्याग्दैनौ अब साथ पूज्य पनि हौ आमासरी वन्दना
पूजा भक्ति र आरती हृदयले गर्छौं गरी साधना ।

# देवघाट



**भवानी खतिवडा**
तीनकुने, काठमाडौं

**छन्द : स्रग्धरा**

काली बग्छिन् सुसेल्दै कलल कल गरी मुक्तिको गीत गाई
आई मिल्छिन् त्रिशूली पनि शिव शिरको स्पर्श पाई रमाई
हावाको सिर्सिरीमा पनि बजिरहने दिव्य अध्यात्म-नाद
धर्तीको स्वर्ग सच्चा ऋषिमुनिगणको धाम हो देवघाट ।


गुन्जिन्छन् नित्य वेदध्वनि भजनसँगै आरती साथसाथ
पन्छी ओङ्कार वाणी मधुर सुर झिकी बोल्दछन् कुन्जबाट
बर्सिन्छन् ज्ञानधारा सकल हृदयका हट्दछन् दुःख ताप
प्रज्ञाका फूल फुल्ने प्रमुदित मनको देश हो देवघाट

मानौं वृक्षादि सारा कुसुम तृण लता मग्न सत्सङ्गमा छन्
हज्जारौं देवदेवी मनुजसरि बनी तीर्थमा स्नान गर्छन्
साराको भक्तिधारा अनवरत जहाँ बग्छ हृत्केन्द्रबाट
आस्थाको दीप बाल्ने हृदय-हृदयमा ज्योति हो देवघाट ।

चिन्नू सदैव साथी
बन्नू सदा उदार
दुःखी र दीन हीन
मुस्कान द्यौ मुहार ।

- गीताञ्जलीबाट

# मेरो शरीरमा काली.....



**लकाश पौडेल**
संस्थापक कार्यकारी निर्देशक,
दे.क्षे.वि.स.

**छन्द : अनुष्टुप्**

मेरो शरीरमा काली बग्दै भर्दिन्छ जीवन
प्रत्येक क्षणमा मेरो स्वास पार्दिन्छ पावन
यिनैको काखमा हुर्कें जाने हो यिनमैं मिली
आमा समानकी धात्री यिनी नै ममतामयी ।

कालीको जलको धारा देहमा सल्बलाउँछ
चलाई मुटुको चाल रक्तधारा बहाउँछ
आँसुका रूपमा झर्छ वेदना मुक्तिमा कतै
कतै हर्षाश्रुले धुन्छ स्नेहको धारले कतै ।

आमाका दूधका धारा शिशु आहार बन्दछ
साना बालकको देह पोसिलो शक्ति बन्दछ
यै दुग्धधारमा हुन्छ कालीगण्डक सल्बल
पियूषसरिको हुन्छ देहमा बग्छ निर्मल ।

जडीबुट्टी लिई बग्ने जल अमृतले पनि
निरोग देह यो पार्छ निखार्छ रोगबाट नि
कालीको जलमा हुन्न कुनै जैविक घातक
विकृति यसमा हुन्न स्वाद रूप र भौतिक ।

शालग्राम लिई बग्ने पवित्र जल यो सधैं
बनोस् आध्यात्मको स्रोत पवित्र पारँदै मनै
यिनैको पुण्य काखैमा यो जीवन बिताउँदै
विलीन हुन पाएमा ईच्छापूर्ण हुने छ है ।

# सन्देश नौलो छरौँ



**सुनिता बटाला**
श्रीरामजानकी बालिका आश्रम
देवघाट

**छन्द : शार्दूलविक्रीडित**

गङ्गाका जलविन्दु दूषित भए के दोष वर्षादको
बाली उब्जन छोड्छ बीज नभए को बुझ्छ विन्दास हो ।
ए प्यारा जनता सुसुप्त किन छौ बर्बाद होला अब
यो ब्रह्माण्ड सिँगार्नुपर्दछ भनी सोँचेर हेर्ने गर ॥१॥

के नेपाल नयाँ हुने छ त सबै स्वार्थी घमण्डी बने ?
आफ्नो मात्र भरिन्छ पेट अरुमा आँशु भरिन्छन् भने ।
भ्रष्टाचार भएर देश अब हे कङ्गाल पल्ट्यो तर
खै तिम्रो मन साफ लौ मगजको बिर्को उघार्ने गर ॥२॥

कोही बिक्दछ तुच्छ आज धनमा त्यागेर नाता पनि
बिर्सन्छन् कति मूल्यवान् समय नै बिग्रन्छ के पो भनी ।
कैयौँ भ्रष्ट रबाफसाथ पदमा बस्छन् नमानी डर
आमा आँशु पुछेर रोइरहिछन् सम्झेर हेर्ने गर ॥३॥

कैयौँ बालकबालिका सडकका पेवा बनी बस्दछन्
मायाँ खोज्न निमग्न आज दिनहुँ त्यै ठाउँमै मस्त छन् ।
मेरै सन्तति हुन् भनेर अब हे त्यो मर्म बुझ्ने गर
राम्रो काम गरेर देश हँसिलो पार्ने प्रतिज्ञा गर ॥४॥

मैले अन्तिममा खुला हृदयले यो एक विन्ती गरेँ
पन्छाऊ मनबाट दुर्गुणहरू आमा रुँदैछिन् अरे ।
नेपाली जनता विलम्ब नगरी यौटा प्रतिज्ञा गरौँ
मेरो देश भनौँ र उच्च मनले सन्देश नौलो छरौँ ॥५॥

# कालीगण्डकी



**श्रीधर पाण्डेय**
छात्र, परमानन्द संस्कृत गुरुकुलम्

**छन्द : मन्दाक्रान्ता**

निस्के धारा कलकल अहा मुक्तिको धाम जाऔँ
कालीगङ्गा अब त म खुसीसाथ नाचूँ रमाऊँ ।
गङ्गे ! मेरो तनहृदयमा जे छ विद्वेष जालो
तिम्रो त्यो पावन सलिलले पार आजै उज्यालो ॥१॥

भागे पीडा अब नयनमा मोतिका फूल छाए
कालीको सुन्दर वहनले कन्दरा नै रसाए ।
भन्दैछन् रे अवनितलका मञ्जरी पालुवाले
हुन्थ्यौँ जैले शरद ऋतुझैँ गण्डकीले नियाले ॥२॥

लोमान्थाङ्मा चपलवयका नेत्रको ज्योति खोली
काली भन्छिन् अब त म हिडेँ छोड बाटो नबोली ।
छन् रे दामोदरतिर अझै कुण्डका दिव्यधाम
कुँद्दै पाषाण विविधकला ल्याउँछ्यौ शालग्राम ॥३॥

कैयौँ तीर्थस्थल हुन पुगे प्रेम सान्निध्य पाई
तिम्रो गाथा सरिभुवनमा छैन अर्को उचाइ ।
के पाएँ दर्शन हृदयमा चेतना जाग्न थाल्यो
सारा मेरो कलुषमनको गण्डकीले पखाल्यो ॥४॥

# घ) देवघाट क्षेत्र विविध खण्ड

# यज्ञ



**स्वामी अद्वैतानन्द गिरि**
गीता मन्दिर, स्वयम्भु, काठमाडौँ

१) प्रजापति यज्ञ, २) यज्ञो वै विष्णु, ३) सैषा त्रयी विद्या यज्ञ, ४) पुरुषो वै यज्ञ, ५) यज्ञेन वै देवा इमां जिर्ति जिग्यु र ६) यज्ञो वै देवानामहः इत्यादि अनेकौ श्रुतिहरूमा यज्ञको विषयमा निर्देश गरेको पाइन्छ । यसरी नै स्मृति ग्रन्थहरूमा पनि यज्ञको महिमा उल्लेख गरको देखिन्छ**। यज्ञार्थं पशवः सृष्टाः** (मनु ५-३९) **यज्ञार्थात् कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः । तदर्थ कर्म कौन्तेय मुक्तसङ्ग समाचारः** (श्रीमद्भगवद्गीता) इत्यादि अनेकौ स्मृतिग्रन्थहरूमा पनि यज्ञको महिमा गाएको देखिन्छ ।

यज्ञ नै मुख्य धर्म हो । यज्ञ नै संसारको सर्जक र रक्षक पनि हो । यो रहस्यलाई अनेकौं शास्त्रहरूमा प्रतिपादन गरिएको देखिन्छ। यो यज्ञ नै मनुष्य र देवताहरूको परम्परामा भएको सम्बन्धलाई स्थापित गर्दछ । यही कुरालाई भगवान् श्रीकृष्णले गीतामा भन्नुभएको छ। **देवान् भावयतानेन ते देवा भावयन्तु वः । परम्परं भावयन्तः श्रेय परमवाप्स्यथ ॥** (गीता ३-११) यज्ञद्वारा मनुष्यहरू देवभाव प्राप्त गर्दछन् । यसरी देवता र मनुष्यहरूको परस्परामा रहेको सम्बन्धलाई वैदिक प्रक्रियामा व्याख्या गरिएको छ । यो वर्तमान समयमा विज्ञान र भौतिकताको प्रखर समयमा पाश्चात्य वैज्ञानिकहरू लोकान्तमा रहेका देवताहरूसँग सम्बन्ध स्थापना गर्ने केवलविचार मात्र गर्दछन् । यिनीहरूको विचार पूर्ण हुन्छ भन्ने कुनै स्थान देखिदैन । परन्तु हाम्रा पूर्ववर्ती ऋषि-महर्षिहरू अनादि कालदेखि यज्ञको माध्यमले देवताहरूसँग सम्बन्ध बनाउन सफल भएका थिए । यज्ञले सन्तुष्ट भएका देवताहरूले प्रत्यक्ष रूपमा यी ऋषिहरूलाई दर्शन प्रदान गरेका थिए । यो कुरा महाभारत पुराणदि शास्त्रहरूमा अनेकौं स्थानमा कथन गरिएको छ । **मरुतः परिवेष्टारो मरुत्तस्यवसन् गृहे । आविक्षितस्य कामप्रेर्विश्वे देवाः शभासदः** (ऐ ब्रा ८-२१) यो वैदिक सुक्त पनि ब्राह्मणहरूले पूजामा पढ्ने गर्दछन् । भगवान् । श्री शङ्कराचार्यज्यूले पनि देवताधिकरणमा **भावं तु बादरायणो स्ति हि** (१-३-३३) यो सूत्रको भाष्यमा भवति ह्यस्माकमप्रत्यक्षमपि चिरन्तनानां प्रत्यक्ष यसरी नै व्यासादि ऋषि देवताहरूसँग प्रत्यक्ष व्यवहार गर्दथे कुरा भन्ने स्मरण गर्नुभएको छ। यसरी वैदिक शास्त्रहरूमा देवता र मनुष्यको सम्बन्ध यज्ञको महिमाले भएको हो भन्ने कुराको अत्यधिक व्याख्या गरेको पाइन्छ । यही यज्ञको वैज्ञानिक स्वरूपमा आधारित भएर सङ्क्षेपमा केही व्याख्या गर्ने चेष्टा गर्दछ । यज्ञ शब्दको उत्पत्ति यजधातुदेखि निष्पन्न भएको हो । यज धातुको तीन प्रकारको हुन्छ । यो रहस्यलाई महर्षि पाणिनिले भन्नुभएको छ । यज देवपूजाङ्गतिकरणदानेषु । आध्यात्मिक आधिभौतिक आधिदैविक देवताहरूको पोषण देवपुजाद्धारा सम्भव हुन्छ। यो देवपूजा पनि यज्ञ नै हो। अन्य त्त्वहरूको अन्य त्त्वान्तरमा परिर्वतन पनि यज्ञद्वारा नै हुन्छ ।

यसलाई सङ्गतिकरण भन्दछन् । दान शब्दको अर्थ समर्पण हो समर्पणलाई पनि यज्ञ भन्दछन् ।

यज्ञ दुई प्रकारका हुन्छन् प्राकृत र कृत्रिम । मीमांसकहरू द्विजहरूद्वारा अनुष्ठान गरिने कृत्रिम यज्ञलाई नै मुख्य यज्ञ हो भनेर कथन गर्दछन् । यिनिहरूको मतमा देवतालाई उद्देश्य गरेर गरिने द्रव्य त्याग नै याग हो द्रव्यदेवतात्यागो यागः किन यो त्याग गरिन्छ, यो त्यागले देवताहरूको कुन उपयोग पूर्ण हुन्छ, यसले हामीलाई के फल उपलब्ध हुन्छ । यी सबै कुरा प्राकृत यज्ञको जानकारीले जान सकिन्छ । प्रकृतिमा निरन्तर यज्ञ चलिरहेको छ । यसको आधारमा नै कहिले सुख र कहिले दुःखको रूपमा यस लोकमा हामीलाई अनुभव हुन्छ । यसकारण प्राकृतिक यज्ञ नै कृत्रिम यज्ञको मूलआधार हो । हामीहरूले ग्रहण गर्ने भोजन पनि यज्ञ नै हो । जसलाई यस रहस्यको जानकारी छ । उसले यज्ञको रूपमा भोजन गर्ने गर्दछ यज्ञको प्रयोजनले गरिएको भोजनले शरीरलाई नाना प्रकारका रोगदेखि मुक्त गर्दछ । वैश्वानर रूपले जठरानलमा रहेको अग्निले हाम्रो भोजनलाई हविष्यको रूपमा ग्रहण गरेर शरीरमा रहेको इन्द्रियहरूलाई बल प्रदान गर्दछ । यदि भोजन ठीक भएन भने शरीर ठीक हुदैन जसको शरीर रोगी हुन्छ उसलाई संसारमा सुख हुनसक्दैन । यसकारण निरन्तर ठीक ठीक भोजन गर्नु यज्ञ हो । यज्ञार्थ गरिने भोजन वासी गनाउने जुठो हुनुहुदैन । अशुद्ध आचरणले युक्त भएर अशुद्धपात्रमा निर्णय गरेको हुनुहुँदैन । यसरी शुद्ध वातावरणमा निर्माण गरिएको भोजन नै यज्ञको आहुति हुनसक्छ । यस प्रकारको आहुति याग हो । यो रहस्यको जानकारी भएका व्यक्ति रोगी दुःखी हुदैनन् ।

यज्ञको अर्को रहस्य प्रकृतिको यथार्थ स्थिति पनि हो । प्रकृतिमा रहेका हरेक पदार्थहरू ईश्वरद्वारा सृजित भएकोले कुनै पनि पदार्थको विनाश गर्नु भनेको ईश्वरको शासनलाई नमान्नु हो जसले ईश सत्तालाई स्वीकार गर्न चाहदैन उसलाई नै संसारमा पीडा हुने गर्दछ । जसरी देहको वृद्धावस्थालाई रोक्न सकिदैन । संसारमा उत्पन्न भएको वस्तुहरूको क्षरण आजसम्म कसैले पनि रोक्न सफल भएका छैनन् । यी सबै निरन्तर प्रवाहको रूपमा अनादि कालदेखि चलिरहेको छ यसलाई नै प्राकृत यज्ञ भन्दछन् । व्यक्ति ईश्वर यो नित्य यज्ञलाई मान्न नमान्नमा स्वतन्त्र छ तर कसैले ईश्वरको व्यवस्थालाई नमान्दैमा उसको मृत्यु समाप्त हुन्छ भन्नु न निदाई सपना देख्नु जस्तै हो । अतः वैदिक ग्रन्थहरूमा लेखिएका मन्त्रहरूको वास्तविकतालाई नजानी केवल तर्क र स्वार्थको भरमा म नै ईश्वर हुँ भन्नु ठीक होइन ।

संसारमा केही व्यक्ति बुद्धिमान् छन् केही बलवान् छन् केही सुन्दर छन् केही यसका विपरीत छन् यी विविधताहरू भएपनि सबैको व्यावहारिक पक्ष पनि यज्ञ हो **सं गच्छध्वम् सं वदध्वम् सं वो मनांसि जानताम्** यी वैदिक मन्त्रहरूले संसारका असमानतामा समानताको आधार स्थापना गर्नुलाई यज्ञको रूपमा व्याख्या गरेको पाइन्छ ।

# रामको जन्मभूमि नेपालकै अयोध्यापुरी : एक विमर्श



**प्रा. कपिल अज्ञात**
भरतपुर-१२, चितवन

## १. पृष्ठभूमि

राजनैतिक चलखेलका क्रममा यतिबेला प्रम ओली राष्ट्रियताको कित्तामा दह्रो गरी उभिने क्रममा देखा पर्छन् । पार्टीहरूको ऐक्यबद्धता र जनदबाबका आधारमा ओली नेतृत्वले भारतबाट अतिक्रमित भूमि समेटेर नक्सा जारीसमेत गर्‍यो । यो स्वाधीन राष्ट्रका आत्मनिर्णयको ऐतिहासिक पहल थियो । साथै अङ्गीकृत नागरिकताका निम्ति नयाँ विधेयक पनि प्रस्तावित गर्‍यो । यसअघि नेपालसँग भारतीय व्यापारको एकाधिकारलाई तोड्न चीनसँग पनि व्यापारिक सन्धि गर्‍यो । यी सबै नीतिगत तथ्यले ओली राष्ट्रवादी भएको प्रमाणित हुनपुग्यो । आदिकवि भानुभक्त आचार्यको २०७औं जन्मजयन्तीको सन्दर्भ पारी अभिमत प्रकट गर्ने क्रममा सनातन हिन्दू धर्मावलम्बीका आराध्यदेव मर्यादापुरुषोत्तम रामको जन्म भारतको अयोध्या नगरी नभएर नेपालकै ठोरी नजिक माडीको अयोध्यापुरी हो । भारतले नक्कली अयोध्या खडा गरी सांस्कृतिक अतिक्रमण गरेको हो । ओलीले यस्तो बोलेपछि भारतीय पक्षका मिडियाले चर्को विरोध मात्रै जनाएनन् नाना धम्कीहरू समेत दिन लागे । त्यति मात्र नभई नेपाली राजनीतिको अग्रपङ्क्तिमा रहेका नेपालकै केही नेताले ओलीले बोल्नै नहुने कुरा बोले, कतिले यो प्रतिकूल परिस्थितिमा खोल्नै नहुने कुरा खोले, कतिले यो कुरा सहनै हुँदैन अति नै भयो पनि भने, कतिले ओलीको यो आफ्नो बोली फिर्ता लिनुपर्छ र माफीसमेत माग्नुपर्छ भने । यसै सन्दर्भमा परराष्ट्र मन्त्रालयले लिखित रूपमा आफ्नो स्पष्टीकरण पनि जारी गर्‍यो चर्को विरोध जनाउनेहरूमा डा. बाबुराम भट्टराई र बामदेव गौतमहरू पनि थिए । तिनले बोलेका बेहोरा तत्कालीन मिडियामा रेकर्ड पनि होलान् । यथार्थमा कुनै ठोस प्रयास र आधार नभई राज्यप्रमुखको रूपमा प्रम ओलीले पक्कै बोलेनन् । यसमा कति सत्यता र प्रामाणिकता छ त्यसको खोजबिन गर्नु नितान्त आवश्यक छ । प्रमको बोली सही हो कि विरोधीहरूको बयानबाजी सही हो भन्ने पक्षविपक्षको बेहोरा पर्गेल्न भन्दापनि शास्त्रप्रमाण अनुसार रामको जन्म यथार्थमा कहाँ हो ? त्यस विषयको तथ्यान्वेषण गर्नु बौद्धिक वर्गको दायित्त्व र धर्म नै हो ।

राष्ट्रियता राष्ट्रकै नागरिकमा निहित हुन्छ । राष्ट्रियताको पुनर्निर्माणसँग कालापानी, लिपुलेक, लिम्पियाधुराजस्ता भूमिमात्र होइन राम जन्मभूमि पनि गाँसिएको हुन्छ किनभने भाषा साहित्य र संस्कृतिकै आडमा राष्ट्रियताको घर निर्मित भएको हुन्छ, घरको आफ्नो सांस्कृतिक विरासतको बारेमा बोल्नु घरधनीको कर्तव्य नै हो । राज्य प्रमुखले सांस्कृतिक विरासतबारे बोल्दा सत्यतथ्य के हो त भनी अनुसन्धानको द्वार खुला राख्नुको सट्टा त्यसलाई थुन्नका निम्ति धर्ती फाटेझैँ र आकाशमा

उल्कापात चलेझैँ गरी हुण्डरी मच्चाउन खोज्नेहरू उद्यत हुनुले राजनीतिको दबदबा कतिसम्म छ र सत्यतथ्य कसरी अवरुद्ध भइरहेछ भन्ने भ्रम र धोकाको महसुस हुनु पनि लोकतान्त्रिक पद्धति एवं स्वाधीनताकै भारी विडम्बना हो ।

**२. राष्ट्रियता**

राजनैतिक विचार र दर्शनको पथ छोडी सत्ता र स्वार्थको उन्मादमा पल्केका तथाकथित राजनैतिक शक्ति राष्ट्रियताको घर भत्काउन उद्यत छन् । यदि राष्ट्रियताको घर भत्कियो भने सारा नेपाली सिक्किमबासीझैँ सुकुम्बासी बन्ने छन् । नेपालका कतिपय राजनीतिको गुलामी प्रथम र परम्पराबाट व्यथित भई हनुमानदास हुनुभन्दा रामदास हुनु नै उचित सम्झी अनुदानको बहानामा भित्रिन खोल्ने एमसिसी प्रकरणमा पनि खोलिरहेका होलान् तर दास आखिर दास नै हो - हनुमानदास होस् कि रामदास । दासत्व ईश्वरको पनि स्वीकार नगर्नु यो बुद्धनीतिको विशेषता नै हो । यो दासत्व तोड्ने कुरा २००७ सालको क्रान्तिभन्दा पनि निकै ठूलो कुरा हो ।

राष्ट्रियताको सुरक्षाका निम्ति शत्रुको शत्रु नै मित्र हुनसक्छ । यताउती कसैको शरण नपरी आत्मनिर्णयले उठ्न पनि मित्रताको दह्रो हात आवश्यक पर्छ, त्यस्तो साथ लिन पनि आत्मनिर्भर हुनु पहिलो शर्त हो । प्रविधिको जमानामा बलभन्दा बुद्धिको अधिक प्रयोजन रहन्छ । जोसँग राष्ट्रिय भावना छ ऊ त्यसको निम्ति मरिमेटी लाग्न सक्छ । ऊ कहीँ कसैको अन्याय र अपमान, उपेक्षा र तिरस्कार सहेर बस्न सक्दैन । जो डराएर आफ्नो अस्त्विव र पहिचान खोज्दैनन् ती कदापि राष्ट्रवादी बन्न सक्तैनन् । राष्ट्रियताको घर सुदृढ र सुरक्षित रहेमा नै त्यसमा रहनेको पनि इज्जत र प्रतिष्ठा बढ्छ, सुख-शान्ति पनि समृद्ध बन्न सक्छ ।

राष्ट्र नै मेरो बृहद् घर हो भनी त्यसप्रति आत्मीय भाव राख्नु नै राष्ट्रियता हो । यति बेला राष्ट्र देशीविदेशी शक्तिहरूबाट अतिक्रमित छ, दमित र कुण्ठित पनि छ । यस्तो संक्रमणको बेला राष्ट्रिय भाव जागृत हुनु आवश्यक छ । राष्ट्रको आत्मालाई भाषा साहित्य र संस्कृतिले शक्ति सम्पन्न तुल्याउँछन् । आत्महीनता, दरिद्रता, क्षुद्रता र संकीर्णताहरूलाई खरानी पार्न पनि राष्ट्रियता प्रज्वलित हुनुपर्छ । राष्ट्रियताले राष्ट्रको कल्याणमात्र हुँदैन व्यक्तित्वको विकास पनि हुन्छ एवं त्यसबाट व्यक्ति स्वयं लाभान्वित पनि रहन्छ ।

भाषा, साहित्य र संस्कृतिबाटै राष्ट्रियताको घर मजबुत बन्छ, भाषिक एकता तोडियो, साहित्य धमिलियो र संस्कृति बिथोलियो भने राष्ट्रियता कमजोर हुँदै जान्छ । यसका आधारशीलाहरू माथि बलपूर्वक प्रहार हुन थाल्दछन् बेलैमा तिनको प्रतिकार गर्न सकिएन भने कुनै दिन बज्रपात पनि पर्नसक्छ तसर्थ विरोधी तत्त्वहरूबाट घरको संरक्षण भइरहनु आवश्यक हुन्छ ।

**३. रामको जन्मभूमि नेपालकै अयोध्यापुरी**

रामायणका मर्यादापुरुषोत्तम रामको जन्म भारतको अयोध्यानगरी हो भन्ने गरिन्थ्यो तर अहिले नेपालको पर्सा जिल्लाको ठोरी निकट माडीको अयोध्यापुरी हो भन्ने पौराणिक तथ्य उजागर गरिएको छ । यसै तथ्यलाई केही वर्ष पहिले नै पत्रकार लोकमणि पौड्यालले आफ्नो अनुसन्धानका क्रममा प्रकट गरिसकेका थिए । हुन पनि त्यति टाढाका रामको विवाह जनकपुरका जनककी जानकी अर्थात् सीतासँग भयो भन्ने कुरा सम्भव

देखिँदैन । चितवनकै त्रिवेणीधाम नजिक वाल्मीकि आश्रम पर्छ, त्यहाँका पुरातात्त्विक सामग्रीले पनि त्यो साबित गरेका छन् । संभाव्यताका आधारमा पनि अयोध्यापुरी वाल्मीकि आश्रम र जनकपुरबिच सांस्कारिक मात्र नभई अनेक सम्बन्धको तारतम्य सहज र सम्भव देखिन्छ ।

रावणको लङ्का पनि पहिले समुद्रपारिको श्रीलङ्का भन्ने ठान्थ्यौं तर भारतकै नर्मदा नदी तटमा स्थित त्रिकुटको अभरकण्टकमा पर्ने तथ्य योगीराज चाम्लिङ्गको खोजले पत्ता लगाएझैँ अयोध्यापुरी पनि नेपालमैं पर्ने तथा नेपाली अनुसन्धाताले पत्ता लगाएको बुझिन्छ। अहिले यो मिडियामा पनि निकै चर्चाको विषय बन्न पुगेको छ ।

अयोध्यापुरीबाट अन्दाजी ७० कि.मी. परको वाल्मीकि आश्रम हिँडेर पुग्न सामान्य स्थितिमा एकदिन एक बिहान लाग्छ । रामायणको अन्तिमतिरको एक प्रसङ्गमा वनबासी रामले लक्ष्मणमार्फत सीतालाई वाल्मीकि आश्रम पुऱ्याउन त्यति नै समय लागेको बुझिन्छ। भारतको अयोध्या नगरीबाट नेपालस्थित वाल्मीकि आश्रम दूरीका हिसाबले अन्दाजी ४५३ कि.मी रहेको मान्छि । त्यहाँबाट आउने जाने भन्ने कुरा कैयौं दिन लाग्छ। एक दिनमा आठ दश घण्टा हिँड्दा पचास साठी किमीका दरले पनि आठदश दिन लाग्ने देखिन्छ । अझ अयोध्या नगरीबाट जनकपुर आउन त १०-१२ दिन नै लाग्ने देखिन्छ। त्यसैले रामको जन्म भारतको अयोध्या नगरी नभई नेपालकै अयोध्यापुरी हो भन्ने तथ्य अधिक तर्कसम्मत लाग्छ किनकि भारतको अयोध्यानगरी मान्दा भूगोल र समयावधिको हिसाब मेल खाँदैन ।

त्यस्तै रामायणकै अर्को प्रसङ्गमा रामले अश्वमेघ यज्ञ गर्दा सुमेरु पर्वतलाई दाहिने पारी घोडा छोडेका थिए । दाहिने पारी छोडिएका ती घोडा अर्को दिन वाल्मीकि आश्रममा पुग्दा रामकै पुत्र लव र कुशले पक्रेका थिए । यदि भारतको अयोध्यानगरीबाट ती घोडा दाहिने पारी छोडिएका भए पाकिस्तानतिर जान्थे, एक दुईदिनभित्र वाल्मीकि आश्रम आउन सम्भव थिएन । यस प्रसङ्गले पनि अयोध्यापुरी नै राम जन्मिएको अयोध्या हो यो नेपालमै पर्छ भन्ने सिद्ध हुन्छ ।

रामलक्ष्मणहरूलाई शिक्षादीक्षा दिने वशिष्ट, विश्वामित्र प्रभृति ऋषिहरू पनि देवघाट वरपर भएकाले वाल्मीकि आश्रमबाट अन्दाजी ४५३ कि.मी टाढा पर्ने अयोध्यानगरी नभई जनकपुर र वाल्मीकि आश्रमको बिचतिर रहेको अयोध्यापुरी नै रामको जन्मस्थल हो भन्ने देखिन्छ । दशरथले पुत्रेष्टि यज्ञ गर्दा त्यसका मुख्य पुरोहित रिडीका ऋष्यशृङ्ग ऋषि हुन् भन्ने उल्लेख पाइन्छ, त्यसले पनि अयोध्या नेपालकै हो भन्ने बुझिन्छ ।

विभिन्न तथ्यहरूले नेपाल तपोभूमि, देवभूमि, वेदभूमि रहेको सिद्ध हुन्छ । लौकिक भएर ऐतिहासिक रूपमै घटेका ती घटना हुन् भने रामायणमा वर्णित घटना नेपालभित्रै सम्बन्धित छन् भारतको अयोध्यामा राममन्दिर थियो तर त्यो राम जन्मिएर स्थापित हुन पुगेको राम मन्दिर थिएन । त्यहाँ राम जन्मिएको कहीँ कुनै उल्लेख भएको पाइन्न । त्यहीँका विद्वान्हरूले पनि यही उल्लेख गरेका छन् । भारतका प्रसिद्ध लेखक एवं पत्रकार कमलेशले "कितने पाकिस्तान" नामक आफ्नो पुस्तकमा रामको जन्मभूमि अयोध्या

होइन भन्ने उल्लेख गरेका छन् स्मरण रहोस् उक्त पुस्तक भारतीय अकादमी पुरस्कारबाट समेत पुरस्कृत भएको हो । यथार्थमा यो प्राज्ञिक वहस र शोधखोजको विषय हो भारतकै प्रसिद्ध विद्वान् राउल सांकृत्यायनले "भोल्गा से गंगातक" भन्ने आफ्नो कृतिको 'प्रभा' नामक लेखक १५१ पृष्ठमा भारतको अयोध्यालाई साकेत भनेका छन्, साकेतलाई नै पछि मुगलहरूले फैजावाद भने, त्यहाँ मन्दिर भत्काएर मस्जिद पनि बन्यो जसलाई अहिले बाबरी मस्जिद भनिन्छ । त्यही मस्जिद भत्काएर मन्दिर बनाउने आदेश भारतको सर्वोच्च अदालतले निर्णय गऱ्यो । त्यही त्यहाँ कार्यान्वयन पनि हुँदैछ । नेपालको अयोध्यापुरीलाई त्योभन्दा अघि उहिल्यैबाट अयोध्यापुरी भनिएको थियो भन्ने स्थानीयहरू बताउँछन्। भारतीय न्यायालयले पनि राम जन्मिएको आधारमा राममन्दिर बनाउने आदेश दिएको होइन । राम मन्दिर भएकै आधारमा त्यस्तो आदेश दिएको हो । उसले आफ्नो फैसलामा राम जन्मको उल्लेख गर्न सकिन्न पनि भनेको छ। राममन्दिर त श्रद्धावश जहाँ पनि निर्मित हुनसक्छ, त्यहीँ नै राम जन्मिएका हुन् भनेर जो भनिरहेका छन्, तिनले पूर्वाग्रहपूर्वक भनिरहेका कथन हुन् । राम जन्मिएको अयोध्या हो भन्दा त्यसैलाई राजनीतीकरण गरी भारतीय पक्षमा लागेर केही नागरिक अगुवाहरूले पनि ट्याउँट्याउँ नगरेका होइनन् । जेहोस्, यसै पौराणिक तथ्यले राम नेपालका ज्वाइँ नभएर छोरा नै हुन् भन्ने बोध हुन्छ ।

भारतीय पुरातात्त्विक विभागद्वारा अयोध्या, प्रयाग, चित्रकुटमा उत्खनन् गरियो तर रामायणकालीन प्रमाणका रूपमा छेस्कोसम्म पाइएन । त्यहाँ केवल अवशेषको रूपमा बुद्धको मूर्ति फेला पऱ्यो, यसबाट के बुझिन्छ भने रामायणकालीन अवशेष कहीं कतै भेटिएन भने राम अयोध्यामा जन्मेका हुन् भन्ने कुरा केवल श्रद्धा र विश्वासमा अडिएको विषय हो । यदि रामायण कल्पनाजन्य आख्यान नै भए पनि त्यसको भौगोलिक वस्तुस्थितिको तारतम्य त रचनाकारले पनि मिलाएकै हुन्छन्, त्यसैले त्यसको संगति खोज्नु आवश्यक छ । यदि रामायण ऐतिहासिक हो र नेपालकै अयोध्यापुरी उत्खनन् हुँदा रामायणकालीन पुरातात्विक अवशेष प्राप्त हुन्छ भने राम नेपालमै जन्मेका हुन् भन्ने तथ्य सावित गर्न निकै सहज पर्दछ । देवत्वको प्रमाण खोजेर भेटिन्न । आस्था र विश्वासकै विषय बन्न सक्छ - रामको जन्म । पौराणिक पात्रमा पुरातात्त्विक प्रयासबाट पनि कहीँ कुनै वस्तुगत प्रमाण हात नलाग्न सक्छ। ओलीबाट आस्था र विश्वासमा अति ठेस पुऱ्याउने कुरा आयो भनी बबन्डर मच्चाउन तम्सनेहरूले हक अधिकारमा मात्र होइन प्रतिष्ठामै पनि बारम्बार प्रहार गर्दा किन मौन साधेर बस्छन् । तथ्य प्रमाण नभएकै कुरामा कसैले धाक जमाउँदै जाने, तथ्य प्रमाणहरू प्रचुर भएर पनि भरोसामा नलिए अर्थात् गुलामी नै नगरे सीमासम्बन्धी वार्ता नै गर्दैनौं भन्नेलाई ओलीले आफ्नो धोक्रोबाट निकालेर छोडेको एक प्रतिस्पर्धात्मक वाणप्रति फेरि कत्रो हङ्गामा !

शायद यो प्रतिस्पर्धी बिचको एक वाग्चाल हो । वाग्चाललाई बाख्राले पनि थुन्न सक्छ । कतिले तिलजस्ता कुरालाई ताड बनाएर प्रस्तुत गर्दा एजेन्टहरू त प्रोत्साहित हुन्छन् नै । तीसँग हँमा हँ मिलाएर सहानुभूति दर्साउनु पनि राष्ट्रप्रतिको गद्दारी होइन र ! पौराणिक पात्रका विषयमा पुरातात्विक प्रयोजनको उत्खननबाट कुनै तथ्य भेटिन्न भन्ने पनि पक्का नै हो तथापि शास्त्रसमीक्षा र तथ्य

तारतम्यको खोजी र निष्कर्षमा त पुग्नै पर्‍यो । स्वविवेकको प्रयोग गर्दा भारतीय अयोध्याकाभन्दा नेपालकै अयोध्याका तर्कसम्मत प्रमाण अधिक देखिन्छ तर राजनैतिक दबाब र आग्रह यति भयानक छ त्यसको खतरासँग खोली नवीन मान्यता स्थापित गर्न फलामकै चिउरा चपाउनुझैं कठोर बनेको छ । जनता सधैं भेडा रहन्नन् चेतनशील बनेपछि ती हल्लामा होइन आफ्नो विवेकमा विश्वास राख्दछन् । एकले छलकपट प्रपञ्चको जाल फैलाउन खोजेपछि त्यसको प्रतिकार गर्नु स्वाभाविक धर्म हो यथार्थमा यो बौद्धिकध युग हो । द्वन्द्व चलिरहेको बुझेपछि विपक्षीलाई नै बल पुग्ने आवाज नउरालिनु वेश हो । हाल नेपाल भारत सम्बन्धमा किचलो चलिरहेको बेला प्रम ओलीले यस्तो कुरा भन्न हुँदैनथ्यो । यसले धार्मिक द्वन्द्व निम्त्याउँछ भन्नेहरू पनि देखिन्छन् तर तथ्य प्रमाणका आधारमा साबित हुनसक्ने विषयविशेष प्रमले नै बोल्दा अधिक महत्व राख्दछ भन्नेहरू पनि भेटिन्छन् । प्रमले बोलून् वा अरू कसैले यसलाई राजनैतिक प्रतिशोधको विषय बनाउनु पक्कै पनि राम्रो कुरा होइन । राज्यप्रमुखको हस्तक्षेपविना विद्वान्हरूबिच स्वतन्त्र शोधखोजको महत्व छैन र यदि यो हाम्रै सांस्कृतिक विरासत हो र हामी मौन र निस्क्रिय रह्यौं भने हामीलाई हाम्रो विवेकले धिक्कार मानी हाम्रो समयले हामीलाई सराप्दैन र ! शोधखोज र समीक्षाबाट साबित हुने कुरा प्रमले बोल्दैमा सही मानिने पनि होइन तर हामी हाम्रो ज्ञान, धर्म र विवेकले नै उत्प्रेरित हुनुपर्ने होइन र जेहोस् प्रमको वक्तव्यमा निकै दम देखिन्छ किनकि त्यो तर्क र प्रभावले निहित रहेछ तथापि स्थापित भैसकेको एक मान्यता बदल्न अझ गहिराइका साथ खोजविन हुन आवश्यक हुन्छ । कथिएको विषय सत्यतथ्य केन्द्रित हो कि राजनैतिक हावादारी त्यसलाई पर्गेल्नु आवश्यक छ । राज्य प्रमुखबाटै असान्दर्भिक विषय उठाइएको भए त्यसको भागी स्वयं नेतृत्व हुन्छ, त्यसमाथि कोही बुज्रुक भएर हाम्रो स्वतन्त्र शोधखोजमा अवरोध पुऱ्याउन उचित हो र !

**४. पुनः प्रसङ्ग**

रामको जन्म राजनीतिक विषय होइन तसर्थ पक्षविपक्ष बन्नु नै पूर्वाग्रह हो फेरि राम पौराणिक पात्र हुन्, बुद्धझैं ऐतिहासिक होइनन् । पौराणिक रचना मिथकीय कल्पनाजन्य काव्यिक रचना हुन् र ती हाम्रा धर्म र संस्कारजन्य आस्था र विश्वासका विषय पनि हुन् । तिनप्रति सद्भाव र स्वतन्त्रताको हक सबैमा सन्नीहित छ। यस्ता विषयमा पुरातात्त्विक प्रयोजनको उत्खनन् होइन प्राज्ञिक संवाद, शास्त्रचर्या, तथ्य र तर्क एवं कथ्य तारतम्यको आवश्यकता पर्छ । मिथक नै भए पनि जहाँ तारतम्य अधिक मात्रामा मिल्छ त्यसैमा सहमति जनाउनु बुद्धिमत्ता हो । हल्ला र भीडको आवाजलाई त मूर्खहरूले मात्र विश्वास गर्छन् । विगतमा धर्मसंस्कृतिलाई राजनीतितर्फ खिंचेर सांस्कृतिक अतिक्रमणको दुषित ध्येयले भारतीय अयोध्याका रामसँग जनकपुरकी जानकीका विवाहको अन्धपरम्परा अन्त्य गर्न पनि यो मिथ्याकारक प्रपञ्चको लहरो चुँडालिन अति नै आवश्यक थियो । थप राजनैतिक प्रतिवाद नै भए पनि राष्ट्रिय सन्दर्भमा अन्यथा सम्झनु आवश्यक छैन, जो अनर्गल साबित गर्न खोजिरहेछन् ती दुराशयबाटै अभिप्रेरित छन् ।

**५. अयोध्याविषयक बुँदागत तथ्य**

- दुर्वासा, भृगु, अंगीरस, कश्यप, शरभङ्ग, अगस्ति, कण्य, वशिष्ठ, नारद, विश्वामित्र प्रभृति ऋषिगणहरूको परिवेश,

- अयोध्याबाट एकदिनमै रथमा चढेर पुगिने वाल्मीकि आश्रम,
- अयोध्या निकट नारहरू स्थित सातद्वीप र श्वेतद्वीपहरू,
- नगरनजिकै उत्तरवाहिनी सरयू (रियु) नदी,
- अयोध्यानगरी निकट शत्रुघ्नले राज गरेको मथुरा नगरी,
- सीता धरतीमा विलीन भएको स्थान,
- अयोध्यानगरी निकट चित्रकूट,
- अयोध्यानगरी निकट ठूलो वन जङ्गल,
- किष्किन्धा सुग्रीवहरू भएको स्थान,
- विश्वकर्माद्वारा निर्मित सागर पारीको लंका,
- आठ कोशभित्र बनेको रमणीय पञ्चवटी आश्रम,
- यमुना नदीतट अवस्थित ऋषिगण,
- ठूलो वनका बिच एक सुन्दर तलाउ बैकुण्ठ ताल,
- रामसीताको सुन्दर गुफा,

यी सबै तथ्यलाई केन्द्रमा राखेर पर्यवेक्षण गर्दै शास्त्रीय युक्तियुक्त तथ्य प्रमाणहरूको तारतम्य मिलेपछि मात्र राम जन्मेको स्थान निर्धारण गर्न सकिन्छ । आख्यान नै पूरा काल्पनिक भए पुरापुर नमिल्न सक्छ यथार्थमा त्रेता युगका राम पौराणिक पात्र हुन्, बुद्धझैँ ऐतिहासिक पात्र होइनन् । त्यसैले पुरातात्त्विक उत्खनन्को प्रयोजन देखिन्न । यो श्रद्धा र विश्वासको विषय भएकाले प्राज्ञिक संवाद शोधखोजकै विषय हो ।

**६.. शास्त्र प्रमाण**

**क) भानुभक्तीय रामायणबाट**

**हे भाई ! तिमी जाउ जल्दि अहिले वाल्मीकि नै छन् जहाँ**
**सीताजी र ति वाल्मीकिकन लिई दौडेर आऊ यहाँ ।**

(श्रीउत्तरकाण्ड, श्लोक-१००, भानुभक्त रामायण, पृ. २११)

टिप्पणी - यहाँ दौडेर भन्ने शब्द प्रयोग छ । यसले अति दूरत्व स्थानतिर संकेत गर्दैन । एकदुई दिन लाग्ने स्थानका निम्ति मात्र उपयुक्त छ । धेरै दिन लाग्ने स्थानका निम्ति यस्तो शब्द उपयुक्त हुँदेन ।

**सीतालाई चढाइ जल्दि रथमा वाल्मीकि आश्रम जहाँ**
**जो ताहीं नजिकै गयेर वनमा छाडेर आउ यहाँ ।**
**उत्तर् केही गऱ्यौ भन्या त तिमिले माऱ्यौ म ऐल्ये मऱ्याँ**
**भाई ! भोलि बिहान लानु वनमा हुकुम त यै हो गऱ्याँ ।**

(श्रीउत्तरकाण्ड, श्लोक ११६, भानुभक्तको रामायण, पृ. २००)

टिप्पणी - अयोध्यापुरीबाट बिहानै निस्केर त्यसै दिन फर्किन सकिने स्थान वाल्मीकि आश्रम नै हो हिँडेर जाँदा फर्किन नसकिएला तर रथमा दौडेर जाँदा सम्भव नै देखिन्छ ।

**ख) वाल्मीकि रामायणबाट**

राजा दशरथलाई अयोध्याबाट जनकपुर पुग्न चार दिन लागेको शास्त्रीय प्रसङ्ग :

**वचनातु नरेन्द्रस्य सर सेना चतुराङ्गिणी**
**राजानामृषिभिः सार्धं व्रजन्तं पृष्ठतोऽवगात्**
**गत्वा चतुरहं मार्ग विदेहा नभ्युपेयिवान् ॥**

(वाल्मीकि रामायण, बालकाण्ड, सर्ग ६९, श्लो. ६-७)

अर्थ - राजा दशरथ ऋषिहरूसहित जनकपुरका लागि प्रस्थान गर्दा उनको आज्ञानुसार चतुराङ्गिणी सेना राजाको पछाडि लाग्यो चार दिनकै बाटो हिँडेपछि उनी जनकपुर पुगे ।

टिप्पणी - भारतीय अयोध्याबट जनकपुरको दूरी लगभग ५५० कि.मी. जति पर्छ । शानमानसहित समान्य रूपले हिँड्दा कम्तीमा १० दिनजति लाग्न सक्छ भनिन्छ त्यस्तै ठोरीबट जनकपुर २५०

कि.मी. जति छ । त्यहाँबाट पनि ४ दिन जति लाग्छ भनिन्छ । यस दृष्टिले वाल्मीकि रामायणमा कथिएको प्रसङ्गले पनि रामको जन्म भारतको अयोध्या नभई ठोरी माडीकै अयोध्यापुरी हो भन्ने देखिन्छ । समग्र सही तथ्यहरूको आधार लिएर निर्णयमा पुग्न पुरातात्त्विक शोधखोज, शास्त्रसमीक्षा, संवाद एवं तथ्यगत पर्यवेक्षण हुनु आवश्यक बुझिन्छ । पूर्णप्रकाश नेपाल यात्रीको शोधखोजबाट प्राप्त लोक रामायणमा अयोध्याका राजा दशरथको दरबारमा राम जन्मँदा पञ्चैबाजा बजाएर उत्सव मनाइएको उल्लेख छ । पञ्चैबाजा नेपाली संस्कृति हो । यसले दशरथकै अयोध्या नेपालमै पर्ने संकेत गर्छ । अर्को शिवजीको वाणको सट्टा असी मनको घट्ट घुमाउने प्रसङ्ग छ । यसले पनि राम नेपाली पहाडी परिवेशकै हुन् भन्ने दर्साउँछ । वाल्मीकि रामायणमा प्रकृतिको रमणीय चित्रण छ । यस दृष्टिले अयोध्या वरपर सुरम्य वन-उपवनहरू रहनुपर्दछ । त्यस दृष्टिले पनि नेपालका माडी ठोरीको अयोध्या सुरम्य वन-उपवनले परिवेष्टित छ ।

### ७. निष्कर्ष

राम र रामको जन्मभूमि आस्था र विश्वासको विषय हो । बुद्धको जन्म लुम्बिनीमा भए पनि बौद्ध गुम्बाहरू अनेकौं स्थानमा छन् । रामको जन्म भारतको त्यो अयोध्या होइन हाम्रो यही अयोध्या हो भन्न आवश्यक छैन । यसोभन्दा कसैको आस्था र विश्वासमाथि चोट पुग्न सक्छ । धर्मका विषयमा जसले जे भन्छ त्यो उसको धार्मिक स्वतन्त्रताको विषय हो । संस्कृति पनि राजनीतिसँग जोडिएर आउँदा सत्य पनि विलुप्त हुनसक्छ । अरूसँग कहीँ कुनै तुलना नगरी हाम्रा आराध्यदेव रामको जन्म यहीँ माडी ठोरी अयोध्यापुरी हो भन्न यथेष्ट शास्त्रसम्मत र तर्कसम्मत अनेकौं तथ्य प्रमाण देखिन्छन् । तिनमा तथ्यगत तारतम्य पनि पाइन्छ । त्रेतायुगका रामका विषयमा यति धेरै तथ्यहरू स्पष्ट भएर पनि राम हाम्रै माटोका गौरवमयी विभूति हुन् भन्न नसक्नु लाचार बन्नुको पराकाष्ठा हो । प्रमले बोलिदिएपछि त्यसलाई विवेकको कसीमा उतारी परीक्षण नगर्नु पनि अन्धता हो । अब धार्मिक पर्यटनको महान् उद्देश्य राखी विशाल राम मन्दिर, विशाल धर्मशाला र गन्तव्य स्थलसम्म पुग्ने बाटोघाटोको गुरुयोजनाका निमित माडी नगरपालिकालाई नै अयोध्यापुरी नगरपालिका नामकरण गरेर आफ्नो धर्म र आस्थाको संरक्षण र संवर्द्धनमा चल्न आवश्यक छ र हाम्रो आस्थाको दियो हामी आफैले बाल्नुपर्छ । आफ्नो पुण्यकर्मको यात्रा हामी आफैंबाट थाल्नुपर्छ । हामीले हाम्रो सांस्कृतिक विरासत बिर्स्यौं भने हाम्रा गौरवका देवता पनि हामीबाटै हराउँछन् ।

# देवघाटक्षेत्रको गुरुयोजना र कार्यान्वयन



**शिवराज पौडेल**
अध्यक्ष- देवघाट क्षेत्र विकास समिति

दामोदरकुण्डदेखि मुक्तिनाथ भएर प्रवाहित शालिग्रामवाहिनी कृष्णागण्डकी र गोसाइँकुण्डवाट आएकी त्रिशूली नदीको सङ्गमस्थल नै देवघाटधाम हो । राष्ट्रको झण्डै मध्य भागमा अवस्थित देवघाटधाम सनातन संस्कृतिका अनुयायीहरूको पवित्र तीर्थस्थलका रूपमा चिरपरिचित छ । पौराणिक कालदेखि प्रसिद्ध क्षेत्रका रूपमा रहेको यो भूमि अहिलेको सङ्घीय संरचनाबमोजिम गण्डकी र बागमती प्रदेशको क्रमशः तनहुँ, नवलपरासी र चितवन जिल्लाको ८१५१ बिघा क्षेत्रमा फैलिएको काली, त्रिशूली र नारायणीको तटीय भूभाग नै देवघाट क्षेत्र हो भनि परिभाषित गरिएको छ । कालीगण्डकी र त्रिशूली नदीको समागम भएको तीर्थलाई हरिहर क्षेत्र र आदिप्रयागका पवित्र नामले समेत सम्बोधन गरिन्छ । अन्य तीर्थलाई पनि पवित्र पार्ने भएकोले देवघाटधामलाई श्रेष्ठ तीर्थका रूपमा श्रद्धा भक्तिपूर्वक लिइने गरिन्छ । विभिन्न धार्मिक, पौराणिक र ऐतिहासिक सन्दर्भहरूलाई लिएर अनादिकालदेखि नै यस पावनभूमिमा विभिन्न मेला पर्व उत्सव र यज्ञ अनुष्ठानहरू हुने गरेका छन् । नेपाल राष्ट्रको एकीकरणपूर्व नै तत्कालीन राज्यका शासकहरूको शीतकालीन दरबार र यस भूमिलाई एक सामरिक महत्त्वको केन्द्रका रूपमा समेत यो क्षेत्र रहिआएको कुरा विभिन्न ऐतिहासिक सन्दर्भहरूमा अभिव्यक्त भएका छन् । देवघाट क्षेत्रको वरपर रहेको प्याउलीगढी, सिन्चाङ्गढी, घण्टाचुली, वागीश्वरी, मौलाकालिका र चक्रवर्ती क्षेत्रमा रहेका प्राचीन प्रस्तर, भग्नावशेष आदीले पनि यो स्थल ऐतिहासिक महत्त्वको केन्द्र हो भन्ने कुरालाई प्रस्ट गदछ । यसरी धार्मिक, ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक, आध्यात्मिक दृष्टिले देवघाटधाम एक आकर्षक गन्तव्यस्थलका रूपमा विकसित हुँदैछ । खासगरी देवघाट क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक पौराणिक एवम् प्राकृतिक सम्पदाहरूको संरक्षण गरी देवघाटधामलाई एउटा पवित्र शहर (Holy City) का रूपमा विकास गर्दै एउटा पर्यटकीय गन्तव्य स्थलका रूपमा स्थापित गर्ने उद्देश्यका साथ विकास समिति ऐन २०१३ दफा ३ ले दिएको अधिकार प्रयोग गरी तत्कालीन नेपाल सरकारबाट देवघाट क्षेत्र विकास समिति गठन आदेश २०५० बमोजिम गठित समिति हो । यो समिति गठन आदेशसँगै २०५१ चैत्रबाट देवघाट क्षेत्रको विकासका लागि औपचारिक काम कार्यवाही प्रारम्भ भएको हो । मूलतः यस क्षेत्रको धार्मिक, सांस्कृतिक, पुरातात्त्विक साथै प्राकृतिक सम्पदाहरूको संरक्षण गरी यस तपस्थलीलाई आध्यात्मिक साधना केन्द्र एवम् मोक्षनगरीका रूपमा विकास गर्ने र यस क्षेत्रको समुन्नत जीवनका लागि समितिले आफ्ना धारणा बनाउने, तदनुरूपका योजनाहरू निर्माण गरी क्रमशः कार्यान्वयनको मार्गमा केन्द्रित हुने प्रयासहरू भइआएका छन् । २०५२ सालबाट देवघाट क्षेत्रको विकासका अवधारणाका आधारमा भित्री

धार्मिक क्षेत्रलाई लक्षित गरी सुरु भएको गुरुयोजना निर्माण कार्य निम्न उद्देश्यलाई केन्द्रमा राखी प्रारम्भ भएको पाइन्छ -

१. यस क्षेत्रको धार्मिक, पुरातात्त्विक, ऐतिहासिक एवम् प्राकृतिक सम्पदालाई संरक्षण गर्दै यस धामलाई व्यवस्थित र सुविधा सम्पन्न धार्मिक पर्यटकीय केन्द्रका रूपमा स्थापित गर्ने ।
२. सबै खालका अतिक्रमणहरूलाई निरुत्साहित गर्ने ।
३. यस क्षेत्रमा बसोबास गर्दै आएका विभिन्न जाति जनजातिका समुदायलाई समेटी तिनीहरूको आर्थिक, सामाजिक स्तरमा व्यापक सुधार गर्ने ।
४. यस धामको भौतिक विकासका साथै व्यक्ति वा समुदायको नैतिक चारित्रिक विकासमा जोड दिने ।
५. नदीका सबै बहावक्षेत्रहरूलाई प्रदूषणमुक्त राखी पवित्र वनाउने ।
६. अव्यवस्थित बसोबास र अनियन्त्रित निर्माणले यस क्षेत्रको स्वरूपमा संरचनागत जटिलता उत्पन्न गरी नकारात्मक प्रभाव पार्न सक्ने भएकोले व्यवस्थित बसोबास र नियन्त्रित निर्माणलाई अघि वढाउने ।
७. देवघाट क्षेत्रको मौलिकतामा फरक नपर्ने गरी मठमन्दिर (देवस्थल), गुम्बा आदिको जीर्णोद्धार गरी संरक्षण गर्ने ।

यसरी देवघाट क्षेत्रको समुचित विकासका लागि विकासका अवधारणा बन्नु, त्यस आधारमा गुरुयोजना निर्माण हुनु र कार्यान्वयनका लागि अन्ततः त्यसले नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नु समयावधिका हिसाबले लामो भए पनि यो महत्त्वपूर्ण उपलब्धि हो । २०५६ बाट प्रारम्भ भएको देवघाट क्षेत्रको गुरुयोजना निर्माणको प्रक्रियाले झण्डै एक दशक लियो ।२०६५ सालमा पूरा भएको गुरुयोजनाले २०६६ सालमा स्वीकृति प्राप्त गर्‍यो । योजना निर्माण मै लामो समय र धेरै धनराशि खर्चेको देवघाट क्षेत्रको गुरुयोजना कार्यान्वयनको अवस्था पनि उस्तै छ । २१ बर्षे गुरुयोजना स्वीकृतिका झण्डै १० वर्ष पार गर्दा देवघाटको सतहमा देखिने कतिपय तथ्य र तस्वीरले यस धामको समयोचित विकास हुन नसकेको प्रष्ट गर्दछ । देवघाटधामलाई राष्ट्रकै एक धार्मिक सांस्कृतिक राजधानीका रूपमा विकास गर्न निर्माण गरिएको गुरुयोजना देवघाट क्षेत्र विकास समिति स्थापनाको रजत वर्ष र योजना स्वीकृतिको १० वर्ष पार हुँदा हामीले समग्र योजनाको ३० प्रतिशत उपलब्धि हासिल गर्न सकेका छैनौ । गुरुयोजना कार्यान्वयनको बाँकी रहेको अवको १० वर्षमा झण्डै ७० प्रतिशत उपलब्धि हासिल गर्नुपर्ने एउटा चुनौतीपूर्ण घडीमा हामी रहेका छौं । अबको परिणाम हामीबिचको आपसी समझदारी, एकता, समन्वय र सहकार्यको साझा प्रयासबाट सम्भव छ भन्ने कुरामा हामी विश्वस्त हुनुपर्दछ ।

हालसम्म यस क्षेत्रको विकासपछि पर्नुमा निम्नलिखित कारणहरू जिम्मेवार हुन सक्छन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

१. संसदीय प्रजातन्त्रको आगमन र अभ्याससँगै २०५१ सालदेखि उत्पन्न राजनैतिक अस्थिरता र उत्तरार्धमा प्रकट भएको राजनैतिक द्वन्द्व र संक्रमणको झण्डै २० वर्ष हाम्रो अविकासको कारण हुन सक्छ । विकासका लागि राजनीति भन्ने कुरालाई सिद्धान्ततः स्वीकार गरिए पनि त्यस अनुकूलको राजनैतिक, संस्कृतिको विकास हुन नसक्नु ।

२. विकास समितिका पदाधिकारीहरूको कार्यावधि अत्यन्त कम अर्थात् २ वर्ष मात्रै हुनु र सरकार फेरवदलसँगै पदाधिकारीहरूको समेत हेरफेर हुनु ।
३. देवघाट क्षेत्र विकास समितिमा नियुक्त कतिपय पदाधिकारीहरूमा विकासको क्षेत्रगत अवधारणा बन्न नसक्नु ।
४. केन्द्रिकृत अर्थ- राजनैतिक संरचनामा यस क्षेत्रको पहुँच कमजोर रहनुका कारण देवघाट क्षेत्रको विकासका लागि सरकारको बजेट, नीति र कार्यक्रममा यो क्षेत्र सम्बोधन र प्राथमिकतामा नपर्नु ।
५. गुरुयोजनाको अवधारणाबारे छलफल र योजना तर्जुमा तहसम्म प्रस्तावित कतिपय कार्यक्रमहरू पछिल्लो समयमा सान्दर्भिक हुन सकेका छैनन् । कतिपय योजनाका स्थलहरू किटानी भएका छैनन् भने कतिपय एकिन गरिएका जमिनहरू अहिले हाम्रो अधिनमा छैनन् ।
६. देवघाट क्षेत्र विकास समितिको भौगोलिक कार्यक्षेत्रभित्र पर्ने स्थानीय तह भरतपुर महानगरपालिका, गैंडाकोट नगरपालिका र देवघाट गाउँपालिका र सरोकारवाला अन्य निकायहरूबिच समन्वयात्मक एकीकृत योजना बन्न नसक्नु ।
७. स्रोत परिचालन, स्वामित्व र उपयोगका कतिपय क्षेत्रमा अन्तरविरोध सिर्जना हुन जानु ।
८. देवघाट क्षेत्र विकास समिति गठन आदेश २०५० मार्फत् समितिका लागि निर्दिष्ट जिम्मेवारीहरू (काम, कर्तव्य र अधिकारहरू) सम्पादन गर्न ऐनको व्यवस्था हुन नसक्नु ।
९. अहिलेको लागतमा ३ अर्ब बढी बजेट खर्च हुने गुरुयोजना कार्यान्वयनका लागि नेपाल सरकारले देवघाट क्षेत्र विकास समितिलाई प्राप्त हुने सालवसाली बजेट अत्यन्तै न्यून रहनु ।
१०. तीर्थको पूर्वाधार निर्माणका महत्त्वपूर्ण सार्वजनिक प्रकृतिका जमिनहरू अतिक्रमणको चपेटामा पर्नु ।
११. स्रोत साधनबाट सम्भव भएसम्म क्षेत्रको भौगोलिक विकासमा जोड दिनु, क्षेत्रवासीहरूको नैतिक एवम् चारित्रिक विकासका योजना बन्न नसक्नु। सामाजिक आचारसंहिता कार्यान्वयनमा आउन नसक्नु ।
१२. निर्माणसंहिता (Code of construction) कार्यान्वयनमा नआउनु, संरचनागत जटिलताहरू थपिँदै जानु ।
१३. योजना र नीति निर्माणको तहबाट देवघाट क्षेत्र विकासको प्राथमिकता निर्धारण गर्ने र त्यसको संवेदनशीलताउपर गम्भीर बन्न नसक्नु र यस क्षेत्रको खासगरी तनहुँ र नवलपुर खण्डको सामाजिक आर्थिक विकासको पक्ष कमजोर रहनु देवघाट क्षेत्रको विकास पछि पर्नुका कारणहरू हुन् ।

**विकासका लागि अबको बाटो**

भनिन्छ, जहाँ समस्या छन् त्यहाँ समाधान पनि छ । समस्या मानिसकै कारण सिर्जना हुन्छ । समाधानको कर्ता पनि उ नै वन्नु पर्छ। हाम्रो हकमा धेरै जसो विकासका कठिनाइहरू दैवीप्रदत्त छैनन्, यो त मानिसहरूको सोँच, समझदारी, आपसी सम्बन्ध, पूर्व तयारीको अभाव र उचित समन्वयको अभावका कारण सिर्जित भएका हुन् । देवघाट

क्षेत्रको विकासमा देखिएका समस्याहरू निम्नलिखित आधारमा सहज वनाउन सकिन्छ ।

१. देवघाट क्षेत्रको विकासका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबिचमा स्रोत व्यवस्थापन र जिम्मेवारीका लागि सम्बन्ध र समन्वय कायम गर्ने । खासगरी स्थानीयतह (सरकार) हरूका बिचमा समन्वयात्मक एकीकृत योजना तर्जुमा कार्यशालाको आयोजना गर्ने । कतिपय स्रोत परिचालनका सम्बन्धमा रहेका वा रहन सक्ने अन्तरविरोधहरूलाई आपसी समझदारीमा टुङ्गो लगाउने ।

२. निश्चित योजना र उद्देश्य किटान गरी कतिपय जमिन अधिग्रहण गर्ने र सार्वजनिक पर्ति एवम् सरकारी जग्गाहरूको खोजी र संरक्षण कार्यलाई अघि वढाउने । योजनाका लागि निर्दिष्ट स्थान पहिचान गरी डिमार्केसन गर्ने ।

३. देवघाट क्षेत्र विकास समितिका सबै सदस्यहरू विकास समितिको क्षेत्रगत अवधारणामा स्पस्ट हुने, खासगरी यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरूबाट र प्रदेश सभाका सदस्यज्यूहरू निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई अलि वेसी देवघाट तीर्थको पूर्वाधार निर्माणमुखी बनाउन प्रयास गर्ने । सङ्घीय सरकारको बजेट कार्यक्रममा पनि यस क्षेत्रलाई प्राथमिकतामा पार्न सभासद्ज्यूहरूको भूमिका (लविङ्ग) लाई निर्णायक बनाउने र सङ्घीय संरचना बमोजिम यस क्षेत्रका प्रतिनिधिसभा सदस्यहरू देवघाट क्षेत्र विकास समितिको पदेन सदस्य भएजस्तै प्रदेशसभा सदस्यहरूलाई पनि गठन आदेश संशोधन गरी पदेन सदस्य बनाउने ।

४. देवघाट क्षेत्र विकास समितिको ऐन तर्जुमा गरी यसलाई विकास कोषका रूपमा अधिकारसम्पन्न बनाउने र विकास समिति र स्थानीय तहबिच अलग-अलग अधिकार र साझा अधिकारहरूको सूचि निर्धारण गर्न आवश्यक देखिन्छ ।

५. अपेक्षा र आवश्यकताको सूचिबाट योजनाहरूको प्राथमिकताहरू समन्वयात्मक एकीकृत योजना तर्जुमा गर्ने विधिबाट निर्धारण गर्ने । आगामी १० वर्षभित्र केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले यस क्षेत्रमा पुरा गर्नुपर्ने दायित्व यस्तै खालको गोष्ठीबाट टुङ्गो लगाउने । समस्याहरूको पृष्ठभुमिमा समाधानका मूर्त आधारहरूले देवघाट क्षेत्र विकास समितिलाई यस क्षेत्रको विकास र संवृद्धिको मार्ग प्रसस्त गरेको छ। अबका दिनमा कसरी अगाडि बढ्ने भन्ने बारेमा अलमल गरिनु हुँदैन ।

६. परिवर्तित समयसन्दर्भमा गुरुयोजनाको पुनरावलोकन गरी आवश्यकता र औचित्यका आधारमा परिमार्जन गर्ने । कतिपय प्रस्तावित योजनाहरूमा देखिने गरेका अन्तर्विरोधहरूलाई उपयुक्त विधिबाट निराकरण गर्दै जाने र आवश्यक महसुस गरिएका योजनाहरू गुरुयोजनामा समावेश गर्ने ।

७. देवघाट क्षेत्र विकास समितिका अध्यक्षको संयोजकत्वमा रहेको गुरुयोजना कार्यान्वयन इकाईको त्रैमासिक रूपमा बैठक बस्ने अनिवार्य व्यवस्था मिलाउने ।

८. झण्डै एक दशकअघि देवघाट क्षेत्रको गुरुयोजना कार्यान्वयनका लागि १ अर्ब २२ करोड लाग्ने प्रारम्भिक अनुमान थियो । त्यो रकम अहिलेको लागतमा कम्तिमा पनि ३ अर्ब बढी हुन आउँछ । जवकी नेपाल सरकारबाट

सालवसाली विकास बजेट (अघिल्लो वर्षसम्म ७५ लाख, यो वर्षबाट २ करोड) न्यून रकम प्रवाह हुने हुँदा तीर्थका पूर्वाधारहरू निर्माण हुन नसक्ने भएकोले वार्षिक रूपमा १५ करोड नघटाई बजेट व्यवस्था गर्नुपर्ने हुन्छ ।

**देवघाट क्षेत्रका तत्कालीन र दीर्घकालीन महत्त्वका नीति तथा योजनाहरूबारे**

**१. नदीको स्वच्छता :**

त्रिशूली र कालीगण्डकी देवघाटधाममा समागम भएका छन् । देवघाट क्षेत्रको सेरोफेरोमा नदी निर्मल र शान्त देखिन्छ । यो नदीको रूप पक्ष हो । खास गरी माथिल्लो तटीय क्षेत्रका घना वस्ती, औद्योगिक क्षेत्र, बजार क्षेत्रका अप्रशोधित ढल र उत्सर्जित सबै खालका फोहरमैलाहरू अन्ततः नदीमा नै विसर्जन गर्ने गरिएको कहालीलाग्दो तस्वीरसँग हामी अपरिचित छैनौ । सारमा नदी प्रदूषणयुक्त छ । नदी र यसको संस्कृति र सम्पदालाई जोगाउन राष्ट्रपति नदी सफाइ एवम् स्वच्छता अभियान चलाउन आवश्यक देखिन्छ ।

**२. धर्म सभाको गठन :**

क्षेत्रको भौतिक एवम् सामाजिक विकासका योजनाहरूबारे धेरै चर्चा भएका छन् । ती कार्यहरू हुने क्रममा पनि छन् तर मानिसको नैतिक मूल्य (कर्तव्य र जिम्मेवारी), सामाजिक उत्तरदायित्वको वोधजस्ता आदर्श समाज निर्माणको पक्ष ओफेल पर्दै गएको छ । व्यक्ति र समूह केन्द्रित चरम उपभोक्तावादी संस्कृतिले समाज विश्रृङ्खलित वन्दै गएको, अराजकता वढेकोले त्यसलाई न्यून गर्न क्षेत्रका सबै नागरिक, सङ्गठित समूह, पेशागत समूहलाई आफ्नो कर्तव्य प्रति सचेत, जिम्मेवार, जवाफदेही र सुसंस्कारयुक्त वनाउन देवघाटका तिनै क्षेत्रमा धर्मसभाहरूको गठन गर्ने । सनातनदेखि चलिआएका रीतिथिति (कुरीति हैन) र संस्कृति संरक्षण र सम्बर्द्धन गर्ने ।

**३. कालीगण्डकी परिक्रमा :**

विशेष महिमाले युक्त शालिग्रामवाहिनी कृष्णागण्डकीको परिक्रमाबारे केही अवधारणाहरू सार्वजनिक हुन थालेका छन् जसले कालीगण्डकी र यसको सभ्यतालाई वचाउन मद्दत त गर्छ नै धार्मिक पर्यटन प्रवर्द्धनको माध्यमबाट तटीय क्षेत्रको सामाजिक र सांस्कृतिक विकासमा समेत यसको सकारात्मक प्रभाव पर्ने भएकोले विभिन्न तहका सरकारसँग समन्वय गरी पूर्वाधारहरू निर्माण गर्न आवश्यक देखिन्छ ।

**४. देवघाट क्षेत्रको परिक्रमा र लघु परिक्रमा :**

जसरी कालीगण्डकी परिक्रमाको महत्त्व छ त्यसै गरी देवघाट क्षेत्रको परिक्रमाको महत्त्व पनि त्यत्तिकै छ । देवघाटको वेणीसङ्गमबाट प्रारम्भ हुने परिक्रमा तनहुँ, चितवन र नवलपुर समावेश गरी एक दिवसीय (झण्डै २० कि.मि.) पदयात्राले स्थानीय क्षेत्रबासीमा विशेष जागरण ल्याउने देखिन्छ भने वढीमा २ घण्टा लाग्ने गरी मुख्य धार्मिक क्षेत्र तीनै जिल्ला परिक्रमा मार्गले देवघाटधामको गरिमालाई थप अभिवृद्धि गर्नेछ । यसतर्फको योजना बनाउन सरोकारवालाहरूको बिचमा छलफल चलाई योजना निर्माण गर्ने कार्यवाही अगाडि बढाइने छ । देवघाट क्षेत्रको सङ्क्षिप्त परिक्रमाका लागि चितवनतर्फ दाहसंस्कार क्षेत्रको केही तलबाट नारायणीमा र चक्रवर्ती मन्दिरको आसपासबाट कालीनदीमा झोलुङ्गे पुल निर्माण योजना गुरुयोजनामा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ ।

**५. त्रिकोणात्मक झोलुङ्गे पुल :**

कालीर त्रिशूलीको सङ्गम जहाँबाट नारायणी उत्पत्ति हुन्छ त्यसको केन्द्रमा रहने गरी देवघाट क्षेत्रको तीनवटै जिल्लालाई एकसाथ जोड्ने गरी नेपाल सरकारले त्रिकोणात्मक झोलुङ्गे पुलको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । यसको लागि नेपाल सरकारले चालु वर्षमा साङ्केतिक बजेटसमेत निर्दिष्ट गरेको छ । यो पुल निर्माण हुँदा सनातन संस्कृतिको केन्द्र देवघाटधामको मर्ममा के-कस्ता सकारात्मक वा नकारात्मक प्रभाव पर्न जाला ! खासगरी तनहुँतर्फको गलेश्वर आश्रम परिसरमा टावर जिप निर्माण गर्दा त्यस अउत्खननीय क्षेत्रमा कस्तो परिणाम आउला, पुल निर्माण हुँदा देवघाट क्षेत्र साँगुरो हुन्छ वा फराकिलो हुन्छ, स्रोत, साधन र अवसरहरूको वितरणमा यसको प्रभाव के रहन्छ ? आदि विषय सम्बन्धमा स्थानीय मत विभाजित छ र पनि यो पुल बन्दा आकर्षक सेल्फिजोनका रूपमा रहनेछ । जहाँबाट साइकल र मोटरसाइकलहरू गुड्न नमिल्ने गरी डिजाइन भएको छ । यो पुल निर्माण भएमा आसपासका मानिसहरूको पेशा व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने र सवैका लागि दर्शनीय बन्ने कुरा भने सन्देशरहित छ । देवघाट क्षेत्र विकास समितिले पुल निर्माणका लागि सैद्धान्तिक सहमती दिइसकेको छ ।

**६. मैत्री साँघु :**

तनहुँतर्फको देवघाट नदीवेष्ठित क्षेत्र भएकोले यहाँ प्रवेश गर्न र वाहिरिन धेरै स्थानमा पुलहरूको आवश्यकता रहनु स्वाभाविक कुरा हो । हाल दासढुङ्गाबाट हामी सडक सञ्जालसँग जोडिएका छौं भने एकाध वर्षमा नै ठिमुरामा सम्पन्न हुने सडक पुलले आवागमनमा थप सहजता प्राप्त गर्ने छ । देवपुरवाट कालीगण्डकी नदीमाथि वन्दै गरेको सडक पुलले तनहुँ, देवघाट र नवलपुरको गैंडाकोट हर्दी केलादीलाई जोडेर सडक सञ्जालको विकासमा नयाँ आयाम थपिने निश्चित छ । यति भएर पनि मुख्य देवघाटधाम प्रवेशको एक मात्र साधनका रूपमा रहेको झोलुङ्गे पुल पुरानो र जीर्ण वन्दै गएको, धेरै मेला पर्वको चाप पनि यसै क्षेत्रमा पर्ने भएकोले सम्भावित जोखिमलाई समेत दृष्टिगत गरी हल्का सवारी साधन चारपाङ्ग्रे (एम्बुलेन्स, दमकल जस्ता) साधनहरू सजिलै वारपार गर्न सक्ने गरी यस झोलुङ्गे पुलको आसपासमा एक द्विप्रदेशीय मैत्रीपुल आवश्यक देखिएको छ ।

**७. कालीगण्डकी बचाउ अभियानः**

बहुपक्षीय महत्त्वको कालीगण्डकी तिनाउ डाइभर्सन सम्वन्धी सङ्घीय सरकारको प्रस्तावित योजनाले तल्लो तटीय क्षेत्रको भौतिक, सामाजिक पूर्वाधारमा मात्र हैन धार्मिक तथा सांस्कृतिक विकासमा समेत गम्भीर आघात पुग्ने देखिन्छ । कालीगण्डकी जलमात्र हैन यो सभ्यता, संस्कृति र ऐतिहासिक पहिचान पनि हो भन्ने मर्मलाई ख्याल गरी कालीगण्डकी तिनाउ डाइभर्सन परियोजनाको विकल्प खोज्न सरकारलाई दबाब दिनका लागि राष्ट्रव्यापी जागरण अभियानलाई थप प्रभावकारी ढङ्गले अघि बढाउन आवश्यक छ । गण्डकी तटीय क्षेत्रको वहुपक्षीय विकासका लागि बृहद् योजना बनाई कार्यान्वयन गर्नुपर्छ। त्यसो हुन नसके पानी निरन्तर बगिरहने, खेतबारीमा पट्याउन नपाउने स्थिति सधैं रहिरहन नसक्ने स्थिति पनि आउन सक्छ ।

**८. देवघाट क्षेत्रमा उद्यम, पेशा, व्यवसाय**

देवघाट क्षेत्रमा स्थापना वा सञ्चालन हुने उद्यम, पेशा वा व्यवसाय तीर्थानुकूलका वस्तु सेवा उपलब्ध गराउने, प्राकृतिक वातावरणमा प्रतिकूलता

सिर्जना नहुने र स्थानीय स्रोतसाधनको उपयोग भई स्थानीय तहमै खपत हुने प्रकृतिका साना कुटीर उद्योग र व्यवसायहरू सञ्चालनका लागि क्षेत्र निर्धारण गरी स्वीकृति दिने कार्यमा स्थानीय सरकार र वडा समितिबाट अब विलम्ब गरिनु हुँदैन । देवघाटको माटो र बाटोको प्रकृति कच्चा भएकोले यस क्षेत्रलाई कम उत्खननीय बनाउने, माटो कटान गरी बेच्ने र गिट्टी, ढुङ्गा, बालुवाको प्रदेशकै सिमाना काटेर बाहिर निकासी गर्ने परिपाटीले यो क्षेत्र कालान्तरमा खण्डहरमा परिणत हुने तर्फ यस सँग जोडिएका स्थानीय सरकार सचेत र गम्भीर हुन आवश्यक छ ।

**९. बाँदर व्यवस्थापनः**

देवघाट क्षेत्रको तनहुँ र चितवनमा गरी करिव पाँच हजारको हाराहारीमा बाँदर रहेको अनुमान गरिएको छ । आहारको अभावमा बाँदरले देवघाटको गाउँ बस्ती उजाड वनाउँदैछन् । यद्यपि तीर्थमा बाँदर शोभनीय नै मानिन्छ । यदाकदा देवघाटमा आउने पर्यटकहरू बाँदरसँग जिस्किन, खेल्न, केही चिजवस्तु दिन ख्वाउन रमाइलो मान्छन् । तर बाँदरले दिएको पीडा र सिर्जना गरेको आतङ्क यहाँका भोग्ने मानिसहरूलाई थाहा छ । यसलाई कम गर्नका लागि बाँदर व्यवस्थापनका प्रयास स्थानीय स्तरमा नभएका हैनन् तर त्यसको प्रभावकारीता कमजोर रहन गयो । बाँदर व्यवस्थापन कार्यमा वन्यजन्तु ऐन आकर्षित हुने हुँदा जनस्तरबाट हुने यस्ता कार्य गैरकानुनी हुने भएकोले सरकारले समस्या सुन्नेमात्र हैन तीनै जिल्लामा बाँदरमैत्री पार्कको व्यवस्थापनतर्फ प्रदेश सरकारले योजना बनाउन आवश्यक देखिएको छ । यसो गर्न नसके ठुला क्षेत्रफल भएका निकुञ्जहरूमा बाँदर स्थानान्तरण गर्न स्थानीय तहमा अनुमति दिइनुपर्छ ।

**१०. पूर्वीय दर्शन अध्ययन एवम् अनुसन्धान केन्द्रको स्थापनाः**

देवघाट क्षेत्र विकासको गुरुयोजनाले पुस्तकालय र सूचनाकेन्द्रका बारे चर्चा गरेको छ तर कहाँ कस्तो भन्ने विवरण उल्लेख छैन । देवघाट क्षेत्रको तनहुँ तर्फ करिब १५ वर्षदेखि सञ्चालनमा रहेको एक सार्वजनिक पुस्तकालयलाई एक संस्कृतबहुल अनुसन्धानमूलक पुस्तकालयका रूपमा विकास गर्न प्रस्ताव गरिएको छ । देवघाटधाम सनातन संस्कृतिका अनुयायीहरूको एक महत्त्वपूर्ण तीर्थस्थल भएकोले सनातन धर्मसंस्कृतिका बारे जिज्ञासु र शोधार्थीहरूका लागि एक पूर्वीय दर्शन अध्ययन एवम् अनुसन्धान केन्द्रको स्थापना गरी त्यसको सुव्यवस्थापन यस क्षेत्रको आवश्यकताको रूपमा बोध गरिएको छ । उपयुक्त जमिनको अभावमा यसले आकार लिन सकेको छैन ।

**११. स्नानघाटः**

गुरुयोजनाले वेणी सङ्गममा एउटा वेणीकुण्ड (स्नानघाट)को परिकल्पना गरेको छ । परिकल्पना स्वयम्मा सुन्दर कुरा हो तर वास्तविक धरातल भने अलि भिन्न पनि हुनसक्छ । काली, त्रिशूली र नारायणी विशालकाय खुल्ला नदी हुन् । बर्षाकालमा पानीलाई नियन्त्रित गर्न नसकिने भएकोले तनहुँतर्फ बन्दै गरेको स्नानघाटले बढीमा २/३ महिना मात्रै गङ्गाजललाई स्पर्श गर्नसक्छ, बाँकी अवधि सुख्खा स्नानघाटका रूपमा रहने छ । हिउँदमा पानी जहाँ छ त्यसैलाई आधार बनाएर घाट निर्माण गर्नेहो भने बर्षाको उर्लदो भेलले स्नानघाट नै देख्न नपाउने स्थिति रहन्छ । देवघाटधाममा स्नानघाटको निर्माणमा दुईखालको वस्तुगत अवस्थासँग परिचित हुन आवश्यक छ । सधैँ एकनास (सदावहार) स्नानघाटका लागि काली र त्रिशूलीबाट नियन्त्रित

पानीमात्र पठाउनका लागि राज्यले विशेष योजना बनाउनुपर्छ । स्नानघाटका लागि आवश्यकता भन्दा वढी पानी अन्यत्र बाटै कटाउनु पर्ने हुन्छ । उदाहरणका लागि हरिद्वारको हरकीपौडी स्नानघाट । यस्तो परियोजना बहुउद्देश्यका साथ जलविद्युत र सिंचाइसहितको योजना वनाएर गर्न सकिन्छ भने यथास्थितिमै पनि तनहुँतर्फ कालीगण्डकी नदीतट अघोर आश्रममा सटिएर व्यवस्थित, आकर्षक र गुणात्मक सुख्खा स्नानघाट निर्माण गर्न सकिन्छ । बर्षाद्का ३ महिना यसको उपयोग हुनेछ भने बाँकी अवधिका लागि विश्राम, अवलोकन, ध्यान, ज्ञान, प्राणायाम र खुल्ला प्रवचनका लागि यस खालको तटको पूर्ण उपयोग गर्न सकिन्छ र चितवनतर्फ यसै प्रकृतिको (सुख्खा) स्नानघाट वागमती प्रदेशबाट हरिकीर्तन वैदिक धर्मशालाको अग्रभागमा १७ करोडको अनुमानित लागतमा निर्माण गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । तनहुँतर्फ वेणीसङ्गममा निर्माणाधीन स्नानघाट अत्यन्तै कमजोर धरातलमा रहेको गुणस्तरहीन छ । देवघाटधामका नाममा बन्दै गरेको स्नानघाट अन्ततः धोका हो । अव यथास्थितिमै यसको निर्माण कार्यलाई रोकिनुपर्छ ।

**१२. नदी किनारको संरक्षण र उपयोगः**

देवघाट क्षेत्रको नदीको काँठ, किनार निजी र सङ्गठित संस्थाहरूबाट अतिक्रमित छ । नदीका छेउछाउमा व्यापार व्यवसाय गर्नेहरूबाट उत्सर्जित फोहोर विसर्जनको स्थल नदी नै भएकोले यसको स्वच्छतामा गम्भीर आघात पुग्न गएको छ । स्थानीयहरूसँग समन्वय गरी तटीय क्षेत्रको संरक्षण र उपयोगको योजना बनाई गुरुयोजनामा समावेश गर्न आवश्यक छ । त्यस्ता संरक्षित क्षेत्रमा खेलमैदान, पार्क, वाटिका, धर्मशाला, गौशाला, रङ्गशाला, पदमार्ग, तीर्थानुकूलका संरचनाहरू प्रस्तावित गरिनुपर्दछ । देवघाट तीर्थको सन्तुलित प्राकृतिक वातावरणमा प्रतिकूलता ल्याउन सक्ने उद्योगधन्दा, पेशा व्यवसायलाई जस्तै क्रसर उद्योग, बधशाला, मदिरा व्यवसाय, प्राकृतिक स्रोतको अधिक उत्खनन् यो क्षेत्रमा निषेध गरिनुपर्दछ ।

**१३. गङ्गाआरतीः**

गङ्गाका तटमा सायङ्कालीन आरती यसको सौन्दर्य र गरिमा हो । प्राय तीर्थमा यस्तो हुने गर्दछ। सुषुप्त अवस्थामा रहेको नित्य गङ्गाआरतीलाई व्यापक सहभागितामूलक बनाउन आवश्यक छ ।

**१४. देवघाट क्षेत्र नवलपुरको केलादी विशेष आकर्षणः**

वेणीसङ्गमको ठिक पारिपट्टि (नवलपुर जिल्लाको गैंडाकोट) तर्फ यस क्षेत्रको आवादी मध्येकै उच्चतम् (उन्नत) भूभाग हो । जनजातिका ३०/३५ घर यहाँ खेतीपाती गरी बसोबास गर्दछन् । कालीगण्डकीमा सडक पुल वन्ने क्रम सुरू भएसँगै यस थलोमा वाहिरका मानिसहरू समेत आई जग्गा खरिद गर्ने, ओगट्ने जस्ता काम भएका छन् । यहाँ बसोबास गर्ने मानिसहरूलाई अन्य उपयुक्त स्थानमा स्थानान्तरण गरी वा त्यसै स्थानमा उनीहरूको समुचित बासको व्यवस्था मिलाई देवघाट क्षेत्र विकास समितिको गुरुयोजनामा उल्लेख भएअनुसार यसलाई दिव्यधामका रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेकोले यसतर्फ विशेष तदारुकताका साथ लाग्न जरुरी छ ।

**१५. चक्रपथ निर्माणः**

यस अघि भनिएको एक दिवसीय देवघाट क्षेत्रको परिक्रमाको चर्चाले तीनै जिल्लाको अघोषित चक्रपथ निर्धारण गर्ने छ भने तनहुँतर्फ काली नदीको किनार देउपुरबाट वन र आवादीक्षेत्रको सिमाना हुँदै

दासढुङ्गा तल त्रिशूली नदीतट गोहीटार, भुवनटार, झारखानी भएर देवघाट मुख्य क्षेत्र भई पुनः देउपुरसम्म (झण्डै १७ कि.मि.) निर्माण योजनालाई मूर्त रूप दिन आवश्यक छ । यसले तटीय क्षेत्रको विकास र संरक्षणमा योगदान पुग्न जानेछ भने आन्तरिक मार्गहरूको स्तरोन्नतिमा समेत टेवा पुग्न जान्छ । नदी तटको दशर्न, अवलोकन र पदमार्गका लागि समेत उपयोगी बन्नेछ भने तटीय क्षेत्रका किसान, पेशा र व्यवसायीहरूको सात्विक उत्थानमा योगदान पुग्न जान्छ ।

**१६. शवदहन (अन्त्येष्टि कर्म) स्थलः**

देवघाटधाम अन्तिम संस्कारको समेत केन्द्र बनेको छ । यस धार्मिक स्थलसँग भक्ति भावना जोडिएका मानिसहरूले धेरै टाढादेखि शवहरू अन्त्येष्टिका लागि ल्याउने गर्छन् । यसरी शवदहनका लागि चितवनतर्फ नारायणी नदी किनार र तनहुँतर्फ वेणीसङ्गमको समीप काली नदीको तीरमा अन्त्येष्टि स्थल तोकिएको छ । कतिपय बौद्धमार्गीहरूले चितवन तर्फ देवघाट जङ्गलको डावर भन्ने स्थानमा झण्डै २ दशक अघिदेखि नै स्थल समाधि गर्ने चलन थियो त्यो क्रम अहिले पनि छ । जाती विशेष वा समुदाय विशेषको आफ्नो परम्पराअनुसार अलि अग्लो डाँडामा लगेर स्थल समाधि गर्ने र स्मृतिमा मानेसमेत बनाउने कुराको सम्मान गर्नुपर्दछ तर त्यही ठाउँमा तिनै समुदायका तहबाट चितास्थलसमेत बनाई शव जलाउने गरेको तर्फ भने देवघाट क्षेत्र विकास समितिको ध्यान केन्द्रित भई सम्बन्धित समुदायका मानिसहरूसँग पटक पटक छलफल भएको छ कि मृत्यूपछिको अन्त्येष्टिकर्म शवदहनको हकमा भने एकै ठाउँमा कायम गर्न आग्रह गरिएपनि सहमति हुन सकेको छैन । एउटा संरक्षित वनक्षेत्रको सम्वेदनशीलता जहाँ नदी वा पानीको प्रवाह छैन त्यसबाट उत्पन्न हुन सक्ने प्रदूषण र अन्य पक्षलाई समेत हेरी सरोकारवाला निकाय र पक्षहरूका बिचमा समन्वय र समझदारी कायम गरी शवदहन स्थललाई नारायणी नदी किनार (हाल चालु) लाई कायम गर्न जरुरी छ ।

**१७. प्रशासनिक र प्राविधिक पक्ष :**

कुनै पनि सार्वजनिक सङ्गठनको नीति र योजनाहरू पूरा गर्न त्यस सङ्गठनको प्रशासनिक र प्राविधिक पक्ष चुस्त, गतिशील र सक्षम हुन आवश्यक हुन्छ । देवघाट क्षेत्र विकास समितिका नीति, योजना र कार्यक्रमहरूलाई पनि सफल बनाउन यी दुवै पक्षको सबलीकरण गर्न आवश्यक छ ।

**उपसंहार**

देवघाट क्षेत्रको विकासको गुरुयोजना निर्माणको क्रममा जे जति स्रोत साधन र समय (झण्डै एक दशक) लाग्यो यसको निर्माण र विकासको गति र मतिले पनि उस्तै नियति व्यहोर्दै गरेको छ । देशमा रहेका कतिपय विकास समितिहरू अधिकार र स्रोतहरूको निक्षेपण र व्यवस्थापनका दृष्टिले केन्द्रीय सरकारका लागि बोझिलो बन्दै गएको अनुमान गर्न सकिन्छ । घस्रिएर तदर्थ शैलीमा चल्दै गरेको जीवनभन्दा गतिशील संस्थागत जीवनलाई सुन्दर मानिन्छ । सरकारले यस्ता निकायहरूलाई अधिकारसम्पन्न बनाएर समन्वयात्मक तरिकाले काम गर्ने वातावरण बनाउन सके ती क्षेत्रको विकासले गति लिन सक्छ ।

# धार्मिक पर्यटकीय क्षेत्र देवघाट



**धिरण बाबु घिमिरे**
कार्यकारी निर्देशक

नेपालको पवित्र धार्मिक तीर्थस्थल देवघाटधाम प्राकृतिक रूपमा पनि महत्त्वपूर्ण र सुन्दर छ । खासगरी नेपालको मध्यभागमा अवस्थित देवघाटधाम गोसाइँ कुण्डदेखि बग्ने त्रिशूली (श्वेत गङ्गा) र दामोदरकुण्ड, मुक्तिनाथ हुँदै बग्ने कालीगण्डकी (कृष्णागङ्गा) को सङ्गमस्थल देवघाटधाम वेणीसङ्गम भएको र त्यसपछि दुवै पवित्र नदीको अन्त्य देवघाटधाममा हुने र नारायणीमा रूपान्तरण हुने गर्दछ । पौराणिक, ऐतिहासिक कालदेखि नै धार्मिक महत्त्व बोकेको देवघाटधाम विश्वमा अन्यत्र कही कतै नपाइने शालग्राम कालीगण्डकीमा मात्र पाइने हुनाले पनि पवित्र कालीगण्डकीलाई शालग्राम बाहिनी नदी पनि भन्ने गरिन्छ । देवघाटधामको योजनावद्ध विकासका लागि नेपाल सरकारले गठन आदेश २०५० मा देवघाट क्षेत्र विकास समिति गठन गरेको हो । यस देवघाटधामलाई योजनावद्ध ढङ्गले विकास गर्नको लागि गुरुयोजनासमेत तयार गरी २०६६ बाट चरणबद्ध कार्यहरूसमेत भएका छन् । खासगरी चितवन जिल्लाको केही भाग, तनहूँ, जिल्लाको केही भाग र नवलपुर जिल्लाको केही भागहरूलाई समेटेर ५४३४ हेक्टर क्षेत्र यसको भौगोलिक कार्यक्षेत्र रहेको छ । देवघाटधाममा विभिन्न लोककल्याणकारी सेवा दिने उद्देश्यले विभिन्न आश्रम, संस्कृत विद्यालय, मठ-मन्दिर, पाटी पौवा, चौतारा, धर्मशाला, कल्पबास, कुटी, प्राकृतिक चिकित्सालय, गुम्बा जस्ता संरचनाहरू रहेका छन् ।

देवघाटधाममा माघेसंक्रान्ति मेला ठूलो उत्सवको रूपमा मनाइने पर्व हो । जहाँ देश विदेशबाट ३६ घण्टाको विचमा करीव ५ लाख तीर्थयात्री वेणीसङ्गममा स्नान गर्नको लागि आउने गर्दछन् । त्यस्तैगरी बालाचतुर्दशी, रामनवमी, एकादशी, ग्रहण, संक्रान्ति, शिवरात्री, श्रावणमासको बोलबम मेलामा करिव ४ लाख धार्मिक तीर्थयात्रीहरू आउने गर्दछन् । वैदिक कालदेखि नै देवताहरू यस ठाउँमा भेला भै क्रीडा गर्ने, वेणी सङ्गम भएकोले पनि यसको महत्त्व अझ बढी नै रहेको छ । आजभन्दा करीव ५०० वर्ष पहिले पाल्पाका राजा मणिमुकुन्दसेनले तपोभूमि देवघाटधाम आई तपस्या गरी बसेका थिए । देवघाटधाममा राजा मणिमुकुन्द सेनले बनाएको चक्रवर्ती मन्दिरसमेत देख्न पाइन्छ । त्यस क्षेत्रमा सोही समयका अन्य भग्नावशेष मन्दिर हरूसमेत रहेका छन् । देवघाटधाममा दर्शनीय स्थलहरू सीतागुफा, वशिष्ठगुफा, मौलाकालिका मन्दिर, गणेस्थान, वागीश्वरी आदि रहेका छन् । चक्रवर्ती मन्दिर परिसरमा ५०० वर्ष अगाडिकै पुरातात्त्विक महत्त्वका भग्नावशेष मन्दिरहरू, सोह्रौं शताब्दीका सिक्काहरू, विभिन्न कलामा कुँदिएका ढुङ्गाका कलात्मक बुट्टाहरूले भरिपूर्ण मन्दिरहरू रहेका छन् । यसको अध्ययन, खोज र अनुसन्धान नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक

उड्डयन मन्त्रालय, पुरातात्त्विक विभागबाट भएको पाइन्छ ।

प्रकृतिको मनोरम हरियाली उच्चदेखि समथर भूभाग दुई नदी कालीगण्डकी र त्रिशूलीको सङ्गम, नारायणी नदीको उद्गमस्थल र अति सुन्दर मनमोहक दृष्यहरू विभिन्न आश्रम, संस्कृत विद्यालय, गुरुकुल, वागीश्वरी क्षेत्र, योगी नरहरिनाथ आश्रम, मठ मन्दिर, पार्क, चौतारा जल यातायत (राफ्टिङ्ग) आदि पक्षलाई नियाल्ने हो भने देवघाट पर्यटकीय दृष्टिकोणबाट अति नै महत्त्व राख्दछ । नेपालको धार्मिक पर्यटकहरूलाई यसले आकर्षित गरी नै रहेको छ । विभिन्न जात, जाति, वेशभूषा सबै पक्षको प्रतिनिधित्व गर्ने समाज देवघाट क्षेत्रमा रहिआएको छ । ब्राह्मण, क्षेत्री, नेवार, बोटे, मगर, गुरुङ्ग, चेपाङ्ग लगायतका विभिन्न जनजाति सबै आ-आफ्नो सांस्कृतिक पहिचान बोकेको समुदायको बसोबास हुने गरेको कारण सांस्कृतिक रूपमा पनि यस क्षेत्रको महत्त्व रहिआएको छ ।

देवघाटधाम पवित्र तीर्थस्थल हो नै यसका साथै देवघाटका विभिन्न ठाउँबाट मृत्युपश्चात् दाहसंस्कारको लागि समेत यस क्षेत्रमा ल्याउने गरिन्छ । देवघाटको पवित्र माटोमा ल्याएर अन्तिम संस्कार गरेपछि स्वर्गमा बास हुनेछ भन्ने धार्मिक विश्वास रहिआएको छ। देवघाट, पशुपतिनाथपछिको दोस्रो धेरै अन्तिम संस्कार गर्न ल्याउने स्थलको रूपमा परिचित छ । आदि प्रयाग, देवघाट, द्यौघाट, देवघाट स्कन्दपुराण पेज २३ मा देवघट्ट भन्ने श्लोक पनि पाइन्छ । समग्रमा जे जस्तो रूपले पुकारे पनि देवघाटधाम अत्यन्त पावनक्षेत्र हो ।

देवघाटधामको विकासका लागि २१ वर्षीय गुरुयोजना तयार गरी कार्यान्वयनको चरणमा भएतापनि ११ वर्ष वितिसक्दा समेत २०-२५% लगभग लक्ष्य हासिल गर्नु हाम्रो लागि दुःखद पक्ष हो । खासगरी नेपाल सरकारबाट बार्षिक रूपमा विनियोजन रकम नै अत्यन्त न्यून भएकोले सोचेजस्तो विकासले गति लिन सकेको छैन । व्यक्तिगत रूपमा बनेका संरचनाबिना मापदण्ड बनी नै रहेका छन् । सार्वजनिक सम्पत्ति, जग्गा, नदीका तटीय क्षेत्र अतिक्रमणमा परेका छन् । ऐनको अभावले समेत सोचेअनुरूप देवघाट क्षेत्र विकास समितिले काम गर्न सकेको छैन । तर प्रयत्नहरू भने सरोकारअनुसारका विषयमा कार्यदल नै बनाएर काम भने समितिले गरेको छ। देवघाटधाम जस्तो धार्मिक गरिमा र महत्त्व बोकेको स्थानमा जाँड, रक्सी, जुवा, लागूऔषधी जस्ता विकृति पूर्ण रूपमा नियन्त्रणमा आएका छैनन् । राष्ट्रिय राजनीतिको प्रभाव सिधै समितिको योजनागत कार्यमा प्रभाव पारिनै रहेको अवस्था त्यति राम्रो मान्न सकिन्न । जुनसुकै समिति आएपनि पूर्ण रूपमा स्वतन्त्र भएर काम गर्न पाउनुपर्ने कुरा सवै पक्षबाट आवाज उठिरहेको छ । नदी तटीय क्षेत्र भौगोलिक बनावटको कमजोर परिधिले कटान, डुवान र फिटान जस्ता समस्या दिनानुदिन बढेको छ । कालीगण्डकी, त्रिशूली र नारायणी नदीलाई स्वच्छ,सफा र हराभरा वातावरण बनाई जल यातायातको क्षेत्रमा जोडदारले काम गर्न सके धार्मिक पर्यटक बृद्धिका लागि सहयोग पुग्ने थियो । साथै वन पैदावर दाउराको कमीलाई इन्धनको रूपमा दाहसंस्कारमा कम खर्च गर्ने र विद्युतीय शवदाह गृह छिटो तयार गरी मानवीय सेवामा लगाउनु पर्ने देखिन्छ । देवघाटधाममा तीन जिल्ला, दुई प्रदेश, तीन स्थानीय तहलााई जोड्ने गौरवपूर्ण योजना जुन सरकारले ५२ लाख खर्च

गरेर डि.पि.आर. समेत तयार गरी कार्यान्वयनमा परिसकेको योजना त्रिकोणात्मक झोलुङ्गेपुल निर्माण गरी देवघाटधामलाई अन्तर्राष्ट्रिय रूपमा प्रचार-प्रसार गरी धार्मिक महिमा र गरिमालाई बढाउँदै विश्वभरका धार्मिक तीर्थयात्रुहरूलाई आकर्षण गर्न सकिन्छ भन्ने मेरो विश्वास छ ।

देवघाट क्षेत्र विकास समितिको कार्यालयले गर्नुपर्ने प्रशासनिक कार्य कुशलता, अनुशासन, कार्य सञ्चालन, व्यवस्थित अनुगमन, आर्थिक पारदर्शिता तहगत जिम्मेवारी बहन, योजना/प्रशासन/जिन्सी, लेखा प्रणाली, सुधारिएको र देवघाट समाज कल्याण केन्द्र(वृद्धाश्रम), व्यवस्थित दाहसंस्कार (घाट) सञ्चालन, मणिमुकुन्देश्वर धार्मिक उद्यान पार्क आदिलाई अझ व्यवस्थित गर्न विधि र प्रकृया भित्ररहेर काम गर्ने सामाजिक नजरबाट हेर्दा अत्यन्त सुन्दर व्यवस्थापन भएको जनमानसमा अनुभूति दिलाउने सबै पक्षको समन्वयात्मक प्रभावकारी काम गर्नुपर्ने देखिन्छ । वर्तमान सिङ्गो समिति र कर्मचारी परिवारबाट देवघाटधाममा सकारात्मक कामका लागि प्रयास अगाडि बढी नै रहेका छन् । अस्तु !

अजस्र मीठो कलनाद पोखी
सम्पूर्ण कोलाहललाई छोपी
स्वनामको याद जगाउनामा
छ गण्डकीको लय नाद याहाँ

प्रवाह छोटो अति गण्डकीको
लामो छ यात्रा तर जिन्दगीको
टुङ्गिन्छ यो देह, परन्तु यात्रा
टुङ्गिन्न है, जानु छ फेरि टाढा

- युगकवि सिद्धिचरण श्रेष्ठ

# वैकल्पिक जीवनशैली समाज र देवघाटक्षेत्रको उर्वरता



**भोजराज भट्टराई**
गैंडाकोट-१, नवलपुर

नेपाली समाज परापूर्व कालदेखि आफ्नै किसिमको पारिवारिक जीवनयापनबाट सञ्चालित थियो । एउटा परिवारमा दिगो पारिवारिक व्यवस्थापनको निम्ति केही न केही जग्गा हुनै पर्ने अवस्था रहन्थ्यो । जसको जग्गा छैन उसले पनि जग्गाधनीको जग्गामा अधिँया, ज्याला मजदुरी तथा ठेक्कापट्टा, बटवारीमा कमाइ गरी जीवन निर्वाह चलेको थियो ।

आम जनसमुदायको एकमात्र पेशा कृषि थियो । कृषि गर्दा गर्दै सहायक पेशाको रूपमा १,२ गाई भैंसी, २,४ बाखापालन, धेरै थोरै नगदेवाली, वैदेशिक रोजगारीमा गएका केही परिवारका सदस्यहरू वा लाहुरेहरू पनि विदामा आउँदा घर परिवारका काममा सहयोग पुर्याउँथे । तोरी, अदुवा, उखु, तरकारी धेरै थोरै लगाएर सहायक पेशा गरिएको थियो । कतिपयले रोजगारी पाइहाले पनि वैदेशिक तथा आफ्नै मुलुकको सुरक्षाकर्मी, चौकिदार आदि पेशामा लागेर आयआर्जनका कार्यबाट घरपरिवार एउटा निर्वाहमुखी पेशामा गुज्रिरहेको थियो । त्यस बेला संयुक्त परिवारको पारिवारिक जीवन बावु, बाजे, छोराछोरी समेटिएको हुन्थ्यो । जेष्ठ नागरिक वा बावु बाजे हजुरबा वा हजुरआमाहरूको सेवा छोरा बुहारी नातिनातिनाबाट निरन्तर भइरहन्थ्यो । घरमा निरन्तर परिवारका सदस्यहरूबाट सेवा पुगिरहन्थ्यो ।

आजको परिवर्तित नेपाली समाजमा परिवारका सदस्यहरू विभिन्न काममा व्यस्त छन् । बावु आमा केही व्यवसायमा लागेको अवस्था छ । वालबच्चा, शिक्षादीक्षाको लागि विद्यालय जाने गर्छन् । कतिपय युवाहरू परिवारलाई पालनपोषणका लागि आयआर्जनको शिलशिलामा वैदेशिक रोजगारीमा जाने बाध्यता छ । जस्ले गर्दा नेपाली युवाहरू करिवै ७० लाखले विभिन्न देशमा रोजगार भई परिवारसँग अलग्गिएर जीवन यापन गरेका छन् । परिवारमा रहेका आफ्ना बृद्ध बावुआमा, हजुरबा, हजुरआमालाई समय समयमा भेटेर सेवा दिन नसकेको अवस्थामा कतिपय जेष्ठ नागरिक उचित सेवा नपाएर परमधाम पुगेको अवस्था छ । बचेका जेष्ठ नागरिकहरूले उचित खानपान, औषधीमुलो र सेवा नपाई दीर्घरोगको सिकार भई मानसिक सन्तुलन गुमाई आफ्ना भावना पोख्ने मानिस नपाई दुःखद अवस्थामा दिनगन्तिमा जीवन बितिरहेको अवस्था छ । यस्को विकल्पमा जीवन विताउने शैली परिवर्तन नेपाली समाजमा हुन सकेको छैन ।

**वैकल्पिक जीवनशैली समाज**

मानवीय जीवनमा सबै उमेर समूहका मानवहरू मर्यादामा समान छन् । कसैलाई पनि कुनै पनि वहानामा भेदभाव गर्न पाइने छैन । राष्ट्रको श्रोत साधन सम्पत्ति उपभोग गर्ने मानिसको समान अधिकार छ । महिला, दलित, अल्पसंख्यक वृद्धवृद्धा वा जेष्ठ नागरिक, सीमान्तकृत र अपाङ्गता भएकाहरू

विकासको सूचकाङ्कमा पछाडि परेका छन् । अझ यी समूहमध्ये वृद्धवृद्धा वा जेष्ठ नागरिकहरूले नेपालमा पीडादायी जीवन जिउनु परेको छ । विकल्पको सुविधायुक्त जीवनशैलीको खोजीमा यो समुदाय छ। हाल धनी गरिव जुनसुकै समूहका जेष्ठ नागरिकहरू मानवीय सेवाका हातहरूबाट वञ्चित हुनु बाध्यात्मक भएको छ । सेवा गर्ने परिवारका सदस्य विदेसिनु वा व्यवसायमा व्यस्त हुनाले आफूले पाउनु पर्ने आधारभूत सेवाबाट विमुख रहनु परेको कारण पीडा पोख्ने ठाउँ छैन, औषधीमूलो दिने हात छैनन् । शौचक्रिया गराइदिने र समय समयमा खानपिन र मनोरञ्जनको सुविधाबाट धनी तथा गरिव जेष्ठ नागरिकहरू वञ्चित छन् । त्यसैले जेष्ठ नागरिकहरूको लागि वैकल्पिक जीवनशैली समाजको विकल्प खट्किएको छ ।

राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्था र नेपाल सरकारले केही सिमित सहरहरूमा बृद्धाश्रम बनाएर जेष्ठनागरिकलाई आवासीय विकल्प दिएको छ तर यथेष्ट बजेटको कमिका कारण आधारभूत सेवा नपाएर अकालमा जीवनलिला समाप्त भएको अवस्था रहेको छ । आधारभूत खानपान, सरसफाइ नभएकाले मानिसको जीर्ण शरिर कुनै पनि बेला समाप्त  हुँदैन भन्न सकिन्न । अझै औषधी उपचार सहितको एकिकृत सेवा दिने त परैको कुरा भयो । आज कतिपय जेष्ठ नागरिक बुवा आमाहरू विभिन्न पेशा व्यवसायबाट आफ्नो जीवन सकिनसकी बिताइरहनु भएको छ । निरन्तर निवृत्तभत्ता तथा आफैले जीवनको उत्तरार्धको लागि संचिति गरेर राखेको रकमको व्यवस्था गर्नु भएका व्यक्तिहरूले पनि स्वतन्त्र र आरामदायी सेवा लिएर जीवन यापन गर्ने अवसर पाइरहनु भएको छैन । यसरी केही नभएर परआश्रित बृद्धबृद्धाहरू र आर्थिक रूपमा सम्पन्न दुवै खाले जेष्ठ नागरिकलाई आवासीय जीवन जिउने विकल्प नेपाली समाजमा टड्कारो आवश्यकता महसुस भएको छ ।

**कसरी सञ्चालन हुन सक्छन् वैकल्पिक जीवनशैली समाज**

वैकल्पिक जीवनशैलीको गुणस्तरीय सेवा उपलब्ध गराउने गरी केही निजी क्षेत्रहरूले सशुल्क सञ्चालन गर्न काठमाडौं, पोखरा जस्ता सघन बस्ती भएका क्षेत्रमा सानो संख्यामा सुरु गरिएको बुझिन्छ तर त्यो सेवा पनि पर्याप्त छैन । त्यसैले सरकार र निजी क्षेत्र दुवैको सहकार्यमा यो कार्य सञ्चालन भएमा धेरै हदसम्म कार्यक्रमले सफलता पाउन सक्दछ ।

**यहाँ वैकल्पिक जीवनशैली समाज हो के त ?**

स्वतन्त्र रूपमा आफ्नै व्यक्तिगत घर तथा प्राङ्गणमा जेष्ठनागरिकहरूले उच्चतम सेवा सुविधा लिएर आफ्नै उमेर समुदायमा जीवन निर्वाह गर्ने जेष्ठ नागरिक गाउँ बन्नु आवश्यक छ । यसको लागि नेपाल सरकारले पर्याप्त पूर्वाधारहरू, पार्क, खेलकुद सामग्रीहरू, अध्ययनस्थल, कृषिमा विहान बेलुका चल्ने जग्गा र योगासन, ध्यान र प्रवचन हुने हलहरूको व्यवस्था आवश्यक छ । सरसफाइ र स्नानका लागि पर्याप्त पानी हुनु आवश्यक छ । यसै गरी खेलकुदका साधन, पिरियोडिक स्वास्थ्य जाँचको सुविधा र समय समयमा आन्तरिक तथा बाह्य पर्यटनको व्यवस्था हुनुपर्दछ ।

**जेष्ठ नागरिक ग्राममा सेवा निम्नअनुसार दिने व्यवस्था हुनुपर्दछ ।**

१. आजीवन आवासीय व्यवस्था
२. आंशिक आवासीय व्यवस्था

३. दिवासेवा

**१. आजीवन आवासीय सेवा**

जेष्ठ नागरिक ग्राममा आफ्नै लगानीमा आवासीय संरचना निर्माण गर्न तथा निर्मित संरचना खरिद गर्न सक्षम व्यक्ति, जेष्ठ नागरिकहरूले २ कोठाको भवन, शौचालय र सानो किचन राखन धरनको सानो स्टोर समावेश भएको एकै प्रकारका व्यक्तिगत आवास गृह आफ्नो एकल जीवन वा श्रीमान-श्रीमती मात्र रहन सक्ने अनि उहाँहरूको शेषपछि सबै संरचना आमश्रमको नै हुने गरी निर्माण तथा आश्रमसँग खरिद गरी जीवनयापन गर्न सकिनेछ ।

व्यक्तिगत आवास प्रयोग गर्न असमर्थ बुबाआमालाई आश्रमद्वारा निर्मित सामुहिक निवासमा सशुल्क आश्रमको शर्त र सुविधा पालन गर्ने गरी जीवनयापन गर्ने व्यवस्था हुनु पर्नेछ ।

**२. आंशिक आवासीय व्यवस्था**

कतिपय जेष्ठनागरिकहरू परिवारको अनुपस्थितिमा आश्रममा ६ महिनाभन्दा माथिको आंशिक आवासीय सेवा लिने र बालबच्चासँग बस्ने अवसर मिल्दा आफ्नै घर जान सक्ने गरी सशुल्क आंशिक आवासीय सेवा दिने व्यवस्था हुनुपर्दछ ।

**३. दिवासेवा**

ठूला शहरहरू जहाँ बढी जनघनत्व छ ती क्षेत्रका जेष्ठ नागरिकहरूलाई घरको एक्लोपनको दिनभरको बसाइ छाडी आश्रमका आफ्ना उमेर समूहले दिनभर पाउने सेवा मासिक सशुल्क आश्रमले लिने गरी सेवा दिने हुनुपर्दछ । यस प्रकारको सेवालाई संस्थाको सवारी साधनले विहान बेलुकी आश्रमबाट आते जातेमा सहजीकरणको व्यवस्था हुनुपर्दछ ।

आश्रमस्थल ठूला नदी, तटीय क्षेत्र एवं एकान्त स्थलमा हुनुपर्नेछ जहाँ स्वास्थ्य सेवा, शुद्ध पिउने पानी, चिसो तातो पानी, स्वस्थकर खानाको पाकशाला, मठ मन्दिर, साउना वाथ, मसाज आदि र साँझको नृत्य, रमाइला चलचित्र अनि संगीत र मन भुलाउनको लागि रमणीय पार्क आवश्यक छन् ।

वैकल्पिक जीवनशैली समाजको लागि उर्वर क्षेत्र भने नेपालको मध्य भागमा पर्ने देवघाटधाम हो भन्ने लाग्दछ । देवघाटधामको वर्णन गण्डकी महात्म्यमा समेत समेटिएको यो क्षेत्र कालीगण्डकीको उद्गमस्थल मुक्तिनाथधामबाट आएकी काली नदी र उत्तरका हिमशृङ्खलाबाट उद्गम भएका त्रिशूली, बुढी, मादी, मर्स्याङ्दी, सेती नदीहरूको सङ्गमस्थल चितवन, नवलपुर र तनहुँको बिचमा स्थित छ । वातावरणीय सुन्दरता र मनमोहक जङ्गल र नदी तटीय क्षेत्रमा रहेको वाल्मीकि आश्रम, तानसेनको भगवती मन्दिर उभिएका छन् ।

यो क्षेत्र स्वर्गसँग तुलना गर्दा पछि पर्दैन । यहाँ ठूला ठूला ऐतिहासिक र आस्थाका केन्द्र धार्मिक मठ-मन्दिरहरू, धार्मिक पर्यटकका श्रद्धाका केन्द्र गलेश्वर मन्दिर, हरिहर मन्दिर, वागीश्वरी, मौलाकालिका, लक्ष्मीनारायण मन्दिर र अनगिन्ति देवस्थलहरू छन् । यो विश्व हिन्दू जगतकै एक महत्वपूर्ण मध्येको गन्तव्य हो । यहाँबाट १५० कि.मीको दुरीमा काठमाडौंको पशुपतिनाथ, पोखराको विन्ध्यवासिनी, लुम्विनीको बुद्धजन्मस्थल, दमौलीको वेदव्यास, नवलपरासीको त्रिवेणीक्षेत्र आदि पर्दछन् । यसैले यस देवघाट धाममा जेष्ठ नागरिकहरूको जीवनको उत्तराखण्ड विताउन अत्यन्तै अनुकूल जेष्ठ नागरिक मैत्री वातावरण छ ।

# ज्येष्ठ नागरिक र वृद्धाश्रम



ऋषिराम भट्टराई
सदस्य, देवघाट क्षेत्र विकास समिति

राष्ट्र, समाज र परिवारका जेठा सदस्यहरू नै जेष्ठ नागरिक हुन् । जेष्ठको अर्थ जेठो अर्थात् अरूभन्दा उमेरमा पाको, परिपक्व र अनुभवी भन्ने हो । यसरी हेर्दा जेष्ठ नागरिकहरू उमेरका दृष्टिले मात्र होइन अनुभवले, जीवनका भोगाइले, आफ्नो क्षमता, कला, सीप, श्रम र दक्षताका हिसाबले पनि जेष्ठ नै रहेका देखिन्छन् । तसर्थ परिवारमा, समाज र राष्ट्रमै जेष्ठ नागरिकप्रति सम्मान र आदर गरिन्छ र गर्नुपर्छ किनभने यदि हिजोका दिनहरूमा उनीहरूले आफूहरूलाई कठिन श्रम र पसिनाले निथ्रुक्क नभिजाउँदा हुन् त हामीजस्ता आजको पुस्ताले राष्ट्रिय, सामाजिक र पारिवारिक प्रगतिको यो विरासत अवश्य पनि प्राप्त गर्न सक्दैनथ्यौं । उनीहरूकै श्रमले, उनीहरूकै लगानीले र उनीहरूकै योगदानले समाजले सदैव अग्रगति लिइरहेको तथ्यलाई नजरअन्दाज गरिदिँदा र उनीहरूप्रति वर्तमान पुस्ता उदासीन बनिदिँदा तिनका हृदयमा कत्तिको चोट लाग्छ, त्यसतर्फ आजको पुस्ताले सोच्नुपर्ने अवस्था आएको छ । ती समाजका अनुभवी, सम्मानित, प्रतिष्ठित र आदर्श मानिस जेष्ठ नागरिकहरू आज किन उपेक्षित भइरहेका छन्, परिवारकै निम्ति अनावश्यक बोझ ठानिएका छन् र आफ्नै सन्तानहरू छोराबुहारी, छोरीज्वाइँ र नातिनातिनाबाट अपहेलित र तिरस्कृत भएर वृद्धाश्रमको शरणमा पुगेर दुर्दान्त जीवन जिउँदै मृत्युको कामना गरिरहेका छन् त्यो नै यस आलेखको शीर्षक अनुरूपको अपेक्षा रहेको छ ।

समय गतिशील र परिवर्तनशील छ । हिजो जे थियो आज त्यो छैन र आज जे छ त्यो भोलि अवश्य रहने छैन । समयकै निरन्तरतामा पुस्तान्तर हुँदै जान्छ । समयसँगै समाज, संस्कृति र सभ्यतामा पनि परिवर्तन देखापर्छ । हिजोको नेपाली समाजमा परिवर्तन आएको छ । समाज मात्र नभई परिवारमा समेत तीव्र बदलाव आएको देख्न र महसुस गर्न सकिन्छ । चालचलन, रीतिरिवाज, संस्कार र परम्परामा समेत देखिएको यस परिवर्तनका कारक तत्त्वहरू अनेक छन् र हुन सक्छन् । जे भएपनि आज देखापरेको नेपाली समाज र परिवारको बदलावले सामाजिक र पारिवारिक एकता, सहयोग, सद्भाव खल्बलिएको मात्र छैन, भताभुङ्ग र लथालिङ्ग पाराले बिथोलिएको छ र हरेक मान्छेले समयक्रममा कष्टकर जीवन बाँच्न बाध्य हुनुपरेको छ । त्यसमा पनि समाज र परिवारका निम्ति खाइनखाइ गरेर जीवनभर दुःख गरेका हाम्रो घर परिवारका जेष्ठ नागरिकहरूले दुःखपूर्ण जीवन जिउनु परेको छ, जुन आजको सभ्य समाजका लागि लाजमर्दो पक्ष हो ।

हाम्रो घरपरिवार र समाजभित्रका जेष्ठ नागरिकहरू (वृद्धवृद्धा) ले दुःखपूर्ण जीवन र पट्यारलाग्दो अवस्थामा समय बिताउनु पर्नाका अनेक कारणहरू छन् । समाजका सबै वृद्धवृद्धा जेष्ठ नागरिकको जीवन कष्टपूर्ण नै छ भन्ने होइन तापनि अधिकांशले सङ्कटपूर्ण क्षण बिताउनु परिरहेको भने आजको यथार्थ हो । यसका कारणहरू हेर्दै जाँदा पहिलो कारण हो संयुक्त परिवार प्रथाको विघटन । आजभन्दा केही दशक अघिसम्म आजजस्तो विदेशिने

चलन थिएन। अर्थोपार्जनको आधार कृषि र पशुपालन नै प्रमुख रहेको थियो । सिङ्गो परिवार नै आफ्नै खेतबारीमा काम गर्ने र साँझ हजुरबादेखि छोरा, नाति-पनातिसम्मका चारपुस्ता एकाघरका सदस्य हुन्थे । दुःख, पिर र बाधा अप्ठ्यारोसँग सबै परिचित हुन्थे । अलग बसे पनि छिमेकमा भएकाले गाह्रो सारो पर्दा उपस्थित भएर सहयोग गर्थे तर आज त्यो छैन । एकल परिवारको अवधारणाले त्यो एकता छिन्नभिन्न भइसकेको छ । सगोलमा आज कुनै बस्न चाहँदैन । विवाहित छोराबुहारी, नातिनातिना सबै एकल परिवार, सानो परिवार र सुखी परिवारको मोहनीमा तानिएकाले र वृद्ध आमाबातिर दुःख हुन्छ भन्ने सोचले अलग्ग बस्न थाले । अन्त्यमा बूढाबूढी बाआमाहरू सहाराविहीन बन्न पुगे । त्यति मात्र होइन वृद्धाश्रमको सहारामा जीवन कटाउन बाध्य बने ।

जेष्ठ नागरिकहरूले दुःखपूर्ण जीवन जिउनुपर्नाको अर्को कारण हो अध्ययन वा रोजगारीका लागि छोराछोरी विदेशिनु । अध्ययनका लागि गए पनि विस्तारै विदेशतिरै घरजम गर्दै जानु । विवाह यहीं आएर धुमधामसँग गरे पनि फेरि उतै फर्कनु र नेपाल नआउनु । घर खेतबारी बाआमा यहीँ भए पनि ५-७ वर्षमा महिना दिनका लागि आउनु र जानु । बाआमालाई केही महिना (तेलभिसा-थाङ्नेभिसा) मा आफ्नो सजिलोका लागि लगे पनि फिर्ता गरिदिनु र त्यहाँ वृद्धहरू सधैँ कोठामा कैदीजस्ता बनेर बस्न पनि नसक्नु ।

गाउँघरमा दुःखजिलो गरी बितिरहेको जीवनमा परिवर्तन आउला नि भन्ने आसले छोराबुहारी र नाति नातिनाको भविष्य सुध्रला नि भन्ने विश्वासले रिनधन गरेर मलेसिया र खाडीतिर भासिएका छोराछोरीको कमाइ आउन थालेपछि घरकी बुहारीका चालामाला बदलिनु । अरूको जस्तै खाने लाउने, सहर घुम्ने र स्वतन्त्र खालको स्वच्छन्द जीवन बाँच्ने चाहना बढ्नु र गाउँको घरबाट सदरमुकाम र सहरतिर बस्न खोज्नु । डेराको जीवनमा बाबुआमा वा सासूससुरा अटाउन नसक्नु । साना चिचिला च्यापेर बोर्डिङ र मन्टेश्वरीका नाममा गाउँ छोड्नु र आसा भरोसामा बसेका वृद्धहरूलाई गाउँको घर कुर्न बाध्य पार्नु ।

विज्ञान प्रविधि र सञ्चारका साधनहरूको विकास, प्रभाव र त्यसको प्रयोगका कारण पनि वृद्धवृद्धाहरू एक्लिने कारण बनेको पाइन्छ । इन्टर नेटमा जेलिएको र फेसबुक-म्यासेन्जरमा हेलिएको आजको पुस्ता एउटै कोठामा बसेर पनि आपसमा गफगाफ र सन्चोबिसन्चो वा योजना आदिबारे कुरा गर्दैनन् या फुर्सद पाउँदैनन् भने बूढाबूढीको समस्या सुन्ने, भावना बुझ्ने र सहयोगका लागि लागिपर्ने कुरा त झनै टाढाको कुरा भयो । जेष्ठहरू आफ्ना कुरा सुनिदिने कोही पनि पाउँदैनन् र सगोलभित्रै पनि एकाकी जीवन बाँच्न विवश भएका छन् ।

विदेश जाने र टाढा भए स्वदेशमै बस्ने छोराछोरीका बाआमा पनि आज एकलासको जीवन बाँच्न विवश छन् । जागिर वा व्यवसायका सिलसिलाले घरबाहिर हुन्छन् । सहरबजारको वातावरणमा जिउने उनीहरूका परिवार हम्मेसी गाउँ फर्कंदैनन् । फर्किहाले चाडबाडका ठूला पाहुनाजस्ता बन्छन् । छोराछोरी-बुहारी, नातिनातिना देखेर दङ्ग र फुरुङ्ग हुन नपाउँदै उनीहरूको फर्कने कुराले, फुर्सद नहुने बहानाले अझ बुहार्तन खप्न परेको बुहारीको कचकचले ती निराश भएका हुन्छन् । बसुन्जेल घरमा भएका मीठा तरकारी, दुःखमा छाक टार्न बूढीआमाले पारेका मस्यौरा, घिउ जेजति देख्छन् सबै बोकेर सहर फर्किन्छन् । बरा बूढाबूढीलाई केको सहर केको रहर । मात्र जिल्लाराम परेर त्यही दुःखी जीवन बिताउन बाध्य हुन्छन् ।

जीवनभर आफ्ना सन्तानको भलाइका निम्ति भनेर अनगिन्ती हन्डर खाए । रातको निद्रा भनेनन् । दिनको भोक भनेनन् । मिठोमसिनो सन्तानलाई दिए । तिनको भोलिका निम्ति मनलागेको खान पनि जानेनन् । राम्रो लाउन पनि जानेनन् । एक त दुई पैसाका लागि तरस खानुपर्थ्यो । अर्को छोराछोरीको इच्छा र चाहना पूरा गर्ने रहर हुन्थ्यो । सकी नसकी, भ्याई नभ्याई उनीहरूलाई कोहीभन्दा कम नबनाई हुर्काए, बढाए, पढाए र समाजका अगाडि सरेर दुई वचन बोल्न सक्ने बनाए । फलानाका छोराछोरी यस्ता भन्ने बनाउन चार चौरास गरे । भनेजस्तो भयो । सहरमा घर, राम्रो जागिर, सबैको आदरसम्मान, प्रशस्त सम्पत्ति सबै राम्रो भयो तर तिनै बाआमाका आँखामा भने उज्यालो छैन । छोराको पैसा बुहारीले स्याहार्नुपर्छ । बाबुआमाका कोठामा धेरैबेर बसे गाली खानुपर्छ । सासू ससुराले केही निवेदन गरे हप्कीदप्की हुन्छ । कुन जुनीको ऋण तिर्न रैछ र यस्ता बूढाबूढी स्याहार्न परेको छ भन्दै छिमेकीसँग भन्छे । म सक्तिन अब ...., कि यिनलाई वृद्धाश्रम लैजाऊ हैन भने मै घर छोड्छु जस्ता वचन सुन्नुपर्छ । यसरी सहरबजारका जेष्ठ नागरिक पनि आफ्नै घरमा बिरानो बनेर नुनिला आँसुका ढिका झारिरहेका देखिन्छन् ।

आज समाज बदलिइसकेको छ । कसैको अधीनमा कुनै नियममा र आचरणमा रहनु पराधीनता सम्झन्छ । प्रत्येक व्यक्ति स्वतन्त्रताले मान्दैन आज, स्वच्छन्दता चाहन्छ । सामूहिक, सामाजिक र पारिवारिक भावनामा होइन आत्मकेन्द्रित चिन्तन र व्यक्तिवादी सोचले चल्न चाहन्छ । अरू नभए नातिनातिनातिर पुलुक्क हेर्छन् तर तिनलाई पनि मोबाइलको लतले हजुरबाआमासँग बोल्ने फुर्सद छैन । डाँडामाथिका जूनजस्ता आदरणीय जेष्ठ नागरिक बाआमाहरू आज सहरबजारका घरमा पनि एकान्त र पराधीन, अपहेलित र तिरस्कृत जीवन बिताउन विवश देखिन्छन् । ठूलो घर, गाडी, जागिरवाला छोराबुहारीका आमाबाहरूसँग दस रुपियाँ हुँदैन । २ बिगाहका मालिक सहरिया कति बाहरू चोकमा उभिएर चिया ख्वाउनेको प्रतीक्षा गरेका पनि भेटिन्छन् ।

आजको नेपाली समाज शिक्षित, विकसित, सभ्य समाजले भन्नुपर्ने हो तर समाज घरपरिवारका जेष्ठ नागरिकप्रति गरिने र गरिएका व्यवहारले त्यो अवस्था बनेको छैन । जसले त्यही समाज र सन्तानको भविष्यका निम्ति अनेक दुःख गऱ्यो, पसिना बगायो शरीर वृद्ध र जीर्ण बनाए आज उनीहरूको भावना नबुझी, माया, स्नेह र सम्मान गर्नुको साटो उल्टै अपमान, तिरस्कार र हेलाँ सहेर बाँच्नुपर्दा यो पुस्ता छोरा, बुहारी, छोरीज्वाइँ र नातिनातिनाहरूले लाज मान्नुपर्छ । आफूलाई सच्याउनु पर्छ र उनीहरूजस्तै हामी पनि हुनेछौं भनेर विचार गरेर व्यवहार बदल्नुपर्छ ।

आज जेष्ठ नागरिकका पक्षमा, उनीहरूको दुःखमा साथ दिन नसके पनि सकेको सहयोग गर्ने सामाजिक संस्थाहरू पनि रहेका छन् । ठाउँठाउँमा असहाय र बेसहारा वृद्धवृद्धालाई सामाजिक संरक्षण गर्न पनि थालिएको छ । जेष्ठ नागरिक कल्याणकारी समाज, जेष्ठ नागरिक समाज आदिले यो अभियान नै चालेका पनि छन् । जीवनभर कमाएको र जोरेको जायजेथा र सम्पत्ति सन्तानलाई दिएपछि अलपत्र पर्दै वृद्धाश्रम पुगेकालाई संस्थाहरूले आश्रय पनि दिएका छन् । विगत र वर्तमानको जीवन तुलना गर्दै 'संसार स्वार्थी रहेछ' भनेर दिन काट्दै गरेका देवघाटका वृद्धाश्रममा बसेका वृद्धवृद्धालाई मात्र हेरे पनि समाजको अवस्था बुझ्न सकिन्छ । यसका बारेमा राज्य, समाज र परिवारले गहिरिएर सोच्नुपर्छ ।

हुन त राज्यपक्षले जेष्ठ नागरिकका

सम्बन्धमा नसोचेको देखिँदैन । सोचेको छ र केही गरेको पनि छ । प्रत्येक महिना प्रदान गरिने भत्ताले पनि हुँदै नभएकालाई धेरै आधार भएको छ । बाँच्ने सहारा बनेको छ । अझ राज्यले 'जेष्ठ नागरिक विधेयक' समेत पारित गरेको छ। राज्यले वृद्धवृद्धालाई सामाजिक न्याय त दिने प्रयास गरेको छ तर उनीहरू ढुक्क र निर्धक्क हुन सक्ने र बाँच्ने आधार बनिसकेको छैन। तिनलाई न्यूनतम रूपमा बाँच्न पैसा त चाहिन्छ नै तर पैसाले मात्र हुँदैन । माया सम्मान र स्नेहको पनि आवश्यकता छ। व्यक्तिगत अन्याय हुनु हुँदैन । घर परिवार र सन्तानले गर्ने अपहेलना व्यक्तिगत हुन्छ । मन कुँडिएको हुन्छ । न्यास्रो र पट्यारलाग्दो हुन्छ वृद्ध जीवन । मन फुकाउने ठाउँ हुँदैन, सुनिदिने कोही हुँदैन । एकातिर वृद्ध उमेर जीवनकै अभिशाप हो भने त्यसमाथिको एकल जीवन, हेलाँ आदिले आत्मिक शारीरिक रूपमा जीवन कति कष्टकर बन्दो हो सम्झँदा पनि कहाली लाग्छ । जे भए पनि जेष्ठ नागरिकप्रति राज्यले चालेका पाइला अझ दायित्वपूर्ण बनोस् ।

कतै अन्तबाट सहारा नभेटेपछि गुहार्ने अन्तिम पाटो भनेको नै राज्य हो । राज्य, समाज र पारिवारिक सहयोगबाटै वृद्धवृद्धाहरूले सम्मानपूर्ण, सुखी र सन्तुष्ट जीवन बाँच्न सक्छन्। आदर सत्कार र सम्मान पाउन सक्छन्। अब आउने समय भनेको वृद्ध र जीर्ण तनका बाआमाले थप दुःख पाउने नबनोस् । त्यसका लागि कठोर सामाजिक नियम लागु गर्ने अवस्था हुनसक्छ। हुन त हाम्रो समाजका कुनचाहिँ नियम नराम्रा छन् र ? के बारेमा कानुन बनेका छैनन् र तर ती पालना गरे या अनुशरण गरिए पो भन्नु । बाबुआमालाई 'मातृदेवो भव, पितृदेवो भव' भनेर भनिएको छ र शास्त्रले सन्तानका निम्ति बाबुआमा देवतासरह मानेको छ तर के गर्नु तिनै जीर्ण तन र विदीर्ण मनका आमाबाबुलाई एक हातले आँसु पुछ्दै अर्को हात प्राण धान्ने गास निल्न बाध्य पारेका छन् आफ्नै सन्तानले। यसरी वृद्ध सुखी हुँदैनन् र समाज पहिलाजस्तो पनि बन्न गाह्रो छ । तसर्थ यदि देश, समाज र सन्तानका निम्ति पसिना बगाउने र हड्डी खियाउने जेष्ठ नागरिकलाई साँच्चै सहज र सुखी जीवन दिने हो भने राज्य, प्रदेश र जिल्लातहमा राज्य, समाज र परिवारका तर्फबाट सबै मिलेर पायक ठाउँमा 'जेष्ठ नागरिक कोलोनी'को योजना ल्याई त्यसलाई त्परताका साथ कार्यान्वयन गर्नेतिर जानुपर्छ।

यो के हो र यसबाट के हुन्छ लाग्ला। सारमा भन्दा जीवनमै बाआमालाई स्वर्गको अनुभूति दिन सकिने योजना हो । यो गाह्रो छ गर्न र खर्चिलो पनि छ तर असम्भव छैन । आफूले जीवनभर हाड घोटेर कमाएकोबाट उनीहरूको अंश, छोराछोरीले बाबुआमा पाल्दा र जीवनभर औषधी गर्दा लाग्ने पैसा, समाजले जेष्ठ नागरिकका निम्ति दिन सक्ने दान दातव्य, सामाजिक संस्थाको सहयोग र व्यक्तिगत चन्दा अनि जनताको अभिभावक राज्य या सरकारले सहयोग गर्ने हो भने अबको पाँच वर्षमा आफूलाई दुखिया मानेर र अभागी ठानेर कुनै वृद्धवृद्धाले नेपालभित्र रुनुपर्ने थिएन ।

जिल्लामा करिब बीस बिगाह (न्यूनतम) सम्मको जमिनमा भुइँतले घरकोठा, औषधालय, व्यायामशाला, पार्क, चौतारी, भोजनालय, वाचनालय, पुस्तकालयसहितको निर्माणपछि खान बस्न, पढ्न, घुम्न, खेल्न पाइनने र मिल्दो उमेर सरहका बूढाबूढीहरू आपसमा मीठा भलाकुसारी गरी सुखले बाँचेर रमाउने थिए । समाज परिवारमा पनि बोझ हुने थिएनन् । माया, स्नेह र सम्मानका साथ डाँडामाथिका जूनहरू हाँसी हाँसी जीवन बाँच्ने थिए तर ..... । (यसबारे छुट्टै भन्नुपर्ला विस्तारमा) । यिनै भनाइका साथ समापन गर्दछु । धन्यवाद ।

# देवघाटधाममा दाहसंस्कारको महत्त्व



**पोषणराज सुवेदी**
सदस्य, देवघाट क्षेत्र विकास समिति

वि.सं. २०५० मा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मातहतमा रहने गरी देवघाट क्षेत्र विकास समितिको गठन भएको थियो । तनहुँको तत्त्कालीन देवघाट गाउँ विकास समिति, चितवनको भरतपुर महानगरको केही भाग र नवलपरासीको गैंडाकोटको केही भागलाई यसको कार्यक्षेत्र निर्धारण गठन आदेशले गरेको छ। देवघाट नेपालको मध्यभागमा रहेको एक पवित्र धार्मिक भूमि हो । यस पवित्रभूमिमा परापूर्व कालमा देवता एवम् ऋषिमुनिहरूको समेत बासस्थान रहेको किंवदन्ती छ । यस धार्मिक क्षेत्रको पूर्वाधार विकासकै लागि २०५० सालमा देवघाट क्षेत्र विकास समिति गठन भएको हो। देवघाट क्षेत्र विकास समिति गठनपश्चात् बृहत्तर गुरुयोजना तयार पारी यस क्षेत्रको विकास निर्माणमा अग्रसरता देखिए तापनि हालसम्म गुरुयोजनाले निर्दिष्ट गरेका कामहरू तदारुकताका साथ अघि बढेको पाइँदैन । देवघाट क्षेत्र विकास समितिका पदाधिकारीहरूको जम्मा २ वर्षे कार्यकाल विगत लामो समयसम्म देशमा अस्थिर राजनीतिले गर्दा उतारचढाव, मन्त्रालयसँग निकटता समन्वय हुन नसकेका कारण पनि बृहत्तर गुरुयोजनाअनुसार काम हुन नसकेको बुझाई छ। देवघाट क्षेत्र विकास समिति मातहतमा हाल देवघाट समाज कल्याण वृद्धाश्रम छ, जसमा ३८ जना वृद्धवृद्धाहरूले आश्रय लिनुभएको छ।

यस देवघाटमा कालीगण्डकी र त्रिशूली नदीको सङ्गमस्थल छ । जहाँ परापूर्व कालदेखि देशका विभिन्न भागबाट मानिसको अन्तिम संस्कारमा गरिने दाहसंस्कारको लागि शवहरू ल्याउने गरिन्छ। मानिस जन्मेपछि गरिने विभिन्न संस्कारहरूमध्येको अन्तिम संस्कार दाहसंस्कार हो । पवित्र तीर्थस्थल त्यसैमा पनि नदी सङ्गम भएको र उक्त स्थानमा दाहसंस्कार गर्नाले मृतकको आत्माको स्वर्गबास हुन्छ भन्ने शास्त्रीय मान्यताअनुसार यस ठाउँमा दाहसंस्कार गर्न आउनेको संख्या अत्यधिक छ । नेपालको पशुपति क्षेत्रपछि दोस्रो दाहसंस्कार स्थल बनेको छ । देवघाटधाममा सीमित सङ्ख्यामा तनहुँको वेणी सङ्गममा दाहसंस्कार हुने भए पनि अत्यधिक दाहसंस्कार चितवनतर्फको नदी किनारमा हुने गरेको छ। सदियौँदेखि यस ठाउँमा दाहसंस्कार हुने भए पनि कहिले स्थानीयको व्यवस्थापन, कहिले सामुदायिक वनको व्यवस्थापनमा भएको पाइन्छ । तथापि २०६८ सालदेखि देवघाट क्षेत्र विकास समितिको व्यवस्थापनमा दाहसंस्कार गरिँदै आएको छ। देवघाट क्षेत्र विकास समितिको एकजना बोर्ड सदस्यको संयोजकत्वमा देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक एक जना कर्मचारी र केही स्थानीय व्यक्तिहरूलाई समावेश गरी एक दाहसंस्कार व्यवस्थापन उप-समिति गठन गरिने व्यवस्था छ । उक्त उप-समितिले नै दाहसंस्कारको

समुचित प्रबन्ध गर्ने गरेको छ । हाल पनि उक्त समिति नै यस काममा क्रियाशील छ । यस क्षेत्रमा देशका विभिन्न भागबाट दैनिक १० देखि १५ वटा शव आउने गरेका छन् । उक्त कामको लागि मुख्य स्रोत भनेको दाउरा नै हो । हाल डिभिजन वन कार्यालय आपूर्ति समिति, भरतपुर, चितवन र डिभिजन वन कार्यालय आपूर्ति समिति कावासोतीबाट दाउराको व्यवस्थापन हुँदै आएको छ । घाटको सरसफाइ यसको अर्को पाटो हो । सो सरसफाइ कार्य पनि यही उप-समितिबाट भइरहेको छ । फोहोर उठाउने काममा भरतपुर महानगरले सहयोग गरेको छ । विगतका वर्षहरूमा भन्दा यस उप-समितिको कार्यकालमा सरसफाइलगायत अन्य व्यवस्थापनमा पनि केही सुधार भएको छ । यस दाहसंस्कार स्थलको नजिकमा नेपाल सरकारको विनियोजित बजेटमा विद्युतीय शवदाह गृह निर्माण कार्य पनि सुरु भएको छ ।


अन्तमा देवघाट क्षेत्र विकास समितिबाट प्रकाशन हुन लागेको देवघाट दर्पणमा बोर्ड सदस्य एवम् दाहसंस्कार व्यवस्थापन उप-संयोजकको हैसियतले आफ्ना केही भनाइ यसमा समावेश गर्न पाउँदा खुसी लागेको छ । देवघाट क्षेत्र विकास समितिले तयार पारेको गुरुयोजनाअनुसार यस क्षेत्रको सर्वाङ्गीण विकास निर्माणमा क्षेत्र विकास समिति अधिकतम क्रियाशील रहोस् । यही शुभेच्छा व्यक्त गर्दछु ।

सेवा छ धर्म रूप
साकार पार्न जाग
प्यारो समाजलाई
प्रकाश छर्न लाग ।

चिन्नू सदैव साथी
बन्नू सदा उदार
दुःखी र दीन हीन
मुस्कान द्यौ मुहार ।

- गीताञ्जलीबाट

# योगी नरहरिनाथ र इतिहास सङ्कलन अभियान



**यदुनाथ पोखरेल**
योगी नरहरिनाथ आश्रम, वागीश्वरी, चितवन

**पृष्ठभूमि**

वर्तमानलाई जान्न र भविष्यबारे सोच्न विगतलाई बुझ्नै पर्छ। विगतलाई बुझ्न इतिहासका प्रामाणिक र सत्यतथ्यपरक सामग्रीहरूको अध्ययन गर्नुपर्दछ । मनगढन्ते र वेतुकका कुराहरूबाट इतिहासको सही जानकारी हुँदैन । मानवसमाजको प्रत्येक पुस्ताबाट इतिहासको अध्ययन हुनुपर्ने कुरा त छँदैछ, आफैले पनि इतिहासको अध्ययन गर्नुपर्दछ र भावि पुस्ताका लागि त्यो सुरक्षित राखिदिनुपर्दछ। हामीकहाँ पनि इतिहासका थुप्रै प्रमाण र स्रोतहरू छन् तर ती सुरक्षित छैनन्। समयको प्रवाह र हाम्रो उपेक्षा सँगसँगै तीमध्ये कतिपय मासिएर गैसके र कति मासिने क्रममा छन्। हाम्रो सभ्यताका त्यस्ता अनमोल र उपयोगी सामग्रीहरूको खोजी संरक्षण र उपयोग हुन नसक्दा हाम्रै लागि अब ती सामग्री अप्राप्य हुने अवस्थामा छन् । इतिहासका यस्ता थुप्रै सन्धिपत्रहरूको प्रमाण र स्रोतहरूको सङ्कलन गरी सङ्ग्रह गर्ने र सुरक्षित राख्ने कार्य गरी योगी नरहरिनाथले राष्ट्रलाई अतुलनीय गुन लगाएका छन्।

**१. विषयप्रवेश**

**१.१ जन्म र परिवार**

योगी नरहरिनाथको जन्म कर्णाली अञ्चल, कालिकोट जिल्ला लालु गा.वि.स. वार्ड नं.५ चात्व अथवा भण्डारी वडा गाउँमा वि.स. १९७१ फागुन १७ गते सोमवार अष्टमी तिथिमा भारद्वाज गोत्रमा भएको पाइन्छ ।[१] उनको परिचय सरल संस्कृत श्लोकमा यसरी अभिव्यक्ति भएको पाइन्छ ।[२]

**“कैलासाद्दक्षिणस्यां विलसति बृहती मालिका शैलमूले ॥
लालुग्रामो ललामः प्रकृतिरभिमता जन्मभूमि मदीया ॥१॥
माता गौरी पिता मे ललित इति गुरुः क्षिप्रनाथ यमिन्द्रो ॥
भारद्वाजश्च गोत्रं नरहरिरिति मे नाम जानन्ति लोकाः ॥२॥”**

नेपालीमा भन्दा ‘प्रख्यात कैलाश पर्वतको दक्षिणतिर विशाल बडीमालिका चुलीको मूलस्थलमा लालु नामको एक गाउँ छ, जहाँ प्रकृतिले रमाइलो पारेकी छिन्, त्यो नै मेरो जन्मस्थान हो । मेरी आमाको नाम गौरी र पिताको नाम ललित हो । गुरुको नाम क्षिप्रनाथ हो, मेरो गोत्र भारद्वाज हो र सबैले मलाई नरहरि भनेर चिन्दछन्।

**१.२ शिक्षा**

आठ वर्षको उमेरमा व्रतबन्ध गरेर आफ्नै आमा गौरीदेवीसँग ठूलो वर्णमालाबाट अक्षराम्भ गरेको पाइन्छ । उनलाई नौ वर्षको उमेरमा थप अध्ययनका लागि जुम्लाको बटुक भैरवनाथ सिद्ध चन्दननाथ भाषा पाठशालामा पढाइयो । उनी

---

१ स्वामी प्रपन्नाचार्य र अन्य ९० (सं.) योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ, योगी नरहरिनाथ अभिनन्द ग्रन्थ प्रकाशन समिति, काठमाडौं वि. सं. २०५४, पृ २३

२ श्री बृहत् आध्यात्मिक परिषदः स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा. डा. राजाराम उपाध्याम सुवेदी , पृ. १०३ ।

वटुकको रूपमा सबैलाई पछि पार्दै अब्बल भए । त्यतिखेर वलबीरसिंह (योगी नरहरिनाथ) को उमेर १३ वर्ष रहेको दखिन्छ ।[३]

**१.३ साम्प्रदायिक शिक्षा**

१३ वर्षकै उमेरमा बलबीर सिंहलाई योगी क्षिप्रनाथले उनको प्रतिभालाई देखी भविष्यमा गुरु गोरखनाथको प्रतिमूर्ति हुने सम्भावना भएका सनातन वैदिक हिन्दूधर्म, हिन्दूसस्कृति र हिन्दूराष्ट्रको रक्षार्थ महन्त क्षिप्रनाथले नाथ सम्प्रदायमा दीक्षा प्रदान गरी बलवीर सिंह थापावाट कनफट्टा (कानचीरा) योगी नरहरिनाथ बनाइदिएपछि सोही नामबाट परिचित हुनुभएको देखिन्छ ।[४]

**१.४ उच्चशिक्षा**

महन्त क्षिप्रनाथले योगी नरहरिनाथलाई जुम्लाबाट हरिद्वारस्थित संस्कृत विद्यालयमा पढ्न पठाए । त्यहाँ उनले प्रवेश झाबाट व्याकरण पढे । त्यस्तै पं. ज्ञानीराम शास्त्रीले उनलाई साहित्य सुधा पढाए भने शंकरनाथ योगीबाट उनले वनारस पुगेर महाभाष्य पढे । उनले वैयाकरण सिद्धान्तकौमुदीको शिक्षा महामहोपाध्याय माधव भण्डारीवाट मम्मटको काव्यशात्र कण्ठाग्र पारे । गुरुकुल कांगडीमा गुरु केशवदेव गौडासँग सूक्ष्म व्याकरण र विखानाथ प्रभाकरसँग 'षड्दर्शन' कर्णदेव जगदेव गुरुहरूसँग 'उपनिषद्' अध्ययन गरी वि.सं. १९९७ मा वेदालङ्कारको उपाधि प्राप्त गरेको देखिन्छ ।[५]

**२. वौद्धिक प्रतिभा**

नेपाल अधिराज्यका गाउँगाउँ पुगेर योगी नरहरिनाथले गरेका कार्यहरूबाट उहाँको वौद्धिक प्रतिभालाई प्रष्ट्याउँछन् । देशको कुनाकाप्चामा पुगेर भोजपत्र, ताडपत्र, पुरातत्त्व र ऐतिहासिक प्रथम स्रोत-सामग्रीहरू सङ्कलन गरी देशको पहिचान गराउन उहाँले खेलेको भूमिका अतुलनीय छन् । नेपालको इतिहास, सन्धिपत्रहरूको सङ्ग्रह, विभिन्न जातजातिको वंशावलीको खोज होस् वा पुरातात्त्विक स्थलको खोज, उहाँको यी सबै वौद्धिक कार्य मानव कल्याणका लागि मात्र देखिन्छ ।[६]

**२.१ योगी नरहरिनाथको विद्वत्ताको प्रभाव**

योगी नरहरिनाथका प्रतिभा र विद्वत्ता पश्चिमोत्तर भारतमा सनसनि फैलन थाल्यो । शैवागम वा भगवान् शंकरको आगमस्थलको बारेमा योगीहरूलाई अन्वेषण गर्ने धुन लाग्यो। आफ्नो गौरव नाथसम्प्रदायमा दीक्षित हुँदा त्यस विषयमा खोजी गर्नु सान्दर्भिक मानिन्छ । शिवगोरक्षानुसन्धानमा रहेका उनलाई जम्मुकाश्मिरदेखि कैलाशमानसरोवर र अन्त्यमा नेपाल देशमै रहेका निश्चयका साथ बाहिर नछिरलिई उनले अनेक सुबिधायुक्त आश्रयहरू त्याग्दै पशुपति मृगस्थली गोरक्षपीठलाई आफ्नो भौतिक शरीर बिसाउने आश्रय बनाएको पाइन्छ ।[७]

**२.२ संस्कृतको संरक्षण**

वैदिक सनातन हिन्दू धर्मको रक्षा, संवृद्धि र सम्वर्द्धनका लागि २००७ सालमा पशुपति

३ स्वामी प्रपन्नाचार्य र अन्य (सं.) योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ, योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ प्रकाशन समिति, काठमाडौं, वि.सं. २०४४, पृ. ४३७-४३८

४ स्वामी प्रपन्नाचार्य र अन्य (सं.), पूर्ववत् (पा.टि.स.), पृ २४ र श्रीबृहत् आध्यात्मिक परिषद्: स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा.डा. राजाराम उपाध्याय सुवेदी, पृ १०३

५ स्वामी प्रपन्नाचार्य र अन्य (सं.), पूर्ववत् (पा.टि.स.), पृ २४-२५ तथा श्रीबृहत् आध्यात्मिक परिषद्: स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा.डा. राजाराम उपाध्याय सुवेदी, पृ १०३

६ स्वामी श्रीबृहत् आध्यात्मिक परिषद्: स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा.डा. राजाराम उपाध्याय सुवेदी, पृ १०४

७ स्वामी श्रीबृहत् आध्यात्मिक परिषद्: स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा.डा. राजाराम उपाध्याय सुवेदी, पृ १०४

मृगस्थलीमा कर्मवीर महामण्डलको स्थापना गरेको पाइन्छ ।[८] वि.सं. २०२२ सालमा दाङ्ग चौघेरास्थित रत्ननाथपीठमा 'बृहत् आध्यात्मिक परिषद्' को वि.स. २०२३ सालमा दाङ्गको वेलझुण्डीमा संस्कृत विश्वविद्यालयको स्थापना गरेर सस्कृतको रक्षार्थ शिक्षाको सम्वर्द्धन गर्नपट्टि दत्तचित्त भएर लगेको पाइन्छ ।[९]

सो विश्वविद्यालयलाई स्थायित्व दिन भूमिदान यज्ञ आरम्भ गरियो, जसमा यथासम्भव भूमि सङ्कलन हुन गएको पाइन्छ । योगी नरहरिनाथ अध्यक्ष रहको १०१ जनाको समितिले वि.सं. २०२६ साल भाद्र १९ गते कृष्णाष्टमीको दिन वेलझुण्डी दाङ्गमा उक्त संस्कृत विश्वविद्यालयको शिलान्यास गरेको पाइन्छ । उक्त कार्यका लागि यथेष्ट जमिन जुटाइएको देखिन्छ ।[१०]

## २.३ कोटीहोम सञ्चालन

योगी नरहरिनाथले हिन्दूत्व जागरणार्थ वि.सं.२०३६ देखि प्रत्येक धार्मिक क्षेत्रमा कोटीहोम गर्दै स्रोतसङ्कलनसाथ जनपरिचालन गर्न थालेको देखिन्छ। सो अभियानको आम्दानी त्यही छोडी हिँड्ने उनको नीति रहेको देखिन्छ । स्वदेश र विदेशमा गरी १२९ वटा कोटीहोम यज्ञ सञ्चालन गरेको उल्लेख पाइन्छ । यसरी उनले नेपाल र भारतलाई आध्यात्मिक क्रीडाभूमि वनाएको पाइन्छ ।[११]

## ३. इतिहास

नेपालमा स्थायी सरकार हुन नदिनु, नेपालको इतिहास मेटाउन खोज्नु, नेपालीहरूलाई दरवान, कुल्ली र चौकिदारमात्र बनाउन खोज्नु नेपालीलाई विश्वकै कमजोर राष्ट्र बनाउन खोज्नु, सँधै भिकारी बनाउन खोज्नु नेपालका प्राकृतिक श्रोतहरूको दुरूपयोग गर्नु इतिहास चेतनाको अभावले नै हो भन्ने कुरा योगी नरहरिनाथले बुझेको पाइन्छ ।

## ३.१ योगी नरहरिनाथको इतिहास चेतना

वि.सं. २००९ देखि वि.सं. २०१९ सालसम्म योगीजीले नेपाल राष्ट्रको ऐतिहासिक यात्रा गरेको पाइन्छ । उनको यो यात्रा ज्यादै फलदायी, प्रेरक र ऐतिहासिक महत्त्वको मानिन्छ । सर्वप्रथम इतिहासविनाको देश हुँदैन र देशलाई बुझ्न इतिहास नजानी हुँदैन, इतिहास जान्न विदेशीले लेखिदिएको नक्कली वर्णन हेरेर पुग्दैन । यो काम देशभित्रका भूमिपुत्रहरूकै परिश्रमबाट तथ्यपूर्ण विवरण तथा प्रमाणहरूको सङ्कलन र प्रकाशनका आधारमा प्राप्त निचोडबाट मात्र सम्भव छ भन्ने चेतना योगीजीमा रहेको पाइन्छ ।[१२]

## ३.२ योगी नरहरिनाथको स्वदेश भ्रमण

इतिहासको यस्तो गहनता महसुस गरी योगी नरहरिनाथले नेपाल राष्ट्रको कुनाकाप्चोको भ्रमणार्थ निस्केर ऐतिहासिक अभिलेख र दस्तावेजहरू सङ्कलन गरेको पाइन्छ ।[१३] यसैको परिमाणस्वरूप विंस.२००२ मा स्थापित "इतिहास प्रकाशमहामण्डल" संस्थाको उद्देश्य परिपूर्ति हुन सम्भव भएको पाइन्छ । तदअनुसार इतिहास प्रकाशनमा सन्धिपत्र सङ्ग्रह

---

८ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.स.), पृ २७

९ स्वामी प्रपन्नाचार्य र अन्य (सं.), पूर्ववत् (पा.टि.स.), पृ १४

१० श्रीबृहत् आध्यात्मिक परिषद् स्वर्णमहोत्सव २०७२ स्मारिका, प्रा.डा. राजाराम उपाध्याय सुवेदी, पृ १०४

११ स्वामी प्रपन्नाचार्य र अन्य (सं.), पूर्ववत् (पा.टि.स.), पृ १३५

१२ सामग्री संरक्षणको क्रममा फेला परेका कागजात तथा मेरो ऐतिहासिक शिखरिणी यात्रा, योगी नरहरिनाथ द्वितीय संस्करण २०४९

१३ योगी नरहरिनाथ, इतिहास प्रकाशन १ (काठमाडौं, इतिहास प्रकाश मण्डल २०१२)

प्रकाशित ७ भाग शेष ७५ भाग अप्रकासित अवस्थामा रहेको पाइन्छ ।[१४] विश्वका शक्तिशाली राष्ट्रहरूले आफ्नो इतिहासअनुकुल राजनीति एवं अर्थनीति तयार पारेका हुन्छन् । इतिहासलाई पछाडि पार्ने प्रयासस्वरूप नेपाल राष्ट्र पिछडिदै गएको मानिन्छ । राष्ट्रको सर्वाङ्ग इतिहास तयार पार्न सामग्री सङ्कलन र चयन योगीजीको पहिलो प्राथमिकता रहेको पाइन्छ ।[१५]

### ३.३ योगी नरहरिनाथ ऐतिहासिक अठोट

छिमेकी देशका विद्वान् र समुद्रपारिका अनवेषकहरू वेलावेलामा नेपालमा आएर सामग्री वटुली पोको पारेर लैजाने र नेपाललाई गिराउने गरी गलत व्याख्या गरेकोले देशको छवि नै धमिलिने स्थिति आइपरेको महसुस गरी योगी नरहरिनाथले आत्मैदेखि अठोट गरी अभियान चलाएको पाइन्छ । इतिहासका सामाग्रीहरू प्रतिदिन नष्ट हुँदै गैरहेका छन् । तिनको संरक्षण गरिएन भने केही वर्षमै नेपालको इतिहास लोप हुने डर रहन्छ, भनी इतिहास शिरोमणि वावुराम आचार्यले भन्दै आएको कुराले योगीजीको ध्यानाकर्षण भएको पाइन्छ । त्यास्तो प्रेरणाले योगीजीले नेपालको इतिहास चम्काउने मसाल वोकेर मुलुकको कुनाकाप्चासम्म पुगेको पाइन्छ ।[१६]

## ४. इतिहास सङ्कलन

देश भरिका ऐतिहासिक क्षेत्रमा जे जति ऐतिहासिक सामग्रीहरू थिए ती प्रायः लोप भैरहेको पाइन्छ । तराई र पहाडका कुनाकुनामा रहेका सामग्री पनि सुरक्षित देखिँदैन । महत्त्वपूर्ण मूर्तिहरू हराएका कुराहरू आउन थाले, यस्तो अवस्था र कुतत्त्वहरूबाट मुलुकको उज्यालो इतिहास क्षय हुँदै गएको महसुस गरी योगीजी इतिहास सङ्कलनमा लागेको पाइन्छ ।[१७]

### ४.१ योगीजीको इतिहास सङ्कलन अभियान

विभिन्न कुतत्त्वहरूबाट मुलुकको इतिहास तोडमोड गराइँदै गरेको अवस्थामा स्वराष्ट्रको कुनाकाप्चासम्म पैदलै यात्रा गरेका योगीजीले भरिया लगाएर ताम्रपत्र, ताडपत्र, स्वर्णपत्र, भोजपत्र, कागजपत्र, पुस्तक, यात्रा लेखोट, सन्धिपत्र, लेखौट, वंशावली जे भेट्टाए ती सबै जम्मा गरेको पाइन्छ ।[१८]

### ४.२ योगी नरहरिनाथको इतिहासमा सिद्धि

जानकारहरूका अनुसार योगी नरहरिनाथ जे सत्य ठान्दथे, त्यही गर्दथे । योगीजीले सङ्कलन गरेका सामग्रीमध्ये केही मात्र प्रकाशित भएको पाइन्छ । जसमा सन्धिपत्र सङ्ग्रह, धर्मसन्धी, सामरिक पत्र, मैत्री पत्र, कुटनीतिकपत्र, सम्झौतापत्र, लालमोहर, एकिकरणपूर्वका राज्यहरू र गोरखाबिचका सम्बन्धपत्र, पत्राचार, नेपाल, भारत, तिब्वत, चीन भुटान, सिक्किम, वर्मा, अफगानिस्तान विषयक पत्रहरू, भ्रमण वृत्तान्त, कनकपत्र, ताम्रपत्र, कुटपत्र, फैसलापत्र आदि प्रकृतिका रहेका पाइन्छन् ।[१९] ती हेर्न र विश्लेषण गर्न बाँकी नै रहेको पाइन्छ ।

### ४.३ योगी नरहरिनाथको ऐतिहासिक अन्वेषण

योगी नरहरिनाथले ऐतिहासिक अन्वेषणको पटक-पटक यात्रा गर्दै नेपालका समस्त पुरातात्त्विक

---

१४ स्वामी प्रपन्नाचार्य, वावुराम आचार्य र उहाँका कृति (काठमाडौं नेपाल र एसियाली अध्ययन संस्थान (२०२९,पृ.३६-३७)

१५ योगी नरहरिनाथ, इतिहास प्रकाश १ (काठमाडौं, इतिहास प्रकासन संघ २०११-०१३) सं इन्दिराज

१६ श्री बृहदाध्यात्मिक परिषद : स्वर्ण महोत्सव-२०७२ स्मारिका, सं-योगी श्रीषनाथ, पृ. १०५)

१७ योगी नरहरिनाथ इतिहास प्रकासः १,२,३,४,५ (काठमाडौं इतिहास प्रकाश संघ २०११-०१३) सं इन्दिराज पौडेल

१८ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ ३४३

१९ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ २४१

स्थल, ग्राम, नगर, क्षेत्र, देवालय, राजधानी, पुण्यभूमि, हिमालय, वनोपवन, गोचरभूमि, खोलानाला, निर्झर, कुञ्ज, निकुञ्ज, व्यायामशाला युद्धस्थली आदि क्षेत्रहरूको भ्रमण गरी खोजपूर्ण ऐतिहासिक ग्रन्थको तयार गर्नुभएको पाइन्छ ।[२०] आधुनिक जगतको क्षेत्रमा काम गर्न चाहनेहरूका लागि यो ग्रन्थ परम मार्गदर्शक बनेको छ ।

**५. योगी नरहरिनाथ र राष्ट्रभक्ति**

राष्ट्रभक्तिले मानवमात्रका विशेष युगहरूमध्ये प्रमुख स्थान राख्दछ । मन, वचन तथा कर्मद्वारा राष्ट्रभक्ति गर्ने मानव अत्यन्त कम हुन्छन् । तिनै विरलै व्यक्तिहरूमा योगी नरहरिनाथ पनि एक मानिएको पाइन्छ । नेपालका प्रत्येक प्राकृतिक पदार्थसँग योगीजीको स्वाभाविक लगाव देखिन्छ । स्नेह र आत्मीयता पनि देखिन्छ । ती सबैको उत्तरोत्तर प्रगति र अभिवृद्धि उहाँले चाहेको देखिन्छ ।[२१] प्राणधारी जङ्गम, स्थावर, लता, गुल्म, वनस्पति, वन्यसम्पदा र खनिजपादार्थहरू प्रति उहाँले धेरै महत्त्व दिएको पाइन्छ ।

**६. योगी नरहरिनाथको कर्म, उपसना र ज्ञानशीलता**

योगी नरहरिनाथ कर्मठ र कृयाशील रहनुभएको कुरा उहाँ केही नगरी क्षणभरि पनि खाली बस्न नचाहने, अकर्मण्य व्यक्ति देख्नै नचाहने र योगीजीद्वारा व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्मा पुरै विश्वशान्तिका निमित्त शारीरिक, मानसिक र आत्मिक शान्तिहरूको क्रमशः विकासका निमित्त १२० भन्दा बढी कोटीहोम महायज्ञहरू सम्पन्न गर्दै विश्ववायुमण्ललाई स्वस्थ बनाउन लागिपरेको पाइन्छ ।[२२]

२० स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ २४४
२१ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ ३२७
२२ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ ११३-११९

**७. योगी नरहरिनाथ र उनको योगदान**

देशलाई ऐतिहासिक, धार्मिक, सामाजिक, शैक्षिक, साहित्य आदि क्षेत्रमा योगदान गरी राष्ट्रको प्रगति अगाडि बढिरहेको हुन्छ । त्यो व्यक्ति शिक्षा र संस्कृतक्षेत्रमा विद्वान् छ भने उसको गुण र विद्वत्ता समाजले बुझ्न थाल्दछ । त्यस व्यक्तिले गरेका काम र विषयमा धेरैले कान ठाडो पारेर सुन्दछन् । त्यस्ता व्यक्ति स्वार्थ र लोभबाट पर रही निःस्वार्थ सेवामा तन्मय हुने गर्दछ । त्यस्ता भावना भएका थोरै व्यक्तिहरूमध्ये एक हुन् योगी नरहरिनाथ ।[२३]

**७.१ शिलालेखहरूको प्रकाशनमा योगीजीको योगदानः**

योगीजीको विभिन्न योगदानहरूमा शिलालेखहरूको प्रकाशन पनि महत्त्वपूर्ण मानिन्छ । लिच्छविकालका अभिलेखहरूबाहेक आधुनिकालसम्मका अभिलेखहरू विभिन्न पत्रपत्रिकाको माध्यमबाट उहाँले प्रकाशित गर्नुभएको पाइन्छ । इतिहास प्रकाशमा सन्धिपत्र-सङ्ग्रह यस सम्बन्धमा महत्त्वपूर्ण कृति मानिन्छ। प्रस्तुतीकरणको दृष्टिकोणले यस ग्रन्थमा केही कमीकमजोरीहरू जरुर छन् । तर त्यस ग्रन्थमा भएका अभिलेखहरूको विविधताले योगीजीले त्यसका लागि गर्नुभएको भ्रमण, श्रम र मेहनतको भने अनुमान लगाउन सकिन्छ ।[२४] "कसैले परिश्रमपूर्वक गरेको उपस्थितिमा यस्तो भए हुन्थ्यो, त्यसो भए हुन्थ्यो" भन्न सबैले जानेका हुन्छन् । यस प्रकारको टिकाटिप्पणीको खासै अर्थ राख्दैन योगी नरहरिनाथमा भएका केही कमिकमजोरीका अघिल्तिर उहाँले गरेका योदानहरूको तौल धेरै माथि देखिन्छ ।

२३ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ १२२
२४ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ १२२

### ७.२ योगी नरहरिनाथ र नेपाली साहित्य

१-योगीजीले इतिहास प्रकाशका क्रममा मुलतः कर्णाली प्रदेशलाई आफ्नो महत्त्वपूर्ण कार्यथलो बनाएको पाइन्छ र नेपाली भाषाको उद्गमस्थल मानिएको कर्णाली प्रदेशका विविध अभिलेख सङ्ग्रहहरूले नेपाली वाङ्मयको क्षितिजमा महत्त्वपूर्ण योगदान पाइन्छ । भाषिक अनुसन्धानका दृष्टिकोणले योगीजीका अभिलेख र सन्धिपत्रहरूको सङ्ग्रहहरूका आधारमा त्यत्तिकै महत्त्व रहेको मान्न सकिन्छ । यसलाई योगीजीको भाषिक, साहित्यिक योगदानकै रूपमा गणना गरेको पाइन्छ ।[२५]

योगीजीले अनेक ग्रन्थ, पुस्तक र पुस्तिकाहरूको सम्पादन गरेको घटनालाई पनि त्यत्तिकै महत्त्वपूर्ण मान्नुपर्ने देखिन्छन् । हाम्रा ऐतिहासिक, पुरातात्त्विक पौराणिक शास्त्रीय श्रोतहरूको विश्लेषण र सम्पादनमा योगीजीको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । योग तारङ्गिणी (२०३५), कवितानिकषोपल (२०१३), उपमव्युकृत शिवस्तथ, हिमवत्संस्कृत (त्रैमासिक पत्रिका २०१६) जस्ता पुस्तक पत्रपत्रिकाहरूको सम्पादनद्वारा योगीजीले नेपाली साहित्यको साधना र सेवा गरेको पाइनछ । [२६]

### ७.३ योगी नरहरिनाथको भाषिक योगदान

योगीजीका भाषिक अन्वेषण र अध्ययनको क्रममा खस भाषाको अध्ययन, खस भाषाको उत्थान, प्रयोग र प्रचलन विषेश मननीय पाइन्छ । हरेक १२ कोषमा भाषा प्रयोगमा विविधता पाइने गर्दछ । हरेक १२ कोषको फरकमा वोलिने उहि भाषा पनि शैली भेद हुने संयुक्त अक्षर, हलन्त अक्षर सङ्क्षेपार्थकोधक शब्दको प्रयोग आदिमा भाषागत विविधता पाइने गरेको देखिन्छ । योगीजी व्याकरण कितावहरूमा मात्र भर पर्नुभएको देखिदैन र शहर र मोफसलका कुनाकाप्चाहरूमा घुमेर भाषाको साथमा इतिहास र संस्कृतिको पनि खोजीनीति गर्नु भएको पाइन्छ ।[२७]

### ७.४ योगी नरहरिनाथको संस्कृत र संस्कृतिप्रतिको योगदान

योगी नरहरिनाथको संस्कृत र संस्कृतिप्रतिको निष्ठा सम्बन्धमा हिन्दूराष्ट्र र राष्ट्रिय संस्कृतिलाई बचाउन, पृष्ठभूमि मासिन नदिनलाई राष्ट्रिय शिक्षामा तलैदेखि संस्कृत शिक्षा हुनुपर्ने, संस्कृत विद्यावंशबाट संस्कृत , संस्कृतिको रक्षा हुनु पर्ने आदि सम्बन्धित अगणित क्रियाकलाप र वक्तव्यहरू यत्रतत्र छरिएका खोजे पाइन्छन् । उहाँले वैदिक संस्कृतिको नमुना नेपाल हिन्दूराष्ट्र र भारतीय हिन्दू निवास स्थलमा समेत गरेको अगणित कोटीहोम महायज्ञ र यस यज्ञको प्रसङ्गमा उहाँले प्रतिदिन सायंकालमा विद्वान् र आफूसमेतबाट संस्कृत, संस्कृति जोगाउने र जगाउनेबारे चलाएका अगणित भाषणमालाहरूले पुरा नेपाल राष्ट्र र भारतीय हिन्दू प्रदेशहरू समेत हिन्दू संस्कृति रक्षामा सजग भएको पाइन्छ ।

### ७.५ समावेसीतामा योगीजीको योगदान

सोमनाथ घिमिरे व्यासः लेख्नु हुन्छ 'राजधानी बाहिर धेरै ठाउँमा योगीजीले कोटीहोम गर्नुभयो ।' राजधानी भित्र कोटीहोम गर्ने क्रममा बालाजुमा ठाँट्बाँट्का साथ यज्ञमण्डप बन्यो, सुख्खा चरुल्याउनु पर्ने, ब्राह्मणहरूले मोल्नुपर्ने

२५ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ १६८

२६ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ १८८-१८९

२७ स्वामी प्रपन्नाचार्य र अन्य (सं), पूर्ववत् (पा.टि.सं), पृ २८०

लगायतमा कुरा उल्लेख गरी पर्चा छापेर वितरण गरियो । यो यज्ञ विधिपूर्वक सम्पन्न हुनेभयो भनी सबैले प्रसन्नता व्यक्त गरे । यक्तिकैमा यज्ञसम्बन्धि अन्तर्वार्ता गर्न रेडियो र टेलीभिनका प्रतिनिधिहरू आए । टेलिभिजनबाट योगीजीले घोषणा गर्नुभयो । "यहाँ जातिपातिको भेदभाव रहने छैन, सबै जातिले यज्ञमा प्रवेश गर्न पाउने छन् । होम गर्न पनि सबै जातिललाई छुट दिइने छ । यो यज्ञमा लामाहरूले पनि होम गर्नेछन् ।" यसरी सार्वजनिक घोषणा गर्नुभयो । यसबाट योगी नरहरिनाथमा जातपात र धर्मप्रति कुनै भेदभाव थिएन भन्ने कुराको प्रमाण पाइन्छ ।

### ७.६ योगको क्षेत्रमा योगी नरहरिनाथ

स्वास्थ्यको विषयमा पनि योगी नरहरिनाथमा गहिरो रुचि देखिन्छन् सायद योगीजी स्वंयले पनि नियमित योगाभ्यास गर्ने भएकोले नै मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मको अथक पैदलयात्रा गरी अनुसन्धानमा सफल भएको हुनसक्दछ । सन्तुलित आहारविहार र योग प्राणयामको निरन्तरताले जीवनको अन्तिम समयमा समेत शोध-अनुसन्धानमा लागेको पाइन्छ । विभिन्न कोटीहोमहरूमा गोरक्ष योगशिक्षा केन्द्रका छात्रहरूद्वारा योगाभ्यासको प्रदर्शनले पनि यस विषयलाई योगीजीले प्राथमिकता दिएको पाइन्छ ।

### ७.७ हिन्दूराष्ट्रको लागि योगी नरहरिनाथको योगदान

हिन्दूसंस्कृति भन्नाले ॐकार परिवारअन्तर्गत ॐलाई मूलमन्त्र मान्ने वैदिक, बौद्ध, जैन र सिख पर्दछन् । "हाम्रो संस्कृति मेटिए हाम्रो संस्कृतिको मूल नै सुक्छ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं ।" भन्ने विषयमा योगी नरहरिनाथको स्पष्ट रूप हो र यिनै कुरा मानवजीवनको पहिचान पनि हुन्, धर्म र संस्कृतिविहिन मानिस पशुतुल्य नै हुन्छ भन्ने विषयमा योगी नरहरिनाथ स्पष्ट रहनुभएको पाइन्छ ।[२९] धर्म र संस्कृति मानव जीवनको समष्टि रूप हो र यिनै कुरा मानव जीवनको पहिचान पनि हुन् ।

### ८. योगी नरहरिनाथको कर्म र उपासना

योगी नरहरिनाथ केही नगरिकन क्षणभर पनि खालि बस्न सक्नुहुन्थेन भन्ने कुरा उहाँले गरेका कार्यहरूबाट बुझ्न पाइन्छ । व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्मा पुरै विश्वशान्तिका लागि शारीरिक, मानसिक र आध्यात्मिक शक्तिहरूको क्रमशः विकासका लागि १२९ कोटीहोमहरू सम्पन्न गर्दै विश्ववायुमण्डललाई सुगन्धित र पवित्र बनाउन योगीजी लागिपरेको पाइन्छ । नेपाल भारतमा मात्र नभएर अन्य राष्ट्र श्रीलङ्का, अष्ट्रेलिया, वर्मा, जापान आदिमा पनि रुद्रमहायज्ञादिको अनुष्ठान हुन आवश्यक योगीजीले मानेको पाइन्छ । संस्कृत भाषाको साथै प्राकृत, नेपाली र जापानीज भाषामा रहेका धार्मिक, सामाजिक, राजनैतिक, सांस्कृतिक एवं आध्यात्मिक जगतका विशेषताहरूको अध्ययन अध्यापनको व्यवस्था गरी अनुसन्धान गर्ने, गराउने पवित्र विचारले योगीजी प्रेरित हुनुभएको पाइन्छ ।

### ९. योगी नरहरिनाथ एक अन्तर्राष्ट्रिय व्यक्तित्व

योगीजीले विभिन्न राष्ट्रहरूको भ्रमण गर्नुभएको पाइन्छ । हिन्दूराष्ट्रको एकतालाई सवल पार्न, नेपालको राजकीय मर्यादालाई विस्तार गर्न तथा सर्वोपरि देशको गरिमालाई वढवा दिन उहाँको देश-देशान्तरको भ्रमण फलदायी भएको पाइन्छ । राष्ट्रिय दृष्टिले मात्र नभई अन्तर्राष्ट्रिय दृष्ट्रिकोणले समेत योगीजीको विदेश भ्रमण र विदेशमा विभिन्न

सम्मेलनमा समायोजन गरी समुपस्थित हुनुबाट **"वसुधैव कुटुम्वकम्"** भन्ने भावनालाई प्रोत्साहित गर्नुभएको पाइन्छ ।"

**१०. योगी नरहरिनाथ र उनका कृतिहरू**

योगीजीका कृतिहरूलाई अनेक वर्गमा विभाजित गर्न सकिन्छ । जस्तै भाषाविज्ञानपरक, चम्पुपरक र कुनै निबन्धपरक पनि पाइन्छन् । यात्रासम्बन्धी विवरणमा यथार्थरूपमा तत्तत् स्थलगत, भौगोलिक र सांस्कृतिक परिचय पाइन्छ । न्यूनाधिक एक हजार परिमितिका लघु आकार मुक्तक कवितादेखि शिखरिणी यात्रा जस्ता बृहत् कार्यका कृतिहरू परिगणित गरिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१) गोरक्षग्रन्थमाला
२) शिखरिणीयात्रा
३) इतिहासप्रकाश
४) मनुस्मृति- तत्सम शब्दहरूको अनुवाद ।
५) पशुपतिमतम्
६) वैश्वानरपुराणम्
७) अन्योक्तिमुक्तावली
८) खसभाषा निरुत्तम्
९) संस्कृतभाषा लिस्नु
१०) अक्षमको दुरी
११) हाम्रो देशदर्शन
१२) मालिका स्तुति मालिका
१३) हाम्रो मौलिकता
१४) हिमवत् संस्कृति
१५) हिमवत्खण्ड
१६) सिद्धसिद्धान्तपद्धति
१७) अवतार विभूति स्थल परिचय
१८) लङ्का सम्मेलन लङ्का भाषण सङ्ग्रह
१९) लङ्का सम्मेलन भ्रमण सङ्ग्रह
२०) योग तरङ्गिणी
२१) गोरक्षोपनिषद्
२२) अमनस्क महायोग
२३) नवनाथकथा
२४) जापान शब्दनिरुक्ति
२५) योगसरावली
२६) योगवीजम्
२७) अष्टपालिका वर्णनम्
२८) गोरक्षशतकम्
२९) गोरक्षवोध
३०) नाथानन्द प्रकाशिका
३१) त्रिनाथ मेघमाला
३२) भारद्वाजसंहिता
३३) जालन्धरसंहिता
३४) भतृहरिसंहिता
३५) गोपीचन्दसंहिता
३६) गोरक्षवाणी
३७) श्रीनाथ तीर्थावली
३८) पात्रदेवता पात्र
३९) जापान शब्दचित्रम्

यी कृतिहरू विभिन्न व्यक्तिहरूबाट प्राप्त जानकारी र गोरक्षपीठ मृगस्थली एवम् रतननाथ मन्दिर दाङबाट प्राप्त जानाकारीका आधारमा उल्लेख गरिएका छन् ।

**निष्कर्ष**

नेपालको इतिहासका साधानहरू सङ्कलन गर्ने कार्यमा अति नै महत्त्वपूर्ण देन दिनुहुने व्यक्तित्वहरूमा योगी नरहरिनाथ एक मानिनुहुन्छ । उहाँका सङ्कलनहरू केही प्रकाशनमा आए तापनि योगीजीले मेचीदेखि महाँकालीसम्म घुमी त्यहाँ

पाइएका शिलापत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थहरू, ताडपत्र आदि प्रचुरमात्रामा खोजी प्रकाशनमा ल्याउनुभएको पाइन्छ । नेपालको कुनै पनि भू-भागमा जाँदा योगीजीले ऐतिहासिक साधनको खोजी गरेको कुरा प्रशस्त सुन्नमा पाइन्छ । यस कार्यमा आफ्नो ज्यानको बाजी लगाएर कार्यसम्पादन गरेको पाइन्छ । उहाँको प्रयासले गर्दा इतिहास प्रकाश नामक चार पुस्तक इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह, पृथ्वीनारायण शाहको दिव्योपदेश आदि महत्त्वपूर्ण ऐतिहासिक साधनसङ्कलनहरू निस्केका छन् । बाइसी र चौविसी राज्यहरूको इतिहास लेख्न हामीहरू योगीजीका ग्रन्थहरूमा निर्भर नरही शोधकार्य गर्न सक्दैनौं । योगी नरहरिनाथले आफ्नो जीवनको अधिकांश समय इतिहास अन्वेषणमा विताउनुभयो । कुनै पनि देशको गौरवमय अतीतको सुरक्षार्थ त्यहाँका प्राचीन साहित्य एवं अन्य महत्त्वपूर्ण ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सामग्रीहरू अन्वेषण, अध्ययन, अनुसन्धानमा विशेष ध्यान पुऱ्याउनु आवश्यक मानिन्छ । यस्तै तथ्यलाई हृदयङ्गम गरी योगीजीले नेपालका प्राचीन, ऐतिहासिक एवं सास्कृतिक धार्मिक महत्त्वका सामग्रीहरूको अन्वेषण अनुसन्धानको क्रममा सम्पूर्ण नेपालको भ्रमण गरी प्राप्त सामग्रीहरूको गहिरो अध्ययन तथा प्रकाशन गरी नेपालीहरूमा आफ्नो धर्म, संस्कृति एवं राष्ट्रप्रति जागरुकता ल्याई त्यसको सुरक्षार्थ सचेत रहनुपर्ने आवश्यकतातिर जोड दिएका थिए ।

**यो आलेख तयार पार्दा उपयोग गरिएका अन्य पुस्तकहरू :**


– महोराज/दिनेशराज पन्त- पूर्णिमा, पृ ३१-४६, २०३०, २०३०
– योगी नरहरिनाथ-इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह, नरहरिनाथ, काठमाडौं वि.सं. २०२२
– देवीप्रसाद भण्डारी - टिप्पणी, जगदम्बा प्रकाशन वि.सं. २०१८
– दिनेशराज पन्त द गोरखाको इतिहास तेस्रो भाग, वि.सं २०४५
– तुलसीराम वैद्य धनवज्रचार्य-गोरखाको ऐतिहासिक सामग्री, त्रिभुवन विश्वविद्यालय, नेपाल अध्ययन संस्थान काठमाडौं वि.सं. २०३९ ।


त्यो वृक्षको पात झरी सडेर
त्यैं पुग्नमा जे जति लाग्छ बेर
त्यो ता निमेषै भरको कुरा हो
देखिन्छ जे केवल कल्पना हो

- युगकवि सिद्धिचरण श्रेष्ठ

# देवघाटधाममा कन्या गुरुकुल र यसको औचित्य



गोदा सुवेदी
देवघाटधाम

**१. देवघाटधाम**

देवघाट देवताको घाट हो । यो देवताको भूमि हो । प्राचीनकालमा यहाँ देवताहरू रमाउँथे । समयसमयमा देवाङ्गनासहित भएर पनि आउँथे । शक्तिसहित देवताहरू आउँथे । देवताले नुहाउने भएर देवघाट भनिएको रहेछ । आज पनि देवघाट भनिन्छ । वास्तवमा देवता आउनु भनेको मानिसजस्तै कोही व्यक्ति आउनु भन्ने होइन होला । देवताका गुण आउनु भनेको हो । देवताका गुण भन्नाले चित्तको प्रसन्नता, परोपकार, दान, शान्ति, सन्तोष, दया, क्षमा, सरलता, सहनशीलता जस्ता सद्गुण हुन् । यिनलाई देवताका गुण भनिन्छ । गीतामा यस्ता गुणलाई दैवी सम्पद् भनिएको छ । जसमा सिङ्गो मानवता टिकेको हुन्छ । यसको विपरीतलाई आसुरी सम्पद् भनिन्छ । रिस, राग, लोभ, झैं-झगडा, क्रूरता, हिंसा, चोरी, ठगी, अभिमान, मैमत्ता जस्ता दुर्गुण आसुरी सम्पत्ति हुन् । यी राक्षसीपनका उदाहरण हुन् । दैवी सम्पत्तिको प्रधानता हुनु नै देवताको आगमन हुनु हो । देवघाटधाममा आजसम्म पनि थोरैधेरै त्यो भाव पाइन्छ । मानिसहरू यहाँ आउनु भनेको पनि यिनै गुण सिक्न आउनु हो ।

**२. शैक्षिक चेतनाको दियालो**

देवघाटधाम कुनै जमीन वा खोलाको किनार मात्र होइन । यस्ता नदी नाला वा खोला खोल्सा त अन्यत्र पनि हुन सक्छन् । यो त संस्कार हो । सभ्यता हो । चिन्तन हो । ज्ञान हो । उच्च चेतना हो । यो उच्च चेतनाको स्रोत भएकोले देवघाट भनिएको हो । देवघाट घाट मात्र होइन धाम पनि हो । धाम अर्थात् उच्च चेतनाको आधार । त्यो यहाँका ऋषिमुनिहरूको साधनाबाट प्रकट भएको वैदिक ज्ञान हो । वसिष्ठ, विश्वामित्र, वेदव्यास र बाल्मीकि जस्ता वेदका ज्ञाता मन्त्रद्रष्टा ऋषिहरूले लामो साधनाबाट प्राप्त गरेको ज्ञान । गण्डकीको किनाराबाट प्रकट भएको ज्ञान । आज पनि यहाँ त्यो ज्ञानको प्रवाहधारा बगिरहेको छ, त्यसैले देवघाटधाम छ । दामोदर कुण्ड, मुक्तिनाथ, गोसाइँकुण्डदेखि त्रिवेणीसम्म छ । यहाँका देखिने नदी काली र त्रिशूली हुन् । सप्तगण्डकी पनि हुन् । नदेखिने नदी ज्ञानगङ्गा हो । सप्तगण्डकीजस्तै सप्तऋषिहरूको चिन्तन । गोत्रप्रवर्तक ऋषिहरूको ज्ञानचेतना । त्यसले सेचन गरेपछि मात्र चेतनाको स्तर उठ्छ । अनि मानवता सुरक्षित हुन्छ । अन्यथा मानव यन्त्रवत् हुन्छ । यन्त्रीकृत मानवमा मानवता कहाँ पाउने । मानवताविनाको मानव समाज कस्तो होला ?, बाँदरको जस्तो । देवघाटधाममा सन्त महात्माहरूको सान्निध्य छ । प्रतिदिन साँझ बिहान सत्सङ्ग हुन्छ । त्यसबाट कल्पवासी र तीर्थयात्रीहरूले लाभ लिएका छन् । जीवन र जगत् बुझ्न पाएका छन् । आत्मा के हो परमात्मा के हो । आफू को हो ? आफ्नो कर्तव्य के हो भन्ने कुरामा निर्धक्कसँग विचार राख्न सक्छन् । स्वयं प्रसन्न छन् । परिस्थितिवश सुखी नभए पनि खुसी छन् । मानवता सिकिरहेका छन् । **वसुधैव कुटुम्बकम्** र **सर्वे भवन्तु सुखिनः** भन्ने भाव । आफ्ना पूर्वजहरूको चेतनाको ज्ञान ।

### ३. गुरुकुल शिक्षा र खट्केका कुरा

देवघाटधाममा ठूला ठूला गुरुकुलहरू पनि छन् । त्यहाँबाट वैदिक बटुकहरूले वैदिक ज्ञान पाएका छन् । संस्कार पनि सिकेका छन्, संस्कृत पनि सिकेका छन् र संस्कृति पनि सिकिरहेका छन् । आफ्ना पूर्वजहरूको ज्ञानको बिरासतलाई जोगाउने तरखरमा छन् । यहाँका छात्रहरूले विश्वविद्यालयमा समेत अरूलाई उछिनेका छन् । यी गुरुकुलले स्वदेशमा मात्र नभएर विदेशमा समेत चर्चा पाएका छन् । तर दुर्भाग्य नै भन्नुपर्ला, कन्याहरूका लागि त्यो सुविधा सहज रूपमा उपलब्ध छैन । कन्या शिक्षित नभए महिला शिक्षित हुँदैनन् । महिला शिक्षित नभए संस्कार सुरक्षित हुँदैन । समाजलाई सुसंस्कृत र सुशिक्षित बनाउन नारी शिक्षाको ठूलो महत्त्व हुन्छ । आधुनिक शिक्षाले त शिक्षा दिन्छ संस्कार दिँदैन । संस्कार सहितको शिक्षाका लागि गुरुकुल शिक्षा नै उपयुक्त रहेछ भन्ने कुरा अब सिद्ध भइसकेको छ । प्राचीन समयमा कन्याहरूले पनि गुरुकुलमा पढ्थे । शास्त्रको ज्ञान प्राप्त गर्थे र विदुषी हुन्थे । कतिपय नारीहरू वैदिक मन्त्रका द्रष्टा समेत बनेका थिए । प्राचीन कालमा नारीहरूको प्रभाव ठूलो थियो र सम्मानित पनि थिए । आज त्यो अवस्था छैन, प्राचीन विद्वत्परम्परा आज लुप्त हुन लागेको छ । जसरी नारी शिक्षित नहुँदासम्म समाज शिक्षित हुँदैन भनिन्छ, त्यसरी नै नारी संस्कारित नहुँदासम्म समाज संस्कारयुक्त हुन सक्दैन । संस्कार दिने भाषा संस्कृतभाषा हो भने संस्कार दिने शिक्षा गुरुकुलशिक्षा हो । त्यसैले कन्याहरूका लागि पनि संस्कारयुक्त शिक्षा दिन कन्या गुरुकुल आवश्यक छ ।

### ४. गुरुकुल शिक्षाको पुनर्जागरण

वर्तमान समयमा नेपालमा गुरुकुल शिक्षाको पुनर्जागरण हुन लागेको छ, तर नारीहरूका लागि गुरुकुल शिक्षाको व्यवस्था छैन । हालसम्म देशभरमा ४, ५ सय गुरुकुलको गणना हुँदा कन्याहरूले पढ्न पाउने गुरुकुल यौटा पनि छैन । कन्याहरूका लागि संस्कृत पढ्नका लागि समेत अनुकूल वातावरण छैन । त्यसैले नारीहरूले शास्त्रीय ज्ञान प्राप्त गर्न सकेका छैनन् । यो अवश्य पनि चिन्ताको विषय हो । देशमा संस्कृतका विदुषी नारीहरूको सङ्ख्या नगण्य छ । यस्तो परिवेशमा संस्कृत वाङ्मयका आधिकारिक विद्वान् एवं राष्ट्र र राष्ट्रियताका लागि समर्पित शास्त्रीय विषयको व्याख्यान गर्न सक्ने योग्य नारी जनशक्ति उत्पादन गर्नु आजको मुख्य आवश्यकता बनेको छ । यो आवश्यकतालाई पूर्ति गर्न ठाउँ ठाउँमा कन्या गुरुकुल सञ्चालन गर्न लाग्नुपर्दछ । देवघाटमा कन्या गुरुकुल सञ्चालन हुनुपर्छ भन्ने कुरा २०६३/६४ मा तयार भएको देवघाटधामको गुरुयोजनामा पनि उल्लेख भएको पाइन्छ । नारीअधिकारको चर्चा गर्न होस् वा सिङ्गो समाजको रूपान्तरण गर्न होस्, शिक्षा पहिलो शर्त हो । शिक्षामात्र होइन, संस्कार सहितको शिक्षा, संस्कृतवाङ्मयको पूर्ण शिक्षा आजको आवश्यकता हो । यसै आवश्यकतालाई पूर्ति गर्न नेपालको मध्यभागमा पर्ने पवित्र तीर्थस्थल देवघाटधाममा शालग्रामवाहिनी पुण्यसलीला नारायणी नदीको पावन तटमा नेपालकै पहिलो कन्या गुरुकुलको रूपमा श्रीरामजानकी गार्गी कन्या गुरुकुल सञ्चालन भएको छ । प्रचलित ऐन नियमअनुसार स्थानीय निकायको अनुमति प्राप्त गरी औपचारिक रूपमा सञ्चालन भइरहेको यो श्रीरामजानकी गार्गी कन्या गुरुकुल नेपालकै पहिलो गुरुकुल हुन पुगेको छ । यसको संरक्षण संवर्द्धन गर्ने दायित्व सरकारको हो, स्थानीय निकायको हो, देवघाट क्षेत्रविकास समितिको पनि हो र स्थानीय समाजसेवी बुद्धिजीवी दातामहानुभावहरूको पनि हो ।

### ५. पहिलो समावेशी कन्या गुरुकुल

समाजसेवी भगवती उपाध्यायद्वारा २०५५

सालदेखि देवघाटधाममा नै सञ्चालन गर्न लागिएको श्रीरामजानकी वेदविद्याश्रम र प्रसिद्ध विदुषी स्वर्गीय अङ्गुरबाबा जोशीको सदिच्छाअनुसार वि.सं. २०६७ देखि काठमाडौँमा सञ्चालित गार्गी कन्या गुरुकुलको संयुक्त रूपान्तरण हो यो श्रीरामजानकी गार्गी कन्या गुरुकुल। नयाँ रूपमा शैक्षिक वर्ष २०७५ मा स्थापना भई नियमित सञ्चालनमा रहेको यस गुरुकुलमा प्रचलित नियमानुसार चितवन जिल्ला भरतपुर महानगरपालिकाबाट कक्षा ६, ७ र ८ को अनुमति प्राप्त भइसकेको छ भने अगामी दिनमा क्रमशः माध्यमिक तह हुँदै उच्च शिक्षासम्मको गुरुकुल सञ्चालन गर्ने लक्ष राखिएको छ। सनातन धर्म र संस्कृतिको रक्षाका लागि समर्पित उदारमन भएका दाताहरूको सात्त्विक दान सहयोगबाट सञ्चालन हुँदै आएको यस गुरुकुलमा आवासीय सुविधासहित औपचारिक पूर्ण संस्कृत शिक्षा निःशुल्क रूपमा उपलब्ध गराइएको छ। कसैलाई कुनै भेदभाव नगरी आवासीय क्षमताअनुसार सबै वर्ग र समूहका कन्याहरूलाई स्थान दिइने यस गुरुकुलमा हालसम्म ५४ कन्याहरू भर्ना भइसकेका छन्। योग्य गुरुआमा र गुरुहरूको सान्निध्यमा गुरुकुलको वातावरणमा चरित्रशिक्षाका साथै वैदिक ज्ञान, संस्कृतभाषा, वेदाङ्गको रूपमा व्याकरण, ज्योतिष आदि शास्त्रीय र व्यवहारोपयोगी शिक्षा दिइएको छ भने आधुनिक विषयतर्फ नेपाल सरकारले तोकेबमोजिम अंग्रेजी गणित, सामाजिक शिक्षा र नेपाली विषयहरूको समेत पठनपाठन गराइएको छ। यसबाहेक अतिरिक्त विषयको रूपमा गीता, भागवत, अन्य पुराण इतिहासलाई पनि क्रमशः स्थान दिइँदै जानेछ। साथै कम्प्युटर शिक्षा, सङ्गीत, नृत्य, वाद्यवादन, चित्रकला र अन्य ललितकलाका विषयहरूको पनि अभ्यास सुरु भएको छ। यस कन्या गुरुकुलको सञ्चालनका लागि निम्न क्षेत्रमा सहयोग गर्न सकिने कुरा सञ्चालकबाट जानकारी प्राप्त भएको छ -

- गुरुकुलको आजीवन वा विशिष्ट सदस्यता ग्रहण गर्ने।
- एक जना बालिकाको वार्षिक वा पूर्ण शैक्षिक अभिभावक बन्ने।
- आवास निर्माण, सरस्वती मन्दिर निर्माण, शौचालय निर्माण वा अन्य निर्माण कार्यमा खर्च व्यहोर्ने।
- कम्प्युटर, प्रिन्टर, विद्युतीय उपकरणहरू, सङ्गीतका साधन, फर्निचर, आदि उपलब्ध गराउने।
- कन्याहरूलाई एक दिनको भोजन, जलपानको व्यवस्था गर्ने।
- कन्याहरूको पोसाक, कापी(कलम वा एकदिनको सम्पूर्ण खर्चमा सहभागी हुने।
- गुरुकुल सञ्चालन खर्चमा यथाशक्ति सहयोग गर्ने।
- गुरुकुलमा आवश्यक जिन्सी दान गर्ने।
- गुरुकुलको अक्षय शिक्षानिधिमा निश्चित रकम जम्मा गर्ने।

नियमअनुसार स्थानीय निकायको अनुमति प्राप्त गरी औपचारिक रूपमा सञ्चालन भइरहेको यो श्रीरामजानकी गार्गी कन्या गुरुकुल नेपालकै पहिलो गुरुकुल हुन पुगेको छ। यसको संरक्षण संवर्द्धन गर्ने दायित्व सरकारको हो, स्थानीय निकायको हो, देवघाट क्षेत्रविकास समितिको पनि हो र स्थानीय समाजसेवी बुद्धिजीवी दातामहानुभावहरूको पनि हो।

**६. अन्य गुरुकुलहरू**

यस्तै, तनहुँतर्फ देवघाटधाममा यसै शैक्षिक सत्र २०७७ सालदेखि श्री कल्याणी वैदिक कन्या गुरुकुलको स्थापना भइरहेको छ। ॐ शिव शक्ति कल्याणी केन्द्रकी प्रमुख कल्याणी माताको सत्सङ्कल्प र भक्तजनको सहयोगमा सञ्चालन भइरहेको यस गुरुकुलमा अहिले १५ जना कन्याहरूले संस्कृतविद्याको

अध्ययन गरिरहेका छन् । आफ्ना कन्याहरूलाई धाराप्रवाह रूपमा संस्कृत बोल्न र शास्त्रको व्याख्या गर्नसक्ने विदुषी बनाउन चाहने अभिभावकहरूले यी गुरुकुलमा सम्पर्क गरी आफ्ना नानीहरूलाई गुरुकुलमा भर्ना गराउन सक्नुहुन्छ । बिल्कुल अनाथ असहाय बालिकाहरूका लागि लोककल्याण सेवाप्रतिष्ठानद्वारा सञ्चालित श्रीराम-जानकी बालिकाश्रम पनि देवघाटको अभिन्न अङ्ग बनेको छ। यो बालिकाश्रमले पनि अनाथ बालिकाको सेवा र गुरुकुलीय वातावरणमा संस्कार र संस्कृतिको शिक्षा दिने जमर्को गरिरहेको छ।

यी सबै गुरुकुलको सञ्चालन गर्नका लागि आफ्नो निश्चित स्रोत र सरकारी सहयोग पनि प्राप्त नभएकाले दैनिक कार्य सञ्चालन गर्न समेत दाताहरूको बाटो हेर्नुपर्ने बाध्यता छँदैछ । त्यसैले केवल दाताहरूको सहयोगबाट सञ्चालन हुने यी गुरुकुलमा आवश्यक यथाशक्ति सहयोग गरी पुण्यकार्यमा सहभागी हुनु हामी सबैको कर्तव्य र दायित्व हुन आएको छ।

**७. शिक्षा, संस्कार र दायित्व**

आज पाश्चात्य शिक्षाको प्रभावले आफ्नो मौलिक शिक्षा हराउँदै गएको छ । त्यसमा पनि नारीहरूका लागि सत्शास्त्रको शिक्षा दिने व्यवस्था त्यति छैन। भएका संस्कृत विद्यालयहरू शिथिल हुँदै गएका छन् र आधुनिक शिक्षाको ढाँचामा ढलिसकेका छन् । भएका गुरुकुलहरूमा कन्याहरूका लागि कुनै व्यवस्था छैन । सत् शिक्षा दिने कुनै व्यवस्था छैन, शिक्षाविना संस्कारको सम्भावना हुँदैन । नारी संस्कारित नभएसम्म पुरुषको मात्र संस्कारले समाज संस्कारित हुँदैन र चरित्रवान् समाजको परिकल्पना पनि गर्न सकिँदैन । त्यसैले सबैले मिलेर कन्या गुरुकुलको सञ्चालन गर्नुपर्ने भएको छ।

कन्या गुरुकुल त्यस्तो हुनुपर्छ, जहाँ कन्याहरूले सर्वप्रथम शील र शीलानुकूल शिक्षासँगै प्राप्त गरून् । हाम्रो प्राचीन परम्परामा धेरै कुराहरू आमाले छोरीलाई सासुले बुहारीलाई सिकाएका हुन्थे। कुन वार कता जान हुने कता जान नहुने, कस्तो अवस्थामा शुक्र बार्नुपर्ने, घर कसरी लिप्ने, कपडा कसरी धुने, कसरी निचोर्ने र कसरी सुकाउने, चन्दन कसरी घोट्ने, जुठो सुत्केरो कस्को कति दिन बार्ने, टिका कसरी लगाउने, कस्तो लगाउने, कुन कुराको सकुन अपसकुन के हुने लगायतका गृहस्थ जीवनमा चाहिने सम्पूर्ण कुराहरू आमाछोरी वा सासुबुहारीको परम्परागत मातृकुलबाट सिकेका हुन्थे र समाजको धर्मानुकूल संस्कृति जोगिएको थियो आज त्यो अवस्था छैन । आधुनिकताका नाममा केही पनि नजान्ने जमाना आएको छ। आधुनिक बुहारीलाई त केही गर्न पनि आउँदैन । घरका काम झन् जान्दै जान्दैनन् । पढेका बुहारी भनेपछि केही नजान्नुमा पनि गौरवको अनुभव गर्ने चलन छ। यो समाजको दुर्दशाबाट बच्न कन्याहरूका लागि चरित्र सिकाउने गुरुकुल सञ्चालन गर्नु जरुरी छ । जुन गुरुकुलमा पुस्तके शिक्षासँगै समग्र व्यावहारिक शीलको समेत शिक्षा दिइयोस्।

**८. उपसंहार**

देवघाटधाममा श्रीरामजानकी गार्गी कन्या गुरुकुल यस्तै सोचका साथ अगाडि बढिरहेको छ। यो देवघाटधामको आभूषण हो । यसमा सबैको साथ र सहयोग अपेक्षित छ। अब आदर्शको कुरा भनेर होइन गरेर देखाउने बेला भएको छ । अरूको मुख ताकेर होइन आफैले गर्नुपर्छ । यौटा होइन धेरै गुरुकुल, एउटा गाउँमा मात्र होइन गाउँ गाउँमा खोल्नु जरुरी छ । हरेक कन्यालाई संस्कारसहितको शिक्षा दिनु जरुरी छ। यसमा सबैको दृष्टि जाओस्। सर्वे भवन्तु सुखिनः ।

# देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम)को विवरणात्मक परिचय



देवु अधिकारी
व्यवस्थापक, देवघाट वृद्धाश्रम

राष्ट्रका प्रमुख तीर्थस्थलहरूमध्ये देवघाटधाम एक हो । हाम्रा धर्मग्रन्थहरूले तीर्थको महिमा बताएकाले सनातन हिन्दू धर्म संस्कृतिका अनुयायीहरूले यसलाई आस्था, श्रद्धा र भक्तिपूर्वक लिने गर्छन् र तीर्थका लागि आउने गर्छन् । तीर्थमा नगए दान, पुण्य आदि कर्म नगरे जीवनको सार्थकता नरहने विश्वास गरिन्छ । ज्ञान, ध्यान, साधना आश्रय, आत्मज्ञान र शन्तिका लागि तीर्थमा जाने र कल्पवास बस्ने हाम्रो लामो परम्परा छ । धार्मिक स्थलमा प्रायः ढल्कँदो उमेर (जीवनको उत्तरार्ध) समूहका मानिसहरूको जमघट हुने गर्दछ। देवघाटधाम पनि यसै कोटीको तीर्थका रूपमा परिचित छ । देवघाटधाममा आश्रमीय पद्धतिमा चलेका आश्रमहरू छन् । कतिपय वृद्धवृद्धाहरू आफ्नै जीवनवृत्तिको स्रोतमा कल्पवास बस्ने गर्छन्, कतिपय गृहस्थाश्रमकै परिवेशमा रहेर आफ्नो जीवन गुजारा चलाउँदैछन्, कतिपय घ/परिवारबाट अपहेलित भई सहाराविहीन अवस्थामा रहेका वृद्धवृद्धाहरूले आश्रयको बोध गर्न सक्ने ठाउँ भनेको सन्तहरूले सञ्चालन गर्नुभएको आश्रम र विभिन्न तहबाट सञ्चालित वृद्धाश्रमहरू नै हुन् । देवघाटमा रहेका वृद्धाश्रमहरूमध्ये देवघाट क्षेत्र विकास समितिबाट सञ्चालित देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम एक हो । २०५२ साल त्कालीन नेपाल सरकारबाट स्वीकृति प्राप्त यस वृद्धाश्रम स्थापना र सञ्चालन लागि अनुमति दिएपश्चात् आजपर्यन्त देवघाट क्षेत्र विकास समितिले यसको व्यवस्थापन र सञ्चालनको कार्य गर्दै आएको छ । यसको सु-सञ्चालन र दिगो व्यवस्थापनका लागि देवघाट क्षेत्र विकास समितिका सदस्यसचिव (कार्यकारी निर्देशक) अध्यक्ष रहने गरी वृद्धाश्रम व्यवस्थापन समिति रहने सरकारको निर्देशिकाले व्यवस्था गरेको छ भने देवघाट क्षेत्र विकास समितिका अध्यक्ष यसको संरक्षक रहने व्यवस्था छ । सम्पति र सन्तान भएका र नभएका दुवैथरीका जेष्ठ नागरिक यस आश्रममा आश्रय लिनका लागि आउने गरे तापनि बेसहारालाई मात्र आश्रय दिने उद्देश्यका साथ वृद्धाश्रम स्थापना भई सञ्चालनमा आएको छ । स्थानीय तहमा रहेका वृद्धाश्रम व्यवस्थापनका लागि स्थानीय स्रोत साधनको परिचालनमा जोड दिई तत्क्षेत्रबाटै यसको व्यवस्था मिलाउनेतर्फ सरकारको परोक्ष निर्देशन छ। खास गरी पछिल्लो समयमा वृद्धाश्रम सञ्चालनका लागि सरकारबाट प्राप्त हुने सालबसाली सहयोग कटौती हुँदै गएको छ । दिगो आर्थिक स्रोतको लागि स्थानीय स्रोतसाधन जुटाई यसको व्यवस्था मिलाउन वृद्धाश्रम व्यवस्थापन समितिले केही नीति निर्णयहरू पारित गरेको छ। निश्चित शुल्क बुझाई वृद्धाश्रमको आजीवन सदस्यता प्रदान गर्ने ,दाताको खोजी गरी आवश्यक पूर्वाधारहरू निर्माण गर्ने, अन्नलगायत अन्य आवश्यक जिन्सी सामाग्रीहरू

प्राप्त गर्ने, वर्षको एक दिन वृद्ध बाआमासँग बसी भोजन गर्ने गराउने जस्ता महत्त्वपूर्ण कार्यहरू भएका छन् । स्थानीय स्रोतहरूको पहिचान र परिचालन गरी यसको व्यवस्थापन मिलाउनु पर्ने भएकाले वृद्धाश्रम प्रति नैतिक, भौतिक एवं आत्मिक हिसाबले जोड्ने एउटा महत्त्वपूर्ण माध्यम भनेको वृद्धाआश्रमको आजीवन सदस्यता हो । हालसम्म ६४ जना महानुभावहरूले यसको सदस्यता ग्रहण गरिसक्नुभएको छ भने यसको १००० जना सदस्य पुऱ्याउने लक्ष्य रहेको छ । रु १५५००/- (पन्ध्र हजार पाँच सय) देखि रु. ५०,०००/- (पचास हजार ) रूपैयाँसम्म बुझाई यसको आजीवन सदस्यता प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । भने रु ५०,०००/- माथि सहयोग गर्नेलाई विशिष्ट आजीवन सदस्यता प्रदान गरिने छ ।

**मानार्थ सदस्यताः-**

आश्रमको विकास र व्यवस्थापनमा विशेष योगदान गर्ने महानुभावहरूलाई देवघाट क्षेत्र विकास समितिको निर्णयबाट मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । यसक्रममा वृद्धाश्रमको परिसरमा एक आकर्षक वृद्धाश्रम प्रतीक्षालय निमार्ण गरी योगदान गर्नुहुने चितवन भ.म.न.पा. वडा नं. ४ निवासी हरिराम पौडेललाई र कोभिड १९ को प्रभावबाट संकटमा परेको बेला दाताहरू खोजी गरी विशेष नगद अनुदान गर्न उत्प्रेरित गर्नुहने देवघाट ५ निवासी दिनेश काफ्लेलाई वृद्धाश्रमको मानार्थ सदस्यता प्रदान गर्ने निर्णय भएको कुरा सार्वजनिक गर्न पाउँदा हामी हर्षित छौं ।

**देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :-**

१. वार्षिक बजेट नीति र कार्यक्रम तयार गर्ने ।

२ देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रमलाई एउटा नमुना जेष्ठ नागरिक वृद्धाग्रामका रूपमा विकास गर्ने ।

३. बेसहारा, परित्यक्त र दुर्व्यवहारमा परेका जीवन मात्र हैन सन्तान र सम्पति समेत भएका वृद्धवृद्धाहरूका लागि समेत वृद्ध मैत्री ग्रामका रूपमा वृद्धाश्रमलाई विकास गर्ने ।

४. नियमितरूपमा वृद्धाश्रमको अनुगमन र अवलोकन गर्ने अन्यत्रका वृद्धाग्रामहरूको समेत अवलोकन गर्ने गराउने ।

५. वृद्धहरू (जेष्ठ नागरिक) समाजका सम्मानित व्यक्ति हुन् । उनीहरूको जीवनको ज्ञान, सीप र अनुभव पछिल्लो पुस्ताका लागि उपयोगी र अनुकरणीय हुन्छन् भन्ने भावना जागृत गराउने । उचित आदर सम्मान गर्ने गराउने ।

६. कतिपय पारिवारिक तहबाट घरका ज्येष्ठ नागरिकप्रति भैरहेका दुर्व्यवहारहरू रोक्न भोली म पनि वृद्ध हुन्छु र यही हालतमा पुग्न सक्छु भन्ने भावना समुदायमा जागृत गराउन विभिन्न विचार अन्तरक्रिया कार्यक्रमहरू, नाटकहरू अन्य आवश्यक कार्यहरू गर्ने ।

७ परित्यक्त जीवनहरूको आश्रय थलो मात्र होइन वृद्धाश्रम, यहाँ पारिवारिक सम्मानित जीवन जिउन सकिन्छ भन्ने मूर्त सन्देश प्रवाह गर्ने ।

८. ज्येष्ठ नागरिक मिलन केन्द्र व्यवस्थापन गर्ने ।

९. वार्षिक रूपमा सबै आजीवन सदस्यताहरूलाई आमन्त्रण गरी आश्रम व्यवस्थापन समितिले आफ्नो वार्षिक कार्यक्रमहरू पेश गरी आवश्यक राय सुझाव (परामर्श) लिने ।

**देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रमका आजीवन सदस्य महानुभावहरूको काम कर्तव्य र अधिकारः-**

१. देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रमलाई एउटा नमुना जेष्ठ नागरिक वृद्धाग्रामका रूपमा विकास गर्न व्यवस्थापन समितिलाई सुझाव दिने ।

२. बेलाबखतमा वृद्धाश्रमको अनुगमन र अवलोकन गर्ने र व्यवस्थापन समितिलाई उपयुक्त मार्ग दर्शन गर्ने ।

३. वृद्धाश्रममा हुने विभिन्न कार्यक्रमहरूको पर्यवेक्षण गर्ने ।

**आश्रमको वर्तमान अवस्था**

विगतका केही वर्षदेखि सरकारबाट प्राप्त रकम कटौती भएसँगै जेष्ठ नागरिकको भरणपोषण दातामा निर्भर रहेको र हाल कोभिड १९ को कारण दाता आगमन न्यून रहेको छ । स्थापना काल देखि हालसम्म ३०० जनाभन्दा बढी जेष्ठ नागरिकहरूलाई आश्रय दिएको यो आश्रमले ५० जनासम्म वृद्धवृद्धाहरू रहन सक्ने क्षमता राख्दछ । कोभिड १९ को कारण र दिगो आर्थिक स्रोतको अभावमा हाल ३८ जना वृद्धवृद्धाले सेवा लिँदै आउनु भएको छ । यस आश्रमलाई दिगो आर्थिक स्रोतको लागि देवघाट क्षेत्र विकास समितिले समितिकै अगुवाइमा आजीवन सदस्यता प्रदान गर्ने कार्य प्रारम्भ गरेको छ । आजीवन सदस्यता बापत प्राप्तहुने रकम सबै अक्षयकोषमा राखी त्यसको व्याजबाटमात्रै सञ्चालन खर्च गर्न पाउने व्यवस्था गरिएको छ । अभियानबाट १००० जना आजीवन सदस्य पुऱ्याउने लक्ष्य भएकाले यस लक्ष्य प्राप्त भएपछि यसको ब्याजबाट यहाँ आश्रित वृद्धवृद्धालाई भरणपोषणको दिगो स्रोत हुने र यसको क्षमता अनुसार वृद्धवृद्धालाई आश्रय दिन सकिने भएकाले विभिन्न हिसाबले सहभागी बन्न सबै सज्जन महानुभावहरूमा वृद्धाश्रम व्यवस्थापन समितिले अपिल गरेको छ ।

**वृद्धाश्रममा कसरी सहयोग गर्ने ।**

१. आजीवन सदस्यता ग्रहण गरेर ।

२. विभिन्न उत्सवमा (जन्मोत्सव, वार्षिकोत्सव, वैवाहिक वर्षगाँठ, पुण्यतिथि वा कुनै पनि दिन) वृद्धबाआमासँग बसी भोजन गराउन र आर्शीवाद लिई वृद्ध बाआमालाई आफ्नोपन दिन ।

३. प्रस्तावीत भौतिक योजनाहरू निमार्ण गरेर योगदान गर्न सकिनेछ ।

४. अन्नदान, वस्त्रदान गरेर ।

**वृद्धाश्रममा बस्न चाहने वृद्ध/वृद्धाहरूको निम्न योग्यता पुगेको हुनु पर्नेछ ।**

१. नेपाली नागरिक हुनुपर्ने छ ।

२. ६५ वर्ष उमेर पुगेको हुनु पर्ने छ ।

३. सरुवा रोग र मानसिक रोग नभएको भनि चिकित्सकबाट प्रमाणित पत्र हुनुपर्ने छ ।

४. हेरचाह गर्ने आफन्त तथा जीवन गुजारा गर्ने सम्पति तथा आयस्ता नभई बेसहारा भएको भनि सम्बन्धित वडा समितिबाट सिफारिस संलग्न हुनपर्ने छ ।

५. देवघाट समाज कल्याण केन्द्रले तयार पारेको नियम र आचारसंहिता पालना गर्ने हुनुपर्नेछ ।

६. कुनै नजिकको मानिस वा सहजीकरण गर्ने पात्रले योग्य उम्मेद्वार (वृद्धाश्रम)को हकमा सनाखत गर्नुपर्ने छ ।

७. कुनै सिफारिस वा व्याहोरा पछि झुट्टा ठहरिएमा गरिएको भर्ना सम्झौता स्वतः रद्ध हुनेछ ।

**वृद्धवृद्धाहरूले पालना गर्नु पर्ने आचारसंहिता**

१. नित्य प्रातकालमा उठी तोकिएको समयभित्र स्नान सन्ध्या-वन्दना र व्यायाम गर्नुपर्ने छ ।

२. बिहान र अपरान्ह चिया खाएपछि केही बेर सत्संग वा स्वाध्याय गर्नुपर्ने छ ।

३. तोकिएको स्थानमा बस्नुपर्ने छ एवं तोकिएको समयमा खाना खानुपर्ने छ । निषेधित र अखाद्य वस्तु प्रयोग गर्न पाइने छैन ।

४. आश्रममा बस्ने सबैसँग मित्रवत् व्यवहार गर्नु पर्नेछ एवं आश्रमको सामान सम्पत्तीको सुरक्षा गर्नुपर्ने छ ।

५. बह्मचर्यको पालन गर्नुपर्ने छ ।

६. अनुमति नलिईकन आश्रमबाट बाहिर जान पाइने छैन ।

७. आफ्नो साथमा आफ्नो नातेदार वा अन्य कोही पनि राख्न पाइने छैन ।

८. भेट गर्न आउनेलाई तोकिएको स्थानमा भेट गर्नुपर्ने छ ।

९. आफ्नो सीप अनुसारको काम गर्न चाहेमा केन्द्रको अनुमति लिएर मात्र गर्नुपर्ने छ ।

१०. आश्रमको नियम र अनुशासन पालन गनुपर्नेछ ।

११. कसैबाट पाप्त हुन सक्ने वस्तु वा सेवा व्यवस्थापनको स्वीकृतिविना प्रयोग गर्न पाइने छैन ।

आचार संहिता पालन नगर्ने वा संहिता विरुद्ध चल्नेलाई आश्रमबाट निष्कासन गर्न सकिनेछ ।

हाम्रा सबै ग्रन्थहरू वेद, पुराण, उपनिषद आदिले सेवालाई नै सारमा धर्म मानेका छन् । अरूको उपकार गर्ने मानिसहरू पुण्यात्म हुन धन्य छन् । पारिवारिक तहबाट अपहेलित, समाजबाट तिरस्कृत र सन्तान र सम्पतिसमेत नभएका कारण यस वृद्धाश्रममा आश्रय लिएर बस्नुभएका वृद्धवृद्धाहरूको व्यवस्थापनमा विभिन्न हिसाबले सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरू सरकारी एवं गैरसरकारी निकाय र तिनका पदाधिकारीहरू हृदयतः धन्यवादका पात्र हुनुहुन्छ ।

अपार लीला परमेश्वरैको
को भन्न सक्ने सब यो यसै हो !
यै बोध गङ्गा बिच पुग्नलाई
यो गण्डकीको छ प्रवाह भाइ !

- युगकवि सिद्धिचरण श्रेष्ठ

# धर्म र धार्मिकस्थलको वैज्ञानिकता



**सुश्री यमुना सोती**
अभय वेदान्त साधना आश्रम, देवघाट

**धर्मे सर्वं प्रतिष्ठितम्**

(सबै धर्ममा प्रतिष्ठित छन् ।)

के मान्नु खै भन्छन् यहाँ आजकल योधर्म
मानवताको पुकार त्यै हो कसले बुझ्नु मर्म ।
प्रकृतिले चाहेको नै सबैले हो धर्म,
अर्थ न पर्थ ढोङ्ग भन्न मान्दैनन् नि शर्म ॥

अहा ! मानवको मानस-पटलमा दिव्य आनन्द एवं अलौकिक प्रशान्तिको अनुभूति गराउने शब्द हो धर्म । मानवलाई मानवसँग मात्र होइन चराचर, सजीव, निर्जीव, स्थावर, जङ्गम सम्पूर्ण प्राणी वर्गसँग जोड्ने शक्तिको नाम हो धर्म । देवताको प्रतिमामा एवं गण्डकीको ढुङ्गामा मात्र नभएर सृष्टिको कणकणमा कालको क्षणक्षणमा ईश्वर छन् भनेर जनाउने दर्साउने बुझाउने त्त्वको नाम हो धर्म ।

पृथिवी देवता, आपो देवता, सूर्यो देवता इत्यादि ।

विश्वमा कुनै यस्तो दर्शन छैन जसले सबैमा आफू र आफूमा सबै छन् भनेर दर्शाउँछ । हाम्रो परम वैदिक धर्मदर्शन मात्र यस्तो छ, जसले आब्रह्मस्तम्बपर्यन्त अर्थात् सुरमुनिदेखि भुसुनासम्म सबैको भित्र-बाहिर एउटै परम सत्त्व अभिव्यक्त भइरहेको छ भनी जनाउँछ । तसर्थ धर्म एक वैज्ञानिक प्रक्रिया हो, जसले परिच्छिन्नताबाट हटाएर महानतम विराटताको अनुभूति गराउँदछ । धर्म एक जीवन्त विज्ञान हो, जसले धर्मलाई अपनाउँछ, धारण गर्दछ त्यो रूपान्तरित हुन्छ । त्यो परम सत्यलाई उपलब्ध हुन्छ, जसलाई नजानी हामी व्यर्थ बाँचेका छौँ र व्यर्थै मर्दछौँ । जसलाई जानेपछि अर्थात् अनुभूत गरेपछि जीवनमा धन्यता, कृतार्थता, कृतज्ञता आउँछ र सारा जगत् परमात्मामा रूपान्तरित हुन्छ । आजकल भन्छन् धर्मले पक्षपात गऱ्यो, भेदभाव गऱ्यो, मान्छेलाई मान्छेबाट अलग्यायो यो सर्वथा गलत हो ।

**धारणाद् धर्ममित्याहुः धर्मो धारयते प्रजाः**

- महाभारत ।

संसारका सबै प्राणीहरूलाई एकसूत्रमा बाँध्ने कुनै त्त्व छ भने त्यो हो धर्मत्त्व । वर्तमानमा धर्मको जो एक संकुचित र एकदेशीय अर्थ लगाइन्छ, त्यो धर्मको अपूर्ण प्रयोग हो । धर्म कुनै एक जाति विशेषका लागि, देश विशेषका लागि अथवा एउटा समाजका लागि मात्र होइन, धर्म सार्वभौम छ । प्राणीमात्रद्वारा अनिवार्य रूपमा पालनीय छ । धर्मको परिपालनको सन्दर्भमा देश, जाति अथवा राष्ट्रविशेषको कुनै भेद छैन । सर्वदेशव्यापी, सर्वकालव्यापी, सर्ववस्तुव्यापी छ, धर्मतत्त्व । जो मानवमात्रका लागि उपादेय अर्थात् ग्राह्य छ । धर्म परम विज्ञान हो ।

मनुष्यत्वको पुँजी हो धर्म, मनुष्यताको मूल्य हो धर्म । मानवताका गुण, सत्य, अहिंसा,

क्षमा, दया, प्रेम, करुणा, स्थैर्य, संयम, सहिष्णुता आदि स्निग्ध सुकुमार वृत्तिहरूको विकास गरेर मानवलाई वास्तविक मानव हुन सिकाउँछ धर्मले । वास्तवमा धार्मिकभावको उपेक्षा नै हाम्रो अनुशासनहीनता एवं नैतिकस्तरको ह्रासको प्रमुख कारण हो । नितान्त भौतिक सुखी, भोगलोलुप जीवनले मनुष्यको मनोराज्यलाई विक्षिप्त विच्छिन्न एवं विशृङ्खल बनाएको छ । फलस्वरूप आज जाति-जातिमा, राष्ट्र-राष्ट्रमा, मनुष्य-मनुष्यमा, भेदबुद्धि, ईर्ष्या, द्वेष, कटुता, असहिष्णुता एवं शत्रुता आदि गरिएका आसुरीभावहरू उद्भूत भइरहेका छन् । धर्मानुशासित जीवन अर्थात् मानवीय सद्बुद्धि, सद्गुण एवं सद्विवेक आदि गौरवदीप्त प्रतिभाले युक्त व्यक्तित्वलाई धार्मिक व्यक्ति भनिन्छ, जहाँ धर्मले ओतप्रोत भएका व्यक्तिहरूको निवास छ, त्यो ठाउँलाई धार्मिक स्थल भनिन्छ । जब कोही व्यक्ति गङ्गाको किनारामा नदीको तटमा परमसत्य परमात्मालाई उपलब्ध हुन्छ, तब त्यो उपलब्धिद्वारा गङ्गा पनि आप्लावित हुन्छिन्, आच्छादित हुन्छिन् । गङ्गाका कणकण, नदीको पानीका थोपाथोपा, वरिपरिका पहाड, पर्वत, वृक्ष, भूमि विशेष रूपले अर्थात् आध्यात्मिक रूपले तरङ्गित हुन्छन् । अब त्यो पवित्रतम धार्मिक स्थलमा जो कोही पुग्दछ त्यहाँका पावन आध्यात्मिक किरणहरूले मानवमनको अतल गहिराइमा विशेष प्रकारको दिव्यशान्तिको अनुभूति गराउँछ ।

धार्मिकस्थल अर्थात् जहाँ अधार्मिक कृत्य, अधार्मिक सोच, अधार्मिक चिन्तन, अधार्मिक वचन, अधार्मिक भावना आदिको प्रवेश निषेध छ । जब हाम्रो मनमा नकारात्मक चिन्तन, नकारात्मक भावना, नकारात्मक विचार, तरङ्गहरू उत्पन्न हुन्छन् तब हामीद्वारा अधार्मिक कृत्य उत्पन्न हुन्छन् । अर्को कुरा हाम्रा भावनाद्वारा प्रवाहित सकारात्मक अथवा नकारात्मक विचार तरङ्गहरूले अन्य व्यक्ति एवं उसको मस्तिष्कलाई प्रभाव पारिरहेका हुन्छन् । एक ठाउँमा हामी पाँचजना बसेका छौँ, त्यहाँ एक अपरिचित व्यक्ति आए । अब ती व्यक्तिको विषयमा चिन्तन हुन थाल्दछ । हाम्रा मस्तिष्कबाट विचारका तरङ्गहरू प्रवाहित हुँदै ती व्यक्तिको मस्तिष्कमा प्रवेश गर्न थाल्दछन् यदि हामी पाँच जनाले उनको व्यक्तित्वको विषयमा सकारात्मक सोच राख्यौँ कि - यी व्यक्ति सज्जन छन्, महान् छन्, नराम्रो काम, नराम्रो चिन्तन, नराम्रो आचरण गर्दैनन् । यी सद्भावका तरङ्ग हामीबाट उत्पन्न भए भने ती व्यक्ति नराम्रो आशयले आएका रहेछन् भने पनि उनको भावनामा परिवर्तन आउन थाल्छ । हाम्रा सद्भावनात्मक सोचाइले गर्दा ती व्यक्तिको मस्तिष्कमा रहेको नकारात्मक ऊर्जाले सकारात्मक गति लिन्छ तसर्थ भनिएको छ -

"Hate the sin but love the sinner."

पापसँग घृणा गर तर पापीलाई माया गर । हाम्रो धर्म, संस्कृति र सभ्यताले सदैव अन्य प्राणी एवं वस्तुको विषयमा आफ्नो मन-मस्तिष्कमा नकारात्मक भावना उत्पन्न हुन नदेऊ भनेर शिक्षा दिएको छ । नकारात्मक कृत्यको फल हो दुःख, अशान्ति, बेचैनी जो हाम्रो अभिलषित वस्तु होइन । सबैको भित्र एउटै विराट अस्त्विको वास छ, सम्पूर्ण प्राणीमात्रको हृदयमा ईश्वर अन्तर्यामी रूपले बसेको छ ।

**“ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।”**

- गीता

महात्मा गान्धी भन्नुहुन्छ - यदि सबैको

हृदयमा ईश्वर छन् भने कसको तिरस्कार गरूँ, कसलाई हेलाँ गरूँ ?

"If god resides in every heart, then who dare late whom?" – M.K. Gandhi.

अरूलाई हामी कहिल्यै पनि त्यसरी सोच्दैनौं, जसरी स्वयंलाई सोच्दछौँ, अरू कोही रिसाउँछ भने रिसाहा मान्छे आफू रिसाउँदा अरूलाई सुधार्नको लागि । अरू चोरी गर्छन् त दुष्ट मान्छे, आफूले गर्दा आपद् धर्म । हामी आफ्नो व्यवहारले आफ्नो अहंकारलाई प्रेषित गरिरहेका हुन्छौं । हामीमा जो श्रेष्ठतम छ, त्यसलाई आफ्नो स्वभाव मान्छौं, अरूमा जो निकृष्टतम छ त्यसलाई उसको स्वभाव मान्छौं । परिणामतः हाम्रो व्यक्तित्व परिच्छिन्न हुनजान्छ ।

**“आत्मनः प्रतिकुलानि परेषां न समाचरेत् ।”**

आफूलाई प्रतिकुल हुने व्यवहार अरूप्रति पनि नगर्न सबै धर्म संस्कृतिले सिकाइरहेका हुन्छन् ।

"Don't do on to others that you would not like to be done with you" – Jesus Christ.

हामी भन्न त भन्छौं मुखले कि सबैमा एउटै चेतन सत्त्त्व व्याप्त छ । यसो हुनाले सबैप्रति प्रेम, सद्भाव र एकताको भाव राख्नुपर्छ तर त्यो चेतन ईश्वरलाई अन्य कुनै रूपमा देख्न चाहँदैनौं मात्र मन्दिर, मस्जिद, गिर्जाघर, गुम्बा, गुरुद्वारा आदिमा सीमित राख्छौं। सर्वाधिष्ठान, सर्वावभासक, सर्वस्वरूप परमात्माको स्मरण, चिन्तन एवं दर्शन, मन्दिर, मस्जिदादिको एक कुनामा बसेर मात्र होइन, उनको दर्शन, उनको दिव्य अनुभव जिन्दगीको हर कुनामा, जीवनको प्रत्येक दशामा, प्रत्येक आयाममा, प्रत्येक आयाममा, प्रत्येक जीव-जीवन-जगत्को रूपमा गर्न सकिन्छ । एक ईश्वर दर्शनाभिलाषी भक्त थिए । उनले आफ्नो मनैमनमा भगवान्को एउटा प्रतिमा बनाएका थिए । एक दिन भक्तिमा डुब्दै भगवान्सँग भन्छन् - हे ईश्वर ! म एक्लो छु, अत्यास लाग्यो । मसँग कुराकानी गर न । त्यतिखेर नै एउटा कोइली नजिक आएर कूहू-कूहू बोल्न लाग्यो । वरिपरि अरू चराचुरुङ्गी पनि आफ्नो बोलीमा गुनगुनाउन लागे तर उनले ख्याल गरेनन् । ती भक्त बेस्सरी चिच्याउँछन् - हे भगवान् ! केही त भन, केही त बोल तब एकाएक आकाशमा बादल मडारिन लाग्यो । त्त्काल आकाशलाई ढाक्यो । अहा ! एकसाथ बादलको ढकाइ, मेघको गर्जाइ, बिजुलीको चम्काइ, पानीको दर्काइ हुनलाग्यो । प्रकृतिको वातावरणमा सौम्य-शान्ति-शीतलता छायो तर ती भक्तले ध्यान दिएनन् । उनले तलमाथि चारैदिशा हेर्दै रुँदै भन्छन् - हे परमात्मन् ! तिमी त सर्वव्यापक छौ नि फेरि मेरो अगाडि किन आउँदैनौ ? आउ न प्रभो ! तब बादलहरूमा लुकेको सूर्य चम्किन लाग्यो । चारैतिर उज्यालो न्यानोपन छायो तर उसले पटक्कै ध्यान दिएनन् तब ती भक्त झन् रुँदै चिच्याएर भन्छन् - हे प्रभो ! मलाई कोही तिम्रो चमत्कार त देखाऊ कि तिमी छौ । आफू हुनुमा प्रमाण त देऊ । त्यतिखेर उनको छिमेकमा एउटा शिशु जन्मियो र उसको प्रथम रोदन गुञ्जायमान हुन लग्यो तर ती भक्तले मतलब राखेनन् । अब त उनलाई सहिनसक्नु भयो । आँसु बगाउँदै परमात्मासँग याचना गर्छन् - प्रभो ! केही त गर । ल मेरो अगाडि पनि नआऊ तर मलाई स्पर्श त गर । मलाई थाहा त लागोस् कि तिमी यहीँ छौ, मेरो पासमा, मेरो साथमा । तब एउटा सुन्दर पुतली उड्दै रमाउँदै ती भक्तको हातमा आएर बस्यो तर उनले ख्यालै नगरी उडाइदिए र उदास भए कि भगवान्ले सुनेनन्, पटक्कै सुनेनन् । हामीलाई के लाग्छ यी भक्तको पुकार भगवान्ले

सुने कि सुनेनन् ? सुने, अवश्य सुने र सर्वव्यापक परमात्माले यति धेरै रूपमा दर्शन थिए, कुरा गरे तर उनले अर्थात् ती भक्तले सुनेनन्, चिनेनन् ।

परमात्माले त हामीलाई सर्वदा, यत्रतत्र सर्वत्र, सर्वरूपमा दर्शन दिइरहेका छन् । यति हो कि हामीसँग उनको अनुभूतिको लागि सम्यक् दृष्टि र क्षमता हुनुपर्‍यो ।

**यद् यत्पश्यति चक्षुर्भ्यां तद् तद् ब्रह्मेति भावयेत् ।**
**यद् यत् श्रृणोति श्रोत्राभ्यां तद् तद् ब्रह्मेति भावयेत् ।**
**यद् यद् जिघ्रति नासाभ्यां तद् तद् ब्रह्मेति भावयेत् ।**
**यद् यत्स्पृशति पाणिभ्यां तद् तद् ब्रह्मेति भावयेत् ॥**

जति शब्दादि, रूपादि यावत् दृश्यवर्ग सम्पूर्ण जगत् परमात्माकै रूप हो । मानवीय कृत्यको कृतकार्यता, परिपूर्णता ईश्वरानुभूतिमा नै छ । परमात्माको सौन्दर्य, सम्यक् अनुभूति उनको अखण्डतामा छ, समग्रतामा छ, परिपूर्णतामा छ । जब अखण्ड अपरिच्छिन्न परमात्मालाई हामी टुक्र्याउँछौं, खण्ड-खण्ड बनाउँछौं, यो बेग्लै, त्यो बेग्लै, म बेग्लै बनाउँछौं तब हाम्रो जीवनमा अधिकबाट अत्यधिक, अत्यधिकबाट सर्वाधिक हुने कामनाको कारण स्वार्थ, प्रवञ्चना, ईर्ष्या, द्वेष, हिंसा आदि कुप्रवृत्तिहरू जन्मिन थाल्छन् । अन्तः जीवन दुःख, सन्ताप, पीडा, अशान्ति, कलह आदिले घेरिन्छ । यी दुःखका बीउ हामी आफैँले रोपेका हौं । यसमा कोही उत्तरदायी छैन । भगवान् गौतमबुद्धले धम्मपदमा भन्नुभएको छ - "तिमी दुःखी छौ भने खोज हेर तिम्रैभित्र दुःखका बीउ भेटिन्छन् ।" हामी आफ्नो व्यक्तित्वका स्रष्टा आफैं हौं । मार्क्सवादले समाजलाई, फ्रायडवादले प्रकृतिलाई उत्तरदायी माने तापनि हाम्रो धर्मदर्शनले व्यक्तिको व्यक्तित्वको निर्माणमा सदैव व्यक्तिलाई नै अर्थात् हामीलाई नै उत्तरदायी मानेको छ । तसर्थ जबसम्म सकल विश्वजीवन धर्मको शरणमा धर्मको संरक्षकत्वमा, धर्मको परिधिमा आउँदैन तबसम्म दया, क्षमा, सत्त्वशीलता, करुणादि शाश्वत सद्वृत्तिहरूको ह्रास भइरहन्छ र मानव जीवन संशयग्रस्त भयाक्रान्त विषम परिस्थितियुक्त भइरहन्छ तसर्थ "तमेव शरणं गच्छ" । अस्तु

सेरो र फेरो सब विश्व घेरो
बस्दा यहाँ लाग्छ मलाई मेरो
जहाँ म जाऊँ जुन ठाउँ धाऊँ
भेटिन्छ मेरै घर नाउँ गाउँ

- युगकवि सिद्धिचरण श्रेष्ठ

# तीर आफैंतिर

निरञ्जन

**भूमिका**

देवघाट तीर्थस्थलको संरक्षण-संवर्द्धन गर्दै मनोरम शान्त थलोको रूपमा विख्यात गराउने उद्देश्यले देवघाट क्षेत्र विकास समिति २०५० सालमा गठन भएको हो । समितिका पदाधिकारीको पदावधि २ वर्षको मात्रै भएकाले आफ्नो कार्यथलोको वस्तुगत अध्ययन गर्न र सरोकारवाला पक्षसँग घुलमिल भएर काम गर्न समय अपर्याप्त भएको बुझिन आएको छ । समितिका पदाधिकारीको कार्यकार कम्तिमा ५ वर्ष हुन आवश्यक छ । साथै समितिले आफ्नो उद्देश्यअनुरूप कार्य गर्न अधिकार सम्पन्न "देवघाट क्षेत्र विकास परिषद् ऐन" पाउनुपर्ने कुरालाई पनि नेपाल सरकारको दृष्टि पुगोस् भनी ध्यानाकर्षण गर्न चाहन्छौं ।

वर्तमान समितिले यस थलोको संरक्षण-संवर्द्धन गर्दै भौतिक निर्माणका कार्यहरू गरिरहेको पाइन्छ । मानव-मानवबिच हुनुपर्ने नैतिक मूल्यमा ह्रास नआओस् भनी बेलाबखत तीर्थअनुरूपका सूचना प्रवाह गरेको पनि देखिन्छ । तैपनि यदाकदा जानअन्जानमा अनुचित गतिविधिहरू देख्न, सुन्नमा आइरहेकै छन् ।

**१. देवघाटमा बाटो र आवासगृह निर्माण**

क) पदयात्रीहरूका लागि केही बाटोहरू बनेका छन् । गोरेटो-घोडेटो बाटोहरूमा फरक बनाउँदै मोटर गुडाउने उद्देश्य राखिएको छ । ६ मिटरभन्दा फरक चौडा कच्ची बाटोहरू मोटर गुडाउने हतारोले लथालिङ्ग भइरहेका छन् । मानव बस्तीमा आवासगृह बनाउने क्रम तीव्रगतिमा भइरहेको छ । देवघाट क्षेत्रको गुरुयोजना बनाउन १२ वर्ष लाग्यो । प्रशस्त खर्च र लामो समय लगाएर बनाएको गुरुयोजना अर्को १२ वर्ष बितिसक्दा पनि कार्यान्वयनमा आउन सकेन । मापदण्ड मिचेर निर्माण कार्यहरू भइरहँदा सरोकारवालाको ध्यान पुग्न सकेन । नालाबाट बाढीको पानी बगेर जावस् । घर-घरबाट निस्कने लुगा धोएको, भाँडा माझेको र बाथरुमको फोहोर पानी बाटोमा, नालामा पार्न हुँदैन । त्यस्तो फोहोर पानी आफ्नै जमिनभित्रको सेफ्टी ट्याङ्कीमा सोस्ने प्रबन्ध गर्नुपर्दछ । मन्दिर, कुटी, धर्मशालाबाट उत्पादन हुने फोहोर निर्माणकर्ताले आफ्नै जमिनमा स्वयम् व्यवस्थापन गर्नुपर्दछ ।

ख) देवघाट तीर्थस्थलमा बाटोको दाहिने बायाँ दुवैतर्फ खाली चौर, फूलबारी, तुलसीबारी बनाउने र पदयात्रीलाई दोहोरो हिँड्न बाधा नपर्ने गरी पर्व पर्वमा फूलपाती, ध्वजापताकाका पसलहरू लस्करै रहनु शोभनीय हुन्छ । जबर्जस्त बलमिच्याइँ गरी पदयात्रीको लागि बनाइएको बाटो मिचेर कुनै पनि बहानामा थुनछेक गर्नु तीर्थअनुकूलको व्यवहार हुँदैन । देवघाट तीर्थस्थल हो भन्ने चेतना दिँदै सो अनुकूलको आचरण गर्न गराउन नियामक निकायहरूले अनुगमन गरी नियमन गरिरहनुपर्दछ ।

ग) देवघाट क्षेत्र विकास समितिको कार्यक्षेत्रभित्र विभिन्न महानुभावहरूले यस तीर्थस्थलमा रहेर जपतप, ज्ञानध्यान एवं आध्यात्मिक

साधना गर्ने भनी कुटीहरू निर्माण गर्नुभएको छ । केही वर्षयता कुटीका नाममा प्रशस्त रड सिमेन्ट प्रयोग गरेर आधुनिक बङ्गला बनाउँदै आएको पनि पाइन्छ । यी ठूला भवनहरू यदाकदा खुल्छन्, धेरैजसो ताला लगाएर बन्द नै राखिन्छ। तीर्थस्थलमा ठाउँ ओगट्ने तर ती भवनहरू ठिकठिक तरिकाले उपयोगमा नल्याउने प्रवृत्ति बढ्दो छ। 'माल पाएर चाल पाए पो हुन्छ।' देवघाट तीर्थस्थलमा कंक्रिटका महलहरू सजाउनु शोभनीय हो र ! बनाइसकेका भवनहरू प्रयोगमा नल्याई ताला झुण्ड्याएर खाली नै राख्नु देवघाटप्रति अर्को अन्याय भएन र !

**२. धर्मका नाममा विकृति**

क) धर्मका नाममा झ्याङ्गिएको अन्धवाद र रुढीवादले तीर्थयात्रीहरूलाई अलमलमा पारेको छ । तीर्थयात्री सोझै त्रिशूली र कालीगण्डकीको सङ्गममा स्नान गरी जपध्यानमा बस्न चाहन्छन्। यस्तो इच्छा र सद्भावलाई देवघाटमा निरन्तर बसिरहनुभएका स्वयम्सेवी वा व्यवसायीहरूले पूजा सामग्री उपलब्ध गराएर दर्शनीय स्थलहरू बताइदिनु उचित हुन्छ । यदाकदा, कसैकसैले आफ्नो धन्दा चलाउने नाममा नकिने पनि हुने चिज किन्न जोरजुलुम पार्ने वा भ्रम सिर्जना गरेर झुक्याउने गरेको गुनासो सुन्नमा आएको छ। विदेशबाट रु. ५०।- मा किनेर ल्याएको "राम राम" "राधे राधे" लेखिएको पहेंलो पातलो पछ्यौरा रु. ३००।- मा बेच्ने । मानिसले मेसिनको प्रयोग गरी बनाएका शालीग्राम जस्ता चक्रैचक्र परेका काला ढुङ्गा "कालीगण्डकीमा भेटाइएको साक्षात् विष्णु भगवान्" भनी झुक्याई महँगोमा बिक्री गर्ने । एक मुखे, पाँच मुखे भनी रु. ३०।- मा किनेर ल्याएको नक्कली मुख बनाएको रुद्राक्ष रु. ३०००।- मा बेच्ने गरेको कुराहरू पनि सुन्नमा आएका छन् । तथ्य पत्ता लगाएपछि पश्चात्ताप गर्ने यात्रीहरू अनगिन्ती फेला परेका छन् । तीर्थवासीमा अगाध नैतिकमूल्य हुन्छ भन्ने विश्वास लिएर टाढाटाढाबाट देवघाट दर्शन-स्नानका निम्ति पाल्नुभएका यात्री महानुभावप्रति विश्वासघात गर्नु हुँदैन ।

ख) कालीगण्डकीका शिला विष्णु भगवान्का प्रतीक मानिन्छन् । ती शिला मन्दिरमा र तुलसीको मठमा राखी श्रद्धापूर्वक नित्य पूजा गर्ने चलन पनि छ । कालीगण्डकीबाटै ल्याइएका ढुङ्गा गिटी बालुवाले शौचालय निर्माण गर्ने गरेको पनि पाइयो। हाम्रो धार्मिक परम्परामा पूजनीय शिलालाई शौचालयमा समावेश गर्नु उचित हो र !

**३. स्वस्थ र शान्त जीवनका लागि गर्नुपर्ने काम**

क) "नाङ्गा नाचे नौ दाऊ" को रूपमा देवघाटलाई आफूअनुकूल प्रयोग गर्ने। तीर्थ महिमाको ख्याल नगरी व्यक्ति-इच्छा, झुण्ड-इच्छाको खातिर यस भूमिलाई दुरूपयोग गर्ने गरेको पनि पाइन्छ । जनस्वास्थ्यलाई हानी पुऱ्याउने कुराहरूको प्रचार प्रसार गर्ने र शान्ति भङ्ग गर्ने कार्य पनि यदाकदा भइरहेकै छन्। क्षेत्र विकास समितिले यो क्षेत्रभित्रका जनतालाई स्वस्थ जीवन र शान्त जीवनका लागि सम्बन्धित विशेषज्ञ, उत्प्रेरक, डाक्टर आदि ल्याएर सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै गुरुयोजना पनि सँगसँगै लागू गर्दै अगाडि बढ्न आवश्यक छ।

ख) देवघाट क्षेत्रलाई अनुशासित र मर्यादित स्थलको रूपमा पहिचान गराउन, सफा, शान्त, मनोरम तपोभूमिको रूपमा संरक्षण-संवर्द्धन गर्न कम्तिमा पनि भित्री धार्मिक क्षेत्रमा गुरुयोजना लागू हुन जरुरी छ । Small is beautiful भन्ने कुरालाई हृदयङ्गम गर्दै भित्री धार्मिक क्षेत्रलाई सुन्दर बगैंचाको

रूपमा स्थापित गर्न सम्बन्धित सबैको ध्यान पुगोस् भन्ने नम्र निवेदन छ ।

**४. दान**

क) शुद्ध कमाइको केही अंश दान दिनु राम्रो हो । दान लिने र दान दिने चलन परम्परादेखि चल्दै आएको पाइन्छ । विशेष गरी तीर्थस्थलहरूमा दान दिने, दान लिने चलन व्यापक छ । आफ्नै कमाइको दशांश दान दिनु राम्रो हो भनी शास्त्रमा उल्लेख छ । शास्त्रमा यो पनि उल्लेख छ कि दाताले आफ्नै शुद्ध कमाइको अंश दान दिनुपर्छ र दान लिनेले पनि दाताको शुद्ध कमाइ हो भन्ने ठम्याएर मात्र दान लिनुपर्छ । चोरेको धन, ठगेको धन दानको रूपमा प्राप्त भयो भने त्यसबाट लाभको सट्टा हानी हुन्छ । चोरेको, ठगेको धनबाट केही कुरा खाएको छ भने मन बिग्रन्छ । दुःख आइलाग्छ, पीडा उत्पन्न हुन्छ । केही वर्ष पहिलेको कुरा हो खप्तड बाबा आफ्नो कुटीबाट केही दिनको यात्रामा ग्रामीण भेगतर्फ निस्कनुभएको थियो । हिँड्दा हिँड्दै घाम डुबे, रात पऱ्यो, बाटो छेउको गृहस्थको घरमा बास माग्नुभयो । उहाँले घरधनीले दिएको खानेकुरा खाएर रात बिताउनुभयो । भोलिपल्ट सखारै घरधनीसित बिदाबादी भई बाटो लाग्नुभयो । केहीबेर हिँडेपछि एउटा पँधेरोमा पुग्नुभयो । उहाँले त्यही पँधेरोमा नुहाइधुवाइ गर्नुभयो । पँधेरो नजिकैको पर्खालमा अर्केले सुकाइराखेको धोतीमा उहाँको नजर पऱ्यो । त्यो धोती देखेपछि उहाँको मनमा पाप पलायो । त्यो धोती पोको पारेर आफ्नो झोलामा हाल्न मन लाग्यो । त्यसै बखत पल्लो टोलका एकजना किसान गाग्री लिएर पानी भर्न आए । खप्तड बाबाले ती किसानसित जिज्ञासा राख्नुभयो "गए रातमा मैले अमुक किसानको घरमा बास बसी भोजन गरें । अहिले बिहान यो पँधेरामा नुहाइसकेपछि पर्खालमा सुकाएको अपरिचित पुरुषको कछाड चोर्न मन लाग्यो । पहिले कहिल्यै यस्तो गरी मन बिग्रेको थिएन । आज यसरी किन मन बिग्रिन गयो ?" "ए, तपाईं झुक्यानमा पर्नुभएछ, त्यो त हाम्रो गाउँको चोर हो । गए साँझ उसले चोरेको चिज तपाईंलाई खान दियो, त्यसैले तपाईंलाई चोर्न मन लाग्यो ।" भनी ती किसान गाग्रीमा पानी भरी घरतिर लागे । यसरी खप्तडबाबा जस्ता विख्यात महात्मालाई पनि चोरेको भोजनले मन बिगाऱ्यो । कतै देवघाटका मठ, मन्दिर, आश्रममा चोरेको, ठगेको धन दानका रूपमा भित्रिएको छ कि ! मन्दिरभित्रका दानपेटी किन चोरी हुन्छन् त !

**५. देवघाटमा धन, दान र त्यसको प्रयोजन**

क) देवघाटलाई मनोरम तीर्थस्थलको रूपमा सम्वर्द्धन गर्न शुभचिन्तक महानुभावहरूले प्रशस्त धन दान गर्नुभएको छ । साधु, सन्त, महात्मा, संन्यासी, यति र समस्त साधकहरूको योग, ध्यानमा बाधा नपरोस् शान्तिपूर्वक उहाँहरूको दिनचर्या चल्दैरहोस् भन्नका लागि आवास, भोजन, औषधी आदि कार्यमा खर्च गर्न नगद दान, अन्नदान, वस्त्रदान प्राप्त हुने गरेको छ । कसैकसैले निःशुल्क भोजनालय पनि सञ्चालन गरिरहनुभएको छ ।

दाता महानुभावहरूले दिनुभएको दानबाट पीठहरूले जग्गा जोर्नुभएको छ । आवास भवनहरू, विद्यालय भवनहरू बनाउनुभएको छ । दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न साधनहरूको प्रबन्ध गर्नुभएको छ । यस थलोमा विभिन्न पर्वहरू, उत्सवहरूमा साधु, सन्त, महात्माहरूको दर्शन गर्न पाइन्छ । गुरुजनहरूले बटुकहरूलाई अनुशासनको पाठ सिकाउनुभएको छ । पीठहरूमा पूर्वीय

सभ्यताको संरक्षण भएको छ । आवास र विद्यालय भवनहरूमा रहुन्जेल, गुरुको नजर परुञ्जेल वटुकहरू पनि संयमित रहेको पाइन्छ । यहाँको पढाइ सकेर आ-आफ्नो घर फर्कदा वा पेशाको खोजीमा जाँदा गुरुकुलमै रहँदाको सरल र संयम् जीवनशैली अपनाउने गरी गुरुले बिदा गर्नुहुन्छ ।

ख) गुरुकुलहरूमा असल नागरिक उत्पादन गर्ने जमर्को गरिन्छ । लगानीको अनुपातमा असल नागरिकको संख्या यथेष्ट छैन । एकजना विद्यार्थीका निम्ति शुरु भर्नादेखि शास्त्री/आचार्य उत्तीर्ण गर्दासम्म लाखौंलाख लगानी भएको छ। यहाँ मेहनतका साथ पढाइन्छ । यहाँका विद्यार्थी उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण हुन्छन् । अनुशासित बटुकहरूले विभिन्न उत्सवहरूमा श्रोता र दर्शकहरूलाई आफ्नो गला र कलाले मुग्ध पार्छन् ।

विभिन्न जिल्लाबाट यहाँका गुरुकुलहरूमा अध्ययनार्थ बालकहरू भर्ना गर्न ल्याउँदा बाबुआमाहरू भन्ने गर्दछन् - "हाम्रा छोराहरूलाई सद्‌शिक्षा दिएर असल बनाउनका लागि यहाँ ल्याएका हौं । सके ठूलै होलान् नत्र कर्मकाण्ड गरेर आफ्ना परिवार त पाल्लान् !"

यहाँका गुरुकुलहरूबाट हामीले तीनथरी नागरिक तयार भएको पाएका छौं ।

१. आध्यात्मिक चिन्तक - नदी किनार, वन, धार्मिक मठ-मन्दिरमध्ये कतै रहेर ज्ञान अभिवृद्धि गर्ने, ध्यान गर्ने र ईश्वरीय चिन्तनमा समर्पित हुने । यस्ताले कसैलाई दुःख दिँदैनन् बरु सहायता गर्न सक्छन् ।
२. आफूले आर्जन गरेको शिक्षा अनुकूल पेशा अँगाल्ने विद्यालय, महाविद्यालय, गुरुकुलमा शिक्षक, प्राध्यापक भई सामान्य पारिश्रमिक लिएर विद्यार्थीहरूलाई पढाउने । सरकारी वा गैर सरकारी कार्यालय वा संस्थामा नोकरी गर्ने ।
३. मौकामा चौका हान्ने - तेस्राथरी उत्पादकहरू नदी किनारमा माछा ढुकेर बसेको बकुल्लोजस्ता छन् । यी धूर्तहरू बिछट्टका हुन्छन् । यी मानिसहरू आफूलाई गुरुजी, पण्डितजी, महात्माजी आदि सम्मानजनक शब्दहरूद्वारा पुजनीय गराउन चाहन्छन् । यिनका झोलामा हर्दम कर्मकाण्डका किताब, पात्रो, ज्योतिष विधाको पुस्तक सजाइएका हुन्छन् । विभिन्न चाडपर्वमा तँछाडमछाड गर्दै घर-घरमा, मन्दिर-मन्दिरमा, स्नानघाटमा विभिन्न रूपरङ्गमा देखापरिरहन्छन् । यिनीहरू कस्ले बढी दक्षिणा दिनसक्छ, त्यसको खोजीमा हुन्छन् । एकाहा, सप्ताहजस्ता विशेष यज्ञमा धेरै पण्डित चाहिने हुँदा खेताला खोज्छन् वा खेताला लाग्छन् । चाडपर्व सकिएपछि आ-आफ्नै घरपरिवारमा भुल्छन् । खेतीपाती पनि गर्छन् । यिनीहरू यजमानलाई झुक्याउन सिपालु हुन्छन् । कतै देउता नै यिनै हुन् कि झैं गरी साखुल्य हुन्छन् । यजमानलाई पगालेर धनदौलत झार्छन् । यी पण्डितहरू भन्ने गर्छन् - "हेर्नोस् यजमानजी, हामीले कर्मकाण्ड गरेर तपाईंका मातापिता वा सन्तानलाई स्वर्ग पुऱ्याइदिन्छौं । हामीले नै वैतरणी तारिदिन्छौं । तर हामी चाहिँ नर्कैमा रहन्छौं । हामी उहिल्यैका जस्ता रुढीवादी पण्डित होइनौं । हामी आधुनिक पण्डित हौं । हाम्रा गोठ छैनन्, हामीलाई गाई दान नगर्नुहोस् । उहिल्यै गाई बाँध्ने ठाउँमा अचेल बैंक स्थापना भएका छन्, हामीलाई नगद दान

गर्नुहोस् । तपाइँले हामीलाई गर्नुभएको सुन, हीरा, मोती, विस्तारा, पलङ दान सिधै माथि तपाईंका सन्तानले पाउँछन् । हामी तपाईंलाई मोक्ष गराउन सक्छौं । हामीलाई मोक्ष गराउने कोही छैन । हामी मर्त्यलोकमै परिरहन्छौं ।"

**६. उपसंहार**

हामीले देवघाट परिसरमा आराध्य देवालयहरू प्रशस्त निर्माण गरेका छौँ । हामी ईश्वरका यति भक्त छौँ कि शमीका रुख ढालेर सिमेन्टका मन्दिर बनाइहाल्छौँ । भक्तजनहरूले स-साना कुटी बनाई स्वतन्त्र ढङ्गले नित्य गङ्गास्नान, जपध्यान गरेर ईश्वर आराधनामा रहेको कुरा हामीलाई उति मनपर्दैन । भनौँ न तीर्थस्थलमा भक्तजनहरूले आ-आफ्नै शैलीमा अपनाएको धार्मिक पद्धति हामीलाई मन परेको छैन । स-साना कुटीको सट्टा भव्य बङ्गला र स-साना मन्दिरको सट्टा ठूला मन्दिर बनाएर केही मानिसहरूले यो तीर्थस्थललाई अन्धाधुन्ध कंक्रिटको शहर बनाइरहेको कुरा जगजाहेर छ ।


देवघाटको सेरोफेरोमा विकासका नाममा जथाभावी भत्काएर माटो बगाएका छौँ । नदी-खोला आसपासको ढुङ्गा, गिटी, बालुवा उत्खनन गरी यहाँको घनाबस्तीलाई उजाड पार्ने गरी यो थलोलाई अत्यन्त कमजोर बनाएका छौँ । यो भूमिको रक्षा गरी मनोरम वातावरण कायम राख्न बल पुऱ्याउने शक्तिदमनको चपेटामा परेको छ ।

वन मिच्ने, तपोभूमि मिच्ने, नदी किनार अतिक्रमण गर्ने, भद्रगोल तरिकाले निर्माण कार्यहरू गर्ने, मन्दिर परिसरको जग्गा हडप्ने, बढ्दो ध्वनिप्रदूषण, दलाल, फौबञ्जार, विचौलियाको बिगबिगी, नशाजन्य पदार्थहरूको प्रयोगले निरन्तरता पाउनुजस्ता यावत् विकृतिले पाप मौलाउँदै जानु, धर्म वैलाउँदै जानुको कारण कालीगण्डकी देवघाटबाट बग्न हिच्किचाएकी छन् र उनले चेतावनी दिएकी छन् कि "अझै पनि देवघाटबासीको चेत फिर्दैन भने यो कोलाहलमा टिक्न सक्दिनँ, सुरुङ्गबाट लुक्दै म शान्तिथलो लुम्बिनीतर्फ लाग्छु ।"

भाषा ! तिमी लौ सब चूप होऊ
आत्मामहाँ पुग्न मलाई देऊ
आत्मा भुलेमा सब अन्धकार
आत्मा खुलेमा सब ज्योतिधार

- युगकवि सिद्धिचरण श्रेष्ठ

# गलेश्वर बाबाको चमत्कार एवं बोटे जातिहरूको परिचय



सोमबहादुर बोटे
कर्मचारी, देवघाट क्षेत्र विकास समिति

नेपालको मध्यभागमा उत्तरतर्फ महाभारत पर्वत र दक्षिणतर्फ माडीको तराईको समतल भाग त्रिशूली र कृष्णागण्डकीको सङ्गम देवघाटधाम योगीराज ईश्वरानन्द ब्रह्मचारीद्वारा स्थापना भएको गलेश्वर आश्रममा बाबा हुनुहुँदा गलेश्वर आश्रममा फलेका फलफूलहरू गाउँलेहरूलाई बोलाएर मात्र बाँड्ने प्रचलन गलेश्वर बाबामा थियो । गाउँमा फलेको अन्नपात फलफूलहरू आश्रममा दिएपछि मात्र घरमा भित्र्याउने प्रचलन देवघाटमा नै विस्थापित हुन पुग्यो । गलेश्वर बाबाले अग्निधुनीबाट चिम्टाले चाँदीको रूपैयाँ पैसा टपरीमा निकालेर दिने गर्नुहुन्थ्यो । खाने रोटी पनि अग्निधुनीबाट निकालेर बाँड्ने गर्नहुन्थ्यो । बाबाले खराउ लगाएर वेणी सङ्गममा स्नान गरी सूर्यकुण्डमा गएर ध्यान गर्नुहुन्थ्यो रे ! देवघाटमा लामो समयसम्म खडेरी परेर पानी पर्न छाडेपछि गाउँमा अन्नपातलगायत फलफूल रोप्न नपाएपछि बाबाले गाउँलेहरूलाई बोलाउनु हुन्थ्यो ।

गलेश्वर बाबा र सीताराम सापकोटा दुईजना मिलेर चक्रवर्ती मन्दिरमा रुद्रीपाठ सुरु गरी गाउँलेहरूलाई लिएर वेणी सङ्गममा गई स्नान गरी पाठपूजा गरी जल लिएर पानी छेपाछेप गर्दै जय शिवशंकर हरहर महादेव भन्दै चक्रवर्ती मन्दिरमा नपुग्दै ठूलो पानी पर्ने गर्थ्यो । पानी परेपछि गाउँलेहरूले पनि पानीले नुहाउँदै कठ्याङ्ग्रिँदै मन्दिरमा पुगेपछि घरघरमा फर्किने गर्दथे । भोलिपल्टदेखि गाउँलेहरूले गाउँमा अन्नपातलगायतका फलफूल रोप्न सुरु हुन्थ्यो । एकदिन बाबाले भन्नुभएछ हर्देली बोटेलाई - मलाई गैंडाकोटको नदीको टापुमा लगेर छोड्नु, बेलुकी हर्देली बोटेले एउटा काँठेडुङ्गामा चढाई वेणी सङ्गमबाट बाबालाई लिएर गैंडाकोटको टापुमा बाढीले बगाएर ल्याएको ठूलो सिमलको सुकेको रुख नदीकिनारमा लगी बेलुकी छोड्नु भएछ । हर्देली बोटेले भन्नुभएछ बाबा हामी फर्कछौं । बाबाले भन्नुभएछ - तिमीहरू अब घर फर्केर जानु भोली तीन ओटा काठे डुङ्गा लिएर आउनु । त्यहाँबाट हर्देलीबोटे फर्कनु भएछ । भोलिपल्ट बिहान तीनवटा काठे डुङ्गा लिएर हर्देली बोटे पुग्नुभएछ । त्यहाँ खाद्यन्न चामल, दाल, नुन, तेल, टिनको कन्टरमा घ्यू देखेपछि तीनछक पर्नुभएछ । हर्देलीबोटेले बाबालाई सोध्नुभएछ - बाबा यो सब कसरी ? प्रत्युत्तरमा बाबाले भन्नुभएछ, मैले शंख फुकेको गाउँहरूले ल्याइदिए फेरी हर्देली बोटेले सोध्नुभएछ - यहाँ त कुनै गाउँ नै छैन नि बाबा । त्यहाँबाट खुसी हुदैं तीनवटै डुङ्गामा समान लोड गरी भरीभराउ डुङ्गामा बाबालाई चढाएर देवघाट फर्किनु भएछ । गलेश्वर बाबाले ठूलो एकादशीमा गाउँलेहरूलाई बोलाएर बेलुकी तोरण बाँट्ने, फुल उन्ने, पूजापाठ गर्ने र भोलिपल्ट बिहान गाउँलेसहित मिलेर फूलको डोली लिएर देवघाट वेणी सङ्गममा दुईवटा काठको लिङ्गो

गाडी कृष्णागण्डकी नदीमा काठे डुङ्गाबाट तोरण तार्नुहुन्थ्यो । तोरण तारेपछि गाउँलेहरूलाई खुसी हुदैं भण्डारा लगाउनु हुन्थ्यो । टिनको कन्टरमा घ्यू तताएर प्रत्येक गाउँलेहरूलाई बाबाले नै एक एक डाडु घ्यू बाँड्नुहुन्थ्यो। यो परम्परा गलेश्वर आश्रममा अहिले विस्थापित हुन पुग्यो । तोरण तार्ने परम्परा अहिले पनि चक्रवर्ती आश्रममा जीवितै छ। एकदिन नन्दे बोटे लगायत छ जना मिलेर पशुपति मन्दिर तल बिच बाटोमा ठूलो ढुङ्गालाई पल्टाउन खोजे। यो हल्लाउन पनि नसकेपछि छोडिदिउँ भने । बाबाले देख्नुभएछ हाँस्दैहाँस्दै आउनुभएछ। बाबाले के भयो भनेर सोध्नुभयो, उनीहरूले भनेछन् -हामीहरूले ढुङ्गालाई पल्टाउन सकिएन बाबा। बाबाले भन्नुभयो हामीहरू सबै मिलेर धकेलौं ढुङ्गालाई । त्यसपछि बाबाले छुनासाथ ढुङ्गा पल्ट्यो । सबैजना खुसी हुँदै बाबालाई धन्यवाद दिनुभएछ । त्यो ढुङ्गामा पगलाबाबा अघोरी बस्नुहुन्थ्यो । त्यो ढुङ्गा अहिले छैन्। भगवान् पृथ्वीमा मनुष्य जन्म लिएर आउनु हुन्छ । भगवान्लाई कसैले पनि चिन्न सक्दैन मनुष्यरूपी भगवान्को मृत्युपश्चात् मात्र उहाँको ज्ञानवुद्धि शक्तिदिने भगवान् रहेछ भनेर बल्ल मानिसले पछि गएर मात्र चिनिन्छ।

**बोटे जातिहरूको परिचय**

नेपालको मध्यभागमा उत्तरतर्फ महाभारत पर्वत र दक्षिणतर्फ माडी साहितको तराईको समतल भूभाग व्यापारिक केन्द्र नारायणघाट पूर्व र पश्चिमतर्फ मनोरम हरियाली मौलाकालिका मन्दिर,वन,वस्ती दुई महानदीको तटीय भू-भागमा अवस्थित देवघाटधाम नेपालको असमान धरातलीय भू-भागमा बसोबास गर्ने विविध जातजाति भाषा एवं पृथक्-पृथक् संस्कृति पहिचान भएका मानिसहरूको बसोबासले यसको सुन्दरतामा सुगन्ध थपिएको छ। विभिन्न भौगोलिक क्षेत्रलाई आफ्नो मूलथलो मान्दै परापूर्वकालदेखि नेपालको विभिन्न जिल्लाहरूमा छरिएर बसे पनि बोटे जातिहरू रिडीबाट रुद्रवेणी सेतीगण्डकी र कालीगण्डकीको किनारैकिनार आई बसोबास गर्ने थलो बनाएको इतिहासविद्हरू बताउँछन् बोटे जातिमा आफ्नो भाषा, संस्कृति, वेशभूषा,चाडपर्व छन् । आफ्नै संस्कृति रीतिरिवाज अनुसार चाडपर्वहरू मनाउँछन् बोटे जातिहरूलाई दुई भागमा वर्गीकरण गरीएको छ। रामको पालामा राम वनवास जाँदा नदीमा तार्ने क्रममा रामले बोटे दाइलाई सुनको औंठी दिएका थिए। त्यो औंठीलाई बोटेले झ्याङ्लाको झोलामा राखेको थियो । फर्कने क्रममा नदीको बिचमा झोलाबाट औंठी खस्यो र बोटेदाइ पनि औंठी झिक्न पानीमा डुब्यो यता घरमा बसेको बोटे भाइले उ मऱ्यो भनी किरिया गरिदिए। किरिया गरेको १३ दिन पुगेपछि जीवितै सुनको औंठी लिएर गाउँमा आइपुग्यो । त्यसपछि रामले पानी भित्रबाट सुन लिएर आउने दाइलाई सुनधुवा बोटे र पाखामा बसी किरिया गर्ने बोटे भाइलाई पाखे बोटे, माझी भनेर दुई वर्गमा छुट्टाइदिए भन्ने किंवदन्ती छ। यी दुई बोटेहरूमा आ-आफ्नै गोत्र हुन्छ।

**(१) सुनधुवा बोटेहरूको गोत्र**

क) चम्फैरानी गोत्र

ख) कालीजीव गोत्र

ग) सेतीजीव गोत्र

घ) गोरस गोत्र

ङ) धुवारीधुसे गोत्र

च) कासेधारी गोत्र

बोटेहरूमा पनि आफ्नै रीतिरिवाजअनुसार मागी विवाह गर्दा गोत्र जुराएर मात्र विवाह गर्ने

प्रचलन छ । एउटै गोत्रमा विवाह गर्नुहुँदैन भन्ने मान्यता बोटे जनजातिहरूमा पनि छ । परम्परादेखि नै बोटे समुदायहरूको रीति-रिवाजअनुसार मागी विवाह गर्दा नेपालको विभिन्न जिल्लाहरूमा ठाउँ अनुसार फरकफरक प्रचलन हुन्छ । कुनै ठाउँमा जुनसुकै बार पारे पनि हुन्छ भने कुनै ठाउँमा मङ्गलबार पारेर माग्ने प्रचलन छ । पहिलो केटी माग्न जाँदा एक बोतल रक्सी लिएर जानुपर्ने, दोश्रो पटक जाँदा दुई बोतल रक्सी लिएर जानुपर्ने र तेश्रो पटक जाँदा कुरा टुंग्याउने कुन दिन लगन जुर्छ त्यही दिन कुरा टुङ्ग्याउँछ । बोटे भाषामा लमीलाई पैठियार भनिन्छ भने पैठियारको भूमिका सुरुदेखि नै अन्तिमसम्म ठूलो जिम्मेवारी हुन्छ । पैठियारलाई कति जन्ती ल्याउने विवाहको दिनमा उखुको ढाँकमा दहीको ठेकीसहित जन्ती लोकन्ता-लोकन्ती दियो-कलशसहित लिएर जाने । सेल रोटी, बोका/खसी, रक्सी/जाँड यति पाथीको र कुखुरा भाले, पोथी एवम् अन्य सामग्रीहरू लिएर आउनु भन्ने प्रचलन छ। मावली बुझाउनु पर्ने सानो मावली ठूलो मावली सेल रोटी रक्सी, बोका, कुखुरा आदि लैजान पर्दछ । मावलीले पनि सामान अनुसारको भेटी पैसा दिनु पर्ने प्रचलन छ। जग्गियामा रातभरि बस्नुपर्ने र बेहुला पक्ष र बेहुली पक्षमध्ये जसको गुन्द्री ओछ्याउन छिटो हुन्छ त्यसैको जीत हुन्छ र बेहुलीपक्षको जीत भएमा बेहुलापक्षबाट जरिवाना तिर्ने प्रचलन छ । त्यसपछि बिहान लगनअनुसार जग्गेमा वैवाहिक कार्यक्रम हुँदा दुलाहा पक्षबाट ल्याइएका पोशाकलगायत सौन्दर्यसामग्री दुलहीलाई दिने र लगाउने प्रचलन छ। गोडधुवा लगाउन घरको मुलीबाट टीकाटालो लगाउन सुरु हुन्छ । दुलाहा दुलहीले पनि ढोग फर्काउँदै जान्छन् । टीकाटालो गोडधुवा सकिएपछि माईती पक्षले हेर्नुहुँदैन, दुलाहाले दुलहीलाई सिन्दुर पोते लगाइदिन्छ। दुलाहा र सासुको एकमाना चामल पैसा फिन्तीमा तीनपल्ट साटासाट गर्छ । अन्य प्रचलन पनि छ । अन्त्यमा जन्तीलाई खाना खुवाई बिदाई गर्छ । दुलाहाको घरमा दुलही भित्र्याउने घरको ढोकामा दाहिने देब्रे दियो कलश राखेर ढोकामा धागोले छेक्ने र कुखुराको भाले पोथी पूजा गर्ने। ढोकामा बाँधेको धागोलाई चुँडाएर दाहिने कलश लिएर घरभित्र पस्ने गरिन्छ। घरको मुलीले दुलाहा दुलहीलाई टीका लगाइदिइन्छ । लोकन्तीले दुलहीलाई लिएर नुहाउन नदीमा जान्छिन् । नदीको बगरमा खाल्डो खनेर औंठी लुकाउने र सो औंठी दुलाहा दुलहीलालाई खोज्न लगाउँदा दुलाहाले पहिला भेट्टाए छोरा र दुलहीले पहिला भेट्टाए छोरी जन्मन्छ भन्ने प्रचलन छ र तीन दिनपछि दुल्हन फर्काउन जाने गरिन्छ । सम्धी–सम्धी, सम्धिनी–सम्धिनी ढोग फुकाउँछ। यसपछि विवाह समाप्त भएको मानिन्छ । बोटे जातिहरू भागी विवाह गरे पनि रीतिरिवाजअनुसार मागी विवाह गरे जस्तै टीका फुकाउने प्रचलन छ। बच्चा जन्मेपछि एघार दिनमा न्वारान गर्ने गरिन्छ र भात खुवाई छोराको छ महिनामा र छोरीको पाँच महिनामा गरिन्छ । मृत्यु भएपछि तेह्र दिनसम्म काजकिरिया गर्ने प्रचलन छ ।

**बोटेजातिहरूको पुर्ख्यौली पेशा**

१) नदीमा माछा मार्ने ।


२) नदीको किनारमा सुन धुने/सुन चाल्ने ।

३) परम्परागत रूपमा तीर्थयात्रीलाई नदीमा वारपार गरी डुङ्गामा चलाएर सेवा गर्ने ।

४) नदीमा डुबेका/बगेका तीर्थयात्रीहरूलाई आकस्मिक उद्धार गर्ने ।

नेपालको विभिन्न जिल्लाहरूको नदी किनारमा परम्परागतरूपमा बसोबास गर्दै आईरहेका बोटे जातिहरूको पुर्ख्यौली पेशा भनेको नदीमा माछा मार्ने र घरमा जीविका चलाउँदै आइरहेको सर्वविदितै छ। यो नदीहरूमा माछा पनि कमै मात्रामा पाइन थालेपछि यो पेशा संकटमा परेको छ। परम्परादेखि नै नदीको किनारमा सुन धुने/ सुन चाल्ने पुर्खौपुर्खादेखि नै सुनधुवा बोटे जातिहरूले घरखर्च चलाउँदै आइरहेको यो पेशा अहिले नदी किनार बगरहरूमा सुन पाउने क्रम कम हुँदै जानाले परम्परागत सीप कुण्ठित हुन पुगेको छ। परम्परादेखि तीर्थयात्रीहरू वारपार गरी काठे डुङ्गा चलाई तार्ने र डुबेका/ बगेका तीर्थयात्रीहरूको आकस्मिक उद्धार गर्ने काम बोटे जातिहरूबाट भइरहेको कुरा सर्वविदितै छ। साथै कृषि पेशा पनि यस जातिले अँगालेको नै छ। हाल आएर बोटे समुदायहर पनि विभिन्न सेवामा र सरकारी सेवामा लागि राखेको छ। पहिले पुर्खा बोटे समुदायहरू अनपढ निरक्षर थिए हाल आएर बोटे जातिहरू पनि साक्षर हुँदै अघि बढिरहेका छन्। यस्तो अवस्थामा राज्य र समाजका अगुवाहरूले नेपालको विभिन्न नदीको किनारमा बसोबास गरेका रोग, भोक र अशिक्षाबाट ग्रसित बोटे समुदायहरूको उत्थानमा विशेष ध्यान दिनुपर्ने भएको छ। राज्यबाट प्राप्त हुने सहायता विभिन्न कार्यालय, संघ–संस्थाबाट उपलब्ध गराइदिन आवश्यक छ। यो भूमिका हुने व्यवस्थाको लागि बोटे समुदाय हार्दिक अपिल गर्दछ।

# केही समसामयिक हाइकुहरू



**किरणराज पौडेल**
र.न.पा.-१३, चितवन

धार्मिक क्षेत्र
काली नदीको तीर
पवित्र भूमि
१.

यो देवघाट
ऋषिहरूको धाम
अचम्म लाग्छ
२.

घण्टाको ध्वनि
मन्दिरको आरती
मीठो सुगन्ध
३.


विद्याको क्षेत्र
योगमार्गीको योग
तपको तातो
४.

जाडोको धूप
बेमतलबी चासो
काठको खुट्टो
५.

खोलाको बाटो
अलि कोल्टाको पाटो
घामको टाटो
६.

तातो किरण
चिस्सिएको सिरेटो
भूतको खाजा।
७.

# ज्येष्ठ नागरिकहरूको आश्रयस्थल पवित्र तीर्थस्थल देवघाटधाम



**यज्ञप्रसाद रेग्मी**
भरतपुर-१०, चितवन

**अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः।**
**चत्वारि तस्य वर्द्धन्ते आयुर्विद्या यशोवलम्॥**

मीठो वचन बोल्दै वृद्धवृद्धाहरूको नित्य सेवा गर्नेहरूको ४ चिज सधैं वढदै जान्छ। १. आयु: २. विद्या ३. यश र ४. वल।

देवघाट क्षेत्र विकास समितिको कार्यक्षेत्रभित्र पर्ने पवित्र तीर्थस्थल देवघाटधाम ज्येष्ठ नागरिक (वृद्धवृद्धा) हरूको प्रमुख आश्रयस्थल हो। साँच्चिकै गणना गर्ने हो भने त्रिशूली र कृष्णागण्डकीको सङ्गमस्थलवाट पूर्व, उत्तर १ कोश देवघाट गाउँपालिका वडा नं ५ को पश्चिमी भाग र दक्षिण आधाकोश भरतपुर महानगरपालिका वडा नं. १ को उत्तरी भागमा निर्मित महल, घर, कुटी, कल्पवास र ३ किसिमका वृद्धाश्रममा झण्डै ६० प्रतिशत वृद्धवृद्धाहरूको आश्रयस्थल रहेको छ।

नेपालको मध्यभागमा अवस्थित गण्डकी प्रदेश, तनहुँ जिल्लाको दक्षिण-पश्चिम सीमानामा पर्ने देवघाट गाउँपालिका, नवलपुर जिल्लाको गैंडाकोट नगरपालिका र वाग्मती प्रदेश चितवन जिल्लाको सङ्गमस्थल, नेपालको मुटु, धेरै अस्पतालहरूको शहर, नारायणगढ भरतपुरवाट ५ किलोमिटर कालोपत्रे सडकले जोडिएको, हरियाली डाँडापाखा, घना जङ्गल, समशीतोष्ण जलवायु शान्तसँग बग्ने नारायणी, दर्जनौं मठ, मन्दिर, आश्रम, गुरुकुलम् विद्यापीठ, शङ्ख-घण्टा र वेदध्वनिको गुञ्जायमान, पूर्वीय दर्शनको भण्डार, धार्मिक पर्यटकीय तथा रमणीय पार्क, अनुपम प्राकृतिक छटाले भरिपूर्ण तीर्थस्थल। गोसाइँकुण्डवाट प्रवाहित त्रिशूलीमा हिमवत्खण्डवाट उत्पत्ति भएका अन्य ६ वटा पवित्र नदीहरूलाई समाहित गरी आएकी त्रिशूली नदी र रुद्र गङ्गालगायत हिमवत्खण्डवाट उत्पति भएका अन्य धेरै नदी खोला र शालग्राम बोकेर आएकी कृष्णागण्डकीको सङ्गमस्थललाई आदिप्रयाग भनिन्छ। यसको महत्त्व स्कन्दपुराणमा यसरी उल्लेख गरिएको छ -

**ब्रह्महत्यादिकं पापं यत्किञ्चित् कुरुते नर।**
**तत्सर्वं विलयं याति शालग्रामशिलार्चनात्॥**
**शालग्रामसमीपे तु कोशमात्रं समन्ततः।**
**कीटोऽपि च मृतो याति वैकुण्ठभवनं ध्रुवम्॥**

(यदि कसैले ब्रह्महत्या जस्ता धेरै ठूला पापहरू गरेको भए पनि शालग्रामको पूजाअर्चना गरेमा सबै पाप नाश हुन्छन् शालग्रामको एककोश नजिकमा मृत्यु हुने सबैको वैकुण्ठवास हुन्छ)

१. उच्चतम श्रेणीका निवृत राष्ट्रसेवक या धनाढ्य परिवारका ज्येष्ठ नागरिकहरू नम्वरी जग्गा किनेर, घर वनाउँछन्, केही समय वस्छन् यहाँ रम्न सके रमाउँछन् नसके परिवारसहितको आफ्नो वासस्थानमा नै बस्छन् र कहिलेकाँही तिथि-पर्वादि मेलाहरूमा आउँछन् जान्छन् यस क्षेत्रलाई निजहरूले धार्मिक पर्यटन क्षेत्रको रूपमा लिन्छन्।
२. मध्यम वर्गीय धार्मिक आस्था वोकेका ज्येष्ठ नागरिकहरू आफ्नो पुर्ख्यौली जग्गा वेचेर वसाइँ

सर्ने खालका नम्वरी जग्गा किनेर घर बनाउँछन्, शेष जीवन यतै व्यतीत गर्छन् ।

३. निम्नवर्गीय धार्मिक आस्था वोकेका वानप्रस्थी हिसाबले जीवनको उत्तरार्धमा मोक्ष प्राप्त गर्न, गङ्गा स्नान गरी जप, तप, दान गर्न या मनमा सुख शान्ति लिने वेलामा रुढीवादी चिन्तनले प्रेरित भएका ज्येष्ठ नागरिकहरू कल्पवासको साहारा खोज्दै साधक निवास वा कल्पवासमा आश्रय लिन्छन् । जस्को केही परिपूर्ति गलेश्वर आश्रमले २५४ कुटी र करिव ४० वटा साधक निवासमा आश्रय दिइरहेको छ ।

४. चितवनतर्फको वगरको किनारमा रहेको ऐलानी जग्गामा भव्य महल, घर, टहरा र कुटीहरू वनाई वस्नेहरूको सङ्ख्या पनि कम छैन । यसमा सबै तहका ज्येष्ठ नागरिकहरू रहेका छन् । जहाँ विद्वत् वर्ग, आस्तिक, आफ्ना नियमित कार्य तथा कर्म गर्ने प्रवुद्ध वर्गदेखि लिएर जिल्ला वा जिल्ला वाहिरका घरमा परि वारसँगै वस्ने, साधक वनी वस्ने सात्विकीहरूको बसोवास छ । कसैले पसल व्यवसाय गरेका छन् भने कोही घरको सम्पत्ति जोगाउन अन्य जिल्लावाट आएका हट्टाकट्टा अल्छी वयहरू पनि धर्मशाला वा टहरामा बसी रोटरीवाट सञ्चालित करुणालयमा बिहान बेलुकी थाल थापेर खाने र दिनभरि चिया पसल र चौतारामा वसेर गफ छाँट्नेको पनि कमी छैन ।

**५. अर्को जमात छ वृद्धाश्रमको सहारा लिने जेष्ठ नागरिकहरू:**

**क) समाज कल्याण मन्त्रालयवाट स्थापित देवघाट क्षेत्र विकास समितिबाट सञ्चालित वृद्धाश्रम:** नेपाल अधिराज्यभर स्थायी वसोवासको लागि जग्गा नभएका, आफ्ना सन्तान नभएका वा हेरचाह गर्ने व्यक्ति नभएका असहाय, अधिकांश एकल (विदुर विधवा) ६५ वर्ष उमेर पार गरेका वृद्धवृद्धाहरू स्थानीय निकाय र प्रशासनको सिफरिसमा यहां निःशुल्क भर्ना भएका छन् । निजहरूलाई आजीवन बिहान वेलुकी खान वस्नको राम्रो व्यवस्था छ । दाताहरूले आफ्नो जन्मदिन वा स्वर्गीय पितृहरूको स्मरणमा भोजन भण्डारा गराइरहेका छन् । रु. १५,५००। तिरेर आजीवन सदस्य बन्ने, अक्षयकोषमा रकम जम्मा गर्नेहरूको पनि कमी छैन । दाताहरूले वेला-वेलामा मौसम वमोजिमका लत्ता कपडा दिने गर्दछन् । हाल यहाँ ४० जना वृद्धवृद्धाहरू आश्रित छन् ।

**ख) रोटरी करुणलयबाट स्थापित वृद्धाश्रम (चितवनतर्फ) :** समाजसेवी गुणचन्द्र विष्टको नेतृत्व र पहलमा चितवनका रोटरीयन तथा समाजसेवीहरूको उदार भावनाले स्थापित रोटरी करुणालय वृद्धाश्रममा हाल ३५ जना वृद्धवृद्धाहरू आश्रित छन् । त्यसको अतिरिक्त वृद्धाश्रममा बस्न नपाएका आफूले खाना वनाएर खान नसक्नेले पनि यहाँ निःशुल्क रूपमा बिहान वेलुकी खान पाउँछन् ।

**ग) गलेश्वर आश्रमवाट सञ्चालित देवघाट एन.आर.एन. वृद्धाश्रम (चितवनतर्फ):** एन.आर.एन को पहलमा विभिन्न ५१ जना व्यक्ति र संस्थाहरूसँग चन्दा उठाएर २५ कोठाको भवन बनाई वृद्धाश्रम सञ्चालन गर्न गलेश्वर आश्रमलाई हस्तान्तरण गरेकोले २०६५ सालदेखि ६० जना क्षमताको वृद्धाश्रम सञ्चालन गरेको छ । धार्मिक आस्थाले प्रेरित भएर भक्ति गर्न होस् वा वानप्रस्थी हिसाबले जीवनको उत्तरार्धमा मोक्ष प्राप्त गर्न, गङ्गा स्नान गरी जप, तप गर्न होस्, मनमा सुख

शान्ति लिने वेलामा घरमा छोरा, छोरी, बुहारी, नाति-नातिनाको पुस्तान्तरणले कुरा नमिली उनीहरूको अप्रत्यक्ष प्रताडन, हेलत्व, मान-मर्दन भई आफ्नो चाहनाअनुरूप समुचित आहार, व्यवहार, स्याहार-सुसार पाउन असमर्थ वा सन्तति विदेशमा भई एक्लोपन भएका तथा विदुर विधवाहरूले आफ्नो मन मिल्ने साथीसँगी र आफन्तको अभावमा, मन खिन्न पारी आफूअनुकूल व्यवहार गर्न नसकेकोले सो सहजीकरण गर्ने उद्देश्यले गलेश्वर आश्रममा विभिन्न किसिमका ज्येष्ठ नागरिकहरू नेपाल अधिराज्यका ४० भन्दा वढी जिल्लावाट आएका हाल ६० जना वृद्धवृद्धा आश्रित छन् ।

सफा सुग्घर भोजनगृहमा शुद्ध, गुणस्तर युक्त बिहान बेलुकी शाकाहारी भोजन आफ्नै आश्रममा पालेका गाईको शुद्ध दूध, बिहान, दिउँसो भुजा चिया, फिल्टर गरी उमालेको चिसो, तातोपानी, प्रवचन कक्षमा दैनिक शारीरिक व्यायाम, योग, प्रवचन, वेलुकी आरती, भजन-कीर्तन, दैनिक पत्रिका, टी.भी.केवल, टेलीफोन, वाईफाई, बिजुली, पङ्खा, सौर्य उर्जावाट तातो पानी स्नानकक्षसम्म पुऱ्याइ देवघाट धर्मार्थ अस्पतालवाट प्राथमिक उपचार र केही औषधिको सुविधा मिलाइएको छ । यस वृद्धाश्रममा वस्ने ज्येष्ठ नागरिकहरूको मानसिक हीनतावोध नहोस्, उनीहरूको पनि वृद्धाश्रममा सहभागिता होस् र आफ्नै घरमा वसेको अनुभूति होस् भन्ने अभिप्रायले हाल नेपाल सरकारवाट ज्येष्ठ नागरिकहरूले पाउने सामाजिक सुरक्षा (वृद्ध) भत्ताको परिधिमा रही सञ्चालक समितिले हेरफेर गर्न सक्ने गरी केही सेवा शुल्क निर्धारण गरेको छ । जनमानसमा एन.आर.एन.आश्रम त धनीमात्र वस्ने ठाउँ हो । विदेशी डलर आउँछ भन्ने गलत हल्लाले भ्रम सिर्जना गरेको छ । एन.आर.एन बाट कहिल्यै केही आँउदैन । वृद्धाश्रमको सबै खर्च गलेश्वर आश्रमबाट मात्र भएको छ ।

वेसहारा भएका ६५ वर्ष उमेर पार गरेका नेपाली वृद्धवृद्धाहरू स्थानीय तहको सिफारिसमा समाज कल्याण मन्त्रालयवाट स्थापित देवघाट क्षेत्र विकास समितिबाट सञ्चालित वृद्धाश्रममा निःशुल्क भर्ना भएका छन् । त्यस्तै बेसहाराहरू रोटरी करुणालयवाट सञ्चालित वृद्धाश्रममा बस्न पाउँछन् ।

जग्गा-जमीन, घर, छोरा-छोरी भएर पनि निजहरूवाट अपहेलित भई घरमा वस्न नसक्ने अवस्था सृजना भएका वा छोरा-छोरी विदेश भएर घरमा एक्लै वसी आफ्नो दैनन्दिनीय काम गर्न नसक्नेका लागि अन्यत्र निःशुल्क वस्ने दायराभित्र नपरेका अन्त बस्ने कही ठाउँ नपाएका वृद्धवृद्धाको लागि आश्रयस्थल पाउन कठिन अवस्थालाई हृदयङ्गम गरी गलेश्वर आश्रमले यो वृद्धाश्रमको स्थापना गरेको हो । यस वृद्धाश्रमको आचारसंहितालाई अक्षरशः पालन गर्न मन्जुर भएमा तोकिएको योग्यता पुगेका नेपालीले आश्रमवाट उपलव्ध गराइने आवेदन फारममा आफ्नो सम्पूर्ण विवरण भरी २ प्रति फोटो टाँसी संरक्षकको सहीछाप गराई उमेर खुलेको नागरिक प्रमाणपत्रको प्रतिलिपिसहित आवेदन दिनुपर्नेछ । निजहरूलाई आजीवन रूपमा बिहान बेलुकी खान बस्नको राम्रो व्यवस्था छ । दाताहरूले आफ्नो जन्मदिन वा स्वर्गीय पितृहरूको स्मरणमा भोजन-भण्डारा गराउँन पाउँछन् । आजीवन सदस्य वन्न रु. १५,५००। अक्षयकोषमा रकम जम्मा आफ्नो हरेक बर्षको जन्मोत्सव वा पितृको तिथिमा त्यसैको व्याजले भोजन गराइन्छ । अतः यस पुण्यभूमिस्थित वृद्धाश्रममा आफ्नो जन्मदिवस, उत्सव-पर्वहरूमा वा आफ्ना पितृहरूको तिथिमा भोजन, भण्डारा गराई पुण्य कमाउनु होस् । अन्नदानभन्दा ठूलो दान अरू केही छैन ।

# “कालीगण्डकी” महाकाव्य : एक अध्ययन



**सुनील उपाध्याय**
अध्यापक
श्रीपरमानन्द संस्कृत गुरुकुलम्

**आयौ सुसाई हिमशैलबाट, बोकी स्वयं काखभरी विराट
पखाल्दछ्यौ पाप सयौं हजार, महात्म्य तिम्रो छ अझै अपार ॥**

कालीगण्डकी नदी दामोदर-कुण्ड र मुक्तिक्षेत्रको पवित्र जलधारा समेटेर दक्षिणाभिमुख बग्ने गर्दछिन् । यी गङ्गा दामोदर-कुण्ड जस्तो पवित्र भूमिको स्पर्शसँगै मुक्तिनाथ, कागवेणी, रुरुक्षेत्र आदि हुँदै अनेक तीर्थस्थलको पावन स्वरूपलाई धारण गर्दै हिन्दूहरूको पवित्रस्थल देवघाटधाममा आएर त्रिशूली नदीसँग अङ्गालिन पुग्छिन् र नारायणीका नामले त्यहाँबाट अघि बग्छिन् । कालीगण्डकी नदी आफैँमा अलौकिक, धार्मिक र महिमाशाली नदी हुन् जसले भगवान् विष्णुको साक्षात् स्वरूप शालग्राम शिलालाई गर्भमा बोकेर हिँडेकी हुन्छिन् । यसकारणले शास्त्रमा यिनको महिमा सर्वोच्च रहेको छ ।

कालीगङ्गाको अपार महिमा लेखेर नसकिने छ, देखेर नदेखिने छ तर कवि अनि साहित्यकारहरू आफ्ना पुष्परूपी शब्दकलम चलाइरहेका हुन्छन् । जसले गर्दा हामी कालीगण्डकीको महिमा बुझ्न नसकेकाहरू त्यही काव्यरसको आस्वादनले मोहित हुन्छौँ । मेरा व्यक्तिगत सोध, खोज र अनुसन्धानका दृष्टिले यो अपार महिमाशाली नदीको वर्णन गुणात्मक र संख्यात्मक दुबै दृष्टिले संस्कृत/नेपाली साहित्यमा र अन्य फुटकर कवितामा कलम चलाएका कवि नवराज पाण्डेय“चातक”का **कालीगण्डकी महाकाव्यमा** देखेको छु। यो महाकाव्यमा आध्यात्मिक, पौराणिक र प्रकृतिको अनुपम छटालाई कविको वर्णनात्मक शैलीमा विस्तृत वर्णन गरिएको छ । **कालीगण्डकी** महाकाव्य हाम्रो पौरस्त्य धर्मशास्त्र वेद, पुराण, उपनिषद्का साथै विविध ग्रन्थहरू, इतिहास, जनश्रुति, लोकमान्यता, लोकविश्वास, स्थानगत जनजीवन, प्रकृति र संस्कृतिका आधारमा तयार पारिएको आध्यात्मिक भावधारामा प्रवाहित महत्त्वपूर्ण कृति हो । **कालीगण्डकी** महाकाव्य पुराणमा कथित पात्रहरू र तिनीहरूको कालीगण्डकी नदीसँग जोडिएका कथाहरूलाई पद्यात्मक शैलीमा लेखिएको उत्कृष्ट कृति हो । मानव सृष्टिमा प्रकृतिको देन अतुलीनय छ । कवि पाण्डेय प्रकृतिप्रेमी साहित्यकार हुन् । मानिस प्रकृतिमै रमाउन खोज्छ, प्रकृतिमै आफ्नो संसार बसाउँन चाहान्छ । यस किसिमको प्रकृतिको सतरङ्ग भावना उद्वेलित हुने खालको प्रकृतिवर्णन कालीगण्डकी महाकाव्यमा पाइन्छ ।

झुल्दै आए कुसुमितलता रङ्ग तानी उमङ्ग
छर्दै आयो मधुपवनले वासनाको तरङ्ग ।
वासन्तीको विभव वनमा फैलियो अङ्गअङ्ग
रङ्गीचङ्गी कुसुम रसमा लोभिए मत्तभृङ्ग ॥

यस महाकाव्यमा गण्डकीको उद्गमदेखि समुद्रसम्मको प्रवाहयात्राले आख्यान तन्तुको काम गरेको छ र त्यो यात्रासँग सम्बन्धित विभिन्न तीर्थसँग सन्दर्भित भई आएका पौराणिक, औपनिषद्, वैदिक आख्यानचूर्णहरू सहायक कथाको रूपमा उनिदैं जाँदा यसको कथानक बनेको छ । शास्त्रीय छन्दका ज्ञाता कवि पाण्डेयले आफ्नो महाकाव्यमा मन्दाक्रान्ता, मालिनीलगायतका एघार ओटा छन्दको प्रयोग गरेका छन् । अलङ्कारमिश्रित वाक्य रचना होस् या पद्यरचना, नेपाली साहित्यमा अलङ्कारको ठूलो महत्त्व छ । कवि पाण्डेयले अलङ्कारलाई महत्त्वपूर्ण मानेर

काव्यमा शब्दालङ्कारको रूपमा अनुप्रास तथा यमक अलङ्कारको प्रयोग गरेका छन् भने अर्थमा आश्रित भएर अर्थको गहनतालाई प्रकाशित पार्ने खालका उपमा, रूपक आदि अलङ्कारको प्रयोग गरेका छन् । नेपाली साहित्य संस्कृत साहित्यकै हातेमालोमा अघि बढेको साहित्य हो । यसको उदाहरणको रूपमा पाण्डेयको **कालीगण्डकी** महाकाव्यलाई हेर्न सकिन्छ । यो महाकाव्यमा नेपालको पहाडी खण्ड मुक्तिनाथ र दामोदरकुण्डबाट बगी कागबेनीमा मिसिएर कालीगण्डकी नामले चिनिएकी नदीको उत्पन्न रूपदेखि लिएर समुद्रमा पुग्दा सम्मको अवस्थामा यिनका तीरमा रहेका महत्त्वपूर्ण वेणी, घाट र तीर्थका महत्ता, पौराणिक र ऐतिहासिक कथानकका माध्यमद्वारा तत्तद् स्थलको महत्ता देखाइएको छ। पन्ध्र सर्गमा रचित यो महाकाव्य रसको दृष्टिमा अत्यन्त धनी देखिन्छ। रस प्रयोगका दृष्टिले पनि यो महाकाव्य समृद्ध नै मानिन्छ । यस महाकाव्यमा रसको प्रयोग मात्र नभएर पूर्णरूपमा रसको परिपाक पाइन्छ । यस महाकाव्यमा विशेषतः कालीगण्डकीको वर्णनमा शान्त रस, करूण रस र यसका महत्ता र ऐतिहासिक एवं पौराणिक वर्णनमा शृङ्गाररसको परिपाक पाइन्छ भने अन्यरस सहायकको रूपमा आएका देखिन्छन् ।

यसैगरी तेस्रो उपशीर्षकमा गण्डकीको पूर्व वृत्तान्त प्रकाश पारिएको छ । गण्डकीको स्वरूपको बारेमा कवि भन्छन् -

**गर्दा धेरै समय हरिले दिव्य शैवीतपस्या,**
**बढ्दै योगानल भुवनमा दन्कियो ज्योतिलप्का,**
**ताती गण्डस्थल चिटचिटी स्वेदका विन्दुरूप**
**टप्केधारा सललबहने गण्डकीका स्वरूप ॥**

पाँचौं र छैटौं उपशीर्षकमा अमृततुल्य बहने ती १०८ धाराहरू नै मुक्तिनाथका अमूल्य निधि हुन् भन्दै गण्डकीको महिमागानका साथै दामोदर कुण्डबाट प्रवाहित कालीको वर्णनसमेत भएको छ । यी दुबै नदीको सुन्दर संयोजन कागवेनीमा भएको प्रसंग र नाम पनि संयुक्त कालीगण्डकी रहने गरेको कुरालाई प्रष्ट पारिएको छ । दोस्रो सर्गमा पुग्दा पुलह मुनिको कठोर तपस्याद्वारा इन्द्रसमेत डराएको अनि अप्सराहरूलाई तपोभङ्ग गर्न पठाएको प्रसङ्ग रहेको छ भने निशाको समयमा अप्सराहरू आएर कामुक क्रियाकलापहरूको प्रदर्शन गरे पनि मुनिको तप भङ्ग हुन नसकेको कारण इन्द्र आफै शरणागत भएको कथा यहाँ वर्णित छ । तेस्रो र चौथो सर्गमा राजा भरतको वर्णन पाइन्छ ।

पाँचौ सर्गमा विभिन्न साधुमहन्तहरूले कालीगण्डकीको तीरमा बसेर तपस्या गरेको वर्णन गरिएको छ भने छैटौं सर्गमा वेनी, म्याग्दी, निरयघाट, बागलुङकालिका तथा स्वामी परमानन्द आदिको वर्णन गरिएको छ । सातौं सर्गमा रुद्रगङ्गा, देवपाटन आदि विभिन्न ठाउँहरूको वर्णन गरिएको छ । आठौं सर्गमा देवदत्तको तपस्या, प्रम्लोचाले उनको तप भङ्ग गरेको र उनैसँग भोग गरेको प्रसङ्गले अत्यन्त रमणीय बनेको छ । नवम सर्गमा प्रम्लोचाले बच्चा जन्माएर त्यहिँ छाडिदिएको हरिणीले उसलाई स्याहार गरेको अनि पछि गर्गले उसको नाम रुरुकन्या राखिदिएको र कालान्तरमा रुरुका नामबाटै त्यो क्षेत्र प्रसिद्ध बनेको प्रसंग यहाँ छ। दशम सर्गमा हृषीकेश र रिडीको सुन्दर वर्णन अनि ऐतिहासिक तथा पौराणिक सन्दर्भहरूको संयोजन गरिएको छ। एघारौं सर्गमा कविको देशप्रेम टड्कारो रूपमा अभिव्यक्त भएको छ। बाह्र सर्गमा युवायुवतीका प्रेम प्रसंग तथा प्रकृति प्रेम आदिको विलक्षण वर्णन कविले गरेका छन् । तेह्रौं सर्गमा भने रुद्र समशेरले प्रियाको वियोगमा गङ्गातटमा रानीमहल बनाएको र जसले गर्दा त्यस स्थानको नाम नै रानीघाट हुन पुगेको प्रसङ्ग यहाँ वर्णित छ । देवघाटमा दुई दृष्ट नदीहरूको प्रवाह एकातिर भएको छ भने यहाँ अवस्थित गुरुकुलहरूद्वारा निरन्तर सरस्वती प्रवाहित भएकी छिन् । कविले देवघाटलाई प्रयागका रूपमा चिनाउँदै महाकाव्य समाप्त गरेका छन् । अस्तु ।

# देवघाटक्षेत्र विकास समितिबाट सञ्चालित देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) का आजीवन सदस्य महानुभावहरूको नामावली :-

| क्र.स. | नाम थर | ठेगाना | आर्थिक योगदान |
|---|---|---|---|
| १ | शिवराज पौडेल | देवघाट -५ तनहुँ | १५५००/- |
| २ | धिरण बाबु घिमिरे | भरतपुर -१२ चितवन | १५५००/- |
| ३ | ऋषिराम भट्टराई | गैंडाकोट १ नवलपुर | १५५००/- |
| ४ | फरवार्ड नेपाल | भरतपुर २ क्षेत्रपुर | १५५००/- |
| ५ | भोजराज पौडेल | भरतपुर -११ चितवन | १५५००/- |
| ६ | भरतराज चालिसे | राप्ती न.पा. १, चितवन | १५५००/- |
| ७ | पोषणराज सुवेदी | गैंडाकोट -२ नवलपुर | १५५००/- |
| ८ | नवराज ढकाल | भरतपुर -२ चितवन | १५५००/- |
| ९ | संगीता दवाडी /अधिकारी | भरतपुर -४ चितवन | १५५००/- |
| १० | प्रदीप कुमार बुढाथोकी | भरतपुर -४ चितवन | १५५००/- |
| ११ | रामदत्त तिवारी | रत्ननगर -११ चितवन | १५५००/- |
| १२ | ठाकुर प्रसाद तिवारी | रत्ननगर -११ चितवन | १५५००/- |
| १३ | नारायणी तिवारी | रत्ननगर -११ चितवन | १५५००/- |
| १४ | चम्फाकला सुवेदी | भरतपुर -१० चितवन | १५५००/- |
| १५ | नारायणी वराह ज्वेलरी इण्डष्ट्रीज प्रा. लि. | भरतपुर -१ चितवन | १५५००/- |
| १६ | रमेश अधिकारी | गैंडाकोट १ नवलपुर | २०००५/- |
| १७ | टेकबहादुर थापा | भरतपुर -१२ चितवन | १५५००/- |
| १८ | रत्नप्रसाद सापकोटा | गैंडाकोट -२ नवलपुर | १५५००/- |
| १९ | कृष्णप्रसाद भट्ट | देवघाट -५ तनहुँ | १५५०१/- |
| २० | राजमती श्रेष्ठ | भरतपुर -३ चितवन | ३५५००/- |
| २१ | बाबुराम अधिकारी | देवघाट -५ तनहुँ | १५५००/- |
| २२ | प्रकाश थापा | शुक्लागण्डकी-७ तनहुँ | १५५००/- |
| २३ | पूजा भुषाल | खैरहनी -१३ चितवन | १५५००/- |
| २४ | माया गुरुङ्ग (रिया) | भरतपुर -१० चितवन | १५५००/- |
| २५ | गोमा कुँवर | भरतपुर, चितवन | १५५००/- |
| २६ | निसानी सुवेदी | पर्वत | १५५००/- |
| २७ | ईश्वर कुमार श्रेष्ठ | भरतपुर -१ चितवन | १५५००/- |
| २८ | राजीव पौडेल | भरतपुर -२२ चितवन | १५५००/- |
| २९ | हेमनाथ पाठक | खैरहनी -१ चितवन | १५५००/- |

| | | | |
|---|---|---|---|
| ३० | किरण सुवेदी | देवघाट -५ तनहुँ | १५५००/- |
| ३१ | मोतीलाल श्रेष्ठ | देवघाट समाज कल्याण केन्द्र वृद्धश्रम | १५५००/- |
| ३२ | खड्कबहादुर पौडेल | गैंडाकोट १० नवलपुर | १५५००/- |
| ३३ | लक्ष्मी ढकाल | देवघाट -५ तनहुँ | १५५०५/- |
| ३४ | गोपाल प्रसाद भण्डारी | नहरचोक -१० चितवन | १५५००/- |
| ३५ | अर्जुन अधिकारी | देवघाट -५ तनहुँ | १५५००/- |
| ३६ | राजु लामिछाने | भरतपुर -८ चितवन | १५५००/- |
| ३७ | हरिलाल कंडेल | नवलपुर -१४ अमरापुरी | २०,०००/- |
| ३८ | नारायण प्रसाद कंडेल | नवलपुर -१४ अमरापुरी | १८,०००/- |
| ३९ | फेन्सी व्यवसायी संघ | भरतपुर , चितवन | १५५००/- |
| ४० | कपिलदेव गिरी | चन्द्रागिरी -१ काठमाडौँ | १६१११/- |
| ४१ | नर्मदा बस्नेत विष्ट | अछाम -८ कमलबजार | १६२००/- |
| ४२ | राजेन्द्रराज ढकाल | भानु -४ तनहुँ | १५५००/- |
| ४३ | साबित्री पौडेल | देवघाट -५ तनहुँ | १५८७५/- |
| ४४ | बसन्त बहादुर पाण्डे | भरतपुर -१ चितवन | १,००,०००/- |
| ४५ | कार्की परिवार | काठमाडौँ | ५००००/- |
| ४६ | सुनीता कार्की | काठमाडौँ | ५००००/- |
| ४७ | विष्णुमाया सोती | देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम | १५५००/- |
| ४८ | चितवन समाज जापान कान्साई | ओशाका,जापान | १,०१,१११/- |
| ४९ | चितवन पेट्रोलियम डिलर्स एसोसिएसन | भरतपुर -१० चितवन | १५५००/- |
| ५० | सुमित्रा गिरी | चन्द्रागिरी -१ काठमाडौँ | १५५५५/- |
| ५१ | दुर्गबहादुर थापा | देवघाट -२ तनहुँ | १५५००/- |
| ५२ | डा. केशवराज भूर्तेल | भरतपुर -११ | १५५००/- |
| ५३ | सरस्वती कतिला | भरतपुर २ चितवन | १५५००/- |
| ५४ | चन्द्र प्रकाश दवाडी | देवघाट ५ | १५५००/- |
| ५५ | खडानन्द विशुराल | खैरहनी ५ चितवन | १५५००/- |
| ५६ | लक्ष्मी माया श्रेष्ठ | देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम | १५५००/- |
| ५७ | कुनलादेवी उप्रेती | खैरहनी ६ चितवन | १५५००/- |
| ५८ | प्रकाशराज पाठक | भरतपुर म.न.पा. १४ चितवन | १५५००/- |
| ५९ | कृष्णकुमारी उप्रेती | भरतपुर म.न.पा. १४ चितवन | १५५००/- |
| ६० | इन्दिरा रिमाल | भरतपुर म.न.पा. १४ चितवन | १५५००/- |
| ६१ | बाबुराम कुवँर | भरतपुर म.न.पा. १४ चितवन | १५५००/- |
| ६२ | मायादेवी छत्कुली | देवघाट समाज कल्याण केन्द्र वृद्धश्रम | २०,५००/- |

| | | | |
|---|---|---|---|
| ६३ | भगवती ठकुरी | देवघाट समाज कल्याण केन्द्र वृद्धश्रम | १५५००/- |
| ६४ | नर्बदा ढकाल | देवघाट समाज कल्याण केन्द्र वृद्धश्रम | १५५००/- |
| ६५ | गणेश भट्टराई | शनिअर्जुन न.पा.-९, झापा | १५५००/- |
| ६६ | बुद्धिकुमार श्रेष्ठ | भरतपुर म.न.पा.-२, चितवन | १५५००/- |
| ६७ | नारायणी लिफ्ट सि.ज.उ.स. | भरतपुर, चितवन | १५५००/- |
| ६८ | पदमेश्वर बराल | भरतपुर-११, चितवन | १५५००/- |
| ६९ | माधव बहादुर पन्त | व्यास-२, दमौली, तनहुँ | १५५००/- |
| ७० | मा. कृष्णकुमार श्रेष्ठ (किसान) | व्यास, दमौली | १५५००/- |
| ७१ | साबित्री घिमिरे | भरतपुर-१२, चितवन | १५५००/- |
| ७२ | निर्माण व्यवसायी संघ | भरतपुर, चितवन | १५५००/- |
| ७३ | हरिप्रसाद घिमिरे | भरतपुर-९, चितवन | १५५००/- |
| ७४ | तुलसीराम आचार्य | भरतपुर-१०, चितवन | १५५००/- |
| ७५ | पीताम्बर बास्तोला | भरतपुर-७, चितवन | १५५००/- |
| ७६ | खेमनारायण लामिछाने | भरतपुर-४, चितवन | १५५००/- |
| ७७ | लक्ष्मण सुवेदी | भरतपुर-१, चितवन | १५५००/- |
| ७८ | अर्जुन प्रसाद अधिकारी | देवघाट-५, तनहुँ | १५५००/- |
| ७९ | नन्दे बोटे | देवघाट-५, तनहुँ | १५५००/- |

सुक्ने न डढ्ने न त काटिने नै
सड्ने न गल्ने न त मासिने नै
आत्मा छ यो शाश्वत पूर्ण सत्य
सम्पूर्णमा नित्य यही प्रदीप्त

- युगकवि सिद्धिचरण श्रेष्ठ

# देवघाट क्षेत्र विकास समितिका वर्तमान पदाधिकारीहरू

| क्र.सं | पद | नामथर | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शिवराज पौडेल | देवघाट ५, तनहुँ |
| २ | पदेन सदस्य | मा. कृष्णकुमार श्रेष्ठ | प्रतिनिधि सभा सदस्य क्षेत्र नं १ तनहुँ |
| ३ | पदेन सदस्य | मा.कृष्णभक्त पोखेल | प्रतिनिधि सभा सदस्य क्षेत्र नं २ चितवन |
| ४ | पदेन सदस्य | मा.डा. शशाङ्क कोइराला | प्रतिनिधि सभा सदस्य क्षेत्र नं १ नवलपुर |
| ५ | पदेन सदस्य | श्री रेनु दाहाल | प्रमुख, भरतपुर महानगरपालिका |
| ६ | पदेन सदस्य | श्री शान्तिरमण वाग्ले | प्रमुख, जिल्ला समन्वय समिति, तनहुँ |
| ७ | पदेन सदस्य | श्री कृष्णकुमार डल्लाकोटी | प्रमुख, जिल्ला समन्वय समिति, चितवन |
| ८ | पदेन सदस्य | श्री चेसराम आले | प्रमुख, जिल्ला समन्वय समिति, नवलपुर |
| ९ | पदेन सदस्य | श्री सागर आचार्य | प्रमुख जिल्ला अधिकारी, तनहुँ |
| १० | पदेन सदस्य | श्री नारायणप्रसाद भट्टराई | प्रमुख जिल्ला अधिकारी, चितवन |
| ११ | पदेन सदस्य | श्री मनमाया पंगेनी | प्रमुख जिल्ला अधिकारी, नवलपुर |
| १२ | पदेन सदस्य | श्री छत्रराज पौडेल | प्रमुख, गैंडाकोट नगरपालिका, नवपुर |
| १३ | पदेन सदस्य | श्री दुर्गबहादुर थापा | अध्यक्ष, देवघाट गाउँपालिका, तनहुँ |
| १४ | पदेन सदस्य | श्री शेरबहादुर भण्डारी | प्रमुख, मालपोत अधिकृत, तनहुँ |
| १५ | पदेन सदस्य | श्री प्रकाश अर्याल | सघन सहरी तथा भवन निर्माण आयोजना, चितवन |
| १६ | पदेन सदस्य | श्री मोहनराज काफ्ले | डिभिजन वन कार्यालय, नवलपुर |
| १७ | मनोनीत सदस्य | श्री सावित्री न्यौपाने (दवाडी) | देवघाट-५, तनहुँ |
| १८ | मनोनीत सदस्य | श्री ऋषिराम भट्टराई | गैंडाकोट न.पा. १, नवलपुर |
| १९ | मनोनीत सदस्य | श्री भोजराज पौडेल | भरतपुर महानगरपालिका ११, चितवन |
| २० | मनोनीत सदस्य | श्री पोषणराज सुवेदी | गैंडाकोट न.पा. २, नवलपुर |
| २१ | मनोनीत सदस्य | श्री किरण सुवेदी | देवघाट-५, तनहुँ |
| २२ | मनोनीत सदस्य | श्री नवराज ढकाल | भरतपुर महानगरपालिका वडा नं.२, चितवन |
| २३ | पदेन सदस्य | श्री राजेन्द्रराज ढकाल | प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालय |
| २४ | सदस्य सचिव | श्री धिरण बाबु घिमिरे | भरतपुर महानगरपालिका १२, चितवन |

## देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम व्यवस्थापन समितिका पदाधिकारीहरू

| क्र.सं | पद | नामथर | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री धिरण बाबु घिमिरे | कार्यकारी निर्देशक, देवघाट क्षेत्र विकास समिति |
| २ | संयोजक | श्री ऋषिराम भट्टराई | गैंडाकोट १, नवलपुर |
| ३ | सदस्य | श्री भोजराज पौडेल | भरतपुर महानगरपालिका १२, चितवन |
| ४ | सदस्य | श्री पीताम्बर खरेल | गैंडाकोट  नवलपुर |
| ५ | सदस्य | श्री बुद्धिकुमार श्रेष्ठ | भरतपुर महानगरपालिका २, चितवन |

# देवघाट क्षेत्र विकास समिति

### सल्लाहकार मण्डल

| क.सं | नामथर | क्षेत्र/विषय | ठेगाना |
|---|---|---|---|
| १ | श्री राजकुमार श्रेष्ठ | कानूनी सल्लाहकार | भरतपुर- १, चितवन |
| २ | श्री सोमनाथ घिमिरे | योजना | भरतपुर, चितवन |
| ३ | श्री लक्ष्मीकान्त शर्मा पौडेल | शिक्षा र संस्कृति | भरतपुर-१०, चितवन |
| ४ | डा गुरुप्रसाद सुवेदी | धर्म संस्कृति | भरतपुर-१, चितवन |
| ५ | श्री बलराम सुवेदी | समाजसेवा, कानून | गैंडकोट १६, नवलपुर |
| ६ | श्री रत्नप्रसाद सापकोटा | समाजसेवा | गैंडाकोट-२, नवलपुर |

## देवघाट क्षेत्र विकास समितिका मनोनित सदस्यको कार्यविभाजन

| क.सं | पद | नामथर | उप-समितिको नाम |
|---|---|---|---|
| १ | संयोजक | श्री ऋषिराम भट्टराई | वृद्धाश्रम व्यवस्थापन उप समिति |
| २ | संयोजक | श्री पोषणराज सुवेदी | दाहसंस्कार व्यवस्थापन उप समिति |
| ३ | संयोजक | श्री नवराज ढकाल | सामाजिक सम्बन्ध, समन्वय एवं विकास उप-समिति |
| ४ | संयोजक | श्री साबित्री न्यौपाने (दवाडी) | वातावरण, सूचना तथा अभिलेख, उप-समिति |
| ५ | संयोजक | श्री भोजराज पौडेल | खरिद इकाई उप-समिति |
| ६ | संयोजक | श्री किरण सुवेदी | लेखा, अनुगमन एवं मूल्याङ्कन उप समिति |

## देवघाट क्षेत्र विकास समितिद्वारा सञ्चालित दाहसंस्कार व्यवस्थापन उप-समिति

| क.सं | पद | नामथर | ठेगाना |
|---|---|---|---|
| १ | संयोजक | श्री पोषणराज सुवेदी | सदस्य, देवघाट क्षेत्र विकास समिति |
| २ | सदस्य | श्री धिरण बाबु घिमिरे | कार्यकारी निर्देशक, देवघाट क्षेत्र विकास समिति |
| ३ | सदस्य | श्री शुक्रकुमार श्रेष्ठ | वडा सदस्य, भरतपुर महानगरपालिका १, चितवन |

| | | | |
|---|---|---|---|
| ४ | सदस्य | श्री जगन्नाथ पोखेल | भरतपुर महानगरपालिका १ चितवन |
| ५ | सदस्य | श्री माधवप्रसाद चापागाई | भरतपुर महानगरपालिका १ चितवन |
| ६ | सदस्य | श्री मदनराज मिश्र | भरतपुर महानगरपालिका १ चितवन |
| ७ | सदस्य | श्री बाबुराम तिवारी | भरतपुर महानगरपालिका १ चितवन |
| ८ | सदस्य | श्री गोदा सुवेदी | भरतपुर महानगरपालिका १ चितवन |
| ९ | सदस्य | श्री संगीता घिमिरे | भरतपुर महानगरपालिका १ चितवन |
| १० | सदस्य | श्री यज्ञराज सुवेदी | देवघाट क्षेत्र विकास समिति |

## देवघाट क्षेत्र विकास समिति

**देवघाट, तनहुँ**

## कर्मचारी विवरण

| क्र.सं | नामथर | पद | श्रेणी | नियुक्ति प्रकृया |
|---|---|---|---|---|
| १ | श्री धिरण बाबु घिमिरे | कार्यकारी निर्देशक | रा.प. प्रथम सरह | नेपाल सरकारबाट मनोनीत |
| २ | श्री पुष्पराज पौडेल | नायव सुब्बा | रा.प.अनं. प्र. | स्थायी |
| ३ | श्री किरणराज पौडेल | नायव सुब्बा | रा.प.अनं. प्र. | स्थायी |
| ४ | श्री ढकराज कोइराला | लेखापाल | रा.प.अनं. प्र. | स्थायी |
| ५ | श्री भरतराज चालिसे | नायव सुब्बा | रा.प.अनं. प्र. | करार |
| ६ | श्री भरत अर्याल | सव-इन्जिनियर | रा.प.अनं. प्र. | करार |
| ७ | श्री देवु अधिकारी | खरिदार | रा.प.अनं. द्वितीय | करार |
| ८ | श्री यज्ञराज सुवेदी | का. सहयोगी | श्रेणी विहीन | स्थायी |
| ९ | श्री महेन्द्रप्रसाद पौडेल | का. सहयोगी | श्रेणी विहीन | स्थायी |
| १० | श्री सोमबहादुर बोटे | कार्यालय सहयोगी | श्रेणी विहीन | स्थायी |
| ११ | श्री सानाकान्छा बोटे | चौकिदार | श्रेणी विहीन | करार |
| १२ | श्री मेखबहादुर बोटे | माली | श्रेणी विहीन | करार |
| १३ | श्री शुकबहादुर बोटे | कुचिकार | श्रेणी विहीन | करार |
| १४ | श्री तेजबहादुर थापा | चौकिदार | श्रेणी विहीन | स्थायी |
| १५ | श्री पूर्णचन्द्र न्यौपाने | भान्छे | श्रेणी विहीन | स्थायी |
| १६ | श्री सूर्यभक्त पण्डित | भान्छे | श्रेणी विहीन | स्थायी |
| १७ | श्री झुल्कीमाया बोटे | महिला सुसारे | श्रेणी विहीन | करार |
| १८ | श्री सन्तबहादुर बोटे | कार्यालय सहयोगी | श्रेणी विहीन | करार |
| १९ | श्री विमला भुजेल | माली | श्रेणी विहीन | करार |

# देवघाट क्षेत्रका गतिविधिहरु




महामहिम राष्ट्रपतिज्यूबाट महायज्ञ-२०७५ को समुद्घाटन, देवघाटधाम



माननीय मन्त्री योगेश भट्टराईज्यू देवघाटधाममा



माननीय कृष्णकुमार श्रेष्ठज्यूबाट देवघाटमा पर्यटन भवन शिलान्यास



माननीय कृष्णकुमार श्रेष्ठज्यूबाट देवघाट वृद्धाश्रमको भान्साघर शिलान्यास



सिद्धेश्वर शिवालय, देवघाटधाम




मौलाकालिका




गृहमन्त्रीज्यू देवघाट क्षेत्र विकास समितिमा

# देवघाट क्षेत्रका गतिविधिहरू


हरिहर मन्दिर, देवघाटधाम



इन्द्रेणी परिवारका अध्यक्ष विकास समितिमा




माघे सङ्क्रान्ति मेला, देवघाटधाम


देवघाटधाममा शालग्राम संरक्षण अभियान प्रारम्भ



गोवर्द्धन पूजा, वागीश्वरी






# देवघाट क्षेत्रका गतिविधिहरु




विघ्नेश्वर मन्दिर, देवघाटधाम


माननीय सहरी विकास मन्त्रीज्यू देवघाटधाममा





गलेश्वर आश्रम परिसर, देवघाटधाम



'कालीगण्डकी-तिनाउ डाइभर्सन र प्रभाव' विषयक अन्तर्क्रिया


विश्वशान्ति यज्ञशाला, देवघाटधाम



# देवघाट क्षेत्रका गतिविधिहरु


देवघाट क्षेत्र विकास समितिको ५७औं पूर्ण बैठक


गण्डकी प्रदेशका मुख्यमन्त्रीज्यूलाई गुरुयोजना पेश गर्दै अध्यक्ष





सरसफाइ कार्यक्रम, देवघाटधाम



वृद्धाश्रमको सभाकक्ष निर्माता निर्माण व्यवसायी संघ-चितवन


चितवन राष्ट्रिय निकुञ्जमा भेटघाट


दाहसंस्कार क्षेत्रमा साउने बाढी-२०७७


बोलबम मेलामा श्रद्धालुहरू

# देवघाट क्षेत्रका गतिविधिहरू




बागमती प्रदेश प्रमुखज्यू देवघाटधाममा



देवघाट वृद्धाश्रमको आजीवन सदस्यता ग्रहण गर्दै माननीय



सम्माननीय उप-राष्ट्रपतिज्यू देवघाटधाममा



बागमती प्रदेशका मुख्यमन्त्रीज्यूसँग भेटघाट






देछेन थर्वालिङ्ग बौद्ध गुम्बा, देवघाटधाम



# देवघाट क्षेत्रका गतिविधिहरू


प्राचीन महत्त्वको चक्रवर्ती मन्दिर, देवघाटधाम




मणि मुकुन्देश्वर धार्मिक पार्क, देवघाटधाम


वागीश्वरी


मणि मुकुन्देश्वर धार्मिक पार्क, देवघाटधाम


त्रिशूली


राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यज्यूहरूसँग



## नेपाल सरकारबाट नियुक्त देवघाट क्षेत्र विकास समितिका पदाधिकारी :



**शिवराज पौडेल**
अध्यक्ष




**धिरण बाबु घिमिरे**
सदस्य सचिव



**साबित्री न्यौपाने (दवाडी)**
सदस्य



**ऋषिराम भट्टराई**
सदस्य



**भोजराज पौडेल**
सदस्य



**पोषणराज सुवेदी**
सदस्य



**किरण सुवेदी**
सदस्य



**नवराज ढकाल**
सदस्य

# देवघाट क्षेत्र विकास समिति र देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम)मा कार्यरत कर्मचारीहरु



**धिरण बाबु घिमिरे**
कार्यकारी निर्देशक



**पुष्पराज पौडेल**
नायव सुव्बा



**किरणराज पौडेल**
नायव सुव्बा



**ढकराज कोइराला**
लेखापाल



**भरतराज चालिसे**
नायव सुव्बा



**भरत अर्याल**
सव-इन्जिनियर



**देवु अधिकारी**
खरिदार



**यज्ञराज सुवेदी**
कार्यालय सहयोगी



**महेन्द्रप्रसाद पौडेल**
कार्यालय सहयोगी



**सोमबहादुर बोटे**
कार्यालय सहयोगी



**सानाकान्छा बोटे**
चौकिदार



**मेखबहादुर बोटे**
माली



**तेजबहादुर थापा**
चौकिदार



**पूर्णचन्द्र न्यौपाने**
भान्छे



**सूर्यभक्त पण्डित**
भान्छे



**झुल्कीमाया बोटे**
महिला सुसारे



**सन्तबहादुर बोटे**
कार्यालय सहयोगी



**विमला भुजेल**
माली



**शुकबहादुर बोटे**
कुचिकार

# घर नक्सा पास निर्माण इजाजत सम्बन्धी

## गैंडाकोट नगरपालिकाको अनुरोध

१. विधिवत रूपमा पास भएपछि मात्र भवन तथा घर निर्माण सुरु गर्न पाइने छ।

२. नक्सा पास भएपछि सो मितिले २ वर्षभित्रमा निर्माण कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

३. सडक मापदण्ड पालना गर्ने, सार्वजनिक ठाउँमा संरचनाको भू–भाग पर्न नहुने, सँधियारको जग्गामा आफ्नो संरचनाको भू–भाग पर्न नहुने।

४. नक्सा र भवन संरचना दुवै बनाउने कन्सल्टेन्ट डिजाइनर र निर्माणकर्ता ठेकेदार अनिवार्य रूपमा नगरपालिका कार्यालयमा सूचीकृत भएको हुनुपर्ने छ।

५. सडक तर्फको सेटब्याक दुरीसम्म सेफ्टी ट्याङ्क, पानीको भण्डार ग्राउण्ड ट्याङ्क बनाउन पाइने छैन।

६. नक्सा पास नगरी वा तोकिएको मापदण्ड विपरित कसैले घर निर्माण गरेमा नगरपालिकाले रु. ५ लाखसम्म जरिवाना गरी घरसमेत भत्काउन सक्ने छ।

# गैंडाकोट नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

फोनः ०७८–५०१११९ / ५०११९०, फ्याक्स नं. : ०७८–५०११९०

E-mail : info@gaindakotmun.gov.np | gaindakotmun@gmail.com

Website : ito.gaindakot@gmail.com

# भरतपुर महानगरपालिकाको अनुरोध !

## "मध्य नेपालको सुन्दर शहर, सम्बृद्ध र सु–संस्कृत भरतपुर महानगर"

- अनिवार्य नक्सापास गरी घर निमार्ण गरौ, सम्भावित विपदबाट बचौं ।
- सडक मापदण्ड पालना गरी भौतिक संरचनाहरु निर्माण गरौं ।
- हरियाली प्रवर्द्धनका लागि बाटोको दायाँ बायाँ र खाली भू-भागमा वृक्षारोपण गरौं ।
- फोहोरको उचित व्यवस्थापन गरौं, रोग लाग्नबाट बचौं ।
- जाडोमा जेष्ठ नागरिक तथा बालबालिकाहरूलाई रूघाखोकी, भाइरल ज्वरो, न्यूमोनिया जस्ता स्वास्थ्य समस्या हुन नदिन विशेष सतर्कता अपनाऔं ।


# भरतपुर महानगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

भरतपुर, चितवन

फोन : ९७७ ५६२०१६७, ५६५२५७७१, फ्याक्स : ९७७ ५६ ५२००१४

Email : bmc@ntc.net.np

Website: www.bharatpurmun.gov.np


"समृद्ध महानगर बनाउन हामी एक जूट हौं ।"